परमपूज्य महोपकारक
महाशी सयाद्दो महास्थविरद्वारा उपदेशित

# कथावस्तुद्वारा उपदेशित अनुशासन

Dhamma.Digital

सम्पादकः
तामनेच्यो, स्थविर धम्मिकालंकाराभिवंस

अनुवादकः
भिक्षु ज्ञानपूर्णिक "धम्माचरिय"
अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज

Downloaded from http://dhamma.digital

## परमपूज्य महोपकारक
## महाशी सयाडो महास्थविरद्वारा उपदेशित

# कथावस्तुद्वारा उपदेशित अनुशासन

सम्पादक:
सासनमेध्वी, स्थविर धम्मिकालंकाराभिवंस

Dhamma.Digital

अनुवादक:
भिक्षु ज्ञानपूर्णिक "धम्माचरिय"
अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज

Downloaded from http://dhamma.digital

प्रकाशिका :

**डा. धम्मविजया गुरुमाँ**

"गन्थवाचक पण्डित"

बु.सं. २५५६

ने.सं. ११३३

वि.सं. २०६९

ई.सं. २०१३

प्रथम संस्करण : २००० प्रति

( © सर्वाधिकार सुरक्षित )

Dhamma.Digital

मूल्य : रु. १६५/-

मुद्रण : **न्यू नेपाल प्रेस**

*प्रधान कार्यालय:* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं । फोन: ४४३४८५०

*व्यापारिक कार्यालय:* शुक्रपथ, न्यूरोड, काठमाडौं । फोन: ४२५९०३२

Downloaded from http://dhamma.digital

# दृष्टिपात

महाशी सयादो महास्थविरद्वारा कथावस्तुको रूपमा उपदेशित उपदेशहरूको पुस्तकाकारमा आई अनुदित भएको यस पुस्तकमा दृष्टिपात हुँदा आफूमात्र रमाएको होइन नेपालीसमाजमा घुल्मिलिएका उपदेशात्मक कथाहरूमा अभिरूचि राख्ने नेपाली जनमानसले यसमा घुरिएर हेरेर अवश्य रमाउने नै होला भन्ने यहाँनिर मनमा लाग्नु अस्वाभाविकझैं लागेको छैन । छट्ठसंगीतिपुच्छक, अग्गमहापण्डित महोपकारक महाशी सयादो महास्थविरद्वारा उपदेशित एवं लिखित धार्मिक पुस्तकको रूपमा रहेका यसभित्रका विषयहरू धार्मिक क्षेत्रमा जगजगी रहनेखालका विषय छन् । यो स्वदेशी विदेशी तथा श्रमण, भिक्षु एवं किशोर किशोरी, युवापीढी र प्रौढहरूको चाखको विषय बनेको छ । यसका उपलब्धीहरू वर्तमान र भविष्यसम्म पनि जीवनोपयोगी रहनेखालको नै छ ।

मानवसंसारमा तल्ला र माथिल्ला श्रेणीका व्यक्तिका बीच उनीहरू आपसमा रमाइने होइन्न । अझ झन् मानिसको दृष्टिमा पशु र तिरश्चीन जीवन त झनै रमाइलो हुँदैन । घुमिघुमि रहने प्राणीको जुनिमा जुन जन्ममा पुग्यो त्यसैमा रमाउँदै जाने स्वभावको जन्मान्तर आलम्बनमा रमाउँदै विलीन हुने हुन्छ । यसो हुनुको कारण तृष्णा हो भनी बताइएको छ । दु:खको कारण तृष्णा हो भन्ने त बुद्धोपदेशको सार नै हो । यसैको विविध व्याख्या नै यो पुस्तकको मतलब देखिन्छ । दु:खसित गाँसिएको मरणसम्बन्धमा सान्त्वना प्राप्तिको लागि शिष्ट भाषा प्रयोग गर्ने चलन छ । यहाँ पनि राजा-महारानीको निधन भएकोलाई स्वर्गारोहण शब्द प्रयोगमा ल्याइएको छ । बर्मामा निधन हुँदा उडेर गयो भनी शब्द प्रयोग गरिने कुरापनि बताइएको छ । वास्तवमा मृत्युपछि कर्मफल



Downloaded from http://dhamma.digital

भोग्नु नै मुख्य कुरा हो। यसरी स्वर्गारोहण आदि शब्दको प्रयोग त कर्मवाद अनि चापलुसी भाषाको ठूलो नमूना हो। यहाँ बताइएको कथामा स्वर्गारोहण भयो भनिएको महारानी त गोब्रेकीरा भई जन्मनु पुगेछ।

मृत्यु नै कर्मवादलाई सम्झाउने विषय हो। यो विषय पत्यारको भरमा रहने कुरालाई यसरी भनिएको छ कि कर्म र कर्मको प्रतिफललाई राम्ररी बिश्वास नगर्ने व्यक्तिले प्रतीत्यसमुत्पाद अर्थात् कार्यकारणको सम्बन्धको प्रक्रियालाई नपत्याउने हुन सक्छ र त्यस्ताले बुद्धको कर्मवादको विषयलाई बुझेको हुँदैन। यही कुरा बुझाइको लागि बुद्धले जुन जन्ममा पनि त्यहीं जन्मेका प्राप्त आलम्बन अनुसार भुलेर जाने 'तत्रतत्राभिनन्दिनी' भनिएको कुरा यहाँ बताइएको छ। जन्ममृत्युको कारणमा तृष्णालाई नै उभ्याएर देखाउने जमर्को भएको यहाँ देखिन आउँछ। कुनै वस्तुमा स्नेहाशक्ति भई बस्नु भनेको तृष्णा नै हो। तृष्णाले गर्दा नै फेरि फेरि जन्म लिइरहनुपर्ने कुरामा जोड दिइएको छ। आसक्तिलाई लिएर चार जन्मसम्मको सम्बन्ध र व्यवहारको कुरा उठाई तृष्णाको फलको कुरा र तृष्णाविमुक्त भएमा अर्को जन्म लिन नपर्ने कुराहरूलाई यहाँ सम्झाइएको छ। पूर्वजन्मका कुरा र वर्तमानमा भएको कुरालाई जोडेर बिश्वास गर्ने धर्मोचलन यहाँ बताइएको छ। पूर्वजन्म र वर्तमानका कुरामा हुनसक्ने अपत्यारिलोपनलाई वास्ता नगरी पुनर्जन्म छैन भन्नेहरूका लागि सम्झाउन नै यहाँ यसप्रकारका कुरा बताइएको देखिन्छ। कर्म, कर्मफल र पुनर्जन्मसम्बन्धमा बिश्वास उत्पन्न गर्ने श्रद्धाधर्म प्रतिपादन हुने गरी दृढबिश्वास सृजना गराउने उद्देश्यले जन्मजन्मान्तरका कुरालाई यहाँ उभ्याइएको कुरा बताइएको छ। कर्मको कुरा सम्झाउँदै चारप्रकारका कर्म छन् भनी प्रत्येकको विवरण दिएर त्यसबाट मानविय कर्मलाई बुझ्ने र चेतावनी लिनुपर्ने कुरामा जोड दिएर बताइएको छ।

यो उपदेशको संगालो भएको हुँदा जीवनसंग सम्बन्धित ठाउँ ठाउँका घटना विवरण दिई उपदेशित हुनेखालका कुराहरू दर्शाइएको छ। यसै सिलसिलामा कसैलाई मारी त्यसको पद ग्रहण गर्नु मूर्ख्याइँ हो



Downloaded from http://dhamma.digital

भनी देवदत्तले बुद्धलाई मारी आफू बुद्ध बन्ने धृष्टता गरेको उदाहरण प्रस्तुत गरिएको छ। मूर्खले अरूलाई अनुचित अववाद दिने गर्छ र मूर्खले त्यस्ताको अववादलाई मान्ने गर्दछ भन्ने कुरालाई जोडी देवदत्तको खराब संगतमा परी अजातशत्रुजस्तो राजकुलका व्यक्तिपनि मूढ्याइँमा जकडिने गरेको कुरापनि गाँसिदिएको छ। मानिसका हाहामा नलाग्ने चिन्तनशक्ति राम्रो हुनु गाह्रो छ। चिन्तन शक्ति शक्तिमान् भएमा मात्र साम्राज्यवादीहरूसमेत चम्किने कुरालाई केवट्ट ब्राम्मणको उदाहरणद्वारा देखाइएको छ। पुराना कथा बताएर नयाँ अवस्था व्यवस्थाको तुलना गरी ज्ञान वर्द्धनतिर कोसिस गरिएको उपदेशकै अन्तर्गतको कुरा हुन आउँछ। ग्रन्थहरूमा पुराना राज्यहरू विशाल देखाइएको हुन्छ भन्दै पुराना १६ जनपद त्यति ठूलो र सम्पन्न नभएको पुष्टि गरी एउटा जनपद पनि आजको म्यान्मारजति ठूलो छैन र कुनैकुनै त राज्य भन्न सकिने खालकामात्र छन् भनी देखाइएको छ। राज्य ठूलो नभएपनि कुनै विशेष कारणले ठूलोबाट जोगिन सक्ने कुरा त्यति ठूलो नभएपनि विदेहराज्यलाई महोषध रहिरहेको कारणले केवट्टबाट जोगाइराखेको उदाहरण प्रस्तुत योग्य छ। राज्यमा युद्धको तयारी र चलाकी विद्यमान हुनुपर्ने कुरामा महोषधलाई उदाहरणस्वरूप खडा गराइएको छ। तृष्णाको कुरालाई पुष्ट्याइँ दिन उभ्याइएको केवट्टको कथा एउटा 'म' 'मेरो' नहुनुको कारण भनी बताइएको छ। यसरी त्यस बेलाको घटनासित आजकालको अवस्थासँग तुलना गर्नु आजको अवस्थाको जानकारी प्रस्तुत गर्नु हो।

विविध विषय अँगाल्दै भाग्य र संयोगको कुरा पनि सिलसिलामा जोडिएको छ। यस कुरासँग सम्बन्धित कर्मको फलको कुरा पनि व्याख्यामा लगेको छ। अकुशलकर्मको फलस्वरूप धारिलो चक्रलाई पनि राम्रो फूल सम्झी मागिरहनु जस्तो कुरा कर्मफलभोग भनी दर्शाइएको छ। यहाँ कर्मफल भोगको उदाहरण अपत्यारिलो देखिने घटनाद्वारा देखाइएको आजका मानिसका लागि त्यति नपच्दो हो परन्तु यहाँ पत्यार र अपत्यार भन्दा वास्तविकता बुझाउन खोजिएको देखिएको छ। साँच्चै त जातकमा उल्लेख भएका कुरामा विशेष जोड दिइएको छ। तिरश्चीन भूमिलाई



Downloaded from http://dhamma.digital

मन पराएर त्यसमा आसक्त हुन सक्ने भएझैं आजकाल मानिस कुकुर प्रति आसक्त भएर उनमा प्रेम राखी त्यसलाई पालिराख्ने गरेको हो भनी तृष्णा र आसक्तिको स्वाभाविकतालाई दर्शाइएको छ। आफूमा अरू कसैको मनोरञ्जनात्मक साधनद्वारा रमाइदिँदा आफ्नो जीवनप्रति आफै रमाएर आसक्तिमा पर्न जानु जस्तो कुरा स्वाभाविक हुँदोरहेछ भन्ने कुरा यस्ता प्रसंगबाट जान्नमा आउँछ।

भेदभावले अनर्थता ल्याउने जस्तो कुराको उदाहरण मननीय छ। म्यान्मार्मा आमाबाबु, सासूससुरालाई ढोग्ने चलन नभएकोले हात जोडेर नमस्कार गर्नसम्म झर्को मान्ने गरेको कुराले त्यहाँको पारिवारिक शिष्टता थाहा हुन आउँछ। भिक्षुहरूमा वन्दना गर्ने कुराबाट बुद्धोपदेशमा श्रद्धा रहेको कुरा जनाउँछ। मानिसलाई बच्चैदेखि असल बानी नबसाल्दा आवश्यक कुराप्रति पनि विचलन रहने खतरालाई औँल्याइदिएको छ। बानी नबस्दा बडाहरूलाई हात जोडेर गौरव मान्नसम्म पनि अप्ठ्यारो मानेको कुरा महसूस गर्न योग्य छ।

लेखक पूर्वजन्मको कर्मफलप्रति अति विश्वस्त रहेको छ। एउटी स्त्रीलाई पटक पटक गरी दुई तीन जना मानिससँग विवाह गरी पठाउँदा पनि सबै लोग्नेले त्यागिदिनु भनेको आजको हिसावले ती आइमाईको स्वभाव व्यवहारले भएको मानिन्छ। यहाँ लेखकले उनको स्वभावभन्दा पूर्वजन्मको फल हो भनेर नै जिक्र गरेको छ। एकजना श्रेष्ठी पुत्री इसिदासीको उदाहरण नै प्रस्तुत गरिएको छ। ठाउँठाउँमा मानिसको आचरणसुधारको कुरा बताउनुले लेखकको चरित्र झल्किन्छ। वास्तविक कुरा थाहा नपाई कसैको बीचको कुरा गर्नु उचित होइन भन्दै मिल्नेमाथि छुटाउन चुग्लीको कुरा गर्नुहुन्न भनी उडुम्बरादेवीको कुरामा महामात्यले भनेको कुरा उल्लेख छ। अरूलाई छुटाउने होइन, मिलाउनेखालको कुरा गरिदिनु राम्रो हो भनी यहाँ सम्झाउने गराइएको छ। इसिदासी स्त्रीलाई छोडेर गएको कुराबाट दुर्भाग्य व्यक्तिले राम्रो कुरा गुमाउनुपर्ने हुन्छ भनी खराब कुरासँग सामना गर्नुपर्दा सोचाइ पनि खराब नै राखिराख्नु उचित होइन भनी यहाँ जनाइएको छ।



Downloaded from http://dhamma.digital

जन्मजन्मान्तरको कुरा नै यस पुस्तकको मुख्य विषय हो । कुनै पनि जन्मान्तरमा दुःख भोग्दा दुःख दिनेको अकर्मण्यता रहेको हुन्छ भनी अकर्मण्य मानिसले गर्ने कृतकृत्य यहाँ बताइएको छ, जस्तै साँढेको दुःख अण्डकोष उकेलिई गोरु हुनुपर्ने र जिन्दगीभर घामपानी सहेर जोतिरहँदा पनि बिरामी भयो भन्न नसकिने अनि बूढो भएपछि पनि कृतघ्न मालिकद्वारा पैसाको लोभमा कसाईलाई बेची हत्यागराउने । यस्तै पंछीहरू मारिएपछि साँचिराख्न नहुने गरी कुहिएर जाने हुँदा पूतिगततिस्सले चराको खुट्टा र पखेटा भाँची त्यसै जिउँदै राख्ने गरिएको छ । आज पनि बजारमा माछाहरूलाई नमारी विनापानीमा अर्धमृत्यु गरी राख्ने गरेको कुरा मिल्न आउँछ। आजकाल पनि त्यसरी पहिलेको जन्ममा पंछीहरूलाई यातना दिएर आएको कारण शरीरमा लुतो-फोका उठ्ने भएको हो भन्ने विश्वास राख्नेहरू छन् । कथामात्र बताइएको होइन सयादो आफैले पनि त्यसरी अकुशलकर्मतिर नलाग्न भनिदिएका छन् । महाशी सयादो आफैले देखेको घटना भनी एउटी उपासिका दायिकालाई कहिल्यै रूघा-खोकीसम्म नलागेको भनी कुशलकर्मको फलको दाबी गरेका छन् । 'छलकपटबाट बच्नुस्' भन्ने शीर्षकको लेख एउटा उपदेशजस्तै भएको छ । जन्मान्तरको कुरा गर्दै लेखकले ठाउँठाउँमा आफ्नै विचार पोख्ने गरिएको छ । भिक्षु भएपछि भगवान् बुद्धप्रति श्रद्धा र समर्पितभाव रहने कुराको उदाहरण स्वरूप भगवान् बुद्धलाई मात्तिएका नालागिरी हात्तीले आक्रमण गर्ला भनी भिक्षु आनन्द आफै भगवान्को अगाडि उभिदिएको कुरा यहाँ दिइएका छन् ।

लेखक सल्लाह दिई सम्झाउने कुरा उल्लेख गर्न कुशल देखिन्छन् ताकि मानिसमा मनोवैज्ञानिकता र स्वभावज्ञाता भई व्यवहारमा रहनुपर्ने कुरा शुभचिन्तकको रूपमा बताइएको छ कि उपदेशदेखि डराउने व्यक्तिमा उपदेश दिँदा त्यो भाग्न सक्छ । भावना उद्योग र त्यसको अभ्यास गर्न नचाहने व्यक्तिलाई बार बार असल कुरामा संलग्न हुन प्रेरणाको कुरा बताइरहेमा पनि त्यस्ता व्यक्तिले उपदेशकसँग भेट्नै नचाहने हुन्छ । तसर्थ अरूलाई उपदेशस्वरूप सम्झाउनेले आफूले केही कुरा भन्दा



Downloaded from http://dhamma.digital

बोल्दा मात्रा मिलाएर बोलीमा सन्तुलन गरी भन्ने र सुन्नेको अनुकूल अवस्थामा अलि अलि गरी भन्ने र प्रेरणायुक्त पार्ने गर्नु उचित छ। अति नै घनिष्ठ व्यक्तिप्रति अनुकूल मिलाई विशेष जोड दिएर प्रेरित गर्नु उचित छ भनी घटिकारको चरित्रलाई मनन गर्न भनिएको छ। यति भएर पनि दृढभावनालाई यहाँ कवर गरिएको छ, गुणले सम्पन्नतालाई जोड दिई प्रत्यक्षरूपमा प्रेरित गर्न सकिने धर्म हो भनी बुद्धधर्ममा बुद्धगुणको सार उद्घाटन गरिएको छ। कुनै पनि कुरा '**एहिपस्सिको**' एकपटक आएर त हेर भन्न सक्ने अठोट यहाँ देखाइएको छ । यो आचरणशुद्धिको कुरा हो । यसै विषयमा आज आचरणशुद्धिमा प्रश्न खडाहुने व्यवहार भित्रिएकोमा खुलाएर आचरणविशुद्धतालाई अगाडि सारिदिएको छ, जस्तो सानोखालको मैथुनाचरणमा गनिने महिलाद्वारा मसाज गराउने आचरणलाई भिक्षुहरूले स्वीकार्य ठान्दै आएको कुरा सुन्नमा आएको । यसै कुरालाई लिएर सानो र ठूलो खालको मैथुनकार्य र आपत्तिको कुरा बुँदागतरूपमा देखाई मानिसले बानी व्यहोरा सुधार्नुपर्ने कुरातिर यहाँ राम्ररी इंगित गरिएको छ । सिलसिलाबद्धरूपमा यौनविज्ञानअनुसारको मैथुनको परिभाषा दिइएको छ। यहाँ उल्लिखित कुरालाई आदर्शवादको पक्ष भन्न सकिन्छ। पूर्वजन्मको आचरणको आधारमा धेरै आइमाईहरू स्रोतापत्तिफल र अरहत्त्वमार्गमा पुगेको बताइएको छ । उपदेशको कुरामा लेखक धेरै चनाखो रहेको कुरा जान्न सकिन्छ कि कृषागौतमीले यस संसारमा कोही पनि नमरेको घर नपाएपछि अनित्यतालाई बोध गरी उच्चारण गरेको गाथालाई उनी आफैले भनेका हुन् वा लेखकले बताएका हुन् भनी सोच्नुपर्ने जस्ता वास्तविकता खोज्नुपर्ने किसिमले प्रस्तुत गरिएको छ।

पाठकलाई सम्झाउने बुझाउने लेखकको भाव अति दह्रो छ भनी बुझ्न सकिन्छ। कुनै दुविधा र अस्पष्ट हुनेगरी प्रयोग गरिएको शब्द र वाक्यको अर्थसमेत यस्तै भनिएको हो भनी बताइदिने गरिएको छ । भगवान्ले भिक्षा प्राप्त नहुँदा भगवान्लाई अलाभी भन्न मिल्दैन र मारजस्ता कसैको प्रतिपक्षीको द्वेषीमनले निरन्तरतालाई रोकेको कुरा हुँदैमा अलाभी होइँदैन भनी गरिएको तर्क धेरै मननीय रहेको छ ।



Downloaded from http://dhamma.digital

सम्झाउनुपर्ने कुरालाई स्थानविशेष र घटनाविशेषलाई उदाहरणकै रूपमा प्रस्तुत गरेझैं गरी म्यान्मारकै घटना भनी सोझै भनिदिएको छ । उस बेलाको घटनालाई आजको घटनासँग तुलना गरी पुस्तकलाई मौलिकता युक्त दर्शाइएको छ । शब्दप्रयोगमा आफू अनिश्चित भएको विषयमा 'रे' शब्द प्रयोग गरी भावनालाई अगाडि राख्न छोडेको छैन । भगवान् बुद्ध जस्ता अनन्त भाग्य र अनन्त कर्मले सम्पन्न महामानवले एकसमयमा वचीकर्मको कारणले उत्तम भोजन अलाभ भई लोकधर्मसँग सामना गर्नु पर्दोरहेछ भने हामीजस्ता सामान्य मानिसहरूमा लाभ प्राप्त नहुनु र प्राप्त भएको पनि लोप हुनुजस्ता लोकधर्मसित सामना गर्नुपरोइन र भनी धाडस दिने गरिएको उपदेशको मूल्यवान् तरिका भन्न सकिन्छ ।

ठाउँ ठाउँमा बताइएका पात्रहरूको परिचयात्मक विचार पोखेर सम्झाउँदै रहनु लेखकको परिचय हुँदै जानु हो । असल मान्छेको विचार असल हुन्छ भनी श्यामावती रानीले खुज्जुत्तराले फट्याइँ गरी पैसा लुकाएको कुरा सुन्दा पनि उनीप्रति नराम्रो व्यवहार नगरी वास्तविक कुरो बुझ्न खोजिन् । यसरी धर्मप्रति आदर गौरव राख्नुपर्ने कुराको सिलसिलामा खुज्जुत्तराले फोहोर शरीरमा धर्मदेशनाका कुरा समावेश गर्नु उचित छैन भनी धर्मदेशनापूर्व नुहाउन स्वीकृति मागेको कुरा धार्मिक प्रवृत्तिमा हुनुपर्ने भनी देखाइएको छ । धारणा गलत भयो भने मानिसमा नराम्रा अकुशल चित्तको बृद्धि हुने रहेछ भनी मागण्डी महारानीले बुद्धप्रति लाञ्छना गरेको कुरा प्रस्तुत गरी आजका मानिसमा यस्ता धारणाले लिप्त हुने गरेको कुरा सोदाहरण प्रस्तुत गरिएको भन्न सकिन्छ । समस्या समाधानको यो पोको हो पुस्तकाकारको रूपमा भन्न मिल्ने गरी यहाँ कुराहरू सम्झाइएको छ । कसैले गाली गर्‍यो, समस्या ल्यायो भनेर त्यस्तो ठाउँ नै छोडेर जानुमा कुनै समाधानको कुरा हुन सक्दैन, समस्या त जहाँ गएपनि त्यस्तै हुन सक्छ । कहीं पनि आएको समस्यालाई त्यहीं शान्त गर्नुपर्छ, त्यसपछि मात्र अरू ठाउँमा जाने गर्नुपर्छ भनी भिक्षु आनन्दलाई भनेको कुरा कम मननीय छैन । गालीगलौज सहन सक्ने उदाहरणको



Downloaded from http://dhamma.digital

रूपमा लडाईंमा हात्तीले सहने धनुर्वाण प्रहारको उदाहरणले बुद्धवचनको महत्ता खुलाइदिएको छ। पुनर्जन्मको विश्वासमा पुष्टि दिँदै भगवान् बुद्धले ठाउँ ठाउँमा खप्नुपरेको अरूबाटको प्रहारलाई पनि पूर्वजन्ममा गरिआएको कर्मकै फल हो भनी कुनै धक नमानी भनिदिएको छ। लेखकले कुराहरू कोर्दा आफैले घटित घटनाका ठाउँहरू देखेको बताएका छन्। लेखकले आफ्नो लेखनी दौडाउँदा सपना विपना, कल्पना कुनै पक्षमा पनि छुटाएको देखिँदैन। ठाउँ ठाउँमा स्वप्नविशेषलाई कारणको रूपमा प्रत्यक्षीभूत हुने कुरा पनि देखाइएको छ। त्यस्तै ज्योतिषीहरूको भविष्यवाणीप्रति पनि विश्वास जनाएको देखाइएको छ। आफूले सिंहसँग समागम हुनुपर्ने कुरा सुनिराखेको हुँदा आइमाईले सिंहलाई नजिक देखेर सबैजना भागे पनि आफू नभागेकी र सिंहले बोकेर लाँदा पनि असजिलो नमानेको अनि सिंहकैतर्फबाट छोराछोरी जन्माइएको घटनाको बेलीविस्तार असामान्य भएपनि व्यवहारमा हुन सक्ने भनी देखाइदिनु पनि आत्मविश्वासको कुरा भइदिएको छ।

भावनाले मानिसलाई दृढ बनाइदिने हुन्छ। त्यसमा पनि मैत्रीभावना मानिसको चरित्रमा हुनुपर्ने ठूलो गुण हो। यो भावना दरिलो रहेको व्यक्तिमा कसैले छोडेको वाण समेत नलाग्ने भएको उदाहरण दिई उल्लेख गरिदिनाले मानिसमा सद्गुण थपिन बल मिल्दछ। पुनर्जन्मको कुरा अपार विषय हो। लेखक यस विषयमा पार भएझैं निर्धक्क भइदिएको छ। यो जन्ममा मरेको व्यक्ति तत्कालै त्यही घरमा पशु भएर जन्मेको कुरालाई विश्वासका साथ उल्लेख गरिदिएको छ, जस्तै 'कालियक्षनी' कथावस्तुमा आफ्नी सौताको अगाडी मरेर त्यहीं बिरालो भएर जन्मेको र सौताका छोराछोरीलाई राक्षसनी भएर खान सक्ने हुनपाउने कामना समेत गरेकी थिइन्। जेठी सौतालाई पनि दुष्काम गरेकी हुँदा कुटाइमा मर्नुपरेको र त्यही घरमा जन्म लिन पुगेको कुरा यहाँ छ। यस्तो घटना त दन्त्यकथाभन्दा पनि पत्याउन गाह्रो विषय हो। यसरी अतिविश्वासका कुरा पनि यसमा उल्लेख हुनुचाहीं अव्यावहारिकझैं देखिन आएको छ। यस्तो कुरा कर्मफल नभै कामनाको फलझैं भएको छ। अर्को जन्ममा



Downloaded from http://dhamma.digital

तिमीलाई समेत खाइदिने भनी कामना गरी चितुवाको जन्म लिएर आफ्नी सौता मृगिनी भई जन्मदाँ बच्चाहरूसहित उनलाई खाइदिएको कुरा छ। यो द्वेषको द्वन्द र बदलाको कारोबार झैं भएको कुरा देखाइदिनु आजको युगको लागि अपाच्य र नसुहाउने देखिएको छ। यो फलाफलभन्दा द्वेष घमण्डको जुहारी खेल जस्तै देखिन आएको छ। जन्मान्तर भोग्ने राक्षसनीले भगवान् बुद्धसँग भेटी आफ्ना बच्चाको उद्धार गर्न पोखेको कुराले यो घटना बुद्धकालीनझैं नै देखिएको छ। बुद्धसम्बन्धी जातककथामा जन्मान्तरको कुरा बताइएको भएपनि २-३ जन्मसम्मको छिनछिनको जन्मान्तरको कुराले अति आश्चर्यको उत्पत्ति भएझैं लाग्न आउनु पनि स्वभाविक छ।

आजको युगसँग सापेक्षगरी विवरणात्मक कुराहरू दर्शाई सामाजिक जीवनमा मानिसहरूको सुधार चाहेको कुरा भने यहाँ स्पष्ट छ। देवदत्तले राजकुमार अजातशत्रुलाई उस्काएर आफ्ना बुबा राजा बिम्बिसारलाई सास्ना दिई मृत्युमा सम्म पुऱ्याएको कुराको उल्लेखले राज्यप्रतिको लोभमा छोरा नै पनि अकर्मण्यतातिर लाग्न सक्ने कुरा देखाइएको छ। देवदत्त पनि भिक्षु नै हुन्। उनको खराबी दुःस्वभावले बुद्धजस्तो महामानवप्रति द्वेषी बनेको छ। बुद्धको धर्मशासन कहाँ देवदत्तको भिक्षुत्वकहाँ देवदत्तले पहिरन गरेको चीवरले उनी भिक्षुमा गनिएका हुन्। भिक्षुको रूपमा अजातशत्रुले उनमा सम्मान राखेका हुन्। उनलाई गुरुसम्म मानेका हुन्। खराब व्यक्तिलाई पोशाकको भरमा गुरु मान्दा राजकुमार जस्ता पनि दुष्कर्ममा ढकेलिन पुगेका थिए। अजातशत्रु हुनसम्मको पापमा फसे। यो भने जातककथा नभै वास्तविक इतिहासमा गनिन्छ। यो कुरालाई समावेश गरेर राजनैतिक क्षेत्रको लागि मात्र होइन मानिसको जनजीवनमा सधैं आइपरिरहने विषय मानी असल व्यवहारवादी मानिसको लागि चेतावनी दिन खोजिएको देखिन्छ। यो कुरा उल्लेखनीयमात्र नभै ज्यादै उपयुक्त पनि रहेको छ। देवदत्तसँगको घटना साँचै पनि ग्रहणीय शिक्षापद रहेको छ। देवदत्तका दूषित शिष्य कोकालिकले सारिपुत्र र मौद्गल्यायनजस्ता तथागतका अग्रश्रावकहरूलाई



Downloaded from http://dhamma.digital

दूषित छन्द भनी भनिदिएका छन्। यो कुरालाई बहुलाले सद्दे मानिसलाई बहुला भनेझैं भयो भनी धाडस दिएको छ र चित्त दुखाइ पोखेको छ।

बुद्ध बन्न दाबी गरेका देवदत्तले बुद्ध लेटेझैं खाटमा लेट्दा फसफस निदाएको उदाहरण प्रस्तुत गरी कसैको सक्कली र नक्कली अवस्था थाहापाउन सकिने कुरा सजिलो हुने बताइएको छ। आफूले उपदेशमात्र गर्ने तर त्यसअनुरूप आचरण नगर्ने व्यक्तिले गुरुको हैसियतले थोरैमात्र प्रतिफल पाउनेछ भनी पंचशीलप्रदानको महत्त्वलाई व्यवहारगतरूपमा पालन गर्नुपर्ने कुरातिर जोडदार सम्झाउनी दिलाइएको छ। हरेक कुरामा आफूले उपदेश गरेझैं त्यसको अनुगमनसमेत गरी आफैले अनुभव गरेमा मात्र त्यसको फल प्राप्त हुन सक्नेछ भनी समाधि र विपश्यनाभावनाको उदाहरण दिइएको जस्तो अति उपयुक्त व्यवहारलाई कोट्याइएको छ। यस्तै मानिसले निर्दोष र सुखी हुने विषयमा के कस्तो प्रकृया अपनाउनुपर्छ भनी आफआफ्नो किसिमले विभिन्न धारणा राख्ने हरूको त्यसता धारणाहरूलाई समयसापेक्षताले उल्लेख गरी वास्तविक कुरा के हो भन्नेतिर ध्यानाकर्षित गराइएको एउटा ठूलो प्रेरणाको कुरा हुन आउँछ। कसैले लिँडे ढिपीमा रही आफ्नै धारणालाई मात्र उच्चको टिमा राख्न नहुने कुरा यहाँ उल्लेख भएको धर्मस्वभावसम्मत भन्न सकिन्छ। मानिस तार्किक बनिसकेको आजको परिप्रेक्षमा कुनैपनि कुरालाई सोझै भन्नुसट्टा घुमाई फिराई विवेचनापूर्ण तरिकाले सोची विचारी सिंगका धनी गाईले कसरी मान्यो भन्ने कुरालाई चतुऱ्याईंपूर्ण उदाहरणले स्पष्टता व्यक्त गरिएको छ। यो पुस्तकमार्फत ठाउँ ठाउँमा दिइएको निर्देशन ज्यादै प्रेरणापूर्ण रहेको छ। आज मानिस विज्ञापनमा झुमिन्छन्। विज्ञापनको प्रचारबाजीको कुरालाई लिएर विज्ञापन कस्ताको लागि जरुरत हुने र कस्ताको लागि जरूरत नहुने भन्ने कुरालाई दर्शाई विज्ञापन र धर्मको प्रचार प्रसारमा तुलना गरी ग्रहण गरिने कुरा अनुभवी प्रस्तुति देखिन्छ। जस्तै, विज्ञापन भनेको विषयगत कुरा थाहा नभएका व्यक्तिलाई थाहादिन हो, थाहा भएकाको लागि विज्ञापनको जरुरत हुने हुँदैन र ज्ञान प्राप्त भइसकेकोले आफैले जानी बुझी कुराहरू ग्रहण गर्ने



Downloaded from http://dhamma.digital

हुन्छ । धर्मको कुरा पनि थाहा नभएका को लागि धर्मका प्रतिफलहरू बताएर त्यसको गुदी देखाई प्रेरणा दिलाउनुपर्ने हुन्छ परन्तु भावनाधर्म, उद्योग र अभ्यस्त भइसकेका व्यक्तिहरूको लागि प्रेरणाका कुराहरू बताइरहनु आवश्यक हुँदैन । मानिस नियमाचरणमा रहने हुन्छ भने तिरश्चीन पशुपंक्षीहरू आफ्नैपनको स्वभाववृत्तिका हुन्छन् भनी मानिसले विशेषतामा जीउनुपर्ने कुरालाई होश दिलाइएको छ ताकि पशुपंक्षी जहाँ जुनसुकै ठाउँमा विना रोकटोक दिसापिसाब गर्नेगर्दछ, मानिसको त्यस्तो व्यवहार हुँदैन । प्रशंसा उत्पन्न हुनु त्यति सजिलो छैन । उपहास उत्पन्न हुनु त्यति नै सजिलो छ । यस्तो कुरा देखाएर काली दासीको कथा अगाडी सारेर जनजीवनमा धेरै घट्ने कुरालाई जीवन्त मानी देखाइएको छ । जन्मजन्मान्तरको कुरा त यो पुस्तकको विषय नै बनेको छ । एक योनिबाट अर्को योनिमा प्रवेश गर्नु नै जन्मान्तरको कुरा हो । भारत पुनर्जन्मवादको थलो नै रहेको छ । जन्मान्तर हुँदा एकै प्राणी भारतका ठाउँ ठाउँमा जन्मन पुगेको कुराको साथै भारतका नगर, राज्य र ठाउँहरूको पुराना नाउँ र अहिलेको नाउँसमेत उल्लेख गरी भारतराज्यकै पहिचान दिन खोजिएको छ । विशाल भारतलाई जम्बुद्वीप भनिन्छ । मेरूपहाडको चारैतिर फैलिएको सात द्वीपमध्ये जम्बुद्वीप एक हो । जन्मान्तरको कुरा गर्दै यसद्वीपभित्र पर्ने श्रीलंका, बर्मा आदि ठाउँको पनि उल्लेख गरिनुले यसले ठाउँ ठाउँको समाज र विश्वासलाई देखाइदिने जमर्को गरेको ठहरिन्छ । मानिसको लागि चेतावनी भनेको हात, गोडा शारीरिक अंग शिथिल हुने विनय गिर्ने कुरा थाहापाउन दिनु हो । यस्तै चेतावनी दर्शाइदिएको हुँदा यहाँका कुरा मननीय रहनआएको छ ।

किताबका कुराहरू धर्मदेशनामात्र नभै व्यवहार देशना पनि रहेका हुन्छन् । यस पुस्तकका लेखक व्यवहार ज्ञान दर्शाउनमा माहिर देखिन्छ । यहाँ भनिएको छ शान्त-दान्त हुने भनेको उपदेशले मात्र दिने कुरा होइन । कायानुपश्यनास्मृतिप्रस्थान, वेदनानुपश्यनास्मृतिप्रस्थान, चित्तानुपश्यनास्मृतिप्रस्थान र धर्मानुपश्यनास्मृतिप्रस्थान विषयलाई प्राथमिकता दिइरहनाले शान्त दान्त होइने हो भनी कर्तव्य र आचरणलाई



Downloaded from http://dhamma.digital

सम्झाएर शान्त दान्त रहने कुरा त्यति सजिलो नभएको जनाइदिएको छ । बुद्धसिद्धान्त प्रतिपादनतिर उन्मुख भएको लेखकको विचार भनिरहनुपर्ने कुरा होइन । यहाँ विनयको कुराले पानाहरू भरिएका छन्। बुद्धले उपदेश दिइरहँदा विनयीहरू हात खुट्टासम्म नचलाई, टाउकोसम्म नहल्लाई बस्ने हुन्छन्। एकजनाले नचाली बस्न थाम्नै नसकी खोक्दा पनि संगै रहेको श्रोतामा घुँडाले छुन गई उनलाई डिस्टर्ब होला भनी सोच्ने गरियो । यो विनयको नमूना हो । बुद्धको नाउँ लिँदैमा शान्ति हुने होइन, वास्तविकरूपमा विनय पालन गर्न सकेमा नै शान्ति हुने हो ।

कथाका कुराहरू बताउँदै कुन कुरा गर्नु उचित र कुन कुरा गर्नु उचित छैन भनी आफ्नो विचार पोखी लेखक स्वयं देशक बनिदिएको छ । ठाउँठाउँमा पालिशब्दको अर्थ र व्याख्या गरिएको हुँदा कुरा बुझ्न सजिलो भएको छ । ठाउँठाउँका कुराहरू उपयुक्त ठाउँहरूमा व्याख्यात्मकरूपले बयान गर्नुका साथै ती कुराको फलाना ठाउँमा बयान छ भनी खुट्याइदिएको छ। यसले गर्दा विषयगत अध्ययन र तत्सम्बन्धी खोजिनीति गर्नेहरूका लागि यो पुस्तक सुगम बनेको छ। आजकालकाहरूले पत्यार नगर्ने भएका पहिलो घटेका घटनाका कुराहरू पनि आफ्ना लेखाइको सिलसिलामा बेलाबेलामा उल्लेख गरिएको पाइएको छ । यहाँ बताइएका अनौठा लाग्दा कुराहरू अहिले पनि विश्वास लिन सकिने खालको भनी आफू विश्वस्त भई बताइदिएको छ ।

पुस्तकको समाप्ति क्षान्तिवादिताबाट भएको छ । यस पुस्तकका अनुवादक भिक्षु ज्ञानपूर्णिक महास्थविर अनुवादकलामा सिद्धहस्त भैसक्नुभएको छ। वहाँको साहित्यिक विशेषता स्वयं लेखनभन्दा अनुवाद साहित्य नै रहेको छ । यस अघिका वहाँका थुप्रै अनूदितकृतिले वहाँको साहित्यिक परिचय गराइएको छ। यस पुस्तकमा कहाँ छायानुवाद र कहाँ भावानुवाद भएका छन् । अनुवादकार्य सजिलो कुरा होइन । लेखक र पाठक दुबैको आकांक्षा पूर्तिको अनुरूप बडो होसियारी साथ किताबमा लेखिएका कुरालाई भाषान्तर गरी जनमानसमा भिजाउनु जस्तो कुशलता अनुवादकमा विद्यमान रहेको छ ।



Downloaded from http://dhamma.digital

बर्मिजभाषाबाट सीधै अनुवाद भएको हुँदा वहाँमा परेको अप्ठ्यारो अनुवादक स्वयंले भोगेको हुने हो । तसर्थ अनुवादकार्यमा ठूलो परिश्रम परेको देखिन्छ । त्यत्रो ठेलीको पुस्तकलाई अनुवाद गर्दा कति झर्को नमानेको भनी यस पुस्तकको गुरुकापी हेर्दै मलाई लागेको थियो । अनुवादक श्रद्धेय भिक्षु हाल उपसंघनायक महास्थविर ज्ञानपूर्णिक ज्यादै लगनशील एवं विनय नियमका पक्षधर हुनुहुन्छ, विश्व शान्ति विहार संचालनले यस कुरालाई पुष्टि गर्दछ । आफूलाई थाहा भएका कुरालाई अनि शिक्षाका कुरालाई खियालाग्न नदिने वहाँको स्वभाव एकप्रकारको क्रियाशील प्रतिबद्धतामा निहित रहेको कुरा एकपटक वहाँसँग साक्षात्कार भएका जोसुकैलाई अनुभूति हुने भई विना अत्युक्ति यहाँ बताउन पाइएको छ । वहाँको सिद्ध लेखनीबाट पुनःपुनः धर्मद्वारासिञ्चित जनोपयोगी कृतिहरू पाइनै रहनेछ भनी विश्वास लिएको छु । औषधी पनि हातभरी खाजा लिएर खाएझैं खानुपर्ने व्याधिहरू बोकेका वहाँको आयु आरोग्यको हार्दिक कामना गर्दछु ।

– प्रा. सुवर्ण शाक्य



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

प्रातः पूजनीय श्रद्धेय महाशी सयादोद्वारा लिखित उपसंघनायक श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूबाट अनूदित उपदेशमूलक "**कथावस्तुद्वारा उपदेशित अनुशासन**" पुस्तकको प्रकाशन गर्ने सौभाग्य प्रदान गर्ने पूज्यपाद गुरुवरप्रति कृतकृत्य भई आभार प्रकट गर्दछु।

गृहत्यागपश्चात् मेरा गुरुआमाँहरू पूजनीय दो. मा गुणवती र धम्मवती गुरुमाँका सानिध्यमा धर्मसेविका भई आफ्नो प्रव्रजित जीवनको २५ वर्ष पुरा भएको शुभ अवसरमा यो पुस्तक प्रकाशन गर्न पाएकोमा अति प्रसन्न छु।

श्रद्धेय सयादोद्वारा धर्मदेशनाको क्रममा बर्मा, श्रीलंका तथा बुद्धकालीन घटनामा आधारित वास्तविक घटनालाई कथाको रूपमा संग्रह गरी प्रस्तुत यस पुस्तकले अनुशासित जीवन यापन गर्न अमूल्य योगदान प्रदान गर्नेछ। मुलुक अशान्ति र अनुशासनहिनताले आक्रान्त भईरहेको हालको परिवेशमा यस धर्मोपयोगी पुस्तकको अध्ययनले पाठकवर्गको जीवन अनुशासित तुल्याउन मद्दत पुऱ्याउने आशा गर्न सकिन्छ। खासगरी अभिभावकहरूद्वारा आफ्ना बालबालिकाहरूलाई यस कथा संग्रह अध्ययन गर्न प्रेरित गरी सन्तानलाई अनुशासित तुल्याउन अमूल्य ऊर्जा प्रदान गर्न सकिने विश्वास गरेकी छु।

यस पुनितः कार्यको प्रभावले मेरा दिवंगत मातापिता बाजेबज्यै तथा सकल ज्ञातिबन्धुहरूको निर्वाण कामनाको पुण्यानुमोदन सहित पुस्तक धर्मदान गर्न पाउँदा पितृऋणको बोझ हलुका महसूस गरेकी छु।

अन्तमा पुस्तक प्रकाशन योग्य तुल्याउन सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति एवं प्रेस परिवारमा आभार एवं साधुवाद व्यक्त गरिन्छ।

॥ भवतु सब्बमङ्गलम् ॥

२ फागुण, २०६९ बुधवार

**डा. धम्मविजया गुरुमाँ**
"गन्थवाचक पण्डित"
निर्वाणमूर्ति विहार, किम्डोल
स्वयम्भू, काठमाडौं।



Downloaded from http://dhamma.digital

# प्रकाशिका दाताकी दिवंगत अजि



लानी पुटली तुलाधर

जन्मः वि.सं. १५४५

दिवंगतः वि.सं. २०३७

Downloaded from http://dhamma.digital

# प्रकाशिका दाताका पूज्य पिता



**रत्नकाजि तुलाधर**

**जन्मः वि.सं. १९६९ कार्तिक**

**दिवंगतः वि.सं. २०४६ फाल्गुण**

Downloaded from http://dhamma.digital

# प्रकाशिका दाताकी पूज्य माता



**ब्यूटिफूल तुलाधर**

**जन्म: वि.सं. १९७९ फाल्गुण**

**दिवंगत: वि.सं. २००८ फाल्गुण**

Downloaded from http://dhamma.digital

"सब्बदानं धम्मदानं जिनाति"
(धर्मदान नै सर्वश्रेष्ठ दान हो)



प्रकाशिका दाता

डा. धम्मविजया गुरुमां

"गन्थवाचक पण्डित"

Downloaded from http://dhamma.digital

# केही कुरा

शुद्ध स्वच्छ निष्कलंकित निर्मल स्वभाव धर्म हो। अकुशल विध्वंसक कुशल प्रवर्द्धक परिशुद्ध स्वभाव धर्म हो । आदि मध्य अन्तपर्यन्त कल्याणकारक, अर्थ व्यञ्जन कैवल्य परिपूर्ण पर्यवदात स्वभाव धर्म हो। यहाँका यहाँ नै दृष्टान्त प्रत्यक्ष साक्षात्करणीय स्वभाव धर्म हो। तुरुन्तातुरून्तै समय परिधिबिना प्रतिफल प्रदायक स्वभाव धर्म हो। यहाँ आएर हेर, निरीक्षण गर भनी आह्वान र आमन्त्रण गर्नयोग्य स्वभाव धर्म हो । सांसारिक सम्पूर्ण दुःखबाट मुक्त गराई निर्वाण पुऱ्याउनसक्ने प्रज्ञाज्ञानसम्पन्न विज्ञहरूद्वारा प्रत्यक्ष जान्नु, बुझ्नु र थाहा पाउनुपर्ने, जनसामान्य विश्वास र मान्यताले मात्र काम नलाग्ने विशुद्ध स्वभाव धर्म हो। त्यो धर्म नै जीवन जिउने कला हो। त्यो धर्म नै जीवनोपयोगी धर्म हो। जसलाई सम्पूर्ण देव मनुष्यादिहरूले आधार बनाउनु पर्दछ, भरोसा लिनुपर्दछ। आ-आफ्नो जीवनको जग बसाल्नुपर्दछ। धारण पालन र आचरण गर्नुपर्दछ। ज-जस्ले त्यो धर्मलाई आधार भरोसा र जग बसाएर धारण, पालन र आचरण गर्दछ, त्यस त्यसलाई धर्मले भौतिक आध्यात्मिक लौकिक लोकुत्तर अप्रमाण सुख प्रदान गर्दछ। त्यो व्यक्ति सुखी हुन्छ, आनन्दित हुन्छ, हर्षित र प्रमुदित हुन्छ। उसलाई सही शान्ति प्राप्त हुन्छ। ऊ संसारमा धन्य हुन्छ।

यस किसिमको अवस्था प्राप्तार्थ हामीले धर्मको अवलम्बन गर्नुपर्ने हो। त्यसरी अवलम्बन गर्न हामीलाई सही, सम्यक्, यथाभूत मार्ग प्रदर्शकको आवश्यकता पर्दछ। त्यसैले भगवान् बुद्धले आफ्ना शिष्यश्रावकहरूलाई कल्याणमित्रको महत्ता सर्वोपरिरूपमा रहेको कुरा, आफ्नो प्रिय उपस्थापक आयुष्मान् आनन्दलाई अगाडि सारी "तथागत अरहत् सम्यक्सम्बुद्ध जस्ता कल्याणमित्र पाउन सकेको खण्डमा सर्वअर्थ सिद्ध हुने" कुरा आफ्नो सर्वज्ञता ज्ञानद्वारा ठोकुवा गरी उपदेश दिइराख्नु भएको हो।



Downloaded from http://dhamma.digital

तसर्थ बालमूर्ख सङ्गत त्यागी पण्डित ज्ञानीगुणीको सङ्गत गर्न भगवान् बुद्धले मङ्गलसूत्र देशनामा पहिलो प्राथमिकता दिई मङ्गल देशनाको शुरूवात गरिराख्नु भएको छर्लङ्ग छ। त्यसैले सत्संगत अति नै महत्वपूर्ण रहेको कुरामा आश्वस्त भइरहनु आवश्यक छ।

बुद्ध, बुद्धश्रावक, कल्याण पृथग्जनको साथसाथै आर्यश्रावकसंघको सत्सङ्गतमा लाग्नु अत्यन्त अत्यन्त कल्याणकारक रहने भएको छ। आर्यश्रावकसंघको सङ्गत गर्न गाह्रो रहेमा कमसेकम कल्याण पृथग्जनको सत्सङ्गतबाट विमुख हुनु कथमपि उचित छैन। खोजीखोजीकन भएपनि त्यस्तो व्यक्तिको सत्सङ्गत पाउनु मानव जीवनको लागि अत्यन्त कल्याणकारक छ।

त्यस किसिमको व्यक्ति कस्तो हुनुपर्दछ, वहाँहरूबाट हामी मानिसजातिले के के गर्नुपर्दछ, के के गर्नु हुँदैन आदि इत्यादि कुराहरूको संगालो यस "**कथावस्तुद्वारा उपदेशित अनुशासन**" भन्ने ग्रन्थमा हामीले विस्तृत र व्यापकरूपमा मात्र नभई प्रष्ट र खुलष्ट रूपमा समेत अध्ययन, चिन्तनमनन, निरीक्षण, परीक्षण एवं अनुसन्धान पनि गर्नसक्ने छौं। तर हामीले लगाउने चश्मा रङ्गीबिरङ्गी बेढङ्गको गलत किसिमको हुनुहुँदैन। सही, सत्य, तथ्य सम्यक् यथाभूत दृष्टि हुनु अत्यन्त महत्वपूर्ण हुने छ। त्यस किसिमको चश्मा हामीमा हुनु आवश्यक छ।

यो ग्रन्थको उपदेशक म्यान्मार्को विश्वप्रसिद्ध स्मृतिप्रस्थान विपश्यना भावनाको प्रचारक प्रसारक छट्ठसंगीतिप्रश्नकर्ता अग्गमहापण्डित महोपकारक महाशी सयादो (भद्दन्त सोभन) महास्थविर हुनुहुन्छ। यत्रतत्र सर्वत्र छरिएका वहाँले रचित ग्रन्थहरूमा उल्लेखित ठाउँठाउँमा उपदेशित उपदेशहरू संकलन र सम्पादन गरी प्रकाशमा ल्याएको उपदेशित अनुशासनहरू हुन् यी। वहाँकै शिष्यानुशिष्य परम्पराअनुसार आउनु भएको एकजना ध्यानगुरु अध्यापक ग्रन्थवाचक "**तामनेञ्यो**" उपनामधारी स्थविर भिक्षु हुनुहुन्छ। वहाँको अथक प्रयाश र प्रयत्नद्वारा संकलित सम्पादित ग्रन्थलाई वहाँले नै "**कथावस्तुद्वारा उपदेशित अनुशासन**" नामाकरण गरी मुद्रित यो ग्रन्थ हो।

यस ग्रन्थको अनुवाद कार्य मैले धेरै धेरै वर्ष अघि नै शुरू गरेर



Downloaded from http://dhamma.digital

राखेको थिएँ। सायद १० वर्ष भन्दा पनि बढि भइसक्यो जस्तो मलाई लाग्दछ। तर विभिन्न कारण र प्रत्ययले गर्दा बल्लतल्ल आज आएर पुस्तकको आकार दिलाउन सकें। वास्तवमा यो मेरै कमीकमजोरीले गर्दा हुनगएको म मान्दछु। एक त शरीर धारण गरेपछि विभिन्न रोगहरूले सताउँदो सास्ति दिँदो रहेछ। त्यो त न स्वीकारी नहुने विश्व नियामधर्म नै भइहाल्यो।

जेहोस्, सबै सम्बन्धित व्यक्तिहरूको हारगुहार र सहयोगको कारणले आज यो ग्रन्थ धर्मप्रेमी पाठकहरूको सामुन्ने ल्याउन पाएकोले खुशी लागेको छ।

यसको तयारीको लागि पाण्डुलिपी तयार पार्नुहुने धर्मबहिनी अनागारिका उत्पलवर्णा सबभन्दा पहिले साधुवादका पात्र हुनुहुन्छ। वहाँको निरन्तर सहयोगबिना यो कार्य सहजरूपमा सम्पन्न हुनु असम्भव जस्तो नै छ। अनि फेरी कम्प्यूटरमा टाइप गरी प्रेसमा पुऱ्याउन सक्नेगरी सहयोग गर्नुहुने आफ्नै सब्रह्मचारी शिष्य **भिक्षु जनक** र प्रुफ रिडिङ्ग गरी प्रेससम्म पुऱ्याउनु हुने **भिक्षु जुतिमा**, अनि पछि पुस्तक तयारी अवस्थामा ल्याउन अन्तिम रूपमा प्रुफ रिडिङ्ग, सेटिङ्ग, प्रेसप्रमुखसँग मिली बाँकि काम पूरा गर्नमा योगदान र सहयोग पुऱ्याउनु हुने शिष्य **भिक्षु पदुम** पनि आभार योग्य व्यक्ति हुनगएको छ।

अर्को सबभन्दा महत्वपूर्ण कुरा त प्रकाशकीयको भूमिका हो। अर्थ सहयोग बिना कुनै काम पनि सिद्ध हुनसम्भव छैन। त्यसको लागि सम्पूर्ण व्ययभार वहन गर्नुभई दिवंगत मातापिता बाजेबज्यै तथा सम्पूर्ण ज्ञातिबन्धुहरूका निर्वाण कामनाका साथ पुण्यानुमोदन सहित धर्मदान गर्न चाहनु हुने **डा. धम्मविजया गुरुआमा "ग्रन्थवाचकपण्डित"** आर्यालाई जति धन्यवाद र साधुवाद व्यक्त गरेपनि कम नै हुन जान्छ। तैपनि केही कृतज्ञता र आधार त प्रकट गर्नैपऱ्यो। वहाँ आर्यासहित सबैको कल्याण र मैत्री कामना गर्दै कोटी कोटी धन्यवाद र साधुवाद व्यक्त गर्नु आफ्नो कर्तव्य ठान्दछु।

त्यति मात्र होइन, यो ग्रन्थलाई आद्योपान्त अध्ययन गरी संशोधन परिमार्जनसहित भूमिकाको रूपमा व्यस्तताका बाबजूद **"दृष्टिपात"** जस्तो



Downloaded from http://dhamma.digital

महत्वपूर्ण पाटाहरू महत्वपूर्णरूपमा कोट्याई गम्भीररूपमा लेखि दिनुभएकोमा शिक्षासेवी, समाजसेवी, धर्मसेवी, प्राध्यापक **सुवर्ण शाक्य**ज्यूलाई पनि साभार धन्यवाद र साधुवाद व्यक्त गर्दछु ।

अन्तिममा जे जति अन्य अन्य कुराहरू भएतापनि प्रेस प्रमुखसहित सम्बन्धित प्रेस परिवारहरूको सौहार्द्रता र सहयोगको अभावमा मनले चिताए बमोजिम पुस्तक तयार पार्नु सजिलो छैन । त्यसमा पनि मेरो आफ्नो बाध्यताले सही समयमा सहीरूपमा प्रुफ् तयार पार्न नसकी महिनौंसम्म प्रेसमा नै पुस्तक ठन्क्याई राख्नु परेकोमा आफू लाचार भएपनि वहाँहरूले त्यतिकै क्षमा र धैर्य धारण गरी अलिकति पनि झर्को नमानी दिक्क नठानी पुस्तकको रूप दिनुभएकोमा वहाँहरूप्रति मैले कसरी कुन कुन शब्दले आभार, धन्यवाद र साधुवाद दिनुपर्ला, मलाई सम्झनामा आउन सकेन । के भन्ने हो खोई ! जे भए पनि वहाँहरू सबैलाई रोगशोक भय उपद्रव नरही निरोगी, सुस्वास्थ्य, दीर्घायु एवं सम्पूर्ण सांसारिक दु:खबाट सदैव पारपुग्ने निर्वाणसम्पत्तिसहित चिर शान्ति लाभ हुन सकोस् ! यही मेरो प्रार्थना छ ॥

**सुखिता होन्तु ! दुक्खा मुच्चन्तु !!**

**निब्बानस्स पच्चयो होतु !!!**

३ फागुण, २०६९ विहिवार

**अनुवादक**
**विश्व शान्ति विहार**
**मीनभवन**
**नयाँ बानेश्वर, काठमाडौं**



Downloaded from http://dhamma.digital

# विषय-सूचि


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| 01. | दृष्टिपात | क-ङ |
| 02. | प्रकाशकीय | ढ |
| 03. | केही कुरा | ण-द |
| 04. | कथावस्तुद्वारा उपदेशित अनुशासन भूमिका | |
| 05. | नागकुमारीहरूको कारण | १ |
| 06. | चम्पेय्य नागराज | २ |
| 07. | बढी प्रेम गर्नेलाई नै अवहेलित गर्ने | ३ |
| 08. | यातना दिनेप्रति नै बढी प्रेम | ९ |
| 09. | स्वास्नीप्रतिको प्रेमले सर्प, कुकुर र गोरु हुनु | ९ |
| 10. | धर्मकथिक सयादो | ११ |
| 11. | चालीस रूपैंयाको लागि भैंसी बन्नुपऱ्यो | १२ |
| 12. | ङञ्वःको एक कुरुवा चामल | १३ |
| 13. | भूत हुनुपर्ने, गोरु हुनुपर्ने, अहो भयानक ! | १६ |
| 14. | गोरु, कुकुर भइसकेर फेरि मानिस | १७ |
| 15. | छेपारोयोनिमा समेत जन्मनुपर्दछ ! | १७ |
| 16. | जस्तोसुकै कुशलताले पनि सपार्न नसकिने अकुशल ४-कर्म | १८ |
| 17. | राजा अजातशत्रुको कथावस्तु | १९ |
| 18. | उकेली न चपाएमात्रको | २८ |
| 19. | केवट्ट ब्राह्मणको तर्कना | २८ |
| 20. | केवट्ट ब्राह्मणको तर्कना | ३१ |
| 21. | युद्ध पराजित भयको कारणले भागाभाग | ३२ |
| 22. | भेद उपाय अपनाउन पठाए | ३३ |
| 23. | युद्धबाट बचेका अंश | ३४ |
| 24. | भन्न खोजेको कुरा | ३५ |




Downloaded from http://dhamma.digital

25. भव र तृष्णा ३६
26. मित्तविन्दक कथावस्तु ३६
27. नरकको फूललाई सुनको फूल सम्झे ३७
28. प्रेतभूमिलाई पनि रुचाउँछ ३८
29. तिरश्चीनभावलाई पनि मन पराँउछ ३९
30. अरूपभूमिलाई निर्वाण सम्झन्छ ४०
31. आलार र उदक ४१
32. अरूलाई सानो नसम्झ ४१
33. उपसंक्रमण गर्न योग्य दाताका ९ गुण ४२
34. शाक्यवंशीहरूको अभिमान ४३
35. विड्डभप्रति अवहेलना ४५
36. अभिमानको कारणले शाक्यवंशी राजाहरूमा भय आइलागे ४५
37. छलाएर रहन नपरोस् ४७
38. ७ वर्ष ७ महिना गर्भधारण ४८
39. मज्जालाग्दो रूपाचरण गरी कष्ट दिन्छ ५०
40. मरेर प्रेत भएपछि मात्र कर्म र कर्मको प्रतिफल बुझ्छ ५१
41. नभुल्नु अत्यावश्यक छ ५१
42. गोरु छुट्टिंदा बाघको आहार हुन्छ ५२
43. भेदउपाय ५३
44. वर्षाकारको चुग्लीप्रक्रिया ५३
45. पैशून्यवचन हटाउने प्रक्रिया ५५
46. मगन्तेले समेत प्रेम गर्न नसकिने श्रेष्ठिपुत्री ५६
47. इसिदासिथेरीवत्थु ५६
48. योग्य व्यक्तिले धारण गरून् ६२
49. इसिदासी स्थविराको विषय ६५
50. हिंसकहरूमा अति पीडा ७१
51. पूतिगत्ततिस्स स्थविर कथावस्तु ७१
52. भगवान् बुद्ध स्वयंद्वारा रोगीसेवा ७२
53. पूतिगत्ततिस्स स्थविरको अतीत कथा ७४



Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| 54. | छलकपटबाट बच्नुस् | ७६ |
| 55. | कमजोर व्यक्ति | ७८ |
| 56. | भगवान् बुद्धले पनि उपदेशमात्र दिन सक्नुहुन्छ | ८० |
| 57. | छोडेर जानुपर्दछ | ८० |
| 58. | श्री धर्माशोक महाराज | ८१ |
| 59. | एकसमानको मैत्री | ८३ |
| 60. | जबर्जस्ती गरेर दिनुपर्ने प्रेरणा | ८४ |
| 61. | घटिकारको चरित्र (रीत) | ८५ |
| 62. | उत्तमाचरण आचरणकर्ता | ८७ |
| 63. | सानो खालको मैथुन आचरण (७) वटा | ८७ |
| 64. | शुद्ध कुमारी सात दिदीबहिनी | ९२ |
| 65. | खेमाथेरी कथावस्तु | ९४ |
| 66. | उप्पलवण्णाथेरी कथावस्तु | १०२ |
| 67. | पटाचाराथेरी कथावस्तु | १०२ |
| 68. | कुण्डलकेसाथेरी कथावस्तु | १०२ |
| 69. | किसागोतमीथेरी कथावस्तु | १०३ |
| 70. | धम्मदिन्नाथेरी कथावस्तु | १०५ |
| 71. | भगवान् बुद्ध र लोकधर्म | १०८ |
| 72. | लाभ अप्राप्य हुनु र भगवान् बुद्ध | १०९ |
| 73. | मिलिन्दको प्रश्न | ११४ |
| 74. | आयुष्मान् नागसेनको उत्तर | ११५ |
| 75. | कोदो र चामलसमेत सेवन गर्नुपर्‍यो | ११६ |
| 76. | परिवार विहीन हुनु र भगवान् बुद्ध | १२२ |
| 77. | निन्दा गर्नु र भगवान् बुद्ध | १२५ |
| 78. | चिञ्चमाणविकाको आरोप | १२६ |
| 79. | सुन्दरीसितको आरोप | १२७ |
| 80. | मागण्डी कथावस्तु | १२९ |
| 81. | शारीरिक दुःख र भगवान् बुद्ध | १३६ |
| 82. | जरा-मरणबाट मुक्त हुन्छ | १३९ |



Downloaded from http://dhamma.digital

83. भएभरको दु:खबाट मुक्त हुन्छ १३९
84. मंगलधर्मअनुसार भन्ने हो भने १४०
85. मैत्रीधातु र भगवान् बुद्ध १४३
86. रोज मल्ल कथावस्तु १४३
87. ऊ बाथूको मैत्री १४५
88. बाण नलाग्ने श्यामावती कथावस्तु १४६
89. सिंहबाहु कथावस्तु १५४
90. सुवर्णशाम कथावस्तु १५५
91. मिथ्याविमुक्ति १५७
92. तेजप्रकाश अरहन्त १५९
93. कराहीमा भुटेको अरहन्त १६०
94. आरी (विशाल घैंटो) अरहन्त १६०
95. आघात नराखी सहन गर १६१
96. कालीयक्षिनी कथावस्तु १६१
97. बदला लिँदा उत्तमपुरुषहरूप्रति अपराध गर्न सकिन्छ १६४
98. अनुशासन ग्रहण गरेमा मात्र उन्नति वृद्धि हुन्छ १६५
99. आयुष्मान् छन्न स्थविर १६५
100. असत्मित्रसित संगत गरेकोले १६७
101. आयुष्मान् देवदत्तलाई शरण लिएकोले हानी भएको प्रक्रिया १६८
102. आयुष्मान् देवदत्तले प्रार्थना गरेका आचरणव्रत ५ वटा १६९
103. जानेर आचरण गरेमा मात्र प्रतिफल लाभ १७२
104. मित्र भिक्षुहरू दुईजना १७३
105. गोरु चराउने गोठालो झैं एक समान छ १७४
106. लिंढेधिपी धारणा भएको व्यक्ति १७७
107. बुद्धशासनभित्र लिंढेधिपी धारणा हुनु १७८
108. साति भिक्षु १७९
109. अरिट्ठ भिक्षु १८२
110. एक अंगुलजतिले मात्र नरकबाट मुक्त भएको व्यक्ति १८४
111. आयुष्मान् सारिपुत्र पाल्नुभएको बेला १८५



Downloaded from http://dhamma.digital

112. खीर जाउलो दान १८७
113. दानकथा शीलकथा आदि १८७
114. पर्यायद्वारा सोध्नुभयो १८८
115. अनुलोमज्ञान १८९
116. तम्बदाठिकको मरण १९१
117. तुषित देवलोकमा पुग्यो १९१
118. विशेष प्रेरणा दिन्छु १९३
119. उद्योग र अभ्यास गरेर हेरौं १९४
120. विशिष्ट धर्म लाभ गर्नसक्ने व्यक्ति १९५
121. पेस्स कथावस्तु १९५
122. मनोवृत्ति उकास्ने क्षेत्रमा स्मृतिधर्म महत्त्वपूर्ण १९६
123. धर्म लाभ हुन योग्य भएर पनि लाभ भएन १९७
124. यो एउटा त १९८
125. वेदेहिका कथावस्तु १९९
126. परस्पर मैत्री भंग हुने दोषले २०४
127. संवेजनीय महिला अरहन्त सुमना २०५
128. ब्रह्मा भएर ज्वाररर; हिलोमाटोमा बुद्रु बुद्रु २०५
129. जीवन बीमा नपाइसकेकोले २११
130. नजिक २१९
131. आसन्नकर्म २१९
132. दु:खी देवराज इन्द्र २२०
133. डराइरहेको देवपुत्र २२१
134. सुब्रह्म देवपुत्रकथावस्तु २२२
135. पुण्यानुमोदन २२४
136. नन्दकप्रेतकथावस्तु २२४
137. आसक्ति २२७
138. संक्षिप्त चित्तसम्भूत जातक २२७
139. कोक शिकारीको कथावस्तु २३०
140. दृष्टमङ्गल आसक्ति आदिको कारणले कुशलकर्म पनि हुन सक्छ २३२



Downloaded from http://dhamma.digital

141. कोशल राजाको यज्ञव्यवस्था २३२
142. दु-स-न-सो- को अभिप्राय २३४
143. शान्तदान्त हुनुको सामर्थ्य २३६
144. हातगोडा शान्त नहुने कुक्कुच्च २३६
145. कन्दरकको श्रद्धा २३७
146. कोशल महाराजको निवेदन २३९
147. विनयकुक्कुच्च २४०
148. सबभन्दा महत्त्वपूर्ण समय २४१
149. महत्त्वपूर्ण कुक्कुच्च २४३
150. नवयुवक रोगी भिक्षुको कथावस्तु २४३
151. बुद्धशासनको उद्देश्य २४५
152. मरणासन्न अवस्थामा आधार हुनु अत्यावश्यक २४५
153. मैत्रीवान् २५०
154. आयुष्मान् सुभूतिको मैत्री वृद्धिप्रक्रिया २५०
155. धनञ्जानि र मैत्रीध्यान २५१
156. देवताले स्नेह गर्ने औषधि २५३
157. विसाख स्थविर कथावस्तु २५३
158. मैत्रीको सामर्थ्य २५६
159. उत्तरा कथावस्तु २५६
160. तिमीले पनि उनीहरूले जस्तै आचरणगर्नु योग्य छ २६०
161. महाऋषि खन्तीवादीले सहन गरेको प्रक्रिया २६०
162. बालक धर्मपाल कथावस्तु २६३
163. हात्ती, बाँदर, नागराजहरूको सहनशीलता २६४



Downloaded from http://dhamma.digital

# कथावस्तुद्वारा उपदेशित अनुशासन
## भूमिका

छट्ठसङ्गीतिपुच्छक, अग्गमहापण्डित महोपकारक महाशी सयादो महास्थविरद्वारा उपदेशित एवं लिखित धार्मिक पुस्तकहरूलाई स्मृतिप्रस्थानभावनाको उद्योगकार्यमा दिलचस्पी भएका व्यक्तिहरूले अध्ययन तथा-पठन पाठनगर्ने गर्दछन् । ती व्यक्तिहरूमध्ये स्वदेशी विदेशी दुबै रहेका छन् । यी मध्ये श्रमणभिक्षुहरू र गृहस्थीहरू पनि पर्दछन् । यस्तै उमेर पुगेका, बीचका र युवापिंढीका किशोरकिशोरीहरू पनि पर्दछन् । यी युवापिंढीहरूमा बीचका र प्रौढहरू नै बढी होलान् । अझ त्यसमा पनि प्रौढहरू नै बढी होलान् जस्तो छ ।

बुद्धोपदेशअनुरूप महाशी सयादो महास्थविरद्वारा अनुशासित र निर्देशित अनुशासनहरूले प्रत्येक अनुसरणकर्तालाई विभिन्न सुपरिणामहरू उपलब्ध गराउँदछ जुन वर्तमान र भविष्यको लागि पर्यन्त जीवनोपयोगी रहनेछ । त्यसरी विभिन्न सुपरिणामहरू दिनसक्ने भएकोले महाशी सयादो महास्थविरको अनुशासन-उपदेशहरू स्वदेशी र विदेशीहरू दुबैले अनुसरणगर्न योग्य रहेको छ । त्यस्तै भिक्षुहरू गृहस्थीहरू अनि बूढापाकाहरू अधवैंशे तथा नवयुवकयुवतीहरूले पनि अनुसरणगर्नु योग्य छ ।

बुद्धशासन र राष्ट्रको भविष्य दुबै नै युवापिंढीको हातमा हुन्छ । तसर्थ युवाहरूको अन्तस्करणमा भगवान् बुद्धको अनुशासन-उपदेश अवस्थित भइरहनु जरूरी छ । युवाहरूको अन्तस्करणा बुद्धको अनुशासन-उपदेश अवस्थित रहेमा भविष्यको बुद्धशासन र भविष्यको राष्ट्र स्थिर, शान्तमय, सुखद, अनि रमणीय र पल्लवित भई सदा हराभरा रहिरहने छ । त्यसैले कथावस्तुभन्दा अति नै रोचक जसलाई नवयुवकहरूले पनि महोपकारक



Downloaded from http://dhamma.digital

महाशी सयादो महास्थविरको अनुशासन-उपदेशहरूलाई अध्ययन, पठनपाठन एवं अनुसरण गर्नसक्नको लागि विशेष लक्ष्यराखी महाशी सयादो महास्थविरद्वारा उपदेशित र लिखित धर्मग्रन्थहरूबाट उद्‌धृत गरी "महाशी सयादो महास्थविरद्वारा कथावस्तुको रूपमा उपदेशित उपदेशहरू" भन्ने नाममा उल्लेख गरिएको छ । यस्मा किशोरावस्था पार गरेका र बुढापाकाहरूले पनि दिलचस्पी लिनेछन् भन्ने लागेको छ । यो सबै वर्गको लागि उपकारक हुनेछ । भनी आशाराखेको छु ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# नागकुमारीहरूको कारण

तृष्णा रूपमा रमाई रमाइकन टाँसिरहेको हुन्छ । राम्रो सम्झिइने आलम्बनबस्तुहरूलाई त्यसले मनपराउँछ । तेल र रङ्गले जहाँ जहाँ छुन्छ त्यहाँ त्यहाँ त्यस्तै रङ्गाएर दाग बसालेजस्तै त्यस मनपराउने आलम्बनमा अल्झिरहन्छ । अनि फेरि यो तृष्णा जुन जुन भवमा पुग्छ त्यहीँ त्यहीँ रमाइरहन्छ, त्यहाँ उराठलाग्ने हुँदैन । राम्रो लाग्ने आलम्बनहरूमा पनि जे जे रहन्छ त्यसै त्यसैमा मनगई रमाइरहन्छ ।

मानव-संसारमा नै निरीक्षण गरी हेरेमा तल्ला श्रेणीका मानिसहरूको अवस्था माथिल्ला श्रेणीका मानिसहरूको दृष्टिमा मनपराउँदो र रमाइलो खालको हुँदैन तर विपरीत कारणले गर्दा त्यस्तो अवस्थामा पुगिन्छ र त्यस्तै भवमा रमाइन्छ । मानिसको दृष्टिबाट तिरश्चीन पशुहरूको जीवनलाई हेर्दा रमाइलो लाग्दो केही हुँदैन । घृणास्पद र भयावहरूपमा मात्र देखापर्दछ । सर्पको र कीराहरूको कोखमा रहिरहनु परेमा एकदम विभत्स भयावह देखिन्छ । हुनत कर्मानुसार त्यस्तो प्रकारका जीवनमा पुगिने हुँदा त्यस्तो जीवन नै एउटा आसक्तिको विषय बनी त्यस्ताको लागि रमाइलो नै लाग्ने हुन्छ । यो तृष्णारूपी धर्ममा प्राणीहरू जुन जुन जीवनमा पुग्दछन् र तिनीहरूको लागि जस्तो जस्तो आलम्बन प्राप्त हुन्छ त्यही त्यही जीवन र त्यस्तै त्यस्तै आलम्बनमा नै तिनीहरूको लागि रमाइलो हुनेहुन्छ; यो त एक किसिमको स्वभावै भयो । तसर्थ भगवान् बुद्धले यस तृष्णालाई **"तत्रतत्राभिनन्दिनी"** = त्यस त्यस उपलब्ध जीवन एवं आलम्बनमा रमाउने बानि बसेको हुन्छ" भनी दर्शाइराख्नु भएको छ । त्यसलाई चम्पेय्य नागराजको कथावस्तु र उपरी महारानीको कथावस्तुहरूद्वारा स्पष्ट बुझ्न सकिन्छ ।



Downloaded from http://dhamma.digital

# चम्पेय्य नागराज

बोधिसत्त्व एक जीवनमा चम्पा नदीको छेउछाउमा एउटा गरीब मान्छे भएर जन्मेका थिए । त्यो बेला चम्पेय्य नागराजको ऐश्वर्य र सम्पत्तिको कामना गरी गरीब बोधिसत्त्वले दान, शील आदि कुशलकर्महरू गरेका थिए । त्यसैले त्यस जीवनबाट मृत्यु भई त्यो चम्पेय्य नागराजको पलङ्गमा पूर्णाङ्ग शरीर भएको ओपपातिक नाग (सर्प) हुनपुग्यो । नाग भनेको सर्प नै हो । मानिस सर्प भएर जन्मिनु पऱ्यो भन्दा भयावह एवं घिनलाग्दो हुन्छ । तसर्थ शुरूशुरूमा बोधिसत्त्वले आफूले आफैंलाई हेर्दै घृणा मानिरहे । मैले आर्जन गर्दै गरेको दानशीलादि कुशलकर्महरूले ६-वटा देवलोकहरूमध्ये कुनैपनि देवलोकमा जानपुग्ने हुन्छ । तर मैले नागराजको ऐश्वर्य सम्पत्तिको कामना गरेर आएकोले यो सर्पको तिरश्चीनयोनिमा जन्म लिन आउनुपऱ्यो । यो सर्पको तिरश्चीनयोनिमा रहिरहनुभन्दा त मृत्युहुनु नै राम्रो छ भनेर मर्नको लागि समेत सोच्न थालेको थियो ।

त्यसै समय भित्र "सुमना" नाउँ गरेकी नागकन्याले अन्य नागकन्याहरूलाई मनोरञ्जनको लागि प्रेरणा र संकेत दिनथाली । सबै नागकन्याहरूले एकदम राम्री राम्री अप्सराहरू जस्तै भेष बदली श्रृंगार गराए । नाना थरीका बाजागाजाहरू बजाई नाचगानद्वारा मनोरञ्जन गराए । त्यसरी अप्सराहरूजस्तै भई वाद्यवादन सहित नाचगान गरिरहेको देख्दा बोधिसत्त्व चम्पेय्य नागराजको मनमा त्यो नागभूवन देवेन्द्र शक्रको देवविमानजस्तै देखापर्न गई उनलाई रमाइलो लाग्दै गयो । त्यसैले उनले पनि देवताको रूप धारणगरी ती नागकन्याहरूसँगै उनीहरूजस्तै भई रमाउन थाल्यो ।

जेहोस् बोधिसत्त्व भएको नाताले स्मृतिधर्म उब्जाउन सजिलो हुँदोरहेछ । तसर्थ कालान्तरमा उनले भविष्यमा नाग जन्मबाट मुक्त भएर मनुष्यजन्ममा पुग्नको निमित्त र मनुष्यजन्ममा पुगी दानशील आदि पारमी कुशलहरू पूर्णरूपमा आचरण गर्नसक्ने हुने लक्ष्यराखी मनुष्यलोकको वनप्रदेशमा उपोसथशील समादान गर्न थालेका थिए ।

यस चम्पेय्य नागराजको कथावस्तुमा मुख्य भन्न खोजेको- मानिसको दृष्टिमा सर्पको शरीर भयावह र घृणास्पद हुन्छ । भरखर भरखर नाग हुँदाखेरी त बोधिसत्त्वलाई पनि घृणा महशूस भएको थियो तर मनोरञ्जक गरिदिने नागकन्याहरूलाई देख्दा त्यस जीवननै देवलोकको जीवनजस्तै



Downloaded from http://dhamma.digital

रमाइलो लाग्दै गरेको नै मुख्य कुरा भयो । त्यसरी जुन जन्ममा पुग्यो त्यसै जन्ममा रमाउँदै जानुको कारण ती जन्महरूको आलम्बनमा रमाउँदै विलीन हुनु हो । यसको कारण तृष्णा नै हो । फेरि बोधिसत्त्वले गरीब भएर जन्मिएको जीवनमा चम्पेय्य नागराजको ऐश्वर्य-सम्पत्तिलाई कामना गरेर आएका थिए । त्यस कामना गर्ने तृष्णाको कारणले चम्पेय्य नागयोनिमा उत्पन्न हुनपुगेको हो । त्यो तृष्णाले "**पोनोभविका** = फेरि नयाँ जन्मलाई उत्पन्न गराउँदछ" भन्ने बुद्धवचन अनुसार नै नयाँजन्म लिनुपरेको हो ।

# बढी प्रेम गर्नेलाई नै अवहेलित गर्ने

उपरी महारानी काशी राष्ट्र पाटली नगरमा राज्यगर्ने अस्सक राजाकी अग्रमहिषी थिइन् । उनी अति नै सुन्दरी थिइन् भनिन्छ । पुराना पुराना राजा रजौटाहरूले तिनीहरूको राष्ट्रमा सबभन्दा राम्री महिलालाई नै चुनेर महारानी नियुक्त गर्नेगर्थे । त्यसैले राजाकी महारानी भन्नेबित्तिकै सुन्दरीहरू नै बढी हुन्थे । यी उपरी महारानी विशेषरूपले नै सुन्दरी थिइन् भनिन्छ । अस्सक राजाले अत्यन्त सुन्दरी उपरी महारानीलाई अतिबिघ्नै प्रेम गरिराखेका थिए रे ।

त्यसरी राजाले अतिबिघ्नै प्रेम गरिराखेकी उपरी महारानी अत्यन्त सौन्दर्यले युक्तभई भर्खरकी युवावस्थाकी छँदा नै स्वर्गारोहण भएकी थिइन् । स्वर्गारोहण भनेको महाराज महारानीहरू परलोक हुँदाखेरि प्रयोग गरिने शिष्ट शब्द मात्र हो । भिक्षुहरू परलोक हुँदा बर्माको चलनअनुसार उडेर जानुभो भन्नुपर्ने हुन्छ । यो शिष्ट व्यवहारमात्र हो । परलोक भएर जाने प्राणी त आफ्नो कर्मअनुसार नयाँजन्ममा उत्पन्न हुनु नै पर्दछ परन्तु यी उपरी महारानी स्वर्गारोहण भइन् भनिएपनि वास्तवमा स्वर्गमा नभै गोब्रे कीरा हुनपुगिन् ।

त्यसरी असाध्य प्रेम गरिराखेकी महारानीको निधन हुँदा अस्सक राजामा शोक बिलापको अग्नि अत्याधिक दन्किरह्यो । उपरी महारानीको लाशलाई शीशाको बाकसभित्र राखी तेलमा डुबाएर आफ्नो खाटमुनि राख्न लगाएर खानासमेत खान नसकी उनीलाई मात्र झलझल सम्झिँदै विलाप गर्दै त्यही खाटमा पल्टेर बसिरहे । आमा-बाबु, ज्ञातिबन्धु, बुद्धिमान मन्त्री अमात्यहरूले संस्कारजन्य अनित्य स्वभावलाई दर्शाएर जति सम्झाए



Downloaded from http://dhamma.digital

बुझएतापनि स्मृतिधर्मको होश राख्न नसकी त्यसै परिरह्यो । शीशाको बाकसभित्र तेलमा डुबाएर राखेको भन्नाले वर्तमान समयमा औषधी मूलो गरिराखेको लाशजस्तै आकार नबिग्री जस्ताको तस्तै रहिरह्यो होला । त्यसैले आफ्नी महारानी शीशाको बाकसभित्र सुतिरहेकी जस्तै सम्झिरहेको होला । तसर्थ त्यस लाशलाई नियाली विलापगर्दै शोकपरिदेवको अग्नि बालिरहेको सात दिन पनि बित्यो ।

त्यो बेलामा बोधिसत्त्व हिमालय पर्वततिर ध्यान अभिज्ञालाभी महर्षि भइरहेका थिए । बोधिसत्त्व महर्षिले लोकलाई अभिज्ञाद्वारा हेर्दा ती अस्सक महाराजले धेरै दुःख पाइरहेको पनि देखनमा आयो; आफूले बाहेक अरू कसैले त्यस राजालाई मुक्ति दिलाउन सक्तैन भन्ने कुरा पनि बुझे । अनि बोधिसत्त्व महर्षि अभिज्ञाऋद्धिशक्तिद्वारा अस्सक राजाको उद्यानमा पुगे ।

त्यो बेलामा पाटली नगरको एकजना ब्राह्मण माणवक महर्षिकहाँ आइपुग्यो । महर्षिले त्यो माणवकसँग अस्सक राजाको बारेमा सोधे । त्यस माणवकले अस्सक राजा शोक विलापमा पिल्सिरहेको कुरा बताएर वहाँलाई उपदेश दिई मुक्ति दिलाउन प्रार्थना गर्नलाग्यो । त्यसपछि महर्षिले अस्सक राजालाई "हामी चिन्दैनौं; यदि वहाँ हामीकहाँ आई सोधपूछ गरेमा वहाँकी महारानीले जन्मलिन पुगेको ठाउँ बताइदिन सक्छौं" भनी भन्नुभयो । त्यस माणवकले अस्सक राजाकहाँ गई "महाराज, उद्यानमा भूत भविष्यका कुराहरू देखन र जान्नसक्ने दिव्यचक्षु भएका एकजना महर्षि आइराख्नुभएको छ; उपरी महारानी उत्पन्न हुन गएको ठाउँ पनि थाहा पाउनुहुन्छ रे; देखाउन पनि सक्नुहुन्छ रे; वहाँ महर्षिकहाँ सवारी होइबक्सेमा कल्याण हुनेछ" भनी बिन्ति चढाए ।

उपरी महारानीलाई देखाइदिनसक्छु रे भन्ने सुनेकोले अस्सक राजा प्रसन्न एवं प्रफुल्लित भई रथद्वारा उद्यानतिर लागे । महर्षिकहाँ पुग्दा उनलाई सत्कारपूर्वक अभिवादन गरी, "भो महर्षि, यहाँले उपरी महारानीको जन्म भएको ठाउँ थाहा पाउनुहुन्छ भनेको के साँच्चै हो ?" भनी सोधे । "हो" भन्ने कुरा महर्षिले जवाफ दिए । "कहाँ जन्मेको छ त ?" भनी फेरि सोधे । अनि महर्षिले ... ... ...

"महाराज, तपाइकी महारानी उपरी आफ्नो जीवनकालमा अति सुन्दरी भई रूपलावण्यमा मात्रै मन लगाई आसक्तभई अभिमान चढाई बसेकी थिइन् । रूपलावण्य सजाउनमा मात्र व्यस्त भइरहिन् । दान, शील कुशलकर्म गर्नमा मन रहिनन् । त्यसरी प्रमादी भई अभिमान चढाई बसेकी हुनाले



Downloaded from http://dhamma.digital

उपरी महारानी मराणोपरान्त गोब्रेकीरा भई बस्नुपरिरहेको छ" भनी वास्तविक वस्तुस्थिति स्पष्टपारेर बताइदिए।

धनसम्पत्ति, ज्ञातिबन्धु, ज्ञानबुद्धि, मानपदवी जेसुकै होऊन् कसैमा अरूहरूभन्दा विशिष्ट भइदिएको कुरा बोध भइदिंदा अभिमान बढ्न सक्दछ। अभिमान चढी कुशलकर्म गर्न बिर्सन सक्दछ। अरूलाई सत्कारसम्मान गर्नुपर्छ भन्ने थाहा नभइरहन सक्छ। त्यस्तो अभिमानी व्यक्ति हीन र नीच योनिमा पुग्नसक्ने कुरा चूलकम्मविभङ्गसुत्तमा भगवान् बुद्धले उपदेश दिनु भएको छ-"अभिमानी व्यक्ति नीच हुन्छ; उदार व्यक्ति निराभिमानी हुन्छ।"

अभिमानी भएर आदरणीय व्यक्तिलाई आदरगौरव राखिएन भने नीचकुलमा उत्पन्न हुनसक्छ। अभिमानलाई त्यागी आदरणीय व्यक्तिमा आदरगौरव राखेमा उच्चकुलमा उत्पन्न हुनसक्छ। यही कारण उपरी महारानी रूपलावण्यद्वारा अत्यन्त सुन्दर उच्चपदको अग्रमहिषी भएरपनि अभिमानले मत्त भएर आदरणीय व्यक्तिहरूमा आदरगौरव नराखेको अकुशलकर्मको कारण प्राणी मध्ये नीचयोनिको गोब्रेकीरा हुनुपरेकी कुरा सम्झनु योग्य छ।

त्यसरी गोब्रेकीरा हुनुपरेको घटना सुन्नुपर्दा अस्सक राजाले "त्यस कुरालाई नपत्याउने" भनी विरोध जनाए।

राजालाई पत्यार पार्न गोब्रेकीरा भइरहेको नै देखाइदिने कुरा भनियो। राजाले त्यो कुरा देख्ने इच्छा गरे।

त्यसबेला महर्षिले गोब्रेकीरा भइरहेको दम्पतिलाई अस्सक राजाको अगाडि निस्केर आउन अभिज्ञाद्वारा अधिष्ठान गर्नुभयो। गोब्रेकीराका दम्पति दुबै गोबरबाट निस्की राजाको अगाडि आइपुग्दा महर्षिले भने।

"महाराज, ती पछिपछि आएकी गोब्रेकीरा तपाईकी उपरीदेवी महारानी नै हुन्; तपाईलाई त्यागी अब उनी लोग्ने गोब्रेकीराको पछिपछि पछ्याउँदै गइरहेकी छिन्। ती उपरी महारानीबाट गोब्रेकीरा बनेकी तपाईकी पूर्व बडामहारानीलाई ध्यानपूर्वक हेर्नुस्।"

त्यसबेलामा पनि राजाले अविश्वास प्रकट गरेर भने– "भन्ते, अति नै शिक्षित जानेबुझेकी उपरी महारानी नै त्यो गोब्रेकीरा हो भन्ने कुरा म विश्वास गर्दिन।"

कर्म, कर्मको प्रतिफल दिने प्रक्रियालाई राम्ररी विश्वास नगर्ने व्यक्ति; प्रतीत्य समुत्पाद कार्यकारण सम्बन्धराखी उत्पत्ति हुने प्रक्रियालाई नपत्याउने



Downloaded from http://dhamma.digital

व्यक्तिहरूको निमित्त मानिस कीरा भएर जन्म भयो भन्दा विश्वास गर्नु गाह्रै कुरा हुनसक्छ । बुद्धधर्मको अत्यन्त प्रभाव परिराखेको वर्तमान अवस्थामा समेत मानिस मरेर ऊ मानिसभन्दा तल्लो नीच योनिमा जन्मन सक्दैन" भनी धारणा राख्ने व्यक्तिहरू रहेका छन् भने उसबेला बुद्धधर्मका उपदेश सुन्न दुर्लभ भएको बेला बुद्धशासनसम्बन्धी प्राचीन युगप्रति विश्वास गर्न नसकिनुमा त्यसबेलाको अवस्थालाई दोषारोपण गर्नपनि त्यत्ति उचित नहुने कुरा पनि यथार्थ हुन आउँछ ।

भगवान बुद्धको उपदेशअनुसार भन्ने हो भने आर्यत्वमा नपुगुञ्जेलसम्मको व्यक्ति मनुष्यजीवनमै रहेपनि चार अपायमा पुग्नसकिन्छ, जस्तै: देवयोनि । देवयोनिबाट पनि फेरि अरू चार अपायमा पुग्न सकिन्छ । अकुशलकर्ममा रहँदा मरणासन्न अवस्थामा रहँदा मनमा चिन्तन भएअनुसार निम्नकोटिको अपाय सत्त्वजातिमा उत्पन्न हुन जान सकिन्छ । कुशलकर्म र मरणासन्न अवस्थाको चिन्तन राम्रो भएमा जतिसुकै नीचकुलको भएपनि उत्तम मनुष्यजन्मबाट देवजन्महरूमा पुग्न सकिन्छ । यहाँनिर आयुष्मान् तिस्स नामक भिक्षु मरणासन्न अवस्थामा चीवरमा उपादान जगाएर मृत्यु भएकोले त्यसै चीवरमा टाँस्सिने जुम्रा भएर जन्मनुपऱ्यो । एउटा भ्यागुतो भगवान बुद्धको उपदेश सुनिरहँदारहँदै मरण भएको बेलामा त्रयस्त्रिंश देवलोकमा देवता भई जन्म हुनपुग्यो भन्ने कुराहरू नमूनाको रूपमा पाइन्छ । अस्सक राजाले यसप्रकारका उपदेशहरू यस अघि सुन्न नपाएको हुँदा आफ्नी महारानी गोब्रेकीरा हुन पुगेको तथ्यलाई विश्वास गर्न नसकिराखेको हो । त्यसैकारण विश्वास नगरी प्रतिकार गरिराखेको हो ।

यति कुरा भएपछि महर्षिले त्यस कीराद्वारा कुरा गराउने भने । महाराजले कुरा फर्काउँदै हुन्छ भने ।

त्यसबेला महर्षिले आफूले भनेको कुरा पोथी कीरालाई बुझाउन र कीराले फर्काएको कुरालाई राजासहित परिषद्हरू समेतलाई बुझाउन आफ्नो अभिज्ञाशक्तिद्वारा अधिष्ठान गरी गोब्रेकीरासँग सोधे–

"ए गोब्रेकीरा, तिमी अघिल्लो जन्ममा के थियौ ?"

"अस्सक महाराजकी अग्रमहिषी उपरी थिएँ ।" कीराले जवाफ दिइन् ।

"कीरा, तिमीलाई ती अस्सक महाराज प्रिय लाग्छ कि अहिलेको लोग्ने गोब्रेकीरा नै प्रिय लाग्छ ?" महर्षिले सोधे । अनि गोब्रेकीराले जवाफ दिइन्–

"त्यो अस्सक महाराज भनेको त अघिल्लो जन्ममा मेरो लोग्ने



Downloaded from http://dhamma.digital

थियो । त्यस बेलामा यो उद्यानमा अस्सक राजासित परस्परमा अँगालो मारी वर्ण, शब्द, गन्ध, रस र स्पर्श नामक पञ्चकामगुण आलम्बनहरूलाई उपभोगगर्दै विचरणगरी आएकी हूँ । अहिले नयाँ जन्ममा पुगि त्यो अस्सक राजासित मेरो कुनै सम्बन्ध रहेन ।" यसरी पोथीकीराले जवाफदिएको प्रक्रियालाई अट्ठकथामा यसरी दर्शाइराखेको छ–

"**अहं** = मैले; **इदानि** = अहिले; **अस्सकराजानं मारेत्वा** = अस्सकराजालाई मारेर; **तस्स गललोहितेन** = त्यो राजाको घाँटीको रगतले; **मय्हं सामिकस्स** = मेरो यो जन्मको लोग्ने भएको; **गोमयपाणकस्स** = गोब्रेकीराको; **पादे** = पाइलाहरूलाई; **मक्खेय्यं** = पुछिदिन चाहन्छु, भन्ते !" भनेर समेत निर्दयपूर्वक मुटु नै छुनेगरी दुर्वचन प्रकट गरिन् ।

यसरी पूर्व लोग्नेको बारेमा निर्मम कुरा ओकलियो । पोथी गोब्रेकीराले आफ्नो लोग्ने कीरोको अगाडि भएर आफ्नो वर्तमान लोग्ने कीरोलाई चित्त बुझाउन पनि यसरी भनेको हुनसक्छ । अनि फेरि सत्त्वहरू जन्मअन्तर नभइकन यसै जन्ममा समेत अप्ठेरो परी पारपाचुके भएर नयाँ घरजम गरेर बसियो भने अघिको पुरानो लोग्ने वा स्वास्नीप्रति कुनै झुकाव नरही नयाँ जोडीप्रति मात्र बढी महत्त्व दिने गर्छ भन्ने कुरा साधक नमूना प्रमाणहरू प्रकटरूपमै रहिरहेका छन् । तसर्थ यो अट्ठकथा कथन पनि युक्तिसङ्गत देखिन्छ । जातक पालिका उल्लिखित पोथी कीराको भनाई यस्तो रहेको छ–

**अयमस्सकराजेन; देसो विचरितो मया ।**
**अनुकामाय कामेन; पियेन पतिना सह ॥**

**भन्ते** = महर्षि भद्दन्त; **अयं देसो** = यो उद्यान प्रदेश; **अनुकामाय** = अस्सकराजालाई मन पराउने; **मया** = मैले; **कामेन** = मलाई मन पराउने; **पियेन पतिना** = त्यो बेलाको प्रिय पति हुनुभएको; **अस्सक राजेन सह** = अस्सकराजासँग; **विचरितो** = बारबार विचरण गरी एकसाथ अँगालो मारी रमाइलो गरेर आइसकेकी छु ।

**नवेन सुखदुक्खेन; पोराणं अपिधीयति ।**
**तस्मा अस्सकरञ्ञाव; कीटो पियतरो मम ॥**

**नवेन** = नयाँ; **सुखदुक्खेन** = सुख र दुःखले; **पोराणं** = पुरानो जन्मलाई **वा** = पुरानो सुख दुःखलाई; **अपिधीयति** = छोपिँदो रहेछ, **भन्ते** ! **तस्मा** = त्यसरी नयाँ सुखदुःखले पुरानो सुखदुःखलाई छोपि लिएकोले; **कीटो एव** = वर्तमान पति भएको लोग्ने कीरोलाई मात्र;



Downloaded from http://dhamma.digital

**अस्सकरञ्ञा** = अस्सकराजालाई भन्दा; **मम** = मलाई; **पियतरो** = बढी प्रिय लाग्छ भन्ते ! यति कुरा पोथी कीराले जवाफ दिइन् ।

यहाँनिर पनि (**पियतरो**) अझ बढी प्रिय लाग्छ भनी भनेकोमा (**सतगुणेन सहस्सगुणेन**) सयौं गुणा हजारौं गुणा बढी प्रिय लाग्छ भन्न चाहेको कारणद्वारा प्रेमको डिग्री बढी भएको प्रक्रियालाई प्रमाणसहित अट्ठकथाले वर्णन गरिराखेको छ ।

त्यसरी गोब्रेकीराले निर्ममतापूर्वक निर्दयकासाथ मुटु नै छुनेगरी भनेको सुन्नुपर्दा अस्सकराजालाई असाध्यै चित्त दुख्यो । "मैले त उनलाई अत्यन्त प्रिय रहेको उनको लाशलाई समेत फाल्न सकेको थिइन । अहिले उनले मप्रति निर्मम व्यवहार गरिन्" भनी निरीक्षण गरेर उपरी महारानीप्रति उनको चित्त फाट्यो । त्यसैले त्यही ठाउँमा बस्दाबस्दै नै "ऐ, त्यो लाशलाई निकालेर लै जा" भनी हुकुम दिई नुहाइ धुवाई गरेर शरीरलाई शुद्धपारी दरबार फर्केर गए । अन्य एकजना रानीलाई बडामहार ानी नियुक्त गरी देशमा धार्मिकपूर्वक शासन गर्नलागे । बोधिसत्त्व ऋषि पनि राजालाई उपदेश दिइसकेर हिमालयतिर नै फर्केर गए ।

यो कथावस्तुमा भन्न खोजेको मुख्य तात्पर्य उपरी महारानीले मनुष्य योनिमा रहेको अवस्थामा मनुष्यजन्मको महारानीको स्थितिलाई पनि मज्जा ठानी रमाइलो मानिरहेकी थिइन् । गोब्रेकीरा भएर जन्मलिनुपर्ला भनेर कल्पनासमेत गरेकी थिइनन् । तैपनि उनको कर्मअनुसार गोब्रेकीराको जन्ममा पुग्न गएको बेलामा त्यही गोब्रेकीराको शरीरलाई मज्जा ठानी रमाइरहिन् । गोब्रेकीरोको शरीरलाई पनि अस्सक राजाको शरीरलाई भन्दा हजारौं गुणा आनन्दित सम्झिरहिन् । त्यसरी अतिहीन गोब्रेकीराको जन्ममा समेत एकदम रमाइरहन पुगेको जीवनमा मज्जा ठान्ने र त्यसप्रति आसक्त हुने गरेको तृष्णाको कारणले नै हो । तसर्थ भगवान् बुद्धले यो तृष्णालाई "**तत्रतत्राभिनन्दिनी** = त्यस त्यस ठाउँमा पुगेको जन्म त्यहीं त्यहीं उपलब्ध आलम्बनमा मज्जाठानी रमाइलो मान्ने बानि भएको हो" भनी उपदेश गर्नुभएको हो ।

कुकुरको योनिमा पुगे कुकुर भई नै रमाउने, सुंगुरको योनिमा भए सुंगुरजन्मैमा रमाउने कुखुरा भए कुखुरा भई नै रमाउने, कीटपतङ्ग भए त्यही जीवनमा रमाउने, यस्तै मनुष्यको एकै जन्ममा पनि कोही उच्चश्रेणीको धनी व्यक्तिको सन्तान भइरहेको अवस्थाबाट कारणवश गिरेर निम्नकोटीको गरीब अवस्थामा पुगिरहेको देखिन्छ । त्यस्ता मानिस पनि आफू जहाँ पुग्यो



Downloaded from http://dhamma.digital

उही परिस्थितिमा रमाई रहने हुन्छ । यसो भई आलम्बनसँग रमाउनु भनेको तृष्णाको कारणले नै हो ।

## यातना दिनेप्रति नै बढी प्रेम

अर्को एउटा तथ्य जस्तै व्यक्ति होस् वा चीजवस्तु होस् त्यसप्रति स्नेहासक्त भइरहेमा ती व्यक्ति र चीजवस्तुहरूको सामीप्यमा यो तृष्णाले नयाँ जन्म उत्पादन गराउँछ भन्ने कुरा पनि जानिराख्नु आवश्यक छ । ती दुईमध्ये चीजवस्तुप्रति स्नेहासक्त भइरहनाले ती चीजवस्तुको सामीप्यमा नयाँ जन्म हुने प्रकिया त चीवरप्रति आसक्ति जगाएर मृत्यु भएको आयुष्मान् भिक्षु तिस्सले त्यसै चीवरमा जुम्रा भै रहनुपरेको घटना पहिले नै बताइसकिएको छ । अब स्वास्नीप्रतिको प्रेमले सर्प, कुकुर र गोरूयोनिमा पुग्नुपरेको कथावस्तु उल्लेख गरिन्छ ।

## स्वास्नीप्रतिको प्रेमले सर्प, कुकुर र गोरु हुनु

सिंहलद्वीप (श्रीलंका) को एउटा जङ्गलनिरको गाउँमा एकजना लोग्ने मान्छे आफ्नो दाजुकी स्वास्नी (भाउजु) सँग बिग्री बस्यो । ती आइमाईले पनि आफ्नो लोग्नेलाई भन्दा देवरप्रति बढी माया प्रीति लगाइराखेकी ले आफ्ना पति दाजुलाई हत्या गर्न देवरलाई कुत्कुत्याइरहिन् । यस्तो कुकृत्य नगर्न देवरले भाउजूलाई हप्काउने गऱ्यो तर भाउजूले तीन पटक सम्मको मौकाको कुरा गरेर उनलाई सिकाइन् कि नजिकैको घाटको ठूलो रूख भएको ठाउँमा बञ्चरो लिएर पर्खिरहन भनिन् । देवरले त्यसैगरी रूखको माझमा लुकेर पर्खिरह्यो ।

लोग्नेचाहिँ बनको काम सिध्याएर घरतिर फर्कंदा स्वास्नीचाहिँले माया गरेको जस्तो गरी कपाल सुम्सुम्याउँदै भनिन् "कपाल पनि कस्तो फोहोर पारिराखेको, छ्या; ऊ त्यो ठूलो रूखनजिकै भएको घाटमा गएर त्यहाँ नदीमा नुहाइधुवाइ गरेर आउनुस् ।" आफूलाई स्वास्नीले ज्यादै माया गरेर सेवा गरेकी भनेर सम्झँदै लोग्नेचाँहि घाटमा गई टाउको निहुऱ्याई नुहाउन ठिक्क पऱ्यो । त्यहीबेलामा उसको भाइले रूखको माझबाट निस्की बञ्चरोले हानिदिँदा बिचराको मृत्यभयो ।



Downloaded from http://dhamma.digital

मरणोपरान्त आफ्नी स्वास्नीप्रतिको तृष्णा र आसक्तिको कारणले त्यही घरमा धम्मनी नामक घरसर्प भै जन्मन पुग्यो। त्यो सर्पले आफ्नी स्वास्नीप्रतिको तृष्णा र आसक्तिले गर्दा घरको छानाबाट पूर्वजन्मकी आफ्नी स्वास्नीमाथि पर्नेगरी झर्दै गर्नथाल्यो। ती आइमाईले त्यस सर्पलाई आफ्नो पुरानो लोग्ने नै हुनुपर्छ भनी विचार गरी त्यो सर्पलाई पनि मार्न लगाइन्।

सर्पजन्मबाट मरिंसक्दा पनि माया छुटेर नगएकोले त्यसै घरमा कुकुर भई जन्म हुनपुग्यो। त्यो कुकुरले प्रेमको चित्तप्रवाहले गर्दा आइमाईलाई पछ्याउँदै हिँडने गरिरह्यो। ऊ उनीबाट छुट्टिन सक्दैनथ्यो। बनमा गएपनि पछिलाग्ने। त्यसोहुँदा मानिसहरूले "कुकुर साथमा लिई हिँड्ने" भनी उनीलाई जिस्क्याउने र व्यंग गर्ने भए। कुकुरको बानीप्रति निको नलागी ती आइमाईले त्यो कुकुरलाई पनि मार्न लगाइन्।

कुकुरको जन्मबाट मरिसकेर पनि प्रेम छुटेर नगएकोले त्यही घरमै बस्नेगरी गोरूयोनिमा रहन पुग्यो। त्यो बाच्छो गोरूले पनि ती आइमाईलाई पछ्याउँदै हिँड्ने गर्‍यो। त्यसरी पछ्याइरहेको देख्दा मानिसहरूले "गोठाला निस्किने; गोरूहरूलाई कहाँ गएर चर्ने होला" भनी जिस्क्याउन थाले। ती आइमाईले त्यो गोरुलाई पनि मार्न लगाइन् र प्रत्येक योनिमा रहँदा पनि आफ्नी पहिलो जन्मकी स्वास्नीप्रति प्रीति छोड्न नसक्दा त्यसले गोरूजन्मबाट मरण भएर त्यही मनुष्यजन्मकै स्वास्नीकै गर्भमा प्रतिसन्धि ग्रहण गरी मानिस हुनपुग्यो।

अघिको चार चार जन्मसम्म ती आइमाईको जालझेलबाट मर्नु परेकोलाई फेरि स्मरण गर्न सक्ने जातिस्मरणज्ञान लाभ भइरहेकोले "यस्ती शत्रु आइमाईको गर्भमै जन्म लिनुपरेको कस्तो दुर्भाग्य होला" भनेर विमर्शन गरी अति नै दु:खी दुर्मन भएर बस्नुपर्‍यो। तसर्थ जन्मेपछि ती शत्रु आइमाईको हातले समेत आफुलाई छुनदिँदैनथ्यो। "मेरो छोरो" भनेर ती आइमाईले हातले छोयो कि समायो कि बच्चाचाँहि जोडतोडले रून्ने गर्दथ्यो।

त्यसैले त्यो बच्चालाई हजुरबाले लालनपालन गर्नुपरेको थियो। कुरा गर्नसक्ने उमेरमा पुग्नलाग्दा उसको हजुरबाले "मेरो नाति, तिम्री आमाले छुने बेलामा तिमी किन रून्छौ हँ ?" भनी सोध्यो। "यी आइमाई मेरी आमा होइनन्, चार चार जन्मसम्म मलाई मारिरहने शत्रु हो" भनेर भनिसकेपछि सम्पूर्ण घटनाको बेलिविस्तार लगाई बताइदियो। त्यसबेला हजुरबाले त्यो बच्चालाई कस्सिएर अँगालो हाली रूँदै "आऊ बाबु, मेरो नाति, हामीहरू यहाँ बसेर काम छैन" भनेर त्यो बच्चालाई साथमा लिएर घरबाट



Downloaded from http://dhamma.digital

निस्क्यो । ती दुबै एउटा विहारमा गई श्रामणेर र भिक्षु बने । बाजे र नाति दुबै त्यसै विहारमा बसी भावनाधर्म उद्योग र अभ्यास गरेर अरहत्तफलसम्ममा पुगी अरहन्त भएर गए ।

यो कथावस्तुमा भन्न खोजेको तात्पर्य हो ... ... स्नेहासक्त हुने तृष्णाको कारणले स्नेहासक्त भई बारबार जन्मनुपर्छ । त्यो "**पोनोभविका** = तृष्णाले फेरि नयाँ जन्मलाई उत्पादन गर्छ" भन्ने कुरालाई प्रकाश पार्ने एउटा कथानक नै हो । तैपनि त्यो सर्प भएर, कुकुर भएर, गोरु भएर भयंकर दुर्दशापूर्णरूपमा मृत्यु भएर आउनुपरेको व्यक्ति मानिस भएर जन्मेको अन्तिम जन्ममा त अरहन्त भएर गएको कारणले नयाँ जन्मलाई उत्पादन गर्नसक्ने तृष्णाबाट विमुक्त भइगयो । तसर्थ त्यसपछि नयाँ जन्म लिन नपर्ने भइकन सम्पूर्ण दुःखबाट मुक्त भएर गयो । त्यसरी सम्पूर्ण दुःख शान्त हुनेगरी संवेग धारण गरी विपश्यना भावनाधर्मलाई उद्योग र अभ्यासगर्नु अत्यन्त उत्तम छ ।

पालिअट्ठकथा वाङ्मयहरूमा उल्लिखित कथानकहरू भनिरहनु पऱ्यो भने त त्यसको अन्त नै हुनसक्तैन । त्यसैले यस्ताहरूलाई यत्तिकैले विश्राम दिलाई अब आधुनिक युगका वर्तमान कथानकहरूतिर अगाडि बढ्नु उपयुक्त ठानिएको छ ।

## धर्मकथिक सयादो

मैले मोलमिन्को ताउँवाइँ ताइक् च्याउँमा ब.सं. १२९१ देखि १३०३ बु.सं. सम्म बसोबास गरेर आएँ । त्यसबेलामा मोलमिन् शहरमा ख्यातिप्राप्त एकजना धर्मकथिक महास्थविर सयादो हुनुहुन्थ्यो । एकजना वकिल उपासक परलोक भएको हुँदा तेह्रौं दिनको भोजन दानप्रदान गरेको बेला वहाँ महास्थविर सयादोले भुक्तानुमोदन उपदेश दिनुभएको थियो ।

(**अधुवं मे जीवितं; धुवं मे मरणं**) **मे** = मेरो; **जीवितं** = जीवित रहनु; **अधुवं** = नित्य छैन; **मे** = मेरो; **मरणं** = मृत्यु हुनु; **धुवं** = निश्चित छ । (**अवस्सं मया मरितब्बमेव** = मेरो मरण हुनु अवश्यम्भावी छ ।) **मे** = मेरो; **जीवितं** = जीवित रहनु; **मरणपरियोसानं** = मरण नै अन्त रहेको छ । (**जीवितमेव अनियतं; मरणं नियतं**) **जीवितमेव** = जीवित र हनुमात्र; **अनियतं** = निश्चित छैन; **मरणं** = मृत्यु हुनु त; **नियतं** = निश्चित छ भन्ने यो मरणस्मृतिभावनाकथनलाई पृष्ठभूमि बनाएर उपदेश



Downloaded from http://dhamma.digital

दिनुभयो। त्यसबेलामा म पनि त्यो दानकार्यक्रममा सम्मिलित भएकोले सुन्न पाइएको थियो।

त्यसपछि एक हप्ता नपुग्दै केही दिनभित्र वहाँ धर्मकथिक महास्थविर सयादो परलोक हुनुभएको कुरा सुन्नमा आयो। त्यसरी परलोक हुनुभएको बेला वहाँले उपदेश गर्नुभएको मरणस्मृतिभावनाधर्म सम्झेर परलोक हुनुभयो नै होला भनी मैले विचार गरें। परलोक हुनुको कारण बदमासहरूले खुकुरीले हानी मारेर गएको भन्ने कुरा सुन्नमा आयो।

त्यसपछि ३ वर्ष बित्दा म्यइत् अञ्चलमा एउटा बालक देखापर्न आयो। मोलमिन् शहरमा उसको विहार छ; "त्यहाँ लिएर जाऊ" भनी कर गर्न लागेकोले त्यो बच्चाका आमाबाबुहरूले त्यहाँ पुऱ्याउन गए। ऊ परलोक भएर गएको विहारमा पुग्दाखेरि उसले अघिल्लो जन्ममा त्यो विहार उसैको अधीनमा भएको आदि कुराहरूलाई उसले सबै बताउन सक्थ्यो। बताएजति जम्मै पनि सही नै हुन्थ्यो। त्यहाँका छिमेकी सयादोहरूलाई पनि पहिलेका कुराहरू बताएर उस बेलाका नाउँहरू बोलाउने गरेजस्तै पनि सोही नाउँबाट उसले बोलाइरहे।

वहाँ सयादोसित घनिष्ठ सम्बन्ध भएको कप्पिय उपासक एकजनाको नाउँ उल्लेख गरेर सोधनी हुँदा भने त्यो बच्चाले "डराउँछु, डराउँछु" भन्नलाग्यो। "किन डराएको नि ?"भनेर सोध्दा अरू व्यक्तिहरूसँगै त्यसले आफूलाई खुकुरीले हानी मारेको कुरा; उनी भागेर गई नदीको घाटमा पुग्दा एउटा जहाज भेट्टाई त्यसै जहाजमा चढी गएको कुरा म्यइत् समुद्र किनारको एउटा गाउँमा पुग्दा अहिले वर्तमानका आफ्ना आमाबाबुको घरमा पसेर बसेका कुराहरू त्यो बच्चाले बतायो।

त्यसमा विहारबाट भागेर गएको, घाटमा पुग्दा जहाज भेट्टाइएको र त्यही जहाजमा चढी गएको वर्तमानमा उसका आमाबाबुको घरमा पसेर बसेको प्रक्रिया त मरणासन्न अवस्थामा देखापरेको गतिनिमित्तहरू नै थिए। यो कथानक पनि तृष्णाले नयाँ जन्मलाई उत्पन्न गराउँछ भन्नेसित सम्बन्ध राखी विशेष याद राख्नयोग्य एउटा विषयवस्तु नै हो।

# चालीस रूपैंयाको लागि भैंसी बन्नुपऱ्यो

मउँय्व जिल्लाको एउटा शहरमा पैसा सापटी दिएर आर्थिक आर्जन गर्ने एकजना मान्छे ब्रिटिश कालीनको थियो। त्यो मान्छेले एकजना



Downloaded from http://dhamma.digital

कृषकबाट ऋण पूर्ति मागे। कृषकले ऋण चुक्ता गरिसकेको कुरा भन्यो। "ऋण दिने साहूले ऋण चुक्ता भइनसकेको र चुक्ता गर्नुपर्‍यो" भनी बार बार भनिरहेकोले अन्त्यमा गएर "ऋण तिरिसकेर पनि फेरि नतिरेको भनी मागेको भएमा त्यो फेरि तिरेको रूपैंया ४० को निमित्त तिम्रै घरमा म भैंसी भएर जन्मनुपरोस्" भनी क्रियाहाली जवरजस्ती मागिनै रहे। त्यसो हुँदा गरिब कृषकले जानिजानिकनै फेरि ४० रूपैंया तिरिदिए।

अनि त्यो ऋणदिने साहूको मरणोपरान्त त्यो दुईचोटी ऋणतिर्ने कृषककै घरमा एउटा बच्चा भैंसी भएर जन्मियो। त्यो भैंसीको बच्चालाई आफ्नो साहूबाट नै भैंसी भएर जन्मन आएको धारणा राखी त्यो गरिब कृषकले आफ्नो साहूलाई पहिले बोलाउने गरेजस्तै गरी त्यो भैंसीलाई "साहुजी, साहुजी , आउं" भनी बोलाएर हेरे। त्यसरी बोलाउँदा त्यो भैंसीको बच्चा आयो रे। त्यसैले त्यो कृषकले आफ्नो ऋणदाता साहू उनले क्रियाखाएअनुसार आफ्नो घरमा भैंसी भै जन्मन आयो भन्ने विश्वास राख्यो। त्यसबेला परलोक भएर गएको भैंसीउपर त्यस साहूकी छोरीले आफ्नो बाबुको इज्जत लिने गरी त्यसरी भनेको हो भनी अदालतमा मुद्दा हालिन्।

अदालतमा न्यायाधीशले भैंसीको बच्चासहित वादी प्रतिवादी, साक्षी सबै बोलाई परीक्षण गरे। कृषकले साहूलाई "साहूजी" भनेर बोलाउने बानी भएअनुसार बच्चा भैंसीलाई "साहूजी आउनुस्" भनी बोलाउँदा बच्चा भैंसी त्यो मान्छेकहाँ गयो। साहूकी छोरीले आफ्नो बाबुलाई "शीशी" भनी अघिपछि बोलाउनेजस्तै त्यस बच्चाभैंसीलाई "शीशी आउनुस्" भनी बोलाउँदा उनी पनि बोलाउने महिलातिर आइन्। तब न्यायाधीशले "कृषकले सीधा तरिकाबाट नै भनेको हो" भनी विश्वास राखी मुद्दा खारेज गरिदिए।

यो कथानकले मनुष्यजन्मपछि भैंसी भई जन्मनुपरेको कुरा विश्वसनीय हुन आएको देखिन्छ। तसर्थ तृष्णाले नयाँ जन्म उत्पन्न गर्दछ भन्ने कुरालाई पुष्टि गर्नुका साथै जथाभावी क्रिया खाँदा क्रियाखाएअनुसारनै दुःख भोग्नुपर्दो रहेछ भन्ने कुराप्रति सजग रहनु जरूरी छ।

## ङञ्वःको एक कुरुवा चामल

ताउँत्वँय्जी शहरको उत्तर पश्चिमतिर १० माइलजति टाढाको ठाउँमा छ्याउँय्व नाउँको गाउँ छ। त्यहाँ ४०० जति घरहरू छन्। त्यस



Downloaded from http://dhamma.digital

गाउँमा ङ्ञ्व: र भाछ्चाइँ नाउँ भएका साथीभाइ दुईजना पानसुपारी बोकेर बेच्नजाने काम गर्थे । एक दिन पान बेच्ने कामबाट फर्किरहेको बेला भाछ्चाइँसँग चामल सकिसकेकोले ङ्ञ्वसँग एक कुरूवा चामल सापटी लिई पकाएर खानुपरेको थियो । त्यसरी खाना खाइसकेपछि राती चन्द्रमाको प्रकाशमा घर फर्किरहेको अवस्थामा बाटोमा सर्पको टोकाइले भाछ्चाइँको मृत्यु हुनपुग्यो । त्यसबेला तिनीहरूको उमेर २० वर्ष नाघेको जस्तोमात्र देखिन्थ्यो । साल वर्षको हिसाबले ब.सं. १२७० र १२८० भित्रको हुनुपर्छ ।

भाछ्चाइँ मरेर ङ्ञ्वको घरमा कुखुरा भई जन्मन पुग्यो । एक कुरूवा सापटी चामलप्रति आसक्त भई भाछ्चाइँ मरेर गएको जस्तो देखिन्छ । त्यो कुखुरा लडाइने कुखुरा भएको ले ङ्ञ्वले अरूहरूको कुखुरासित लडाउने गर्न थाल्यो । ३-३ पटकको लडाईमा त्यसको जीत भयो । चौथोपटकको लडाईमा चाहिँ उमेर पनि बढेको, बलशक्ति पनि कम भएको हुनाले ङ्ञ्वको कुखुरा हार्‍यो । अनि त ङ्ञ्वले हारेको मा रिसाएर आफ्नो कुखुरालाई दुबै खुट्टा समाती भुइँमा बजारिदियो । मर्नु न बाँच्नु बनाएर घरमा ल्याई पानीको घैंटो राख्ने ठाउँतिर फालिराख्यो । त्यो बेलामा ङ्ञ्वको गाईले त्यो कुखुरालाई सुँघेर गई ।

त्यो कुखराको मृत्युपछि ती गाईको गर्भमा प्रतिसन्धि ग्रहण गर्‍यो । जन्मने बेलामा बाच्छी भएर जन्मियो । ती बाच्छी केही ठूली भएर आएको बेला ङ्ञ्वका साथीहरूले ती बाच्छीलाई बर्मेली रूपैंया ४ को मोल थापी ङ्ञ्व सहितले मारेर खाइदिए । त्यसरी मारेर गाईको मासु काट्‌कुट् पारिरहँदा ताउँत्वँय्‌जीबाट एक दम्पती बहिदार बहिदारनी त्यस ठाउँमा आइपुगे । बहिदारनीको मनमा ती बाच्छीप्रति करूणा जागेर आयो "मेरो गाईमात्र भए मैले मार्नेछैन; उनी आफैं मरेर गइछ भने पनि त्यसको मासु खाने साहस ममा हुँदैन; जमीनमुनि गाडी संस्कार गर्छु" भनिन् ।

त्यसपछि बहिदारनीबाट एउटा बालकको जन्म भयो । ७-वर्षको उमेरसम्म पनि त्यस बच्चाको बोली फुटेन । बाबु बहिदारले "मेरो छोरो, बाबु तिमीले बोल्नू ; आज मेरो तलब पाउने दिन हो; बाबुको निमित्त राम्रा राम्रा लुगाहरू किनेर ल्याउँछु" भनी अफिस गयो । बेलुकी घर फर्कदा "ल हेर त, ई, यी राम्रा लुगाहरू बाबुको लागि हो; ल त बाबु बोल त ।" त्यतिबेला त्यो बच्चाले "ङ्ञ्वको एक कुरुवा चामल" भन्यो ।

संक्षिप्तमा बताइन्छ । त्यस दिनदेखि बुबा बहिदारले "हेर बाबु,



Downloaded from http://dhamma.digital

कुरामात्र गर; एक कुरुवामात्र होइन; एकबोरा चामल नै ऋण तिरिदिन्छु" भने । तब त्यस बच्चाले भन्यो "उसो भए चामलको बोरालाई गाडामा हाल्नुस्; अहिले नै गएर ऋण तिरिहालौं । अनि एक बोरा चामल गाडामा राखी कुन बाटोतिर गाडा हाँक्नुपर्‍यो भनी सोध्यो । ताउँत्वँय्जी शहरबाट उत्तरतिर गाडा हाँक्न भनी बच्चाले भन्यो । त्यसपछि पनि बच्चाले भने बमोजिमको बाटो लागी गाडा हाँकेर जाँदा छ्याउँय्व गाउँ पुगेको बेला "यही त्यो गाउँ हो; गाउँभित्र पस्नुस् ; यो बाटोबाट गाडा हाँक्नुस्" आदि भनी बच्चाले निर्देशन दिँदै गयो । अन्तमा ङञ्वको घर पुग्दाखेरि "ल आइपुग्यो; यही हो घर" भनी बच्चाले भन्यो । त्यो ङञ्वको घर हो ? भनी त्यहाँका वयस्क व्यक्तिहरूलाई सोध्दा ङञ्वले हो भनी घरमाथिबाट ओर्लेर आयो । नजिक पुग्दा बच्चाले "हे ङञ्व मलाई चिन्दैछौ" भनी सोध्यो । त्यो कुरा सुन्दा "उसको बुबाको जस्तो उमेर भएको मलाई ङञ्व भनी बोलाउनुहुन्छ ?" भनेर ङञ्व एकदम रिसाउन लाग्यो । अनि त बहिदारले तपाइँ न रिसाउनुस्; यो बच्चाले बोलेको मा विशेष कारण छ" भनिसके पछि माफी पनि माग्नुपरेको थियो ।

घरको माथि पुग्दा बच्चाले "हे ङञ्व, तिमीले मलाई चिनेनौ कि क्या हो ? पहिले तिमी र म पानसुपारी बोकी बिक्री गर्ने गथ्यौं । मैले तिमीबाट एक कुरूवा चामल सापटी लिएको थिएँ । त्यो ऋण नतिर्दा मैले सर्पको टोकाइले मर्नुपर्‍यो । अनि तिम्रो घरमा कुखुरा भएर जन्मनुपर्‍यो । लडाईमा ३-३ पल्ट मैले जित्ने गरी जुधें । चौथोपटकमा प्रतिपक्षी कुखुरा मभन्दा बलियो भएको ले मैले हार्नुपर्‍यो । मैले हारेको मा तिमीले रिसाएर भुईंमा बजारेर मलाई मारिदियौं । न मर्नु न बाँच्नु गरी मिल्काइराखेको बेला गाई आई मलाई सुँघ्यो । मैले ती गाईको गर्भमा बास गरी बाच्छी भई जन्मनुपर्‍यो । भर्खरको उमेरमा पुग्दा तिमीहरूले मलाई काटेर खाइदियौ । त्यो बेला यी बहिदार बहिदारनी बुबा र मुमाले मेरो नजिकमा आई करुणाले भरेको कुरा गरेर गए । बाच्छीको जन्मबाट मृत्यु हुँदा यी आमाबुबाहरूको छोरो भई जन्मन पुगेको छु । अब एक कुरुवा चामलको ऋण तिर्न आएको हूँ" भन्यो । उनले भनेका जम्मै कुरा सत्य नै रह्यो ।

तसर्थ ङञ्व:लाई आफूले गरेर आएका क्रियाकलापहरूको विचार गरी अति नै अपशोच हुन लागेको ले उसले एकदम विलाप गर्नथाल्यो । यी घटनाहरूलाई ङञ्व: आफैले येसच्य्व नगरको ऊ भात्वँय्लाई ब.सं. १३१३ तिर बताएको कुरा जान्नमा आएको हो । तैपनि पहिलो



Downloaded from http://dhamma.digital

संस्करणमा पूर्वउत्तर, छ्याउँछ्उँ गाउँ; काजी भनेर रहेको मा ताउँत्वँय्जी नगरको ऊ. भातइँको खोजिनितिद्वारा फेला परेअनुसार दोस्रो संस्करणमा उत्तर पश्चिम छ्याउँय्व गाउँ, भाछाइँ भनेर संशोधन गरिराखेको छ ।

यो कथानकले जनाउन खोजेको कुरा तृष्णाबाट नअलग्गिएसम्म फेरि फेरि नयाँ नयाँ जन्महरूमा जन्मलिनुपर्दोरहेछ भन्ने हो ।

## भूत हुनुपर्ने, गोरु हुनुपर्ने, अहो भयानक !

१३०१ बू.सं. तिर मण्डले नगरको फयाजी ताइक्मा एकजना विद्यार्थी भिक्षु थियो । उसको नाउँ ऊ. आचिण्ण थियो । ऊ राम्रो रूपलावण्य भई गठिलो बदनको थियो । (उनको श्रद्धाधर्म राम्रो थियो । पिटक वाङ्मय उ प्रयत्नको साथ पढ्ने गर्थ्यो । त्यो ऊ. आचिण्णले एक दिन पात्र धुँदै “आवुसो साथीहरू, होश राख, अरूहरूले दिएको भोजन सेवन गरी राम्ररी आचरण गरेर बस्ने गर, म त ३- जन्मसम्म यस्ता कुरामा आफ्नै अनुभव भएको कारणले विशेष होश राखेर बस्ने गर्दछु” आदि भनी सँगै बस्ने भिक्षुहरूलाई भन्ने गर्थ्यो ।

त्यसरी भनेको बेलामा उसको घटना जान्न चाहेकोले एकजना भिक्षुले त्यसबारे सोध्यो त्यसबेला उसले यसरी भन्यो– “उनी मनुष्यजन्मबाट मरण भई राक्षसनी भएकी थिइन् । त्यो बेला ऊ खाना पनि अपुरो, बस्ने ठाउँ राम्रो नभएको ले यत्रतत्र घुमिरहनुपर्दा उनले अति नै दु:ख पाएकी थिइन् । त्यस जन्मबाट मृत्यु भएर गोरु भएर जन्मनुपऱ्यो । त्यस जन्ममा एकैसाथ गाडा तान्नुपर्ने अर्को गोरुसँगै एउटै थलोमा खाना खानुपर्दथ्यो । एकैसाथ खाना खाँदा अर्को गोरुको नाकबाट अति गन्हाउने सिंगान निस्किरहने भएको ले असह्य भई त्यो गोरुलाई (मैले) हान्ने गर्थे । त्यसरी हान्दा मालिकले (मलाई) लट्ठीले हिर्काउँथ्यो बारबार हान्थें; प्रत्येकबार हिर्काएको सहनुपर्थ्यो । त्यस गोरूजन्मबाट मृत्यु भएर यो जन्ममा आइपुगेको हूं । तसर्थ संवेग लाभ भई भिक्षु भएर आएको घटना व्यक्त गरेको हूं । त्यसरी बताउँदा त्यो भिक्षुको भिक्षुवास ९-१० वर्षको भइसकेको थियो भन्ने बुझिन्छ ।

यो कथानकले पनि तृष्णा रहिरहेमा नयाँ जन्म लिनुपर्दछ भनी देखाउन खोजिएको हो । अनि फेरि राक्षस, भूत हुनुपर्ने पनि डरलाग्दो भएको अनि गोरुहरूले कुरा गर्न नजानेको ले उनीहरूको कठिनाइहरू मानिसहरूलाई



Downloaded from http://dhamma.digital

जनाउन नसक्नाले मानिसहरूको यातना भोगिरहनुपर्ने पनि डरलाग्दो भएका कुराहरू संवेजनीय रहेको छ ।

## गोरु, कुकुर भइसकेर फेरि मानिस

१३१० ब.सं. तिर मउँय्वा जिल्लाको एउटा गाउँको विहारको भिक्षुलाई एकजना विद्रोही अफिसरले उसको चेलो सिपाहीलाई यातना दियो भनी बन्दूकले हानी मारिदियो । यो भिक्षु पुन: मनुष्य जन्ममा आइपुगी भिक्षु भएर रहेको थियो । उनी सरकारी धार्मिक परीक्षामा समेत केही श्रेणीहरूमा पास गरिसकेको बुझिन्छ । त्यस भिक्षुले बन्दूकको गोलीले मर्नुपरेको बेलामा गोरुयोनी मा जन्मिएको, त्यसपछि कुकुर भएर जन्मनुपरेको; त्यसपछि फेरि मानिस-जन्ममा आइपुगेको घटना बताएको थियो । त्यो भिक्षु बन्दूकधारीहरूलाई देखेर अति नै तर्सन्थ्यो ।

यस कथानकमा भिक्षु जीवनबाट गोरु हुनुपरेको; कुकुर हुनुपरेको भन्दाखेरि असाध्य तल्लो अवस्थाका हीन र नीच अवस्थाको भनी सोच्नुपर्ने स्थिति छ । तृष्णामुक्त नभएमा प्राणीले त्यो भन्दा पनि तल्लो योनिमा जन्मिन सक्छ भनिन्छ । बुद्धकालीन अवस्थामा "आयुष्मान् तिस्स नामक भिक्षु जुम्रा भई जन्मन पुगेको थियो । तसर्थ तृष्णाबाट मुक्त नहुने सबै दृष्टि र विचिकित्सा रहिरहेमा त्यस किसिमका योनिहरूमा जन्मिनुपर्ने भएको कुरालाई जानी तृष्णारहित हुनुञ्जेलसम्म उद्योग गर्नुपर्ने आवश्यक देखिन्छ । कमसेकम मिथ्यादृष्टि र विचिकित्सारहित हुनेगरी उद्योग गर्नुपर्दछ ।

## छेपारोयोनिमा समेत जन्मनुपर्दछ !

१३२३ ब.सं. तिर दायकऊ शहर नजिक फआउँवये नामक गाउँमा एकजना अचम्मलाग्दो केटो देखापर्नआयो । त्यो केटोले दाइक्ऊको दक्षिणतिर २ माइलजति टाढापर्ने य्वावाइँजीको भिक्षु भएको कुरा बतायो रे ! कण्ठस्थ गरी सम्झिराख्ने विशेष ज्ञान भएको उनीलाई पहिले बसेर आएको भन्ने विहारमा लैजाँदा त्यस विहारका चीजवस्तुहरू सबै उसले चिन्यो । कुन वस्तु



Downloaded from http://dhamma.digital

कसले दान दिएको आदि कुरासमेत उनले बताए। उनले भनेका सबै कुरा सही नै थियो रे ! त्यस भिक्षुजीवनबाट परलोक भएर गएको बेलामा त्यही विहारमै छेपारो भएर जन्मिनुपरेको थियो रे । त्यसबेला त्यो छेपारो विहारमा रहेको ताडको रूखबाट अर्को रूखमा चढ्दा तल खसी त्यसको खुट्टा भाँची-मर्नुपरेको थियो रे । मृत्यु हुँदा त्यो विहारको छेउमा खेती गर्ने फआउँवये गाउँ (फायँथये गाउँ) को कृषक (वर्तमान उनको बाबु) को गाडामा चढेर गई त्यही कृषकको घरमा घुसेर बसेको कुरा बतायो रे । त्यसमा गाडामा चढेर गइयो भनेको आदि त गतिनिमित्त देखिएको प्रक्रियाहरू नै भयो ।

यो कथानकले पनि तृष्णा रहिरहेमा त्यसरी नयाँ जन्महरू हुनसक्छन् र संवेग लिई त्यो तृष्णाबाट मुक्त हुनको लागि आठ मार्गाङ्गधर्मलाई वृद्धि गर्नुपर्दछ भन्ने कुरा देखाउँछ । यस्ता वर्तमानका कथानकहरू उल्लेख गरेर देखाउनुपरेको कारण आजकाल कसै कसैले पुनर्जन्म छैन भनी भन्ने गरेकाले हो । कुनै कुनै कुराचाहिँ भिन्स्योल गर्न नसक्ने पनि भइराखे छ । ग्रन्थ वाङ्मयहरू प्रत्यक्षरूपमा रहिरहेको भएपनि कसै कसैले यस्ता कुरालाई अघि अघि लेखिराखेका मात्र हुन् भनी त्यस्ता कुरामा गम्भीररूपमा विश्वास नगर्ने भइराखेका छन् । तसर्थ कर्म, कर्मफल तथा पुनर्जन्मलाई विश्वासगर्ने श्रद्धाधर्म उत्पन्नगरी दृढता दिलाउने उद्देश्य राखी यस्ता कुरा उल्लेख गरिएका हुन् । प्रमाण दर्शाउन सकिने यस्ता कथानकहरू थुप्रै नै बाकी छन् तर यतिले नै उद्देश्य पूरा भइहाल्ने हुन्छ भन्ने लागेको छ ।

Dhamma.Digital

# जस्तोसुकै कुशलताले पनि सपार्न नसकिने अकुशल ४-कर्म

कर्मको फल दिने क्रमको हिसाबले कर्म गरुककर्म, बहुलकर्म, आसन्न (नजिकको) कर्म, कटत्ताकर्म भनी ४ प्रकारका छन् । गरुककर्म भनेको अकुशलकर्मको रूपमा मातृघातक, पितृघातक, अरहन्तघातक, लोहितुत्पादक, संघभेदक गरी पाँचवटा महाकर्म हुन् । कुशलकर्मको रूपमा त रूप र अरूप कुशलकर्महरू नै हुन् । यो गरूककर्म रहिरहेमा अन्य कर्मले प्रतिफल दिन सक्तैन । यही गरूककर्मले नै नयाँ जन्मको प्रतिफल दिन्छ । ती



Downloaded from http://dhamma.digital

गरुककर्महरूमध्ये रूप, अरूपध्यान कुशल नामक गरुककर्महरू रहिरहेमा ती ध्यानकुशलकर्मले नै नयाँ रूपभव, अरूपभवलाई उत्पन्न गराउँनेछ। त्यस ध्यानकर्मको विषयलाई केही समयपछि मात्र भनिनेछ।

ठूला अकुशल गरुककर्महरू रहिरहेको व्यक्तिमा ध्यान, मार्ग, फल विशिष्टधर्महरू उपलब्ध हुन सक्तैनन्। मरणोपरान्त पनि त्यही अकुशल गरुककर्मले नै अपायभवलाई उत्पन्न गराउँनेछ। त्यसैले ती ठूला कर्महरूलाई "पञ्चानन्तरियकर्म" पनि भन्दछन्। "मरणोपरान्त निश्चय नै अपायभवतिर पुऱ्याउनसक्ने पाँच ठूला कर्म भन्ने यसको तात्पर्य हो। ती पाँचमध्ये मातृघातककर्म भनेको आफ्नै आमालाई हत्यागर्ने कर्म हो। पितृघातककर्म भनेको आफ्नै बुबालाई हत्यागर्ने कर्म हो। त्यसरी हत्या गर्दा आफ्नै आमाबाबु हुन् भनी जानेर हत्या गरेका होऊन् वा नजानी शत्रु सम्झेर हत्या गरेका होऊन् आफ्नै आमाबाबुहरू मरेर गएमा मातृघातककर्म, पितृघातककर्मफल लागिनै हाल्छ। त्यस व्यक्तिले यस जन्ममा ध्यान, मार्ग, फलधर्म प्राप्तगर्न सक्तैन। मरणोपरान्त पनि निश्चयमेव अपायमा पुगिनै हाल्नेछ। त्यस्तालाई कुनै किसिमको कुशलकर्मले पनि उद्धारगर्न सक्तैन। यो कुरा राजा अजातशत्रुको कथावस्तुद्वारा जान्न सकिन्छ।

## राजा अजातशत्रुको कथावस्तु

राजा अजातशत्रु भनेको मगध राष्ट्रको राजगृह नगरमा राजधानी खडागरी बस्ने बिम्बिसार महाराजको छोरो भएको कुरा धेरैलाई थाहाभइसकेको छ। वहाँ बिम्बिसार महाराज भनेको सामान्य व्यक्ति होइन। भगवान् बुद्ध सर्वप्रथम राजगृहनगरमा पदार्पण गर्नुहुँदा एक लाख बीस हजार परिषद्का साथ बुद्धको स्वागत गर्नगई वहाँको उपदेश सुनेर श्रोतापन्न हुनुभएको थियो। वेलुवन नामक उद्यानलाई पनि विहारको रूपमा बसोबास गर्न भगवान् बुद्धलाई प्रदान गर्नुभएको थियो। तसर्थ वहाँ भगवान् बुद्धको विहारदाता एवं चतुप्रत्ययदाता पनि हुनुहुन्थ्यो। आफ्नो छोरालाई अजातशत्रु भनी नामाकरण गरेको त जन्मनुभन्दा अघिदेखि महाराजको शत्रु हुनेछ भनी भविष्यद् व्याकरण गरिराखेको हुनाले हो।

त्यसो भएको प्रक्रिया त - वहाँ राजकुमार गर्भमा रहँदा मुमा बडामहारानीलाई महाराजको दायाँ पाखुराको रगत पिउन दुर्हृद भएको



Downloaded from http://dhamma.digital

थियो । तर बडामहारानीले अति नै भारयुक्त अनुचित भएको कुरा भन्नु योग्य छैन भन्ने धारणा राखी गोप्य गरिराखेकी थिइन् र जबर्जस्त सहिराखेकी थिइन् । कुरा लुकाइराख्दा बिस्तारबिस्तारै महारानी दुब्लाउँदै गइन् । तिनी दुब्लाएको कारण महाराजले सोधे । "त्यो कुरा सोध्न निषेध गरी महारानीले नभनिकनै रहन लागिन् ।" तिमीले मलाई समेत भनिनौ भने कसलाई भन्ने" भनी राजाबाट सोधनी हुँदा मात्र बाध्यतावश त्यस कुरालाई उल्लेख गरी मनको कुरा भन्नुपरेको थियो ।

त्यसरी भनेको कुरा सुनी राजाले भने, "दुर्बुद्धिनी, यस्तो विषयमा गाऱ्हो हुन्छ भनी किन सोचिरहेकी, मेरो लागि यो कुनै गाऱ्हो कुरा होइन" । यति भनी वैद्यराजलाई बोलाउन लगाई आफ्नो पाखुराको रगत झिक्न लगाई पानीसँग मिलाई पिउन लगायो । त्यो कुरालाई सुनेर भविष्यद्वाणी गर्ने व्यक्तिहरूले "महारानीको गर्भमा रहेको बच्चा महाराजको शत्रु हुनेछ र महाराजलाई मार्नेछ" भनी भविष्यवाणी गरे । त्यसै कारणले ती राजकुमारलाई "अजातशत्रु" भनियो । **अजात** = जन्मनुभन्दा अघिदेखि, **सत्तु** = महाराजको शत्रु, यी दुई पद जोड्दा "जन्मनुभन्दा अगाडिदेखि शत्रु रहेको" भन्ने तात्पर्य हुनआउँछ । **अजातसत्तु** भन्ने पालिशब्दलाई "अजातशत्रु" भनी संस्कृतभाषान्तरण गरिराखिएको हो ।

महारानीले आफ्नो गर्भमा रहेको बच्चाले जन्मेपछि महाराजको हत्यागर्ने छ भनी गर्भपतन गर्न चिन्तन गरी उद्यानमा गइगइकन पेटमा थिच्न लगाएकी थिइन् । तैपनि महाराजको कर्म र वहाँको कारण कर्मको बलशक्ति शक्तिमान भइरहेको हुँदा गर्भपतन भएन । महारानीले उद्यानमा गइगइकन गर्भपतन हुनेगरी पेट थिच्न लगाएको कुरा महाराजले थाहापाएपछि महारानीको पेटमा रहेको बच्चा छोरो हो वा छोरी भन्ने निश्चितरूपमा नजानिकनै यसो गर्दा दुनियामा नराम्रो खबर फैलने जानेछ भनी महारानीलाई त्यसो गर्न निषेध गरे । त्यसो गर्न नपाउन् भनी आरक्षण पनि दिइराखे । त्यसप्रकारले जन्मिएर उमेरदार भएको राजकुमार अजातशत्रुलाई युवराजपदवी समेत दिइराखेका थिए ।

आयुष्मान् देवदत्तको कुरा त धेरैजसोले सुनिराखेकै कुरा हो । देवदत्तले राजकुमार अजातशत्रुलाई यसरी ऋद्धिचमत्कार देखाएका थिए कि आफ्नो शरीरलाई अभिज्ञा ऋद्धिशक्तिद्धारा माणवकको रूप सृजना गरी आफ्नो कम्मरमा सर्पले बेरी राजकुमार अजातशत्रुको काखमा गएर बसे । त्यसबेला राजकुमार अजातशत्रु अत्यन्त भयभीत अनि त्रसित भए । त्यस



Downloaded from http://dhamma.digital

अवस्थामा आयुष्मान् देवदत्तले राजकुमारलाई डरायौ कि, भनी सोधे । "डराएँ नि त, तिमी को हौ ?" राजकुमारले भने । "म भिक्षु देवदत्त हूं," "आयुष्मान् देवदत्त हुनुहुन्छ भने भिक्षुभेषमै किन रहनुभएन त ?" तब राजकुमारको अगाडि आयुष्मान् देवदत्त भिक्षुभेषमा प्रकृतिअनुसार उभिए । त्यसरी ऋद्धिचमत्कार देखेको भएर अजातशत्रुले आयुष्मान देवदत्तप्रति अत्यन्त श्रद्धाराख्ने भए ।

मानिसहरूलाई ऋद्धिचमत्कारको प्रदर्शन असाध्य मनपर्छ । वर्तमान् युगमा विद्याधर, गणआचार्यहरूले कुनै विशिष्ट घटना जस्तो देखाएपनि अत्यन्त विश्वास गर्नसक्तछन् । एक न एक अदृश्य दर्शनस्वभावलाई जान्ने सुन्ने बित्तिक्कै अति नै श्रद्धा विभोर हुनजान्छन् । त्यसैले राजकुमार अजातशत्रु आयुष्मान देवदत्तप्रति अत्यन्त विश्वस्त भई प्रत्येक बिहान र बेलुकी एकपटक पाँच सय रथ परिवारसहित आयुष्मान् देवदत्तकहाँ उपसंक्रमण गर्न जान्थे । वास्तवमा यो अववाद ग्रहणगर्ने भाव नै हो । त्यसरी घनिष्ठ भएर उपसंक्रमण गर्दा एक दिन आयुष्मान देवदत्तले यसरी अववाद दिएका थिए ।

**कुमार** = राजकुमार; **पुब्बे** = अघिको समयमा; **मनुस्सा** = मानिसहरू; **दीघायुका** = दीर्घायु हुन्थे; **एतरहि** = अहिले त; **अप्पायुका** = अल्पायु छन् (अल्पायु भएकोले तिम्रो बुबा स्वर्गारोहण भइकन मात्र राजा हुने हो भने बुढो हुनुपर्नेछ ; (सुख ऐश्वर्य भोगको समय नै नरहेजस्तो हुनेछ भन्ने भाव हो ।) **तेन हि** = त्यसकारण; **कुमार**=राजकुमार; **त्वं** = तिमीले, **पितरं हन्त्वा** = बुबा महाराजको हत्या गरी; **राजा होहि** = राजा बन; **अहं** = मैले; **भगवन्तं** = भगवान् बुद्धलाई; **हन्त्वा** = हत्या गरी; **बुद्धो** = बुद्ध; **भविस्सामि** = हुनेछु; तिमी बुबा महाराजलाई हत्या गरी राजा बन; म पनि बुद्धको हत्या गरी बुद्ध बन्नेछु भनी अववाद दिएथे रे । (दी.द्व.१-१२४)

यो अति नै भयावह अववाद भयो । बालमूर्खले यस्तो अनुचित अववाद दिने गर्छ । प्रत्यक्ष वर्तमानमा सुखसमृद्धिको निर्देशन दिएको हुनाले मूर्खहरूले यस्ता कुरा स्वभावसङ्गत छ भनी सम्झने नै भयो । वर्तमान युगमा पनि भविष्यसंसारलाई बिल्कुल तिरस्कारगरी प्रत्यक्ष परिणामलाई मात्र विश्वास गर्नेहरूले यस्तो सिद्धान्तलाई समर्थनगर्न चाहन्छन् । त्यसैले त आधुनिक युगमा यस्तो अववाद दिने व्यक्तिले अववाद दिँदा त्यस्तामा विश्वासगर्ने व्यक्ति खडा भएर यहाँ नयाँ अजातशत्रुहरू प्रकट भइरहेका हुन् ।

राजकुमार अजातशत्रुले त कुशलकर्म अकुशलकर्म र भविष्य



Downloaded from http://dhamma.digital

संसारलाई अस्वीकार नगरी विश्वास गरेका थिए। त्यसैले आफ्नो बुबालाई शस्त्रप्रहारद्वारा मार्नुहुँदैन भनी उनले गुरु देवदत्तसँग सोधेका थिए। यति हुँदा पनि उनले आयुष्मान् देवदत्तले नजानेको केही छैन; सबै जानेको छ भनी उनीप्रति विश्वास राखिरहेका थिए। तसर्थ उनले आयुष्मान् देवदत्तको अववाद मुताबिक बुबा महाराजको हत्यागर्ने प्रयास गरे। त्यसरी प्रयासगर्दा उनलाई शस्त्रसहित पक्राउ गरी महाराजसमक्ष प्रस्तुत गरियो। त्यसबेला, "पुत्र, मलाई किन मार्न चाहेको" भनी महाराजले सोधनी गरे। "राजा हुन चाहेकोले" राजकुमारले जवाफ दिए। महाराजले अजातशत्रुलाई नै राज्य दिए।

"राज्य समर्पण गर्नुमात्रले ढुक्क हुन सकिन्न। केही समय नबित्दै तिम्रो बुबाले पुनः राज्य लिनेछ; मूल नै चुँडिने गरी जरो नै काट्नुपर्दछ" भनी देवदत्तले पुनः निर्देशन दिए। तब अजातशत्रुले "बुबालाई शस्त्रले हत्या गर्नुहुदैन" भनी पहिलेभैँ नै सोधे। तब भोकैपारी हत्या गर्नुपर्छ भनी देवदत्तले निर्देशन दिए। त्यही निर्देशनअनुसार अतातशत्रुले बुबा महाराजलाई जेलमा थुने; मुमा महारानी एकजना बाहेक कोही जान नपाउने गरी राजाज्ञा जारी गरिदिए।

मुमा महारानी सुवर्णबट्टामा भोजन हाली काखी च्यापी महाराजकहाँ जेलमा प्रवेशगर्ने गरिन्। महाराजले महारानीद्वारा ल्याइएको त्यो भोजनको भरमा जिउनुपर्ने भयो। पछि त्यसरी भोजन लानुमा रोक लगाउने राजाज्ञा जारीगऱ्यो। महारानीले पनि आफ्नो चुल्ठोमा भोजनको बत्ता राखी जेलमा प्रवेश गर्न लागिन्। त्यसलाई पनि फेरि रोक लगाउँदा सुवर्ण पादुका (जुत्ता) भित्र राखी प्रवेश गर्न लागिन्। त्यसलाई पनि रोक लगाइए पछि श्रीखण्डपानीले सफासँग नुहाई शरीरमा चतुमधु दलेर प्रवेश गर्न लागिन्। महाराजले पनि महारानीको शरीरबाट चतुमधु जिब्रोले चाट्दै जीवन बिताउन लागे। त्यो कुरा पनि सुन्नमा आएपछि मुमा महारानीलाई समेत राजाकहाँ प्रवेशगर्न मनाही गर्ने राजाज्ञा जारी गरियो। त्यसबेला महारानीले प्रवेशगर्न अनुमति नपाउँदा जेलको ढोका अगाडि उभिएर अन्तिम वचन यसरी ओकल्न लागिन्।

**सामी बिम्बिसार** = भो स्वामी बिम्बिसार; **एतं** = यो मूर्ख छोरालाई; **दहरकाले** = सानो छँदा; **मारेतुं न अवासि** = तपाइँले मार्न अनुमति दिनुभएन; **अत्तनो सत्तुं** = आफ्नो शत्रुलाई; **अत्तनाव पोसेसि** = आफैले पाल्नुभयो; **दानि** = अब; **इदं** = यो तपाइँलाई दर्शन गर्नु; **ते** =



Downloaded from http://dhamma.digital

तपाइँ महाराजलाई; **पच्छिमदस्सनं** = अन्तिम दर्शन गर्नु हो; **इतो पट्ठाय** = अहिलेदेखि; **अहं** = मैले; **तुम्हे** = तपाइँ महाराजलाई; **पस्सितुं न लभामि** = दर्शन गर्न पाउनेछैन; **मय्हं दोसो** = मेरो दोष; **सचे अत्थि** = यदि छ भने; **खमथ देवाति** = महाराज, क्षमा गर्नुहोला भनी; **रोदित्वा कन्दित्वा** = रोदन क्रन्दन गरी; **निवत्ति** = फर्केर गइन् ।

यो महारानीले त्यसरी विलाप गरेर फर्केको कुरालाई बताइराखेको अट्ठकथा एउटा कथन नै भयो । गम्भीररूपमा विचारगरी हेरेको खण्डमा यो अति नै हृदयविदारक छ । त्यसदिनदेखि महाराजको खाद्य भोज्य छुट्टियो । तैपनि मार्गफलसुखद्वारा चंक्रमण गरिरहेको हुनाले सहजरूपमा नै उनको जीवन चलिरहेको थियो । चंक्रमणगरी जीवन यापन गरिरहेको छ भन्ने कुरा फेरि सुन्नमा आउँदा राजा अजातशत्रुले चंक्रमणगर्न निषेधगरी राजाज्ञा जारी गरियो ।

**मय्हं पितु** = मेरो बुबाज्यूको; **पादे** = पाइतलाहरूलाई; **खरेन फालित्वा** = छुराले चिरेर; **लोणतेलेन मक्खेत्वा** = नून मिसिएको तेल दलेर; **खदिरङ्गारेहि वीतच्चिकेहि पचथ**=धुँवा नभएको गोलको आगोले तापिदेऊ । यतिगर्न हुकुम दिई नापितहरूलाई पठाइदिए । (दी.ट्ठ.१.१२५)

नापितहरूले पनि राजा अजातशत्रुको हुकुमबमोजिम महाराजकहाँ गई दुबै पाइतलाहरूलाई छुराले पत्रपत्र चिरेर नून मिसेको तेल दलेर गोलको आगोले तापिदिए । महाराज बिम्बिसारको असह्य दुःखवेदनामा परी स्वर्गवास भयो । महाराज श्रोतापन्न हुनुभएको ले मरणासन्न अवस्थासम्म बुद्ध, धर्म र संघको गुण सम्झँदै च्युतिचित्त अवरोहण भई चतुर्महाराजिक देवभूमिमा जनवसभ नामक देवयक्षराज हुन पुग्नुभयो । त्यसमा पाइतला चिराउनुपरेको कारणलाई अट्ठकथा (दी.ट्ठ. १.१२६) मा यसरी दर्शाइराखेको पाइन्छ ।

**राजा** = बिम्बिसार महाराजले; **पुब्बे** = अतीतको एक जन्ममा; **चेतियङ्गणे** = चैत्यको प्राङ्गणमा; **सउपाहनो** = जुत्ता लगाई; **अगमासि किर** = जानुभएको थियो रे ! (यो पनि एउटा कारण भन्ने भाव हो । ) **निस्सज्जनत्थाय** (**भिक्खुसंघनिसीदनत्थाय**) **पञ्ञत्तकटसारकञ्च** = भिक्षुसंघहरू बस्नको निमित्त बिछ्याइराखेको सुकुललाई पनि; **अधोतेहि पादेहि** = न धोइएको खुट्टाहरूले; **अक्कमि किर** = कुल्चेको थियो रे !, **अयं** = यो पाइतलालाई छुराले चिराउनुपरेको; **तस्स** = त्यो चैत्यको प्राङ्गणमा जुत्ता लगाएर गएको, भिक्षुसंघहरू बस्नको लागि बिछ्याइराखेको सुकुललाई



Downloaded from http://dhamma.digital

नधोएको खुट्टाले कुल्चेर आउनु भन्ने अकुशलकर्मको; **निस्सन्दो किर** = पारम्परिक प्रतिफल भयो रे ! **इति** = यसरी; **वदन्ति** = पुराना आचार्यहरूले भनेका हुन् । (यो बुद्धवचन त होइन । पुराना आचार्यहरूको कथनमात्र हो भनेर सम्झनुपर्नेछ ।)

त्यस अवस्थामा बिम्बिसार महाराज ६७ वर्षजतिको उमेरमा पुगिसकेको थियो भनी धारणा राख्नुपर्दछ । यसरी धारणाराख्न सकिनुको कारण त राजा अजातशत्रुको राज्यारोहण भगवान् बुद्ध परिनिर्वाण हुनुभन्दा अगाडिको आठ वर्ष, परिनिर्वाण हुनुभइसकेपछि २४ वर्ष भनी दर्शाइराखेको छ । तसर्थ राजा अजातशत्रुले राज्यारोहण गरेको अवस्थामा भगवान् बुद्धको उमेर ७२ वर्षजति पुगेको हो भने जान्न पाइन्छ । बिम्बिसार राजा पनि भगवान् बुद्धभन्दा ५ वर्ष कान्छो छ भनिएको छ । त्यसैले वहाँको उमेर ६७ वर्ष भनी सम्झनुपर्दछ । ६७ वर्षभन्दा निक्कै नै बूढो भइसकेको थियो । वहाँको छोरो राजा अजातशत्रु पनि स्यानो उमेरको होइन होला । अनि फेरि राजा अजातशत्रु प्रकृतिस्वभावअनुसार बदमास खालको थिएन । अति राम्रो मनस्थिति भएको व्यक्ति थियो । त्यो बुबा महाराजप्रति अपराध गरिसकेर केही महिना नबित्दै बुद्धकहाँ उपसंक्रमण गरी आदरगौरवपूर्वक श्रद्धा राखेको प्रक्रिया, बुद्धको अस्थिधातुहरूलाई भव्यरूपले पूजागरी स्थापना गरेको प्रक्रिया, प्रथम सङ्गायन आरूढ गर्दामा सहयोगगरी प्रोत्साहित पारेको प्रक्रियाहरूद्वारा प्रष्टिएको छ । तैपनि आयुष्मान् देवदत्त नामक पापमित्रसँग सम्पर्क हुनजाँदा बुबालाई हत्यागर्ने पितृघातकर्म उल्लंघन गर्नुसम्म बाटो बिराएर जानुपरेको थियो । यो त निरर्थक निर्देशन दिने पापमित्र दुष्ट साथीलाई गुरु स्थापनागरी सेवन नगर्न विशेष होश राख्नुपर्ने एउटा उदाहरण नै भइहाल्यो ।

बिम्बिसार महाराजको स्वर्गारोहण भएको दिनमा नै राजा अजातशत्रुकी महारानीबाट पुत्ररत्न जन्मियो । त्यस पुत्ररत्न जन्मेको कुरा राजा अजातशत्रुसमक्ष बिन्ति चढाउँदा राजा अजातशत्रुमा पुत्रप्रति उब्जेका प्रेमचित्तहरूले सम्पूर्ण शरीरलाई प्रकम्पितपारी, आलोलितपारी पुलकित हुनपुग्यो रे ! त्यसबेला राजा अजातशत्रुले “अहो ! म जन्मेको बेलामा पनि मेरा बुबाज्यूमा यसरी नै प्रेम उब्जेको थियो होला” भनी बुबाको गुण उपकारलाई सम्झे । तब मेरा बुबाज्यूलाई जेलबाट छोडी देऊ भनी राजपुरुषहरूलाई हुकुम दिए । विचारको आगमन राम्रो भएपनि समय बितिसक्दा बुबाको गुण उपकारको प्रत्युपकार हुन नसक्ने भयो । बुबाज्यूको



Downloaded from http://dhamma.digital

स्वर्गारोहण भइसक्यो भनी अमात्यहरूले निवेदन चढाए।

तब राजा अजातशत्रु विरहग्रस्त भई रूँदै कराउँदै मुमाकहाँ गई "आफू जन्मेको अवस्थामा बुबाज्यूमा स्नेहहरू उब्जेको थियो के" भनी सोधे। त्यसबेला मुमाज्यूले "मूर्ख छोरा, के कुरा गरेको, तिमी स्यानो छँदा तिम्रो औंलामा खटिरा आएको थियो। खटिरा दुखेको ले तिमी रोएको थियौं। फकाएर पनि नहुने, भएपछि तिम्रो बुबा महाराजले न्याय निशाप भइरहेको अड्डाखानामा तिमीलाई बोकेरै लगियो। दुखाई कम गर्नको लागि बुबा महाराजले तिम्रो त्यो औंलालाई मुखमा निलिराखे। त्यसरी निलिराख्दा मुखैमा खटिरा फुट्यो। त्यो कुहिएको पीप, कुहिएको रगत बाहिर नथुकी बुबाले त्यसैं निलेका थिए। मूर्ख छोरो, तिम्रो बुबाले तिमीलाई यतिसम्म प्रेम गरेका थिए। भन्ने कुरा मुमा महारानीले गहभरी आँसुपारी वृत्तान्त बताएकी थिइन्। त्यसबेलामात्र पीडा दिन अयोग्य बुबा महाराजप्रति अपराध हुँदा राजा अजातशत्रु अत्यन्त हृदयविदारक र शोकसन्तप्त हुनुपऱ्यो। महाराज बिम्बिसार सामान्य व्यक्ति थिएनन्। श्रोतापन्न पनि थिए। भगवान् बुद्धको विहारदाता, चतुप्रत्ययदाता, बुद्ध-शासनको महान् दायक पनि थिए। यसरी महान् गुण उपकार भएका बुबाज्यूप्रति अपराध गरेको ले अत्यधिकरूपले शोकसन्तप्त हुनपुग्यो। शोकसन्तप्त भएको मात्र कहाँ हो र ? सुत्ने बेलामा पनि निद्रा आउला आउलाजस्तो लाग्ने बेलामा नरकका निमित्तहरू देखापर्न आउँथे। नरकपालहरूले भालाहरूद्वारा चारैतिरबाट हानेको जस्तो (प्रकट) भई एक्कासी ब्युँझन्थ्यो, सुत्नै नसक्ने भइरहेको थियो। पहिले पहिले त बुबाज्यूलाई हत्या गरेर राजा हुन पाएका अति नै रमाउन, पाउँने ऐश आराम गर्न पाउँने ठूलो सुख पाइनेछ भन्ने आशा राखी बुबा महाराजको हत्या गरेका थिए तर आफूले चिताएको कुरा भन्दा धेरै फरक पऱ्यो। अघि युवाराज भइरहेको बेलामा देशप्रदेशको प्रशासनसम्बन्धमा पनि त्यतिसाह्रो धन्दा सूर्ता मान्नुपर्दैनथ्यो। भविष्य संसारको निमित्त पनि धन्दा सूर्ता केही मान्नुपर्दैनथ्यो। मज्जाले खाई, पिई, सुती हाँस्दै, खेल्दै, रमाउँदै बस्न सकिन्थ्यो। अहिले बुबाज्यूको हत्यागरिसके पछि त पश्चात्तापले शोकसन्तप्त हुनुपरिरहेको छ। सुत्दाखेरि पनि नरकका निमित्तहरू देखापर्नआई राम्ररी सुत्न पाइरहेको छैन, भयंकर दुःख भोग्नुपरिरहेको छ।

यस्तो स्थिति रहेको त्यो वर्षको कार्तिक पूर्णिमाको रातमा वैद्यराज जीवकको नेतृत्वमा भगवान् बुद्धकहाँ उपसंक्रमण गरियो। त्यसबेला भगवान्



Downloaded from http://dhamma.digital

बुद्धको वरिपरि साढे बाह्र सय भिक्षुसंघहरू साथमा थिए। त्यत्तिका भिक्षुहरू रहेतापनि तिनीहरू आ-आफ्नो ध्यान भावनासम्बन्धमा चिन्तन मनन गरीबसेका हुनाले परस्पर कुरा गरिने भएन । हात गोडाहरू चलाई चलमलाइने पनि भएन । खोक्नेसम्म पनि नभई त्यो समय शान्त रहेको थियो । त्यस्तो अवस्था देख्दा राजा अजातशत्रुमा अति नै श्रद्धा र प्रसन्नताले छायो । तब उनको मुखबाट अनायास यस्तो उच्चारण हुनपुग्यो–

**मे** = मेरो; **उदयभद्दो कुमारो** = उदयभद्र नामक छोरो; **इमिना उपसमेन** = यी भिक्षुसंघहरूको शान्तमय उपशमनद्वारा, **समन्नागतो होतु** = सम्पन्न रहोस् । यसरी व्यक्त गरिएको लाई उदानव्यक्त गर्नु भनिन्छ ।

यसरी उदान व्यक्त गर्नुको उद्देश्य उनको मनले यस्तो सोचेको थियो– मेरो छोरा ठूलो हुँदा उनले बाबु र बाजेको जीवनचर्या विषयमा सोध्नेछ । आफ्नो बुबाले आफ्नै बुबाको हत्या गरी राज्यारोहण गरेका थिए भन्ने बुझ्नेछ । तब उनले पनि बाबुको हत्यागरी आफ्नो राज्यारोहण गर्नुपर्छ भनी विचारगरी आफैलाई हत्या गर्ने प्रयास गर्नेछ भन्ने विषयमा चिन्तित भइरहेको थियो । तसर्थ छोरोलाई सौम्य र शान्तगुण उपकारयुक्त गराउन चाहेको हुनाले उनीबाट त्यस्तो उदानवाक्य व्यक्त भएको थियो तर केही लागेन उनको छोराले ठूलो भएर पछि बाबुको हत्यागरी आफ्नो राज्यारोहण गऱ्यो । ती छोराले मात्र कहा हो र ? उनका पनि छोराले त्यसै गरी बाबुलाई मारी राज्यारोहण गरे । यसरी ३ पुस्तासम्म बाबुको हत्या गरी गरी राज्यारोहण गरेका थिए । "नमूना देखेपछि सिकिहाल्छ" भनेजस्तै दृष्टानुगति भनेको नक्कलगरी कार्य गरिने हुन्छ ।

राजा अजातशत्रुले त्यसरी उदानव्यक्त गरिसकेर श्रामण्यफल नामक भिक्षु श्रमण हुनुको प्रत्यक्ष प्रतिफल विषयमा प्रश्न गरे । भगवान् बुद्धले भिक्षु श्रमण हुनुका प्रतिफलहरूलाई भिक्षु श्रमण हुने बित्तिक्कै प्राप्त हुने पूजा सत्कारजस्तो प्रतिफल, शील सदाचारले सम्पन्न हुनुको कारणले प्राप्त हुने प्रतिफल, प्रथमध्यानादि लौकिक समाधिले सम्पन्नहुनुको कारणले प्राप्त हुने प्रतिफल, विपश्यना अभिज्ञाहरूले सम्पन्नहुनुको कारणले प्राप्त हुने प्रतिफल अनि आस्रवक्षय नामक आर्यमार्ग र आर्यफल ४ नामक सर्वोत्तम श्रामण्यफल धर्महरूसम्म भिक्षु श्रमण भएर आचरण गर्दा प्राप्त हुने प्रक्रियालाई विस्तृतरूपमा उल्लेखगरी उपदेश दिनुभएको थियो ।

त्यस सूत्रउपदेश सुनिसक्दा राजा अजातशत्रुले अति नै प्रफुल्लित र सन्तुष्ट भई चित्त बुझाएर शरणगमन धारणगरी उपासकत्व ग्रहण गरे ।



Downloaded from http://dhamma.digital

तैपनि पितृघातक जघन्यकर्म गरिराखेको हुनाले आर्यमार्गफल विशिष्टधर्म भने लाभ भएन । यदि त्यस्तो जघन्यकर्म नगरेको भए त्यस महान् सूत्रोपदेश सुनेको बेलामा श्रोतापन्न हुने थियो । तसर्थ भगवान् बुद्धले राजा अजातशत्रु फर्केर गइसकेपछि केही समयमै "**खतायं भिक्खवे राजा** आदि कुराद्वारा यस विषयलाई उल्लेख गर्नुभएको थियो ।

**भिक्खवे** = भिक्षुहरू; **अयं राजा** = यो राजाले; **खतो** = आफूले आफैलाई आर्यमार्गधर्म आधार नपाउने गरी खनिसक्यो; **उपहतो** = विनाश गरिसक्यो भनी आज्ञा हुनुभयो । त्यसलाई अट्ठकथाद्वारा यसरी वर्णन गरिराखिएको छ–

**इदं वुत्तं होति** = स्पष्टरूपमा यसो भन्न खोजेको हो; **इमिना** = यो अजातशत्रु राजाले; **पिताघातितो** = पितृघात गरेको; **सचे नाभविस्स** = यदि नभएको भए; **इदानि** = अहिले म तथागतले उपदेश दिइरहेको यो अवस्थामा; **इधेवासने** = यो उपदेश सुनिरहेर बसिराखेको यसै आसनमा; **निसिन्नो** = बस्दाबस्दै; **सोतापत्तिमग्गं मत्तो** = श्रोतापनिमार्गमा पुगेको; **अभविस्स** = हुने थियो; **अस्स** = त्यस राजा अजातशत्रुलाई; **पापमित्तसंसग्गेन** = दुष्ट पापी मित्र भएको देवदत्तसँग संसर्ग गर्नुको कारणले; **अन्तरायो जातो** = मार्गफलको अन्तराय (बिघ्नबाधा) हुनपुग्यो भन्ने भाव हो ।

तर, उपदेश सुन्न पाएको ले राजा अजातशत्रुमा लाभ हुनुपर्ने जति भने प्रतिफल लाभ भएरै गएको थियो । बुबा महाराजको हत्या भएदेखि भयभीत र त्रसित एवं स्तम्भित भई सुत्नै नसक्ने भइरहेको अवस्थामा त्यो उपदेश सुनिसकेपछि स्तम्भित नरही राम्ररी सुत्नसक्ने भए । अनि फेरि मरणोपरान्त अवीचि महानरकमा पतन हुनुपर्ने स्थिति रहेतापनि त्यस अवीचि महानरकमा पतन नभई बाहिरको लौहकुम्भी नामक फलाम उम्लेको पानीको घैंटोमा उत्पन्न भई नरकमा पतन भयो । त्यसमा पनि तल डुब्दै गइरहने वर्ष ६० हजांर र त्यसभन्दा माथि उक्लेर आइरहने वर्ष ६० हजार गरी जम्मा १२० हजार वर्षजति पछिमात्र त्यस नरकबाट मुक्त हुनेछ । अनि पछि एउटा कल्पमा "विजितावी" नामक प्रत्येकबुद्ध भई परिनिर्वाण प्राप्त गर्नेछ । यी प्रतिफलहरू उपदेश सुनेको कारणले लाभ भएको थियो ।

अहिले बताइएको राजा अजातशत्रुको कथावस्तुमा मुख्य भन्न खोजेको कुरा मातृघातककर्म, पितृघातककर्म, आदि जघन्य अकुशलकर्महरू वर्तमान प्रत्यक्ष जीवनमा पारमी सम्पन्न व्यक्ति भएपनि मार्गफल लाभ



Downloaded from http://dhamma.digital

हुनसक्तैन र मरणोपरान्त पनि निश्चितरूपमा नरकमा पतन हुनैपर्छ। जस्तोसुकै कुशलताबाट पनि त्यस कुराको निवारण र उपचार हुनसक्तैन अर्थात् केही सहुलियत जति मात्र प्राप्त हुनसक्छ भन्ने तथ्यलाई अगाडि सार्न खोजिएको मात्र हो।

## उकेली न चपाएमात्रको

६ वटै द्वारबाट उत्पन्न हुने सबै नामरूप धर्महरूलाई सहीरूपमा जान्ने बुझ्ने गरी भाविता गर्नुपर्दछ। यसरी भाविता गर्दा " यहाँ नामरूप मात्र हो, उत्पन्न भएर तुरून्तै बिलाएर जाने; अनित्य दु:ख र अनात्म स्वभावमात्र हो" भन्ने कुराको यथार्थरूपमा जानिलिएको खण्डमा यसबाट कुनै मज्जा आउने हुनेछैन। मज्जा आउन पनि सकिन्न। त्यसरी यथार्थरूपमा नजानेको खण्डमा देख्नु, सुन्नु जस्ताले गर्दा तस्वीर खिँचिराखेजस्तै मनमा एकदम गढिरहेको हुन्छ। त्यो दागझैं गढिरहेको रूपलाई बारम्बार चिन्तनगरी रमाइलोलाग्ने पाराको भइरहेमा रमाइलोलाग्ने कुराहरू बारबार उब्जिरहनसक्छ। रिस उठ्नेखालको आलम्बन भएमा पनि बारबार रिस उठ्ने चित्त उब्जिरहनसक्छ। यसरी रमाउनु र रिस उठ्नुजस्ता प्रक्रियालाई धेरै नै कोट्याइसकेको छु तर अहिले रिस उठ्नु जस्तो प्रक्रियालाई केही उल्लेख गर्नु उचित छ, जुन महोषध जातकमा उल्लेख छ।

Dhamma.Digital

## केवट्ट ब्राह्मणको तर्कना

महोषध जातकअनुसार "महाराज, यदि तपाईंले मैले निर्देशन दिएजस्तै गर्नुहुन्छ भने सारा जम्बुद्वीपमा महाराजकै एकछत्र राज्य हुनेछ" भनी केवट्ट ब्राह्मणले राजालाई भन्यो। "कसो गर्नुपर्ला भनी राजाले सोधे। "महाराज, यो कुनै कठिन कुरो होइन; सजिलै छ। महाराजको सैन्यबलद्वारा दुर्बल भएका वरपरका स-साना राज्यदेखि हमला सुरू गरेर बशमा पार्दै जानुपर्दछ" भनी ब्राह्मणले भने। केवट्ट ब्राह्मणले भनेअनुसार शक्तिशाली राष्ट्रले स-साना दुर्बल राष्ट्रहरूलाई बसमा पार्नु सजिलो कुरा हो। त्यस्ता राज्यलाई शैन्यबलशक्ति देखाई डर ढांक देखाउनुपर्छ। उनीहरूले आफ्नो



Downloaded from http://dhamma.digital

मातहतलाई स्वीकारेमा तिनीहरूलाई यथावत् नै आफ्नो राज्य सञ्चालन गर्न पाउनेछ र आवश्यक परेको बेला आफ्नो पछिपछि लाग्नुपर्नेछ भनी शक्तिहीन स-साना राष्ट्रहरूले भयभीत भई ती कुरा मान्नुपर्नेछ । त्यसरी राज्यहरू हातपार्दै जाँदा शक्तिहीन राष्ट्रहरू आफ्नो पछि लाग्दै आउँदा धेरै अधिकार जमिसकेपछि शक्तिशाली राष्ट्रहरूलाई पनि त्यसरी नै आफ्नो आफ्नो अधिनत्व स्वीकार्न बाध्य तुल्याउनुपर्दछ । त्यसरी बाध्य तुल्याउँदा ती राष्ट्रहरू पनि आफ्नो वशमा आउनेछन् । यस्तै विधिद्वारा सबै एकपछि अर्को हात पार्दै जानुपर्दछ ।" यसरी केवट्ट ब्राह्मणले निर्देशन दिए ।

केवट्ट ब्राह्मण चानचुने मानिस होइन । एकदम चिन्तनशक्ति राम्रो भएको व्यक्ति हो । चिन्तन शक्ति राम्रो हुनु भनेको पनि शक्तिमान् भएमात्र हुनसकिने हो । शक्तिहीन भएर चिन्तनगर्न सक्तैन । आधुनिक युगमा पनि साम्राज्यवादीहरूले यसरी नै गरिरहेका छन् । त्यसैले चूलनी ब्रह्मदत्त महाराजले पनि केवट्टको विधिको पछि लाग्दै साम्राज्य विस्तार गर्दै गए । केवट्ट ब्राह्मणले भनेजस्तै नै उनले सफलता पाए । एउटा ठूलो राष्ट्रले सैन्यबलद्वारा हमला गर्दै शक्तिहीन एउटा सानो राष्ट्रलाई डरधम्की देखाउँदा विचराहरू भयभीत भई आत्मसमर्पण गरिहाल्थे । आत्मसमर्पण गरिएन भने दुःख पाइहाल्ने भयो । राजा ब्रह्मदत्तले त्यस विधिअनुसार अन्य राजाहरूलाई तर्साउँदै धम्क्याउँदै आफ्नो हातपार्दै जाँदा स-साना राष्ट्रहरू एवं केही ठूला राष्ट्रहरू समेत उनको पछि लाग्नुपर्ने भयो । यसरी पछ्याउदैं जाँदा निक्कै बलशक्ति सञ्चय गरिसकेको अवस्थामा ठूला ठूला राष्ट्रहरू पनि तिनको सामु टिक्न सकेनन् । समय बित्दै जाँदा बिस्तारै महोषधहरूको ठाउँ विदेह राष्ट्रसम्म पुग्यो । विदेह राष्ट्र भनेको पनि त्यति ठूलो थिएन । त्यो भारतको मध्यभागमा अर्थात् मगध राष्ट्रको उत्तरतिर पर्दछ । यो गङ्गा नदीको उत्तरतिर पर्दछ ।

पुरानो जमानामा १६ जनपद भनिराखिएका पनि त्यति ठूलो सम्पन्न थिएनन् । ती एक एकवटा जनपद म्यान्मार् (बर्मा) देश जति पनि विस्तृत रहेका देखिदैनन् । कुनै कुनै जनपद त राज्य भन्न सकिने मात्रका हुन् तर ग्रन्थहरूमा अतिविशालजस्ता देखाइएका छन् । विदेह राष्ट्र त्यति ठूलो नभए पनि महोषध रहिरहेको कारणले केवट्टले जोगाईराखेका थिए । अन्य सबै राष्ट्रहरू हातमा परिसकेपछि त्यसै शक्तिपुञ्जद्वारा विदेह राष्ट्रतिर उनी अगाडि बढ्दै गए ।

त्यसरी अगाडि बढ्दै गई विदेह राष्ट्रसम्म पुगेको बेलामा त्यहाँ



Downloaded from http://dhamma.digital

केवट्टका फौजले १८ अक्षोहिणी सेनाद्वारा घेरा लगाइराखेको कुरा ग्रन्थमा उल्लेख छ। ग्रन्थानुसार त्यो सेना अत्यन्त सैन्यबलयुक्त अनि भयंकररूपमा विशालरहेको छ। त्यस जमानामा तलवार, भाला, धनुष आदि शस्त्रअस्त्रहरू प्रयोग गरेर युद्ध गर्ने गर्दथे। आधुनिक युगमा जस्तो राम्रा, राम्रा शस्त्रअस्त्रहरू थिएनन्। तसर्थ जनशक्ति बढी भएको पक्षले युद्धमा जित्ने सम्भावना बढी हुन्थ्यो। त्यसैले विदेह राष्ट्रको शहर मिथिला नगरलाई १८ अक्षौहिणी सेनाद्वारा चारैतिरबाट घेरिएकोले त्यहाँकाले कहींबाट पनि उम्कन सकेका थिएनन्। त्यसरी घेरा हाली त्यहाँ राजाज्ञा जारिगरे – "हे विदेहाधिपति ! आत्मसमर्पण गर।" त्यसबेला विदेहाधिपति महाराजाले "अब कसो गर्ने ?" भनी महोषधसँग सोधपूछ गरी सल्लाह गरे।

एक न एक दिन केवट्टका सैन्यले त्यसरी आइकन घेरा हाल्नेछ भन्ने कुरा महोषधलाई अघिदेखि नै थाहा थियो। त्यसैले शहर बाहिर-बाहिरी सैन्यले घेरा दिँदा पनि शहरभित्रै खजाना परिभोग सम्पन्न हुनेगरी पूरा व्यवस्था गरिएको थियो। ढलनिकास र पानीपोखरीसमेत तयार पारी बन्दोवस्त गरिएको थियो। शहरभित्रै खेतबारी,धानबाली रोप्नसक्ने गरी र प्रशस्त पानी पुग्ने गरी तयार पारिएका थियो। अनि फेरि काठ दाउरा खादि खजाना उपभोग परिभोगहरू पनि सबै सम्पन्न हुनेगरी मिलाइराखेको थियो।

चरपुरुषहरूलाई पनि ठाउँ ठाउँका राष्ट्रहरूमा फिँजाएको थियो। त्यसरी पठाइराखेको महोषधका मानिसहरू पनि केवट्टका फौजभित्र उसको पक्षको मानिसजस्तो भई समावेश भइरहेका थिए। ती मानिसहरूले सबै जसो क्षेत्रका गोप्य खबरहरू महोषधकहाँ पठाउने गर्दथे। अनि फेरि भित्र खरखजानाले परिपूर्ण भएका कुराहरू तिनीहरूले फैलाइराखेका थिए। त्यसरी बाहिर पनि होहल्ला फैलाइराख्ने र भित्रपनि खानपान गर्नयोग्य बोटबिरूवा र धानबालीहरू बाहिरका मानिसले देख्न सक्नेगरी प्रदर्शन गरेर पानी प्रशस्त रहेको कुरालाई प्रमाणित गर्न कमलफूलका डाँठहरू उखेली बाहिर फ्याँक्ने गर्थे। यी कमलका फूलहरू पनि बाँसको टुप्पोमा राखी उमारिराखेकोले बाँस लामो भएजति नै लामो देखापरिरहेका थिए। त्यसमा पनि ६० हातजति लामो कमलको फूललाई प्रदर्शन गर्दागर्दै बाहिरका चरपुरुषहरूले ८० हात लामो भनी बढाईचढाई हल्ला मच्चाउने गर्दथे। त्यसो हुँदा केवट्टहरूले त्यसरी घेरा हालिरहनु मात्रले हुँदैन; अर्को विधिपनि अपनाउनुपर्‍यो भनी विचार गर्नथाले।



Downloaded from http://dhamma.digital

उनीहरूको विचार यस्तो थियो भनिन्छ, "प्रज्ञावान् र परस्पर वादविवाद गरी छलफल गर्ने; वादविवाद गरेर जित्ने व्यक्तिद्वारा हार्ने व्यक्तिलाई आत्मसमर्पण गराउने" भनी व्यवस्था मिलाएका थिए। महोषधले त्यसलाई "हुन्छ" भनी स्वीकार गरिपठाए। अर्को दिनको बिहान सूर्योदय हुन लागेको बेलामा उपहारसहित म पश्चिम ढोकाबाट निस्की कुरा गर्नेछु। तिमीहरू पर्खेरमात्र रहनु" भनी जवाफ दिइपठाए। केवट्टका समूहले व्यापकरूपमा सैन्य तयार पारी पर्खिरहे। पश्चिम ढोकामा पर्खिरहनपर्दा मुखमा घामपरी गरम खपिरहनुपर्ने भयो। त्यहाँ घाम चर्को रहेको हुन्छ। तिनीहरू महोषध आउनै लाग्यो भन्दै घामतिर शिर ठाडो पार्दै हेर्दै पर्खिरहे। घाम माथि उठ्दै आइसक्यो तर उनी आएको होइन। तिनीहरूले गर्मीले पीडा भोगून् भनेर नै जानाजानी नआई घाम तपाउन लगाइराखेको थियो। यसरी घामको तापले केवट्टका समूहहरू घाममा परी पसिनै पसिनाले लसपस परी पूर्वतिर मात्र शिर ठाडो पार्दै हेरिरहे।

असाध्य घाम चर्किसकेपछि मात्र महोषधहरू आए। त्यहाँ आइपुगे पछि केवट्टले, "मित्र महोषध पण्डित, हामी दुबैजना प्रज्ञावान् पण्डितहरू नै हौं। प्रज्ञाज्ञानमा परस्पर गौरव गर्नेगर्छौं। तपाइँ महोषधहरूको सहायता लिई हामीहरू यहाँ आइपुगेको केही दिन बितिसके। आजसम्म मित्रहरूको तर्फबाट एकबारसम्म पनि उपहार चढाइएको थाहा पाइएन नि" भनी घुमाउरो तरिकाले कुशलवार्ता गर्नलागे। अनि महोषधले मित्रले भने जस्तै अहिलेसम्म उपहार दिन नपाइरहेको मित्रहरूलाई योग्य वस्तुको विचार गरिरहनुपरेकोले अहिले यी अनर्ध मूल्यको रूबिरत्न उपहारको रूपमा ल्याउँदैछु। त्यसलाई मित्रले स्वीकार गर्नुस् भनी रूबिरत्न ब्राह्मणतिर अघिसारेको जस्तो गरेर देखाए।

# केवट्ट ब्राह्मणको तर्कना

तब ब्राह्मणको मनमा यस्ता तर्कनाहरू उब्जेर आए। "अँ, ... ... ... महोषधले मूल्यवान् रूबी उपहार दिनु भनेको उनले मलाई पूजा गरेको सरह नै भयो। पूजा गर्नु भनेको अभिवादन नै हो। त्यसले आफ्नो पराजय स्वीकार गरेको ठहर्छ। मैले जितेसरह नै भयो भनी तर्कना गरेर एकदम प्रसन्न भई एक्कासि हात पसारी थाप्न पुगे। महोषधले रूबीलाई पछाडितिर खस्कने गरी ब्राह्मणको औंलाको टुप्पोमा खसालिदियो। रूबी



Downloaded from http://dhamma.digital

पनि गह्रुँगो भएकोले ब्राह्मणको हातबाट महोषधको दुबै खुट्टाको माझमा पर्न पुग्यो । केवट्ट ब्राह्मणले असाध्य लालच बढिरहेको हुनाले अतिलोभी भई उनले सुरुक्क अगाडि बढी त्यसलाई टिपेर लिन कोशिस गर्न लाग्यो । त्यसबेला महोषधले ब्राह्मणको गर्दन समाति उनको टाउकोलाई जमीनमा घिसार्दै, "हे ब्राह्मण, म (तपाईभन्दा) सानो छु; तपाई ब्राम्ह्मण मभन्दा उमेरले ठूलो हुनुहुन्छ । मलाई नढोग्नुस्, तपाई ब्राह्मणले मलाई ढोग्नु योग्य छैन" भनी ठूलो स्वरले चिच्याइरह्यो ।

वास्तवमा ब्राह्मणले ढोगेको होइन । दुबै हातले अगाडि बढी रूबी सार्न लागेको मात्र थियो तर त्यो दृश्य ढोगेको जस्तो भइरह्यो । तसर्थ महोषधले ब्राह्मणको गर्दन एउटा हातले समाती, अर्को हातले कम्मर समाती ब्राह्मणको कपाललाई जमीनमा घिसार्दै "आचार्य उठ्नुस्; म सानो छु; तपाई आचार्यको नाति सरह छु; मलाई नढोग्नुस् भनी ठूलो स्वरले कराउँदै ब्राह्मणलाई उठाउँदै फालिदियो ।

त्यसबेला केवट्टको परिषद्भित्रका महोषधका चरपुरुष सैन्यहरूले, "हाम्रा गुरु महाब्राह्मण वादविवादमा हारेकोले महोषधलाई ढोग्न लागिरह्यो; हाम्रा आचार्य महाब्राह्मणले महोषधलाई ढोग्न लागिरह्यो" भनी होहल्ला मच्चाए । त्यसरी होहल्ला मचाएको आवाज सुन्दा ब्रह्मदत्त महाराजका १८ अक्षौहिणी सैन्य तितर बितर भई जताततै भाग्न थाले । राजा ब्रह्मदत्त पनि अचानक त्यस्तो भएको ले भयभीत र त्रसित भई भाग्न लागे । हात्तीसैन्य, अश्वसैन्य, रथसैन्यहरूसमेत सम्हाल्नै नसक्ने गरी भाग्न लाग्दा परस्पर धक्कमधक्कामा परी मृत्यु भई छिन्नभिन्न भएकाहरू थुप्रै भए । मानिसहरू भयभीत भएपछि त्यसै संयम गरी बस्न सक्तैनन् । प्राण हत्केलामा हाली जताततै भाग्न थाल्ने हुन्छ । यसरी डराउनुपरेको कारण युद्ध भनेको पराजय हुने बित्तिक्कै अत्यन्त भयंकरहुने हुन्छ । विश्वकानून विकास भइनसकिएको त्यो पुरातन जमानामा त्यसरी साह्रो भयानक हुने नै भयो ।

## युद्ध पराजित भयको कारणले भागाभाग

युद्धपराजित राष्ट्रका सम्पत्तिहरूलाई युद्धविजित व्यक्तिहरूले जथाभावी गर्न सक्तछन् । सजीव निर्जीव वस्तुहरू जम्मै सोह्रेर लिनेगर्छन् । नगर ग्रामहरूलाई पनि आगो लगाई नाश पारिदिन्छन् । मानिसहरूलाई समाती



Downloaded from http://dhamma.digital

मार्न चाहेमा मार्छन् पनि । त्यति नभए युद्धबन्दीको रूपमा समातेर लगी दास पनि बनाएर राख्ने गर्छन् । मुख्य त आफ्ना देश र जातिहरूमा गुण श्रीशोभा-श्रेणीमा अतिउच्च व्यक्ति पनि युद्धविजयी मानिसहरूको हातमुनि दासजस्तो भई उनीहरूले ख्वाएको खाई उनीहरूले राखेको ठाउँमा बस्नुपर्ने हुन्छ । उनीहरूले अह्राएजतिका जम्मै कुरा बिना हिचकिचाहट गरिरहनुपर्ने हुन्छ । यसरी दासत्व स्वीकारिरहनुपरेकामा पनि उनीहरूलाई विश्वास नलागेमा मार्न चाहेमा मार्न पनि सक्दछ । यो कुरा असाध्य भयंकर छ । तसर्थ ब्रह्मदत्त राजासहित १८ अक्षौहिणी सैन्यका मानिसहरू युद्धपराजित भइयो भन्ने महसूस हुनासाथ तिनीहरू भयदण्डदेखि डराई त्रसित भएर भागेका हुन् ।

यसरी भागेकोले केवट्ट ब्राह्मणले राजा ब्रह्मदत्तका पछि लागेर भेट्ने गरी दगुरेर रोके । "महाराज, नदगुर्नुस्; युद्ध हारेको छैन; मैले ढोग्यो भने को पनि होइन । वादविवादसमेत गर्न पाइएको छैन । महोषधले रूबी देखाएर हामीलाई बदमासी गरेर धोखा दिएको हो" यी कुरा भनी सम्पूर्ण कारण स्पष्ट गरी राजा ब्रह्मदत्तलाई रोके । तब राजा ब्रह्मदत्तले पनि केवट्टले भनेजस्तै सम्झी सैन्यहरूलाई फेरि संगठित गरी फर्केर आए । ठोसरूपमा सैन्य संगठन गरिसकेर मिथिला नगरलाई घेरेर बस्न लागे ।

## भेद उपाय अपनाउन पठाए

महोषध पण्डितले अनुकेवट्ट नामक ब्राह्मणलाई देश निकालाको दण्ड दिएको जस्तो गरी ठिक्क पारेर भेद उपाय अपनाउने गरी पठाउन लागे । त्यस अनुकेवट्टले राजा ब्रह्मदत्तलाई वहाँको पुरोहित केवट्टसहित अन्य राजाहरूप्रति पनि आफ्ना सैन्यहरूप्रति पनि द्वन्द संशय हुनेगरी, मन बाझिने गरी टाँसिएझैं काम गर्न थाले । छोटकरीमा भन्ने हो भने राजा ब्रह्मदत्तले परीक्षण गरी हेरेको अवस्थामा केवट्टकहाँ पनि, सेनापतिकहाँ पनि, सैन्यहरूकहाँ पनि महोषधको चिन्ह भएका शस्त्रहरू उपहार सामग्रीहरूलाई दृष्टान्त देख्नमा आएको कारणले कसैलाई पनि विश्वास गर्न सकिएन । महोषधका पक्षधरहरूमात्रै रहेछन् भनी धारणा राखी अति भयभीत पारिएको रहे । त्यसैले एकरात महोषधको गुप्तचर अनुकेवट्टको व्यवस्थानुरूप राजा ब्रह्मदत्त घोडामा सवार भई अनुकेवट्टसहित मध्यराततिर सुटुक्क भागे । त्यसबेला महोषधका गुप्तचर सैन्यहरूले राजा



Downloaded from http://dhamma.digital

ब्रह्मदत्त सुटुक्क भागेको कुरा सर्वत्र हल्ला मचाउन लागे । अनि १८ अक्षौहिणी सेना एक्कासि सुतेको बाट ब्युंभेर आई हत्तरपत्तर उठेर खालि हात सबै भागाभाग भए । अहिलेको युगअनुसार हेर्ने हो भने यसलाई कसै कसैले युक्तियुक्त छैन भनी सम्भिएमा सम्भन सकिन्छ नै तर महोषधको प्रज्ञाशक्ति र भाग्यलाई आधार बनाएर हेरेको खण्डमा विचार ज्ञानशक्ति त्यति विकास नभइसकेको त्यस जमानामा भएका घटनाहरू युक्तियुक्त नै देखिन्छ । बर्मेली इतिहासमा समेत यसरी अत्यधिक भयभीत र त्रसित भई युद्धको जय पराजय भएका घटनाहरू प्रशस्त रहिसकेका छन् ।

## युद्धबाट बचेका अंश

त्यस महायुद्धबाट केवट्ट ब्राह्मणमा बचेका अंशहरू के के हुन् त भन्दा उसको कपालमा घाउ भई घाउको दाग भइरहनु नै हो । तसर्थ केवट्ट ब्राह्मणमा प्रत्येक बार ऐना हेर्दा त्यस घाउको दाग देख्नेबेला बितेका घटनाहरू फेरि फेरि सम्भेर आउने गर्दछ । अघि सामना गरेर आएका घटनाहरूका विषयहरू मनमा ताजा जस्तै भई उब्जेर आउनु स्वाभाविक नै हो । "महोषध त निकै दुष्ट रहेछ । मलाई असाध्य दु:ख दिइसक्यो । त्यसले बेइज्जतपनि गर्‍यो । एक न एक दिन यसलाई मैले जानेको छु" भनी नाद गरी तीव्ररूपमा क्रोधित भइ रह्यो । "जति जति घाउको दाग देख्यो त्यति त्यति महोषधप्रति कोष बढ्दैगयो" भन्ने कथन समेत चल्यो ।

त्यसरी घाउको दाग हेरी फेरि फेरि तर्कना गर्दागर्दै, "अँ, महोषधले मलाई रूबी देखाएर लोभ्याउँदै दु:ख दियो । उसको रूबी पनि मैले पाइन । कपालमा दाग बसेको मात्रै ममा बाकिरह्यो । मलाई एक चक्कर घुमाई छलेर कष्ट दियो । दुष्ट त्यसलाई जानेको छु । त्यसलाई एक न एक तरिकाले म बदला लिनेछु; कष्ट दिनेछु" भनी विचार गरी बुद्धि फैलाई रह्यो । त्यसरी बुद्धि निकाली राजा ब्रह्मदत्तकी छोरीसित विदेह राजालाई विवाह गरिदिनेछु भनी विदेहराजासित सम्पर्क राखी निमन्त्रणा गरे । विश्वास गरी अपरभटमा आइपुग्दा विदेहराजालाई पनि महोषधका पक्षधरहरूलाई पनि सजिलैसित समातेर मार्नको लागि उद्यत भयो । तर महोषधले उनीहरूको विचार थाहापाई पूरा सुरक्षाका साथ नियन्त्रण गरिदिएकोले त्यसको त्यो विचार सबै चकनाचूर भएर गयो ।



Downloaded from http://dhamma.digital

# भन्न खोजेको कुरा

अहिले यहाँ मुख्य भन्न खोजेको चाहिँ बितेका घटनाहरूलाई बारबार मनन गर्दा द्वेषचित्त उत्पन्न हुने हुन्छ भन्नु नै हो। घाउको दागलाई हेरी हेरी द्वेषचित्त उब्जिरहने पनि स्वाभाविक प्रक्रिया नै हो। अघि अघि महोषधसितको प्रज्ञा जाँच्न वादविवाद गर्न समय निर्धारित गरेका थिए। त्यसबेला महोषधले मलाई रूबी दिने बहाना गरी मेरो टाउकोलाई जमीनमा घिसारेर कष्ट दिए। त्यसैले यो घाउको खत रहन गएको हो। यसैले मैले बेइज्जती हुनुपऱ्यो। यसरी बितेका कुराहरू एकपछि अर्को त्यो ब्राह्मणमा बारम्बार उब्जिरह्यो। मनमा फोटो खिँचेर राखेको जस्तै प्रकट भइरह्यो। यदि ब्राह्मणको घाउको दाग पनि नभई घटना र विषयलाई पनि बिर्सिसकेको भए महोषधप्रति रीस उठिरहने थिएन। यो किन भइरहेको हो विचारणीय छ। म भन्ने व्यक्ति, सत्त्व मेरो कपालको घाउको दाग भन्ने प्रज्ञप्ति र महोषध नामक व्यक्ति सत्त्व प्रज्ञप्तिहरू रहिरहेकोले हो। धर्मस्वभावअनुसार भन्ने हो भने म भन्ने पनि छैन; मेरो घाउको दाग भन्ने पनि छैन; महोषध भन्ने पनि छैन; निरन्तर उत्पत्ति विनाश भइरहेको रूपधर्म र नामधर्ममात्र छ। त्यसरी मात्र यथाभूतरूपमा जानिरहने हो भने कसै गरेर पनि रीस उठाइरहनुपर्ने हुँदैन। अहिले त केवट्ट भन्ने म पनि उसमा रहिरहेको छ; घाउको दाग पनि रहिरहेको छ; महोषध भन्ने पनि रहिरहेको छ; त्यसैले उसले मलाई कष्ट दियो; ऊ अहिले पनि मिथिला नगरमा रहिरहेको छ" आदि भनी बारबार सम्झिसम्झी रीस उठि नै रह्यो।

त्यो केवट्टको घटनाप्रक्रियाजस्तै मनमा एक न एक आलम्बन टाँसिरह्यो भने त्यसलाई चिन्तन गरी बारबार चिन्तन गरिरहनु लोभ उत्पन्न हुनको लागि, दोष उत्पन्न हुनको लागि, मोह उत्पन्न हुनको लागि, मान उत्पन्न हुनको लागि, क्लेश उत्पन्न हुनको लागि मूल कारण नै भयो। त्यसरी आसक्त होइने आलम्बनहरू कहाँबाट प्राप्त भए त भन्दा देख्नु, सुन्नु, सम्पर्क भएर जान्नुद्वारा प्राप्त भएर आएको हो। तिनीहरूलाई देख्ने बित्तिक्कै, सुन्ने बित्तिक्कै सम्पर्क भएर जान्ने बित्तिक्कै भाविता गर्न सकिएन भने लोभ पनि उत्पन्न हुनसक्छ। दोष, मोह, मान आदिहरू पनि उत्पन्न हुनसक्छ।



Downloaded from http://dhamma.digital

# भव र तृष्णा

३१- भूवनभित्र नरक भनेको अति नै नराम्रो भूमि हो । प्रेत, असुर काय र तिरश्चीन भन्ने भूमिहरू पनि राम्रा छैनन् । त्यसैले ती नराम्रा भवभूमि जस्ताहरूप्रति आसक्ति राखी रमाइलो ठान्ने तृष्णा उत्पन्न हुन सकिन्छ त भनी सोध्न सकिन्छ । जवाफ सजिलो छ । नरकलाई नरक भनेर नै सम्झी त्यसलाई राम्रो छैन भनी धारणा राख्ने व्यक्तिको निमित्त नरकप्रति आसक्ति हुन नजानु ठीकै छ । नरक भनेर थाहा नपाउने व्यक्तिले त राम्रो सम्झी त्यसलाई चाहना गरी आसक्त हुन्छ नै । त्यो धेरैजसोले सुनिराखेका मित्तविन्दकको विषयलाई नमूना राखी हेरेमा स्पष्ट हुनेहुन्छ ।

## मित्तविन्दक कथावस्तु

मित्तविन्दक भन्ने मानिस आफ्नी आमाको कुरा नसुनी आमालाई अगौरवपूर्वक दुर्वचन गरी अपराध गरेर घरबाट निस्की जताततै घुमिरहेको थियो । वर्तमान युगमा आवारा भई घरबाट भागेर हिँड्ने बालबालिकाहरूजस्ता थिए । त्यसरी जताततै हिँडिरहँदा समुद्रयात्रा गर्ने पानीजहाज रहने घाटमा पुगेर पानी जहाजमै बस्यो । समुद्रको माझमा पानीजहाज नचली दु:ख पर्न लाग्दा कोही अलच्छिन व्यक्ति जहाजमा भएकोले त्यसरी दु:ख भोग्नुपरेको हो भन्ने धारणा राखी त्यस्तो अभागीको रहेछ भनी गोला हालेर हेरे । त्यसबेला मित्तविन्दकमाथि दुर्भाग्यको गोला परेपछि त्यसलाई सानो बाँसको जोडाइमा हाली समुद्रमा बगाइ दिए । त्यसरी बगाइपठाउँदा तुरुन्तै जहाज पनि द्रुतगतिले चल्न थाल्यो । मित्तविन्दक हावा पानीअनुरूप बगाइँदै अघि उपोसथव्रत पालना गरेर आएको कुशलकर्मको कारणले चारजना वेमानिक प्रेतहरूको एउटा विमानमा पुग्नगयो । प्रेत भनिए पनि कुशल र अकुशल मिलेर प्रतिफल दिने ठाउँ भएको हुनाले ७ दिनभित्र देवताजस्तै सुखहरू अनुभव गर्न पाएर अर्को ७ दिनभित्र नारकीय दु:खभोग गर्नुपर्ने भूमि रहन गएको थियो ।

त्यहाँ पुग्न जाँदा विमानाधिकारी महिलाहरूले मित्तविन्दकलाई राम्ररी खुवाई पिलाई हेरचाह गरिराखे । ७ दिन पूरा भएपछि ती प्रेतनीहरूले उनलाई त्यसै विमानमा पर्खी बस्न भनेर ७ दिनपछि फर्केर आउने कुरा भनी आफूहरू



Downloaded from http://dhamma.digital

नरकदु:ख भोग्न हिँडे । मित्तविन्दक उनीहरूले बताएझैं पर्खिबसेन । उसको बाँसको जोडाईद्वारा फेरि यात्रा शुरू गरियो । उपोसथव्रत पालना गरेर आएको कुशलकर्मको कारणले सहयोग पाएको भएर उनी आठजना वेमानिक प्रेतनीहरू भएको एउटा विमानमा पुग्नगयो । त्यहाँ पनि ७ दिनमात्र बसी अघिजस्तै यात्रामा हिँडे । उपोसथव्रत पालना गरेर आएको कुशलकर्मको कारणले १६ जना वेमानिक प्रेतनीहरू भएको विमान अनि ३२ जना भएका विमानहरूमा क्रमश: पुग्नगयो । ती विमानहरूमा पनि ७ दिनसम्म मात्र रही अन्तिम यात्रामा निस्केको बेलामा आमाप्रति अपराध गरेर आएको अकुशलकर्मको कारणले समुद्रको एउटा नारकीय द्वीपमा पुग्नगयो । त्यहाँ यताउता हिँडिरहँदा घाँटीमा धारिलो चक्र घुमी दु:ख भोगिरहनुपर्ने नारकीय व्यक्तिसँग भेट भयो । त्यो नारकीय प्राणीलाई धारिलो चक्रले काटिरहेको ले रातो रातो रगतका फोहरा पनि निस्किरहेको थियो । दुखाईको कारणले चिच्याई चिच्याई रोइरहेको थियो त्यो बिचरो ।

## नरकको फूललाई सुनको फूल सम्झे

त्यसरी नरक भोगिरहेको देख्दा मित्तविन्दकमा एक किसिमको दृष्टि उब्जेर आयो । यो कस्तो मान्छे हो; त्यति साह्रो राम्रो फूल लगाई रहेर पनि किन घाँटी सुक्ने गरी चिच्याउँदै रोइरहेको होला ? यो फूल मैले लगाउन पाए कस्तो राम्रो हुन्थ्यो भनी तर्कना गरिरह्यो । त्यसलाई कारण बनाई पुराना प्रज्ञाविद्हरूले "नरकको फूललाई सुनको फूल सम्झन्छ" भनी उखान बनाइएको हुनसक्छ । "हे मित्र, तपाईंको त्यो घाँटीमा लगाइराखेको फूल मलाई दिनोस्" भनी उसले मागे । अनि नारकीय प्राणीले "हे मित्र, मेरो घाँटीमाथिको वस्तु सुनको फूल होइन; धारिलो चक्र हो । मेरो घाँटीमा काटिरहेको कुनै तरिकाले पनि छुल्न र बच्न सकिने रहेको छैन । अत्यन्त भयंकर धारिलो चक्र हो यो । अति नै पीडाजनक छ; यति साह्रो दु:ख तपाईंले मन नपराउनुस्" भनी वास्तविकता अगाडि राखिदिएर प्रार्थना गरे तर मित्तविन्दकले त्यसमा विश्वास गरेन । त्यसैले उल्टो त्यसको जवाफमा भन्नथाल्यो, "हे मित्र, फूललाई मैले मेरो आँखाले देखिनै रहेको छु; जानाजान मलाई ढाकछोप गरिरहनुपर्दैन । दिन मन नभएर धारिलो भनिरहेका छौ । यो फूल तपाईंले लगाइराखेको धेरै समय बितिसक्यो । अब मलाई दिनुस्" भनी फेरि प्रार्थना गरे ।



Downloaded from http://dhamma.digital

त्यसबेला नारकीय प्राणीले विचार गरे, "यो मान्छे मजस्तै ठूलो अकुशलकर्म रहेको जस्तो देखिन्छ। म पनि यो नरकबाट मुक्त हुने बेलामा आइपुगेको हो कि जस्तो देखिन्छ।" यति विचार गरेर उनले "लौ त मित्र, तिमीले चाहेको फूल लेऊ" भनी धारिलो चक्रलाई मित्तविन्दकमाथि फालिदियो। अनि त्यो धारिलो चक्र मित्तविन्दकको घाँटीमा पुग्नेबित्तिक्कै घुमी उनको घाँटी काट्न सुरु गरिहाल्यो। अनि मात्र मित्तविन्दकले सुनको फूल नभएको धारिलो चक्र भएको सही कुरा थाहा पायो। त्यो कुरा थाहापाए पनि त्यस धारिलो चक्रबाट मुक्त हुन नसकिने अवस्थामा पुग्यो। उसको अकुशलकर्म नसकिएसम्म त्यस धारिलो चक्रको कटाइ भोगिरहनुपर्ने नै भयो। त्यस कुरालाई आधार बनाएर हेरेको खण्डमा अकुशलकर्म भएका व्यक्तिहरूले नरकलाई पनि नरक भनेर नजान्नाले त्यसलाई राम्रो सम्झी आसक्त हुने र रमाउने गर्छन् भन्ने कुरा प्रष्टिएको छ। फेरि नरकभूमिलाई नरक भनेर जानेतापनि आफू स्वयं नै नरकमा पुगी नारकीय प्राणी भइरहने बेलामा भने आफै पनि त्यस जीवनमा रमाइरहने हुन्छ। नरकको दुःखलाई नचाहेपनि आफूले भोगेको जीवनलाई नै सुखसुविधायुक्त रहिरहोस् भन्ने चाहना राख्नेहुन्छ। त्यसले नरकस्कन्धमा नै रमाइरहेको भयो। तसर्थ नरकलाई पनि तृष्णाले आसक्त भई रमाइलो ठानी नरकस्कन्धमै पनि बगिरहन्छ भन्ने कुरा यहाँ स्पष्ट छ।

## प्रेतभूमिलाई पनि रुचाउँछ

प्रेतभूमि भनेको पनि नरकलोक जति नै दुःखदायी छ। प्रेतभूमिमा पनि आफू स्वयं प्रेत भइरहने बेलामा आफ्नो प्रेतजीवनलाई पनि मनपराइनै रहन्छ। उनीहरूमा समानजीवीबीच घरगृहस्थ बसाई समजीवीको रूपमा परस्परमा मन पराई आपसमा आसक्त भइरहने हुन्छ। ती प्रेतहरूमध्येमा दिनभरि दुःख र रातभरि सुख भोगेर ७ दिनसम्म दुःख अनि ७ दिनसम्म सुख भोगी अकुशल र कुशल मिश्रित रूपमा फल दिइरहने वेमानिक प्रेत भनिने पनि रहेका छन्। तिनीहरू कुशलले प्रतिफल दिने पालोमा देवताजस्तै सुखी रहन्छन्। तसर्थ त्यस्ताहरूलाई भेट्ने मानिसले समेत मन पराई तिनीहरूमा आसक्त भइरहन सक्छन्। असुरकाय भनाउँदाहरू त प्रेतसमान नै हुन्छन्।



Downloaded from http://dhamma.digital

# तिरश्चीनभावलाई पनि मन पराँउछ

तिरश्चीनमध्येमा पनि ऋद्धिसिद्धिले सम्पन्न नागहरू हुन्छन् । बुद्धकालीन अवस्थाको एरकपत्त नागराजकी छोरीले मानिसको भेष लिई पहेली सङ्गीत गाउँदै नाचेकी थिइन् । यो पहेली संगीतको जवाफ दिन सकेमा नागकन्यामा प्राप्त हुन्छ भनी नागराजले घोषणा गरेकोले नागकन्याको चाहना राखी जाने मानिसहरूको खुट्टा टेक्नसमेत ठाउँ नहुने गरी भीड लागेको थियो रे ।

अनि फेरि भूरिदत्त जातकमा मानिस राजकुमार र नागकन्या, नागराज र मानिस राजकुमारीहरू बीच विवाह गरी छोराछोरी जन्मेको कुरासमेत उल्लेख छ ।

चम्पेय्य जातकमा बोधिसत्त्वले समेत नागभावको प्रार्थना गर्न लागेकोले उनी पनि नागै भएको थियो भनेर बताइएको छ ।

विधुर जातकमा पुण्णक नामक देवयक्षले नागकन्यासँग प्रेम गरी ती नागकन्या र उनकी बुबा, मुमाहरूको कथनअनुसार विधुर पण्डितलाई नागलोक लगेको थियो भन्ने कुरा पनि लेखिएको छ ।

अत: तिरश्चीन भूमिलाई तृष्णाद्वारा मन पराई आसक्त हुनसक्छ भन्ने कुरा बताइरहनुपर्ला जस्तो देखिन्न । आधुनिक युगका मानिसहरूले पनि कुकुरलाई प्रेम गरी लालनपालन गरी पालिराख्छन् । अन्य तिरश्चीन प्राणीहरूलाई पनि पालनपोषण गरी पालिराख्छन् । त्यसरी मन पराउनु पनि आसक्ति नै हो ।

विशेषत: भाग्यले साथ नदिई कारण प्रतिकूल भइदिँदा आफू स्वयं कुकुर, सुँगुर, कुखुरा, गोरु, हात्ती, घोडाको योनिमा जन्मनुपर्दा ती जन्ममा आफ्नो शरीर र आफूप्रति पनि मन पराई आसक्त होइने हुन्छ । समजीवी समभागीहरूप्रति पनि मन पराई आसक्त होइने हुन्छ । चम्पेय्य जातक आदिको आधार लिई यस्ता कुरा जान्नसकिने हुन्छ । बोधिसत्त्वले आफ्नो बुबा ऋषिकहाँ मनुष्यभेष धारणगरी परिषद् परिवारसहित आई पूजा गर्ने चम्पेय्य नागराजको अवस्था देखी त्यस नागराजको अवस्थाप्रति चित्त झुकाई प्रार्थना गर्न थाले । तसर्थ त्यस जन्मबाट मरण हुँदा चम्पेय्य नागराज हुनपुग्यो । त्यसबेला सर्पको शरीर धारण गरी उत्पन्न भइरहनुपरेको देख्दा अति नै दु:खी र दुर्मन भइरह्यो तर सेविका नागकन्याहरूले नर्तकी मनुष्य महिलाहरूको भेष धारण गरी वाद्यवादन गरी नाचगानद्वारा रमाइदिँदा



Downloaded from http://dhamma.digital

तिनीहरूप्रति चित्त बुझ्न गई दुःखी दुर्मन हुनुजस्ता कुराहरू बिलाएर गई मज्जा र प्रसन्न हुनुजस्ता कुराहरू उब्जेर आए । त्यसैले आफ्नो जीवनप्रति आफू रमाएर आसक्त भइरहनु स्वाभाविक हुन्छ नै ।

मनुष्यजीवन, देवजीवनप्रति आसक्त हुने कुरा त भनिरहनु नपर्ला । यस्तै उनीहरू ब्रह्मजीवनप्रति पनि मन पराइरहन्छन् । कोही धर्मावलम्बीहरूले त ती ब्रह्मभूमिहरूलाई जरा व्याधि मरण हुनु नपर्ने अन्तरिक्षभूमि सम्झी मनपराएर त्यसको प्रार्थना गरिरहन्छन् । भगवान् बुद्धको पालामा "बक" नामक महाब्रह्माले आफ्नो जीवन आफ्नो भूमिलाई जरा, व्याधि र मरणरहित भई नित्य स्थिर भूमि सम्झी भगवान् बुद्धलाई समेत हर्षोल्लासका साथ आमन्त्रण गरिरह्यो । त्यसरी नसम्झिएता पनि दीर्घायु भई सुखपूर्वक बस्न पाएकोले आफ्ना भवभूमिलाई नै मज्जा ठानिरहेको थियो । एउटा महाब्रह्माले मनुष्यलोक, दिव्यलोकका मानिसहरू र देवताहरू बारबार उत्पन्न र विनाश हुँदै अल्पायु भइरहेको देखिरहेकोले तिनीहरूको ब्रह्मभूमिमा पुगी दीर्घायु भएर बस्नको निमित्त उद्योग गर्नुपर्छ भन्ने कुरालाई छातिमा भालाले घोचिरहँदा त्यस भालालाई यथाशक्य चाँडो झिक्न प्रयास गर्नु उचित भएजस्तै, टाउकोमा आगो बलिरहँदा त्यस आगोलाई यथाशक्य चाँडो निभाउन प्रयास गर्नु उचित भएजस्तै कामरागलाई हटाउन सक्ने ध्यान प्राप्तार्थ यथाशीघ्र प्रयास एवं उद्योग गर्नु उचित भएको कुरा उपदेश गरिरह्यो रे भनिन्छ ।

तर, शुद्धावास भूमिमा विशुद्ध व्यक्तिहरूमात्र रहने हुनाले त्यहाँ मज्जा ठान्ने कुरा हुन सक्ने भनी सोध्नुपर्ला जस्तो देखिन्छ । त्यस भूमिमा पनि अनागामी व्यक्तिहरू भवराग निरोध नभइसकेकोले उनीहरूका आ-आफ्ना भूमिहरूप्रति मज्जा त ठानिरहने हुन्छ नै ।

## अरूपभूमिलाई निर्वाण सम्झन्छ

अनि फेरि अरूपभूमिहरूमा पनि पृथग्जनहरू श्रोतापन्न सकृदागामी अनागामीहरू मज्जा ठानेर रहन्छन् नै । कोही कोहीले रूप नभई चित्त नाम मात्र रहेका ती अरूपभूमिहरूलाई निर्वाण भनी धारणा राखी त्यसको चाहनागरी प्रार्थना गरिरहन्छन् ।



Downloaded from http://dhamma.digital

# आलार र उदक

बोधिसत्त्वले भरखर भरखर गृहत्याग गरेर हिँड्नुहुँदा आलार र उदक नामक ऋषिहरूकहाँ गई ध्यानमार्गको तौरतरिका सिकेका थिए। ती आलार र उदक ऋषिहरूले आकिञ्चन्यायतन भूमि र नैवसंज्ञानासंज्ञायतनभूमिलाई निर्वाण सम्झी ती भूमिमा पुग्न आफैले पनि उद्योग गरेका थिए। अरूलाई पनि उपदेश गरी निर्देशन दिने गर्थे। बोधिसत्त्वले ती ध्यानहरूलाई पनि निर्वाणगामी कारण होइन भनेकोलाई जान्नुहुन्थ्यो। ती भूमिहरू पनि निर्वाण होइन भने थाहा पाउनुहुन्थ्यो। तसर्थ तिनीहरूले दिएको विधिअनुसार उद्योग गरी प्राप्त भएका ती आकिञ्चन्यायतनध्यान नैवसंज्ञानासंज्ञायतनध्यानहरूलाई परित्याग गरी निर्वाणगामी सही धर्मको गवेषण गरी बुद्धत्वमा पुग्नुभएको थियो। बुद्ध भइसक्नु भएपछि उपदेश गर्न भनी हेर्नुभएको अवस्थामा ती आलार र उदक ऋषिहरू निर्वाण भनी उनीहरूले सम्झिराखेका ती आकिञ्चन्यायतनभूमि र नैवसंज्ञा नासंज्ञायतन भूमिहरूमा पुगिरहेको देख्नुभयो। ती भूमिहरू रूप नभएको भएकोले अत्यन्त दीर्घआयु भएका हुन्छन्। आकिञ्चन्यायतन भूमि ६० हजार महाकल्प र नैवसंज्ञानासंज्ञायतन भूमि ८४ हजार महाकल्पसम्म दीर्धआयु भएका हुन्। ती आयुहरू सकिने बेलामा ती भूमिहरूबाट च्युत भई मनुष्यभूमिमा फेरि आउनुपर्ने हुन्छ। त्यस अवस्थामा बुद्धशासन पनि रहनेछैन। त्यसोभएर तिनीहरू मार्गफल र निर्वाणदेखि अति नै टाढा भएका हुन्छन्। तसर्थ भगवान् बुद्धले आलार र उदकहरूलाई; "**महाजानियो** = ठूलो हानि र क्षति भयो" भनी उनीहरूको निमित्त विषाद शब्द व्यक्त गर्नुभयो। अहिले भनेजस्तै भूमिको हिसाबले सबैभन्दा तल्लो नरकभूमिदेखि सर्वोच्च भवाग्र नामक नैवसंज्ञानासंज्ञायतनभूमिसम्म तृष्णाले आसक्त भई मज्जा ठान्नु व्यर्थ सिद्ध भएर जाने हुन्छ। त्यसरी बगेर जानुबाट रहित हुने गरी अभ्यास र उद्योग गर्नुपर्दछ।

# अरूलाई सानो नसम्झ

आफू स्वयंलाई ठूलो सम्झिकन अरूलाई सानो सम्झनु र अपमान गर्ने हुनुहुँदैन। भौतिक पक्षबाट पनि कसैलाई सानो सम्झनुहुँदैन र धार्मिक



Downloaded from http://dhamma.digital

पक्षबाट पनि। भौतिक पक्षबाट सानो सम्झनुमा जाति सम्बन्धबाट त्यस्तो सम्झने हुने गर्दछ। धनसम्पत्ति प्रज्ञाज्ञान श्रीऐश्वर्य सम्बन्धबाट पनि कसैलाई सानो सम्झिन्छ किनभने केही समय बित्दा आफूले सम्झिराखे जस्तो नभई कोही कोही उदार र महान् सम्झनुपर्ने व्यक्ति पनि हुन आउनसक्छ। यसरी सम्झँदा दुःखमा पुगेको एउटा नमूना कथावस्तु उल्लेखगर्नु उचित होला।

भगवान् बुद्धको पालामा ५०० भिक्षुसंघलाई राजा प्रसेनजित कोशलले निम्त्याई दिनहुं भोजन दान गर्थे। आयुष्मान् आनन्दको नेतृत्वमा त्यहाँ दिनहुं भोजन ग्रहण गर्न जानुहुन्थ्यो। महाराजले ७ दिनसम्म आफू स्वयंले अग्रसर भई भोजन दान दिए। अरू दिनहरूमा उनी आफैले पनि दान दिन सकेनन् र अरूलाई पनि जिम्मा लगाएनन्। ८ औं दिनमा संघहरू बस्न आसन समेत बिछ्याइराखेको थिएन। धेरैजसो भिक्षुहरू बस्ने ठाउँसमेत छैन भनी अन्यत्र निस्केर जानुभयो। अर्को दिनमा पनि त्यस्तै भयो। तेस्रो दिनमा संघहरू निस्केर गएको ले आयुष्मान् आनन्द एक जनामात्र बाकी रहनुभयो। आयुष्मान् आनन्दले त दाताहरूको श्रद्धाधर्मको मुख हेरी जसोतसो सहेर बस्नुभयो। त्यो बेलामा महाराज आई हेर्दा आयुष्मान् आनन्द एक्लै भई भोजन व्यञ्जन परिकारहरू जम्मै बढी भइरहेको देख्दा मनमा विस्मात् भई भगवान् बुद्धकहाँ गई निवेदन गर्न थाल्यो। "भन्ते, भगवन्, मेरो घरमा ५०० संघ पाल्नुहुन भनी निम्तो दिइराखेको थिएं। आयुष्मान् आनन्द एक्लैमात्र पाल्नुभयो। भिक्षुहरूले मेरो घरलाई किन प्रश्रय दिनु नभएको होला" भनी बिन्ति गरे।

Dhamma.Digital

## उपसंक्रमण गर्न योग्य दाताका ९ गुण

भगवान् बुद्धले "महाराज, मेरा शिष्य भिक्षुहरू तपाइंसित घनिष्ठता नभएको कारणले नआएका हुनसक्छन्," भनी आज्ञा गर्नुभई ९ गुणले सम्पन्न नभएको घरमा भिक्षुहरू उपसंक्रमण गर्न अयोग्य हुने र सम्पन्न भएको घरमा उपसंक्रमण गर्न योग्य हुने कुरा उपदेश दिनुभयो।

९ वटा गुणहरू निम्नप्रकारका छन्–

- मानसम्मानपूर्वक आसनबाट उठी स्वागत गर्नु
- मानसम्मानपूर्वक अभिवादन गर्नु
- मानसम्मानपूर्वक ठाउँ (आसन) दिनु



Downloaded from http://dhamma.digital

- भएको लाई गोप्य नराख्नु
- धेरै भएमा धेरै दान गर्नु
- राम्रो छ भने राम्रो दान गर्नु
- सत्कारसम्मानपूर्वक दान गर्नु
- उपदेश सुन्न उपसंक्रमण गरी बसिरहनु
- गरेको उपदेशलाई दिलचस्पीका साथ सुन्नु ।

फेरि भगवान् बुद्धले घनिष्ठता नभएको वाराणसीका राजाकहाँ भोजन भैषज्य परिष्कारहरू राम्रा राम्रा उपभोग गर्न पाएतापनि स्वास्थ्य ठीक नभई मरणासन्न अवस्थामा पुग्नजाँदा घनिष्ठता भएको शिष्य परिषद्कहाँ पुग्दा फलमूल जतिले मात्र भएतापनि थोरै दिन भित्रमै स्वस्थ भएर जान पाएको केशव ऋषिको कथावस्तुलाई पनि भन्नुभयो ।

## शाक्यवंशीहरूको अभिमान

अनि महाराजको मनमा "मैले भिक्षुसंघहरूसित घनिष्ठता बढाउनु उचित छ; ज्ञातिसम्बन्ध हुनेगरी गर्नुपऱ्यो" भनी विचार उत्पन्न भयो । तसर्थ शाक्यवंशी राजाहरूकहाँबाट एकजना छोरी चढाउन माग गरेर पठाए । शाक्यवंशीराजाहरूको ठाउँ शाक्य जनपद भनेको कोशल राष्ट्रभित्र समावेश भइराखेको छ । म्यान्मार् राष्ट्रमा समावेश भइरहेको श्यान् प्रदेशको एउटा प्रदेश जस्तै नै हो । तसर्थ कोशल महाराजले मागे जस्तै एकजना छोरी चढाएमा राम्रो हुनेछ । नचढाएमा दुःख हुनसक्छ । शाक्यवंशीहरू पनि अभिमानी छन् । विश्वमा उनीहरूको कुलवंश जति श्रेष्ठोत्तम अरू कुलवंश छैन । उनीहरूको वंशको एकजना चेलिबेटी अर्को वंशसित सम्पर्क गर्नुहुँदैन भन्ने धारणा उनीहरूको छ । त्यसैले शाक्य राजघरानाहरूले अपरझट जरूरी सभा बोलाई सल्लाह साहुती गरे ।

त्यसरी सभा गरी सल्लाह गर्दा राजा महानामले उनका दासीको तर्फबाट जन्मेकी एउटी छोरी भएको त्यस छोरीलाई दिलाइदिनु उचित हुने कुरा बताए । दासी भनेतापनि पूरा दासी त होइन; अगाडि हुकुमधारी राजाहरूले सबै राष्ट्रवासीहरूलाई दासदासी भनेर नै भन्ने व्यवहार गर्ने सम्झिने गर्दथे । त्यसैले राष्ट्रवासी नारीहरूमध्येबाट नै एकजना कुनै एउटा सेठपुत्री व्यापारी पनि हुनसक्छिन् र शाक्यवंशी राजखलकबाट नभई



Downloaded from http://dhamma.digital

राष्ट्रवासी सेविकातर्फबाट जन्मेकी एउटी पुत्रीलाई दिन उचित भएको कुरा बताइयो । त्यस कुरामा सबैको चित्त बुझी त्यस नागरिकबाट जन्मेकी छोरीलाई विवाह गरिदिए । शुद्ध शाक्यवंशी राजकुमारी मागेकोमा आमाको तर्फबाट शुद्धजाति नभएकी राजकुमारीलाई दिइपठाए भन्दाखेरि छलकपट गरी दिएको ठहरिन्छ । छल गर्नुभनेको छल गरेको थाहा नपाएसम्म चित्तबुझि राख्ने हुनसक्छ तर थाहा पाएपछि चाहिँ छल्ने व्यक्तिप्रति असाध्य रीस जाग्छ ।

त्यसरी दासीपुत्रीलाई दिइपठाएको बेलामा कोशल नरेशका राजदूतहरूले त्यस महानाम राजाकी मठ्याहा छोरीलाई लिएर राजाकहाँ चढाए । राजाले पनि साँच्चिकै शुद्ध शाक्य राजकुमारी नै हुन् भनी विश्वास गरी असाध्य मनपराएकोले बडामहारानीको रूपमा नियुक्त गरिराखे । उनको नाउँ वासभखत्तिया थियो । पछि वासभखत्तियाबाट एउटा पुत्ररत्न जन्मियो । त्यस राजकुमारको नाउँ विडूडभ राखियो । राजा विडूडभलाई अति नै मानमान्यता दिएकोले सानै उमेर देखि नै त्यसलाई सेनापति पदमा नियुक्त गरिराखियो ।

विडूडभ ७ वर्षको उमेरमा पुग्दा उनले आफ्नी आमासित सोध्यो, “आमा ! अन्य राजकुमारहरूले आमातिरबाटका हजुरआमा, सानीआमा, ठूलीआमाहरूको तर्फबाट हात्ती, घोडा आदि खेलौनाहरू उपहारको रूपमा पाइराखेका छन् । मैले त आमातिरबाटका ज्ञातिबन्धुहरूको तर्फबाट उपहार भनेको केही पनि पाएको छैन । आमाको आमा हुनुहुन्नकी क्या हो ?” भनी सोध्यो । अनि आमा चाहिँले वास्तविक कुरा भनिदिएको खण्डमा छलकपट गरेको साबित भई दुःखकष्ट हुनसक्नेछ भन्ने कुरा बुझेको भएर पर्यायद्वारा चिन्तन गरी भन्नुपर्‍यो भनी यी कुरा बताइन्– “बाबु, मेरा आमाबाबु ज्ञातिबन्धुहरू शाक्यवंशी राजखलकहरू हुन् । कपिलवस्तु नगरमा छन् । कपिलवस्तु राज्यका राजा महानाम मेरो बुबा हुनुहुन्छ । तिम्रो हजुरबा हुनुहुन्छ । ठाउँ टाढा परेकोले उनीहरूको तर्फबाट उपहार पठाउन नसकिएको हो ।” विडूडभ १६ वर्षको उमेरमा पुगेको बेलामा विडूडभले हजुरबा राजा महानामसहित आमातिरका ज्ञातिबन्धुहरूको दर्शन गर्न चाहेकोले त्यहाँ जानको निमित्त आज्ञा माग्यो । आमाले नजानको निमित्त बारबार रोकिन् । अन्त्यमा रोक्न नसकी अनुमति दिन कर लाग्यो । वासभखत्तियाले विडूडभ त्यहाँ आइपुग्दा सबै कामकुरा अनुकूल हुनेगरी पहिले नै विचार पुर्‍याएर गरिराख्न खबर पुर्‍याइन् । शाक्यवंशी राजखलकले विडूडभलाई



Downloaded from http://dhamma.digital

दासीतर्फको निक्ति सम्फी अगौरवका साथ व्यवहार गर्लान् भन्ने डरले त्यसरी पहिले नै खबर पुऱ्याउनुपरेको थियो ।

## विड़ूडभप्रति अवहेलना

शाक्यवंशी राजखलकहरूले विड़ूडभ आइपुग्ने दिनमा विड़ूडभभन्दा साना राजकुमारहरूलाई टाढा पठाइराखे । विड़ूडभ आइपुग्दा राम्ररी आगन्तुक सत्कार गरे । "यो राजकुमारको हजुरबा, यो ठूलोबा आदि" भनी ज्ञातिबन्धुको परिचय दिए । विड़ूडभले हजुरबा, ठूलोबा आदि ज्ञातिबन्धुहरूलाई अभिवादन चढाए । त्यसरी अभिवादन चढाउँदा "मलाई अभिवादन गर्ने त कोही छैन कि क्या हो ?" भनी भने । अनि शाक्यवंशी राजाहरूले "स-साना राजकुमारहरू टाढा टाढा पुगिराखेका हुनाले हो" भनी आतिथ्य सत्कार गरी खानपान गराए । केही दिन बसेर फर्कन लागेको बेला शाक्यवंशी राजाहरूकी एउटी दासीले "यो ठाउँमा वासभखत्तिया नाउँकी दासीपुत्र बसेर गएको ठाउँ भी दूधले धोइरहिन् । त्यो बेलामा विड़ूडभले बिर्सेर छोडेर गएको शस्त्र लिन विड़ूडभका एक सेना त्यहाँ आइपुग्दा त्यसरी भनिरहेको अवसरमा परी ती दासीले गाली गर्दै दूधले ठाउँ धोइरहेकी त्यसले देख्यो र सुन्यो पनि । त्यस व्यक्तिले आफ्ना साथीहरूलाई एकपछि अर्को गर्दै भन्दै जाँदा विड़ूडभकी आमा वासभखत्तिया शुद्ध माताबाट जन्मेकी राजकुमारी होइन रे; दासीपुत्री रे भनी भन्दै जाँदा सबैजसोले थाहा पाउनलागे । त्यो कुरा विड़ूडभले पनि थाहा पाए । उनी रिसाएर आगो भए । "तिनीहरूले हामी बसेको ठाउँलाई दूधले धोए । धुन देऊ; म राजा हुने बेलामा तिनीहरूको गलाको रगतले यो ठाउँलाई फेरि धुनेछु" भनी मनमा निर्णय राखिछाडे ।

## अभिमानको कारणले शाक्यवंशी राजाहरूमा भय आइलागे

पछि राजा विड़ूडभले राज्य प्राप्त गरिसकेपछि शाक्यवंशी राजखलकहरू सबैलाई सखाप पारिदिन्छु भन्ने उद्देश्यले कपिलवस्तुतिर धावा बोले । भगवान् बुद्धले त्यसको विद्रोहलाई देख्नुभएकोले उनलाई उपदेश



Downloaded from http://dhamma.digital

दिएर रोक्नुभयो । तीनपटकसम्म भगवान् बुद्धले रोकेको हुनाले विडूडभले सैन्य फिर्ता गरी फर्के । चौथोपटक धावा बोल्दा भगवान् बुद्धले रोक्नुभएन र मध्यस्थता अपनाउनुभयो । त्यसबेला विडूडभले "हजुरबा महानामकहाँ भएका व्यक्तिहरूबाहेक सारा शाक्यवंशी राजखलकलाई मारिदेऊ" भनी हुकुम दिए । विडूडभका वीर योद्धाहरूले शाक्यवंशी राजखलक भनी स्वीकार्ने सबैलाई मार्न लागे । दूधे बालकहरूलाई समेत बाकी नराखी मारे । बाकी रहेकाहरूमा घाँस समाउँदै शाक्यवंशी होइनौ ; घाँस घाँस भनी बरबराउनेहरू, बेट समाउँदै बेट बेट भनी बरबराउनेहरू र महानाम राजाकहाँ भएका व्यक्तिहरू मात्र बाकी रहे ।

यसरी सम्पूर्ण शाक्यवंशी खलकहरूले दु:ख भोग्नुपरेको कारण आफ्नो कुलवंश मात्र ठूलो भनी अरूहरूप्रति अवहेलना गरेकोले नै हो । कसैलाई सानो वा निक्ति सम्भन लागियो भने गौरव गर्नुपर्ने व्यक्तिलाई अगौरव हुनजान्छ ; उपहास गरी भनिने बोलिने हुन्छ । अरूहरूलाई सानो सम्भने शाक्यवंशीहरूले जति भयंकर अनर्थ भोग्नुपरेको हो त्यति नपरेतापनि केही हदसम्म त दु:ख भोग्नुपर्‍यो र अनर्थ भइहाल्यो । कोही एकसाथ उठबस गरी व्यवहार गरिरहने व्यक्ति पनि परस्परमा ठूलोसानोको भेदभावले अगौरवपूर्वक व्यवहार गर्न लाग्नाले असन्तुष्ट भएका हुन्छन् । भेदभावले गर्दा सहयोग दिने गरेका व्यक्तिहरूले पनि सहयोग नदिई बस्ने हुन्छ । शत्रुलाई सानो सम्भिनाले दु:खभोग्नु परेको धेरै उदाहरण छन् ।

यसरी भेदभावले अनर्थ सृजना गराउनसक्ने भएकोले आ-आफूमात्र ठूलो सम्भी अरूलाई सानो सम्भन नहुने कुरा देखिन्छ । यहाँ उल्लेख गरिएको कुरा त लौकिक क्षेत्रमा सानो सम्भन नहुने कुरा भयो । धर्मको पक्षमा आ-आफू नै ठूलो सम्भी अरूलाई सानो सम्भने व्यवहारलाई हटाउनको निमित्त यो उपदेश प्रमुख उपदेश हुनआउँछ । कस्तो त भन्दा "यो व्यक्ति म जस्तो शील परिशुद्ध छैन; मैले जस्तै सत्पुरुषधर्मको आचरण गर्न सक्तैन; मैले जस्तै कर्मस्थान भावनाधर्मको उद्योग र अभ्यास गर्न सक्तैन । यो व्यक्तिमा सत्पुरुषधर्म छैन । त्यो त धर्मको पक्षमा जंगली नै छ । अन्धपृथग्जन नै छ" आदि भनी मानिसले अरूहरूलाई सानो सम्भन सक्छ । अरूहरूलाई सानो सम्भिनेले आफूलाई ठूलो सम्भिने भइहाल्यो । सम्भने प्रक्रिया त "मेरो शील अरूहरूको भन्दा शुद्ध छ; सत्पुरुषधर्मले पनि म सम्पन्न छु । आर्य श्रोतापन्न भइसकें । मैले ध्यानभावना उद्योग र अभ्यास गरेको पनि सिद्ध भई पूर्ण भइसक्यो ।" आदि भन्ने भान हुनसक्छ । आ-आफू



Downloaded from http://dhamma.digital

मात्र ठूलो सम्झी अरूप्रति सानो सम्झनु उचित छैन किनकि अरूहरू आफूले सम्झेजस्तो व्यक्ति नहुन पनि सक्छ। अहिलेको अवस्थामा अरू आफूजतिको उच्चश्रेणीको नभएको भएतापनि पछि गएर आफूभन्दा पनि उच्चत्वमा पुग्नजान पनि सक्छ। त्यसैले अरूहरूलाई सानो र तुच्छ नसम्झनु राम्रो हुन्छ।

आ-आफू नै ठूलो सम्झनु भनेको धर्म स्वरूपको हिसाबले मान नै हो र यो मान (अभिमान) पृथग्जनमा मात्र हुने होइन; मानिस श्रोतापन्न, सकृदागामी, अनागामी आर्यपुद्गलसम्ममा पनि भएको हुन्छ तर विशेषता के छ भने आर्यपुद्गलहरूमा भएको मान आफूमा साँच्चिकै भएको सहीरूपमा रहेको गुणलाई मात्र आधार बनाई उत्पन्न हुन्छ ; त्यो सही नरहेर ठूलो सम्झिएको जस्तो होइन; तसर्थ त्यस किसिमको मानलाई याथावमान भन्दछ। सही ढङ्गले गौरव ठान्नुपर्ने ठाउँमा मात्र गौरव ठान्ने मान भन्ने तात्पर्य हो।

पृथग्जनहरू केही नभएको मा पनि गौरव मानेर ठूलो सम्झिरहन सक्दछ। त्यसरी सही नभएर ठूलो सम्झनुलाई अयाथावमान भनिन्छ।

विपश्यनाभावनाधर्म उद्योग र अभ्यास गरेर श्रोतापन्न हुने अवस्थामा यो अयाथावमान भन्ने कुरा उही नभइकन नै ठूलो सम्झने मात्र प्रहीण हुन्छ तर भएको गुणसित सम्बन्ध राखी उत्पन्न हुने याथावमान त रहिरहेकै हुन्छ। त्यो याथावमान पनि क्रमशः उद्योग र अभ्यास गरेर अरहत्तमार्गमा पुग्ने अवस्थामा बिल्कुल प्रहीण भएर जान्छ। त्यसैले आफू आफूमा ठूलो सम्झनु अरूहरूप्रति तुच्छ सम्झनु यो अभिमान बिल्कुल प्रहीण हुनेगरी अरहत्तमार्ग फलमा पुगी अरहन्तहुनुसम्म उद्योग र अभ्यास गरेर जानुपर्नेछ।

## छलाएर रहन नपरोस्

रमाइला आलम्बनहरूप्रति मन लगाएर रमाएर बगेर जानसक्ने तृष्णालाई बगाउन दिनुहुन्न, उत्पादन गराउन दिनुहुन्न। त्यस्ता तृष्णालाई बग्ने अवसर उत्पन्न हुने मौका नै नपाउने गरी उत्पन्न हुने जति आलम्बनहरूलाई निरन्तर भाविता गरी स्मृति राखिरहनुपर्दछ। वास्तवमा निरन्तर भाविता गरी स्मृति राखिरहेको खण्डमा देखिने पनि उत्पन्न भएर



Downloaded from http://dhamma.digital

लोभ भई जाने भएको ले यो नित्य छैन; अनित्य, दु:ख र अनात्म नै हो भन्ने कुरा बोध हुन आउँछ । सुनिने, सुँघिने, खाएर जानिने, स्पर्श गरिने र चिन्तन गरेर जानिनेहरू पनि उत्पन्न भएर लोप भइजाने भएकोले यो नित्य छैन; अनित्य, दु:ख र अनात्म नै हो भन्ने कुरा बोध हुनआउँछ । तसर्थ कुनै क्षेत्रमा पनि लिप्त भएर मज्जा ठान्नु योग्य छैन; भाविता गर्न नसकेर, स्मृति राख्न नसकेर, जान्न नसकेर मात्र यी छ आलम्बनहरूप्रति मज्जा ठान्नु योग्य सम्झिराखेका हुन् । मज्जाठान्नु योग्य सम्झेपछि त्यस्ता आलम्बनहरूको पछि लागेर त्यसमा लट्ठपरी दु:खमा परिहाल्ने त भयो नै ।

# ७ वर्ष ७ महिना गर्भधारण

भगवान् बुद्धको पालामा कोलीय राजवंशकी सुप्पवासा नाउँ भएकी एउटी महिला थिइन् । ती सुप्पवासाले अतीतका अकुशलकर्मले प्रतिफल दिई दु:ख भोग्नुपरेकोले गर्भधारण गर्नुपरेको अरूले जस्तो ९-१० महिना जतिमात्र नभइकन ७ वर्ष ७ महिनासम्म भएको थियो । पछि बच्चा जन्माउन लाग्दा पनि ७ दिनसम्म महान् दु:ख भोगी जन्माइन् । जन्मेको बालकचाहिँ सामान्य व्यक्ति थिएन; आयुष्मान् सीवलि नामले प्रख्यात हुने भावी सन्तान नै थियो ।

ती आमा छोरा दुइजना अतीतको एक जन्ममा वाराणसी राजाका बडामहारानी र राजपुत्र भएर आइसकेका थिए । त्यसबेला कोशलराजाले वाराणसी राष्ट्रप्रति युद्धगरी कब्जामा पारेको थियो । वाराणसीका राजाको हत्या गरिएको थियो । उनकी बडामहारानीलाई भने बडामहारानीकै रूपमा अधीनस्थ पारिराखियो । राजकुमार भागेर यताउता लुक्दालुक्दै आफैले सैन्यशक्ति बटुलेर आफ्नो बुबाको अंश वाराणसी राष्ट्रलाई आफ्नै कब्जामा पार्न अगाडि बढ्दै जान लाग्यो । आमाका सल्लाहसुझावअनुसार शहरलाई घेरामा हाली कोशल राजालाई आत्मसमर्पण गर्ने हो कि युद्ध गर्ने भनी युद्धको लागि आह्वान गरे तर राजाले आत्मसमर्पण पनि गरेनन्; निस्केर युद्ध पनि गरेनन् । नागरिकहरूले पनि चाहिने सामग्रीहरू घेराबाट छुट्टिएका साना साना ढोकाहरूबाट ओसार्न पाइराखेकोले उनीहरूलाई सजिलो भइराखेको थियो । त्यो घेराउ ७ वर्ष ७ महिनासम्म लम्बिएको थियो ।



Downloaded from http://dhamma.digital

त्यसोहुँदा आमाको अर्को सुझाव अनुसार स-साना ढोकाहरूसमेत कडाईका साथ बन्द गरिराखे । त्यसरी शहरलाई नाकाबन्द गरी ७ दिन बित्दा नागरिकहरूले सहन नसकी कोशल राजालाई मारी त्यस राजकुमारलाई नै राजा नियुक्त गरे । त्यसरी शहरलाई नाकाबन्दी गरी राखेको अकुशलकर्मको कारणले भावी आयुष्मान सीवली अवीचि नरकमा पतन भई पृथ्वीको एक योजनसम्म माथि चढ्न लाग्दासम्म अनगिन्ती वर्ष दु:ख भोगेर आउनुपरेको थियो । अहिले यो अन्तिम जन्ममा पनि ७ वर्ष ७ महिनासम्म गर्भमा बस्नुपऱ्यो । ७ दिनसम्म कडाईका साथ नाकाबन्दी गरेर आएको अकुशलकर्मको कारणले जन्मिएको बेला ७ दिनसम्म दु:ख भोग्नुपऱ्यो । यो अकुशलकार्य अति नै डरलाग्दो हुन्छ भन्ने तात्पर्य हो ।

त्यसरी जन्मिसकेपछि विजायनमङ्गल उत्सव मनाउने उद्देश्यले बुद्धप्रमुख संघलाई भोजन दान दिए । त्यस अवस्थामा आयुष्मान् सारिपुत्र स्थविरले बालक सीवलीलाई छेउमा बोलाई कुराकानी गर्नुभयो । यो बालक पनि भरखर जन्मेको भएतापनि उसको उमेर ७ वर्ष पुगिसक्यो । त्यसैले अरूले भनेको पनि उसले बुझ्छ; आफूले पनि कुरा गर्छ । जान्न पनि सक्छ । सारिपुत्र महास्थविरले कुरा गर्नुभएको प्रक्रिया त "कसो बाबु, तिमीलाई आमाको गर्भमा प्रतिसन्धि ग्रहण गरिरहनुपर्दा दु:ख भएन ? डर लागेन ?" भनी ऊ सुहाउँदो विषयवस्तुलाई नै सोध्नुभयो । अनि बालकले "भन्ते ! दु:खपूर्ण छ; अति नै डरलाग्दो छ" भनी निवेदन गऱ्यो । त्यो कुरा सुनेर आमाचाहिँको मनमा असाध्य चित्त बुझी सन्तोष भइरह्यो । मेरो छोरो अति विशिष्ट छोरो हो; अहो ! आयुष्मान् सारिपुत्र महास्थविरसँग समेत धर्मको कुरा गर्न सक्तछ; छलफल गर्न सक्तछ । विशिष्ट व्यक्ति नै रहेछ" भनी विचार गरेर सन्तोष भइरहिन् । त्यसबेला भगवान् बुद्धले "प्रियपुत्री सुप्पवासा, .... यस्तो पुत्ररत्न फेरि पनि पाइन्छ भने पाउने इच्छा छ ?" भनी सोध्नुभयो । अनि सुप्पवासाले "भन्ते, यस्तो नै पुत्ररत्न पाइन्छ भने सातवटासम्म पनि पाउन चाहन्छु" भनी निवेदन चढाइन् । त्यसबेला भगवान् बुद्धले यो धर्मगाथा उदानका रूपमा व्यक्त गर्नुभयो–

**असातं सातरूपेन; पियरूपेन अप्पियं ।**
**दुक्खं सुखस्स रूपेन; पमत्त मतिवत्तति ॥**

**असातं** = मज्जा ठान्नु योग्य नभएको विषयले; **सातरूपेन** = मज्जा ठान्नु योग्यजस्तो नक्कल गरी; **पमत्तं** = प्रमादी भएको व्यक्तिलाई; **अतिवत्तति** = अभिभूत पारेर पीडा दिन्छ ।



Downloaded from http://dhamma.digital

# मज्जालाग्दो रूपाचरण गरी कष्ट दिन्छ

यो ठाउँमा प्रमादी हुनु भनेको केही पनि नजान्ने भएको जस्तोलाई भनिएको होइन; अहिले योगीहरूले स्मृति राखी जानिरहेको स्मृति सम्प्रजन्य नभइकन अलग्ग भइरहेको, दूरदर्शी विवेकी भई निरीक्षण गर्नु स्मृतिसम्प्रजन्य नरही अलग्गिएकोलाई नै प्रमत्त भइरहेको छ भन्ने तात्पर्य हो । त्यसरी प्रमत्त भइरहेको व्यक्तिलाई अलिकति पनि मज्जा नलाग्ने विषयहरूले मज्जालाग्दो जस्तो भई नक्कल गरेर अभिभूत पारी कष्ट दिनसक्छ । स्वच्छ सरल भई सामान्यरूपमा कुनै ख्याल नराखी बस्ने व्यक्तिलाई जाली फटाहाले राम्रो व्यक्तिजस्तो भई नक्कल गरेर ठगेर जानेजस्तै हो । मज्जा ठान्नु नपर्ने विषयहरूले मज्जालाग्दो रूपधारण गरी अभिभूत पारी कष्ट दिनसक्छ ।

अहिले सुप्पवासा नामकी महिलाले एउटा छोराको निमित्त ७ वर्ष ७ महिनासम्म गर्भधारण गरी अतिदुःख भोग्नुपर्‍यो । जन्माउँदा पनि ७ दिनसम्म अति दुःख भोग्नुपर्‍यो । यतिसम्म दुःख खप्नुपर्नेजस्ता छोराहरू फेरि पनि ७ जनासम्म चाहन्छिन् भन्दा मज्जा ठान्नु नपर्ने क्षेत्रमा उनको मनमा उनले सोच्न नसकेको हुनाले मज्जा ठानी बसेकिछिन् । यो मज्जा ठान्नु नपर्नेलाई मज्जा ठान्ने रूपधारण गरी छलछाम पारी सास्ति दिइराखेको नै हो । कस्तो खाले मानिसलाई दुःख दिइरहन्छ त भन्दा **पमत्तं** = प्रमादी भई बस्ने व्यक्तिलाई सास्ति दिइरहन्छ । कसरी हृदयङ्गम गरी निरीक्षण परीक्षण गर्नुपर्दछ त भन्दा भएभरका दुःखधर्मलाई "यो त दुःख नै हो" भनेर पनि निरीक्षण र परीक्षण गर्नुपर्नेछ; ती दुःखहरू उत्पन्न भएर आउने कारणलाई पनि "यो त दुःख उत्पन्न गर्ने कारण नै हो" भनेर पनि हृदयङ्गम गरी निरीक्षण र परीक्षण गर्नुपर्छ ।

लौकिक पक्षबाट भन्ने हो भने खानपान बसोबास आदिको निमित्त चिन्तनगर्नु व्यापार गर्नु नभइकन वास्ता नराखी बस्ने व्यक्ति प्रमादी व्यक्ति नै हो । लौकिक अवस्थाको सम्बन्धमा दूरदर्शिता नराखी निरीक्षण परीक्षण नगर्ने व्यक्ति प्रमादी व्यक्ति नै हो । त्यस्तो व्यक्तिलाई चलाखी गर्ने व्यक्तिहरूले मामुली निक्ति कुराले ठिक्क पारी छलेर लैजान्छन् । सांसारिक पक्षबाट भन्ने हो भने भविष्य संसारको निमित्त कुशल, अकुशलतिर विचार नगरी वर्तमान जीवन राम्रो पार्नको निमित्त मात्र उद्योग परिश्रम गरिरहने व्यक्ति प्रमादी व्यक्ति नै हो । त्यस्तो व्यक्तिलाई एक जन्मको कामगुण आलम्बनहरूले



Downloaded from http://dhamma.digital

असाध्य मूल्यवान् रहेको रूपमा ठिक्क पारी नक्कल गरेर छलेर लैजान्छ। कुन बेलामा मात्र ठगेर लगेकोलाई सहीरूपमा थाहापाइन्छ त भन्दा मरणासन्न अवस्थामा पनि थाहा पाउन सक्छ ; कसैकसैले त मरण भएर अर्को जन्ममा पुग्दा मात्र थाहा पाउन सक्छ।

# मरेर प्रेत भएपछि मात्र कर्म र कर्मको प्रतिफल बुझ्छ

धर्माशोक महाराजको जमानामा सुरट्ठ राष्ट्रमा "नन्दक" भन्ने एकजना मानिस थियो। उसले कुशलकर्म भनेको छैन; अकुशलकर्म पनि छैन; कर्मको प्रतिफल छैन; अर्को जन्म छैन भन्ने आफ्नो दृष्टिकोणलाई सही मानेर चित्तबुझाइराखेको थियो । त्यसैले वर्तमान प्रत्यक्ष जीवनको लागि मात्र उसले प्रयत्न गरिरहेको थियो । मरणपछि त्यो विन्ध्यावनमा प्रेत भएर जन्मियो। त्यसबेलामा मात्र "कर्म र कर्मको प्रतिफल छ; अर्को जन्म छ" भनि आफैले जानेर अरूलाई मज्जा ठान्नु अयोग्यहरूको ठगीमा परेको यथार्थतालाई बुझ्यो। त्यसबेला उसकी छोरी उत्तराले पिउने पानी र खाने रोटी संघलाई दान गरी पुण्य दान गरिन्। तब त्यसलाई अनुमोदन गरी उसमा दिव्य खाद्यभोज्य पेयपदार्थहरू चाहेजति थुप्रै लाभ भयो। अनि उसले अघिल्लो जन्ममा मिथ्यादृष्टिक भएर आएको भूललाई अझबढी जान्यो। यसरी थाहापाउनु स्वाभाविक नै हो।

# नभुल्नु अत्यावश्यक छ

संसारको सम्बन्धको कुरा नभुल्नु अत्यावश्यक छ किनभने अर्को जन्म संसार भरी दु:ख कम गरी सुखले सम्पन्न हुने गरी नराम्रो अकुशलबाट विरत हुनुपर्दछ। राम्रा कुशलकर्महरू जतिसक्यो उति गर्नुपर्दछ। यसरी गरेर गएको खण्डमा त्यस्तालाई संसारको सम्बन्धमा नभुल्ने व्यक्ति भनी भन्नयोग्य हुन्छ।

विशेषत: अझ महत्त्वपूर्ण कुरा त संसारबाट विमुक्त हुन नबिर्सनु



Downloaded from http://dhamma.digital

नै हो । त्यो कसो त भन्दा आफ्नो सन्तानमा (आफूमा) निरन्तर उत्पत्ति विनाश भइरहेको नामरूपधर्महरूलाई भाविताद्वारा स्मृति राखी होश भएको हुनुपर्नेछ । त्यसरी भाविता गर्न सकिएन र स्मृति राख्न सकिएन भने ती निरन्तर उत्पत्ति विनाश भइरहने नामरूपहरूलाई नै शुभ र राम्रो सम्झिरहन सक्छ । त्यसरी राम्रो सम्झँदा तिनीहरूमा नै मज्जा मानिरहन्छ । देखाइमा पनि मज्जा मानिरहन्छ, सुनाइ, सुँघाइ, खवाइ, स्पर्श गराईमा चिन्तन गरी पनि मज्जा मानिरहन्छ । सबै थोकमा नै मज्जा मानिरहन्छ । त्यसरी मज्जा मानिरहँदा ती मज्जामान्नुपर्ने आलम्बनहरूको निमित्त वर्तमान अवस्थामा पनि दुःख भोगिरहनुपर्दछ । कर्म राम्रो नभई कारण नजुत्ने बेलामा अपायमा पुगेर पनि दुःख भोग्नुपर्दछ । निरन्तर भाविता गरी स्मृति राखी होश राखेमा ती नामरूपहरूलाई अनित्य, दुःख र अनात्म नै हुन् भनेर यथार्थरूपमा जानिन्छ । यसरी जानिँदा ती आलम्बनहरूको निमित्त वर्तमान अवस्थामा पनि दुःख भोग्नुपर्ने भएन । अपाय संसारतिर पनि पतन हुनुपर्ने भएन । कारण जुटेमा यसरी स्मृति राख्दाराख्दै आर्यमार्गफल विशिष्ट धर्म पनि प्राप्त हुनसक्तछ । यसरी प्राप्त भएको खण्डमा कमसेकम अपायसंसारबाट बिल्कुल मुक्त भएर जान्छ । त्यसैले मज्जा मान्नुनहुने तुच्छ चीजहरूद्वारा कष्ट हुनसक्नेगरी प्रमाद नहुनु अत्यावश्यक छ ।

## गोरु छुट्टिंदा बाघको आहार हुन्छ

संसारमा चुग्ली कुरा गरिने कार्य निक्कै बढिरहेको छ । अरूको दोष दुर्गुण जथाभावी भन्नु, सुन्नु र दोहोऱ्याई भन्नु, सबैजसोलाई मनपर्दछ । सत्पुरुषधर्ममा रमाइरहने व्यक्तिहरूमात्र यस्ता दुश्चरित्रका कुराहरूबाट अलग्ग रहन्छन् । तसर्थ सत्पुरुषधर्मको चाहना र कामना गर्ने व्यक्तिहरूले सल्लेख सूत्रोपदेश अनुसार आचरण गर्नुपर्दछ । "अरूले चुग्लीकुरा गर्ने ठाउँमा आफूले चुग्ली कुराबाट अलग्ग रहन्छु" भनी हृदयङ्गम गरी समादान गरेर आचरण गर्नु राम्रो छ ।



Downloaded from http://dhamma.digital

# भेदउपाय

वचीदुश्चरित्रबाट अलग्ग हुनेगरी आचरण गरिरहनसक्नु धर्मको पक्षबाट हेर्ने हो भने अति उत्तम छ तर लौकिक पक्षबाट हेरिरहेको खण्डमा यस्तो चुग्ली गरिने कुरा पनि आ-आफ्नो ठाउँ र समयअनुसार गरिनु उचित छ भनी धारणा राखिराखेका हुन्छन् । अतीतका राजाहरूले मिलिजुली बसेका अर्को पक्षका व्यक्तिहरूलाई भेदउपायद्वारा विभेद हुनेगरी कार्य गरेर विजय हासिल गर्दथे । राजा अजातशत्रुले मेलमिलाप भएका वैशालीका गणपतिहरूलाई चुग्ली गर्नु भन्ने भेदउपायद्वारा विभेद हुनेगरी कार्य गरेर विजय हासिल गरे ।

कसरी त भन्दा– राजा अजातशत्रुले वर्षाकार नामक ब्राह्मण महामात्यलाई देश निकाला गरेको बहाना गरी निकाली पठाए। त्यो ब्राह्मण वैशाली राष्ट्रमा गए। कोही कोही वैशालीका गणराजहरूले "यो वर्षाकार ब्राह्मण अति नै कुटिल छ; तसर्थ यस ब्राह्मणलाई स्वीकार्नु योग्य छैन" भनी विरोध गरे तर धेरै जसो लिच्छवी गणराजहरूले यो ब्राह्मणलाई देशनिकाला गरिनु हाम्रो लाभको निमित्त हाम्रो पक्षमा बोलेको ले हो। तसर्थ स्वीकार्नु योग्य छ" भनी समर्थन गरी स्वीकार गरे । स-साना राजकुमारहरूलाई शिक्षा दिन सोअनुरूप पदवी पनि दिइराखे ।

# वर्षाकारको चुग्लीप्रक्रिया

वर्षाकार ब्राह्मणले सुरुसुरुमा त धेरै विश्वास पर्नेगरी राजकुमार हरूलाई राम्ररी शिक्षा दिनलाग्यो । राजकुमारहरूले गुरु भन्दै आदरगौरव राखी विश्वास गरी उनको भरोसा लिई बसे। त्यसबेला उनले राजकुमारहरू परस्परमा फाटिने गरी चुग्ली गऱ्यो । उनको चुग्लीगर्ने प्रक्रिया नरम र सभ्य खालको थियो। एकजना राजकुमारलाई बोलाएर दुइजनामात्रको बीचमा कानेखुसी गरेर सोध्यो, "राजकुमार, खाना खाइसक्यौ ? कुन तरकारी खायौ त ?" त्यो अरूलाई शंका उब्जाउने खालको सोधाइ थियो । अर्को एकजनालाई पनि "तिम्रो बुबाज्यूले खेत जोत्दा दुइवटा गोरुहरू लगाई जोत्ने हो ?" भनी कानेखुसी गरी सानो स्वरले सोध्यो । यही विधिद्वारा गोप्य गर्नु नपर्ने कुरालाई गोप्य गरेझैं गरी सोध्ने गर्थ्यो । अनि अन्य राजकुमारहरूले त्यो सोधाई महत्त्वपूर्ण कुरालाई कानेखुसी गरी गोप्यरूपमा



Downloaded from http://dhamma.digital

भनेको हो भन्ठानी परस्परको कुरा हो भनी सोध्ने गर्थे । सोधिएको राजकुमारले साधारण र सहीरूपमा बताइदिँदा सोध्ने राजकुमारहरू पत्याउँदैनन् । "कुन तरकारी राखेर खाएर आयौ ? गोरु दुइवटा लगाई हलो जोत्ने हो ?" भन्ने यस्तोखाले कुरालाई त गोप्य पारेर भनिरहनुपर्दैनथ्यो भन्थे ।

कानेखुसीमा कुनै न कुनै महत्त्वपूर्ण कुरो हुनुपर्दछ । त्यसलाई सुनेका ले गोप्य राखिरहेको छ भन्ठानी परस्पर अनविश्वासी हुनपुगे । त्यसबेला एकजना राजकुमारलाई बोलाई "तिमी डरपोक छौ रे हो ?" भनी सोध्यो । "कसले भनेको नि ?" भनी फेरि सोध्दा "तिम्रो साथी फलानोले भनेको भनी ब्राह्मणले झूठ बोल्थ्यो । अनि त सोधिएको राजकुमारले "मलाई झूठमूठ कुरा गर्नुपर्छ र ?" भनी रिसाएर उनको साथीसँग मन फाटेर जानथाल्यो । यस्तो तरिकाद्वारा वर्षाकार ब्राह्मणले चुग्ली गर्दा-गर्दा ३-वर्ष भित्र नै लिच्छवी राजकुमारहरू आपसमा एकअर्कोसँग मुखामुख गरी भेट्नै नचाहनेरूपमा फाटाफाट हुने गराए ।

त्यस अवस्थामा वर्षाकार ब्राह्मणले वैशाली राष्ट्रलाई कब्जागर्ने समय आइसकेको कुरा राजा अजातशत्रुकहाँ गोप्यरूपमा खबर पठायो । राजा अजातशत्रुले ससैन्य वैशाली राष्ट्रमा धावा बोल्यो । वैशाली राष्ट्रले शाहीसेनाद्वारा प्रतिकार गरी रक्षागर्न युद्धभेरी बजाएर आह्वान गरे । लिच्छवी राजाहरू आपसमा मन फाटिरहेका हुनाले कोही पनि निस्केर आएनन् । "तिमी शूरवीरहरूले नै निस्केर युद्ध गर" भनी आ-आफ्ना घरैमा यथावत् बसिरहे । त्यसैले राजा अजातशत्रुको प्रतिकार गर्ने नभएका ले सजिलैसित वैशाली राष्ट्रलाई कब्जामा पार्नसक्यो । त्यो भेद उपायद्वारा चुग्ली गरी जय हासिल गरेको एक प्रक्रिया नै हो । संवेग लिनुपर्ने, होश राख्नुपर्ने एउटा अति राम्रो साधक नमूना हो ।

वर्तमान युगमा पनि लौकिक क्षेत्र राजनैतिक क्षेत्रका मानिसहरूले यसप्रकारका भेदउपायलाई प्रयोगमा ल्याइराखेका छन् । धर्मसम्बन्धी धार्मिक क्षेत्रमा समेत कसैकसैले यस्तो आरोप प्रत्यारोपका कुराहरू प्रयोगगरी बोल्ने, भन्ने गर्दछन् । एक आपसमा वा धेरैजनाप्रति विश्वास र आस्था गुम्ने गरी दागा बाँध्ने गरी भन्ने, बोल्ने कुरा भएमा पैशून्यवचन हुनजान्छ । श्रद्धा र आस्था राख्न अयोग्य व्यक्तिप्रति श्रद्धा र आस्था राखिरहेको ले अनर्थ होला भन्ने ठानी अनुशासन अववाद दिनुको रूपमा भन्नु, बोल्नुलाई भने पैशून्यवचन भन्नुहुँदैन र त्यस्तोमा दोष पनि लाग्दैन ।



Downloaded from http://dhamma.digital

# पैशून्यवचन हटाउने प्रक्रिया

श्रद्धा र आस्था बिग्रने गरी भन्ने र बोल्नेजस्तो कुरा भन्नु बोल्नुबाट विरत हुनुपर्दछ । त्यति मात्र नभई; श्रद्धा र आस्था राख्नयोग्य व्यक्तिप्रति श्रद्धा र आस्था राख्नेगरी, श्रद्धा र आस्था नबिग्रने गरी, फाटिन लागेका व्यक्तिहरूलाई नफाटिने गरी मेलमिलाप हुनेगरी भन्नु बोल्नुपर्दछ । कुनै एक व्यक्तिलाई धारणाको गल्तीद्वारा दोषारोपण गरेको सुनेमा त्यस्तो कुरालाई रोक्नुपर्दछ । "यो व्यक्तिले यस्तो कुरा गर्दैन । अनर्थ हुनेगरी भनेको होइन । राम्रो पार्नको निमित्त नै भनेको हो" आदि भनी सम्झाई बुझाई राम्रोप्रति समाधान हुने किसिमले भन्नुपर्दछ । तसर्थ भगवान् बुद्धले पैशून्यवचनबाट विरतहुने प्रक्रियालाई यसरी विश्लेषण गरेर देखाउनुभएको छ । परस्परमा फाटिने गरी यताको कुरा उता गएर भन्नुहुँदैन । उताका कुरालाई पनि यता पारेर भन्नुहुँदैन । यसरी पैशून्यवाचा नबोल्नाले (**भिन्नानं वा सन्धाता**) फाटिरहेका व्यक्तिहरूलाई पनि मिलाई दिनसकिन्छ । (**सहितानं वा अनुप्पदाता**) मेलमिलाप भइरहेका व्यक्तिहरूलाई त झन् बढी मेलमिलाप हुनेगरी मिल्नमा प्रोत्साहित पार्न सकिन्छ । (**समग्गरामो समग्गरतो समग्गानन्दि**) मानिसहरू आपसमा मेलमिलाप भइरहेको देख्दा असल व्यक्ति रमाउँछ । (**समग्गकारणं वा वाचं भासिता होति**) त्यसैले उनले मेलमिलापको कारण भएको कुरालाई उहाँले मात्र भन्न बोल्न जान्दछ भनी विश्लेषणगरी देखाउनुभयो ।

तसर्थ कुनै एकपटकको भूलचूक भएको निरर्थक कुरालाई अर्को व्यक्तिसमक्ष गएर भन्नु उचित छैन । अर्थयुक्त राम्रो कुरालाई मात्र उकेल्नु राम्रो हुन्छ । "तपाईको साथीले तपाईको खुल्ला दिल भएको विषयलाई बारबार प्रशंसा गरिरहन्छ" आदि भनी मेलमिलाप हुने कुरालाई मात्र भन्नुपर्दछ । कसैको दोषारोपणको कुरा सुन्नुपर्दा "अहँ, यस्तो त होइन, सुनेको गल्ती भयो होला; त्यो व्यक्ति राम्रो दिल भएको हो । यस्तो निरर्थक कुरा त भन्दैन होला" आदि भनी सम्झाएर भन्नुपर्दछ । कुनै किसिमको दोषारोपण हुने कुरालाई प्रोत्साहन दिनुहुँदैन । सकेमा सम्झाएरै भनी पठाउनुपर्दछ । त्यसरी सम्झाएर भनेमा फाट्न लागेका मानिसहरूबीच पनि मेलमिलाप भएर जानसक्दछ । फाटिरहेका व्यक्तिहरूसमेत पुनर्मिलन भई मेलमिलाप भएर जानसक्दछ ।



Downloaded from http://dhamma.digital

# मगन्तेले समेत प्रेम गर्न नसकिने श्रेष्ठिपुत्री

चुग्ली कुरा गरेको कारणले अपायमा पतन भई मनुष्य भएर जन्मिँदा पनि साथीसंगी मित्र बन्धुसमूहहरूबाट बिछोड भएर बस्नुपर्ने नराम्रो प्रतिफल दिने प्रक्रियालाई स्पष्ट पार्न एउटा कथावस्तु संक्षिप्तमा भन्नु उचित होला । यो कथावस्तु पुरुष र महिला दुबैसित सम्बन्धित छ । यो अति नै स्मरणीय छ ।

# इसिदासिथेरीवत्थु

## ( ऋषिदासी स्थविरा कथावस्तु )

बुद्धकालीन अवस्थामा पनि, बुद्धको परिनिर्वाण भएको १००० वर्षजति पछिको अवस्थामा "भिक्खु" कहलाउने पुरुष श्रमणहरूजस्तै "भिक्खुनी" कहलाइने महिला श्रमणीहरू पनि रहेका थिए । अहिले उल्लेख हुन लागेको इसिदासी कथावस्तु पाटलिपुत्र नगरमा भनी उल्लेख गरिराखेको ले भगवान् बुद्ध परिनिर्वाण भइसक्नुभएपछिको समयमा भएको भनेर थाहाहुन आउँछ । कारण पाटलिपुत्र नगर भनेको भगवान् बुद्ध परिनिर्वाण हुन नजिकिएको समयमा स्थापनागरी भगवान् बुद्ध परिनिर्वाण भइसकेर पछिल्लो समयमा मात्र प्रख्यात भएको शहर भएको कारणले नै हो । यो कथावस्तु संगायन गरिएको पालिभित्र समावेश भइरहेको हुनाले दोस्रो संगायन हुनुअगावै उत्पन्न भएको भान हुन्छ । त्यसैले भगवान् बुद्ध परिनिर्वाण भइसक्नुभएर एक सय जति वर्षभित्र भएको भनी मान्नुपर्दछ ।

यो कथावस्तुमा प्राथमिक अनुसन्धि (५) गाथा, इसिदासी स्थविराले भनेका ४२ गाथा ; जम्मा ४७ गाथा छन् । सामान्य कथावस्तुलाई त पालि स्वाध्याय नगरिकनै आफ्नो भाषामा मात्र मुख्य कुरा यहाँ उल्लेख गरिनेछ । विशेष स्मरणीय महत्त्वपूर्ण केही कुरालाई त मूलपालिसमेतको स्वाध्याय गरी भन्दै उल्लेख गरिनेछ ।

एक दिन इसिदासी नामकी स्थविरा र बोधिथेरी नामकी स्थविराहरू पाटलिपुत्र शहरनजिकको गंगानदीमा रहेको श्वेतशुद्ध बालुवाको फाँटमा एकछिनको लागि बसिरहेका थिए । दुबैजना आश्रवक्षय भइसकेका



Downloaded from http://dhamma.digital

अरहन्तहरू थिए। त्यहाँ शीतल सुखदायी मज्जालाग्दो हावा पानिसँगै सललल बगिरहेको स्वच्छ निर्मल चीसो गंगानदीको पानीलाई पनि हेर्दै भावनाधर्मलाई पनि हृदयंगम गर्दै केही समयको लागि बसिरहेका थिए। त्यसरी बसिरहँदा रहँदै बोधिथेरीले इसिदासीथेरीलाई नियालेर हेरेको बेलामा उनको रूपलावण्य पनि असाध्य राम्रो भई उमेर पनि भर्खर भर्खरको भएको देख्दा यस्तो परिस्थिति र यस्तो उमेरमा भिक्षुणी भएर आएकी मा विशेष कारण हुनुपर्दछ भनी विचार गरी यसरी सोधिन्।

**पासादिकासि अय्ये; इसिदासि वयोपि ते अपरिहीनो।**
**किं दिस्वान ब्यालिकं; अथासि नेक्खम्ममनुयुत्ता॥**

**अय्ये इसिदासि** = आर्या ऋषिदासी; **त्वं** = तिमी; **पासादिका** = रूपलावण्य राम्री भएकीले हेर्दामा अति शोभायुक्त भई श्रद्धनीय; **असि** = छौ। **ते** = तिम्रो; **वयोपि** = उमेर पनि; **अपरिहीनो** = घटेको छैन, युवती अवस्थामा नै छौ। **अथ** = त्यसरी कोमला युवती शोभायुक्ता रूपश्री भएर पनि; **किं ब्यालिकं** = गृहस्थी संसारमा कस्तो किसिमको अप्ठेरो र दोषलाई; **दिस्वान** = छलेर नहुने भई देखेको कारणले; **नेक्खम्मं** = भिक्षुणी भई श्रमणधर्मलाई; **अनुयुत्ता** = उद्योग र अभ्यास गरिरहेकी; **असि** = छौ ? भनी सोधिन्।

उनको प्रश्न स्पष्ट र छर्लंग छ। संसारमा रूपलावण्य पनि सम्पन्न छ, उमेर पनि भर्खरको छ भने गृहस्थाश्रममा नै कामगुण आलम्बनहरूद्वारा रमाएर बस्नु स्वाभाविक हो। विहार चैत्य मन्दिर आदितिर मुख मोड्नु सजिलो छैन। आउन जान पनि मुस्किल छ। चीवरवस्त्र धारण गर्नु र भिक्षु हुनु भनेको त अझ बढी मुस्किल छ। त्यसैले बोधिथेरीले इसिदासीलाई हेर्दै "आर्या इसिदासी, तिमी रूपवर्ण लावण्य पनि अति राम्रो शोभायुक्त भई हेरूं हेरूं लाग्ने प्रसन्नदायी छ्यौ। उमेर पनि भर्खर भर्खरको युवती अवस्थामा छ। यस्तो रूपलावण्य र उमेर हुँदा गृहस्थाश्रममा रमाएर बस्नुपर्ने जस्तो छ्यौ। तैपनि तिमी भिक्षुणी भएर आएकोमा अप्ठेरो परेको कारण त हुनुपर्ला। कस्तो दोष दुर्गुणलाई भेट्टाएर भिक्षुणी भएकी हौ ? भनी सोधेकी हुन्।

अनि इसिदासी स्थविराले आफ्नो वास्तविक विषयलाई "आर्या बोधिथेरी ... ... ... म महाउज्जेनी राष्ट्रको शील सदाचारले सम्पन्न श्रेष्ठिकी एकलौटी छोरी हूं। आमाबाबु दुबैले असाध्य माया र प्रेम गरेकी छोरी हूं" आदि भनी उत्तर दिइन्।



Downloaded from http://dhamma.digital

उज्जेनी राष्ट्र भनेको भारतको मध्यप्रदेश र पश्चिम प्रदेश बीचमा छ । यो प्रदेश अहिलेको भोपाल क्षेत्र हो । यो श्रीलंकाको धर्मदूत शासन प्रचारक आयुष्मान् महिन्द (महेन्द्र) की आमाको प्रदेश हो । अहिले साँची भनी प्रख्यात भएको चैत्यबाट पनि यो त्यति टाढा छैन । त्यस उज्जेनी राष्ट्रको शील सदाचारले सम्पन्न श्रेष्ठिकी एकलौटी छोरी हूं । एकलौटी छोरी हुँदा आमाबाबुहरूले असाध्य महत्त्व दिई माया प्रीति र प्रेम दिएका थिए । त्यसरी मायाममता राखी पालन पोषण गर्दागर्दै उमेरमा पुगेर आएको बेलामा भारतको मध्यप्रदेश र उत्तर प्रदेश बीचमा रहेको साकेत नगरको धनधान्य सम्पन्न श्रेष्ठीले उनको छोरासित विवाह गर्न माग्न पठाइयो । उज्जेनी र साकेत नगर एकदम टाढा पर्दछ । यांगुन् र मण्डले भन्दा पनि टाढा छ । पुरानो समयमा गाडा र घोडाको रथले जाँदा २-३ महिनासम्म पनि लाग्न सक्छ ।

त्यसरी आएर माग्दा कुल जाति गुण ऐश्वर्य समान भएको ले इसिदासीलाई उनका आमाबाबुले साकेत श्रेष्ठिपुत्रसँग विवाह गरेर पठाइदिए । विवाह गरिदिएपछि विवाहित छोरी भारतको रीतिरिवाजअनुसार विवाहित पुरुषको आमाबाबुको घर गएर बस्नुपर्दछ । त्यसैले इसिदासीले साकेत नगरको ससुरालको आमाबाबुको घरमा जानुपर्‍यो । त्यहाँ पुग्दा इसिदासीले आमाबाबुहरूको अनुशासन पाएकी कुलघराना छोरी भएअनुरूप ससुराहरूलाई पनि आमाबाबुहरूलाई जतिकै आदरगौरब राख्ने भई । सासूससुरालाई बेलुकी एकपटक बिहान एकपटक दिनहूं ढोग्ने गर्थिन् । त्यसैले "**सस्सुया च** = सासू आमालाई र; **ससुरस्स च** = ससुरा बाबुलाई; **पादे** = पाउहरूमा; **सायं** = बेलुकीको समयमा; र **पातं** = बिहानको समयमा; **उपगम्म** = नजिकमा गई; **सिरसा** = शिरले; **पणामं करोति** = प्रणाम गर्छिन्" भनी उल्लेख गरिराखेको छ । आमाबाबुहरूले सिकाइराखेअनुसार र अनुशासन गरिराखेअनुसार त्यसरी प्रणाम गरेकी हुन् । तसर्थ "**यथाम्हि अनुसिट्ठा** = आमाबाबुहरूले सिकाई अनुशासन गरिराखेअनुसार; **वन्दामि** = वन्दना गर्छु" भनेर पनि देखाइराखेको छ ।

भारतमा आमाबाबुहरूलाई, सासू, ससुराहरूलाई, वयोवृद्धहरूलाई वन्दना गर्नुपर्ने चलन नै छ । त्यसरी गर्दै आइराखेको हुँदा केही आश्चर्य मान्नुपर्नेछैन । हामी संगायनकार्यको निमित्त भारतबाट श्रीलंका जाँदा मद्रास शहरमा आइपुग्दा कारणवश एकजना भारतीय सेंठको घरमा पुग्यौं । गृहपति सेंठ बाहिर गइराखेको अवस्था भएर केहीबेर पर्खिरहनुपर्‍यो । १५ मिनेटजति



Downloaded from http://dhamma.digital

लाग्दा त्यो गृहपति सेंठ फर्केर आयो । त्यसबेला गृहपतिनीसहित सबै घरका परिवारले गृहपति सेंठलाई हातजोडी आदर गरेर प्रणाम गरे । यो उनीहरूको रीतिरिवाजअनुसार कुशलक्षेम सोधेको भाव हो । उनीहरूकहाँ ठूल्ठूला मानिसहरू परस्पर कुशलक्षेम सोध्दामा पनि यसरी नै हात जोडी कुशल क्षेम सोध्ने चलन छ । म्यान्मारमा यस्तो रीतिरिवाज नभएकोले ठूला बडा आमाबाबुहरूलाई हात जोडी नमस्कार गर्न झर्को मान्दछन् । बुद्धमूर्ति, चैत्यहरू, भिक्षुसंघलाई मात्र हातजोडी वन्दनागर्न सजिलो ठान्छन् । देवदेवीलाई मान्ने व्यक्तिहरूले देवी देवताहरूलाई पनि वन्दना प्रणाम गर्न सजिलै मान्दछन् ।

मानिस परस्परमा हातजोडी गौरव गर्न अप्ठ्यारो मान्दछन् । सानैदेखि बानी नबसालेको ले त्यसो भएको हो । कसैले त आमाबाबुहरूलाई समेत प्रणाम गर्न जान्दैनन् । आश्विन महिनामा वयोवृद्धहरूलाई क्षमायाचना गर्दाखेरिचाहिँ वन्दना गर्नुपर्छ भनेर थाहापाएका हुन्छन् । जानी बुझी दक्षभएका कोही कोही आमाबाबुहरूले छोराछोरीहरूलाई बच्चादेखि नै आमाबाबुहरू र ठूलाबडाहरूलाई वन्दना गर्न सिकाइराखेका हुन्छन् । त्यस्ता बच्चाहरूले त आमाबाबुहरूलाई र ठूलाबडाहरूलाई वन्दना गर्न झर्को मान्दैनन् । यो अति नै राम्रो संस्कृति र सभ्यता हो । प्रत्येक आमाबाबुहरूले छोराछोरी बच्चाबच्चीहरूलाई ठूलाबडा आमाबाबुहरूलाई आदरसम्मान गर्न जान्नेगरी सिकाइराख्नु योग्य छ । इसिदासीले सानै उमेरदेखि आमाबाबुको अनुशासन पाएर आएकीले सासु ससुरालाई हातजोडी प्रणाम गर्ने गर्थिन् । आदरगौरव राख्थिन् ।

फेरि आफ्नी पतिका भाइ बहिनी समानवयस्कलाई पनि आफू कहाँ आइपुग्दा ठाउँ छोडेर सम्मान गर्थिन् । खाद्यभोज्य, पेय आदि दिन योग्य जतिलाई दिन्थिन् । सम्बन्धित व्यक्तिहरूलाई यसरी सम्मानपूर्ण व्यवहार गर्थिन् । आफ्नो पतिकहाँ जाने समयहुँदा हातगोडाहरू सफासुग्घर पारी धोइ हात जोड्दै गौरवका साथ आफ्नो पतिकहाँ पुग्थिन् । आफ्नो पतिलाई कपाल कोरि दिन्थिन् । ऐनामा देखाई हेरी ..... भारतीय चलनअनुसार आँखामा गाजल लगाइदिन्थिन् । दासी जस्तै भई आफ्नो पतिलाई गरगहना र लुगाहरू पनि लगाइदिन्थिन् । दालभात खाने कुरामा पनि श्रेष्ठिपुत्री भएतापनि घरका सहेलीहरू अन्य व्यक्तिहरूलाई मुखमोडी अन्हाउँदिन थिइन् । आफैले नै पकाई तयार पारेर खुवाउने गर्दथिन् । आफ्नो पतिले खाएको भाँडाबर्तन्हरू पनि आफैले धुने गर्थिन् । नढाँटिकन भन्ने हो भने



Downloaded from http://dhamma.digital

एक्लो एकलौटो छोरोलाई आमाले स्याहार सम्हार गरेजस्तै नै आफ्नो पतिलाई मायाममता राखी लालनपालन र सेवा गर्थिन्। इसिदासी कतिसम्म पतिकर्तव्य परायणी थिइन्, छिन् भने पुरुष-पक्षमा अत्यन्त सन्तोषजनक आश्वस्तजनक हुनुपर्ने अवस्थामा रहेकी थिइन्।

उनी कर्तव्यपरायणी मात्र नभई यसरी निराभिमानी कोमला भई आदरगौरवका साथ लालन पालन र सेवा गरिरहेतापनि भाग्यले साथ नदिँदा एकमहिनाजति हुँदा उनको पतिले उनीप्रति अत्यन्त घृणागरी मैत्री बिगाऱ्यो। तसर्थ उसको पति श्रेष्ठिपुत्रले आफ्ना आमाबाबुहरूलाई यसो भन्यो, "आमाबुबा, म इसिदासीसँग बस्न सक्दिन। यो घरमा इसिदासी रहिरहने हो भने अहिले म निवेदन गर्छु, म यो घरबाट बाहिर निस्कने छु।"

अनि उसका आमाबाबुहरूले "प्रियपुत्र, यसो नभन; इसिदासी ज्ञानी छे; जानेबुझेकी छे; उद्योगी छे; आफ्नो कर्तव्यलाई अल्छी नमानी पूरा हुने गरी वहन गर्छे। प्रियपुत्र, तिमीलाई के कुरामा चित्त बुझेन, तिनीप्रति असन्तोष हुनुपर्ने त केही छैन" आदि भनी फकाइफुलाई सम्झाउन बुझाउन थाले।

मलाई त उसले केही पनि दु:ख दिएकी छैनन्। म आफै इसिदासीसँग एकसाथ बस्न नचाहेको हूं। उनीप्रति प्रेम गर्न नसकी खालि घृणामात्र भइरहेको छ। उनलाई मेरो आवश्यकता छैन। यदि आमाबाबुले इसिदासीसँग नै बस्नुपर्छ भन्नुहुन्छ भने मैले सूचना नै नदिइकन यो घरबाट बाहिरिनुपर्नेछ" भनी श्रेष्ठिपुत्रले उनका आमाबाबुलाई बाध्यपारी भन्यो।

अनि श्रेष्ठी र श्रेष्ठिनीहरूले इसिदासीसँग सोधे, "प्रियपुत्री इसिदासी, तिमी दम्पत्तीहरूकाबीच के कस्तो कुरा पऱ्यो। तिमीद्वारा हाम्रो छोरोलाई के कस्तो अपराध व्यवहार गरियो ? लाजभय नराखी स्पष्ट रूपमा भन त छोरी", भनी सोधे।

"मैले त वहाँप्रति कुनैप्रकारको अपराध गरेकी छैन। चित्त दु:खने खालको नराम्रो कुरा पनि भनेकी छैन। मायाप्रीतिका साथ आदरसम्मानगरी सेवा गरेकी छु। यसैमा पनि मप्रति वहाँले घृणा गर्नुभयो भने म के गरूँ ?" भनी इसिदासीले अपशोचका साथ अँध्यारो अनुहार लिएर भनिन्।

यसरी बुहारीको पक्षमा कुनै दोष नभएतापनि मानिसको स्वभाव आफ्नो छोरालाई मात्र ठीक ठान्दछन्। "छोरोले घर छोडेर अन्यत्र गइदिएमा



Downloaded from http://dhamma.digital

फसादै पर्नेभो" भनी विचार गरी इसिदासीलाई उनका आमाबाबुको घरमा फिर्ता पठाइदिए। छोराको कारणले मात्र फिर्ता पठाउनुपरेको हो, बुहारी मन नपरेको थिएन। उनीहरूको हृदयमा नरमाइलो भइरहेको र चित्त दुःखेको अनुभव भइरहेको थियो। तसर्थ (**जितामृहसे रूपिनिं लक्खिं**) **मयं** = हामीले; **रूपिनिं** = रूपवर्ण लावण्य राम्री भई शोभायुक्त अंगप्रत्यंग लक्षण सम्पन्न भएकी; **लक्खिं** = श्रीदेवी लक्ष्मीजस्ती गुणसम्पन्न भएकी बुहारीलाई; **जिता** = त्याग्नु परेको; **अम्हसे** = कर्मखोट्टा भई भाग्यले साथ नदिएकाले भइराखेका छौं" भन्दै मुखले बरबराउँदै भट्भटाउँदै बुहारीलाई उनका आमाबाबुहरू समक्ष सुम्पिदिए।

त्यसमा इसिदासीको कुनै दोष अपराध नभइकन नै श्रेष्ठिपुत्रले प्रेमगर्न नसक्नु, घृणा गर्नु भनेको इसिदासीले अतीत जीवनमा गरेर आएको नराम्रो अकुशलकर्मको कारणले भएको कुरा उल्लेख गरिएको छ। यसमा उनको मात्र दोष नभई त्यो श्रेष्ठिपुत्रमा पनि यस्ती सज्जनउत्तमा महिलासँग बस्ने सुअवसरको कर्म नभएको कारणले गर्दा पनि त्यसो भएको हो। पछि यस विषयमा स्पष्ट पारिनेछ।

उता इसिदासीका बाबु श्रेष्ठीले "रूप बुद्धि विभिन्न गुणले सम्पन्न मेरी छोरीलाई तिनीहरूले फिर्ता पठाएर के भो र ? मेरी छोरीले एउटा राम्रो लोग्ने पाउन सकिन्छ नै" भनी चिन्तन गरी धनसम्पत्तिले परिपूर्ण भएको एउटा सेंठको छोरासित उनको विवाह गरिदियो। त्यहाँ पनि इसिदासीले श्रेष्ठिपुत्रलाई घरको इष्टदेवताको रूपमा आदरसम्मानका साथ सेवा सुश्रूषा गरेर बसिन्। त्यो श्रेष्ठिपुत्रले पनि एक महिनाजति हुनलाग्दा "इसिदासीसँग पनि बस्न सक्दिन" भन्नलाग्यो। त्यसैले त्यो श्रेष्ठिपुत्रले पनि इसिदासीलाई उनको आमाबाबु कहाँ फिर्ता पठाइदियो।

अनि इसिदासीको बुबा श्रेष्ठीले निरीक्षण र विचार गरेर हेऱ्यो, "ज्ञानमा र रूपलावण्यमा सबैतिरबाट सम्पन्न भएकी मेरी छोरीलाई तिनीहरूले फिर्ता पठाएको कारण धनवान् भएर सम्पत्तिमाथि अभिमान चढी फिर्ता पठाएको हुनसक्छ। सम्पत्ति नभएपनि रूपलावण्य भएको एकजना युवकसित विवाहगरिदिए स्थिर भैरहन सक्लाजस्तो देखिन्छ" भनी विचार विमर्श गरेर त्यस्तो योग्यताभएको व्यक्तिलाई दिइपठाउन खोज्यो। त्यसबेला हातमा माग्ने भाँडो लिएर मागी मागी खाइरहेको उमेर परिपक्व भएको रूपलावण्य ठीक रहेको एकजना मगन्ते उसको घरमा आइपुग्यो। श्रेष्ठीले त्यो मगन्तेलाई बोलाएर वस्त्रहरू फेर्न लगायो। मगन्तेको माग्ने



Downloaded from http://dhamma.digital

भाँडो पनि लिएर आफ्नो घरैमा ज्वाइँको रूपमा सुखपूर्वक बस्नको लागि भनेर आफ्नी छोरीसँग विवाह गरिदियो । १५ दिनजति बित्न लाग्दा त्यस मगन्तेको मन फर्केर आयो । तसर्थ त्यसले "श्रेष्ठिज्यू, मेरो पुरानो लुगाफाटा र माग्ने भाँडो फिर्ता दिनुस्, अघिजस्तै म मागेर नै खाने गर्छु" भने ।

अनि इसिदासीका आमाबाबु ज्ञातिबन्धुहरूले "बाबु, तिमीलाई केमा चित्त बुझेन भन बा; फिक्री नगर; हामीले के के गरिदिनुपर्‍यो ? अन्यत्र नजाऊ बाबु" भनी सम्झाए । "केही पनि नपुग छैन; मेरो शरीर मागेर खानसक्ने गरी बलियो छ; इसिदासीसँग एकसाथ बस्न सक्दिन । मलाई जान अनुमति दिनुस्" भनी निवेदन गरेर त्यो मगन्तेले पनि इसिदासीलाई छोडेर गयो । कर्मको प्रतिफल भनेको असाध्य अचम्मलाग्दो छ । मगन्तेले श्रेष्ठीको घरमा ज्वाइँको रूपमा सुखानन्दपूर्वक बस्न नसक्नु त्यो मगन्तेमा पनि कुशलकर्म पूर्ण नभएको ले हुनसक्छ । यो कुरा महोषध जातकभित्रको उदुम्बरा देवीलाई छोडेर जाने मान्छेको जस्तै हो ।

## योग्य व्यक्तिले धारण गरून्

विदेह राष्ट्रको मिथिला नगरबाट पिंगुत्तर नामक एउटा व्यक्ति तक्षशिला गई दिशाप्रामोक्ष आचार्यकहाँ विद्याअध्ययन गरिरह्यो । उनी तीक्ष्णबुद्धि भएकोले केही समयमै विद्या सिकेर लिई आफ्नो गाउँ फर्कनको लागि आचार्यसमक्ष निवेदन गर्‍यो । त्यस आचार्यको कुलमा यस्तो किसिमको रीतिरिवाज थियो कि उमेर पुगेकी छोरी भएमा जेठो शिष्यसँग विवाह गरिदिनुपर्दथ्यो । आचार्यको पनि त्यसबेला उमेर पुगेकी एउटी छोरी थिइन् । (**देवच्छरपटिभागा**) देवअप्सराजस्तै राम्री ती छोरीलाई आचार्यले जेठो शिष्य पिंगुत्तरसँग विवाह गरिदिए । पिंगुत्तर माणवक भाग्यमानी नभएको हुनाले र दुलहीचाँहि भाग्यमानी भएकी ले पिंगुत्तरले ती दुलहीप्रति प्रेमचित्त राख्न सकेको थिएन । आचार्यप्रति गौरव भएको र जिक्री गरेको कारणले मात्र विवाह गर्न स्वीकार गरेको थियो ।

राती सुत्दाखेरी सुहागरातको कोठाको गद्दीमा दुलही बस्न आयो कि पिंगुत्तर भूइँमा ओर्ली सुत्न लाग्थ्यो । फेरि दुलहीले आफ्नो कर्तव्य अनुसार आफू पनि भुइँमा सुत्नलाग्दा पिंगुत्तर गद्दीमाथि सुत्न जान्थ्यो । फेरि दुलही त्यसैको पछिलागेर खाटमाथि सुत्नजाँदा पिंगुत्तर भुइँतिर ओर्ली भुइँमा



Downloaded from http://dhamma.digital

सुत्न जान्थ्यो । यस्तो विधिले ७ दिनसम्म पनि दुलहीचाहिँ खाटमा सुत्ने; पिंगुत्तरचाहिँ भुइँमा सुत्ने भयो । त्यसरी भाग्यमानी र भाग्यहीन एकसाथ नरहनु पूर्वकर्मअनुसार स्वाभाविक भयो । त्यसरी ७ दिन त्यहाँ बसेर पिंगुत्तर माणवक आचार्यलाई दण्डवत् गरी दुलही सँगै तक्षशीलाबाट निस्केर आए ।

ती दुईमा बाटोभरी परस्पर कुरासम्म पनि ती दुईमा भएन । मिथिला नगरको नजिक आइपुग्दा पाकिरहेको बयर फल भेट्टिँदा पिंगुत्तर माणवकले बयरको रूखमाथि चढी बयर खानथाल्यो । त्यसबेला उनीकी स्वास्नीले आफ्नोलागि बयरहरू झारिदिन प्रार्थना गरिन् । "तिमीमा पनि हात खुट्टाहरू छँदैछ आफै रूख चढेर टिपेर खा" भनेपछि उसकी स्वास्नीले पनि रूखमाथि चढी बयरहरू खानलागिन् । तब पिंगुत्तर बयरको रूखबाट ओर्ली बयरको रूखमुनि काँडाहरूले बेरी भाग्यो । अति नै क्रूर र निर्दयी व्यक्ति नै भन्नुपर्ला । आफूलाई योग्य नभएकोले नै त्यसले त्यागेर जानुपरेको हो ।

त्यसपछि धेरै समय नबित्दै राजा विदेह त्यस बयरको वृक्षनजिक आइपुगे । बयरवृक्षमाथि रूपलावण्यले अत्यन्त सुन्दरी तक्षशीलाका नागरिक युवती महिलालाई देखेर विदेह राजा मग्न भई उनीमा आसक्त भए । राजाले उनी विवाहिता हुन् कि होइनन् भनी सोध्न लगाइयो । त्यस तक्षशीलाकी नागरिकले आफू तक्षशीलको दिशाप्रामोक्ष आचार्यकी छोरी भएकी र आफ्नो बुबाले आफ्ना शिष्य पिंगुत्तर माणवकसँग पाणिग्रहण गराइदिएकोले उनी आफ्नो लोग्ने भएको अनि त्यस लोग्नेले बयरवृक्षमुनि काँडाले घेरेर छाडेर भागेको, अहिले त्यो लोग्ने कहाँ गएको छ भनी थाहा नपाएको, आफू वृक्षमाथिबाट ओर्लन नसकी दुःखमा परिरहेको कुरा रूखबाटै भनिन् । त्यसबेला विदेहराष्ट्रका राजाले "त्यसोभए उनी आधिकारिक लोग्ने नभएकी महिला नै रहिछे" भनी त्यस तक्षशिलाकी स्त्रीलाई आफ्नो अधीनस्थ बनाए । बयरवृक्षबाट प्राप्त भएको हुनाले उडुम्बरादेवी (बयरवृक्षकी रानी) भनी नाम दिएर उनीलाई आफ्नो बडामहारानीको रूपमा राखे ।

एकदिन महाराजले उद्यानतर्फ निस्कन नगरद्वार नजिक ग्रामीण जनताहरूलाई बाटो मर्मत गर्न हुकुम दिए । त्यही पिंगुत्तर माणवकले पनि कोदालोले बाटो मर्मत गरिरह्यो । त्यसरी बाटो मर्मत गरिरहँदा विदेहराष्ट्रका राजा उडुम्बरादेवीसहित राजरथमा आरूढ भई अनुगामी मन्त्री भारदारहरूसँग त्यस बाटोतिर आए । त्यसबेला कोदालोले बाटो मर्मत



Downloaded from http://dhamma.digital

गरिरहेको पिंगुत्तर माणवकलाई देखेर उडुम्बरादेवी हाँसो थाम्न नसकी मुसुक्क हाँसिन् । अनि राजाले, "महारानी, किन हाँसेकी ?" भनी सोधे । "महाराज, ऊ त्यहाँ धोती कसेर कोदालो समाती बाटो बनाइरहेको मानिस उही मेरो पहिलेको लोग्ने हो । उसले मलाई वयरवृक्षमुनि काँडाहरूले घेरेर छाडेर भागेको थियो । उनी यसरी (मजस्ती) भाग्यमानीलाई अपनाउन नसक्ने भाग्यहीन नै रहेछ भनेर विचार आउँदा हाँसेकी हूं" भनी उडुम्बरादेवीले भनिन् । तिनको कुरालाई राजाले पत्याएनन् ।

तसर्थ राजाले "तिमी मलाई ढाँट्दैछौ । अन्य पुरुषलाई देखेर मन पराएर हाँसेको हुनुपर्छ । तिमीलाई मारिदिनेछु" भनी तलवार झिके, उडुम्बरादेवी भयभीत भई प्रज्ञावान् मन्त्रीहरूसँग सोधपूछ गर्न बिन्ती चढाइन् । अनि राजाले सेनक महामात्यसँग सोधे । सेनक महामात्यले "यस्ती राम्री स्त्रीरत्नलाई कुनैपनि पुरुषले छोडेर जानसक्नेछैन । त्यसैले उनको कुरा मलाई पत्यार लाग्दैन" भनी निवेदन गरे । त्यो सेनकको निवेदन सुन्दा उडुम्बरादेवी अत्यन्त भयभीत भइन् । तब राजाले विचार गरे, "सेनकलाई सही कुरा थाहाछैन जस्तो छ । महोषध पण्डितसँग सोध्नुपर्‍यो" भनी विचार गरेर "प्रियपुत्र महोषध, एउटी महिला रूपलावण्यले राम्री छे, शील सदाचारिता पनि राम्री छ । त्यस्ती महिलालाई लोग्नेले मन नपराउन सक्छ ? त्यस्तीलाई लोग्नेले छोडेर जान्छ भन्ने कुरा तिमी विश्वास गर्छौ ?" भनी सोधे । त्यसबेला महोषधले भने–

"**महाराज** = हे राजन्; **पुरिसो** = रूपलावण्य रूपसम्पत्तिले युक्त सदाचारिताले पूर्णभएकी स्त्रीलाई छोडेर जाने पुरुष; **दुब्भगो**= भाग्यहीन भएको व्यक्ति; **सिया** = हुनुपर्दछ । **तस्मा** = त्यसैले; **सद्दहामि** = रूपलावण्य राम्री भएर शील सदाचारिताले पूर्ण भएकी स्त्रीलाई पनि लोग्नेले मन नपराउन सक्छ भन्ने कुरालाई म विश्वास गर्छु । **सिरी च** = श्रीशोभा सम्पन्न भाग्यवती र; **कालकण्णि च** = श्रीशोभा हीन अलछिना; **कुदाचनं** = कहिल्यै पनि; **न समेन्ति** = एकसाथ स्थिर हुँदैन; वा = एकसाथ रहने चलन छैन महाराज" भनी जवाफ दियो ।

यसरी महोषधले भनेपछि मात्र राजाले उडुम्बरादेवीको कुरालाई पत्याएर उनीप्रतिको मायाप्रेम यथावत् नै कायम राखियो । त्यति मात्र नभई "यदि महोषध पण्डितमात्र नभएको भए मूर्ख महामात्य सेनकको कुरा सुनी त्यस्ती महारानीरत्न गुमाउनुपर्ने थियो । महोषध पण्डितको कुरालाई आधार मानेर यी महारानीलाई मैले यथावत् राख्न सकें" भनी कृतज्ञता प्रकट गरी



Downloaded from http://dhamma.digital

महोषधलाई उपहारस्वरूप एक लाख कार्षापण प्रदान गरे। ती दुईप्रकारका उत्तरमध्येमा सेनक अमात्यको जवाफ असत्यवचन पनि थियो; राजाको मनमा शंका उब्जेर महारानीसँग छुट्टिने परिस्थिति आइराखेको बेलामा झन् बाझिने गरी अझ छुटाउन प्रोत्साहित गर्ने खालको चुग्ली कुरा पनि त्यो थियो। यस्तो किसिमको कुरालाई सरसल्लाह दिने व्यक्तिहरूले उकेल्नुहुँदैन। महोषधको कुरा स्वभावसंगत भई सही कुरा थियो। छुट्टिन लागेका राजालाई नबाझिने गरी, यथावत् मेलमिलाप हुने गरी प्रोत्साहित पार्ने कुरा पनि थियो। त्यो प्रियता शून्यवचनको प्रतिपक्षी भएको ले त्यसलाई सत्पुरुषवचन हो भन्न सकिन्छ। सर-सल्लाह दिने व्यक्तिले यस्तो किसिमको राम्रो कुरा भन्ने र बोल्ने प्रयास गर्नुपर्दछ।

त्यस उडुम्बरादेवीको कथावस्तुभित्र पिंगुत्तर माणवकले छोडेर जानु उडुम्बरादेवी कर्मखोट्टा भएकीले होइन कि पिंगुत्तर माणवक भाग्यहीन भएकोले हो भन्ने कुरा स्पष्ट छ। त्यस्तै नै इसिदासीलाई छोडेर जाने मगन्ते पनि श्रेष्ठिगृहमा सुखानन्दपूर्वक बस्न भाग्य नभएकोले छोडेर जाने गरेको पनि हुनसक्दछ। अनि फेरि पहिलो र दोस्रो श्रेष्ठिपुत्रहरूले इसिदासीलाई छोडेर जानुमा पनि इसिदासीको अकुशलकर्मको कारणले मात्र नभई तिनीहरूमा त्यस्ती कुलस्त्रीसँग एकसाथ बस्ने कर्म नभएको कारणले पनि हुने सम्भावना देखिन्छ।

# इसिदासी स्थविराको विषय

अहिले भनेर आएजस्तै मगन्तेले समेत छोडेर गएको बेलामा महाश्रेष्ठीले पनि आफ्नी छोरीको निमित्त विवाह गरिदिने सम्बन्धमा फेरि फेरि विचार गर्न सकेनन्। इसिदासीले पनि लज्जा र अपशोच मानी एक्लै बसी यसरी चिन्तना गरिन्, "कस्तो किसिमको नराम्रो पूर्वकर्मको प्रतिफल पाइरह्यो मलाई। मनुष्यसंसारमा बस्न पनि लायक भइन, अब आमाबाबुहरूसँग अनुमति लिएर घरबाट निस्कूं। मरे मरोस् नभए भिक्षुणी हुन पाए मात्र पनि राम्रो हुनेछ"। यसरी चिन्तना गरिरहेको अवस्थामा जिनदत्ता नामकी स्थविरा त्यस श्रेष्ठिगृहमा भिक्षाटनको लागि आइपुगिन्। त्यस स्थविरालाई देख्दा इसिदासीले उनको लागि आसन बिछ्याइदिइन् र उनलाई गौरवपूर्वक प्रणामगरी खाद्यभोज्य पनि दान दिइन्। भोजन दान गरिसकेर इसिदासीले "म भिक्षुणी हुन चाहन्छु, मलाई भिक्षुणी बनाइदिनुस् आर्या स्थविरा" भनी प्रार्थना गरिन्।



Downloaded from http://dhamma.digital

अनि बाबुचाहिँ सेंठले "प्रियपुत्री ! तिमी कहीँ नजाऊ; यसै घरमा सुखसँग बस; गृहस्थाश्रममा नै कुशलधर्मलाई आचरण अभिवृद्धि गरी बस । श्रमण ब्राह्मणहरूलाई खानपान आदि दानप्रदान गरी बस । कहीँ पनि नजाऊ" भनी रोके । उनी एक्ली छोरीसँग बिछोड भएर बस्न चाहन्न । त्यसबेला इसिदासीले आफ्ना बुबा सेंठलाई हातजोडी रूँदै प्रार्थना गरिन् । (**पापं हि मया पकतं; कम्मं तं निज्जरेस्सामि**) **तात** = बुबा; **मया** = मैले; **पापकम्मं** = नराम्रो पापकर्म; **पकतं** = धेरै उल्लंघन गरेर आएको; **भवेय्य** = हो कि जस्तो लाग्छ । **तं कम्मं** = त्यो पापकर्मलाई; **निज्जरेस्सामि** = भिक्षुणी भई धर्म अपनाएर धूलोसरह गरी हटाइदिनेछु । "ममा यस्तो अप्ठेरो परेको कारण मैले अतीत जन्ममा गरेको नराम्रो पापकर्मले भएको होला । त्यस नराम्रो पापकर्मलाई बिल्कुल नाशगरी भिक्षुणी हुनपाऊँ; श्रमणधर्म आचरण गरी त्यस नराम्रो पाप कर्मलाई धूलो सरि नाशगर्न सकूं" भनी इसिदासीले प्रार्थना गरिन् । अनि त्यस कुरालाई बुबा सेंठले पनि राम्रो कुरा ठानी रोक्न मनासिब नदेखी भिक्षुणी हुन अनुमति दिए । यसरी राम्रो प्रार्थना गरियो । "**द्विपदसेट्ठो** = देव मनुष्यहरूमध्ये श्रेष्ठ भगवान्; **यं** = जुन मार्गफल निर्वाणलाई; **सच्छिकरि** = तपाईले साक्षात्कार गरिसक्नुभयो; **तं** = त्यस्तो; **बोधिञ्च** = अरहत्तमार्गज्ञानमा र; **अग्गधम्मञ्च** = अग्रधर्म अरहत्तफलमा पनि; **पापुण** = पुग्न सकूं; **निब्बानञ्च** = निर्वाणलाई पनि; **लभस्सु** = लाभ गर्न सकूं" भनी प्रार्थना पनि गरियो ।

त्यसरी बुबाज्यूले सन्तोषपूर्वक अनुमति दिँदा इसिदासीले आमा बाबुहरूलाई र ज्ञातिबन्धुमध्येमा ठूला बडाहरूलाई समेत अभिवादन चढाई जिनदत्ता स्थविरासमक्ष भिक्षुणी भइन् । भिक्षुणी भइसकेर केही समयबित्दा विशिष्ट पारमी भएकी हुनाले ७ दिनभित्रमा नै उनी त्रिविद्यासम्पन्न अरहन्त भइन् । त्यसैले **सत्ताहं पब्बजिता** = प्रव्रजित भिक्षुणी भएर सात दिन पुग्दा; **तिस्सो विज्जा** = विशिष्ट ज्ञान त्रिविद्यालाई; **अफस्सयि** = लाभ गरिन् भनी उनी आफैले स्वीकार गरी उल्लेख गरिन् । श्रमणधर्ममा रहेर सात दिनमै अरहन्तहुनु भनेको विशिष्ट पारमी भएर नै हो । अहिले यहाँ उद्योग र अभ्यास गरिरहने योगीहरूमध्येमा सात दिनभित्र मार्गफलधर्म विशेषरूपले लाभगर्ने व्यक्तिहरू अति नै दुर्लभ छन् । त्यस्तो व्यक्ति सयकडा एक पनि पाउन मुस्किल छ । रातोदिन गरी निरन्तर प्रयासरत भई उद्योग र अभ्यास गर्ने र ज्ञानपनि विशेषरूपले तीक्ष्ण भएको व्यक्ति भएमा त्यसले सात दिनभित्र उदयव्ययज्ञान र भङ्गज्ञानसम्ममा प्रायशः पुग्न सक्तछ । इसिदासीमा त सात



Downloaded from http://dhamma.digital

दिनमा नै त्रिविद्या पनि लाभ भयो । त्रिविद्या भनेको "**त्रिविद्या पु-दि-आ**" भने जस्तो हो –

१) अतीत जन्महरूलाई फेरि पनि प्रत्यवेक्षण गरी देखन जान्न सक्ने पूर्वेनिवासज्ञान,

२) सामान्य प्रकृतिको आँखाले देखन नसक्ने देवलोक, अपायलोक, अन्य मनुष्यलोकहरूलाई मनले अनुमान गरेर हेर्ने बित्तिक्कै देखनसक्ने दिव्यचक्षुज्ञान,

३) आश्रव क्लेशहरूलाई क्षय गर्नसक्ने अरहत्तमार्गफल ज्ञान नामक आश्रवक्षयज्ञान यी नै तीन ज्ञान हुन् ।

ती तीन ज्ञानमध्ये आश्रवक्षय नामक अरहत्तमार्गज्ञान लाभ भएमा अरहत्तफलमा पुगी अरहन्त भएर जाने हो । इसिदासी लोग्नेहरूले छोडी जानाले संवेग लाभ गरी भिक्षुणी भएपछि सात दिन भित्रमै अरहन्त भएर गएको भन्ने कुरालाई निरीक्षण गरेर हेरेमा लोग्नेहरूले छोडी गएको लाई सराहना गर्नु उचित जस्तो भएको छ । यदि पहिलो श्रेष्ठिपुत्रसँग स्थिर भएको खण्डमा दोस्रो श्रेष्ठिपुत्रकहाँ समेत पुग्ने थिएन होला । भिक्षुणी बन्न कल्पनासम्म पनि आउने थिएन होला । दोस्रो श्रेष्ठिपुत्रसँग स्थिर रहन गएको भए पनि त्यस्तै नै हुने थियो होला । मगन्तेसँग स्थिर भएको भए पनि भिक्षुणी बन्न सकिने हो कि होइन । अहिलेको घटना प्रक्रियाअनुसार त तिनीहरू तीनैजनाले छोडेर गएका हुनाले संसारप्रति विरक्तभई भिक्षुणी हुनपुगिन् । त्यसरी भिक्षुणी भइदिनाले सात दिनभित्रमै अरहन्त हुनपुगिन् । उनी संसार चक्रको दु:खबाट बिलकुल मुक्त भइन् । त्यसैले इसिदासीको घटना त लोग्ने भएर पनि छोडिगएका लाई धन्यवाद दिनुपर्ला कि जस्तो देखिएको छ भन्नु परेको हो । त्यो योनिसो मनसिकारअनुसार उचित ढङ्गले विचार गर्ने प्रक्रिया नै भयो । अकुशलकर्मले नराम्रो प्रतिफल दिनाले दु:खसित सामना गर्नुपरेतापनि अर्को पक्षबाट हेरेको खण्डमा अरहन्त होइञ्जेलसम्म राम्रा प्रतिफलहरू लाभ भएर गयो भन्दा इसिदासीको निमित्त अति नै खुशी मान्नुपर्ने भएको छ । तसर्थ नराम्रोसित सामना गर्नुपर्ने बेलामा नराम्रो पक्षबाट मात्र सोची दिक्क मानिरहनुहुँदैन । राम्रो पक्षबाट पनि फर्केर हेर्नु जस्तोलाई योनिसोमनसिकार भनिन्छ । इसिदासीलाई लोग्नेहरूले छोडेर गएका जस्ता घटनाहरूलाई त कुनैपनि नारीहरूले चाहनाराखने प्रार्थनागर्ने गर्नुहुँदैन किनभने इसिदासीमा अरहन्त होइञ्जेलसम्म प्रतिफलहरू लाभ भएर गएतापनि अन्य नारीहरूमा त्यस्तो प्रतिफलहरू पाउन गाऱ्हो नै हुनेछ ।



Downloaded from http://dhamma.digital

इसिदासीले अहिले भनेर आएजस्तै आफूले पाएका पु-दि-आ नामक त्रिविद्यामध्ये पूर्वेनिवासज्ञानद्वारा अतीत जन्मका कुराहरूलाई फेरि पनि नियालेर हेर्दा अतीतको सातौं जन्मदेखि नराम्रो काम गर्न लागेकीले दु:खदायी नराम्रा प्रतिफलहरू अनुभव गरेर आउनुपरेको भन्ने कुरा पत्ता लागेको छ । त्यो सात जन्म भित्रमा–

१) पहिलो जन्ममा एरकच्छ नामक नगरमा सुनार भएर आएको थियो । सुनार भन्दाखेरि नारीहरूसँग निकट सम्पर्कमा आउनुको अलावा उमेर पनि तगडा भइराखेको हुनाले यौवनमदले मस्तभई अरूका स्वास्नीलाई अतिक्रमण गरेर आएको थियो । त्यस जन्मबाट मृत्यु भएको बेलामा त्यस कामेषु मिथ्याचार कर्मको कारणले –

२) दोस्रो जन्ममा नरकमा पतन भई चिरकालसम्म नरकदु:ख भोगगरी आउनुपरेको थियो । त्यस नरकबाट मुक्त भएको अवस्थामा –

३) तेस्रो जन्ममा बाँदर भएर जन्मनुपरेको थियो । जन्मिएर सातदिन बित्दा सबभन्दा जेठो बाँदरले त्यस पुरुष बाँदरलाई मन नपराएको हुनाले त्यस सानो बाँदरको अण्डकोषलाई दाँतले टोकेर फुटालिदियो । त्यसो गरिनु कामेषु मिथ्याचारकर्मको फल हो । त्यस बाँदरको जन्मबाट मृत्यु हुँदा –

४) चौथो जन्ममा एलक नामको भैँडा भएर जन्मनुपऱ्यो । त्यस एलक शब्दलाई अट्ठकथाले अज भनी वर्णन गरिराखेको छ । अज भन्दाखेरि बोका भन्ने अर्थ लाग्छ । हामीहरू सानो छँदा व्याकरण ग्रन्थ पढेको बेलामा (**अजो च** = म्यान्मार् खसी (बोका) पनि; **एलको च** = भारतीय खसी पनि; **अजेलकं** = म्यान्मार् खसी – भारतीय खसी) भनेर कण्ठगरेर आएका थियौं । अहिलेसम्म पनि मुखाग्र नै भइराखेको छ । त्यसमा अज भनेको अहिले खसी (बोका) भनी भनिराखेको पशु नै हो । एलक = भारतीय खसी भनेको अहिले भैँडा भनिराखेको पशु नै हो । त्यसैले त्यस व्याकरणग्रन्थ शब्दकोषग्रन्थका अनुसार भन्ने हो भने एलक भनेको भैँडा नै हो तर यहाँनिर अट्ठकथाले अज भनी वर्णन गरिराखेकोले खसी नै भनिहालौं । त्यस खसी जन्ममा पनि खसी पारिनुपरेको थियो । खसी भन्दाखेरि मानिसहरूको आहार भएको हुनाले त्यस जन्ममा पनि तरकारी बनाउन त्यसलाई मारिएको हुनुपर्छ । त्यस जन्मबाट मरेको बेलामा –

५) पाँचौ जन्ममा गोरु भएर जन्मनुपऱ्यो । त्यस गोरुजन्ममा पनि खसी पारिनुपरेको हलो र कुदालोले गाडा तान्नुपरेको थियो । त्यो पनि कामेषु मिथ्याचारकर्मको प्रतिफल हो । गोरुभन्दा साँढेकै रूपमा रहँदा



Downloaded from http://dhamma.digital

खनजोत गर्न मुस्किलपर्ने भएकोले खसी पारिदिने चलन भएको थियो। हामी केटाकेटी छँदा सांढेलाई खसी पारेको देखेका थियौं। त्यो दृश्य असाध्यै डरलाग्दो छ। सांढेलाई डोरीले बाँधेर च्यापेर अण्डकोषलाई काठको मुङ्ग्रोले हान्ने गरिन्थ्यो। त्यो बेला असह्य पीडा खप्नुपर्ने नै होला। तीनचार दिनपछि त्यस गोरुलाई बलियो होइञ्जेलसम्म हलो जोत्न भारी बोक्न खटाइन्छ। घाम होस् वा पानी जहिले पनि त्यसले विना आराम खेत जोतिरहनुपर्छ। बिरामी परेको पनि भन्न नसकिने, कस्तो दयनीय अवस्था ! अन्तमा बूढो हुने बेलामा गोरुका मालिकले गोरुबाट पाइने मूल्य सित्तैमा खेरो जान नदिन गोरुघातकको हातमा बेचिदिन्छ। जीवनभर भारी बोकी उपकार गरिरहने उपकारीलाई हत्याराको हातमा सुम्पिदिएको अवस्थामा बिचरा गोरुको निमित्त आधार भरोसा कोही पनि नरहने भयो। गो-हत्याराको प्रहारबाट प्राण त्याग गर्नुपर्ने नै भयो। त्यस कुरालाई राम्ररी विचार गरेको खण्डमा हृदयविदारक र अति नै शोकदायक देखिन्छ। त्यस गोरुको जीवनबाट नराम्ररी मरण भएको अवस्थामा –

६) छैठौं जन्ममा दासीको गर्भमा जन्मनुपऱ्यो। जन्मेदेखि दास हुनुपऱ्यो। त्यो भन्दा नराम्रो हालत त उसमा जन्मेदेखि पुरुष वा स्त्रीको अङ्ग नै थिएन। नपुंसक पण्डुक भएर जन्मनुपऱ्यो। अति नै लज्जास्पद भई बाँच्नुपऱ्यो। त्यसो हुनु कामेषु मिथ्याचारकर्मको फल नै हो। त्यस नपुंसक पण्डुकले जन्ममा ३० वर्षसम्म दुःखहरू भोगेर मरणपछि–

७) सातौं जन्ममा अत्यन्त दुःखी दरिद्र गरिबकी छोरी हुन पुगिन्। गाडावान् नाइकेको ब्याजसहितको ऋण चुक्ता गर्न नसकेको हुनाले त्यस गाडावान् नाइकेले दासीको रूपमा अह्राउपह्राउगर्न ती केटीलाई आफूकहाँ लियो। ती केटीले गाडावान् नाइकेको घरमा अह्राएको सारा कामकाज गर्नुपरेको थियो। त्यसरी कामकाज गरिरहँदारहँदै उसको कुशलकर्मअनुसार रूपलावण्य सम्पन्न भएकीले चिटिक्क परेकी हुनाले उमेर पुगेर आउँदा गाडावान् नाइकेको छोरा गिरिदासले उनीलाई कान्छी स्वास्नीको रूपमा राख्नथाल्यो। कान्छी स्वास्नी स्वभावतः जेठीको अनर्थ गर्न पुग्नेहुन्छ। जेठीले पनि कान्छीको अनर्थ गर्न पुग्ने हुन्छ। तसर्थ त्यस गिरिदासकी कान्छी स्वास्नीले उसकी जेठी स्वास्नीसित मन फाट्ने गरी चुग्ली गर्न थालिन्।

ती जेठी स्वास्नीचाहिँ शीलसम्पन्ना थिइन्। सत्पुरुषचित्त भएकी थिइन्। त्यसरी शीलादि गुणउपकारले सम्पन्न जेठी स्वास्नीसँग मन फाट्ने गरी चुगली गरेर कुरा काट्नु अति नै ठूलो अकुशलकर्म हुनगयो। "कुष्ट



Downloaded from http://dhamma.digital

रोगमा घोरी थपेजस्तै दल्नपुग्दा चोरलाई कुटाई खुवाए भनेजस्तै" अघि पनि अरूकी स्वास्नीमाथि अपराध गरी आएको अकुशलकर्मको कारणले निकृष्ट आइमाईको अवस्थामा पुगिरहेको बेला फेरि चुगली गर्ने जस्तो अकुशलकर्म पुन: गरिँदैछ । त्यसैले (**तस्माहं विद्देसनमकासिं**) **अहं** = त्यसबेला गिरिदासकी कान्छी स्वास्नी भएकी मैले; **तस्मा** = त्यस जेठी स्वास्नीलाई; **विद्देसनं** = घृणा उत्पादन गराउन चुगली कुरा; **अकासिं** = गरेर आएँ भन्नपुगे भनी उल्लेख गरिराखेको छ । (**तस्सेतं कम्मफलं**) **एतं** = दासीजस्ती भएर गौरवपूर्वक सेवा सुश्रूषा गरेर बसेकी मलाई लोग्नेहुनेहरूले प्रेमगर्न नसकेका ले त्यागेर जानु वा त्याग भोग्नु परेकी; **तस्स** = घृणा उत्पादन हुनेगरी बोलेर आएकी चुगली कुरा पिशुनवाचाको; **कम्मफलं** = अकुशलकर्मको फल नै हो भनेर पनि उल्लेख गरिराखेको छ ।

प्रमुख गाडावान्को छोरो गिरिदासकी कान्छी स्वास्नी भएको जन्ममा चुगली गरेर आएको अकुशलकर्मको कारणले मगन्तेले समेत प्रेमगर्न नसकी रिसले उनीलाई छोडेर गएको थियो । **तस्सपि** = त्यस पिशुनवाचा अकुशलकर्मको पनि; **अन्तो** = अन्त भएर जानु भन्ने विभाजनलाई; **मया** = मैले; **कतो** = अरहत्तफल उत्पन्न हुनेगरी निर्वाणमा पुग्नेगरी प्रतिवेध गरेर जान्नेदेख्ने आचरण मार्गक्रमद्वारा उखेलेर फालेर सफा पारिसकें । त्यो कुरा महत्त्वपूर्ण छ । अरहत्तफलमा पुगेर अरहन्त भएर गइसकेपछि अघिअघि गरेर आएका अकुशल नराम्रा कर्महरूले फल दिन नसकी शक्तिसामर्थ्य खिएर जाने हुन्छ । कुशलकर्महरू पनि त्यसरी नै खिएर जान्छन् । जीवनमा दीर्घायु हुनसक्ने समय सकिने बेलामा परिनिर्वाण हुनुमात्र बाकी रहन्छ । परिनिर्वाण प्राप्त गरिसकेपछि त नयाँ जन्मको नामरूप फेरि भर्नुपर्ने छैन ।

तसर्थ ती इसिदासी स्थविरा आयुरहुञ्जेलसम्म बाँची त्यही युगमा नै परिनिर्वाण भएर गइन्; दु:खको घटना अन्त्य गरेर बिल्कुल शान्त भएर गइन् । **सारांश**: यो कथावस्तु कुलपुत्रहरूसित पनि सम्बन्धित छ । कुलपुत्रीहरूसित पनि । पहिले सोनार भएको बेलामा अरूकी स्वास्नीप्रति अतिक्रमण गरेर आएको कामेषु मिथ्याचारकर्मको कारणले नरकमा पतनहुनुपऱ्यो । नरकबाट मुक्त भएपछि बाँदर भएर आफ्नो अण्डा फुटालिनुपऱ्यो । फेरि बोका भएको बेलामा पनि खसी पारिएको दु:ख भोग्नुपऱ्यो । त्यसपछि सांढे भएर पनि खसी पारिएको दु:ख भोग्नुपऱ्यो । त्यसपछि दासीको कोखमा जन्म लिई नपुंसक पाण्डुक हुनुपऱ्यो । यी



Downloaded from http://dhamma.digital

कुराहरू केही क्षणमात्र रमाउन पाइने कामेषु मिथ्याचारकर्मको नराम्रा प्रतिफलहरू नै हुन् । त्यसपछि गरिब गाडावान्‌की छोरी भएर दासीको अवस्थामा पुगी प्रमुख गाडावान्‌को छोरा गिरिदासकी कान्छी स्वास्नी हुनुपर्‍यो । त्यसरी कामेषु मिथ्याचारकर्मको नराम्रा प्रतिफलहरूलाई भोगिरहेकै बेलामा शील सदाचारले सम्पन्न कुलपुत्री जेठी स्वास्नी र आफ्नो लोग्ने गिरिदास बीचमा फाटो हाल्न चुगली गर्न पुगिन् ।

कतिहदसम्म दु:ख भोग्नुपर्‍यो भन्ने विषयमा ग्रन्थमा उल्लेख नभएकोले ठोकेर भन्न त सकिन्न तर यसो हेर्दा एकदम फाटो परी असाध्य दु:ख भोग्नुपरेको हो कि जस्तो देखिन्छ । ती कान्छी स्वास्नी जेठी स्वास्नी र सौतेनी राख्ने व्यक्तिहरूले विशेष होश राख्नुपर्ने कुराहरू नै भयो । त्यस चुगली गर्ने नराम्रो कर्मको कारणले अन्तिम जन्ममा इसिदासी नाउँकी सेठपुत्री हुनपाएकी भएतापनि मगन्तेले समेत प्रेमगर्न नसक्ने भई लोग्ने हुनेहरूद्वारा तीन-तीनपटकसम्म त्यागिनुपर्‍यो । त्यो भोग चुगली गर्ने गरेको अकुशलकर्मको नराम्रा प्रतिफलहरू नै हुनगयो ।

## हिंसकहरूमा अति पीडा

अरूप्रति दयामाया नराखी क्रूरतापूर्वक सास्तिगर्ने व्यक्ति मरणोपरान्त त्यस यातनादिने अकुशलकर्मको कारणले नरकमा पतन हुनपुग्छ । त्यस नरकबाट मुक्त भएर आउँदा पनि जन्म लिएको प्रत्येक भवमा निक्कै रोगव्याधि भएको हुनजान्छ । अरूलाई दयामाया राखी यातना नदिने व्यक्ति मरणोपरान्त त्यस कुशलकर्मको कारणले स्वर्गलोकमा पुग्न पाइन्छ । फेरि मनुष्यलोकमा आइपुगे पनि रोगव्याधिरहित भई स्वस्थ हुन पाइन्छ भन्ने विषयमा छुट्टाछुट्टै उपदेश दिनुभयो ।

# पूतिगत्ततिस्स स्थविर कथावस्तु

यातना दिने अकुशलकर्मको कारणले रोग व्याधि धेरै हुनसक्छ भन्ने प्रक्रियाको साधक नमूना कथावस्तु यहाँ दिइन्छ । बुद्धकालीन अवस्थामा एकजना श्रावस्तीवासी व्यक्ति भगवान् बुद्धको शासनमा प्रवेश गरी भिक्षु भएको थियो । त्यसको नाउँ तिस्स थियो । त्यो भिक्षु भएर शील, समाधि र



Downloaded from http://dhamma.digital

प्रज्ञाजस्ता आचरणहरूलाई राम्ररी आचरण गरेर बस्यो। पछि कालान्तरमा उसमा रोगव्याधिहरू देखापर्न थाल्यो । सुरूसुरूमा त शरीरमा तिलजत्रा स-साना फोका निस्के । पछि विस्तारविस्तारै केराउ र चनाजत्रा अनि अमलाजत्रा, भरखरभरखरका बेलजत्रा, अन्त्यमा पाकेका बेलजत्रा भएर पट्ट-पट्ट फुट्न थाले । सारा शरीरमा प्वालै-प्वाल हुनथाले । त्यसरी सारा शरीर नै कुहिन लागेको ले त्यसलाई पूतिगत्ततिस्स भनियो। उसका हाडहरू पनि जीर्ण भई खिइन पुगे। आजकाल पनि कसैकसैमा यसरी हाडहरू जीर्ण भएको कुरा सुन्न पाइन्छ। हात समातेर उठाउँदा त्यो हातको हाड खुस्किन्छ रे ! खुट्टा उचालेमा खुट्टाको हाड पनि खुस्किन्छ रे ! त्यसकारण त्यस्तो रोगीलाई समाउने उचाल्ने आँट नभएको ले नातेदारहरूले केही पनि गर्न नसकी आँखाभरि आँसु पारेर त्यसै त्यसै हेरिरहनुपर्नेहुन्छ रे ! त्यो पूतिगत्ततिस्स स्थविरलाई पनि त्यहाँका शिष्यहरूले पछि गएर सेवा गर्न सकेनन् । चीवरवस्त्रहरू पनि सडेगलेका पीप रगतहरूले दागिएका थिए । त्यसलाई कोही पनि सेवा गर्ने नभएर अनाथ भई बस्नुपरेको थियो । हुन पनि असाध्य रोग लागेका रोगीहरूलाई धेरै समयसम्म सेवा गर्नुपर्दा अरूलाई बोझिलो हुनजान्छ ; शिष्यहरूको त कुरै छोडौं आमाबाबु र छोराछोरीहरूलाई समेत समय बित्दै जाँदा भार भएर आउनसक्छ ।

## भगवान् बुद्ध स्वयंद्वारा रोगीसेवा

त्यसरी अनाथ भएर रहनुपरेको बेला भगवान् बुद्ध त्यस पूतिगत्ततिस्स स्थविर अनाथ भइरहेको घटना र अरहन्त हुने कारण उपनिश्रय रहेको प्रक्रियालाई देखनुभएको ले क्रमशः विहार चारिका गर्ने सिलसिलामा त्यस ठाउँमा पुग्नुभयो । बुद्ध आफै भान्छाघरमा पानी बसाली पानी तताउँदै कुरेर बस्नुभयो। पानी तातो भएपछि त्यस पूतिगत्ततिस्स स्थविरको खाटलाई उचालेर सार्न समाउनुभयो। त्यसबेला छेउछाउमा बसेका भिक्षुहरूले "भन्ते, तपाई हट्नोस्; हामीले उचालेर सार्छौं" भनी निवेदन गरी उनीहरूले त्यसलाई भान्छाघरतिर ल्याए । भगवान् बुद्धले बाल्टीन लिन लगाई तातो पानी राखी ती भिक्षुहरूलाई पूतिगत्ततिस्स भिक्षुको उत्तरासंग तातो पानीले भिजाई झिक्न लगाएर धुन लगाउनुभयो । धोइसकेपछि सुकाउन लगाउनुभयो । त्यसबीचमा भगवान् बुद्धले नजिकमा उभिएर पूतिगत्ततिस्सको शरीरलाई तातो पानीले खन्याउँदै नुहाउन लगाउनुभयो । सुकाइराखेको उत्तरासँग



Downloaded from http://dhamma.digital

सुकेपछि त्यसलाई त्यस उत्तरासंग लगाउन दिनुभई अन्तरवासलाई तातो पानीले धोएर घाममा सुकाउन लगाउनुभयो । त्यो चीवर वस्त्र सुकेपछि अन्तरवासक लगाउन दिनुभयो । उत्तरासंग बेर्न लगाउनुभयो । त्यसबेलामा पूतिगत्ततिस्स स्थविर केही आश्वस्त र निको भएको महशूस गरी मन एकाग्र र शान्तपारी खाटमा पल्टिरहनुभयो । भगवान् बुद्धले पूतिगत्ततिस्सको शिरानमा उभी एउटा उपदेश गाथा यसरी बताउनुभयो–

**अचिरं वतयं कायो; पथविं अधिसेस्सति ।**
**छुद्धो अपेतविञ्ञाणो; निरत्थंव कलिङ्गरं ॥**

**भिक्खु** = प्रियपुत्र तिस्स भिक्षु; **अयं कायो** = यो तिम्रो शरीर; **अचिरं** = धेरै नबित्दैमा; **अपेतविञ्ञाणो** = विज्ञान (जान्ने चित्त) रहित भई (केही समयमै विज्ञानरहित भएर मरण हुने भएको छ भन्ने भाव हो; असाध्य रोगव्याधिले च्यापिराखेको हुनाले केही समयमै मरण हुनेछ भन्ने कुरा स्पष्ट भइराखेको छ ; स्मृतिसंवेग जगाउन प्रकट भइराखेको छ; त्यसलाई भगवान् बुद्धले स्मृति अगाडि सारिदिनुभएको हो । यस्तो अवस्थामा केही पनि आशा राख्ने स्थिति नरहेको ले धर्म नै शरणको रूपमा रहिरहेको छ भन्ने तथ्यलाई स्मृति दिलाउनुभएको हो) **अपेतविञ्ञाणो** = जान्नेचित्त विज्ञानरहित भई; **छुद्धो** = सहधर्मीहरूले श्मशानमा फालिनुपर्ने भएको कारणले; (जान्ने चित्त विज्ञान रहँदैन । मरण भइसकेपछि त रूपकाय शरीर भनेको केही काम लाग्दैन । मरणअगाडि त जतिपनि गौरव गर्नुपर्ने शरीर भएपनि मरण हुँदाचाहिँ कसैले पनि गौरव गर्नसक्ने हुँदैन । कोही पनि लाशको अगाडि बस्न चाहँदैन । मरणअगाडि एकक्षण पनि अलग्गिन चाहँदैन भन्नेहरू पनि नजिकमा बस्न मन पराउँदैनन् ।

२-३ दिन बित्दा शव कुहेर फुलेर अझ बढी घिनलाग्दो डरलाग्दो हुन्छ । त्यसैले त्यस्तो शवलाई विहारमा होस् वा घरमा धेरै बेरसम्म राख्नसकिन्न । त्यसलाई टाढा श्मशानमा पुऱ्याउनुपर्ने र त्याग्नुपर्ने हुनजान्छ । तसर्थ, **छुद्धो** = सहधर्मीहरूद्वारा श्मशानमा लगी त्यागिनुपर्ने भएको ले; **पथविं अधिसेस्सति वत** = अहो श्मशानभूमिमा लम्पसार परी सुत्नुपर्ने रहेछ । (रेखदेख गर्ने कोही नभएर श्मशानभूमिमा यो लाश लम्पसार परेको भएपनि अथवा कुप्रेको भएपनि त्यसै परिरहने हुनजान, धेरै बेर लाग्दैन) **किमिव** = के जस्तो हुन्छ त भन्दा; **निरत्थं** = निरर्थक भई काम नलाग्ने; **कलिङ्गरंव** = फुस्रो काठको मुढोजस्तै लडिरहनु पर्नेहुनेछ । (मेच, खाट, खम्बा आदि उपयोगी काठहरूलाई त मानिसहरूले घरमा ल्याई



Downloaded from http://dhamma.digital

उपयोग गर्दछन् । त्यसरी उपयोगी नहुने बाङ्गोटिङ्गो, टुक्राटाक्रा, फोस्रा, नराम्रा काठहरूलाई जङ्गलमा नै फालेर राख्दछन् । कसैले पनि हेरविचार गर्दैनन् । आफसेआफ जङ्गलमै त्यसै परिरहनुपर्नेजस्तै तिम्रो यो शरीर पनि श्मशानभूमिमा कसैको हेरविचार पाउन नसकी लम्पसार अथवा कुप्रो परेझैं त्यसै परिरहनुपर्ने भइरहेको छ भन्ने भाव हो) पूतिगत्ततिस्स स्थविर अघिपनि धर्मलाई हृदयङ्गम गरी अभ्यास र उद्योग गर्ने पृष्ठभूमि भएको भएर त्यस गाथा उपदेश सुनिरहँदारहँदै विपश्यनाज्ञान क्रमिकरूपमा वृद्धि गर्दै अरहन्तफलमा पुग्नुभयो । अरहन्त भएर केही समय नबित्दै परिनिर्वाण पनि हुनुभयो । भगवान् बुद्धले वहाँको लाशलाई दाहसंस्कार गराउन लगाउनुभई अस्थिधातुहरूलाई स्थापना गराउनुभएर चैत्य बनाउन लगाउनुभयो ।

## पूतिगत्ततिस्स स्थविरको अतीत कथा

त्यसरी चैत्य स्थापना गराउन लगाइसकेपछि भिक्षुहरूले "पूतिगत्ततिस्स स्थविर कहाँ गएर जन्मनुभयो ?" भनी भगवान्समक्ष निवेदन गरे । "परिनिर्वाण भइसक्यो" भन्ने कुरा भगवान् बुद्धले भन्नुहुँदा "अरहन्त हुनाको कारण, उपनिस्रय भएर पनि वहाँको शरीर किन घाउ र खटिरा निस्की कुहिएको नि; वहाँका हाडहरू किन भाँचेका नि; किन अरहन्त हुन पुगेको नि ?" भनी निवेदन गरे । त्यसबेला भगवान् बुद्धले यसरी जवाफ दिनुभयो ।

भावी पूतिगत्ततिस्स स्थविर कश्यप तथागतको पालामा चराचुरुङ्गी मार्ने शिकारी भएर आएको थियो । उनले चराहरूलाई मारेर बेच्ने र खाने गर्दथ्यो । दिनभरी बेचेर बाकी रहेका चराहरूलाई नमारिकन पखेटा र खुट्टा भाँचेर राख्दथ्यो । त्यस युगमा बरफिलो कोठाहरू बरफले छोपी राख्नेजस्तो हुँदैनथ्यो । त्यसैले कुहिन बिग्रिन नदिन जिउँदै खुट्टा, पखेटा भाँची साँचिराख्ने गर्दथ्यो । अहिले पनि चराचुरुङ्गीहरूलाई नमारिकन यसरी यातना दिएर जम्मा पारिराख्ने, माछाहरूलाई जम्मा पारिराख्ने गरिन्छ भन्ने सुन्दछु । त्यस्तै होला नि । त्यसरी चराहरूलाई मुन्ठ्याएर यातना दिने, मार्ने गरेर आएको ले धेरै समयसम्म नरकमा दुःख कष्ट भोगेर आई त्यस कर्मको अवशेषको कारणले मानिस भएर जन्मँदा पनि रोगव्याधि बढी ग्रष्ट हुन पुगेको हो ।



Downloaded from http://dhamma.digital

अहिलेको जन्ममा पनि त्यस यातनाजन्य अकुशलकर्मको कारणले खटिराहरू निस्की सारा शरीर कुहिएको हो र हाडहरू भाँचिनुपरेको हो। अन्त्यमा त्यस चरामार्ने शिकारी हुँद। एक दिन उसको घरमा पाल्नुभएको अरहन्त स्थविरलाई आफूले खान भनी पकाइराखेको मासु तरकारी र भोजन दानगरी तपाईहरूले जान्नुदेख्नुभएको धर्मको अन्तिम चरणतिर पुग्न पाऊँ भनी प्रार्थना गरेर आएको थियो । त्यस भोजनदानको कारणले अरहन्त हुन पाइएको हो भनी जवाफ दिइएको हो । त्यस कथावस्तुमा रोगब्याधि भयंकररूपमा उत्पन्न भई सारा शरीरमा कहिँ कतै स्वस्थ भाग बाँकी नरहने गरी कुहिन पुगेको हो । हाडहरू पनि भाँचिनुपरेको हो भनेको यातना दिने व्यक्तिमा रोग बढी हुन्छ भन्ने अकुशल प्रतिफल कुरोको दृष्टान्त साधन नमूना नै हो । अरूप्रति आफूजस्तै ठानी दयामाया राखी यातना नदिइकन अलग्ग रहेको खण्डमा आयुष्मान् बाकुलहरूजस्तै रोग व्याधिबाट मुक्त भई स्वस्थ हुन पाइने भयो ।

म (महाशी सयादो) भिक्षुवास दश वर्षको जति हुँदा मोलमिन् ताउँवाइँ विहारमा बसोबास गरिरहेको बेलामा रोग ब्याधिबाट मुक्त भएकी एउटी उपासिका दायिकालाई भेट्न पाइएको थियो । उनी स्वस्थ रहेको प्रक्रिया प्रशंसनीय छ । त्यसबेला ती दायिका ५० वर्ष नाघी ६० वर्षजति पुगिसकेकी थिइन् ।

उनको यतिसम्मको उमेरमा रोग व्याधिको नाउँमा रुघा लाग्नु, टाउको दुख्नु आदि रोग भोग्नु परेको थिएन । औषधीको नाउँमा पनि पाचकसमेत चाटेकी छैन रे । हामी बसेको ताउँवाइँ भनेको ठाउँमा त्यसबेला औलो ज्वरो आउने गर्थ्यो । त्यहाँ २-३ महिनाजति बस्यो भने ज्वरो आउन थाल्थ्यो । ती दायिकामा त्यस ठाउँमा त्यतिका वर्षसम्म रहिरहेकी भएपनि ज्वरो आयो, यसो भयो, उसो भयो भन्ने केही पनि थिएन । असाध्य स्वास्थ्य राम्री भएकी दायिका थिइन् । त्यसप्रकारको यातनाबाट पन्छिन पाउनु कुशलकर्मको कारणले नै हो भनी ठान्नुपर्दछ । तसर्थ आफू स्वयं अत्याधिक स्वस्थ छ भने अघि यातना दिने कर्मबाट अलग्ग भएर आएको ले हो भनी ठान्नुयोग्य छ । रोगब्याधि बढी भइरहेको छ भने त अघि अरूलाई यातना दिएर आएको अकुशलको कारणले नै हो भनी ठान्नुयोग्य छ । त्यसरी ठानेर पछिपछिको समयमा, जीवनमा रोगब्यधिबाट मुक्त भई सुखी र स्वस्थ हुन यातना दिनुबाट अलग्गिनेछु भनी अधिष्ठान गरी यातना नदिनु, दयामाया राख्नु, कुशलधर्महरूलाई जतिसक्यो उति वृद्धि गर्न बढावा दिन पालन र आचरण गर्दै जानुपर्दछ ।



Downloaded from http://dhamma.digital

# छलकपटबाट बच्नुस्

धर्मसित सम्बन्धित छलकपटहरू पनि थुप्रै छन्। झूठ असत्य अधार्मिक मार्गाचरणलाई सत्य साँचोरूपमा भन्ने उपदेश गर्ने विषयहरू आफूले साँच्चै आस्था र विश्वास राखेर भन्ने उपदेश गर्ने गरिरहेतापनि त्यसलाई स्वीकारेर आस्था र विश्वास राख्ने व्यक्तिहरूमा अत्यन्त हानी नोक्सानी पुऱ्याउने भएकोले छलकपट गरेको स्थितिमा नै पुग्नजान्छ। बुद्धकालीन अवस्थामा गोरू जस्तै आचरण गरिरहने र कुकुरजस्तै आचरण गरिरहने सेनियहरू भगवान् बुद्धसमक्ष आई तिनीहरूको गोव्रत, कुकुरव्रतहरूमा कस्तो किसिमको प्रतिफल छ भनी निवेदन गरे। भगवान् बुद्धले त्यस्तो प्रश्न नगर्न २-२ चोटि निषेध गर्नुभयो। तेस्रोचोटि प्रश्न गर्दा त यसरी जवाफ दिनुभयो। "गोरुजस्तै आचरण गर्ने व्यक्ति मरणोपरान्त गोरु हुनपुग्दछ। कुकुरजस्तै आचरण गर्दछ भने कुकुर हुनपुग्दछ। आचरण पूर्ण छैन भने त ढोंगरची छलकपट गरेको ठहरिने भएको ले त्यस मिथ्याधारणाको कारण नरकमा वा पशुयोनि मध्ये एक न एकमा उत्पन्न हुनपुग्दछ" भनी जवाफ दिनुभयो।

अनि त पुण्ण र सेनियहरू रुन लागे। किन रुन लागेको त भन्दा त्यस गोरुजस्तै कुकुरजस्तै आचरणगर्नुद्वारा सुखमय जीवलोकमा पुग्न सकिन्छ भनेर गुरुआचार्यहरूले दिएको उपदेशमा आस्था र विश्वास राखी दीर्घकालसम्म गोव्रत, कुकुरव्रत आचरण गरेर आइराखेका छलछाममा पारिएजस्तो नै भएकालें रुन लागेका हुन्।

अन्य एउटा त तालपुट नामक नर्तक आचार्यले भगवान् बुद्धसँग यसरी सोधेको थियो "धेरै मानिसहरूलाई रमाइलो र हर्षित पारिदिने नर्तक "पहास" नामक रमाइलो देवयोनिमा उत्पन्न हुनपाउँछ भनी गुरुपरम्पराले भनेर आएको सुनिराखेको छु। यस विषयमा भगवान् तपाईले कसरी उपदेश दिइराख्नुभएको छ ?" भनी निवेदन गऱ्यो। भगवान् बुद्धले २ पटकसम्म निषेध गर्नुभई ३ पटक सोधनी गर्दा यसरी आज्ञा गर्नुभयो– "मूल जडैदेखि लोभ, द्वेष, मोह वृद्धि हुनेगरी नाचेर देखाउने गर्दा मरणोपरान्त "पहास" नामक नरकमा उत्पन्न हुनसक्दछ। नाच देखाएर देवता हुन पाइन्छ भनी दृढताका साथ गलत धारणा धारण गरिरहेमा त्यस मिथ्याधारणाको कारणले नरक र तिरश्चीन मध्ये एक न एक योनिमा उत्पन्न हुनसक्छ" भनी आज्ञा गर्नुभयो। अनि त तालपुट नामक नर्तक



Downloaded from http://dhamma.digital

आचार्य रुन लाग्यो । रुनुपर्ने कारण त "धेरै मानिसहरूलाई लोभ द्वेष उत्पन्नहुने नाच देखाउनाले अरूलाई रमाइलो पारिदिएको हुनाले पहास देवयोनिमा उत्पन्न हुनपाउँछ" भनी गुरुपरम्पराले (**दीघरत्तं**) धेरै समयसम्म (**निकतो वञ्चितो**) छकाइ फकाईराखिएको कारण र त्यस नरकको मारमा पर्नुपर्ने कारणले हो ।

यस्तै यस्ता अन्य विषयहरू पनि थुप्रै नै उल्लेख गर्नु बाँकी छन् । आजकाल भगवान् बुद्धको धर्मप्रति गलतपूर्वक धारणाराखी बुद्धको रायको पूरा उल्टा र प्रतिपक्षमा उपदेश गरिरहेकाहरू पनि छन् । कसो त भन्दा भगवान् बुद्धले "सम्पूर्ण अकुशलहरूलाई हटाउनुपर्छ; सम्पूर्ण कुशलको सम्पादन गर्नुपर्छ; शील, समाधि, प्रज्ञा आचरणहरूलाई आचरण गर्नुपर्दछ; शमथ, विपश्यना भावना कार्यमा उद्योग गनुपर्दछ; आठ मार्गाङ्गहरूको वृद्धि गर्नुपर्दछ" भनेर एकदम स्पष्ट र निश्चितरूपमा उपदेश गरिराख्नुभएको छ । त्यो देशित उपदेशसित बाँझिने गरी बोल्ने भन्ने गरिराखेकाहरू छन् । कसरी त भन्दा– "अकुशल क्लेश भनेको (**अनिच्च**) नित्य छैन; सधैँ रहँदैन त्यसैले हटाउनु जरूरी पर्दैन; मार्नुलाई पन्छाउनुभन्दा पनि मार्नको लागि उद्योगगर्नु अझ गाऱ्हो छ; कुशल गर्दा शील, समाधि, प्रज्ञा आचरणको आचरण गर्दा, भावनाकार्य गर्दा, (**सब्बे संखारा दुक्खा**) भन्ने देशनाअनुसार दुःख नै हुन्छ; शरीरलाई कष्ट पुऱ्याएको हुन्छ; गरेजति कार्य दुःखहरू नै हुन् । केही नगरिकन अवकाश प्राप्त गरिबसेमा मात्र सुख हुन्छ" आदि भनी भन्ने बोल्ने गरिरहेकाहरू छन् ।

ती कुराहरू बुद्धोपदेशित उपदेशित बाँझिएको कुरा अति नै स्पष्ट छ । त्यस प्रतिपक्षी धर्मलाई बुद्धोपदेश अनुरूप सम्झी विश्वास र स्वीकार गर्ने व्यक्तिहरूमा कुशलता उत्पन्न नभई अकुशलता मात्र वृद्धि भइरहने सुनिश्चित छ । कुनै एक अन्तिम अवस्थामा आधारभूत कुशल नभई अकुशलमात्रले प्रतिफल दिँदा मिथ्याधर्मद्वारा गरिएको छलकपटलाई भोग्नुपर्ने भएको ले दुःखी भएर बस्नुपऱ्यो भन्ने कुरा स्वयं आफ्नो प्रत्यक्ष अनुभव भई मानसिक अशान्ति र पीडा उत्पन्न हुने कुरा अति नै निकटतामा आइरहन्छ ।

अहिले भनिए जस्तै आर्थिक अवस्थाद्वारा होस् अथवा धार्मिक अवस्थाद्वारा छकाई फकाई खाइरहनुपर्ने व्यक्तिमा ठूलो नोक्सानी भइरहन्छ । आर्थिक तवरले भन्दा धार्मिकतवरले छलकपट्याइँ भोगिरहनु अझ बढी नोक्सानी हुन्छ । तसर्थ आर्थिकतवरले होस् या त धार्मिकतवरले



Downloaded from http://dhamma.digital

छकाई फकाई खान नपरोस् । कपट्याइँ नहोस् । पापबाट मुक्त होस् भनी मैत्री वृद्धि गर्न भगवान्ले निर्देशन दिनुभएको हो ।

# कमजोर व्यक्ति

सत्त्वप्राणीहरूको निमित्त संरक्षण कर्ता छैन; आधार भरोसा छैन । त्यस भनाई कौरव्यराजले नबुझेर आयुष्मान् राष्ट्रपालसमक्ष सोधनी भएको थियो । "भन्ते राष्ट्रपाल, ... हामीमा संरक्षक सैन्यहरू छन्; तिनीहरू आधार भरोसाका पनि हुन्; संरक्षणकर्ता छैन; आधार भरोसा छैन भनेर केलाई उद्देश्य राखी भन्नुभएको हो ?" त्यसबेला आयुष्मान् राष्ट्रपालले सोध्नुभयो "कौरव्यराज, तपाईमा रोग उब्जिराखेको छ कि छैन ? त्यस रोगले तीव्ररूपमा पीडा कष्ट दिने बेलामा कस्तो छ ? "ममा रोग उब्जिराखेको छ । त्यस रोगले पीडा कष्ट दिने बेलामा मरणान्त अनुभव हुन्छ । ज्ञातिबन्धुहरू मर्ने भयो भनी सम्झेर नजिकमा बसी आँखाभरी आँशु पारेर रोइरहनुपर्ने समय पनि छ" भनी कौरव्यराजले उत्तर दिए ।

अनि "कौरव्यराज, तपाईले आफूमा त्यस्तो रोगले तीव्ररूपमा पीडा कष्ट दिइरहँदा तपाईका ज्ञातिबन्धु मित्र बान्धवहरूलाई त्यो रोग बाँडचूँड गरेर दिन पाइन्छ ? वेदना अनुभवगर्न कम हुनेगरी कसैले बाँडेर लिन सक्छ कि सक्तैन ?" भनी फेरि तर्क अगाडिराख्नुभयो । "बाँडेर दिन पनि सक्तैन, बाँडेर लिन पनि सक्तैन, म एक्लैले मात्र दाँत किटेर सहिरहनुपर्दछ" भनी कौरव्यराजले जवाफ दिए । अनि आयुष्मान् राष्ट्रपालले "अँ त, ... ! ठीक छ महाराज, त्यस्तो अवस्थामा संरक्षक नभएको, आधार भरोसा नभएकोलाई उद्देश्य गरी भगवान् बुद्धले सत्त्वप्राणीहरूको संरक्षक छैन; आधार भरोसा छैन" भनी उपदेश गर्नुभएको हो भनी स्पष्टपारी जवाफ दिनुभयो ।

जतिसुकै आमाबाबु ज्ञातिबन्धु संरक्षकहरू भएतापनि बूढाबूढी नहुने गरी, रोगी नहुने गरी, मरण नहुने गरी संरक्षण कसैले दिनसक्तैन; तरुणतरुणी, युवायुवती भएर सदैव रहने गरी कसैले पनि संरक्षण दिन सक्तैन । बूढाबूढी हुनुपर्ने बेलामा बूढाबूढी भै नै हाल्छ; बूढाबूढी भएको बेलामा पनि त्यस जीर्ण स्वभावलाई बाँडेर दिन पाइँदैन । यदि बाँडेर दिनु बाँडेर लिनुहुने भएमा जीर्ण भएका अंशहरूलाई अलि अलि बाँडेर दिएको खण्डमा जीर्णत्व प्रकट नभई फेरि तरुणतरुणी हुने थियो; त्यसो हुनसके असाध्य राम्रो हुने थियो नि !



Downloaded from http://dhamma.digital

स्वास्थ्यको लागि अनुकूल औषधीद्वारा प्रतिरोध गर्न सकिन्छ भनेपनि बिलकुल रोगै नहुने गरी त गर्न सक्तैन। तीव्ररूपमा रोग चर्किएर आउँदामा पनि पूर्ण लोप हुने गरी उपचार गर्न सक्तैन। त्यस रोगलाई अनुभवगर्नु निकोहुने गरी अलि अलि भएपनि बाँडचुँड गरेर पनि दिन सकिन्न। बाँडेर दिन बाँडेर लिन पाएको भए कति राम्रो हुने थियो !

नमर्ने गर्न पनि कसैमा सामर्थ्य छैन। जीर्ण हुनु, रोग हुनु, मरण हुनुलाई प्रतिरोध गर्न र संरक्षण गर्नसक्ने व्यक्ति कोही छैन। मरणोपरान्त चारअपायमा पतन नहुने गरी संरक्षण दिनसक्ने कोही छैन। त्यसरी संरक्षक, प्रतिरोधक नभएकोलाई देख्नुभएर भगवान् बुद्धले सत्त्वहरूप्रति करुणा राख्नु भएको हो। त्यस पादअनुसार "संरक्षकरहित, आधार भरोसारहित, शक्तिहीन भएका छन्" भनी स्मरणिका बनाइराखिएको छ।

सम्पूर्ण लोकलाई हेरेको खण्डमा जीर्ण नहुने गरी, रोगी नहुने गरी, मरण नहुने गरी, अपाय दु:खबाट मुक्त हुन पाइने गरी, संसारदु:खबाट मुक्त हुनपाइने गरी कसैले पनि उद्धार गर्न संरक्षण गर्न सक्तैन। सृष्टिवादअनुसार ईश्वरले उद्धार गर्न सक्छ भनी भनेतापनि त्यस वादलाई विश्वास गरेर मान्ने व्यक्तिहरू पनि अरूअरूजस्तै नै जीर्ण हुनुपर्ने बेलामा जीर्ण हुनु नै पर्छ; रोगी हुनुपर्ने बेलामा रोगी हुनैपर्छ, मृत्यु हुनुपर्ने बेलामा मरण हुनु नै पर्छ। त्यस्तो बेलामा कसैले उद्धार गर्न नसक्ने तथ्य स्पष्टरूपले साक्षी बनिरहेको छ। मरणोपरान्तमात्र उद्धार गरिन्छ भनेको पनि विश्वसनीय छैन। साँच्चै हुने हो भने मृत्यु अगावै उद्धार गर्नुपर्दछ।

भगवान् बुद्धले उद्धार गर्नुहुन्छ भनेको पनि दु:खबाट मुक्त हुने कारण र विधि आचरण मार्गको उपदेश दिनुद्वारा मात्र उद्धार गर्ने हो। आफ्नो ऋद्धिशक्तिद्वारा, हुकुमद्वारा दु:खबाट छुटकारा दिलाउन हुकुम जारिगरी उद्धारगर्न सक्ने होइन। उदाहरणको रूपमा रोगीलाई वैद्यराजहरूले औषधी दिनु, औषधी उपयोग गर्ने विधि रहनसहन विधि निर्देशन दिनुद्वारा उपचार गर्नेजस्तै नै हो। वैद्यराजले निर्देशन दिएबमोजिम अनुसरण गर्ने व्यक्ति निरोगी स्वस्थ भएर गएजस्तै भगवान् बुद्धले निर्देशन दिनुभएको बमोजिम अनुसरण गरी आचरण गर्ने व्यक्ति अपायदु:ख, संसारचक्रदु:खबाट मुक्त हुने गर्दछ। त्यस अर्थ अभिप्रायलाई भगवान् बुद्धले यसरी उपदेश दिनुभएको थियो।



Downloaded from http://dhamma.digital

# भगवान् बुद्धले पनि उपदेशमात्र दिन सक्नुहुन्छ

**तुम्हेहि किच्चं आतप्पं; अक्खातारो तथागता ।**
**पटिपन्ना पमोक्खन्ति; झायिनो मारबन्धना ॥**

**तुम्हेहि** = म बुद्धका शिष्य तिमीहरूले; **आतप्पं** = सम्यक्प्रधान वीर्यद्वारा आचरण गर्नु योग्य शील, समाधि, प्रज्ञा आचरणलाई; **किच्चं** = आचरण गर्नुयोग्य छ; आचरण गर्नुपर्दछ । **तथागता** = तथागतहरूले; **अक्खातारो** = सही आचरण सही पद्धतिको उपदेश गर्नमात्र सक्तछन् । **झायिनो** = शमथ र विपश्यना दुई प्रकारको भाविताद्वारा भाविता गरी; **पटिपन्ना** = मैले उपदेश दिएअनुसार आचरण गर्ने व्यक्तिहरू; **मारबन्धना** = क्लेशमारको बन्धनबाट; **पमोक्खन्ति** = मुक्त भएर जानेछन् ।

बुद्धोपदेशित सही आचरण पद्धतिलाई सुनेर आचरण र अभ्यास गर्ने व्यक्तिहरू क्लेशमारको बन्धन कहलाइने संसारचक्रदु:खबाट मुक्त भएर जानेछन् । त्यस देशनाअनुसार आचरण गर्दैन भने मुक्त हुँदैन । सही आचरण पद्धतिलाई सुन्न नपाइए पनि भगवान् बुद्धहरू प्रादुर्भाव हुनुहुने अवस्थामा भने यस्ता कुरा सुन्न पाइन्छ । भगवान् बुद्ध प्रादुर्भाव नहुने बुद्धशासनबाहिर भने आचरणपद्धति नभएको ले आचरण गर्न नसकी दु:खबाट मुक्त हुन सक्तैनन् । त्यसोहुँदा सही आचरणपद्धति सुन्न नपाएर आचरण गर्न नजान्ने सत्त्वहरूले कसैको पनि आधार भरोसा लिन सक्दैन । संसारदु:खबाट मुक्त नहुने गरी संरक्षण दिने व्यक्ति छैन । त्यसरी संरक्षक नभएको ले संसारभित्र चक्र काट्दै दु:ख भोगी भइरहनुपरेकोलाई देखेर भगवान् बुद्धले सत्त्वहरूप्रति दयामाया राख्नुभएको हो । भगवान् बुद्धले त्यसरी दयामाया राख्नु भएअनुसार नै जीर्ण, रोग, मरण आदिरहित हुने गरी संरक्षण दिने व्यक्ति नभएका सत्त्वहरूलाई आलम्बन गरी करुणा वृद्धि गर्नुपर्दछ ।

# छोडेर जानुपर्दछ

सत्त्वहरूसँग आफ्नो निजी सम्पत्ति भन्ने केही हुँदैन । भौतिक दृष्टिकोणले निजी बस्तु भनेको कम र बढी हुनुमात्रमा फरक छ । हुनुपर्ने जति त रहिरहेको नै छ । भय अन्तराय नभई नष्ट भएन नोक्सान परेन



Downloaded from http://dhamma.digital

भने त रहिरहेका नै छन् तर (**सम्पत्ति विपत्ति परियोसाना**) **सम्पत्ति** = सम्पत्ति सम्पन्नता भनेको जति; **विपत्ति परियोसाना** = विनाश हुनु नै अन्त रहेको छ। लोकमा सम्पन्न भइरहेका, उन्नति वृद्धि भइरहेका जति अन्त्यमा एक न एक अवस्थामा विनाश भएरै विनाशमा अन्त्य भएरै जान्छ। विनाश नै अन्त्य रहेको छ भन्ने कुरा एकदम साँचो छ। निरोगी हुनु स्वस्थ रहने पनि व्याधिसँगै अन्त भएर जान्छन्। अघिअघि जतिसुकै सम्पन्न भइरहेतापनि अन्तिम मरण अवस्थामा केही पनि लिएर जान सक्तैन। यश परिवार धेरै हुने पनि परिवारहीन अवस्थामा टुङ्गो लाग्दछ। जीवित रहनुमा पनि मरणमा टुङ्गो लाग्दछ। लौकिक पक्षको राम्रो भनेजतिको अन्त्यमा त सबै शून्य भएर जान्छ। त्यसलाई श्री धर्माशोक महाराजको जीवनीद्वारा स्पष्ट बुझ्न सकिन्छ।

## श्री धर्माशोक महाराज

भगवान् बुद्ध महापरिनिर्वाण हुनुभइसकेपछि २१८ वर्षतिर भारतमा अशोक महाराज उत्पन्न भएका थिए। उनलाई सम्पूर्ण जम्बुद्वीपलाई नै राज्यगर्ने भनी भनिएको छ। त्यस युगमा जम्बुद्वीप भनेको महाराज अशोकले लेखेर गएका शीलापत्रहरूअनुसार अहिले भारत कहलाइएका सबै जसो क्षेत्र नै हुन्। यो कसरी थाहा पाउन सकिन्छ त भन्दा उनको शिलापत्रमा अहिलेको भारतवर्षको पुछारमा परेका क्षेत्रहरूलाई उनको अधीनस्थ प्रत्यन्त सीमा प्रदेशहरूको रूपमा देखाइराखेको ले नै हो। आधुनिक दृष्टिकोणअनुसार भन्ने हो भने त्यो त्यति विस्तृत नभएको जस्तो देखिन्छ तर त्यो पुरानो युगमा त अति विस्तृत राष्ट्रको रूपमा प्रख्यात रहेको थियो। उनी अत्यन्त भाग्यवान् प्रभावशाली पनि थिए। अट्ठकथाहरूको कथनअनुसार आकाशमाथि समेत एक योजनसम्म त्यो अधीनस्थ थियो भनिन्छ। त्यसरी अत्यन्त भाग्यवान् प्रभावशाली राजा भएको ले धनसम्पत्ति पनि प्रशस्त र परिपूर्ण थियो तर अन्तिम मरणासन्न अवस्थामा भने त्यो भूभाग अमला फलको आधा जति मात्र अधीनस्थ रहन गयो भनी विशुद्धिमार्गमा दर्शाइराखेको छ। कसो त भन्दा –

**सकलं मेदिनिं भुत्वा; दत्वा कोटिसतं सुखी।**
**अड्ढामलकमत्तस्स; अन्ते इस्सरतं गतो॥**



Downloaded from http://dhamma.digital

**सुखी** = अत्यधिक सुख ऐश्वर्यले सम्पन्न; **असोको** = महाराज अशोक; **सकलं मेदिनिं** = सारा जम्बुद्वीप भूमिभागलाई; **भुत्वा** = अधीनस्थ पारी भोग गरेर; **कोटिसतं दत्वा** = एक शय करोड सम्पत्ति दान गरेर; **अन्ते** = अन्तिम अवस्थामा; **अड्ढामलकमत्तस्स** = आधा अमलाजति मात्र; **इस्सरतं** = अधीनस्थ रहेको स्थितिमा; **गतो** = पुगेको थियो ।

अशोक महाराज अघिल्लो अवस्थामा अत्यन्त प्रभावशाली राजा भएको थियो । उनी सम्पूर्ण जम्बुद्वीप राज्य गर्ने भनी प्रशंसित थिए । धनसम्पत्ति पनि धेरै भएर अत्यन्त समृद्ध थियो । एकैदिनभित्र ९६ करोड समेत दान दिइएको थियो । सबै गरेर एक सय करोड दान दिइएको थियो भनिन्छ । तैपनि अन्तिम मरणासन्न अवस्थामा त स्वास्थ्य पनि बिग्रँदै गएको थियो । मन्त्री भाइभारदारहरूले पनि सत्कार सम्मान गर्न खुकुलो पार्दै लगेका थिए । दिव्यावदान ग्रन्थमा ती तथ्यहरू उल्लेख गरिराखेका छन् । विशुद्धिमार्गको म्यान्मार्- अनुवादमा यस विषयमा एकदम पूर्ण हुनेगरी दर्शाइराखेको छ । यहाँ संक्षिप्तमात्र भन्नुपर्ला ।

महाराज अशोक अस्वस्थ भइरहेको बेलामा खाद्य-भोज्यहरू पहिले उनलाई यथावत् नै सुवर्णथालीद्वारा चढाइन्थे । भोजनोपरान्त राजाले ती थालीहरू कुक्कुटाराम विहारमा पठाई दान दिन्थे । केही समयपछि चाँदीको थालमा भोजन टक्र्याइयो । ती चाँदीका थालीहरू पनि कुक्कुटाराम विहारमा पठाई दान दिन्थे । त्यसरी दान गरेको पनि वहाँको आफ्नो उद्देश्यअनुरूप एक सय कोटी पूरा हुन दिन ४ कोटी बाँकी रहेकोले त्यसलाई पूरा गर्न गरेको भनेर पनि भनिन्छ । त्यसपछि अमात्यहरूले खाद्यपदार्थहरू माटाका भाँडामा टक्र्याइने गराइए । त्यस अवस्थामा महाराज अशोकको हातमा अमलाको आधा भाग जति मात्र पुग्न लागेको ले राजा त्रसित भई अमात्य तथा दरबारियाहरूलाई जम्मा गर्न लगाइयो । जम्मा भएपछि महाराज अशोकले सोधे– "यो राष्ट्रको भूमि कसको अधीनमा छ ?" महामन्त्रीले निवेदन गऱ्यो "महाराजको अधीनमा ।"

त्यसबेला महाराज अशोकले "भो महामन्त्री, तिमीले भनेजस्तो भएन, अहिले त मेरो अधिकारमा यो आधा अमलामात्र छ" भनी हुकुम भयो । सम्पन्न हुने जम्मैको विनाश नै अन्त रहेको रहेछ भनेर भगवान् बुद्धले भन्नुभएको कथन सत्य रहेछ भनेर पनि उनले व्यक्त गरेर गए भनिन्छ । विस्तृतरूपमा जान्न चाहने भए विशुद्धिमार्ग म्यान्मार् भाषानुवाद दोस्रो भागमा हेर्न सकिन्छ । तसर्थ "सत्त्वहरूमा निजी सम्पत्ति भनेको छैन । मरण



Downloaded from http://dhamma.digital

हुँदा सबै छोडेर जानुपर्छ" यो कुरा एकदम सही छ। "मेरो मेरो" भनिकन जतिसुकै आसक्ति बढाइरहेतापनि मरण हुँदाखेरि त सबैलाई छोडेर नै जानुपर्दोरहेछ। शरीरमा लगाइराखेका वस्त्रादि चीजहरू पनि छोडेर जानुपर्दोरहेछ। आ-आफ्ना रूपकाय शरीरलाई पनि छोडेर जानुपर्दोरहेछ। त्यसरी प्रत्येक जन्ममा छोडेर जानुपरेको लाई देख्नुभएर भगवान् बुद्धले सत्त्वहरूप्रति करुणा जगाउनुभयो। भगवान् बुद्धले करुणा जगाउनु भएजस्तै निजी सम्पत्ति नभएका सत्त्वहरूले आलम्बन गरी करुणा वृद्धि गर्नुपर्दछ।

# एकसमानको मैत्री

भगवान् बुद्धले सत्त्वहरूप्रति त्यसरी करुणा जगाउनुहुँदा घनिष्ठ व्यक्ति र पराया व्यक्तिमा विभेद नगरी एकसमान करुणा जगाउनुहुन्छ। गृहस्थी अवस्थाको पुत्र राहुलप्रति करुणा जगाउनुभएजस्तै अनर्थकामी भई चिन्तन मनन र कार्य गरिरहने आयुष्मान् देवदत्तप्रति पनि एकसमान नै करुणा जगाउनुभयो। एक समय आयुष्मान् देवदत्तले राजा अजातशत्रुसँग साँठगाँठ मिलाई भगवान् बुद्धको हत्या गर्नसमेत तम्सियो। नालागिरि नामक राजाको हात्तीलाई समेत भगवान् बुद्ध भिक्षाटन गरिरहनु भएको बाटोमा छोड्न लगायो। त्यो हात्ती अत्यन्त प्रचण्ड थियो। भेटाएका जम्मैलाई हानेर कुल्चेर मार्ने खालको थियो। आयुष्मान् देवदत्तको निर्देशनअनुसार माहुतेहरूले नालागिरि हात्तीलाई अत्याधिक रक्सी पिलाई भगवान् बुद्ध भिक्षाटनमा आउनुभएको बाटोमा पठाइदियो।

त्यसबेला भगवान् बुद्धको पछिपछि धेरै भिक्षुसंघहरू पनि आउनुभएको थियो। हात्ती रक्सीले मात्तिएर हिर्काउनका लागि भगवान् बुद्धतिर हुत्तिएर आयो। रक्सीले लागेर मात्तिरहँदा मानिसले समेत भन्न नहुनेकुरा भन्छ, गर्न नहुने काम गर्ने हुन्छ। तिरश्चीन हात्तीको के कुरा! हिर्काउनको लागि बेतोडले डगुरेर आयो नै। त्यसबेला भिक्षुहरूमा चिन्ता हुन थालेकोले पछि हट्न भगवान् बुद्धमा निवेदन चढाए। भगवान् बुद्धले यसरी आज्ञा गर्नुभयो। "**आगच्छथ भिक्खवे** = भिक्षुहरू आओ। **मा भायित्थ** = न डराओ। **अट्ठानमेतं भिक्खवे अनवकासो; यं परूपक्कमेन तथागतं जीविता वोरोपेय्य** = तथागत बुद्धलाई कुनै व्यक्तिले मार्न प्रयास गरेर जीवनबाट पतन गर्नु गराउन सक्ने हुँदैन। भिक्षुहरू! **अनुपक्कमेन भिक्खवे तथागता परिनिब्बायन्ति** = कसैले मार्न प्रयास गरे विना नै तथागत बुद्धहरू



Downloaded from http://dhamma.digital

परिनिर्वाण हुनुहुने गर्दछन्, यो नियाम (**ध्रुवसत्य**) धर्म नै हो । भिक्षुहरू" भनी आज्ञा हुनुभयो । भिक्षुहरूले पछि हट्न तीन पटकसम्म निवेदन गरे । भगवान् बुद्धले पनि तीन पटकसम्म नै माथि भने जस्तै आज्ञा भयो । त्यस अवस्थामा आयुष्मान् आनन्दलाई असाध्य चिन्ता लागेकोले भगवान् बुद्ध भन्दा पहिले प्राण त्याग्छु भनी उनी भगवान् बुद्धको अगाडि उभिन पुगे । भगवान् बुद्धले तीन तीन बारसम्म हटाउन लगाउँदा पनि आयुष्मान् आनन्द नहटेको ले ऋद्धिद्वारा हटाउनुपरेको थियो रे । आयुष्मान् आनन्दलाई हटाएर भगवान् बुद्धले नालागिरि हात्तीप्रति **मेत्ताय फरि** = मैत्री फैलाउन थाल्नुभयो । यो मैत्रीलाई प्राथमिकता दिएर दर्शाउनुभएको हो । अघिल्लो भागमा महाकरुणा समापत्तिद्वारा फिजाउनुभएजस्तै नै करुणाचित्त पनि अप्रधानरूपले उत्पन्न र वृद्धि भएको छ भनी भन्नसकिन्छ । त्यसबेला भगवान् बुद्धद्वारा मैत्री र करुणा फिजाउन पाएकोले नालागिरि हात्ती रक्सी लागेर मात्तिएको पनि एकदम शान्त भएर गयो । त्यसका चित्त पनि नरम र कोमल हुनलाग्यो । उनको बुद्धप्रति पनि श्रद्धा जाग्यो । त्यसैले उभ्याइराखेको सूँडलाई तल झारी भगवान् बुद्धसमक्ष गौरवपूर्वक उपसंक्रमण गरी पाउको मूलमै थचक्क बसिदियो । त्यस अवस्थामा भगवान् बुद्धले नालागिरि हात्तीको कपालमा दाहिने हातले सुमसुम्याई यसरी उपदेश दिनुभयो–

नालागिरि ... ... तिमीले मजस्तो बुद्ध (नाग) प्रति अपराध न गर । अपराध गरेको खण्डमा दुःख आइलाग्छ । न मात्तिऊ । प्रमत्त नहोऊ । प्रमादी भयो कि राम्रो जीवनमा पुग्न सक्दैन । राम्रो जीवनको लाभ तिमी आफैले गर्नुपर्छ" आदि भन्नुभई उपदेश दिनुभयो । त्यसबेलादेखि नालागिरि हात्ती पञ्चशील सुरक्षित भई सत्पुरुष हुनपुग्यो । अघिअघि मानिसलाई कुल्चेर मार्ने बानी भएको भएतापनि त्यसबेला देखि कसैलाई मार्ने भएन, रक्सी पनि नखाने भए । भगवान् बुद्धले आफूलाई हिर्काएर मार्न भनी आएको हात्तीप्रति पुत्र राहुलप्रति जस्तै सुख दिलाउन चाहने मैत्री, दयामाया राख्ने करुणा एकसमान गरी उपदेश दिनुभएको हो ।

# जबर्जस्ती गरेर दिनुपर्ने प्रेरणा

राम्रो कुरा भन्नु परेतापनि असमयमा भन्नुहुँदैन । प्रमाण नराखी बढ्ता कुरा पनि भन्नुहुँदैन । भन्नुउचित अवस्थामा मात्र मात्रा मिलाएर



Downloaded from http://dhamma.digital

सन्तुलन राखी भन्नुपर्छ । त्यसैले धर्मको कुरा भएपनि अवस्था हेरी भन्नुपर्छ । उपदेश सुन्न नचाहने व्यक्तिलाई बारबार गएर उपदेश गरिरहेमा त्यो व्यक्ति उपदेशदेखि डराएर भाग्नसक्छ । भावनाधर्म उद्योग र अभ्यासगर्न नचाहने व्यक्तिलाई बारबार प्रेरणा दिइरहेमा त्यस व्यक्तिले भेट्न नचाहने हुनसक्छ । तसर्थ व्यक्तिको अवस्थालाई हेरेर उचित र अनुकूल अवस्थामा अलि अलि गर्दै भन्ने र प्रेरणा दिने गर्नुपर्दछ । अति नै घनिष्ठ व्यक्ति भएमा भने घटिकारको चरित्रलाई मनन गरी उचित अवस्थामा जोर जुलुम गरेर पनि प्रेरणा दिनुयोग्य छ ।

## घटिकारको चरित्र (रीत)

कश्यप तथागतको पालामा वेगलिङ्ग नामक निगम ग्राममा "घटिकार" नामक कुम्हाले अनागामी उपासक एकजना थियो । एक दिन उसले घनिष्ठ मित्र जोतिपाललाई कश्यप तथागतको दर्शनार्थ जान तीनपटक प्रेरणा दियो । जोतिपालले पनि "मुण्डक श्रमणलाई दर्शन गरेर केही पनि लाभ छैन; म जान चाहन्न" भनेर नै तीनबार तिरस्कृतरूपमा अस्वीकार गऱ्यो । जोतिपाल कोही सानोतिनो व्यक्ति थिएन । भावी गौतम बुद्ध नै थियो तर त्यस जन्ममा ब्राह्मणजातिमा उत्पन्न भइरहेकोले ब्राह्मणवादको उपादानको कारणले कश्यप तथागतप्रति हीनभावना जगाई त्यसरी अगौरवका साथ अस्वीकार गरिरहेको थियो । बाबुबराजे परम्परागत उपादानहरू अति भयावह हुन्छन् । अनि त घटिकार कुम्हाले जोतिपाललाई नदीको घाटमा गई नुहाउन बोलायो । कश्यप तथागत विहार गरिरहनुभएको विहारसित नजिक पर्ने ठाउँमा लैजान भनी पर्यायद्वारा फकाई बोलाएर ल्याएको भन्नुपऱ्यो । त्यसरी नुहाउन भन्दाचाहिँ जोतिपाल सजिलैसित पछि लागेर आयो । त्यस नदीमा नुहाइसकेपछि धोती बाँधेर कपाल सुकाउँदै उभिरहेको अवस्थामा जोतिपाललाई घटिकारले कश्यप तथागतको विहार नजिकैमा भएको कुरा भनी तीनपटकसम्म फेरि प्रेरणा दिन लाग्यो । जोतिपालले पनि तीनैपटक अघिजस्तै अस्वीकार गरिनै रह्यो । अनि त घटिकारले कम्मरको धोती तान्दै बुद्धकहाँ जान फेरि प्रेरित गऱ्यो । जोतिपालले धोती फुस्काई अस्वीकार गरिनै रह्यो । अनि घटिकारले उसको कपाल समाती फेरि प्रेरित गऱ्यो । त्यसबेला जोतिपाल आश्चर्यचकित भयो । घटिकार कुम्हाले तल्लो जातको



Downloaded from http://dhamma.digital

हो। माथिल्लो जातको मेरो कपाल समेत समातेर प्रेरित गरिरहेको असाध्यै अचम्मलाग्दो भएको छ। घटिकारले मेरो कपाल समात्न आँट गरेको उसको गुरु बुद्धलाई भरोसा लिएर नै होला भनी आश्चर्य मान्दै विचार गऱ्यो।

"मित्र घटिकार ... कपाल समेत समाउनपर्ने गरी भन्दाखेरि अति नै महत्त्वपूर्ण कुरा भएजस्तो लाग्यो होइन त ?" घटिकारले पनि "मित्र जोतिपाल, कपाल समाउनुपर्ने नै महत्त्वपूर्ण छ" भनी भन्दै फेरि पनि बुद्धकहाँ जानको लागि प्रेरित गरिरह्यो। त्यसोहुँदा जोतिपालले "घटिकारले पहिले खालि वचनले मात्र प्रेरणा दिनेगऱ्यो। त्यसपछि कम्मरको धोती तानी प्रेरणा दिने गऱ्यो। अन्तिममा कपालै समातेरसमेत प्रेरणा दिइरह्यो। त्यसैले यो कार्य सानोतिनो कार्य रहेन" भनी विचार गरी घटिकारको प्रेरणालाई स्वीकार गऱ्यो। त्यसपछि घटिकारसँगै कश्यप तथागतकहाँ जाँदा तथागतको उपदेश सुन्न पाएर बुद्धशासनप्रति श्रद्धा उत्पन्न गरी भिक्षु भएर गयो।

त्यसमा घटिकार निम्नजातको हीनकुलको भएको र जोतिपाल उच्चजातको ब्राह्मणकुलमा उत्पन्न भएको भएतापनि बढी लाभ हुने कार्य भएकोले वचनले मात्र प्रेरणा दिएर नहुँदा कम्मरको धोती तानेर पनि प्रेरणा दियो। उच्चजातिकाहरूले छुन हुँदैनभनेर दृढ धारणा राखिराखेका हीनकुलका भएर पनि कपाल समेत समातेर तान्नुपर्ने स्थितिसम्म पुगी बढाईचढाई प्रेरित गरिरह्यो। यो घटिकारको प्रेरणा दिने रीत हो। त्यसरी प्रेरणा दिएको ले जोतिपाललाई भगवान् बुद्धको उपदेश सुन्नपाएर अप्रमित लाभ प्राप्त हुनगयो। त्यसबेलामा जोतिपालले घटिकारप्रति धेरै कृतज्ञता जनाए। अहिले पनि कोही कोही योगीहरूले मित्रहरूलाई जबर्जस्ती प्रेरणा दिने गर्दछन्। त्यसरी प्रेरणा दिएकोले मित्र हुनेहरू मन नभएपनि लाज मानेर हाम्रा ध्यानकेन्द्रहरूमा आई भावना अभ्यास गर्दछन्। अभ्यास गर्दा आ-आफ्नो पारमीअनुसार धर्मरस चाख्न पाउँदा प्रेरणा दिने व्यक्तिप्रति अति नै कृतज्ञ सम्झन्छन्। यस्ता व्यक्तिहरू थुप्रै भइसके। त्यो घटिकारको रीतअनुसार जबर्जस्ती कर-कर गरी प्रेरणा दिएकोले उपकार भएर गएको प्रक्रिया हो भन्नुपर्छ।

तसर्थ धर्मलाई एहिपस्सिक गुणले सम्पन्न छ भनी प्रशंसा गर्नुपरेको हो। भगवान् बुद्धको धर्म **एहि पस्स** = आऊ, हेर; आएर त हेर भनी बोलाएर प्रेरणा दिने धर्म हो। राम्रो रसास्वादलाई बोलाएर चखाउन लायक भएजस्तै। राम्रो रसास्वादलाई बोलाएर चखाउँदा चाख्न पाउने व्यक्तिले धन्यवाद दिन्छ। त्यस्तै नै भगवान् बुद्धको धर्म आचरण गर्न प्रेरणा दिँदा



Downloaded from http://dhamma.digital

स्वीकार गरी आचरण गर्ने व्यक्तिले धर्मरस फेलापार्दा अत्यन्त कृतज्ञ हु सम्झन्छ । त्यसैले घनिष्ठ व्यक्तिहरूलाई उचित समयमा घटिकार... रीतलाई मनन गरी स्मृतिप्रस्थानविपश्यना कार्य उद्योग र अभ्यास गर्न कर लगाएर पनि प्रेरणा दिनुपर्नेहुन्छ ।

# उत्तमाचरण आचरणकर्ता

परिशुद्धरूपमा आचरणगर्नु भनेको दुबैतर्फ सहमत भई गर्नुपर्ने दुराचरणस्वरूपको मैथुनबाट अलग्ग हुनुमात्र नभई स-साना खालका मैथुनकार्यहरूबाट पनि अलग्गिने गरी आचरण गर्नको निमित्त उद्देश्य राखी भनिएको हो । स-साना आचरणहीन मैथुनहरू के के हुन् त भन्दा अंगुत्तर पालि (३-४-३८) मा मेथुनसुत्त भनी भगवान् बुद्धले उपदेश गर्नुभएको छ ।

# सानो खालको मैथुन आचरण (७) वटा

एकसमय "जाणुस्सोणि" ब्राह्मण भगवान् बुद्धकहाँ आएर निवेदन गऱ्यो । त्यो ब्राह्मण त्यस युगमा वेदज्ञ पण्डित ब्राह्मण थियो । त्यो युगमा ब्राह्मण पण्डितहरू बुद्धकहाँ आएर छलफल गर्ने गर्थे । प्रश्न सोध्दथे । तर्क गर्दथे । अहिलेका हिन्दूहरू ती ब्राह्मणहरूबाट अवतरण भएका हुन् । त्यसैले त्यस जाणुस्सोणिलाई हिन्दूपण्डित भने पनि धेरैले चिन्न सजिलो हुनेछ । त्यस जाणुस्सोणि हिन्दू पण्डितले बुद्धसँग सोधे । "आयुष्मान् गौतम, स्वयं पनि आफूलाई ब्रह्मचर्य आचरणगर्ने ब्रह्मचारी भनी स्वीकार गर्नुहुन्छ ?" उसको विचारअनुसार ब्रह्मचर्यआचरणलाई मैथुन आचरण गर्दा ब्रह्मचारी भनी स्वीकार गर्न योग्य छैन भन्ने तर्क हो ।

उनीहरूका ब्राह्मणग्रन्थहरूमा ब्रह्मचर्यआचरण गर्ने विधिविधान दर्शाइराखेको छ । सानै उमेरदेखि विवाह नगरी ४८ वर्षसम्म वेदग्रन्थहरू स्वाध्यायन गरिरहनुपर्छ; ४८ वर्ष पूरा भइसकेपछि कोही ब्राह्मणगुरूले भिक्षा दान दिनेगरी सन्यासी भएर जाने गरिन्छ । कोही कुलवंश परम्परा



Downloaded from http://dhamma.digital

विच्छेद नहोस् भन्ने उद्देश्यले युवती छोरी भएका ब्राह्मणघरहरूमा गई युवती छोरी भिक्षादान लिन्थे। "उसको ४८ वर्षसम्म आचरण गरेर आएको ब्रह्मचर्य कुशलपुण्य दिन्छु; युवती छोरी दान देऊ" भनी मागेर लिन्थे। त्यस्ता कुशलपुण्यलाई आफू स्वयंले विना आचरण लाभ गर्न चाहने ब्राह्मण आमाबाबुहरूले आफ्नी छोरीलाई जल तर्पण गरी सहर्ष दिने गर्थे। बुद्धशासनानुयायी व्यक्तिहरूको हिसाबले विचार गरेर हेर्दा त्यसरी दान दिनु भनेको अनौठो देखिने नै हुन्छ तर म्यान्मार्मा एउटा फटाहालाई भावी राजा सम्झेर छोरीलाई महारानीको रूपमा देखन टक्राउने गर्छन् भन्ने कुरा यदाकदा सुन्न पाइन्छ। त्यो कुरासित दाँजेर हेर्दा यो कुरा त्यतिको अचम्म लाग्दोछैन। ब्राह्मणहरूले कन्यादान गर्ने भनेको तिनीहरूको धार्मिक ग्रन्थ वेदअनुसार विश्वास गरेर दान गरेको हुन्छ। हाम्रो म्यान्मार्का मानिसहरूले भावी महारानीको रूपमा कन्या दिएको त ग्रन्थ कुनै शास्त्रको आधार विना आफ्नो सोचाई मात्रले दान गरेका हुन्। मानिसहरूमा अरूको दृष्टिमा केही नभएपनि आफ्नो सोचाई र विश्वासअनुसार आशान्वित रहेका हुन्छन्।

त्यसरी तरुणी ब्राह्मणी लाभ गरेर आउने ब्राह्मणले ती ब्राह्मणीसँग बसी छोराछोरी जन्मेपछि कुलवंश नटुट्ने गरी छोरा पाइयो भन्ने धारणा राखी गृहस्थी त्यागेर फेरि संन्यासी भएर गएको पनि छ। गृहस्थाश्रमबाट छुट्न नसकी सँधैको निमित्त यथावत् गृहस्थाश्रममै रहेको पनि छ। ती ब्राह्मणहरू ४८ वर्षसम्म सानैदेखि शुद्ध स्वच्छरूपमा बस्न सकेमा मात्र "**ब्रह्मचारी** = उत्तम आचरण गर्ने व्यक्ति हुन योग्य छ भनिन्छ" भन्ने जाणुस्सोणि ब्राह्मणले धारणा लिइराखेको थियो। भगवान् बुद्धले त बोधिसत्त्वको अवस्था राजकुमार सिद्धार्थ भइरहेको बेलामा १६ वर्षको उमेरदेखि २९ वर्षसम्म यशोधराप्रमुख महारानी र सखी परिवारहरूसित कामगुण आलम्बनहरूलाई भोग गरेर आउनु भएको थियो। त्यस आचरणलाई योग्य आचरण होइन भनी उनले धारणा राखेको थियो। त्यसैले "आयुष्मान् गौतमले सामान्य आचरणलाई आचरण गर्ने ब्रह्मचारी भनी स्वीकार गर्नुहुन्छ ?" भनी अविश्वासको भावनाले उनले प्रश्न उठाएको हो। त्यो कुराको समाधान हुने गरी जवाफ दिन सक्नेछैन भन्ने भावले उनले सोधेको थियो।

अनि भगवान् बुद्धले "उत्तमाचरणलाई ख्याल राखी आचरण गर्ने ब्रह्मचारीलाई सहीरूपले निर्देशित गरेर भन्नुपर्दा तथागतलाई मात्र त्यसरी



Downloaded from http://dhamma.digital

भन्नु योग्य छ" भनी भूमिका बाँधी उत्तमाचरण शील भंग हुने मलीन हुने विषय सानाप्रकारका मैथुन ७ वटालाई यसरी उद्धृत गरेर उपदेश दिनुभयो ।

१) कोही कोही श्रमणब्राह्मण नामधारीहरूले त्यस युगमा उनीहरूको धार्मिक मान्यताअनुसार **समण** = क्लेश शान्त भएको श्रमण र **ब्राह्मण** = उत्तम व्यक्ति भनी स्वीकारी रहेका व्यक्तिहरू थिए। त्यस्ता व्यक्तिहरूलाई उद्देश्य गरी कोही कोही श्रमणब्राह्मण नामधारी व्यक्तिहरू भनी भनिएको हो । ती कोही कोही श्रमण, ब्राह्मण नामधारीहरूले महिलाहरूसँग गरिने मैथुनआचरणबाट विरत रहनसक्नु मात्रले उत्तमाचरण गर्ने ब्रह्मचारी भनी स्वीकार गरिरहेका हुन्छन् तर त्यस्ता व्यक्तिहरूले महिलाले मालिश गरिदिएको, मसाज गरिदिएको, नुहाइदिएको, मैल पखालि दिएको, श्रीखण्ड आदिले लिपिदिएको जस्ता सेवालाई स्वीकार गरिरहेका हुन्छन् । त्यसमा मज्जाठानी रमाइरहेका हुन्छन्। त्यसरी सेवा गरिदिएकाले तिनीहरू सुखमानी सन्तोष लिएर बसेका हुन्छन् । ती कुरा उत्तमाचरण भंगहुने कारण पनि भयो । दाग लाग्ने कारण पनि भयो । यस्तो व्यक्तिको ब्रह्मचर्य शुद्ध हुँदैन । संसारचक्रबाट मुक्त हुनसक्ने हुँदैन । त्यस्तो प्रकारको नम्बर १ - सानो खालको मैथुन भयो। आजकाल बुद्धशासन भित्रपनि कोही श्रमणहरूले महिलाद्वारा मालिश गराइनुलाई स्वीकार गरिरहेका छन् भन्ने सुनिन्छ। त्यो ब्रह्मचर्य मलीन हुनुको कारण हो। महिलाको स्पर्शलाई मज्जा मानी हलचल गरी उद्योग गरेमा संघादिशेष आपत्ति लाग्न सकिन्छ ।

२) नम्बर सानो खालको मैथुन त महिलाहरूसित हाँसी हाँसी कुरा गर्दै ख्याल ठट्टा गर्नु पनि हो। यसमा शरीर परस्परमा स्पर्श त हुँदैन, ख्याल ठट्टाको स्वरूप जिस्क्याएर खेल्ने झैं मात्र हो तर यो पनि निकृष्ट शारीरिक अङ्गहरूसित सम्बन्धित कुरा भएर यसले पनि संघादिशेष आपत्ति लाग्न सक्दछ ।

३) नम्बर **चक्खुना** = आफ्नो आँखाले; **चक्खुं** = महिलाको आँखा र अनुहारलाई; **उपनिज्झायति पेक्खति** = एकदम घुरेर हेरिरहन्छ । मन पराई मज्जामानी महिलाको मुख ताकेर एकदम घुरेर हेरिरहनु पनि एक किसिमको सानो खालको मैथुन नै हो ।

४) नम्बर पर्खाल, भित्ता, पर्दाहरूले छेकिँदा महिलाको रङ्गरूप त देखापर्दैन खालि शब्द मात्रै सुनिन्छ तर महिलाको हाँसेको शब्द, रोएको शब्द, कुरा गरेको शब्द, गीत गाएको शब्द सुनेर रमाइरहनु मज्जा



Downloaded from http://dhamma.digital

लिइरहने गरिन्छ । आजकाल यस्ता कुरा बढी भइरहेको छ । रेडियोबाट आउने महिलाशब्दहरू जहाँ तहीं सुन्न सकिन्छ । ती सुनाइप्रति रमाइलो मज्जालाग्दो मानिरहनु पनि सानो खालको मैथुन हो ।

५) नम्बर पहिले महिलासँग रमाइलो गरेर आएको, खेलेर आएको, कुराकानी गरेर आएकोलाई फेरि फेरि सम्झी मज्जा मानिरहनु जस्तो कुरा सानो उमेरमा गृहस्थीजीवनमा बसेको कुरा वयस्क भएपछि मात्र श्रमण भएर आउने व्यक्तिहरूसित बढी सम्बन्धित रहने कुरा हो ।

६) नम्बर गृहस्थीजीवनमा कामगुण आलम्बनहरूले सम्पन्न भई भोग उपभोग गरिरहने साहू महाजनहरू, आफ्ना छोराछोरीहरूलाई रमाइराखेको देख्दा आफू पनि तिनीहरूजस्तै हुन पाए कति मज्जा हुँदो हो भनी चाहना गर्नु आशा गर्नु; र्‍याल चुहाइराख्नु पनि ब्रह्मचर्यलाई मलीन पार्ने कारण हो । यो मैथुनप्रक्रियाको निक्कै शूक्ष्म भइसक्यो । यसप्रकारका ६ नम्बर सम्म सानो खालका मैथुनहरू अहिलेको वर्तमान लोकसँग सम्बन्धित रहेका साना मैथुन कार्यहरू हुन् ।

७) नम्बरको अन्तिम सानो खालको मैथुन त आफूले आचरण गरेको शीलकुशल ब्रह्मचर्य कुशलको कारणले अर्को जीवनमा देवता हुन पाऊँ, देवसुखऐश्वर्य भोग्न पाऊँ भनी प्रार्थना गर्नु हो । त्यो पनि अर्को जीवनमा देवअप्सराहरूसँग भोग गर्न प्रार्थना गरेको हुने हुनाले श्रमण जीवनबाट गृहस्थभई भोग गर्न ऐश्वर्यको प्रार्थना गर्नुलाई पनि सानो मैथुनको रूपमा रहेको कुरा भगवान् बुद्धले उपदेश गर्नुभएको हो । वास्तवमा भिक्षु भएर आउनु भनेको "**संसारवट्टदुक्खतो मोचनत्थाय**" भनी आएअनुसार संसारवर्तचक्र दुःखबाट मुक्त हुनको लागि नै हो । देवसुख ऐश्वर्य भोग्नको लागि होइन । त्यसैले "**इदं मे पुञ्ञं निब्बानस्स पच्चयो होतु**" भनी मात्र उद्देश्य राखी प्रार्थना गर्नुपर्दछ । अहिले त त्यसो नभइकन देवसुख ऐश्वर्य अनुभव गर्न प्रार्थना गरिँदो छ । तसर्थ यस्ता क्रियाकलापलाई अपरिशुद्ध ब्रह्मचर्य भन्नुपरेको हो ।

बुद्धशासनको कुरा भन्दा बाहिरको ब्रह्मचर्य आचरण गरिरहने व्यक्तिहरूले त्यस्ता स-साना खालका मैथुनहरूलाई छाड्नुपर्छ भन्ने कुरा पनि थाहा छैन । त्यस्तो बानी छाड्नको निमित्त भाविताविधि निरीक्षण गर्ने पद्धति पनि छैन । त्यसैले ब्राह्मणवादअनुसार ४८ वर्षसम्म ब्रह्मचर्यआचरण गरिरहने व्यक्तिहरू यी साना खालका मैथुनहरूबाट परिशुद्ध भएका छैनन् । अनि फेरि ती ब्राह्मणहरू ४८ वर्षसम्म त्यस्ता



Downloaded from http://dhamma.digital

आचरण गरिसकेर घरगृहस्थी बसाएर जाने भएका हुनाले पनि तिनीहरूको ब्रह्मचर्य परिशुद्ध छैनन् भन्ने कुरालाई जाणुस्सोणि ब्राह्मणले जानी बुझी चित्त बुझाउन् भनी भगवान् बुद्धले यी सानो खालका मैथुन ७ वटालाई उद्धरण गरी उपदेश दिनुभएको हो ।

त्यसरी उपदेश दिइसक्नुभएपछि भगवान् बुद्धले आफू ती स-साना खालका ७ मैथुनलाई बिल्कुल छाड्न नसकुञ्जेलसम्म **सम्मासम्बुद्ध** = सही ढङ्गले आफू स्वयंले जाने बुझेको बुद्धभावलाई स्वीकार गर्नु नभएको तथ्य; तिनीहरूलाई बिल्कुल मुक्त हुनेगरी छाडिसकेर मात्र सम्मासम्बुद्ध बुद्धभावलाई स्वीकार गरेर आउनुभएको तथ्यहरूलाई पनि उद्धरण गरी उपदेश गर्नुभयो । अनिमात्र जाणुस्सोणि ब्राह्मणंले चित्त बुझी भगवान् बुद्ध समक्ष त्रिरत्न-शरण ग्रहण गरी शिष्यत्व लाभ गऱ्यो । स्वीकार गऱ्यो ।

ब्रह्मचर्यआचरणद्वारा यस्ता प्रतिफलहरू लाभ हुन्छ भन्ने प्रक्रियालाई एउटा कथावस्तु प्रस्तुत गरेर देखाउँछु ।

कश्यप तथागतको पालामा बुद्धशासनको पछिल्लो भागमा कोही कोही श्रमणभिक्षुहरूमा आचरण शिक्षा विकल र विपरीत भएको देखापर्न आउँदा आचरणशिक्षाको चाहना भएका ७ जना भिक्षुहरू छलफलमा सहमति जनाएर अरण्यतिर लागे । एउटा पर्वतको चुचुरोमाथि भऱ्याङ् ठड्याएर उक्लिए । पर्वतमाथि पुगेपछि सबै एकमत भई त्यो भऱ्याङ्लाई पल्टाएर पठाए । जीवनको समेत परवाह नगरी भावनाधर्म उद्योग र अभ्यास गर्ने भन्ने उद्देश्यले त्यसो गरेका हुन् । त्यसरी जीवनको परवाह नगरी अभ्यास र उद्योग गर्दैजाँदा सर्वप्रथम संघस्थविर अरहन्त हुनुभयो । ऋद्धिअभिज्ञाले पनि सम्पन्न भयो । तसर्थ त्यस महास्थविरले ऋद्धिअभिज्ञाद्वारा भिक्षाटन गरी बाँकी ६ जनालाई लिएर आउनुभएको भोजन सेवनगर्न निमन्त्रण गर्नुभयो तर ती भिक्षुहरूले अरूले ल्याएको भोजन सेवन गर्दा मर्ने डर नमानी आचरण खुकुलो भएर जानेछ भन्ने धारणाको कारणले त्यो भोजन स्वीकार नगरी अभ्यास र उद्योग गर्दै गए ।

अर्को दिनमा बाकी ६ जनामध्येका ज्येष्ठ स्थविर अनागामी हुनुभयो । ऋद्धिअभिज्ञाले पनि सम्पन्न हुनुभयो । त्यस अनागामी स्थविरले पनि अघिजस्तै भिक्षाटन गर्न जानुभई बाकी ५ जना भिक्षुहरूलाई भोजन दान गर्न लाग्नुभो । त्यो भोजनलाई ती ५ जना भिक्षुहरूले स्वीकार नगरिकन ध्यानधर्मलाई मात्र उद्योग र अभ्यास गरिरहे तर ती ५ जना भिक्षुहरूले पारमी इन्द्रिय परिपक्व नभइसकेकोले मार्गफल विशिष्टधर्म लाभ



Downloaded from http://dhamma.digital

गर्नसक्नु भएन । आखिरमा तिनीहरू भोक र प्यासले गर्दा परलोक भएर जानुपऱ्यो ।

यहाँनिर यी भिक्षुहरूले सीमाना नाघी आचरण गरेका ले नमर्नुपर्ने भएर पनि मरेर गए, हानी भयो भनी विचार गर्नुपर्ने देखिन्छ तर योनिसो मनसिकारद्वारा निरीक्षण गरेर हेरेमा हानी भएको छैन । अत्युत्तम नै भएको छ । कसो त भन्दा ती भिक्षुहरूले ब्रह्मचर्य नामक उत्तमाचरणलाई राम्ररी आचरण नगरी सुखपूर्वक खाने पिउने गरी दश हजार वर्षसम्म दीर्घायु भएर रहेतापनि मरणोपरान्त सुखमय राम्रो प्रतिफल धेरै पाउने भए । अहिले त तिनीहरूले ब्रह्मचर्य उत्तमाचरणलाई पूर्णरूपमा राम्ररी आचरण गरी मरण भएर गएका हुनाले मरणोपरान्त देवलोकमा पुगे । त्यो एकजन्म दुइजन्म थोरै थिएन । कश्यप तथागतको पालादेखि वर्तमान बुद्धको पालासम्म देवलोकमा मात्र बारबार उत्पन्न भई दिव्यसुख ऐश्वर्य उपभोग गरेर आएका थिए ।

वर्तमान बुद्धको पालामा पनि ती पाँचै जना मुक्त भएर गए । एकजना आयुष्मान् दब्ब नामक अरहन्त हुनुभयो । एकजना कुमारकाश्यप नामक अरहन्त हुनुभयो । एकजना बाहिय दारुचिरिय नामक अरहन्त हुनुभयो । एकजना सभिय नामक परिव्राजकको रूपमा भगवान् बुद्धसमक्ष प्रश्नहरू सोधेर अरहन्त हुनुभयो । एकजना पुक्कुसाति नामक राजाको भावबाट धातुविभङ्गसुत्तदेशना सुनी अनागामी हुनुभयो । केही समयपछि नै च्युत भई शुद्धावास ब्रह्मभूवनमा पुगी अरहन्त हुनुभयो । ती पाँचै जनाले बारबार देवलोकमा जन्मी दिव्यसुख-ऐश्वर्य उपभोग गर्न पाए, वर्तमान बुद्धको पालामा अरहन्त भई मुक्त भएर गए । यिनीहरू भिक्षुभावमा रही ब्रह्मचर्य आचरणलाई आचरण गरेर आएका ले नै यी कुरा पाएका हुन् । तसर्थ तिनीहरूले त्यस जन्ममा भोक प्यासले मरेर आउनुपरेतापनि अत्युत्तम लाभ नै गरे भनी भन्न सकिन्छ ।

# शुद्ध कुमारी सात दिदीबहिनी

कुलपुत्रहरूको पक्षबाट को वर्णन पछि कुलपुत्रीहरूको तर्फबाट पनि वर्णन हुनु उचित छ । काश्यप तथागतको पालामा जीवमान हुनुभएका भगवान् बुद्धलाई सेवा सुश्रूषा गर्ने प्रमुख दाता रहनु भएका "किकी" नाउँ



Downloaded from http://dhamma.digital

भएका एकजना वाराणसीका राजा थिए । ती राजाका सातजना छोरीहरू थिए । एकजनाको नाउँ समणी (श्रमणी) थियो; अर्की समणगुत्ता (श्रमणगुप्ता); अर्की भिक्खुनी (भिक्षुणी), अर्की भिक्खुदायिका (भिक्षुदायिका) अर्की धम्मा (धर्मा) अर्की एकजना सुधम्मा (सुधर्मा) र सबभन्दा कान्छी संघदायिका थिइन् । यी नाउँहरूलाई विचार गरेर हेरेको खण्डमा त्यस किकी महाराज बुद्धशासनप्रति अत्यन्त श्रद्धावान् भएको विषय जान्नपाइन्छ, किनभने उनका छोरीहरूलाई बुद्धशासनसित सम्बन्धित नाउँहरू मात्रै दिइराखेको ले हो । ती सातजना छोरीहरू पनि बुद्धशासनप्रति अत्यन्त श्रद्धावती थिए । श्रद्धावती रहेकाले नै बुद्धशासनमा भिक्षुणी बन्ने चाहना छन्दहरू तीव्ररूपमा उब्जिरहेको थाहाहुन आउँछ । त्यसैले उनीहरूले आफ्ना बुबाज्यू महाराजसमक्ष भिक्षुणी बन्न अनुमति मागेका थिए; तर महाराजले अनुमति नदिएकोले बुद्धशासनभित्र प्रवेश गर्न पाएका थिएनन् । गृहस्थी जीवनमा नै विवाह नगरी ब्रह्मचर्य उत्तम आचरणलाई २० हजार वर्षसम्म उनीहरूले आचरण गरेर आएका थिए । त्यसकारण अवदानपालीमा यसरी उल्लेख गरिराखेको छ-

**अनुजानि न नो तातो; अगारेव तदा मयं ।**
**वीसवस्ससहस्सानि; विचरिम्ह अतन्दिता ॥**
**कोमारब्रह्मचरियं; राजकञ्ञा सुखेधिता ।**
**बुद्धोपट्ठाननिरता; मुदिता सत्त धीतरो ॥**

**नो** = छोरीहरू भएका हामीहरूको; **तातो** = बुबाज्यू हुनुभएका; **किकी** = किकी महाराजले; **नो** = हामीहरूलाई; **न अनुजानि** = भिक्षुणी बन्न अनुमति दिनुभएन; **तस्मा** = त्यसैले; **तदा** = त्यो बेलाको त्यो जीवनमा; **राजकञ्ञा** = किकी महाराजकी कन्या छोरी भएका; **सुखेधिता** = सुखमा हुर्केका; **सत्त धीतरो** = सातजना छोरीहरू भएका; **मयं** = हामीहरूले; **बुद्धोपठ्ठाननिरता** = भगवान् बुद्धलाई भोजन आदिद्वारा सेवा सुश्रूषा गर्नुमा सँधैभरी रमाउने भई; **अगारेव** = दरबारको आवासमा नै; **वा** = गृहस्थ जीवनमा नै; **कोमार-ब्रह्मचरियं** = कुमारीको रूपमा उत्तमाचरणलाई; **अतन्दिता** = अल्छी नमानिकन नै; **वा** = विवाह गर्ने चाहना नराखिकन नै; **मुदिता** = प्रसन्नपूर्वक रमाएर; **विचरिम्ह** = आचरण गरेर बसोबास गर्दै आयौं ।

त्यसमा महाराजका छोरीहरू भन्दाखेरी जन्मेदेखि नै धाइआमाहरूद्वारा माया ममताका साथ सेवा संरक्षण प्राप्त गरी ठूलो भएर आउन पाएका



Downloaded from http://dhamma.digital

हुन् । त्यसैले **सुखेधिता** = सुखपूर्वक वृद्धि भएर आइयो भनी भनिराखेको हो । अनि पछि तिनीहरूमा खान लाउन बस्न आदिको निमित्त केही पनि धन्दा सूर्ता लिइरहनुपर्ने भएन । विवाहित जीवन पनि नरहेको ले सन्ताप गर्नुपर्ने, चिन्ता लिनुपर्ने केही पनि रहेन । भगवान् बुद्धलाई सेवा सुश्रूषा गर्ने कार्य मात्र रहेको छ । त्यसैले **बुद्धोपट्टाननिरता** = भगवान् बुद्धलाई उपष्ठान गर्नुमा सदैव रमाइरहेका छन् भनेर पनि उल्लेख गरिराखेको छ । अनि फेरि उनीहरूको धर्माचरण त कोमारब्रह्मचरिय आचरण हो । **कोमार** = शुद्ध कुमारीको रूपमा, **ब्रह्मचरिय** = उत्तमाचरणलाई आचरण गरेर आएका थिए । त्यो एक दिन एक रातमात्र पनि थिएन; एक महीना दुई महीना पनि थिएन; उनीहरूको जीवनकाल पर्यन्त २०,००० वर्षसम्म आचरणगरेर आएका थिए ।

यसरी दीर्घकालसम्म भन्दाखेरी 'अल्सी मानेनन्, उद्विग्न भएनन् त' भनी सोध्नुपर्ने भएको छ । तसर्थ **अतन्दिता** = अल्सी मान्नु, उद्विग्न हुनु जस्ता कुरा पनि रहेका थिएनन् भनी उल्लेख गरिराखेको छ । त्यो उत्तमाचरणबाट बाहिरिएर विवाह गर्न चाहने चित्त पनि थिएन भनी यस्तो भन्न चाहेको हो । अनि फेरि **मुदिता** = प्रसन्न प्रफुल्लित भएर नै आचरण गरेर आएका थिए भनेर पनि उल्लेख गरिराखेको पाइन्छ ।

त्यसरी २०,००० वर्षसम्म शुद्ध कुमारीको रूपमा ब्रह्मचर्यलाई आचरण गरेर आएका हुनाले त्यो जन्मबाट मृत्यु भएर गएको बेलामा देवलोकमा पुगी देवसुखऐश्वर्यहरू बारबार अनुभव गरेर आउन पाएका थिए । कहिलेकाहीँ मनुष्यलोकमा पुगी त्यहाँ भोगेर आएका थिए । अहिलेको सर्वान्तिम जन्ममा त बुद्धशासनमा विशिष्ठधर्महरू लाभ गर्न पाएका छन् । ती सातजना छोरीहरूमध्ये श्रमणी नाउँ भएकी सबैभन्दा जेठी छोरी प्रज्ञाक्षेत्रमा एतदग्ग प्राप्त प्रथम अग्रश्राविका खेमा थेरी भई अरहन्त हुन पुगिन् ।

## (१) खेमाथेरी कथावस्तु

वहाँको घटना त पहिले वहाँ मगध राष्ट्रको राजा बिम्बिसार महाराजकी अग्रमहेषी महारानी भएर आइन् । भगवान् बुद्ध उरुवेलवनमा रहेका एकहजार ऋषिहरूलाई मुक्तगराई ती ऋषिहरूबाट उत्पन्नभएर आएका १००० ऋषिहरू सहित राजगृह शहरतिर पाल्नुभएको बेलामा बिम्बिसार महाराजले १,२०,००० (एकलाख बीसहजार) जनसमूहसहितले



Downloaded from http://dhamma.digital

स्वागत गरेका थिए । त्यो बेलामा भगवान् बुद्धले उनीहरूसित अनुकूल हुने धर्म-उपदेश गर्नुभयो । त्यो धर्म-उपदेश सुन्न पाएकाले बिम्बिसार महाराज संगसंगै १,१०,००० (एकलाख दस हजार मानिसहरू श्रोतापन्न भए । बिम्बिसार महाराजले अर्को दिनमा बुद्धप्रमुख भिक्षुसंघलाई भोजन दान दिएको बेलामा वेलुवन उद्यानलाई विहार आरामको रूपमा बुद्ध प्रमुख संघलाई दान दिए । त्यसबेलादेखि सुरु गरेर भिक्षुसंघहरूसहित भगवान् बुद्धले वेलुवनाराममा विराजमान भई धर्म-उपदेश गरिरहनुभयो । वर्षावास क्रमको हिसाबले भन्ने हो भने दोस्रो, तेस्रो, चौथो वर्षावासहरू तथा सत्रौं र बीसौं वर्षावासहरू त्यस वेलुवनाराममा नै विराजमान हुनुभयो । अन्य वर्षावासहरूको बेलामा पनि वर्षावासबाहिरको समयमा देश चारिका गर्नुहुँदै केही समय त्यहाँ बिताउनुहुन्थ्यो । त्यसरी विराजमान हुनुहुँदाखेरी बिम्बिसार राजाले अवसरले दिएअनुसार भगवान् बुद्धसमक्ष उपसंक्रमण गरी उपदेश सुन्ने बानी भएको थियो ।

तैपनि खेमा नामक उनकी महारानीले भने भगवान् बुद्धसमक्ष उपसंक्रमण गर्ने गरेकी थिइन किनभने उनी अत्यन्त रूपवती भएकीले आफ्नो रूपलावण्यलाई मात्र महत्त्व दिई गौरव गरी श्रृंगार गरिरहने गर्दथिन् । भगवान् बुद्धले रूपलावण्यलाई निन्दा र उपहास गरी उपदेश गर्ने गर्नुहुन्छ भनेको लाई पनि उनले सुनिराखेकी थिइन् । त्यसैले उनलाई भेटिने बेलामा पनि भगवान् बुद्धले निन्दा उपहास गरी उपदेश दिनुहुनेछ भनी सम्झेर उनी डराई राखेकीले बुद्धसमक्ष नगई रहेकी हुन् । बिम्बिसार महाराजले भने धर्मलाई जानी बुझिसकेको भएर आफ्नी महारानीलाई बुद्धसमक्ष उपसंक्रमण गराउन चाहन्थे । उपदेश सुनाउन चाहन्थे । तैपनि खेमा महारानीको बुद्धकहाँ जाने मन थिएन । बडामहारानी भनेतापनि उमेर त त्यति बढेको थिएन । बिम्बिसार महाराजसमेत भगवान् बुद्धभन्दा ५ वर्ष कान्छा थिए भनेपछि त्यो बेलामा खेमा महारानी २० वर्ष नाघेकी ३० वर्षजति पुगेकी हुनुपर्दछ । तसर्थ उनले रूपलावण्यलाई मात्र सजाइरहने गरेको हुनुपर्दछ । त्यसैले महाराजले खेमा महारानी वेलुवन उद्यानतिर जान मन लाग्ने गरी काव्याचार्य गीतकारहरूलाई वेलुवन उद्यानको वर्णनगरी गुणगान गीत रचाउन लगाई गायकहरूलाई गाउन लगाए ।

काव्याचार्य गीतकारहरू पनि गुणगान गरी गीत रच्नमा अत्यन्त सिपालु थिए । "भगवान् बुद्ध विराजमान हुनुभएको वेलुवन उद्यान अति नै रमणीय रहेको र त्यो उद्यानलाई देख्न पाउनु भनेको देवलोकको नन्दवन



Downloaded from http://dhamma.digital

उद्यान देखेकैसमान हुने भएको, देवताहरूसमेत नन्दवन उद्यानबाट निस्केर आई वेलुवन उद्यानतिर आउने गरेको, रमणीय वेलुवन उद्यान देखेको बेलामा देवताहरू आश्चर्यचकित भई जति हेरे पनि नअघाउने रहेको महाराजको भाग्यको कारणले उत्पन्न भइरहेको वेलुवन उद्यान भगवान् बुद्धको भाग्यको कारण भिन्नैप्रकारले अति नै शोभायमान भइरहेको आदि इत्यादि कुराहरू उल्लेख गरेर रचिराखेका थिए। यी पालिगाथा गीतहरू नै हुन्। राम्रो स्वरले राम्ररी उच्चारण गरी गाएर उपदेशगर्ने भएमा असाध्य नै राम्रो हुने हो।

ती गीतहरू दरबारिया केटीहरूले पनि गाउने गरिराखे। ती गीतका स्वरहरू सुन्न पाएको बेला खेमा महारानीमा वेलुवन उद्यानतिर जाने मन उब्जेर आयो। वेलुवनाराम भगवान् बुद्धको भाग्यको कारणले भिन्नैप्रकारले अत्यन्त मनमोहक भइरहेको छ भनिन्छ ; देवलोकका देवताहरूसमेत आएर जति हेरे पनि नअघाउने खालको भइरहेको छ भनिन्छ। म पनि त्यहाँ नगएको धेरै भयो। अहिले एकचोटि जानैपर्ला भन्ने चिन्तन आयो। त्यसमा वेलुवन उद्यान भगवान् बुद्धको भाग्यको कारणले भिन्नै प्रकारले अति नै शोभायुक्त र मनमोहक रहेको छ भनेको सही नै हो। अघि अघि साधारण फूलका बिरुवाहरू, फलका रूखहरू आदिहरूद्वारा मात्र शोभायुक्त भई मनमोहक भइराखेको थियो भने अब त भगवान् बुद्धको धर्मघोषद्वारा पनि शोभायमान र रमणीय भई ध्यानभावना गरिरहेका भिक्षुहरू, योगी व्यक्तिहरूद्वारा पनि शोभायमान र रमणीय भइरहेको छ। ध्यान समापत्तिमा प्रवेश गरिरहने पवित्र आयुष्मान्हरूद्वारा पनि शोभायमान र रमणीय भइरहेको छ। अनि फेरि देवताहरू उद्यानमा आइपुगी नअघाउने गरी रमाइरहेका छन् भन्ने पनि सही नै रहेको छ। देवताहरू भगवान् बुद्धकहाँ आउने गरेका छन्। उपदेशसुन्नु, भगवान् बुद्ध र भिक्षुसंघको दर्शन गर्नुद्वारा नअघाउने भइरहेका छन्। तसर्थ रचनाकारहरूले रचिराखेका कुरा जस्तै यथार्थ नै भइरहेको थियो।

त्यसरी चिन्तन भएर खेमा महारानीले वेलुवन उद्यान जान महाराजकहाँ अनुमति मागिन्। महाराजले हर्ष र प्रसन्नपूर्वक अनुमति प्रदान गरे तर भगवान् बुद्धलाई दर्शन गरेर आउनुपर्छ भन्ने एउटा पाबन्दी पनि लगाइपठाए। अनि खेमा महारानीले "आराममा भगवान् बुद्ध नभएको बेलामा जान्छु भनी चिन्तन गरी बिहानीपख भगवान् बुद्ध भिक्षाटनमा जानुहुने भएको बेलामा उद्यानमा गइन्। भगवान् बुद्ध विराजमान नहुनु भएको



Downloaded from http://dhamma.digital

बेलामा परेकोले दशर्न गरेर आउन पाइन भनी महाराजलाई स्पष्टीकरण दिने लक्ष्य राखी गएका हुन् तर उद्यानमा पुग्दा उद्यानको प्रसादनीय दृश्यहरूलाई दृश्यावलोकन गर्न पाएकीले अति नै प्रसन्न र प्रफुल्लित भइरहिन् । एकपछि अर्को गर्दै दृश्यहरू दृश्यावलोकन गर्दै जाँदा एउटा रूखमुनि पलेंटी कसेर ध्यानभावना गरिरहनुभएको एकजना नवयुवक भिक्षुलाई देख्दा उनको मनमा गलत चिन्तन हुनलागे । यौवनअवस्थामा कामगुण आलम्बनहरूलाई अनुभव गरेर बुढेसकालमा मात्र श्रमणधर्म गर्नुपर्ने थियो । यो नवयुवक भिक्षु त सानै उमेरदेखि किन भिक्षु भएर ध्यानभावना गरिरहेको होला नि भनेर चिन्तन गर्न लागिरहिन् । अहिले पनि त्यसरी चिन्तन मनन गर्ने व्यक्तिहरू रहने गरेका छन् ।

केही समय बितिसक्दा दरबार फर्कन खेमाले भनेको बेलामा मन्त्रीहरूले भगवान् बुद्धको दर्शन गरेपछि मात्र फर्कन महाराजले आज्ञा गर्नुभएको विषय कडाईका साथ भने । अनि खेमा महारानीले कर गर्न नसकी गन्धकुटीतिर जानुपऱ्यो । भगवान् बुद्ध भिक्षाटनबाट फर्किसक्नुभएको छैन होला नि भनेर पनि उनीले आशा गरिरहिन् । भगवान् बुद्धसँग नभेटिने गरी छल्न चाहेको भाव यो हो तर थुप्रै थुप्रै जन्मदेखि संचित पारमी पूर्ण भइरहेको ले छलेर छल्न सकिन्नथ्यो । भगवान् बुद्धसँग मुखामुख भेट भई नै हाल्यो । गन्धकुटीभित्र प्रवेश गरेको बेला भगवान् बुद्धको नजिकमा देवअप्सराजतिकै अत्यन्त सुन्दरी नवयुवतीले भगवान् बुद्धलाई पंखाले हम्काई सेवा गरिरहेकी पनि भेटिन्, वास्तवमा ति नवयुवती भगवान् बुद्धले अभिज्ञा ऋद्धि शक्तिद्वारा निर्माण गरिराखेको निर्मित रूपाकृति नै थियो । खेमाले त साँच्चिकै मानिस कन्या कुमारी ठानी अत्यन्त आश्चर्य मानिन् । यतिसम्म रूपवती महिलालाई कहिल्यै देखेकी छैन । यी महिलासित दाँजेर हेर्दा त म राम्री छु भन्न सुहाउँदैन । यतिसम्म रूपवती महिलालाई समेत नजिकमा स्वीकारी राख्नुभएको छ भन्दाखेरी रूपवती मेरो रूपलावण्यलाई भगवान् बुद्धले निन्दा र भत्सर्ना गर्नुहुनेछ भन्ठानेर आएकोमा गलत रहेछ भनी निरीक्षण गरिन् । रूपलावण्यको सम्बन्धमा उचालिएको उनको अभिमान पनि झरेर गयो ।

त्यसरी अभिमान घटेर गई निर्मित नवयुवतीको रूपलावण्य र सौन्दर्यमा मात्र घोरिएर हेरिरहेको बेलामा भगवान् बुद्धले त्यो निर्मित महिलारूपलाई ३० वर्ष उमेर भएकी, ४० वर्ष उमेर भएकी, ५० वर्ष उमेर भएकीको रूपमा पनि अधिष्ठान गर्नुभयो । खेमाले आफ्नो आँखाको सामुन्ने



Downloaded from http://dhamma.digital

नै युवतीको रूपवर्णहरू छिपेर परिवर्तन भएर गएकोमा विचार विमर्श गर्न थालिन् । त्यसपछि ६० वर्षको उमेर, ७० वर्षको उमेर, ८० वर्षको उमेर, ९० वर्षको उमेर भएको रूपमा पनि अधिष्ठान गर्नुभयो । अनि त ती महिलाको रूप कपाल पाकेको दाँतहरू झरेको, छालाहरू खुम्चिएको, नशाहरू छ्याँग उठी हाडहरूमाथि माथि देखापर्न आई अति नै जीर्ण भएकी वृद्धा भएर गइन् । ती बुढीमाईले आफूले आफूलाई धान्न नसकी कुप्रिएर लडी अय्या अय्या कराउँदै थाकेर दम बढ्दै गई मुस्किलले श्वास फेरीरहेकी लाई पनि खेमाले भेट्टाइन् । त्यसरी भेटिँदा देखिँदा खेमामा संवेगज्ञान उत्पन्न भएर आयो । "अहो ! यो रूपकाय शरीर त कत्तिको अपरिशुद्ध रहेछ, घृणास्पद रहेछ; यथार्थलाई नबुझेकाहरूले यो रूपकाय शरीरलाई मन पराई रमाइरहने रहेछ" भनी संवेगज्ञान उत्पन्न भएर आयो । त्यो बेलामा भगवान् बुद्धले यसरी उपदेश दिनुभयो–

**आतुरं असुचिं पूतिं; पस्स खेमे समुस्सयं ।**
**उग्घरन्तं पग्घरन्तं; बालानं अभिनन्दितं ॥**

**खेमे** = खेमा महारानी; **आतुरं** = विभिन्न प्रकारका रोग र नराम्रा भय दण्डहरूद्वारा अभिभूत पारी सदैव पीडा कष्ट पुऱ्याई सासना दिन जान्ने; **उग्घरन्तं** = कुहिएको दुर्गन्ध पीपहरू फुरूफुरू निस्किने; **पग्घरन्तं** = तलतिर पनि बगेर जाने; **वा** = पग्लेर बगिजाने भई; **असुचिं** = अपरिशुद्ध घृणास्प्रदसमूहजति मात्र भएको; **पूतिं** = दुर्गन्धित कुहिएको गन्ध रहेको; **वा** = दुर्गन्धित गन्ध भएर पनि; **बालानं** = वास्तविकतालाई नबुझ्ने बहुसंख्यक मानिसहरूले; **अभिनन्दितं** = श्रीखण्डको डल्लोजस्तो ठानी अति नै मन पराइने; **समुस्सयं** = रूपसमूह स्कन्धकायलाई; **पस्स** = ज्ञानद्वारा प्रष्ट हुने गरी निरीक्षण गर हे पुत्री !

**असुभाय चित्तं भावेहि; एकग्गं सुसमाहितं ।**
**सतिकायगता त्यत्थु; निब्बिदाबहुला भव ॥**

**तस्मा** = त्यसरी अपरिशुद्ध कुहिएको मात्र भएको कारणले; **चित्तं** = तिम्रो चित्तलाई; **असुभाय** = घृणास्प्रद अशुभ भनी भाविता गर्ने भावनामा; **एकग्गं** = एउटैमात्र आलम्बन रहेको भई; **सुसमाहितं** = राम्ररी समाहित हुने गरी; **भावेहि** = अभिवृद्धि गर; **ते** = तिम्रो; **सति** = स्मृति; **कायगता** = घृणास्प्रद रूपसमूह काय (शरीर) मा स्थित भएको; **अत्थु** = हुन देऊ; **त्वं** = तिमी; **निब्बिदाबहुला** = धेरै उद्विग्न भएकी; **भव** = होऊ हे पुत्री !



Downloaded from http://dhamma.digital

**यथा इदं तथा एतं; यथा एतं तथा इदं ।**

**अज्झत्तञ्च बहिद्धा च; काये छन्दं विराजय !**

**यथा इदं** = यो तिम्रो शरीर अहिले शोभायुक्त भएजस्तो; **तथा एतं** = त्यो नवयुवतीको रूपकाय पनि विनाश नहुनुञ्जेलसम्म शोभायुक्त रहेको थियो; **यथा एतं** = विनाश भएर गएको त्यो नवयुवतीको रूपकाय अहिले घृणास्प्रद भएजस्तै; **तथा इदं** = त्यस्तै नै तिम्रो शरीर पनि घृणास्प्रद हुनेछ; **अज्झत्तञ्च काये** = आन्तरिक आफ्नो शरीर कायमा पनि; **बहिद्धा च काये** = बाह्य अरूको शरीरकायमा पनि; **छन्दं** = चाहना राख्ने मन पराउने क्रियालाई; **विराजय** = अलग्ग राख प्रियपुत्री !

**अनिमित्तञ्च भावेहि; मानानुसयमुज्जह ।**

**ततो मानाभिसमया; उपसन्तो चरिस्ससि ॥**

**अनिमित्तञ्च** = सँधै स्थिरजस्तो रहेको संस्थान निमित्त रहित भएको अनित्यानुपश्यनालाई पनि; **भावेहि** = अभिवृद्धि गर ।

उत्पत्ति क्षणको नामरूपलाई भाविता गर्नु नभइकन बाबुआमाले जन्म दिएअनुसार प्रकृति सामान्यरूपमा यथावत् रहिरहने व्यक्तिहरूमा आ-आफ्ना रूपलाई पनि स-साना जीवनदेखि लिएर अहिले सम्म सदैव स्थिर रहिरहेका छन् । चित्तलाई पनि स्थिर रहिरहने सत्त्वको रूपमा सम्झिरहेका छन् । त्यो स्थिर रहेको संस्थान निमित्त सम्झिरहेको नै हो । नामरूप चित्त चैतसिकहरूलाई स्वरूप छुट्याई भन्न जान्ने व्यक्ति भएपनि उत्पत्ति क्षणको नामरूपलाई राम्ररी भाविता गर्न जानेको छैन भने प्रकृति सामान्यज्ञानले त यसैअनुसार सम्झिरहने नै भयो । नित्य संस्थान निमित्त सम्झिरहने भयो । प्रत्येक उत्पत्ति उत्पत्ति क्षणमा उत्पत्ति क्षणको नामरूपलाई निरन्तर भाविता गरिरहने पुद्गलमा त समाधिज्ञान दृढ र परिपक्व भएर आउने बेलामा हात, खुट्टा, टाउको, शरीर आदि संस्थान पनि प्रकट हुने भएन । भाविता गरेर जान्न पाएको आलम्बन पनि भाविता गरेर जान्ने चित्त पनि भाविता गरिरहेको तत् तत् क्षणमा नै सुत्तसुत्त बिलाएर गइरहेकोलाई मात्र भेट्न पाइरहन्छ । त्यसो भएर खुरुखुरु क्षण नबिराई बिलाएर गइरहने स्वभावधर्म मात्र नै भयो । एकक्षणसमेत पनि स्थिर नरहेको स्वभावधर्ममात्र रहेछ भनी आफ्नै ज्ञानले प्रष्टरूपमा जानिइरहन्छ । त्यो अनिमित्यानुपश्यना नामक अनित्यानुपश्यना ज्ञान नै भयो । त्यो अनित्यानुपश्यना ज्ञानलाई उत्पन्न गराइरह्‍यो । त्यो ज्ञान उत्पन्न हुनेगरी भाविता गर भनी भन्न खोजिएको हो । त्यसरी एकक्षण नबिराई उत्पत्ति-विनाश भइरहेकोले अनित्यमात्र रहेछ



Downloaded from http://dhamma.digital

भनी देखी जानिइरह्न्यो भने उत्तेजित भई माथि चढ्ने मान अभिमान पनि निरोध र शान्त भएर जाने भयो ।

तसर्थ **मानानुसयं** = अनित्य भनी छुट्याई छुट्याई निश्चितरूपमा ठोकुवा गरेर जानिएन भने उत्पन्न हुनसक्ने मान अभिमानलाई; **उज्जह** = निर्मूल पारेर फालिहाल; एकक्षण नबिराई विनाश भइरहेको ले अनित्य मात्र रहेछ भन्नेलाई छुट्याई छुट्याई निश्चितरूपमा ठोकुवा गरेर नजानेको कारणले म राम्री छु भनी आसक्त भएर पनि खेमा महारानीमा अत्याधिकरूपमा अभिमान उत्पन्न भइरहेको हो । अग्रमहिषी महारानी हूँ भनी आसक्त भएर पनि अत्याधिकरूपमा अभिमान उत्पन्न भइरहेको हो । त्यसरी अभिमानलाई निर्मूल पारेर फाल्नसक्ने गरी अभ्यास र उद्योग गर भनी भन्न खोजिएको हो । त्यो अभिमानलाई फाल्ने बित्तिकै के कस्तो प्रतिफल लाभ हुन्छ त–

**ततो मानाभिसमया** = त्यस अभिमानलाई जानेर प्रहाण गरेको कारणले; **त्वं** = तिमी; **उपसन्तो** = शान्त शीतल भएर; **चरिस्ससि** = आवागमन गर्न पाइनेछैनौ । त्यस अभिमानलाई अरहत्त्वमार्गद्वारा निरवशेषरूपमा प्रहाण गर्न सकिन्छ भने क्लेशसन्तापहरू जम्मै निभेर सदा सर्वदा सुखपूर्वक बस्नपाइनेछ ।

**ये रागरत्ता नुपतन्ति सोतं,**
**सयंकतं मक्कटकोव जालं ।**
**एतम्पि छेत्वान परिब्बजन्ति,**
**अनपेक्खिनो कामसुखं पहाय ॥**

**मक्कटको** = माकुरा; **सयंकतं जालं** = आफैले बनाएको माकुराको जालमा; **अनुपतति इव** = जहिले पनि पछि लागिरहनेजस्तै; **रागरत्ता** = रागद्वारा आरक्त भइरहेको; **ये** = जुन व्यक्तिहरू; **सयंकतं** = आफैले बनाइराखेको; **सोतं** = रागस्रोत (रागको कारणले उत्पन्न स्कन्धस्रोत) तिर; **अनुपतन्ति** = एक जन्मपछि अर्को जन्ममा जहिले पनि पछिलागिरहन्छन् । **ते** = ती रागस्रोत स्कन्धस्रोततिर जहिले पनि पछिलागिरहेका पुद्गलहरू; **न परिब्बजन्ति** = संसारबाट बाहिरिन सक्दैनन्; **कामसुखं** = कामगुणसम्बन्धी सुखलाई; **अनपेक्खिनो** = अपेक्षा नराखी; **पहाय** = प्रहाण गरेर; **वा** = प्रहाण गरेर आचरण गर्ने व्यक्तिहरू; **एतम्पि** = यो जहिले पनि पछिलागिने क्षेत्र रागस्रोत; स्कन्धस्रोतलाई पनि, **छेत्वान** = काटेर; **परिब्बजन्ति** = संसारबाट बाहिर निस्कन्छन् ।



Downloaded from http://dhamma.digital

यो अन्तिम गाथामा भन्न चाहेको त माकुराहरू आफूले बनाइराखेको जालबाट हट्नसक्दैनन्; त्यो माकुराको जालमा मात्र आवटजावट गरी घुमिरहनेजस्तै रागरहित नभइसकेका सत्त्वहरू पनि तृष्णारागद्वारा लिप्त र आसक्त भई गरिराखेको कर्मको कारणले पाइराखेको आफ्ना नामरूपस्कन्ध स्रोत नामक संसारतिर एकपछि अर्को भवतिर क्रमशः गइरहन्छन्; नामरूपस्कन्धस्रोतबाट अलगिगएर जानसक्दैनन् । कसै कसैले निर्वाणमा पुगियो भने मनुष्यभव देवभवमा फेरि उत्पन्न हुन नपाइने हुन्छ भनेर समेत डराइरहन्छन् । त्यो स्कन्धस्रोतबाट बाहिरिन डराइरहेको नै भयो । त्यसरी त्यागेर बाहिरिन नसक्ने स्कन्धस्रोतलाई पनि बुद्धअरहन्तहरूले त कामगुणसुखलाई अपेक्षा नराखी परित्याग गरेर आचरण गर्ने हिसाबले प्रहाण गरी संसारबाट बाहिरिएर जान्छन् । खेमाले पनि कामगुणसुखलाई अपेक्षा नराखी त्यागेर श्रमणधर्मलाई आचरण गर्नुद्वारा भवक्रम स्कन्धस्रोतलाई काट्नुपर्नेछ । त्यसरी काटेर संसारबाट बाहिरिनुपर्दछ भन्ने मतलब हो ।

त्यो उपदेश सुन्न पाएकीले खेमा महारानी अरहन्त भएर गइन् भनी अट्ठकथाहरूमा भनिएको छ । अपदानपालिमा त यी गाथाउपदेशहरू र महानिदानसूत्र सुनिसकेर धर्मचक्षु लाभ गरेर गइन्; त्यसपछि भिक्षुणी भइसकेको बेलामा डेढ महिना बितिसकेपछि धर्मलाई हृदयंगम गरी उद्योग गरिसकेर अरहन्त भएर गइन् भनी भनेको छ । त्यसमा **धम्मचक्खु** = धर्मचक्षु भनेको श्रोतापत्तिमार्गज्ञान पनि हुनसक्छ; अनागामिमार्गज्ञान पनि हुनसक्छ । थेरी अट्ठकथामा त श्रोतापत्तिमार्गज्ञानलाई ग्रहण गरी देखाइराखेको छ । गृहस्थाश्रमबाट बाहिरिएर भिक्षुणी भएको प्रक्रियालाई आधार बनाएर हेरेको खण्डमा अरहन्त नभए पनि कामरागरहित भएको अनागामिश्रेणीमा त पुगिन् भनी ग्रहण गरेमा अनुकूल हुने सम्भावना रहेको छ ।

त्यसरी विशिष्ट धर्महरू लाभगरिसकेर खेमा महारानी दरबार फर्किन् । बिम्बिसार महाराज समक्ष भिक्षुणी बन्न अनुमति मागिन् । महाराजले प्रसन्न प्रफुल्लताकासाथ अनुमति प्रदान गरिसकेर सुवर्णपालकीद्वारा भिक्षुणी आरामतिर पुऱ्याएर भिक्षुणी बनाउन लगाइयो । भिक्षुणी बनिसके पछि उनलाई खेमाथेरी भनियो । भिक्षुणीहरूमध्येमा प्रज्ञाज्ञानक्षेत्रतर्फ सर्वश्रेष्ठ अग्र भएकी ले भगवान् बुद्धले खेमाथेरीलाई प्रज्ञाक्षेत्रमा एतदग्ग विशिष्ट उपाधिद्वारा प्रशंसा गर्नुभयो ।



Downloaded from http://dhamma.digital

(२) **उप्पलवण्णाथेरी कथावस्तु** किकी महाराजका सात जना छोरीहरूमध्ये पहिली छोरीको विषय त सम्पन्न भयो। दोस्रो छोरी श्रमणगुप्ता भनेको त अहिले तथागतको पालामा श्रावस्ती नगरको एक जना श्रेष्ठीकी छोरी भएर आइन्। उनको वर्ण नीलपद्म वर्णसमान भएकोले उप्पलवण्णा भनी नाउँ राखियो। त्यसपछि छोटकरीमा भनेर जाँदा उत्पलवर्णाको सौन्दर्य गुणको समाचार सुन्न पाएकोले जम्बुद्वीप भारतमा रहेका राजाहरू श्रेष्ठीहरूले उनका बुबाज्यू महाश्रेष्ठीसमक्ष सन्देश पठाई उत्पलवर्णालाई माग्न लगाए। त्यसो भएर श्रेष्ठीलाई अप्ठ्यारो परिरह्यो। एक्लै छोरीलाई माग्ने राजाहरू श्रेष्ठीहरूलाई सन्तोष पार्ने गरी काम गर्न मुस्किल भयो। त्यसैले महाश्रेष्ठीले आफ्नी छोरीलाई भिक्षुणी बन्न सक्छयौ कि भनी सोध्यो। पारमी अधिकारी पच्छिमीभविक व्यक्ति भएकीले 'बन्न सक्छु' भनी जवाफ फर्काइन्। अनि बुबाज्यू महाश्रेष्ठीले उत्पलवर्णालाई साजसज्जाद्वारा भिक्षुणी आरामतिर पुऱ्याई भिक्षुणी बनाउन लगायो। भिक्षुणी भएपछि उत्पलवर्णा थेरी भनी नामकरण गरियो। केही समय नबित्दै उनी अरहन्त हुन पुगिन्। भिक्षुणीहरूमध्येमा ऋद्धि क्षेत्रमा सर्वश्रेष्ठ अग्र भएकी ले एतदग्ग विशिष्ट उपाधिद्वारा प्रशंसित हुन पाइन्।

(३) **पटाचाराथेरी कथावस्तु** तेस्रो छोरी "भिक्खुनी" "पटाचारा" थेरी हुन पुगिन्। उनीको विषयमा नात्यउत्सवहरूले देखाइरहेको हुँदा धेरैजसोले जानिसकेकै रहेको छ। लोग्ने, छोराहरू, आमाबुबाहरू, भाइ, परलोक भएका विषयलाई लिएर उनी बहुलाइन्। जहाँ पायो त्यहाँ भौंतारिदै गरिरहँदा जेतवन विहारमा भगवान् बुद्धले उपदेश दिइरहनुभएको ठाउँमा आइपुगिन्। भगवान् बुद्धले "बहिनी, होश राख" भनी सचेत गराउँनुहुँदा पारमी अधिकारी भएकी ले उद्धार हुने समय आइपुगिएको ले पनि होशमा आई बहुलापन हराएर गयो। त्यो एउटै आसनभित्रमा नै भगवान् बुद्धको उपदेश सुनेर श्रोतापन्न भइन्। भिक्षुणी भइसकेर केही समय नबित्दैमा अरहन्त भएर गइन्। विनयधर एतदग्ग प्राप्त महिला अरहन्त हुन पुगिन्।

(४) **कुण्डलकेसाथेरी कथावस्तु** 'भिक्खुदायिका' नाउँकी चौथी छोरी त राजगृहनगरमा एकजना श्रेष्ठिकी पुत्री हुन आइन्। मूल नाउँ त "भद्दा" थियो। उमेर पुगेको बेला मृत्युदण्ड अपराधमा पुगेको बदमाश डाँकालाई पैसाले साटी विवाहित पति बनाउन लाग्दा एक दिन त्यो बदमाशले देवतालाई पूजा गर्न भनी उनीलाई पर्वतमाथि बोलाएर लग्यो। पर्वतमाथि



Downloaded from http://dhamma.digital

पुग्दा उनका गरगहनाहरू लिई उनीलाई पनि मार्छु भन्यो । अनि भद्दाले मर्नुअगाडि ढोग्नपाउँ भनी याचना गरी पर्वतको पुछारमा बदमाशलाई परिक्रमा गरी अंगालो मारेर ढोग्ने जस्तो गरी पर्वतको पछाडि ढकेलेर खसालिदिइन् । त्यसपछि आमाबुबाको घरमा पनि फर्कन साहस नगरी एउटा परिव्राजक आश्रममा प्रवेश गरी परिव्राजिका बनाइदिन प्रार्थना गरिन् । परिव्राजिका बनाइदिने बेलामा उनीहरूको धर्मग्रन्थअनुसार टाउकोका कपालहरू ताडको बीजले च्यापी उखेलिदिए । एक एकवटा केश च्यापी तानेर उखेल्दा हजारौं पटक पीडा कष्ट भोगी सहनु पर्‍यो होला । त्यसरी उखेलेर परिव्राजिका बनाइदिएकोले उनको टाउकोमा नयाँ केशहरू उम्रेर आएको बेला मुन्द्रीजस्तो घुमाउरो परेको थियो । त्यसैले उनीलाई "**कुण्डलकेसा**" भनियो ।

उनीले परिव्राजकहरूको वादविवादका सिद्धान्तहरूलाई अध्ययन गरिसकेर ती ती गाउँनगरहरूतिर विचरण गरी वादविवाद गर्ने गरिरहिन् । एक दिन आयुष्मान् सारिपुत्रसँग भेटी वादविवाद गर्दा हारेकीले आयुष्मान् सारिपुत्रसमक्ष शिष्यत्व ग्रहण गरिन् । आयुष्मान् सारिपुत्रले भगवान् बुद्धकहाँ पठाइदिनुभयो । भगवान् बुद्धसमक्ष उपदेश सुनी अरहत्त्वफलमा पुग्नगइन् भनी अट्ठकथाहरूमा लेखिएका छन् । अपदानपालिमा त भगवान् बुद्धसमक्ष उपदेश सुनी धर्मचक्षु नामक आर्यमार्गज्ञान प्राप्त भएको विषय, भिक्षुणी भइसकेर धर्मलाई हृदयंगम गरी उद्योग र अभ्यास गर्नुद्वारा अरहन्त भएर गएको विषय उल्लेख गरिराखेको छ । उनी क्षिप्राभिज्ञ क्षेत्रमा एतदग्ग प्राप्त महिलाको रूपमा अरहन्त भइन् ।

(५) **किसागोतमीथेरी कथावस्तु** "**धम्मा**" नाउँकी पाँचौं छोरी त श्रावस्ती नगरमा एकजना गरीबकी छोरी भएर जन्मिन् । मूल नाउँ "गोतमी" थियो । रूपलावण्य दुब्ली पातुली भएकीले **किसा** = दुब्ली भन्ने विशेषण पदसित जोडी '**किसागोतमी**' भनी भनियो । उमेर पुगेको बेलामा विवाह गरिदिँदा उनीको पतितिरका कुलहरूले उनीलाई गरिबकी छोरी भएकीले नीचा देखाई दबाएर भन्ने बोल्ने अन्हाउने गर्दथे । छोरो पाएपछि मात्र उनीलाई गौरव गर्न लागे । दुर्भाग्यको कारण प्रतिकूल भइदिंदा त्यो छोरो डगुराडगुर गरेर खेल्नसक्ने उमेरमा मृत्यु हुनपुग्यो । त्यसैले शोकवृद्धि भई विचरी बहुलाएकी जस्ती हुनपुगिन् ।

सानो छोरालाई फाल्न नसकी काँधमा बोकी फेरि बाँचेर आउने गरी उपचार गरिदिन शहरभित्र घरघर घुमी राम्रो औषधी खोज्दै गरिन् । त्यो



Downloaded from http://dhamma.digital

बेलामा एकजना बुद्धिमान् व्यक्तिले भगवान् बुद्धकहाँ जान सल्लाह दियो । भगवान् बुद्धकहाँ पुग्दा कोही पनि नमरेको घरबाट एकमुट्ठी तोरी ल्याउन भगवान् बुद्धले अन्हाउनुभयो । अनि उनीले प्रसन्न भई शहरमा गई आफ्नो छोरालाई उपचार गर्न तोरी माग्न लागिन । मागेको घरबाट तोरी दिने गर्दा तयो घरमा कोही न मरेको भएमा मात्र लिनेछु भनिन् । उनको कुरा सुनेर अनि ती घरमा थुप्रै मानिसहरू मरिसकेको कुरा भनी पठाउँथे । अनि किसागोतमीले (४, ५) घर जति गएर कुरा सोच्न लागिन् । "सारा शहरमा गएर मागे पनि यस्तै नै मरेको घर फेलापरिने भयो । मानिस कहिल्यै नमरेको घर हुँनै नसकिने भयो । खालि मेरो छोरोमात्रै मरेको रहेनछ; मानिस मरेर जाने नै रहेछ" भन्ने कुरा थाहा पाई मृतक छोरोलाई श्मशानमा फालेर यसरी भन्न लागिन्–

**न गामधम्मो नो निगमस्स धम्मो; न चापियं एककुलस्स धम्मो ।**
**सब्बस्स लोकस्स सदेवकस्स; एसेव धम्मो यदिदं अनिच्चता ॥**

**अयं** = यो मरणधर्म; **न गामधम्मो** = एउटैमात्र गाउँसित सम्बन्धित धर्म पनि रहेनछ; **नो निगमस्स धम्मो** = एउटैमात्र निगमसित सम्बन्धित धर्म पनि रहेनछ; **न चापि एककुलस्स धम्मो** = एउटैमात्र कुल, एउटैमात्र परिवारसित सम्बन्धित धर्म पनि रहेनछ; **यदिदं अनिच्चता** = अनित्यताको उत्पत्ति कारण जुन मरण छ; **एस** = यो मरण; **सदेवकस्स** = देवसहितको; **सब्बस्स एव लोकस्स** = सम्पूर्ण लोक सम्पूर्ण सत्त्वको नै; **धम्मो** = सम्बन्धित स्वभावधर्म रहेछ ।

यस ठाउँमा सोच्नुपर्ने कुरा रहेको छ । ती गरिब महिलाले छन्दगण र व्याकरणअनुरूप गाथा बन्नेगरी रचना गर्नसक्छे त ? उनी आफैले रचना गर्न जानेकी पनि हुनसक्छ । घरमा बोल्ने भाषाले भनेकोलाई भगवान बुद्धले गाथाद्वारा उपदेश गर्नुभएको पनि हुनसक्छ । त्यसलाई अट्ठकथाहरूमा किसागोतमीले व्यक्त गरेको भनी देखाइराखेअनुसार अनुमान गरी भन्नुपरेको हो । अपदानपालिमा त मृतक छोरोलाई फालेर आइसकेपछि भगवान् बुद्धसमक्ष फर्केको बेला त्यो गाथालाई पनि अर्को एउटा गाथालाई पनि भगवान् बुद्धले उपदेश गर्नुभयो भनी दर्शाइराखेको छ । त्यसबेला भगवान् बुद्धले उपदेश गर्नुभएको उपदेशलाई सुनिसकेर किसागोतमी श्रोतापन्न भएर गइन् । त्यसपछि भिक्षुणी भएर भावनाधर्म उद्योग र अभ्यास गर्नुद्वारा केही समय नबित्दै नै अरहन्त भएरगइन् । यी थेरी रुक्षचीवर धारण गर्ने महिला भिक्षुणीहरूमध्येमा एतदग्ग प्राप्त थेरी भइन् ।



Downloaded from http://dhamma.digital

(६) **धम्मदिन्नाथेरी कथावस्तु "सुधम्मा"** नाउँकी छैठौं छोरी त अहिले को भगवान् बुद्धको पालामा राजगृह नगरमा विशाख महाश्रेष्ठीकी भार्या "धम्मदिन्ना" नामकी श्रेष्ठिभार्या हुन आइन्। विशाख महाश्रेष्ठी भगवान् बुद्ध राजगृहमा प्रथम पटक पाल्नुभएको अवस्थामा स्वागत गर्न गएको उत्सवमा उपदेश सुनी बिम्बिसार महाराजसँगसँगै श्रोतापन्न भएर आएको थियो। पछि पनि भगवान् बुद्धसमक्ष गई उपदेश सुन्ने बानी उनको थियो। एक दिन त त्यसरी उपदेश सुन्दासुन्दै अनागामी भए। अनागामी भन्दा कामगुण आलम्बनलाई मज्जामान्नु मनपराउनु नभई रागरहित रहनु हो। राम्राराम्रा विसभाग आलम्बनहरूलाई हेर्न चाहने देख्न चाहने भएन। राम्राराम्रा विसभाग स्वरहरू सुन्न चाहनु कान थाप्न चाहने भएन। विसभाग स्पर्श आलम्बनसँग स्पर्श गर्न चाहने भएन। तसर्थ अघिअघिका दिनहरूमा जस्तो यताउता हेर्ने नभइकन त्यो दिनमा चक्षुइन्द्रियलाई तलपारी इन्द्रिय संयमता सम्पन्न भई घर फर्केर आयो। घरकी श्रेष्ठिभार्या धम्मदिन्नाले महाश्रेष्ठी फर्कने बाटो तिरको झ्यालबाट नियालिरहिन्। अरू दिनहरूमा भए महाश्रेष्ठीले पनि श्रेष्ठिभार्या रहने झ्यालतिर टाढैदेखि हेरी आउँथ्यो। श्रेष्ठिभार्यासित आँखा परस्पर जुध्नेबेलामा दुबैजना मुसुक्क हाँस्थे। आज त परेला तल पारी इन्द्रियसंयमका साथ खालि बाटोमात्रै हेरेर आइरहेको देख्नुपर्दा "के भएर आयो कुन्नि" भनी श्रेष्ठिभार्याको मनमा धन्दा लिनुपर्ने हुनगयो।

श्रेष्ठिभार्याले दिनहुँजस्तै घरमाथिबाट ओर्ली महाश्रेष्ठीलाई स्वागत गर्न गइन्। भऱ्यांगको मूलमा दिनहुँजस्तै हातेमालो गरी माथि उक्लन हात पसारिदिइन्। विशाख महाश्रेष्ठीले आफ्नो हात पछाडि साऱ्यो। "बिहानको खाजा खाने बेलामा उसको विषयमा जान्न नै पाइन्छ" भनी श्रेष्ठिभार्याले विचार गरिन्। अघि अघिका दिनहरूमा भने विशाख महाश्रेष्ठीले श्रेष्ठिभार्या धम्मदिन्नासँग कुरा गर्दै भोजन गर्ने बानी थियो। धम्मदिन्नालाई सँगै खान नबोलाइकन नै योगी व्यक्तिले जस्तै चूपचाप शान्तपूर्वक एक्लै खाना खाइरह्यो। अनि धम्मदिन्नामा "आज के भएर आएको हो नि" भनी झन् मन पोलेर आयो। 'रहन देऊ बेलुकितिर जान्न पाइहाल्ला नि' भनी चिन्तना गरी धम्मदिन्ना पर्खिबसिन्। विशाख महाश्रेष्ठीले त्यो रातमा पनि अघि जस्तै दुईजना सुत्ने गरिरहेको कोठाभित्र प्रवेश गरेनन्। अर्को कोठा सफा गरी अष्टशीलसँग अनुकूल हुने खाट बिछ्याउन लगाई आफू एक्लै सुत्यो। त्यसरी विशेष परिस्थिति देखापर्दा धम्मदिन्नामा अत्यन्त शोक र सन्ताप भयो। 'कसो हो उनमा अर्की महिलाहरूलाई चाहने इच्छा हुने भइरह्यो



Downloaded from http://dhamma.digital

कि ?' अथवा कसै एक जनाले मप्रति वितृष्णा हुने गरी कुरा लगाइराखेको छ कि अथवा यसो होइन भने पनि ममा नै अपराध देखिएको छ कि ?' भनेर चिन्तन गरी अत्यन्त शोकग्रस्त भइरहिन् । तैपनि दुइदिन जति त दाह्राकिटी सहिरहिन् । तीन दिन जति हुन लाग्दा सहेर बस्न नसकी महाश्रेष्ठी कहाँ उपसंक्रमण गरी अभिवादन गरेर उभिरहिन् ।

अनि महाश्रेष्ठीले 'के छ धम्मदिन्ना ! कुबेलामा मकहाँ किन आउनुपर्‍यो ?' भनि सोध्यो 'आउनै त पर्‍यो नि आर्यमहाश्रेष्ठि, तपाईं अघि अघिको जस्तो व्यवहार नगरिकन बस्नुभो । तपाईं अरू महिलाहरूप्रति आकर्षित हुनुभो कि ?' 'धम्मदिन्ना', होइन । 'त्यसो भए मेरो बारेमा अरू कोहीले कुरा काटिराखेको छ कि ?' 'त्यसरी कुराकाट्ने गरेको पनि छैन ।' 'त्यसो भए मबाट नै एउटा न एउटा भूल भइराखेको छ कि ?' तिमीमा पनि कुनै अपराध छैन ।' 'त्यसो भए अघि अघिजस्तै मसँग कुरा नगरी कन बस्नुभएको नि ?' भनी धम्मदिन्नाले सोझै प्रश्न गरिन् । अनि त विशाख महाश्रेष्ठीले मनमा विचार विमर्श गर्‍यो, 'लोकुत्तरधर्म भनेको अरूलाई भनेर देखाउनु उचित नभएको धर्म हो । अहिले धम्मदिन्नाले सोधेको प्रश्न त जवाफ नदिइकन बस्नु हुने भएन, जवाफ नदिइ बसे पनि उनको मुटु फुटी मृत्यु हुने अवस्था छ । त्यसैले उनीलाई संग्रह र संरक्षण गर्ने हिसाबले यथार्थतालाई उल्लेख गरेर भन्नु नै पर्ला' भनी विचार गरी यसरी स्पष्ट पारी भनिदियो । 'भद्रे धम्मदिन्ना, मैले भगवान् बुद्धको उपदेश सुनी लोकलाई उत्तीर्ण गर्ने लोकुत्तरधर्म लाभ गरेर आएं । अनागामीमार्गफल धर्म लाभ गर्ने व्यक्तिमा स्त्री पुरुषसंगै भएर लौकिक आकारप्रकारको व्यवहार गर्नु उचित भएन, गर्न सक्ने पनि भएन, गर्न चाहने चित्त पनि रहेन, त्यसैले यो घरमा तिम्रो सम्पत्ति ४० करोड र मेरो सम्पत्ति ४० करोड सबै जम्मा गरेर ८० करोड छ । ती सम्पत्ति जम्मैलाई तिम्रो चाहनाअनुसार हातमा लिई तिम्रो आफ्नो व्यवस्था गर । मलाई साखै दाजुजस्तो भावना राखी बस्ने गर । म तिमीले दिए जति ख्वाएजतिले जीवन यापन गरी बस्नेछु । यदि त्यसरी बस्न चाहँदैनौ भने पनि ती जम्मै सम्पत्तिलाई लिएर तिम्रै आमाबुबाको घरमा फर्कन चाहन्छौ भने पनि फर्कन सक्छौ । यदि तिमीमा अर्को पुरुषप्रति आशा र चाहना छैन, यो घरमा नै बस्न चाहन्छु यौ भने पनि तिमीलाई मैले बहिनी जस्ती, छोरी जस्ती गरी सम्झना राखी भरणपोषण लालनपालन र संरक्षण गर्दै रहनेछु' भनी विशाख महाश्रेष्ठीले रमाइलो र नरम बोलीले स्पष्ट पारेर भन्यो । अनि धम्मदिन्नाले पारमी



Downloaded from http://dhamma.digital

अधिकारी भइराखे अनुसार मनमा यसरी विचार विमर्शन गरिन्। 'साधारण प्रकृतिको लोग्ने मान्छे भएको भए यस किसिमको कुरा भन्न सक्नेछैन। विशिष्ट पवित्र लोकुत्तरधर्म लाभ गरेर आएकाले मात्र यस्तो भन्न सक्नेछ। यस्तो धर्म मैले पनि लाभ गर्न पाए राम्रो हुँदो हो' भनी विचार गरिन्। पारमी अधिकारी भएकी ले उनीले पनि यसरी विचार गर्न लागेकी हुन्, नत्र भने उनीले पनि गलत तरिकाले चिन्तन गर्न लाग्ने थिइन्। उनमा त्यतिसम्म चित्त विच्छेद भएको छ भने उनमाथि चित्त विच्छेद गरिहाल्नु ठीक छैन ? संसारमा लोग्ने भनेको दुर्लभ छैन' भनेर गलत तरिकाले सोच्न लागेमा धेरै नै अनर्थहरू हुन सक्नेछ। धम्मदिन्ना त पारमी भएकी महिला भएकीले योनिसो मनसिकारद्वारा उचित र सहीलाई मात्र चिन्तन गर्न लागिन्। 'उनमा विशिष्टधर्म लाभ भएर आएकोले अघि अघि अत्यन्त मनपर्ने प्रियलाग्ने कामगुणहरूलाई प्रियलाग्नु लिप्त हुनु मनपराउनु मज्जा मान्नु जस्तो विकृति रहेन रे, उनले लाभ गरेर आएको धर्म अति नै राम्रो धर्म हुनुपर्दछ। यो धर्मलाई लाभ हुने गरी म पनि आचरणगर्न चाहन्छु। म पनि लाभ गर्न चाहन्छु' भनी विचार गरी आर्य महाश्रेष्ठि, तपाईले लाभ गरेर आउनुभएको धर्म पुरुषहरूले मात्र लाभ गर्न सक्ने धर्म हो कि ? अथवा हामीजस्ती महिलाहरूले पनि लाभगर्न सकिने हुन्छ' भनि सोधिन्।

जो सुकैले भएपनि यस्तो धर्मको आचरणगर्न सक्दछ। उपनिश्रय रहेको व्यक्ति भयो भने त लाभगर्न पनि सकिने नै हुन्छ भनी विशाख महाश्रेष्ठीले जवाफ दियो। 'त्यसो भए मलाई भिक्षुणी बन्न अनुमति दिनुस्' भनी धम्मदिन्नाले अनुमति मागिन्। "भद्रे ! भाग्यमानी रहिछौ; साधु छ तिमीलाई। मैले पनि तिमीलाई त्यसरी भिक्षुणी बनाउन नै प्रेरणा दिन मन लागिरहेको हो तर तिम्रो मनोभावनालाई जान्न नपाइरहेकोले मैले भन्न साहस नगरिरहेको थिएं। सहर्ष अनुमति दिन्छु नि" भनी बिम्बिसार महाराजकहाँबाट सुवर्णपालकी मागेर ल्याई त्यो सुवर्णपालकीद्वारा श्रेष्ठिभार्या धम्मदिन्नालाई भव्यताका साथ भिक्षुणी आराम पुऱ्याउन लगाइयो। भिक्षुणीको भावमा पुगी केही समय नबित्दै अरहन्त हुन पुगिन्। त्यो बेलामा विशाख महाश्रेष्ठीले अतिगम्भीर प्रश्नहरू सोधेको ले धम्मदिन्ना थेरीले स्पष्ट पारेर जवाफ दिइन्। त्यस प्रश्न उत्तरलाई चूलवेदल्लसुत्त भन्ने नाउँले मज्झिमनिकायमा संगायन- आरूढ गरिराखेको छ। त्यस उत्तरलाई कारण बनाई भगवान् बुद्धले धम्मदिन्नाथेरीलाई धर्मकथिक क्षेत्रमा एतदग्ग विशिष्ट उपाधिद्वारा प्रशंसा गर्नुभएको छ।



Downloaded from http://dhamma.digital

(७) **विशाखा कथावस्तु 'संघदायिका'** भन्ने सातौं छोरी त अहिलेको भगवान् बुद्धको पालामा पूर्वाराम महाविहारकी दायिका विशाखा भइरहिन् । यी विशाखा त (७) वर्षको उमेरदेखि नै भद्दिय नगरमा भगवान् बुद्ध पाल्नुभएको बेलामा ५०० कुमारी परिवारसहित स्वागत गर्न गएको बेलामा उपदेश सुन्न पाई श्रोतापन्न भएकी थिइन् । पछिल्लो समयमा प्रसेनजित कोशल महाराजले उनको बुबाज्यू धनञ्जय श्रेष्ठीलाई कोशल राष्ट्रभित्र आएर बसोबास गर्न आमन्त्रण गरेको ले आमाबुबाहरूसँगै साकेत नगरमा आइपुगिन् । उमेरदार भएर आएको बेलामा श्रावस्ती नगरको मृगारश्रेष्ठीको छोरा पूर्णवर्धनसँग घरबार जमाई श्रावस्ती नगरमा बस्न पुगिन् । त्यहाँ पूर्वाराम नामक महाविहार निर्माण गरी दान गरिन् । उनको घरमा दिनहुँ भिक्षुसंघहरूलाई याग् (जावला) भोजन अर्पण गर्ने गर्छन् । सन्ध्यातिर पनि विहारमा गई शर्वत्, औषधि चीजवस्तुहरू भिक्षुसंघलाई अर्पण गरी उपदेश सुन्ने गर्थिन् । यी त थाहापाएकै कुरा भए ।

कोमार ब्रह्मचर्य आचरण गरेर आएका किकी महाराजका ७ जना छोरीहरूमध्ये अगाडिका ६ जना त भर्खर भनेर आएजस्तै अरहन्तहरू भई परिनिर्वाण भएर गइसके । अन्तिम छोरी संघदायिका भएर आएकी विशाखा महाउपासिका त माथिल्ला मार्गफलहरूतिर पुगिन् । श्रोतापन्नभावमा नै परलोक भएर कामावचर ६ वटा देवलोकहरूमध्येमा निर्माणरति नामक पाँचौं देवलोकमा सुनिर्मित भन्ने देवराजकी देवी महारानी भइरहिन् । (विमान. ट्ठ. १७५) त्यस देवलोकमा अनागामी भई त्यहाँबाट च्यूत हुने बेलामा ५ वटा शुद्धावासभूमिमा क्रमबद्धरूपमा उत्पन्न हुनजाने छिन् । अन्तिम अकनिष्ठभूमिमा पुग्ने बेलामा अरहन्त भई परिनिर्वाण भएर जानेछिन् ।

# भगवान् बुद्ध र लोकधर्म

संसार (लोक) भित्र बसोबास गर्ने व्यक्तिहरू हुन् भने यी लोकधर्महरूसित सामना गर्नु नै पर्दछ । कोही पनि यसबाट छुत्न सक्दैनन् । भाग्यमानी व्यक्तिहरूमा कुशलकर्मले प्रतिफल दिने बेलामा राम्रा ४ वटा लोकधर्मसित सामना गर्न पाइने भयो । अभागी व्यक्तिहरूमा अकुशलकर्मले प्रतिफल दिने बेलामा नराम्रा ४ वटा लोकधर्मसित सामना



Downloaded from http://dhamma.digital

गरिरहनुपर्ने भयो । त्यसमा राम्रा लोकधर्महरूलाई त धेरैले मनपराइरहन्छन् । ती लोकधर्महरूसित सामना गर्नपरोस्-गर्न पाऊन् भनेर समेत याचना गरिरहन्छन्; अभ्यास गर्नपाउने गरिकन खोजीनीति गरिरहन्छन् । त्यसैले तिनीहरूलाई त लोकको हिसाबले भन्नुपर्दा अत्यावश्यक छैन भनी भन्नुपर्ला । नराम्रा लोकधर्महरूलाई मानिस चाहना राख्दैनन् । डराउँछन् । छलेर जाओस्, बितेर जाओस्, हटेर जाओस् भनी याचना गरिरहन्छन् । सामना गर्न नपर्ने गरिकन पनि प्रयास गरिरहन्छन् तर बिल्कुल मुक्त हुन सक्दैन । त्यस्तामा सामना गर्नु नै परिरहेको हुन्छ । थोरै र धेरैमात्र फरक परिरहन्छ । भगवान् बुद्ध स्वयंले समेत अलिअलि त त्यस्ता कुरामा सामना गरिरहनुपर्ने नै भयो । त्यसलाई आधार बनाएर हेर्ने हो भने "हामीजस्ता सामान्य व्यक्तिहरूले सामना नगरी हुने होइन" भनी निरीक्षण गरी केही न केही त सहन सक्नुपर्ने कारण रहेको छ । तसर्थ भगवान् स्वयंले नराम्रा लोकधर्महरूसित सामना गर्नुपरेको प्रक्रियालाई अहिले उल्लेख गर्न गइरहेको छु ।

## लाभ अप्राप्य हुनु र भगवान् बुद्ध

एक समय भगवान् बुद्ध पञ्चसाल नामक ब्राह्मण गाउँलाई आधार बनाई विहार गरिरहनुभएको थियो । त्यस गाउँमा विहार गरिबस्नुभएको कारण त्यस गाउँका ५०० जना कन्याकुमारीहरू श्रोतापन्न हुनेछन् भनी देख्नुभएको कारणले नै थियो । नक्षत्र उत्सवको दिनमा ती कन्याकुमारीहरू बाहिर निस्कने अवसर पाएका हुनाले नदीको घाटमा गई नुहाउने गर्दथे । नुहाइसकेर वस्त्रालंकारहरू धारण गरी गाउँतिर फर्कीरहेका थिए । त्यो बेलामा भगवान् बुद्ध पञ्चसाल गाउँभित्र भिक्षाटन जानुभयो ।

'पञ्च' भनेको पाँचवटा, 'साल' भनेको शाला; त्यसैले 'पञ्चसाल' भनेको पाँचवटाशाला भन्ने अभिप्राय रहेको छ । मूलरूपले स्थापना भएको सुरू सुरूमा पाँचवटा मात्र शाला भएको ले 'पाँचशालासमूहको गाउँ' भनी भनिराखेको भाव हुन्छ । म्यान्म्यार् राष्ट्रमा पनि यसरी नाउँ चलिराखेका गाउँहरू रहेका छन् । पाँच घरसमूहको गाउँ; चारघर समूहको गाउँ; एक घरमात्र भएको गाउँ भनेरसमेत रहेको छ । ती नाउँहरू गाउँ स्थापना गरेको सुरू सुरुका नाउँहरू नै हुन् । पछिल्ला समयहरूमा त घर वृद्धि भएर आई थुप्रै घरहरू रहिरहेका छन् । अहिले भनिरहेको **पञ्चसाल** =



Downloaded from http://dhamma.digital

पाँचघरसमूह गाउँमा पनि ५००-जना कन्याकुमारीहरूसमेत छन् भनेपछि नवयुवकहरू बालबच्चाहरू वयस्क व्यक्तिहरू आमाबुबाहरूसहित भन्ने हो भने जनसंख्या २-हजारभन्दा कम नभएको हुनुपर्दछ । ती जनसंख्या बढी भएजति घरसंख्या पनि सयौं हुनुपर्नेछ । त्यो पञ्चसाल गाउँमा भगवान् बुद्ध भिक्षाटन जानुभएको बेलामा त्यस गाउँका मानिसहरूले भगवान् बुद्धलाई भिक्षादान दिन नसकिने गरी मारदेवले ती मानिसहरूभित्र डुबी बिघ्नबाधा अन्तराय सृजना गरिरह्यो । त्यसैले भगवान् बुद्धले एक चम्चाजति पनि भिक्षा प्राप्त नभई धोइराखेको पात्रअनुसार त्यसरी नै गाउँबाट फर्केर बाहिरिनुपऱ्यो । त्यो बेलामा मारदेवले गाउँ ढोकाको छेउमा रही "आयुष्मान् भिक्षु, भोजन प्राप्त गरेर आयौ के" भनी एकजना मानिसले जस्तै गरी सोधे । अनि भगवान् बुद्धले 'हे मारदेव, मैले भिक्षा प्राप्त नहुने गरी तिमीले छल गरिराखेको होइन र' भनी आज्ञा भयो । त्यसोभए 'तपाईं फेरि एकचाटि भिक्षाटनमा प्रवेश गर्नुहोस्' भनी मारदेवले भन्यो । उसको लक्ष्य त अहिले एकचोटि फेरि भिक्षाटनमा प्रवेश गर्नुभो भने मानिसहरूमा डुबी भगवान् बुद्धको अगाडि ताली बजाई ठट्ठा गरी जिस्कयाउनेछु भन्ने थियो ।

त्यो समयमा नदीको घाटबाट नुहाएर फर्केका ५०० कन्याकुमारीहरू त्यो गाउँको ढोकामा आइपुगे । भगवान् बुद्धलाई गौरवपूर्वक अभिवादन गरी अनुकूल ठाउँमा उभिरहे । मारदेवले पनि "भन्ते ! भिक्षा भोजन नपाएर भोक लाग्ने दुःखले पीडा कष्ट पुऱ्याएन त ? भनी सोध्यो । यस प्रश्नलाई कारण बनाई ती ग्रामीण ५०० कन्याकुमारीहरूलाई अनुकूल हुने उपदेश गर्न भनेर नै यो गाउँमा भिक्षाटन प्राप्त हुँदैन भनेर जानेतापनि भिक्षाटन जानुभएको थियो । तसर्थ भगवान् बुद्धले, "हे मारदेव, हामीले यो एक दिन केही पनि भोज्य पदार्थहरू प्राप्त गर्न नपाएतापनि आभाश्वरभूमिका महाब्रह्माहरूले जस्तै प्रीतिसुख नामक हर्षित हुनु, सुखी हुनुमात्रद्वारा नै समय बिताउनेछु" भनी आज्ञा भई ५०० कन्याकुमारीहरूको निमित्त लक्ष्य राखी यसरी एउटा गाथाद्वारा उपदेश गर्नुभयो ।

**सुसुखं वत जीवाम; येसं नो नत्थि किञ्चनं ।**
**पीतिभक्खा भविस्साम; देवा आभस्सरा यथा ॥**

**येसं नो** = जो हामीहरूलाई; **किञ्चनं** = चाहनाहुनु याचनागर्नु रागादि क्लेश नामक धन्दासूर्ता ब्यापार; **नत्थि** = छैन; **ते मयं** = ब्यापाररहित भएका ती हामीहरू; **वत** = निश्चय नै; **सुसुखं** = अत्यन्त सुखी भई; **जीवाम** = जीवित भई बाँचिरहेका छौं; **देवा आभस्सरा यथा** =



Downloaded from http://dhamma.digital

आभाश्वर ब्रह्माहरूजस्तै; **पीतिभक्खा** = प्रीति नै आहार भएका; **भविस्साम** = आजको लागि भइरहनेछौं ।

भन्न खोजेको अभिप्राय त संसारमा मानिसहरू आहार वस्त्र बसोबासको लागि मारकाट लुट्नु चोर्नुद्वारा ढाँटीछली अर्थ आर्जन गरिरहेकाहरू पनि छन्, त्यसरी अधार्मिकपूर्वक खोजीनीति गरी प्राप्त भएका सम्पत्तिहरुलाई इच्छाअनुसार सेवन गरिरहनुपरेकाले "सुखपूर्वक जीवनयापन गरिरहेका छौं, सुखपूर्वक बाँचिरहेका छौं" भनी यसरी सम्झी भन्ने बोल्ने गरिरहेका छन्, वास्तवमा त्यसरी अधार्मिकपूर्वक जीवनयापन गरिरहेका केही समय नबित्दै चार अपायमा पतन भई दुःखमा पुग्नुपर्ने भएकोले कष्टपूर्वक जीवनयापन गरिरहनुलाई नै भन्दछ । धार्मिकपूर्वक खोजीनीति गरी जीवनयापन गरिएतापनि व्यापार गर्नुपर्ने क्लेश रहिरहुञ्जेलसम्म साँच्चिको सुखमय जीवन यापन गर्नुहुनेछैन । भगवान् बुद्धमा प्राप्त नभइसकेकोलाई चाहना गर्नु याचना गर्नु राग भन्ने व्यापार पनि छैन, प्राप्त गर्न चाहेको प्राप्त नभएकोले चित्त खल्बलाउनु रिस उठ्नु दोष भन्ने व्यापार पनि छैन । नराम्राहरूलाई राम्रा सम्झी व्यापार गर्न जान्ने मोह भन्ने व्यापार पनि छैन । त्यसरी व्यापार गर्नु क्लेश बिल्कुलरहित भइरहेकोले भिक्षा नपाए पनि मानसिक दुःख रहेन । खान नपाए पनि शारीरिक दुःख मानसिक दुःख रहेन । धर्मसम्बन्धी सन्तोष हुनु प्रसन्न हुनु प्रीतिद्वारा सुखपूर्वक यापन गरी बस्न सकिन्छ । त्यसरी बस्नसक्ने भएकोले हामी बुद्धहरूमा अत्यन्त सुखपूर्वक जीवनयापन गर्नु, बाँचिरहनु रहिरहेका छन् ।

किन यसरी सुखपूर्वक यापन गरेर रहनसकेको नि भन्दा अगाडि भनेर आएअनुसार लाभ प्राप्त भएको छ भनेकोलाई पनि अलाभ भएको छ भनेकोलाई पनि प्राप्त गर्ने व्यक्ति भनेकोलाई पनि अनित्य, दुःख, विपरिणाम धर्ममात्रै रहेछ भनेकोलाई जानिसकेको हुनाले याचना गर्नु, चिन्तनगर्नु क्लेशहरू बिल्कुलरहित भइरहेकोले नै हो ।

**येसं नो** = जो हामीहरूलाई; **किञ्चनं** = चाहना हुनु याचना गर्नु रागादि क्लेश भन्ने व्यापार गर्नु; **नत्थि** = छैन; **ते मयं** = व्यापाररहित ती हामी बुद्धहरू; **वत** = निश्चय नै; **सुसुखं** = अति नै सुखपूर्वक; **जीवाम** = जीवनयापन गरी बाँचिरहेका छौं भनी आज्ञा भयो ।

यहाँ "आहार सेवन नगरिकन सुखपूर्वक बस्न हुने हो र" भनी सोध्नुपर्ने विचार गर्नुपर्ने स्थिति रहिरहेको छ । किनभने कामभूमिका सत्त्वहरूमा खाद्य आहारको सहयोग आवश्यक छ । रूपकाय (शरीर) स्थित



Downloaded from http://dhamma.digital

राख्न कर्म, चित्त, ऋतु र आहार नामक चार कारणहरू रहेकोमा कर्म हुनुमात्रले, चित्त हुनुमात्रले, अनुकूल ऋतु हुनुमात्रले जीवित रहन सक्दैन। खाद्य आहार रहेमा मात्र जीवित रहन सकिन्छ। त्यसैले मानिसहरूले दिनहुँ २-३ चोटि खोजीनीति गरी सेवन गरिरहनुपरेको छ। कम्तीमा दिनको एकचोटि त खोजेर सेवन गरिरहनुपर्दछ। मानिसहरूले मात्र होइन भूमिस्थ सत्त्वहरू, जलस्थ सत्त्वहरू, तिरश्चिनहरूले पनि दिनहुँ खोजीनीति गरी सेवन गरिरहनुपरेका हुन्। खाद्य, वस्त्र, बसोबास भन्ने तीन विषयहरूमध्ये मा खाद्यविषय सबभन्दा आवश्यक रहेको छ। आवश्यक भएकोले खाद्य खोजीनीति गर्नुपर्ने आहार पर्येषण दुःख पनि ठूलो छ। त्यसैले सत्त्वहरूले खाद्यको निमित्त निरन्तर खोजीनीति गरिरहनुपरेका हुन्। त्यसभित्र कमिला भन्ने साना प्राणीहरू सबभन्दा बढेचढेका छन्। उनीहरूको शरीर कति पनि ठूला नभइकन पनि उनीहरूले दिनमा मात्र नभई रातमा पनि निरन्तर चलफिर गरी आहार खोजिरहन्छन्। त्यसरी खोजीरहनु खान पाएन भने सुख हुनसक्दैन, खान पाएमा मात्र सुख हुनेछ भन्ने जानी खोजिरहनुपरेको हो। त्यसो भएर खाद्य सेवन नगरिकन सुख हुन सक्छ कि भनी विचार गर्नुपर्ने सोध्नुपर्ने रहेको हो। त्यस प्रश्नलाई भगवान् बुद्धले–

"**पीतिभक्खा भविस्साम, देवा आभस्सरा यथा**" भनी निराकरण गरि दिनुभएको छ। **देवा आभस्सरा यथा** = आभाश्वर अन्तरीक्ष ब्रह्माहरूजस्तै; **पीतिभक्खा** = प्रीति नै आहार भएका; **भविस्साम** = भइरहनेछौं।

ब्रह्मा भनेकाहरूमा खाद्य आहार सेवन गर्नु छैन। ध्यानकुशलको बेगले उत्पन्न हुने प्रीतिसुख, ध्यानसित सम्प्रयुक्त प्रीतिसुखद्वारा यापन गरिरहन्छन्। उनीहरुमा भोक लाग्नु भनेर पनि छैन। प्रीतिसुख भन्ने प्रसन्न हुनु, सुख हुनु सदैव सम्पन्न भइरहेका छन्। विशेषतः द्वितीयध्यानका प्रीति सबभन्दा राम्रो सबभन्दा उत्तम भएकोले त्यो द्वितीयध्यानको कारणले उत्पन्न भइरहेका द्वितीयध्यान ब्रह्माहरूमा अत्याधिक विशिष्ट उत्तम प्रीतिहरू उत्पन्न हुन्छन्। ती द्वितीयध्यानका ३ प्रकारका ब्रह्माहरूमध्येमा पनि आभाश्वर भन्ने महाब्रह्माहरूमा अझ बढी विशिष्ट उत्तम प्रीतिहरू यापन गरी बस्नेछौं भनी आज्ञा भएको हो।

प्रसन्न हुने प्रीति उत्पन्न भइरहनुमात्रद्वारा खाद्यसेवन नगरिकन बस्न सकिन्छ भनेको संसारको पक्षबाट पनि धर्मको पक्षबाट पनि स्पष्ट छ। कोही कोही मानिसहरूमा अत्यन्त दुष्करकार्य विचार चिन्तनद्वारा सफल भएका भएकोले प्रफुल्लित भई भोजन सेवन गर्न चाहने चित्त नरही खान



Downloaded from http://dhamma.digital

नसक्ने, सुत्न नसक्ने भइरहेकाहरू छन् । कोही कोही कुशलसम्बन्धमा प्रसन्न र प्रफुल्लित भइरहँदा एक दुई छाक भोजन सेवन नगरेर पनि बस्न सक्ने रहेका छन् । ध्यानभावना उद्योग र अभ्यास गरिरहने व्यक्तिहरूमध्ये मा पनि समाधि शक्ति प्रज्ञाशक्ति प्रबल भएका व्यक्तिहरू आ-आफ्ना ध्यानभावना र हृदयंगम गरी बस्दाबस्दै "एक दुई दिनसम्म नखाई नपिइकन दिसापिसाब समेत नगरिकन एकै आसनमा बस्न सकेका पनि रहेका छन् । भगवान् बुद्धमा त फलसमापत्तिलाई भएपनि, निरोध समापत्तिलाई भएपनि प्रवेश गरिरहनुहुँदा सात दिनसम्म नै बस्न सक्नुहुन्छ । ध्यान समापत्तिद्वारा पनि बस्न सकिन्छ । एक दिनजति त विपश्यना भाविता गरेर पनि बस्न सकिन्छ । त्यस विपश्यना प्रीति, ध्यानप्रीति, फलप्रीतिहरूद्वारा बस्नसक्नुलाई लक्ष्यराखी **पीतिभक्खा** = प्रीति नै आहार रहेका; **भविस्साम** = आजको लागि भइरहनेछौं भनी आज्ञा गर्नुभएको हो ।

त्यो गाथा मारदेवको प्रश्नलाई जवाफ दिनुभएको गाथा नै हो तर त्यो बेलामा पञ्चशालग्रामीण ५०० कन्याकुमारीहरू नजिकमा हात जोडी उपदेश सुनिरहेका थिए । ती ५०० कन्याकुमारीहरूको निमित्त उद्देश्य राख्नुभई उपदेश दिनुभएको छ । तसर्थ ती ५०० कन्याकुमारीहरू त्यो धर्मगाथा सुन्दासुन्दै श्रोतापन्न भएर गए ।

यो गाथा सुन्नुमात्रद्वारा कसरी कुन तरिकाले श्रोतापन्न हुनपुगे भन्दा ती ५०० कन्याकुमारीहरू विशिष्ट कुशल विशिष्ट पारमी भएका महिलाहरू हुन् । त्यसैले तिनीहरूले भगवान् बुद्ध स्वयंलाई पनि दर्शन गर्न पाइरहेका थिए भगवान् बुद्ध स्वयंले उपदेश गर्नुभएको धर्मलाई पनि सुन्न पाइरहेका थिए । भगवान् बुद्ध स्वयंलाई दर्शन गर्न पाइरहेको हुनाले उनीहरूमा प्रीति भइरहेको थियो । धर्म-उपदेश सुन्न पाइरहेको ले पनि प्रीतिहरू उत्पन्न भइरहेको हो । विशेषत: भगवान् बुद्धमा ब्यापार गर्नु क्लेशरहित भइरहेको ले सुखपूर्वक बस्न पाइरहेको छ भन्ने र भोजन सेवन गर्न नपाएतापनि प्रीतिले नै यापन गरिरहनेछु भन्ने यी उपदेशका कुराहरू सुन्न पाइरहेका बेला अत्यन्त श्रद्धा जागी प्रीतिहरू तीव्र तीक्ष्णरूपमा उत्पन्न भइरहेको छ । ती प्रीतिहरूलाई भाविता गर्न लागिपरेकोले क्षयव्यय स्वभाव प्रकटहरूमा देख्न पाई विपश्यनाज्ञान क्रमिकरूपमा माथि चढी श्रोतापत्तिमार्गफलतिर पुग्न गएका हुन् भनी लिनुपर्नेछ ।

अहिले उपदेश सुनिरहेका दायकदायिकाहरू पनि यही विधि, यही तरिकाले हुनसक्नेछ । त्यो पञ्चसाल ग्राममा भगवान् बुद्ध भिक्षाटन



Downloaded from http://dhamma.digital

गइरहनुभएको प्रक्रियालाई पनि निरीक्षण गरेर हेरौं । गाउँबाट निस्केको बेला ढोकाको नजिकमा मारदेवले सोधिरहेको प्रक्रिया र ५०० कन्याकुमारीहरूले गौरवपूर्वक वन्दना गरी उपदेश सुनिरहेको प्रक्रियालाई पनि निरीक्षण गरेर हेरौं । त्यो बेलामा भगवान् बुद्धले उभिएरै उपदेश दिइरहनुभएको प्रक्रियालाई पनि निरीक्षण गरी हेरौं ।

**सुसुखं वत जीवाम, येसं नो नत्थि किञ्चनं**
**पीतिभिक्खा भविस्साम, देवा आभस्सरा यथा ॥**

**येसं नो** = जो हामीबुद्धहरूलाई; **किञ्चनं** = चाहनाहुनु याचनागर्नु रागादि क्लेश भन्ने व्यापार; **नत्थि** = छैन; **ते मयं** = ब्यापार भएका ती बुद्धहरूले; **वत** = निश्चय नै; **सुसुखं** = अत्यन्त सुखपूर्वक; **जीवाम** = जीवित यापन गरी जीवित रहेका छौं; (सही हो, याचना गर्नु व्यापार गर्नु रहिरहेकोमा जतिसुकै सम्पन्न भइरहेतापनि दुःखी नै भइरहन्छ; याचना गर्नु व्यापार गर्नु नरहेमा प्राप्त भएजतिले उत्पन्न भएजतिले सन्तुष्ट भई सुखी भइरहने हुन्छ नै; त्यसैले) **ते मयं** = व्यापार नभएका ती हामी बुद्धहरू; **वत** = निश्चय नै; **सुसुखं** = अत्यन्त सुखपूर्वक; **जीवाम** = जीवन यापन गर्दै जीवित रहेका छौं; **देवा आभस्सरा यथा** = आभाश्वर ब्रह्माहरूजस्तै; **पीतिभक्खा** = प्रीति प्राप्त नभएतापनि प्रीति नै आहार रहेका छन्; **वा** = ध्यानप्रीति, विपश्यनाप्रीति, अरहन्तफलप्रीतिद्वारा रमाइरहेका; **भविस्साम** = आजको लागि भइरहका छौं ।

अहिले उपदेश सुनिरहँदारहँदै पनि प्रीति उत्पन्न हुनसक्छ । त्यस प्रीतिलाई भाविता गरेको खण्डमा **खयतो वयतो** भनेजस्तै क्षय हुनगयो, व्यय हुनगयो भनी जान्न देख्न सकिन्छ । त्यो विपश्यनाज्ञान नै हो । त्यसरी जान्नाले विशिष्ट पारमी भएको व्यक्ति मार्गफलतिर पुग्न सकिन्छ ।

# मिलिन्दको प्रश्न

त्यसबेलामा पञ्चाल गाउँमा भगवान् बुद्धलाई भिक्षा प्राप्त नभएकोलाई कारण देखाएर मिलिन्द महाराजले आयुष्मान् नागसेनसित यसरी सोध्नुभयो–

“भगवान् बुद्ध अत्यन्त लाभी हुनुहुन्छ । चीवरवस्त्र, भोजन, विहार, औषधि चतुप्रत्ययहरू धेरै प्राप्त गर्नुहुन्छ भनेर पनि तपाईहरूले भन्ने



Downloaded from http://dhamma.digital

गर्नुहुन्छ। अनि फेरि पञ्चसाल गाउँमा भिक्षाटन जानुभएको बेलामा भगवान् बुद्धले एक चम्चा भोजनमात्र पनि लाभ गर्नुभएन भनेर पनि तपाईंहरूले नै भन्ने गर्नुहुन्छ। ती दुइवटा कुरा अघिपछि एकसमान छैन। लाभ अत्यन्त बढी प्राप्त गर्नुहुन्छ भने एक चम्चा भोजनसमेत प्राप्त भएन भन्ने हुनु योग्य भएन। पञ्चसाल गाउँमा भिक्षाटन जानुहुँदा एक चम्चा भोजनजतिसम्म पनि प्राप्त भएन भने लाभ अत्यन्त बढी प्राप्त गर्नुहुन्छ भन्ने कुरा हुनु योग्य भएन। यसरी दुई कुरा अन्त निस्किराखेको प्रश्नलाई आयुष्मान् नागसेनले स्पष्ट पारी जवाफ दिनुहोस्" भनी सोधे।

# आयुष्मान् नागसेनको उत्तर

"महाराज मिलिन्द, भगवान् बुद्ध अत्यन्त लाभी हुनुहुन्छ भनेको सही हो। पञ्चसाल गाउँमा एक चम्चा भोजनजतिसम्म पनि प्राप्त गर्नुभएन भनेको पनि सही हो। तैपनि त्यो पञ्चसाल गाउँमा भोजन प्राप्त नभएकोले गर्दा लाभ धेरै भएन; अभाव भयो भनेर त भन्न मिल्दैन। उदाहरणको रूपमा चक्रवर्ती महाराजकहाँ जंगलको गाउँबाट एउटा मानिस उपहार चढाउन आइपुग्यो भनौं; मह भएपनि महको जाल मात्र भएपनि चढाउन आइपुगेको बेलामा ढोकापालेले प्रवेश गर्न नदिई रोकिराख्यो; "ए गाउँले, फर्किहाल; यो समय महाराजलाई दर्शन दिलाउने समय होइन; फर्किहाल; फर्केन भने राजदण्ड दिनेछु" भनी डराई धम्क्याई रोकिदियो। अनि गाउँले डराएको ले फर्किनुपर्ने भयो। उसले ल्याएको उपहार महाराजसमक्ष चढाउन पाएन। त्यसरी चढाउन नपाएको किन त ? ढोकापालेले रोकी बाधा अर्चना पुऱ्याएको ले होइन र ? त्यो गाउँलेको उपहार प्राप्त नभएको ले त्यो चक्रवर्ती महाराजलाई कम भाग्य भएको, लाभ कम भएको भनी भन्न मिल्नेछ ?" भन्न मिल्दैन।

त्यस्तै नै भगवान् बुद्ध अत्यन्त लाभी हुनुहुन्छ; तैपनि पञ्चसाल गाउँमा भिक्षाटन जानुभएको बेलामा त्यो ढोकापालेजस्तो मारदेवले बिघ्नबाधा पुऱ्याइराखेको ले भिक्षा प्राप्त नभएको भइदियो। त्यो गाउँको भिक्षा प्राप्त नभएकोलाई कारण बनाई भगवान् बुद्ध अलाभी हुनुहुन्छ; अभाव भएको हुनुहुन्छ भनेर भन्न मिल्दैन। त्यो एकदिन बाहेक ४५ वर्षावासभित्र दिनगिन्तीको हिसाबले १६,४०० भन्दा बढी दिनहरूमा दिनहुँ लाभ बढी



Downloaded from http://dhamma.digital

प्राप्त भएकोलाई कारण बनाई भगवान् बुद्ध अत्यन्त लाभी हुनुहुन्छ भनेर नै भन्न मिल्दछ' भन्ने विषय आयुष्मान् नागसेनले स्पष्ट पारी जवाफ दिनुभयो ।

त्यसमा निरीक्षण गर्नुपर्ने त भगवान् बुद्ध चार असंख्य एक लाख कल्पसम्म पूर्ण गरेर आउनुभएको दानादि पारमिताहरूको कारणले सीमा नरहने गरी अत्यन्त लाभी हुनुहुन्छ । हामीजस्ता सामान्य जनहरूले 'लाभ प्राप्त नहुनु; प्राप्त भइसकेका लाभहरू लोप भएर विनाश हुनु' भन्ने अलाभ लोकधर्मसित सामना नगरिकन कहाँ सुख पाउँछ र ? सामना त गर्नुपर्ने नै हुन्छ । यसरी सामना गर्नुपरेतापनि भगवान् बुद्धका गुणहरूलाई आस्था एवं विश्वास गरी वहाँलाई पूजा गर्नुको हिसाबले वहाँले जस्तै नै दिक्क नमानी मन नबिगारी सहेर बस्नेछौं भनी यसरी हृदयगंम र निरीक्षण गर्नु योग्य छ । त्यसरी निरीक्षण गऱ्यो भने बिल्कुल नछुटेपनि मानसिक दु:ख हुनु बिसेक भएर जाने अवसर त पाइन्छ नै ।

# कोदो र चामलसमेत सेवन गर्नुपऱ्यो

अर्को एउटा विचारणीय कुरा त- भगवान् बुद्ध बुद्ध हुनु भइसकेपछि १२ औं वर्षावासमा भारतको पश्चिमतिर रहेको वेरञ्जा शहरमा जानुभएको थियो । वेरञ्जा शहरनजिक नलेरू नीम वृक्षमुनि विराजमान हुनुभएको थियो । 'नलेरू' भनेको त्यो नीमवृक्षलाई अधीनस्थ पारिराखेको यक्षको नाउँ भनिन्छ । म्यान्मार राष्ट्रमा जंगलका गाउँहरूमा फलानो देउताको रूख, धिस्को देउताको रूख आदि भनी व्यवहार गरिराखेको जस्तो हुनपऱ्यो । त्यसैले त्यो नीमको ठूलोवृक्षलाई पनि "नलेरू देउताको रूख" भनी भन्नुपर्ने होला नि । भगवान् बुद्धसँगै आउनुभएका संघहरू पनि ५०० जना भिक्षुसंख्या रहेको थियो ।

त्यो बेलामा वेरञ्जा शहरवासी एकजना ब्राह्मणले भगवान् बुद्धकहाँ गई वृद्ध अवस्थामा पुगेका व्यक्तिहरूलाई आदर गौरव नराख्ने भएकोले भगवान् बुद्धलाई दोषारोपण गर्न लाग्यो । भगवान् बुद्धले उनले दोषारोपण गरेजति जम्मै कुरालाई निराकरण गर्नुभई अनुकूल हुने उपदेश दिनुभयो । त्यो उपदेश सुन्न पाएको बेलामा वेरञ्जा ब्राह्मण श्रोतापन्न भई वेरञ्जा शहरमा वर्षावास बस्नुहुन भगवान् बुद्धलाई निवेदन चढाई प्रार्थना गऱ्यो ।



Downloaded from http://dhamma.digital

तसर्थ भगवान् बुद्ध ५०० शिष्य भिक्षुहरूसहित त्यसै ठाउँमा वर्षावास बस्नुभयो।

वेरञ्जा ब्राह्मणले वर्षावास बस्न प्रार्थना गरेतापनि विहार निर्माण गरी दान दिएको पनि होइन, त्यसैले त्यो नलेरू देवताको नीमको वृक्षमुनि नै भगवान बुद्धले वर्षावास गर्नुभयो। शिष्य भिक्षुहरूलेपनि त्यसैको छेउछाउमा अनुकूल हुने वृक्षहरूमुनि वर्षावास गरेकै होलान्।

त्यो ठाउँमा नीमका रूखहरू थुप्रै छन् भनिन्छ। त्यसैले नीमका रूखहरूको मुनि पनि हुनुपर्ने सम्भावनाहरू छन्। तैपनि त्यो वर्षमा खडेरी परेको ले त्यो ठाउँमा दुर्भिक्ष भय परिरह्‌यो, त्यसैले वर्षाले भिजिएला भनेर त चिन्ता गर्नुपर्ने भान रहलाजस्तो देखिन्न।

त्यसरी वेरञ्जा ब्राह्मणको प्रार्थनामा भगवान् बुद्धले स्वीकार गर्नुभई, वर्षावास बसि रहनुभएको बेलामा पनि मारदेवले वेरञ्जा शहरसहित वरिपरिमा भिक्षाटन जान सक्ने फर्कन सक्ने एक योजन क्षेत्रमा बुद्ध भनेर भिक्षुसंघ भनेरसमेत जान्न नसक्ने गरी, छलछाम् गरी राख्यो रे। अनि पछि त्यो क्षेत्रमा खाद्यसामग्री अभाव हुने नराम्रो दुर्भिक्षान्तर कल्प पनि सामना गरिरहनुपर्ने भयो। **सलाकावुत्ता** = सलाकद्वारा जीवनयापन गर्नुपर्ने भयो भन्ने भाव हो। आजकाल राशनजस्तो विधिद्वारा सामान वितरण गरी सीमाना राखे जति मात्र किनमेल गरेर सेवन गर्नुपरेकोलाई भन्न खोजेको हो। त्यो युगमा सामान ढुवानी गर्ने तरीकाहरू सम्पन्न नभएकोले यसरी नराम्रो दुर्भिक्षान्तर कल्पसँग सामना गर्नुपरेको जस्तो देखिन्छ। भारतराष्ट्रभित्रमा नै भएपनि अन्य शहरहरूमा त त्यो बेलामा यसरी अभाव भएको जस्तो देखिन्न।

त्यसरी खाद्य अभाव भएको नराम्रो दुर्भिक्षकल्पसित सामना गरिरहनुपरेको बेलामा मारदेवले पनि छलछाम गरिराखेकोले गर्दा भिक्षुहरू भिक्षाटन जानुहुने बेलामा भिक्षादान गर्ने व्यक्ति नभएको भिक्षा प्राप्त नगरिकन नै शहरबाट निस्केर आउनुपर्ने भइरह्‌यो रे। त्यो बेलामा काश्मिर गन्धार भन्ने भारतको उत्तरतिरको उत्तरापथ क्षेत्रबाट ५०० घोडा व्यापारीहरू पनि त्यो शहरमा आइपुगिरहेका थिए। मानिसहरूमा खाद्य अभाव भएको दुर्भिक्षकल्प परिरहेको बेला घोडा किन्ने व्यक्तिहरू पनि थिएनन्। वर्षायाममा उनीहरूको क्षेत्रतिर पनि फर्कन नमिल्ने भइरह्‌यो। त्यसैले घोडा व्यापारीहरू पनि त्यही वेरञ्जा शहरमा नै डेरा हाली वर्षा छलिरहनुपऱ्यो। ती घोडा व्यापारीहरूले भिक्षुहरूले भिक्षा प्राप्त नगरेको



Downloaded from http://dhamma.digital

हेरिरहनुपरेकोले भिक्षादान दिन चेतना उब्जेर आयो। तैपनि उनीहरू टाढा क्षेत्रका आगन्तुकहरू भइरहेको हुँदा दिनहुँ भिक्षादान दिन असमर्थ भइरहे। उनीहरूमा घोडाको दाना खोजेको बेला घोडालाई ख्वाउन पुलक भन्ने गहुँका चामलहरू लिएर आएका थिए।

पुलक भनेको यव नामक खस्रो बोक्रा भएको गहुँलाई बोक्रा झिकी उमालेको धान जस्तै बनाएर जम्मा पारिराखेको गहुँको चामल हो। त्यो उमालिराखेको गहुँको चामललाई भारतमा बाटोको खजानाको रूपमा लिएर जाने चलन थियो। पौराणिक आचार्यहरूले ती यव र पुलक पदहरूलाई बर्मेलीभाषामा (मूयो सबा) भनी भाषान्तरण गरिराखेका छन्। त्यो (मूयो) भनेकोलाई गहुँको चामल भनेरै सम्झनुपर्दछ। तसर्थ ती घोडाब्यापारीहरूले ५०० घोडाहरूलाई बिहान एकमुरी बेलुकी एकमुरी गहुँका चामलहरू खुवाइराखेको मा घोडाहरूलाई दिनको एकचोटि मात्र खुवाउने हो। बाकि एक छाकको गहुँका चामलहरू भिक्षुहरूलाई दान दिनेछौं भनी चिन्तन गरी भिक्षुहरूलाई उनीहरूको डेरामा घोडा पर्ने ठाउँमा दिनहुँ भिक्षाटनमा पाल्नुहुन निमन्त्रणा गरी एक एक जनालाई मूयो नामक गहुँको चामल एक एक माना भिक्षाटन गरे। उनीहरू पनि आगन्तुकहरू भएकोले पकाई दान दिन असमर्थ भइरहे। त्यसैले आयुष्मान्हरू, अनुकूल हुने किसिमले व्यवस्था गरी सेवन गर्नुहोस् भन्नेखालको भावले दान गरेर पठाएको जस्तो देखिन्छ।

कीरा नपर्ने गरी उमालेर जम्मापारिराखेका उमालेको चामल भन्दाखेरि कुटेर पानीमा भिजाई खानसक्ने भएको छ। त्यसैले भिक्षुहरूले पनि ८ जना १० जनाको एक एक टोली बनाई ढिकीमा कुट्नुपर्ने भयो। कुटेर पानीसित भिजाई सेवन गर्नुपर्ने भइरह्यो। भगवान् बुद्धको निमित्त त घोडाब्यापारीहरूले गहुँको धान एकमाना, चामल १ माना, त्योसित मिसाउन पुग्नेजति घ्यू मह पनि दान गरेका थिए। त्यो गहुँको चामललाई आयुष्मान् आनन्दले ढुंगाको सिलौटामा पिसी पिठो पारी घ्यू आदिद्वारा अनुकूल हुने गरी मिसाएर भगवान् बुद्धलाई प्रदान गर्नुहुन्थ्यो। त्यसमा देवताहरूले दिव्यओजा पनि हालिदिने गर्थे भनिन्छ। त्यो गहुँको चामलको भोजन सेवन गर्नुभएर भगवान् बुद्ध नलेरु नीमरूखमुनि फलसमापत्तिमा प्रवेश गर्नुभई समय बिताउनुभयो। भिक्षुहरू पनि आनन्द एकजनालाई छोडी जम्मै अरहन्त रहनुभएका थिए। आयुष्मान् आनन्द त धेरैजसो थाहा पाएअनुसार त्यो बेलामा श्रोतापन्नमात्र नै रहनुभएका थियो। त्यसैले सबै



Downloaded from http://dhamma.digital

नै आर्य उत्तम आयुष्मान्हरूमात्रै भए । तसर्थ ती ५०० भिक्षुहरूले पनि त्यही गहुँको चामलको भोजन सेवन गर्नुभई रूखहरूमुनि फलसमापत्तिमा प्रवेश गरी बस्नुभएकै होला । त्यो वर्षावास भरि यही प्रक्रिया, यही विधिद्वारा ५०० संघहरूसहित भगवान् बुद्ध बसोबास गर्नुभएकोलाई चिन्तन, मनन र निरीक्षण गरी हेरेको खण्डमा अति नै श्रद्धा र प्रसन्न हुनु योग्य भएको छ ।

यो ठाउँमा सामान्य व्यक्तिको रूपमा विचार गरेर हेरेमा सन्तोष मान्न नसक्ने विषय त भगवान् बुद्धले थुप्रै थुप्रै जीवन थुप्रै थुप्रै कल्पहरूमा परिपूर्ण गरेर आउनुभएको दानादि पारमीहरू, भाग्यहरू अनन्त रहिरहेर पनि किन यतिसम्म कमसल गहुँको चामल सेवन गरिरहनुपरेको नि ? ५०० संघहरूले पनि आर्यहरू उत्तम अरहन्त आयुष्मान्हरू भएर पनि किन यसरी गहुँको चामल सेवन गरिरहनुपरेको नि ? भनेर चित्तबुझ्दो खालको सन्तोषजनकको भएन । त्यो किन नि भनेर सोध्नुपर्ने भएको छ । जवाफ त लोकधर्म भएर छलेर छल्न नहुने भएको ले सामना गर्नुपरेको हो भन्यो भने छोटकरीमा समाधान हुनसकिन्छ । तैपनि त्यो नराम्रो लोकधर्मसित किन सामना गर्नुपरेको नि ? भनेर पनि लगत्तै सोध्नुपर्ने भएको छ । त्यसलाई त पालि अट्ठकथाहरूमा सोझै जवाफ दिइराखेको पाइन्छ । त्यो कसो त भन्दा अपदानपालिमा यसरी उपदेश गरिराखेको छ–

**फुस्सस्साहं पावचने; सावके परिभासयिं ।**
**यवं खादथ भुञ्जथ; मा च भुञ्जथ सालयो ॥**
**तेन कम्मविपाकेन; तेमासं खादितं यवं ।**
**निमन्तितो ब्राह्मणेन; वेरञ्जाय वसिं तदा ॥**

**अहं** = मैले; **फुस्सस्स पावचने** = फुस्स तथागतको शासनमा; **सावके** = शिष्यश्रावकहरूलाई; **यवं खादथ भुञ्जथ** = गहुँको चामल सेवन गर, भोजन गर, **मा च भुञ्जथ सालयो**, = सालि चामलको भोजन सेवन नगर, भोजन नगर भनी, **परिभासयिं** = उपहास परिहास गरेर आएँ ।

**तेन कम्म विपाकेन** = त्यो उपहास गर्नु **वचीकर्मको** फलको हिसाबले, **ब्राह्मणेन निमन्तितो** = वेरञ्जा ब्राह्मणले निमन्त्रणा गरिएको भई, **वेरञ्जायं वसि** = दुर्भिक्ष कल्प परिरहेको वेरञ्जा शहरमा वर्षावास बस्नुभयो, **तदा** = त्यसरी बस्नु भएको बेलामा, **तेमासं** = वर्षा तीन महिनासम्म, **यवं** = गहुँको भोजन, **खादितं** = सेवन गरी भोजन गर्नुभयो ।

फुस्स भगवान् बुद्धका शिष्य भिक्षुहरूलाई 'शालि भोजन न गर,



Downloaded from http://dhamma.digital

गहुँको भोजन गर' भनी उपहास परिहास गरेर आएको वचीकर्मको कारणले वेरञ्जा शहरमा वर्षावास बस्नुभएको बेलामा गहुँको भोजन गर्नुपरेको हो भनी भनिन्छ ।

विनय अट्ठकथामा दर्शाइराखेको प्रक्रिया त त्यो बाह्रौ वर्षाबासमा त्यस अकुशलकर्मको कारण मारदेवले छलछाम गर्न अवसर पाएकोले भर्खर भनेर आएअनुसार मारदेवले सम्पूर्ण वेरञ्जासहित वरिपरि एक योजन भएको क्षेत्रमा रहेका सबै मानिसहरूलाई गौरवगर्नु, दान प्रदान गर्न नसक्ने गरी छलेर त्यसपछि आइपुगेका घोडा ब्यापारीहरूले एक एक जनाको हिसाबले गहुँको चामल एक एक माना आमन्त्रण गरी व्रतराखिराखेको हुनाले त्यो गहुँको भोजनलाई मात्र अनुकूल हुने गरी बनाएर सेवन गर्नुपरेको विषय उल्लेख गरिराखेको छ ।

त्यसो भएमा मारदेवले छलछाम गर्न नपाएका अन्य शहरहरूमा जानुभई वर्षावास बस्नुभएको भए उचित हुने थिएन त ? भनी यसरी पनि विचार गर्नुपर्ने स्थिति छ । त्यो वर्षमा त जुनसुकै शहरमा जानुभएता पनि मारदेवले पछि पछि लागी छलछाम गर्ने नै छ रे । वेरञ्जा शहरमा त घोडाब्यापारीहरूले दान गरेका गहुँ भोजन प्राप्त भइरहेको ले त्यो शहर सबैभन्दा अनुकूल भएको नै भयो ।

त्यसोभए मारदेवले घोडाब्यापारीहरूलाई किन छलछाम गरेन त भन्दा घोडाब्यापारीहरू उनले छलछाम गरिसकेरमात्र आइपुगेकाहरू हुन् । आइपुगिसकेर पनि भगवान् बुद्धसहित ५०० भिक्षुसंघलाई दान प्रदान गर्न आमन्त्रणा गरी निवेदन गरिसकेको दानव्रतलाई त कसैले पनि अन्तराय पुऱ्याउन सक्तैन भनी मिलिन्दप्रश्न र अट्ठकथाहरूमा दर्शाइराखेको छ ।

अहिले भनेर आएअनुसार भगवान् बुद्धमा अपराध गरी भन्ने बोल्ने गरेर आउनुभएको वचीकर्मको कारणले हो भन्ने कुरा जान्न पाइयो । त्यो बेलामा गहुँको भोजन सेवन गर्नुपरेका ५०० भिक्षुहरूमा कुन कारणले नि ? भनी त्यसरी पनि सोध्नुपर्ने भएको छ । जवाफ त - बोधिसत्त्वजस्तो ले समेत यसरी क्षुद्र वचीकर्म उल्लंघन गरेर आउनुभयो भने भावी श्रावकहरूमा यस्ता अकुशलकर्महरू थुप्रै हुन सक्नेछन् । त्यस्ता कर्महरूको कारणले शिष्य श्रावक भिक्षुहरूले पनि त्यो बेलामा गहुँको भोजन गर्नुपरेको हो भनी धारणा राख्न सकिन्छ ।

त्यसो भएकोले अनन्त भाग्य अनन्त कर्महरूले सम्पन्न हुनुभएको भगवान् बुद्धले समेत एक समयमा अपराध गरेर आइसक्नुभएको वचीकर्मको



Downloaded from http://dhamma.digital

कारणले उत्तम पवित्र भोजन अलाभ भई अलाभ भन्ने लोकधर्मसित सामना गर्नुपर्दोरहेछ भने हामीजस्ता सामान्य मानिसहरूमा लाभ प्राप्त नहुनु, प्राप्त भएकाहरू लोप हुनु विनाश हुनु भन्ने अलाभ लोकधर्मसित कसरी सामना गर्न नपर्ने भई रहनसक्ला र ? सामना गर्नु नै पर्नेछ- सामना गर्नुपरेतापनि लोकधर्मलाई सहन सक्नुहुने भगवान् बुद्धको गुणलाई श्रद्धा प्रसन्नतापूर्वक पूजा गर्नुको रूपमा भगवान् बुद्धले जस्तै दिक्दार नमानी, विस्माद नगरी सहेर बस्नेछु भनी यसरी हृदयंगम र निरीक्षण गर्नु योग्य छ ।

अनि फेरि त्यो बेलामा भगवान् बुद्धका परिवार भएका भिक्षुहरू पनि अत्यन्त प्रसन्न मान्नुपर्ने भएको छ । ढिकीमा कुटी पानीसित भिजाई सेवन गर्नुपर्ने गहुँको भोजन अलिकति पनि राम्रो हुनेछैन । अहिले सबभन्दा खस्रो भन्नुपर्ने खस्रो भोजनको पिण्ड सेवन गर्नुजति पनि राम्रो हुनेछैन । तैपनि त्यस बेलाका भिक्षुहरूले त्यो गहुँको भोजनले नै सन्तोष मानी यापन गरी बसोबास गर्नुभएको थियो । त्यस कारण भगवान् बुद्धले यसरी प्रशंसा गर्नुभयो –

**आनन्द** = आनन्द, **तुम्हेहि सप्पुरिसेहि** = सत्पुरुष भएका तिमीहरूले, **विजितं** = विजय प्राप्त गरेका छौं ।

प्राप्त भएको गहुँको भोजनजतिले सन्तोष मानेर बस्न सक्नाको कारणले तिमीहरू विजयी भयौ । दुर्भिक्षभयलाई पनि जितिसके, लोभलाई पनि जितिसके, दूषित चाहनालाई पनि जितिसके भन्ने भाव हो ।

दुर्भिक्षभयलाई जितेको त त्यो बेलामा वेरञ्जा प्रदेश र सम्बन्धित अन्य ग्रामनिगमहरूमा अन्नमूल फलफूल उब्जनी भई सुभिक्ष र समृद्ध भइरहेको थियो भनी भनिन्छ । तैपनि त्यसरी सुभिक्ष र समृद्ध भएको क्षेत्रमा वर्षावास नबसी भगवान् बुद्धले यो दुर्भिक्ष भएको शहरमा वर्षावास बस्नुभएको भएर हामीले दुर्भिक्षभयको सामना गर्नुपरेको हो भनी एकजना भिक्षुले समेत चिन्तन गर्ने, विस्माद गर्ने गर्नु भएन । त्यो दुर्भिक्षभयलाई सहनसकी जितेको प्रक्रिया नै हो ।

लोभलाई जितेको प्रक्रिया त – भोजनप्रति लालायित हुने लोभद्वारा एक दिन भित्र फर्कन नसक्ने ठाउँतिर गई भिक्षाटन गर्ने, पहिलो वर्षावासलाई बिगारेर सुलभ समृद्ध भएको ठाउँतिर सरेर बर्षावास बस्ने जस्तालाई एकजनामात्र भिक्षुले पनि गरेनन् । त्यो लोभलाई जितेको प्रक्रिया नै भयो ।

दूषित चाहनालाई जितेको प्रक्रिया त – "फलानो भिक्षु त ध्यानलाभी



Downloaded from http://dhamma.digital

हो, अभिज्ञालाभी हो, दिव्यश्रोत दिव्यचक्षुलाभी हो, अरहन्त हो" आदि भनी आ-आफ्नो ध्यान अभिज्ञा मार्गफल गुणविशिष्टताहरूलाई भनी बोली ढिढौंरा पिट्ने हो भने मानिसहरूले विशेष श्रद्धाले प्रसन्न भई आफूहरूले नखाइकन बसेर पनि दान गर्ने गरिने थिए। तैपनि त्यसरी लाभ प्राप्त गर्ने भाग्यमानी बन्ने विषयलाई आशा राख्ने दूषित चाहनाद्वारा एकजना भिक्षुले पनि आ-आफ्ना गुण प्रकाश गरेनन् ढिँढौरा पिटेनन्। त्यो दूषित चाहनालाई जितेको प्रक्रिया नै भयो।

त्यसरी भगवान् बुद्धले ५०० भिक्षुहरूको गुणलाई प्रशंसा गर्नुभई पछिल्लो समयमा भिक्षुहरू अतिलोभी हुनेछन् भन्ने विषयलाई पनि यसरी आज्ञा भयो।

**पच्छिमा जनता** = पछि पछि आउँने वृद्धि हुने भिक्षुहरूले, **सालिमंसो दनं** = तिमीहरूजस्ता पुराना सत्पुरुषहरूप्रति प्रसन्न भई गौरवपूर्वक दान गरिएको सालि भोजन मांस व्यञ्जनद्वारा सिद्ध भएको उत्तम प्रणीत भोजन व्यञ्जनलाई, **अतिमञ्ञिस्सति** = यो भोजन कस्तो कडा, कस्तो गिलो, यो व्यञ्जन कतिको नुनिलो, कतिको अस्वादिलो, कतिको अमिलो, कतिको चीसो आदिद्वारा अवहेलना गर्नेछन्, त्यो त अहिलेको युगमा कोही कोही व्यक्तिहरूले भन्ने बोल्ने गरेको प्रक्रियासित ठ्याम्म मिलिराखेको छ। यो होश राख्नुपर्ने विषय भयो।

त्यो बेलामा ती भिक्षुहरूले अलिकति पनि राम्रो नभएको गहुँ भोजन दिक्क नमानी गुनासो नगरी सेवन गर्नुभएकोलाई आलम्बन गरेर पनि लाभ प्राप्त नभएको, प्राप्त भइसकेका लाभहरू विनाश भएर गएकोलाई सामना गर्नुपर्दा सहनसक्ने हुनेगरी होशराख्नु योग्य छ।

# परिवार विहीन हुनु र भगवान् बुद्ध

अनि फेरि नजिकमा ५००, १०००, १०००० आदि गरी थुप्रै परिवार भएका भगवान् बुद्धसमेत कहिले काहीं परिवार विहीनभई एक्लै बसोबास गर्नुपरेको पनि छ। कसरी त- एक समय भगवान् बुद्ध अनुगामी उपस्थापक नागसमाल स्थविरसँग बाटोमा लागिरहनुभएको बेला दुइवटा बाटो भेटिँदा भगवान् बुद्ध भयरहित बाटोमा हिँड्नुभयो। नागसमाल स्थविर, "म यो बाटोतिर लाग्नेछु, भगवान्को पात्र चीवर तपाईं आफैले लिएर जानू"



Downloaded from http://dhamma.digital

भनी ऊ अर्को बाटो लाग्यो । त्यो बेलामा भगवान् बुद्धले पात्र र संघाटी चीवर आफैले धारण गरी परिवारविना नै एक्लै बाटो लाग्नुपर्ने भयो । यस्तो अवस्था पनि रहेको छ । तैपनि धेरै समय त लागेन । नागसमाल स्थविरलाई ऊ लागेको बाटोमा बदमास डाँकाहरूले पात्रचीवर लिएर उसको टाउको पनि फुटालिदिएका ले ऊ भगवान् बुद्धसमक्ष फर्केर आउनु पऱ्यो ।

अनि फेरि अर्को एक समयमा पनि भगवान् बुद्ध मेघिय स्थविरसँग जन्तु नामक गाउँतिर पाल्नुभएको थियो । त्यो बेलामा मेघिय स्थविरले एउटा आम्रवन भेटिएको ले "त्यो आम्रवनमा गई ध्यानभावना गर्नपाऊँ, भगवान्‌को पात्र चीवर लिनुहोस्" भनी निवेदन गऱ्यो । भगवान् बुद्धले अनुकूल नभएको ले "अर्को एक न एकजना उपस्थापक आउञ्जेल पर्ख भनी आज्ञा भई तीन तीनपटकसम्म रोक्नु भयो । तैपनि आखिरमा त अवसर दिनु नै पऱ्यो । त्यो बेलामा पनि भगवान् बुद्धले एक्लै बसोबास गर्नुभयो । त्यो पनि त्यति बेर लागेन । त्यो मेघिय स्थविर नदीको किनारमा रहेको त्यो आम्रउद्यानभित्र पुग्दा अनुकूल होला भनी सम्झेको ढुंगे फाँटमाथि बसी भावनाधर्म हृदयंगम गरिरह्‌यो । त्यसरी हृदयंगम गरिरहँदारहँदै अकुशल वितर्कहरू उब्जिरहे । भएको प्रक्रिया कसो त भन्दा उनी बसिरहेको ढुंगेफाँट सामान्य ठाउँ थिएन ।

अतीत समयमा उनी १०० जन्मसम्म नै लगातार राजा भई आइसकेर त्यो उद्यानभित्र नर्तकी महिलाहरूसँग रसरंग गरी आइसकेको मंगल ढुंगेफाँट, परिरह्‌यो । त्यसैले त्यो बेलाको अनुशयको रूपमा घुसिराखेका क्लेशहरू उसको चिन्तनमा पर्युष्ठानको रूपमा उफ्रिउफ्रि उब्जेर आयो । त्यो ठाउँमा बस्ने बितिकै श्रमणचित्त लोप भएर गई उसमा नर्तकी परिचारिकाहरूले घेरालगाई सेवा गरिरहेका रूपमा प्रकट भई कामच्छन्द कामवितर्कहरू उत्पन्न भइरह्‌यो । अनि फेरि राजपुरुष भन्ने दरबारिया पुरुषहरूले चोर डाँका २ जनालाई चोरिएका सामानसहित आफ्नो अगाडि ल्याइपुऱ्याएका रूपमा एकजनालाई मृत्युदण्ड दिएको रूपमा व्यापादवितर्क पनि उत्पन्न भइरह्‌यो । अर्को एकजनालाई जेल सजायँ दिन हुकुम दिएको रूपमा विहिंसा वितर्क पनि उत्पन्न भइरह्‌यो । त्यसरी अकुशल वितर्कहरू उत्पन्न भइरहँदा उसको चित्तभित्र आश्चर्य लागी "त्यसैले मलाई भगवान् बुद्धले रोक्नुभएको होला" भनी निरीक्षण गरी भगवान् बुद्धसमक्ष फर्केर आयो ।



Downloaded from http://dhamma.digital

एक समयमा कौशाम्बी नगरमा भिक्षुहरू केही ठूलो कुरा नभएको शौच गर्दा धुने लोटामा पानी अलि बाँकी राखेर आएकोलाई विषय बनाई झैझगडा विवाद गरी गणभेद भइरह्यो । भगवान् बुद्धले मेलमिलाप गर्न अववाद उपदेश गर्दा पनि एक नसुनी मेलमिलाप हुनसकेन । त्यसैले भगवान् बुद्ध त्यस नगरको घोषिताराम विहारबाट एक्लै निक्लनुभएर पारिलेय्यक नामक पारिलेय्यवनमा वर्षावास बस्न जानुभयो । त्यसबेला आयुष्मान् आनन्द पनि भगवान् बुद्ध एक्लै जानचाहनुभएको विषय अनुमानद्वारा जान्नु भएको ले पछिनलागी रहनुभयो । त्यो जंगलमा पारिलेय्यक हात्तीले गर्नुपर्नेजति जम्मै व्रत अनुव्रतहरू गरिदियो भनिन्छ । भोजनचाहिं त्यो जंगल नजिकमा रहेको पारिलेय्यक गाउँमा भिक्षाटन गरी सेवन गर्नुभयो । त्यस गाउँमा मानिसहरूले पर्णशाला पनि बनाएर दान गरे भनिन्छ । त्यो वर्षावास अनुसार १० औं वर्षावास रहेको छ । त्यो वर्षावासको अवस्थामा त श्रमणपरिषद् परिवार नभइकन नै एक्लै बसोवास गर्नुभएको थियो । लोभको हिसाबले हेर्ने हो भने परिवार परिषद् नभएको ले सन्तोषजनक छैन जस्तो कस्तो कस्तो भएपनि भगवान् बुद्धको छन्दअनुसार त विवेक (एकान्तपन) उत्पन्न भई अति नै सुखी हुनुभएको थियो ।

परिवार परिषद् विहीन अपयश लोकधर्मसित सामना गर्नुपर्दा अहिले भनेर आएजस्तै भगवान् बुद्धमा एकान्तपन विवेक प्राप्त भई सुख भइरहेको प्रक्रियालाई प्रत्यवेक्षण गर्नु योग्य छ । त्यसरी प्रत्यवेक्षण गरेमा अपशोच नभई प्रसन्न र प्रमुदित हुनुपर्ने भएर आउन सकिन्छ ।

सांसारिक मानिसहरूमा त यसरी परिवारविहीन हुनजान्छ र अत्यन्त मानसिक दुःख भइरहने हुन्छ । यसरी परिवारविहीन हुनुलाई कसैले पनि सामना गर्न मन पराउँदैन । तैपनि कर्मानुसार सामना गर्नुपर्ने नै हुन्छ । एक समय भगवान् बुद्ध शाक्यजनपदभित्रको मेदालुप भन्ने निगमग्रामको आधार लिई बसोबास गरिरहनु भयो । त्यो निगमग्राम श्रावस्ती शहर देखि ३ योजन (जति मात्र) टाढा पर्छ भनिन्छ । त्यो बेलामा प्रसेनजित कोशलराजाले भगवान् बुद्धकहाँ उपसंक्रमण गरी दर्शन गऱ्यो । गन्धकुटीभित्र पस्नलाग्दा राजकीय अलंकारहरू फुकाली बन्धुलको भाञ्जा दीघकारायन नामक सेनापतिको हातमा जिम्मा लगाइदिएर एक्लै भित्र पस्यो । भगवान् बुद्धलाई अत्यन्त गौरवपूर्वक अभिवादन गरी धर्मका कुराहरू निवेदन गरिरह्यो ।

त्यो बेलामा सेनापति दीघकारायनले राजकीय अलंकारहरूद्वारा



Downloaded from http://dhamma.digital

महाराजाको छोरो विडूडभलाई राज्याभिषेक गरी एउटा घोडा र परिचारिका महिला एकजनालाई मात्र बाँकी राखी श्रावस्ती शहरतिर फर्केर गए। महाराज धर्मकथाहरू सक्याएर गन्धकुटीबाट बाहिर निस्केको बेलामा परिचारिका महिला एउटीलाई मात्र भेट्टाइयो । ती महिलाले बताइदिएकी ले साँठगाँठ मिलाई राजगद्दी फेरि कब्जामा लिने उद्देश्य राखी राजगृह नगरतिर लाग्यो। यात्रामार्ग ४५ योजन टाढापर्नुको अतिरिक्त उमेर पनि ८० वर्ष पुगिसकेको, अन्नपान पनि सही नभएको – यी विषयहरूको कारणले रोग लागी राजगृह नगर पुगेकै दिनको रातमा शहरबाहिरको एउटा धर्मशालामा कर्मसकी स्वर्गारोहण भएर जानुपर्‍यो।

त्यसमा प्रसेनजित कोशल महाराज भनेको त्यो युगको मध्य भारतमा अत्यन्त प्रभावशाली भई धेरै परिवार भएको एउटा राजा रहेको थियो। तैपनि नराम्रो कर्म र प्रतिकूल कारणले गर्दा अन्तिम मरणअवस्थामा परिवारको रूपमा एउटी महिला र एउटा घोडामात्र रहन पुग्यो । मरण भएको बेलामा पनि अन्य राष्ट्रमा शहर बाहिरको धर्मशालामा अनाथ भई मरण हुनुपर्‍यो । त्यो अति नै अपशोचपूर्ण हृदयविदारक रहेको छ। तैपनि लोकभित्र बस्नुपरेका व्यक्तिहरूले परिवारविहीन भएको नराम्रो लोकधर्मसित परापूर्वकालमा पनि सामना गरेर आइसके । अहिले पनि सामना गर्नुपरिरहेको नै छ । भविष्यमा पनि सामना गर्नुपर्ने नै छ। त्यो कोशल राजाको लोकधर्मसित तुलना गरेर हेरेको खण्डमा परिवारविहीन लोकधर्मसित सामना गरिरहनुपर्ने व्यक्तिमा आश्वस्त भएर रहनसक्ने कारण रहेको छ।

Dhamma.Digital

# निन्दा गर्नु र भगवान् बुद्ध

निन्दा गर्नु लोकधर्मसित सामना गर्नुपर्ने प्रक्रिया भगवान् बुद्धमा अत्याधिक विशिष्ट गुणहरू अरहं आदि ९ वटा गुणहरू र अनन्त गुणहरूले सम्पन्न हुनुभएको ले वहाँमा निन्दनीय दोष भनेको केही पनि छैन। बिल्कुल दोषविहीन भई परिशुद्ध रहनुभएको छ । प्रशंसनीय विषयहरूमात्र अनन्त अपरिमेय छ। तसर्थ प्रज्ञावान् सत्पुरुष भएका सम्पूर्ण मनुष्यहरू, देवहरू, ब्रह्माहरूले वहाँको प्रशंसा गरेका हुन् । प्रशंसा गरेर अन्त हुन नसक्ने हुन गएको छ । तैपनि बुद्धशासनसित प्रतिपक्षी भएका व्यक्तिहरूले भए



Downloaded from http://dhamma.digital

नभएका कुराहरू सृजना गरी निन्दा गर्ने आरोप लगाउने गरेका छन् । प्रतिपक्षी धारणा भएका तीर्थङ्कर गणिकहरूले र ब्राह्मणवाद हाबी भएका मानिसहरूले संधै भरि नै निन्दा उपहास गर्ने गर्छन् । आजको युगमा अन्य धार्मिक सिद्धान्तमा दृढ भएका कट्टरवादीहरूले बुद्धशासनलाई दोषारोपण गरी भन्ने बोल्ने गरिरहेजस्तै नै हो ।

## चिञ्चमाणविकाको आरोप

एक समयमा तीर्थङ्कर गणिक एक समूहले चिञ्चमाणविका नाउँकी एउटी तरुणी परिव्राजिकालाई भगवान् बुद्धप्रति दोष आरोप लगाउन लगाए । त्यसैले चिञ्चमाणविका स्वच्छ निर्मल वस्त्रालंकारले सजधज पारी असमय बेलुकीतिर जेतवन विहारतिर गइन् । जेतवनारामको नजिकमा रहेको तीर्थङ्कर आराममा रात बिताई बिहान सबेरै जेतवनारामबाट फर्केर आएकी जस्ती गरी शहरतिर फर्किन लागिन् । बाटोमा भेटेका मानिसहरूले 'यसरी बेलुकीको समयमा कहाँ जान लागेकी ? बिहान सबेरै कहाँ रात बिताई उठेर आएकी' भनी सोध्दा 'म जाने ठाउँ, सुत्ने ठाउँ, जानेर तपाईंलाई के लाभ हुने छ र ?' भनी जवाफ दिन्थी । जानकारी दिन नचाहेकी जस्तो गरी भनेको हो । एक महिनाजति समय बितेर गए पछि अरूहरूले सोध्ने बेलामा 'जेतवनाराम गन्धकुटी कोठाभित्र श्रमण गौतमसँग सुत्नु पर्थ्यो भन्थिन् रे । तीन चार महिना बितेपछि कपडाहरूले पेटमा बेरी गर्भवती भएकी जस्ती नक्कल पार्न थालिन् र ९ महिनाजति समय हुँदा त काठको डल्लो पेटमा बाँधी साँच्चिकै गर्भवती जस्तैगरी नक्कल पारिन् ।

त्यसरी नक्कल पारी जेतवनारामको उपदेश उत्सवको बीचमा भगवान् बुद्धलाई निर्भीकरूपले पेट बोकेको आरोप लगाउन लागिन् । आयुष्मान् महाश्रमण, उपदेश दिन त सिपालु हुनुहुन्छ, आयुष्मान् महाश्रमणबाट ममा गर्भ बसिसक्यो, गर्भपूर्ण भइसक्यो, बच्चा जन्माउनको लागि ठाउँ आदिको व्यवस्था गर्न उद्योग नगरी कसरी बस्नसकेको नि" आदिद्वारा अति नै मुर्ख्याइँ गरी आरोप लगाइन् । तैपनि भगवान् बुद्धको चमत्कारिक भाग्यको कारण गर्भाकारमा बाँधिराखेको काठको डल्लो भुइँमा खस्नपुग्यो । हावाले माथि उचालि लगिदिएको ले ढाकेर ओढिराखेको वस्त्र पनि खुल्न गयो । (यो ठाउँमा अट्ठकथाले त देवेन्द्रको आज्ञानुसार चारजना



Downloaded from http://dhamma.digital

देवताहरूले मुसाको भेष धारण गरी बेरिराखेका डोरीहरू काटेर तल झारिदिए भनी देखाइराखेको छ। जे होस्, तल खस्नु मुख्य हो।) त्यसो भएर बिना सितैमा अकारण नै अन्यायपूर्वक आरोप लगाएको रहेछ भन्ने विषय धेरै मानिसले प्रकटरूपमा जानी चिञ्चमाणविकालाई धपाइपठाए। भगवान् बुद्धको परोक्षमा पुगेको बेला चिञ्चमाणविका पृथ्वीमा धसिइन् अवीचि नरकमा पनि पतन भएर गइन् भनी अट्ठकथामा दर्शाइराखेको छ।

# सुन्दरीसितको आरोप

एकसमयमा पनि ती तीर्थङ्कर गणिकहरूले सुन्दरी नाउँकी सुन्दरी परिव्राजिकालाई मानिसहरूमा भ्रम उत्पन्न हुने गरी त्यही तरिकाले जेतवनारामतिर गएको प्रक्रिया त्यहाँबाट फर्केर आएकी जस्ती प्रक्रिया गराउन लगाए। सुन्दरीले पनि उनीहरूले अह्राए अनुरूप गरिन्। भेटेका मानिसहरूद्वारा सोधिने बेलामा श्रमण गौतम कहाँ गएं, गन्धकुटीभित्र श्रमण गौतमसँग सुतें, त्यहाँबाट फर्केर आएं आदि भन्थिन्। त्यसरी जानु आउनु कुरा भन्ने गरेर केही दिनहरू बितेर गएको बेलामा तैर्थिक आचार्यहरूले रक्सिबाज बदमासहरूलाई पैसा दिई सुन्दरीलाई मार्न लगाए। लाशलाई गन्धकुटीको नजिक फोहर मैला फाल्ने डुंग्रोभित्र मिल्काउन लगाए। त्यसरी अह्राएबमोजिम गरिसकेपछि सुन्दरी नाउँकी एउटी चेली हराइरहेको विषय कोशल महाराजकहाँ बिन्ती चढाए। "कुन क्षेत्रमा शंका गर्नुपर्ने रहेको छ त ?" भनी सोधेको बेलामा 'अहिलेको केही दिनभित्रमा सुन्दरी जेतवनाराममा बस्थिन्। त्यहाँ उनीमाथि घटेको घटना प्रक्रियाको विषय हामी जान्दैनौं' भनी 'त्यसो भए त्यो शंकास्पद क्षेत्रमा खोजी गर' भनी महाराजले हुकुम दिनुभयो।

अनि तैर्थिक आचार्यहरूले उनीहरूको परिचारक दाताहरूसमेतलाई बोलाएर जेतवनारामभित्र यताउता गरी खोजेको जस्तो गरी नक्कल पारेर उनीहरूले निर्देशन दिइराखेको फोहोरको डुंग्रोलाई खोटलेर हेरे। त्यो बेलामा "भेट्यो भेट्यो भनी बेस्करी चिच्याएर घोषणा गरिसकेपछि लाशलाई खटियामाथि राखेर शहरभित्र बोकेर लगे। श्रमण गौतमको क्रियाकलापलाई प्रकट हुन नदिन उनका शिष्य भिक्षुहरूले सुन्दरीलाई मारेर फोहोरको डुंग्रो भित्र मिल्काएर राखेको विषय महाराजसमक्ष बिन्ति चढाए। महाराजले पनि



Downloaded from http://dhamma.digital

विचार विमर्श नै नगरी त्यसोभए 'शहरमा घुमी घोषणा गर" भनी हुकुम दिइपठाए ।

अनि तीर्थङ्कर गणिकहरूले 'शाक्य राजकुमार गौतमका शिष्य भिक्षुहरूले गरेका कार्यलाई हेरून् त' आदि भनी घोषणा गरी शहर परिक्रमा गरे । त्यसरी घोषणा गरेकोलाई देख्न सुन्न परेका आर्य नभएका मानिसहरूले धेरैजसो भ्रममा परी भिक्षुहरूलाई निन्दा गरे, दोषरोपणका कुराहरू गर्न लागे । भिक्षुहरूमा त्यो अवस्थामा निक्कै नै अनुहार बिग्रेका भए । त्यसैले भिक्षुहरूले भगवान् बुद्धसमक्ष यो विषय निवेदन गरे । भगवान बुद्धले निन्दा गर्ने मानिसहरूलाई प्रत्युत्तर दिने रूपमा होश दिलाउनको निमित्त एउटा धर्मगाथा यसरी दिनुभयो ।

**अभूतवादी निरयं उपेति,यो वापि कत्वा न करोमि चाह ।**
**उभोपि ते पेच्च समा भवन्ति,निहीनकम्मा मनुजा परत्थ ॥**

**अभूतवादी** = असत्य अतथ्य भई अरूहरूलाई आरोप लगाई बोल्ने भन्ने व्यक्ति, **निरयं उपेति** = नरकमा पतन हुन्छ । **यो वापि** = जो व्यक्तिले पनि, **कत्वा** = काम गरिसकेर, **वा** = गरिराखेर पनि, **न करोमि चाह** = गरेको छैन भनी जिद्दी गर्छ, (**सोपि निरयं उपेति** = त्यो व्यक्ति पनि नरकमा पतन हुन्छ ।) **निहीनकम्मा** = नीच हीन कर्म भएका, **उभोपि ते मनुजा** = ती दुबै जना व्यक्तिहरू, **पेच्च-परत्थ** = भविष्यमा अर्को जन्ममा, **समा भवन्ति** = एक समान भई नरकमा पतन भएर नराम्रो प्रतिफल पाएका हुन्छन् । निन्दा गरेर बोल्ने मानिसहरूलाई भिक्षुहरूले यो धर्मगाथा पढेर सुनाउँदा ती निन्दा गर्ने व्यक्तिहरू भयभीत भई कम्प हुन थाले, असत्य कुराको आरोप लगायो भने नरकमा पतन हुन्छ भनेर पनि भन्छ, हामीले आफैले देख्न पाएको पनि होइन, असत्य भई भ्रममा परी आरोप लगाएको पनि हुन सक्छ । अनि फेरि गरिराखेको भएर अस्वीकार गरेपनि नरकमा पतन हुन्छ भनेर फेरि भन्छ, त्यो त सत्य भएर हामीहरूले अस्वीकार गरिरह्यौं भने हामीले पनि नरकमा पतन होस् भनेर कराल हालेको हुन जान्छ । तैर्थिकहरूले घोषणा गरेअनुसार हो जस्तो लाग्दैन भनी विचार विमर्श गरी मानिसहरूले पनि निन्दा गर्न साहस बतोर्न नसकी ७ दिन भित्र त्यस्ता कुरा रोकेर गए ।

कोशल महाराजले पनि त्यो मुद्दालाई सही रूपमा प्रकट भएर आउन गुप्तचर जासूसहरूलाई खताइराखे । सुन्दरीलाई मारेका ज्यानमाराहरूले त्यो हत्याको निमित्त पाएको पैसाले रक्सी खाई परस्पर होहल्ला मचाएर



Downloaded from http://dhamma.digital

भन्ने बोल्ने गरिरहे । ती मानिसहरूमध्ये एकले अर्कोलाई 'अय् तिमीले सुन्दरीलाई एकैचोटिको प्रहारले मारेर फोहोरको डुंग्रोभित्र मिल्काएर आएको होइनौ र ? त्यसबाट पाएको पैसाले अहिले रक्सी खाई रहेको होइनौ र ? अरूले हो त नि, हो त नि' भनी भने । राजपुरुष सिपाहीहरूले त्यो कुरा सुन्दा ती मानिसहरूलाई समाती महाराजकहाँ पुऱ्याए । महाराजले सोधपूछ गरेको बेलामा ज्यानमाराहरूले तीर्थङ्कर गणिकहरूले अह्राएको ले हत्या गर्नुपरेको विषय बताए । तीर्थङ्कर गणिकहरूले पनि उनीहरूले अह्राएको सही भएको विषय स्वीकार गरे । त्यो बेलामा महाराजले पनि ती तीर्थङ्कर गणिकहरूलाई शहर परिक्रमागरी उनीहरूको अपराधलाई घोषणा गराउन लगाए । 'श्रमण गौतमलाई आरोप लगाउन चाहेकोले सुन्दरीलाई हामीहरूले नै मारेका हौं, श्रमण गौतमका शिष्य भिक्षुहरूमा दोष छैन । हामीहरूको मात्र दोष हो' भनी घोषणा गराए । त्यही अनुसार शहर परिक्रमागरी उनीहरूको दोषहरू उनीहरू आफैले प्रकाश पारी घोषणा गरिदिंदा जम्मैको शंकासंशयहरू निराकरण भएर गए ।

त्यसमा बिल्कुल दोष विहीन भएका भगवान् बुद्ध र भिक्षुसंघले समेत निन्दित हुनुपरेको आरोप लगाएको भोग्नुपरेको हुँदोरहेछ भन्नेलाई विचारविमर्श गरेर हेरेको खण्डमा हामी जस्ता सामान्य मानिसहरूमा निन्दा उपहास भोग्न नपर्ने हुनसक्ला र भनी हृदयंगम गरेर निन्दा गरेको भोग्नुपर्ने (व्यक्ति आश्वस्त हुनसक्ने हुन्छ) ।

Dhamma.Digital

## मागण्डी कथावस्तु

एक समय भगवान् बुद्ध भिक्षुसंघहरूसहित कौशम्बी नगरमा पाल्नुभयो । त्यसबेला उतेन (उदेन) राजाकी एउटी महारानी रहेकी मागण्डीले मानिसहरूलाई पैसा दिएर गाली गर्न लगाइराखेको भएर भिक्षुसंघहरूसहित भगवान् बुद्ध शहरभित्र पाल्नुभएको बेलामा पछिलागी विभिन्नप्रकारले जथाभावी गाली गरे । त्यसरी गाली गर्न लगाएको कारण यसरी थियो ।

मागण्डीको बुबा ब्राह्मणले आफ्नी छोरी मागण्डी अत्यन्त सुन्दरी भएकी ले उच्चश्रेणीका कुलहरूले माग्न आएको भएतापनि "मेरी छोरी तिमीहरूसित लायक छैन" भनेरमात्र अस्वीकार गरी मागण्डीसित उचित हुने कुलपुत्रको खोजिनीति गरिरह्यो । त्यो बेलामा भगवान् बुद्धले ती



Downloaded from http://dhamma.digital

मागण्डीका दुबैजना आमाबाबुहरू अनागामी हुने कारण देख्नुभएकोले त्यो मागण्डी ब्राह्मणको अग्निपूजा गर्ने ठाउँको नजिक जानुभयो । मागण्डी ब्राह्मणले भगवान् बुद्धको रूपकाय शरीरलाई हेरी 'संसारमा यो व्यक्तिसमान पुरुष अरू हुनेछैन । यो भिक्षु मेरी छोरीसित योग्य र उचित छ, भनी चिन्तन गरी 'आयुष्मान् श्रमण, ममा एउटी सुन्दरी छोरी छे, ती छोरीलाई आयुष्मान् श्रमणलाई दिनचाहन्छु, एकछिन यही ठाउँमा नै पर्खेर बसिदिनुस्' भनी घर फर्केर आयो । घर पुग्दा 'ए गृहिणी, हामीले छोरीसित लायकको कुलपुत्रलाई भेट्टायौं । तिम्री छोरीलाई चाँडचाँडै अलंकृत पारी आइहाल' भनी बोलाएर ल्याई तीनैजना भगवान् बुद्ध हुनुभएको ठाउँतिर आइपुगे ।

भगवान् बुद्धले पाइतलाको चिन्हमात्र राखिछोडेर आफू चाहिं अर्को ठाउँमा गई बसिरहनुभयो । भगवान् बुद्धको पाइतला चिन्ह भनेको अधिष्ठान गरिराख्दा पनि प्रकट रहन्छ, अधिष्ठान गरिराखेको भित्रमा बिग्रन पनि सक्दैन, देखाउँन चाहने व्यक्तिले मात्र देख्न सकिन्छ, तसर्थ छोरीसँग ब्राह्मण दम्पती आइपुगेको बेलामा भगवान् बुद्धलाई नदेखेकोले ब्राह्मणीले तपाईंको कुलपुत्र खोइ त भनी सोधिन् । यो ठाउँमा पर्खिबस्नु भनेर भनिराखेको हो, कहाँ जानुभयो होला भनी गुनगुनाउँदै यता उता हेर्न लागेको बेलामा पदचिन्ह देख्दा ब्राह्मणले यो वहाँको पदचिन्ह हो नि त' भनी भन्यो ।

अनि ब्राह्मणीले पनि लक्षण वेदांग जानेकी ले "यो पदचिन्हको मालिक हो भने कामगुण सेवन गर्ने व्यक्ति होइन भन्दा ब्राह्मणले 'ए तिमीले वेदांग जानेको त पानीको भाँडोभित्रको स्यानो गोहीलाई देखेजतिमात्र छ, चुप लागेर बसे' भनी भगवान् बुद्धकहाँ पदचिन्हको पछि लाग्दै गयो । भगवान् बुद्धकहाँ आइपुग्दा **समण** = हे श्रमण, **धीतरं मे** = मेरी यी छोरीलाई, **तव** = तपाईं आयुष्मान्लाई, **पोसापनत्थाय देमि** = संरक्षण गरी लालन पालन गर्न दिँदैछु, अर्पण गर्दैछु' भनी भन्यो । भगवान् बुद्धले स्वीकारेको स्वीकार नगरेको भन्नु भन्दा अगावै "मागण्डी ब्राह्मण, मैले तिमीलाई एउटा विषय भन्दछु" भनेर महाभिनिष्क्रमण गर्नुभएदेखि सुरु गरेर बुद्ध भइसकेपछि ५० औं दिनमा अजपाल वृक्षमुनि बसोबास गर्नुभएको अवस्थासम्म मारदेवले पछि पछि लागी जासूसी गरेर हिँडेको प्रक्रिया, त्यसरी जासूसी गर्दा दोष भेट्टाउन नसकेको ले उसको इच्छा पूरा नभई दिक्दार मानिरहेको प्रक्रिया, मारदेवकी छोरीहरूले उनीहरूका बुबाको निमित्त आफूलाई आएर फकाउन लागेका प्रक्रियालाई बताउनु भइसकेर आफूमा बिल्कुल रागरहित भएको विषयलाई जनाउन यसरी गाथाद्वारा उपदेश



Downloaded from http://dhamma.digital

दिनुभयो ।

**दिस्वान तण्हं अरतिं रगञ्च,नाहोसि छन्दो'पि मेथुनस्मिं ।**

**किमेविदं मुत्तकरीसपुण्णं,पादापि नं सम्फुसितुं न इच्छे ॥**

**तण्हं अरतिं रगञ्च दिस्वान** = तृष्णा, अरती, रगा भन्ने मारदेवका तीनवटी छोरीहरूलाई देखेर पनि; **मेथुनस्मिं** = मैथुन सहवास कार्यमा, **छन्दो'अपि नाहोसि** = चाहना हुनु छन्दराग अलिपनि उत्पन्न नभएकोमा भन्नु नै के छ र ? **मुत्तकरीसपुण्णं** = मलमूत्रहरूद्वारा परिपूर्ण, **इदं** = यो तरुणी मागण्डीको शरीर देखनपाएको कारणले, **किमेव** = मनपराउनु, चाहना हुनु, छन्दराग उत्पन्न नभएको मा भन्नु नै के छ र ? **न** = त्यो मागण्डीको शरीरलाई, **पादापि सम्फुसितुं** = खुट्टाद्वारा छुनसम्म पनि, **न इच्छे** = चाहना छैन ।

यो गाथा सुनेको बेलामा मागण्डीका आमा बाबु भएका ब्राह्मण र ब्राह्मणी २ जनै अनागामी भएर गए । यसैले छोरी मागण्डीलाई उनका मामा चूलमागण्डीकहाँ जिम्मालगाई उनीहरू दुबै जना बुद्धशासनमा भिक्षु भिक्षुणी भई अरहन्त भएर गए ।

छोरी मागण्डीले आफ्नो शरीरलाई मलमूत्रले परिपूर्ण भइरहेको छ भन्ने कुरा सुन्दा मन खिन्न भयो । "चाहना छैन भने चाहना छैन भनेर भन्नुमात्रले पुगिहाल्यो नि । मलमूत्रले परिपूर्ण छ भनेर किन यतिहदसम्म नीचा देखाउनुपर्‍यो नि ?" आदिकुराद्वारा चिन्तना गरी भगवान् बुद्धमाथि आघात पुर्‍याइन् । 'पख न, मैले एउटा लोग्ने त पाउन सकिन्छ नै, त्यसरी पाउँने बेलामा श्रमण गौतमलाई जे गर्नुपर्ने हो गरिहाल्नेछु' भनी द्वेष आघात बाँधिराखिन् ।

अर्को समयमा मागण्डीलाई उनको मामाले कौशम्बी राष्ट्राधिपति उतेन राजा कहाँ अर्पण गरिदियो । उतेन राजाले पनि रूपलावण्य अङ्ग लक्षण रुचाएको ले बडामहारानीको रूपमा पदासीन गरिराख्यो । उतेन राजामा मागण्डीबाहेक अरू पनि दुइजना महारानीहरू रहेका छन् । एउटी त चन्दपज्जोत राजाकी छोरी वासुलदत्ता । अर्की एउटी घोषक महाजनकी धर्मपुत्री श्यामावती । ती तीनवटै महारानीहरूमा कुमारी परिचारिका परिवार ५००, ५०० रहेका छन् ।

ती तीनवटीमध्ये श्यामावतीको निमित्त दिनहुँ फूलको लागि भनेर आठ आठ कार्षापण राजाले दिन्थ्यो । श्यामावतीकी परिचारिका भइरहेकी खुज्जुत्तरा नाउँकी दासीले सुमन भन्ने मालाकारकहाँ गई दिनहुँ फूल किन्नु



Downloaded from http://dhamma.digital

पर्दथ्यो । एक दिन त सुमन मालाकारले बुद्धप्रमुख संघलाई भोजन दान गराइरहेको क्षणको अवस्था परिरहेको ले खुज्जुत्तरालाई उपदेश सुनिसकेर मात्र फर्किन भनेको ले भोजन सिद्धिसकेको बेला भगवान् बुद्धले दिनुभएको धर्मोपदेश सुनेर खुज्जुत्तरा श्रोत्तापन्न हुन पुगिन् ।

श्रोत्तापन्न भनेको मा आफै नै पञ्चशील संरक्षण हुन्छ । त्यसैले खुज्जुत्तराले अघि अघिका दिनहरूमा फूलको लागी ८ कार्षापण भएकोमा ४ कार्षापण नाफा खाने बानी रहेतापनि त्यो दिनमा नाफा खाइनन् । पूरा ८ कार्षापणको फूल किनेर ल्याइन् । अनि श्यामावतीले कसो त दिदी खुज्जुत्तरा, आज महाराजले फूलको लागि दोब्बर कार्षापण दिइपठाउनुभयो कि क्या हो ?' भनी सोधिन् । 'आर्या, पैसा बढाएर दिएको छैन' भनी भन्दा 'त्यसो भए फूलहरू किन बढी भएको नि ?' भनी फेरि सोधिन् ।

श्रोतापन्न भएकोले भरखर भनेर आएको अनुसार पञ्चशील संरक्षण भइरहेको ले ढाँटिनन् । सही रूपमा नै भन्ने बानी स्वीकार्ने बानी छ । त्यसैले खुज्जुत्तराले अघि अघि चार कार्षापण नाफा खाने गरेकी, बाँकी ४ कार्षापणले फूल किनेर ल्याउने गरेकी, आज त आफ्नोलागि नाफा नखाई आठै कार्षापणको फूल किनेर ल्याएको विषय यथार्थरूपमा स्वीकार गरी भनिन् । किन त आज आफ्नो लागि नलिएकी नि भनी फेरि सोध्दा खुज्जुत्तराले भगवान् बुद्धले दिनु भएको धर्मोपदेश सुनेर विशिष्ट धर्म थाहा पाएर आएकी ले नलिएको कुरा भनिन् ।

यो बेला मन नराम्री मालिकनी भएकी भए 'अय् दुष्ट दासी, तैंले चोरेर लिइराखेका कार्षापणहरू फिर्ता दे' आदि भनी हप्काउने डप्काउँने गरिंदो हो । श्यामावती महारानी पारमी अधिकारी भएकी ले उनको मनोभावना असल छ । उचित रूपमा विचार विमर्श गर्न जानेकी छिन् । त्यसैले श्यामावतीले यसरी विचार विमर्श गरिन् । 'खुज्जुत्तराले विशिष्ट धर्म जानेर आएकि ले चोरेको कुरा पनि भनेर ठूलो अपराध रहेको उनको चोरीलाई गोप्य नराखी सही सही बोलिन् । त्यसो भएर उनीले जानेर आएको भन्ने धर्म अति राम्रो धर्म हुनुपर्नेछ । हामीले पनि त्यो धर्मलाई जान्न पाए राम्रो हुँदो हो' भनी विचार विमर्श गरी दिदी, तपाईंले पिएर आएको अमृतधर्म औषधी रस हामीलाई पनि पिलाउन भनी प्रार्थना गरिन् । अनि खुज्जुत्तराले 'धर्मोपदेश दिनुपर्छ भने मैलो भएको यो शरीरले दिनु त योग्य हुँदैन । मलाई नुहाइदिनुस्' भनी भनिन् । यो धर्मलाई आदर गौरव गरेको स्वभाव नै हो ।



Downloaded from http://dhamma.digital

नुहाइ सबैदा कोमल नरम वस्त्र लगाइन् । एउटा वस्त्रको खास्तो लगाइन्, बिछ्याइराखेको धर्मासनमा धर्मकथिकहरूजस्तै बसिन् । बसिसकेपछि पंखा समाती भगवान् बुद्धले उपदेश दिनुभएअनुसार नै चिटिक्क पारेर उपदेश गरिन् । त्यो धर्मोपदेश सुनी श्यामावती प्रमुख भएकी ५०० महिलाहरू श्रोतापन्न भएर गइन् । त्यो दिनदेखि खुज्जुत्तरालाई आमाको ठाउँमा गुरुको ठाउँमा राखेर भगवान् बुद्धसमक्ष गई उपदेश सुनाउन लगाइन् । खुज्जुत्तराले ती श्यामावती प्रमुख रहेकी ५०० महिलाहरूलाई फेरि उपदेश गर्ने गरिन् । यो प्रक्रिया यो विधिले खुज्जुत्तराले त्रिपिटक धारण गरी उपासिकाहरूमध्येमा सबभन्दा बढी बहुश्रुत भएकी एतदग्ग विशिष्ट गुणद्वारा भगवान् बुद्धको प्रशंसा ग्रहण गर्न पाएकी भइन् ।

त्यसरी खुज्जुत्तराबाट फेरि उपदेश सुन्ने बढी भएर आउँदा श्यामावतीहरूमा भगवान् बुद्धलाई दर्शन गर्न चाहने चित्तहरू तीव्ररूपमा उब्जेर आयो । तसर्थ भगवान् बुद्धसमक्ष पुऱ्याइदिन खुज्जुत्तरासँग प्रार्थना गरे । अनि खुज्जुत्तराले आर्या, राजदरबार भनेको अत्यन्त बोझिलो छ । दरबारिया आर्याहरूलाई बाहिर लैजान सक्दैन । प्रासादको भित्तामा बाहिरतिर नियालेर देख्नसक्ने गरी स-साना प्वालहरू बनाइ राख्नुस् । भोजनदाता महाजनहरूको घरतिर भगवान् बुद्ध पाल्नुहुने बेलामा ती स-साना प्वालहरूबाट हेरी श्रद्धाचित्त उत्पन्न गराई अभिवादन पूजा गर्नुस्' भनी सुझाव दिइन् । यसरी सुझाव दिएअनुसार स-साना प्वालहरू बनाई भगवान् बुद्धको दर्शन अभिवादन र पूजा गर्ने गरिन् ।

एक दिन मागण्डी महारानी श्यामावतीहरू रहेको प्रासादमा आइन् । भित्ताका प्वालहरू देख्दा 'यिनीहरू के गरिराखेको नि ? भनेर सोधिन् । श्यामावतीहरूले भगवान् बुद्धमाथि मागण्डीले दोष आघात बाँधिराखेको छ भनेको नजानेकाले भगवान् बुद्धको कौशाम्बी नगरतिर आइपुग्नुभएको विषय ती स-साना प्वालहरूबाट दर्शन गरेको अभिवादन र पूजा गरेको विषयहरूलाई खुलस्त रूपमा नै बताइदिए । त्यो कुरा सून्दा मागण्डीले 'श्रमण गौतम, यो नगरमा आउनु भयो रे । अहिले उनलाई गर्नुपर्ने कुरा मैले गर्नेछु । यी मोरीहरू पनि श्रमण गौतमकी सेविका शिष्याहरू रहेछन् । यिनीहरूलाई पनि गर्नुपर्ने सजायँ गर्नेछु' भनी मनमनैमा गर्जी श्यामावतीहरूमाथि भावना बदलिने गरी उतेन राजाकहाँ गई चुगली गरी कुरा लगाइन् । ती कुनै पनि कुरा सफल भएनन् ।

अनि पछि दासहरू, नोकर चाकर कामदारहरूलाई पैसा दिइकन



Downloaded from http://dhamma.digital

भगवान् बुद्धलाई गाली गलोज गरी धपाई पठाउन अह्राइन् । त्रिरत्नप्रति आस्था एवं श्रद्धा नभएका मिथ्या धारणा रहेका मानिसहरूले भगवान् बुद्ध नगरभित्र पाल्नुभएको बेला पछाडि, छेउछाउबाट पछि पछि लागी विभिन्नप्रकारले गाली गरे, हप्काए डप्काए। गाली गरेका प्रक्रिया त– 'तिमी चोर हौ, बदमास हौ, ऊँट हौ, गोरु हौ, गधा हौ, पशु हौ, नारकीय हौ, तिमीमा सुगति छैन, दुर्गतिमा मात्र पुग्नेछौ', भनी गाली गर्ने १० वटा प्रक्रियाद्वारा गाली गरे, हप्काए डप्काए । धारणा गलत भयो भने नराम्रा अकुशलहरू अति नै वृद्धि हुँदारहेछन् । अहिलेको युगमा पनि त्रिरत्नप्रति आस्था एवं श्रद्धा नभएका व्यक्तिहरूले बुद्ध, धर्म र संघलाई निन्दा गरी बोल्ने भन्ने गरेर अकुशलहरू वृद्धि गरिरहेका हुन्छन् । न खानु न पिउनु त्यसै त्यसै फजुलमा अकुशल उत्पन्न भइरहेका नै हुन् ।

त्यसरी गाली गलोज गरिराखेकोलाई बारबार पटक पटक सुनिरहनुपर्दा आयुष्मान् आनन्दले भगवान् बुद्धसमक्ष निवेदन चढायो । 'भगवान्, यो नगरका मानिसहरू असाध्य असभ्य जंगली छन् । हामीहरूलाई बिनाकारण पछि पछि लागि गाली गरिरहेका छन् । अर्को नगरतिर जाऔं भन्ते' भनी बिन्ति गर्‍यो । 'यस्तै अर्को नगरकाहरूले पनि गाली गरे कहाँ जाने त' भनी भगवान् बुद्धले सोध्नुहुँदा 'त्यो नगरबाट पनि अर्को नगरतिर जाऔंला' भनी पुनः बिन्ति चढायो । अनि भगवान् बुद्धले यसरी आज्ञा भयो– 'आनन्द, यसरी अरूहरूले गाली गरेको प्रत्येक अवस्थामा अरू अरू ठाउँतिर सर्दै सर्दै जानु उचित छैन । कलह विवाद झैझगडा र समस्या भनेको उत्पन्न भएको ठाउँमा नै शान्त पारिदिनुपर्छ, त्यसरी शान्त पारिदिएर शान्त शीतल हुँदामात्र अन्यत्र जानुपर्दछ भनी आज्ञा भई दुःशील व्यक्तिहरूको गाली गलोजलाई सहन सक्ने विषयलाई पनि यसरी निर्भिकतापूर्वक आज्ञा भयो–

**अहं नागोव संगामे–चापतो पतितं सरं ।**
**अतिवाक्यं तितिक्खिस्सं, दुस्सीलो हि बहुज्जनो ।।**

**संगामे** = संग्राम स्थलमा, **नागो** = महाहात्तीले, **चापतो पतितं सरं** = यत्रतत्र भएका धनुषहरूबाट झर्न लागेको बाणसमूहलाई, **तितिक्खति इव** = सहन गर्नेजस्तै, **अहं** = म तथागतले, **अतिवाक्यं** = उल्लंघनगरी मूर्खतापूर्वक गरेको गालीगलौजलाई, **तितिक्खिस्सं** = हिचकिचाउनुबिना उपेक्षा गरी सहनेछु, **हि** = कारण त, **बहुजनो** = धेरै जसो मानिस समूह, **दुस्सीलो** = शरीर वचन असंयमी भई दुराचारी भएर असभ्य कठोर जंगली



Downloaded from http://dhamma.digital

दु:शीलमात्र रहेका छन् । मानिसहरू धेरैजसो शरीर वचनलाई संयम नगरी शीलविहीन असभ्य जंगलीहरूमात्र धेरै छन् । ती शीलविहीन जंगलीहरूको माझमा रहनुपर्दा उनीहरूको मूर्ख्याँई, गालिगलोजलाई सहन सकेमा (राम्रो) हुन्छ । त्यसैले 'म तथागत संग्राममा जाने महाहात्तीले चारै दिशाबाट झरेर आउने वाणको चोटलाई सहनेजस्तै सहेर बस्नेछु' भन्ने मतलब हो । त्यसरी आज्ञा गरिसक्नुभएपछि 'आनन्द, धन्दा न मान, उनीहरूले ७ दिनमात्र गाली गर्न सक्नेछन् । आठौं दिन पुग्दा गाली रोकी शान्त शीतल भएर जानेछ' भनेर पनि आज्ञा भयो । त्यसरी आज्ञा भएअनुसार नै आठौं दिनमा पुग्दा गाली गर्नेहरू नभई शान्त शीतल भएर गयो । भगवान् बुद्धसँग सम्बन्ध राखी उत्पन्न भएर आउँने निन्दा आरोप, गालिगलोच, झैझगडाहरू ७ दिन भन्दा बढी नभई शान्त भएर जानु स्वाभाविक नै छ । त्यसलाई कारण गरी 'निन्दा ७ दिन, प्रशंसा ७ दिन' भनी भनाइ बनाइराखेका छन् ।

अहिले भनेको निन्दा आरोप, गालिगलोज (३) वटा रहेकोमा चिञ्चमाणविकाको आरोप खप्नुपरेका को अतीत विषय त अभिभू तथागतको शिष्य नन्द नामको अरहन्त उत्तम स्थविरलाई भए नभएको आरोप लगाएर आउनुभएको अकुशल नराम्रो कर्मको कारणले यो आरोप लगाइएको भोग्नुपरेको कुरा अपदान पालिमा **दर्शाइराखेको** छ । सुन्दरीसितको सम्बन्धमा आरोप लगाएको खप्नुपरेको त सुरभि नामको प्रत्येकबुद्धलाई भएनभएको आरोप लगाएर आएको ले हो भनी भनिएको छ । ५०० भिक्षुहरूले पनि सुन्दरीसँगसम्बन्ध राखी आरोप लगाएको खप्नुपरेको त भीम नामको अभिज्ञा प्राप्त ऋषिलाई बोधिसत्त्व आचार्यले भएनभएको आरोप लगाएर आएकोमा ती भिक्षु भएर आउने ५०० शिष्यहरूले पनि समान विचार भएका रूपमा समावेश भएर आएका कारणले हो भनी भनिएको छ । मागण्डीको गाली गलोज खप्नुपरेको के कर्मको कारणले हो भनेर देखाइराखेको छैन । तैपनि **कम्मस्सकता** सूत्रअनुसार भन्नुपर्दा अतीतमा एक न एक भवमा (जन्ममा) अपराध गर्न अयोग्य व्यक्तिप्रति अपराध गरेर भन्ने बोल्ने गरेर आएको अकुशलकर्मको कारणले यसरी गाली गलोज खप्नुपरेको हो भनी सम्झनलायक छ ।

नराम्रो अकुशलकर्म अत्यन्त भयावह छ । अनन्त भाग्य अनन्त कर्म अनन्त पारमीहरूले सम्पन्न हुनुभएका भगवान् बुद्धलाई समेत पछि पछि लागी नराम्रो प्रतिफल दिनसक्दो रहेछ भन्नेलाई विचार विमर्श गरी भएनभएको नराम्रो दुश्चरित्रबाट वर्जित रहन योग्य छ ।



Downloaded from http://dhamma.digital

फेरि निन्दा आरोप खप्नुपऱ्यो भने पनि 'भगवान् बुद्धसमेतले निन्दा आरोप खप्नुपर्दोरहेछ, हामीजस्ता सामान्य व्यक्तिहरूले किन खप्न नपर्ने होला, खप्नुपर्ने नै छ भनी विचार विमर्श गरी सहन सक्ने हुने गरी अभ्यास गर्नुपर्दछ ।

# शारीरिक दुःख र भगवान् बुद्ध

दुःख शारीरिक र मानसिक दुईप्रकारका हुन्छन् । ती दुईप्रकारमध्ये मानसिक दुःख भनेको भगवान् बुद्ध र अरहन्तहरूमा बिल्कुल रहित हुन्छ । जतिसुकै दिक्क मान्नुपर्ने र मन खिन्न पार्नुपर्नेहरूसित साथमा रहनु परेता पनि अन्तिम रूपमा मरणभयसित सामना गर्नुपरेतापनि दिक्क हुने मन खिन्न हुने अपशोच हुने कुरा उत्पन्न हुँदैन । यस्ता कुरा बिलकुल रहित भएको हुन्छ । चित्त जहिले पनि निर्मलको निर्मल नै रहिरहन्छ । अरहन्तमा मात्र होइन, अनागामीव्यक्तिमा समेत द्वेष नभएकोले मानसिक दुःख हुँदैन । तैपनि अनागामीमा अविद्या, भवतृष्णा, मान भन्ने रही नै रहँदा मानसिक सुख भरीपूर्णरूपमा प्राप्त छ भन्न सकिने हुँदैन । अरहन्तमा त क्लेश विघ्नबाधाहरू बिल्कुल रहित भइरहेको मन निर्मल हुनु र सुख पूर्णरूपमा नै प्राप्त भइरहेको हुन्छ । तैपनि शारीरिक दुःख नामक कायिक दुःखत रहित हुने हुँदैन, कारण स्वरूप उत्पन्न भइरहने नै हुन्छ ।

तसर्थ भगवान् बुद्धले पनि शारीरिक दुःख भन्ने लोकधर्मसित कहिले काहिँ सामना गरिरहनुपरेको हुन्छ । त्यो भगवान् बुद्धले 'पिट्ठि मे आगिलायति = मेरो पिठ्युं तन्किएको छ । थकाइ लागेको छ 'तमहं आयमिस्सामि = त्यो मैले पिठ्युं पसार्न चाहन्छु भनी आज्ञा हुनुभएको कुराद्वारा पनि प्रकट भएको छ । यसरी पिठ्युं तन्किनु कुस्तिबाज भएर आएको बेलामा अर्को एकजना कुस्तिबाजलाई सास्ति गरेर आएको हुनाले भएको हो भन्ने कारण अपदानपालिमा दर्शाइराखेको छ । अनि फेरि पोडेकुलमा बच्चा रहँदाको बेलामा माछाहरूलाई पछारेर मारेको देखेको बेला हर्ष मानेर आएको हुनाले भगवान् बुद्धमा टाउको दुख्ने वेदना उब्जेको हो भनेर पनि भनिन्छ ।

एकसमयमा गृद्धकुट पर्वतको भिरालोमा चंक्रमण गरिरहनुहुँदा भगवान् प्रति भिक्षु देवदत्तले एउटा ढुंगाको डल्लो गुडाइपठायो । त्यो ढुंगा अर्को एउटा ढुंगाको डल्लोमा ठक्कर खाएर उफ्रिएर आएको ढुंगाको टुक्राले



Downloaded from http://dhamma.digital

खुट्टामा लागेको ले भगवान् बुद्धमा तीव्ररूपमा दुःखवेदना उत्पन्न भयो । त्यो पनि अंशभागको सम्पत्तिको निमित्त भाइ भाइको छोराहरूलाई ढुंगाले थिचेर मारेर आएको कर्म र राजा भएको बेला मानिसहरूलाई भालाले घोचेर मारेर आएको कारणले त्यसरी नराम्रो प्रतिफल भोग्नुपरेको हो भनी भनिन्छ । अनि फेरि वैद्य भइरहेको बेलामा एकजना महाजनको छोरालाई पखाला लगाई दुःख दिई आएको हुनाले वहाँमा अतिसार रोग हुनपुगेको हो भनेर पनि भनिन्छ ।

अनि फेरि एक समयमा आयुष्मान् महाकाश्यप र आयुष्मान् महामौद्गल्यायनमा तीव्ररूपमा रोगवेदना उत्पन्न भयो । भगवान् बुद्धमा पनि त्यस्तै नै भयो । बोध्यङ्गधर्म श्रवण गर्नुभएर त्यो रोग वेदना निको भएर गयो भनी संयुक्त पालीमा दर्शाइराखेको छ । फेरि भगवान् बुद्ध ४५ औं अन्तिम वर्षावास वैशाली नगरको वेलुवग्राममा बस्नुभएको थियो । त्यो वर्षावासभित्र भगवान् बुद्धमा अत्यन्त ठूलो रोगवेदना उत्पन्न भयो । त्यसलाई त्यसै वास्ता नगरी छोडिराखेको भए परिनिर्वाण हुनसक्ने तीव्र वेदना भएको थियो । तैपनि भगवान् बुद्धले परिनिर्वाण हुने समय नभइसकेको ले ती रोग वेदनाहरूलाई विपश्यनाभावनाद्वारा शान्त गराउनुभयो । त्यसैले त्यो वेदना बिल्कुल लोपभई शान्त भएर गयो भनी भगवान् बुद्ध स्वयंले आज्ञा भएको थियो । अट्ठकथामा पनि त्यो अवस्थामा भगवान् बुद्धले बुद्ध हुनुहुने रातमा जस्तै विपश्यनाभावनालाई विस्तृतरूपमा वृद्धि गराउनुभएको थियो । त्यसैले रोगवेदना निको भएर गयो भनी फेरि एकचोटि पनि वर्णन गरिराखेको छ । आजकाल पनि कोहीकोही विपश्यनाभावितागर्ने व्यक्तिहरूमा विपश्यनाभावना भाविता गर्दागर्दै अत्यन्त ठूलो रोग निको भएर गएकाहरू धेरै धेरै छन् । तिनीहरू आयुष्मान् महाकाश्यपहरूमा वोध्यङ्गधर्महरू सुन्न पाएर रोग निको भएर गए जस्तै, भगवान् बुद्धमा पनि विपश्यना भाविताले रोग निको भएको जस्तै हो भनी लिनुपर्दछ ।

अहिले भनेर आएअनुसार भगवान् बुद्धले समेत शारीरिकदुःख भन्ने लोकधर्मलाई सामना गर्नुपरेको रहेछ भनेको विचार विमर्श गरेर हेर्‍यो भने दुःखपर्ने बेलामा मानसिकदुःख उत्पन्न हुनु सजिलो हुने सम्भावना छ । विशेषरूपमा अति ठूलो रोगवेदना भइरहने बेलामा, निकोहुन नसक्ने दीर्घकालीन रोग भइरहने बेलाहरूमा 'भगवान् बुद्धसमेतले छलेर छल्न नसक्ने यो लोकधर्म रहेछ । हामीहरूको त कुरा नै छोडौं । भगवान् बुद्धमा शारीरिक दुःख भएपनि मानसिक दुःख छैन । त्यसैले मैले पनि मानसिक



Downloaded from http://dhamma.digital

दु:ख नहुने गरी सहनेछु' आदि भनी हृदयंगमगरी विचार विमर्श गर्नु आवश्यक छ । सकिन्छ भने उत्पन्न भएर आउने शारीरिक दु:खवेदनाहरूलाई निरन्तर भाविता गरी '**मुते मुतमत्तं भविस्सति** = स्पर्श गरेर पुगेकोमा स्पर्श गर्नुमात्र, पुग्नुमात्र उत्पन्न गराउनेछु' भन्ने देशना अनुरूप स्पर्श गर्नु, अनुभव गर्नुमात्रमा ठप्प रोकिने गरी त्यो अनुभव गर्नुसित सम्बन्ध राखी दोष आदि अकुशलहरू उत्पन्न हुने अवसर नपाउने गरेर हटाउनसक्नु आवश्यक छ । सक्षमतापूर्वक विपश्यना भाविता गरिसकेको व्यक्ति हो भने भाविता गरेर त्यस प्रकारका दु:खवेदनाहरूलाई सहनसक्ने हुन्छ । सहन नसक्ने नभएको जस्तो भई आश्वस्तता प्राप्तगर्न सकिन्छ ।

महत्वपूर्ण कुरा त अति ठूलो रोगवेदना हुने बेलामा 'म त ठीक ठाक भएन, मर्नु नै पर्ने भयो' आदि भनी यसरी नै कल्पनागरी थाम्न नसक्नेगरी अपशोच गरेर रहनसक्छ । 'यो रोग निको भएर गएतापनि म त पूरा मानिस जस्तो हुने भएन, जीवनभर नै काम नलाग्ने हुने भए । मनुष्यलोकभित्र बस्न योग्य व्यक्ति हुने भएन, आदिद्वारा पनि कल्पनाले सन्तापगरी अत्यन्त शोकग्रष्ट भएर बस्नसक्छ । त्यस किसिमको अपशोचहुनु मानसिकदु:खहुनुलाई धर्मको औषधीले हटाउन सक्नाको लागि प्रयासगर्नु अत्यन्त आवश्यक छ ।

उदाहरणको रूपमा टाउको दु:खेको छ भनौं, औषधी छैन भने त्यो टाउको दु:खेको रोगलाई धेरै बेरसम्म असह्यरूपमा भोगिरहनुपर्ने हुन्छ । टाउको दु:खाई निको हुने औषधी तयार छ भने त्यो औषधी सेवन गरेमा केही समयभित्रमा नै रोग निको भई सुखी हुन पुग्छ । त्यसरी नै हृदयंगम गरी विचा विमर्श गर्ने धर्म औषधी भाविता गर्ने धर्मऔषधी छैन भनी मानसिक दु:ख जस्तो नराम्रो रोगलाई धेरै बेरसम्म असह्यरूपमा भोगिरहनुपर्ने हुन्छ । धर्मऔषधी भएको बुद्धश्रावकमा 'उत्पन्न भएर आउँने यी दु:खहरू पनि अनित्य छ । केही बेरपछि लोप भएर जान सकिन्छ । म भनेर सम्झनुपर्ने यो रूपकाय र चित्तनामधर्महरू पनि अनित्य छ । एक छिन नबिराई उत्पत्ति विनाश भइरहेको ले मनपराउनु योग्य आधार लिनु योग्य नभएका यी दु:खहरू नै हुन् । एक न एकप्रकारले परिवर्तन भई विपरिणत हुनसक्ने स्वभावधर्महरू हुन् । अनात्मधर्महरू नै हुन्' भनी यसरी पनि हृदयंगम गरी विचार विमर्श गर्छ । त्यसो होइन भने उत्पन्न भएर आउने शारीरिक दु:ख मानसिक दु:खहरूलाई पनि अरूहरूलाई कल्पना गरी विचार विमर्श गर्नेहरू पनि प्रत्येक उत्पत्ति क्षणमा भाविता गरेर अनित्य



Downloaded from http://dhamma.digital

दुःख अनात्म स्वभावधर्ममात्र रहेछ भनी यथाभूत रूपमा जानीरहेको हुन्छ । अनि मानसिक दुःख भनेको उत्पन्न नभई अलग्ग भएर रहनसक्छ । उत्पन्न भएतापनि दीर्घकालसम्म उत्पन्न हुने भएन, केही बेर पछि नै लोप भएर शीतल शान्त हुनजान्छ । शारीरिक दुःख पनि निको हुने अवस्थामा छ भने निको भएर जानसक्छ । निको नभएपनि असह्य हुने गरी उत्पन्न नभई हलुंगो भएर रहनसक्छ ।

तसर्थ राम्रा लोकधर्महरू पछिपछि पछ्याएर पनि हर्षित र उत्तेजित भइरहन्न । नराम्रा लोकधर्महरूले गर्दा पनि विरोध तथा आक्रमण गरी दिक्क मानी अपशोच गरिरहन्न । त्यो अनुरोधको पछि लागी मनपराउनु र विरोध गर्नुबाट अलग भइरहेको नै हो । त्यसैले भगवान् बुद्धले–

## जरा–मरणबाट मुक्त हुन्छ

'**एवं** = यो भनेर आए अनुसार, **अनुरोधविरोधविप्पहीनो** = राम्रो लोकधर्म पछि पछि लागी मनपराउनु, नराम्रो लोकधर्मसित विरोधी भई दिक्कहुनुलाई प्रहाण गरिसकेको, **सो** = त्यो बहुश्रुत भएको बुद्धश्रावक, **परिमुच्चति जातिया जराय मरणेन** = नयाँ जन्म उत्पन्नहुनु, जीर्ण हुनु, मरणहुनुबाट मुक्तहुन्छ भनेर पनि उपदेश दिनुभयो ।

त्यो विधि अनुसार हृदयंगमगरी भावितागरेर विपश्यनाज्ञान पूर्ण हुने बेलामा चार आर्यमार्गज्ञानतिर पुग्नजान्छ । अरहत्तमार्ग फल पुगी अरहन्त भइसकेपछि परिनिर्वाण भएर जाने बेलामा नयाँ जन्म पनि उत्पन्नहुने भएन, नयाँ जन्म उत्पन्न नहुने भएपछि जीर्ण पनि हुने भएन, मर्न पनि मर्ने भएन भन्ने मतलब हो, त्यति मात्रै होइन ।

'**परिमुच्चति सोकेहि परिदेवेहि** = शोक हुनु, दाह हुनु, विलाप गर्नुहरूबाट पनि मुक्तहुन्छ, **दुःखेहि दोमनस्सेहि** = शारीरिकदुःख मानसिक दुःखहरूबाट पनि मुक्त हुन्छ । **उपायासेहि**=मानसिक तीव्रदाहहरू हुनुबाट पनि मुक्त हुन्छ' भनी यसरी पनि उपदेश दिइराख्न भएको छ ।

## भएभरको दुःखबाट मुक्त हुन्छ

त्यो त अहिलेको प्रत्यक्ष जन्मसित पनि सरोकार छ । लोकधर्महरूलाई



Downloaded from http://dhamma.digital

अनित्य दु:ख, आदि भनी हृदयंगम गरेर विचार विमर्श गर्नसक्ने भावितागर्ने बुद्धश्रावकमा नराम्रा लोकधर्महरूलाई कारण बनाएर शोक र दाह गर्नेहरू हुनपाउँदैन। विलाप गर्नेहरू हुनपाउँदैन। मानसिक दु:खहरू चित्तसन्तापहरू हुनपाउँदैन। द्वेष रहित नभइसकेकोले द्वेष उत्पन्न भए पनि बेरसम्म उत्पन्न हुनपाउँदैन। सजिलो हुन्छ। शारीरिकदु:ख भनेको उत्पन्न भएर आए पनि भाविता गरिरहने व्यक्तिमा सजिलो हुन्छ। त्यो प्रत्यक्षमा शोकहुनु आदि शान्त र निरोध भएको प्रक्रिया नै हो। अरहन्त भई परिनिर्वाण भएर जानेबेलामा ती शोकहुनु आदि भएभरका दु:खहरू पनि बिल्कुल निरोध र शान्त हुनजान्छ तसर्थ '**परिमुच्चति दुक्खस्माति** = भएभरको दु:खबाट बिल्कुल मुक्त हुनजान्छ भनी, **वदामि** = निश्चितरूपमा म तथागतले उपदेश दिएको छु' भनी यसरी पनि इतिश्री गरेर उपदेश दिइराख्नुभएको छ।

अहिले उपदेश दिएर आए अनुसार बहुश्रुत नभएका पृथग्जनले लोकधर्मसित सामना गर्नुपर्ने बेलामा त्यो लोकधर्मलाई अनित्य, दु:ख आदि भनी जान्दैन। त्यसैले राम्रा लोकधर्मसित सम्बन्ध राखी हर्षित र उत्तेजित हुन्छ। नराम्रा लोकधर्महरूसित सम्बन्ध राखी अपशोच र दिक्क मान्छ। अनि त लोभ, दोषहरूले अभिभूत पारिराखेकोले कुशलहरू उत्पन्नहुने अवसर प्राप्तहुँदैन। त्यसैले दु:खबाट मुक्तहुँदैन।

बहुश्रुत भएको बुद्धश्रावकले त लोकधर्महरूसित सामना गर्नुपर्ने बेलामा ती लोकधर्महरूलाई अनित्य, दु:ख आदि भनी हृदयंगम गरी भावितागरेर यथाभूतरूपमा जान्दछ। त्यसैले राम्रा लोकधर्महरूसित सम्बन्ध राखी हर्षित र उत्तेजित हुनुछैन। नराम्रा लोकधर्महरूसित सम्बन्ध राखेर पनि अपशोचगर्नु दिक्कमान्नु छैन। अनि त लोभ, दोषहरूले अभिभूत नपारेकोले कुशलहरू उत्पन्नहुने अवसर पाएको हुन्छ। विशेषरूपमा विपश्यना कुशलहरू राम्ररी उत्पन्नहुने अवसर पाउँछ। त्यसैले प्रत्यक्षमा पनि मानसिकदु:खहरूबाट मुक्त भइरहन्छ। परिनिर्वाण भएर जानेबेलामा पनि भएभरको दु:खहरूबाट बिल्कुल त्तभएर जान्छ। बहुश्रुत भएको नभएको व्यक्ति अहिले भनेर आ अनुसार फरकपर्दछ भनी भन्नखोजेको हो।

## मंगलधर्मअनुसार भन्ने हो भने

मंगलसूत्र उपदेशअनुसार भन्ने हो भने लोकधर्मसित सामना



Downloaded from http://dhamma.digital

गर्नुपर्ने बेलामा बहुश्रुत नभएको व्यक्ति कम्पित हुन्छ । बहुश्रुत भएको व्यक्ति कम्पित हुँदैन । यसरी फरक रहेको छ भनेर सम्झनुपर्दछ । त्यसैले भगवान् बुद्धले उपदेश दिनुभएको छ–

**फुट्ठस्स लोकधम्मेहि, चित्तं यस्स न कम्पति ।**
**असोकं विरजं खेमं, एतं मङ्गलमुत्तमं –**

**लोकधम्मेहि फुट्ठस्स** = ८ लोकधर्महरूले स्पर्श गरेको, **वा** = ८ लोकधर्महरूले स्पर्शगरी सासना गरेतापनि, **यस्स** = जो अरहन्त पुद्गलको, **वा** = जो बहुश्रुतले सम्पन्न बुद्धश्रावक पुद्गलको, **चित्तं** = चित्त, **न कम्पति** = कम्प हुँदैन, **असोकं** = शोक र सन्ताप गर्नु पनि छैन, **विरजं** = क्लेशरूपी धूलो पनि छैन, **खेमं** = डराउनुपर्ने भय उपद्रव पनि छैन, **एतं** = यो चित्त कम्प नहुनु, शोक नहुनु, क्लेश धूलो नहुनु, भय उपद्रव नहुनु, **उत्तमं** = उत्तम, **मङ्गलं** = सुख समृद्धिको कारण मंगल बन्दछ ।

त्यस मंगलसूत्र देशनाअनुसार राम्रो लोकधर्मसित सम्बन्ध भएको होस्, वा नराम्रो कार्यसित सम्बन्ध भएको होस्, अरहन्तको चित्तजस्तै कम्प नभई सहन गर्न सक्नाको निमित्त नै हो । अरहन्तले जस्तै सहन गर्न सक्नुपर्दछ भन्नु अरहन्त हुने गरी आचरण गर्नु नै हो । अरहन्त भइनसकेतापनि अनागामी सम्म हुने गरी आचरण गर्नु आवश्यक छ । त्यहाँसम्म पुग्न नसकिएतापनि श्रोतापन्न, सकृदागामी सम्म हुने गरी आचरण गर्नु आवश्यक छ । श्रोतापन्न, सकृदागामी भयो भने कम्प नभइकन बस्न सक्दछ त भन्दा लोभ दोषरहित नभइसकेको भई कम्प हुनु रहेकै हुन्छ । तैपनि श्रोतापन्न सम्म भएमा समेत बहुश्रुतले सम्पन्न भइरहेको हुने भएर ती लोकधर्महरूलाई अनित्य आदि भनी हृदयंगम गरी विचार विमर्श गरेर केही हदसम्म सहन सकेको हुन्छ ।

त्यो श्रोतापन्न हुन नसकेतापनि नियमपूर्वक विपश्यनाभाविता गरिरहेको योगी भएमा ती लोकधर्महरूलाई भाविता गरेर पनि केही हदसम्म सहनसक्ने हुन्छ । हृदयंगम गरेर विचार विमर्श गरेर पनि सहनसक्ने हुन्छ । विपश्यनाभाविता गरिरहने व्यक्तिमा समाधिज्ञान केही हदसम्म परिपक्व र प्रबल भएर आउने बेलामा भाविता गरिनु रूपालम्बन अलग्ग, भाविता गरेर जानिरहने चित्तनाम अलग्ग, यी (२) वटा रहेको छ भनी यसरी छुट्याएर थाहा पाउँदै आउँछ । यति जानेको छ भने 'नाम र रूपमात्र केही पनि मनपराउनुपर्ने दिक्कमान्नु पर्ने छैन' भनी विचार विमर्श गरी दुःख कम हुनुमा सजिलो हुन सक्छ । त्योभन्दा समाधिज्ञान परिपक्व भएर



Downloaded from http://dhamma.digital

आउने बेलामा त उत्पन्न भएर आएजति नामरूपहरू र भाविता गरेर जानिरहेको चित्त एकक्षण नबिराई उत्पन्न विनाश भइरहेको लाई मात्र भेट्टाइरहन्छ, अनि 'एकक्षण नबिराई उत्पत्ति विनाश भइरहेको ले **अनिच्च** = नित्य नभएको धर्ममात्र हो, उत्पन्न हुन्छ, विनाश हुन्छ यसरी निरन्तर सासना गरिरहने भएको ले **दुक्ख** = डरलाग्दो दु:खमात्रै हो, आफ्नो स्वभावअनुसार उत्पत्ति विनाश भइरहने भएको ले **अनत्त** = अधीनस्थ पार्ने आत्मजीव होइन, म जीव नभएको स्वभावधर्ममात्र हो' भनेर यसरी पनि चित्त बुझी जानेर आएको हुन्छ । त्यो बेलामा त 'लोकधर्मलाई पनि अनित्य, दु:ख, विपरिणाम धर्ममात्र हुन्' भनी हृदयंगम गरी विचार विमर्श गर्न सक्ने भएको ले अझ बढी आश्वस्त हुनसक्दछ ।

त्योभन्दा पनि समाधिज्ञान परिपक्व र प्रबल भएर आउने बेलामा भंगज्ञान आदिहरू उत्पन्न भई अन्तिम अवस्थामा त उत्पत्ति भएर आउने जम्मै संस्कारहरूलाई उपेक्षागर्नसक्ने संस्कारूपेक्षाज्ञान भन्ने उत्पन्न भएर आउँछ । त्यो ज्ञानको अवस्थामा त आफ्नो स्वभावअनुसार उनले विनाश, अनि विनाश भएर गइरहेकाहरूलाई विशेष व्यापार नगरिकन नै त्यसै त्यसै जानी जानिरहेको भइरहन्छ । त्यस्तो अवस्थामा हर्षित हुनुपर्नेलाई सामना गर्न पाएर पनि हर्षित हुँदैन । दिक्क मान्नुपर्नेलाई सामना गर्नुपरेपनि दिक्क मान्दैन । उत्पन्न भएर आएजतिलाई जान्नु जान्नुमात्र रूपमा अवगत भइरहन्छ ।

तसर्थ त्यो संस्कारूपेक्षाज्ञानमा पुगिरहने क्षणको व्यक्तिमा हो भने लाभ प्राप्त हुनु, यश परिवार प्राप्त हुनु, प्रशंसा पाइरहनु, कायिक मानसिक सुख हुनु भन्ने जस्ता राम्रा लोकधर्मसित सामना गर्नुपरेपनि, हर्षित र उत्तेजित हुने हुँदैन । अनि लाभ प्राप्त नहुनु, यश परिवार अभाव हुनु, निन्दा गराउनपर्नु, शारीरिक दु:ख उत्पन्न हुनु जस्ता नराम्रा लोकधर्महरूसित सामना गर्नपरेपनि अपशोच हुँदैन, दिक्क लाग्दैन, सहन सकिन्छ । त्यो बेलामा अरहन्तहरूजस्तै नै छलंगुपेक्षाले सम्पन्न भइरहन्छ भनी अट्ठकथाहरूमा भनिराखेको छ । त्यसरी भनिराखेअनुसार नै आजकालका योगीहरूमा भइरहेको स्वयं देख्नपाइन्छ । कसै कसैले पृथग्जनमा यसरी छलंगुपेक्षा उत्पन्न हुन सक्दैन भनी भन्दछन् । त्यो त उनीहरूमा पनि उत्पन्न नभएको ले, अट्ठकथालाई पनि गौरव नराखेको ले मात्र भनेका कुराहरू हुन् । त्यसमा शारीरिक दु:खलाई राखेर भन्नुपरेको त नराम्रा चारैवटा लोकधर्महरू पूर्णरूपमा कहिलेकाहीं अलि अलि उत्पन्न हुन सक्नुलाई पनि जान्न पाइने गरी भनिएको हो । धेरैजसो त संस्कारूपेक्षाज्ञान उत्पन्न भइरहने क्षणमा



Downloaded from http://dhamma.digital

दु:खवेदना उत्पन्न नहुने नै बढी हुन्छ ।

त्यो संस्काररूपेक्षाज्ञानभन्दा माथि चढेर गयो भने आर्यमार्गफलमा पुगिनै हाल्दछ । अन्त्यमा अरहत्त्वमार्गफलमा पुगी अरहन्त हुने बेलामा त यी लोकधर्महरूलाई पूर्णरूपमा सहनसकी कम्प नहुने मंगलधर्मले परिपूर्ण भएर जानेछ । त्यो मंगलधर्मले परिपूर्ण हुनुञ्जेलसम्म भाविता उद्योग अभिवृद्धि भएर जानु नै हो । त्यसरी त्यहाँ न पुगुञ्जेलसम्म पनि लोकधर्मसित सामना हुने बेलामा योग्यतानुसार हृदयंगम गरी भाविता गर्दै गइरहनु नै हो ।

# मैत्रीधातु र भगवान् बुद्ध

मैत्री प्रतिफल (११) प्रकारका मध्ये धेरै मानिसहरूले श्रद्धा र प्रेम गर्छन् भनेको सम्बन्धमा रोज नामक मल्ल राजकुमारको विषयलाई विनय महावग्ग पालि (३४५) बाट उद्धृत् गरेर देखाउन चाहन्छु ।

# रोज मल्ल कथावस्तु

एक समय भगवान् बुद्ध आपण भन्ने ठाउँबाट कुशीनगरतिर १२५० अनुगामी संघसहित पाल्नुभएको थियो । त्यसबेला कुशीनगरका मल्ल राजाहरूले भगवान् बुद्ध पाल्नुहुने समाचार सुन्न पाएका ले 'भगवान् बुद्ध पाल्नुहुने बेलामा स्वागत गर्न नजाने व्यक्तिलाई ५०० कार्षापण दण्ड दिलाइने छ' भनी नियम जारी गरिराखेका थिए । भगवान् बुद्ध कुशीनगरमा आइपुग्नुभएको बेलामा स्वागत गर्न आउने व्यक्तिहरूको माझमा रोज भन्ने व्यक्ति पनि सामेल थिए । उहाँ आयुष्मान् आनन्दको बाल्यसखा थिए । तसर्थ आयुष्मान् आनन्दले उहाँलाई भेट्दा भगवान् बुद्धलाई स्वागत गर्न आउनु उत्तम राम्रो काम भएको विषयलाई हर्षोल्लासपूर्वक कुशलवार्ता व्यक्त गर्नुभयो । अनि राजकुमार रोजले "यसरी स्वागत गर्न आएको बुद्ध, धर्म र संघप्रति अत्यन्त मान मर्यादा भएको ले होइन, स्वागत गर्न नआएमा ५०० कार्षापण दण्ड भोग्नुपर्ला भनेर डराएको ले आएको हो भनी जवाफ फर्काइयो ।

अनि आयुष्मान् आनन्दले "रोजले किन यस्तो कुरा गरेको होला"



Downloaded from http://dhamma.digital

भन्ने विचारले मन खिन्न भयो। "रोज असाध्य असभ्य व्यक्ति रहेछ, बुद्ध, धर्म र संघप्रति आस्था एवं श्रद्धा राख्नुपर्छ भनेर समेत नजानेको रहेछ। यस्तै तालले हो भने उनमा लाभ हुन योग्य अर्थहीनकुराहरू परिहानी भएर जानेभयो" भनी विचार विमर्शगरी त्यस विषयलाई भगवान् बुद्धसमक्ष निवेदन चढायो। त्यो रोजले बुद्धशासनप्रति श्रद्धा एवं आस्था राखेमा बढी लाभ हुने विषय पनि निवेदन गऱ्यो।

त्यो बेलामा भगवान् बुद्धले रोज एक्लैलाई केन्द्रित पारी मैत्रीभावना वृद्धि गर्नुभयो। भगवान् बुद्धले सबै सत्त्वहरूमाथि समानरूपले दिनहुँ मैत्री वृद्धि गर्नुहुन्छ, करुणा पनि समानरूपले वृद्धि गर्नुहुन्छ। तैपनि त्यो बेलामा त 'यो रोज म तथागतलाई दर्शन पाइरहेको बेलामा समेत बुद्ध, धर्म र संघप्रति आस्था एवं श्रद्धा राख्नुपर्छ भनी थाहा पाइएन भने उसमा हुनुयोग्य कुशलधर्महरू उत्पन्न हुने अवसर नपाई परिहानी हुन जाने हुन्छ" आदि भनी विचार विमर्श गर्नुभई भगवान् बुद्धले उनी एक्लैलाई मात्र केन्द्रित पारी मैत्री वृद्धि गर्नुभयो।

त्यो के जस्तो देखिन्छ भने आजकाल अत्यन्त प्रभावकारी स्लाइट चीमहरू जस्तै छन्। तिनीहरूलाई बढी फैलाएर बालिराख्यो भने प्रकाश पनि उचित रूपमा आइराखेको हुन्छ, राप पनि त्यति देखापर्दैन। चीममापारिकन बालिराख्यो भने त प्रकाश पनि निकै तेजिलो हुन्छ, दिनमा जस्तै प्रभासित भइरहन्छ, राप पनि अतितीव्र हुन्छ। त्यसरी नै भगवान् बुद्धले सबै सत्त्वहरूमाथि सदाको जस्तै वृद्धि गरिरहनुहुने मैत्रीलाई रोज एक्लैलाई केन्द्रित पारेर वृद्धि गर्नुहुँदा त अति नै प्रभावकारी भइदियो।

त्यस मैत्रीधातुको कारण रोजमा भगवान् बुद्ध प्रति अत्यन्त श्रद्धापूर्ण चित्तहरू उत्पन्न भएर आयो। श्रद्धाचित्त प्रबल र प्रभावकारी भएको प्रक्रिया कसो त भन्दा भरखर जन्मेको बाछ्राले आमा गाईलाई प्रेम गरेजस्तै पटक्कै छुट्न नसक्ने जस्तै भइदियो। त्यसैले रोज परिवेण भन्ने सानो एउटा विहारबाट अर्को एउटा सानो विहार भित्र चाँडचाँडै गई भगवान् बुद्धको खोजिगर्न लाग्यो। भिक्षुहरूले निर्देशित गरे अनुसार अन्त्यमा भगवान् बुद्ध विराजमान हुनुहुने गन्धकुटी विहारमा पुगी भगवान् बुद्धलाई अत्यन्त गौरव राखी वन्दना गरेर बसिरह्यो। त्यो बेला भगवान् बुद्धले दानकथा, शीलकथा आदि गरी ऊनीसित अनुकूल हुने उपदेश दिनुभयो। त्यो उपदेश सुनिसकेर ऊ श्रोतापन्न हुनुपुग्यो।

त्यो बेलामा भने "आयुष्मान् उत्तमसंघले उसले दान दिएको



Downloaded from http://dhamma.digital

चतुप्रत्ययलाई मात्र ग्रहण गरियोस्, अरूहरूले दान दिएको प्रत्ययलाई ग्रहण नगरियोस्" भनेर समेत प्रार्थना गर्न थाल्यो । त्यो मैत्रीधातुद्वारा आकर्षण गराई प्रतिफल बढाइदिएको भयो । त्यसरी मैत्रीधातुद्वारा अर्काको मनोवृत्ति सच्याइदिनसक्ने प्रक्रियालाई आधार लिएर "अहिलेको अवस्थामा पनि मैत्रीधातुद्वारा केन्द्रित पारेर हृदयंगम गरेर दिएमा मैत्री ग्रहण गर्ने व्यक्तिहरूले श्रद्धा र स्नेह राख्नसक्ने हुन्छ" भन्ने कुरालाई जान्न पाइन्छ । मानिसमात्र होइन, तिरश्चीनहरूले पनि माया स्नेह राख्न सकिन्छ । केही समयअघि मात्र यहाँ वृद्धाश्रमबाट प्रकाशित पत्रिकामा यस्तै एउटा विचित्रको विषयवस्तु देखेको थिएँ ।

# ऊ बाथूको मैत्री

ऊ बाथू नाउँको एकजना व्यक्ति तिरश्चीनहरूलाई असाध्य दयामाया राख्न जान्थ्यो, विशेषत: कुक्कुरहरूप्रति असाध्य दयामाया राख्थ्यो । त्यसैले उसले कसैले नपालेका कुक्कुरहरूलाई दयामाया राखी विशेषरूपले खुवाउने पिलाउने गरी रक्षा गरिराख्ने बानी बसालिराख्यो । च्याइकसां चैत्यको प्रांगणभित्रका कुक्कुरहरूलाई उसले निर्धारित गरिराखेको दिनमा राम्ररी खाना तयार पारी त्यसलाई खुवाउँथ्यो । त्यहाँका कुक्कुरहरूले पनि उनी आउँदा उनीकहाँ आएर स्वागत गर्ने गर्थे ।

एक दिन त्यो ऊ बाथू आफ्ना साथीभाइहरू सँगै च्याइथ्व: ताउँखुन् भन्ने ठाउँको केलास माणिकपात्र नाउँ भएका चैत्यहरूको दर्शन गर्न गए । म आफू पनि त्यो केलास र माणिकपात्र भन्ने ठाउँमा गइसकेको छु । तीन रात बिताएर आइसकेको छु । त्यसको पहाड फेदीका गाउँहरूमा पनि भिक्षाटन गइसकेको छु । त्यो पहाड फेदीको गाउँमा कुक्कुरहरूले टोक्ने गर्दछन् । कुक्कुर असाध्य खराब छन् । अपरिचित व्यक्तिहरू भएमा धेरै भैं टोक्ने गर्दछन् भनिन्छ । पहाडमाथिको चैत्य भएको ठाउँमा जान त्यो गाउँभित्रबाट छिरेर जानुपर्छ । त्यसैले ऊ बाथूले नेतृत्व गरेर ती खराब कुक्कुरहरू भएको गाउँभित्रबाट बाटो काटेर जाँदा खराब कुक्कुरहरू पनि एक्काशी दौडेर आए । अनि ऊ बाथूलाई खराब कुक्कुरहरूले टोक्ने भए भनी वरिपरिका मानिसहरूले धन्दा सूर्ता मानिरहे, तैपनि कुक्कुरहरूले त्यो ऊ बाथूलाई आफ्ना मालिकजस्तै गरी उभिएर स्वागत गरिरहे । ती कुक्कुरहरूमाथि मैत्री करूणा वृद्धि गरेर बसेको कारणले त्यसरी सत्कार गरेको हो भनी लिनुपर्नेछ ।



Downloaded from http://dhamma.digital

# बाण नलाग्ने श्यामावती कथावस्तु

(५) देवताहरूले स्नेह राख्दछन् । (६) देवताहरूले रक्षा गर्दछन् भन्ने हरूलाई पनि भनेर आइसकें । (७) आगोले छुँदैन । विष लाग्दैन । तलबार आदि शस्त्रअस्त्रहरूबाट चोट पुऱ्याउँदैन भन्ने प्रतिफलमध्ये आगोले नछोएको प्रक्रियालाई उमालेको तातो घ्यूले नछोएको कथावस्तुद्वारा प्रस्तुत भइसकेको छ । विषय नलागेको प्रक्रियालाई चूलसीव स्थविर कथावस्तु विस्तृतरूपमा दर्शाइराखेको नभएर संक्षिप्तमा मात्र भनेर आउनुपऱ्यो । तलबार आदि शस्त्रले चोट पुऱ्याउन नसकेको प्रक्रियालाई पनि संकिच्च श्रामणेरको विषय निर्देशित गरेर अट्ठकथाले दर्शाइराखेको गाईको कथावस्तुजति मात्र भनेर आइसकिएको छ । अन्य अट्ठकथाले दर्शाइराखेको श्यामावती कथावस्तु आदि उल्लेख गरेर देखाउन चाहन्छु ।

भगवान् बुद्धको पालामा कौशाम्बी नगरमा उतेन भन्ने राजाले राज्य गरिराखेको थियो । त्यो उतेन राजाका ३ वटा महारानीहरू थिए । एकजना-वासुलदत्ता, उनी उज्जेनी राष्ट्रको चण्डपज्जोत (चण्डप्रद्योत) राजाकी छोरी थिइन् । अर्की एकजना - श्यामावती, उनी भद्दवती नगरको भद्दवती महाजनकी सद्य छोरी थिइन् । उनका आमाबाबुहरू परलोक भएपछि घोसक महासेठले उनीलाई धर्मपुत्री बनाइराखेको ले घोसक महासेठकी छोरी भनिएको छ । अर्की एकजना मागण्डी थिइन् । उनी कुरू राष्ट्रको मागण्डी ब्राह्मणकी छोरी थिइन् ।

ती मागण्डी नाउँकी ब्राह्मणपुत्री थिइन् । रूपलावण्य अत्यन्त सुन्दरी, त्यसैले धनीमानी व्यक्तिहरूले आफ्ना छोराहरूसित विवाह गरिदिन माग्न आए । त्यसरी माग्न आएको बेला बुबा ब्राह्मणले तिनीहरू आफ्नी छोरीसित लायक छैनन् भनी पन्छाएर पठाए । एक दिन त्यस मागण्डी ब्राह्मणले भगवान् बुद्धको दर्शन पायो । त्यो बेला भगवान् बुद्धका रूपलक्षणहरूलाई हेरेर आफ्नी छोरीसित लायक भएको व्यक्ति हो भनी धारणा राखी उसले भगवान् बुद्धलाई यसरी निवेदन गऱ्यो– "आयुष्मान् श्रमण, मेरी सुन्दरी कन्या छोरी छे । ती छोरीसित लायकपर्ने व्यक्तिको खोजीमा थिएं । आयुष्मान् श्रमण मेरी छोरीसित लायक देखेको छु । ती छोरी आयुष्मान् श्रमणलाई जिम्मा लगाएर दिन चाहन्छु । म फर्केर आउञ्जेलसम्म यही ठाउँमा पर्खी बसिदिनुहोला" भनी गएर ब्राह्मणले आफ्ना स्वास्नी र छोरीलाई बोलाएर ल्यायो ।



Downloaded from http://dhamma.digital

भगवान् बुद्धले त्यो ठाउँमा पाइतलाको चिन्ह छोडेर त्यो ठाउँदेखि टाढा नपरेको अर्को एक ठाउँमा जानुभई बसिरहनुभयो । पहिले बुद्धसँग भेटिएको ठाउँमा आइपुग्दा भगवान् बुद्धको पाइतला चिन्ह मात्र भेटियो । अनि त्यही पाइतलाको व्यक्ति हो भनी ब्राह्मणले भन्यो । उनकी स्वास्नी ब्राह्मणीले त्यो पाइतलाको चिन्हलाई हेरेर पाइतलाको चिन्ह भएको व्यक्ति कामगुण आलम्बनलाई अवलम्बन गर्ने त्यो व्यक्ति होइन भनी आफूले अध्ययन गरेर राखेको वेदांगग्रन्थअनुसारको कुरा भनिन् । ब्राह्मणले आफ्नी स्वास्नीलाई चुप लागेर त्यहीं बस भनी पाइतला चिन्ह अनुसार पछि लागेर जाँदा भगवान् बुद्ध भेटियो । त्यसरी भेटिँदा "आयुष्मान् श्रमण, मेरी छोरीलाई तपाईंसमक्ष लालन पालन गर्न प्रदान गरिरहेको छु" भनी निवेदन गऱ्यो ।

अनि भगवान् बुद्धले उसकी छोरी मागण्डीको चाहना छ–छैन केही नभनिकन आफूले महाभिनिष्क्रमण गरेर आएदेखिको कुरा शुरू गरेर बुद्ध भइसकेपछि अजपालवृक्षमुनि विराजमान भएको अवस्थामा मारदेवले एकक्षण नबिराई आफ्नो पछिलाग्दै चरित्र परीक्षण गर्दै आइरहेको विषय, त्यसरी परीक्षण गरेर उसको काम क्षेत्रबाट मुक्त भएर गएको विषय, मारदेवले शोक सन्ताप गरिरहेको विषय, त्यसबेला मारदेवका छोरीहरू तीनजनाले आफ्ना बुबाज्यूलाई सहयोग गर्ने लक्ष्य राखी देवअप्सराहरूका राम्रा विभिन्न प्रकारका हावभावहरू निर्माण गरी भगवान् बुद्धलाई फकाउन फुल्याउन आएका विषयहरू उल्लेख गर्नुभयो । त्यस्ता शुद्ध सुन्दरी मारदेवका पुत्रीहरूलाई समेत मन पराउने राग आफूमा उत्पन्न भएको थिएन, भन्ने विषय समेत लाई यसरी उपदेश गर्नुभयो ।

**दिस्वान तण्हं अरतिं रगञ्च,**
**नाहोसि छन्दो अपि मेथुनस्मिं ।**
**किमेविदं मुत्तकरिसपुण्णं,**
**पादापि नं सम्फुसितुं न इच्छे ॥**

**ब्राह्मण** = मागण्डी ब्राह्मण, **तण्हं अरतिं रगञ्च** = तृष्णा, अरती, रगा भन्ने मारदेवका तीनजना छोरीहरूलाई, **दिस्वान अपि** = देखेतापनि, **मेथुनस्मिं** = मैथुन क्रियामा, **छन्दा** = चाहना हुनु, मन पराउनु, **मे** = म तथागतमा, न **अहोसि** = उत्पन्न भएन, रहेन, **मुत्तकरिसपुण्णं** = मलमूत्रले भरिपूर्ण, **इदं इमं** = यी मागण्डीलाई, **दिस्वा** = देखेर, **छन्दो न होति** = चाहनाराख्नु मनपराउनु, नहुनुमा, नरहनुमा, **किमेतं** = के नै



Downloaded from http://dhamma.digital

भन्नु छ र ? **तं** = ती मागण्डी कन्यालाई, **पादापि** = खुट्टाले पनि, **सम्फुसितुं** = स्पर्श गर्न, **न इच्छे** = इच्छा छैन ।

संक्षिप्तमा भन्न खोजेको त - तृष्णा, अरति, रगा ती मारदेवका छोरी भएका तीनजना देवअप्सराहरूको समेत चाहना गर्नु भएको थिएन, मानिस भएर शरीरभरि मलमूत्रहरूले भरिएकी तिम्री छोरी मागण्डीलाई चाहना नभएको कुरामा केही भन्नु नै छैन, खुट्टाले समेत स्पर्श गर्न चाहन्न ।

त्यस्तो धर्मवचन सुन्न पाएर मागण्डीका आमा र बाबुहरू अनागामी मार्गफल प्राप्त भएर गए ।

छोरी मागण्डी चाहिँ आफूलाई मलमूत्रले भरिपूर्ण भइरहेको भनी भगवान् बुद्धले भन्नुभएको हुनाले सहन नसक्ने चित्त उत्पन्न भएर भगवान् बुद्धप्रति द्वेष दागा राखेर गइन् । योग्य श्रीमान् पाएपछि बदला लिने चिन्तना र कल्पना गरेर गइन् ।

भगवान् बुद्धले त्यसरी दागाहाल्ने भएको कुरा थाहापाउनु भएन भनी जान्नुपर्ने कुरा भएको छ । साँच्चै त भगवान् बुद्धले जान्नुएको छ, तैपनि राम्रा शब्दहरूद्वारा मात्र उनका आमा बाबुहरू दुवैजनाले अनागामीमार्गफल प्राप्त गर्न सक्ने भएको ले त्यो दागा हालिने कुरालाई ख्याल नराखी मार्गफल प्राप्त हुने कुरालाई मात्र ख्याल राखी उपदेश दिनुभएको विषयलाई धम्मपद अट्ठकथामा दर्शाइराखेको छ ।

मागण्डीलाई उनका आमा बाबुहरू उनका मामाकहाँ सुम्पी बुद्धशासनमा प्रवेश गरी भिक्षु भिक्षुणी भएर गए । भावनाधर्मलाई लगातार उद्योग र अभ्यास गर्नुद्वारा अरहन्त पनि भएर गए । त्यो बेला मामा हुने मागण्डी ब्राह्मणले भतिजी मागण्डीलाई उतेन राजासमक्ष उपहार चढायो । उतेन राजाले मागण्डीलाई महारानीको रूपमा राखे ।

त्यो बेलामा कौशाम्बी नगरमा घोषक महासेंठले घोषिताराम विहार बनाई बुद्ध प्रमुख भिक्षुसंघलाई प्रदान गरिराख्यो । कुक्कुट महासेंठले कुक्कुटाराम विहार बनाई प्रदान गरी राख्यो । पावारिक महासेंठले पावारिकाराम विहार बनाई प्रदान गरी राख्यो । भगवान् बुद्ध ती महासेंठहरूको निमन्त्रणाअनुसार कौशाम्बी नगरमा पाल्नुभई ती महाविहार तीनैवटामा आलोपालो गरी बसोबास गर्नुभयो । बसोबासगर्ने विहारका मालिक महासेंठहरूको घरमा पनि आलोपालो गरी भोजनगर्न जानुभई भिक्षा ग्रहण गरिरहनुभयो ।

एक दिन सुमन नाउँको मालाकारले ती महासेंठहरूकहाँबाट अनुमति



Downloaded from http://dhamma.digital

प्राप्त गरी बुद्धप्रमुख भिक्षुसंघलाई भोजन प्रदान गऱ्यो । श्यामावती महारानीको नोकर्नी रहेकी खुज्जुत्तराले त्यो ठाउँमा श्यामावतीको लागि फूल किन्न सदाझैं गइन् । सुमन मालाकारले "आज भगवान् बुद्धलाई भोजन दानगर्न निम्त्याइराखेको छु । भोजन दान गर्दा उपदेश पनि सँगै सुन, अनिमात्र फूलहरू किनेर लैजाऊ" भनी भनेको ले भोजन गरिसक्नुभएपछि भगवान् बुद्धले अनुमोदन उपदेश दिनुभएको बेला खुज्जुत्तराले पनि सुमन मालाकार सँगसगै उपदेश सुनिरहिन् । त्यसरी उपदेश सुनिरहँदारहँदै हृदयंगम गरी भाविता गरेकी ले खुज्जत्तरा श्रोतापत्ति-मार्गफलमा पुगी श्रोत्तापन्न भएर गइन् ।

खुज्जुत्तरा श्यामावतीको लागि फूल किन्न राजाले दिएका आठ कार्षापण मध्येमा अरू बेलामा भए चार कार्षापणको मात्र फूल किनी चार कार्षापण आफ्नो निमित्त लिने गर्दथिन् । त्यो दिनमा श्रोतापन्न भएकी हुनाले अरूको सम्पत्ति चोर्न चाहने चित्त रहेन । त्यसैले आठै कार्षापणद्वारा नै फूलहरू किनेर ल्याइन् । अनि अघि अघिभन्दा फूलहरू एक भाग बढी भइरहेको ले श्यामावतीले यसरी सोधिन्– "ए दिदी, आज महाराजले फूलको लागि दोब्बर कार्षापण बढाएर दिनुभयो कि कसो ?" बढाएर दिनु नभएको भनी खुज्जुतराले जवाफ दिइन् । 'त्यसो भए फूलहरू किन अघि अघि भन्दा बढी भएको नि ?' "अघि अघि मैले आफ्नो निमित्त चार कार्षापण लिएर चार कार्षापणले मात्र किनेर ल्याउँथे । आज त पूरा आठ कार्षापणकै किनेर लाएकोछु" भनी नढाँटी बताइन् । त्यसरी भनेको कुरामा विशेष याद राख्नुपर्दछ । त्यस युगमा महारानी हुनेले आफूलाई नचाहने व्यक्तिलाई मार्नसक्ने गरी अधिकार पाएको हुन्थ्यो । त्यो बेला आफ्नो फूलको मूल्य कार्षापणहरू चोरेको बापतमा उनीलाई मार्न चाहेमा मार्न सकिन्थ्यो । तैपनि त्यो मर्नपर्ने भयलाई समेत छोडी लुकिछिपी नगरी जवाफ दिन सकेको श्रोतापत्तिमार्गधर्म विशेषको कारणले गर्दा हो । त्यसपछि श्यामावतीले आज किन आफ्नी लागि नलिएकी नि ?' भनी सोधिन् । 'भगवान् बुद्धको उपदेश सुनेर विशिष्ट धर्म थाहापाई धर्मबोध भएको ले हो' भनी जवाफ दिइन् ।

त्यसपछि श्यामावतीले योनिसो मनसिकारद्वारा विचार विमर्श गरिन्– 'उपदेश सुनेर विशिष्ट धर्म प्राप्त गरेर आएको ले चोरेर लिन चाहने चित्त नरही शुद्ध भएर आएको अचम्म लाग्दो छ । त्यो प्राप्त गरेर आएको विशिष्टधर्म अति नै उत्तम पवित्र धर्म रहेछ' भनी विचार विमर्श



Downloaded from http://dhamma.digital

गर्न लागिन् । त्यो सत्पुरुषचित्तरहेको ले राम्रोपक्षबाट विचार विमर्श गर्न लागेकी हुन् । सत्पुरुष नभई असत्पुरुष सरह भएकी भए त "राजाले मेरो लागि दिएको फूलको मूल्य चोर्नु हुन्छ र भनी यातना दिने स्थिति रहेको भएतापनि श्यामावती महारानी पारमी अधिकारी सन्त महिला भएकीले बुद्धको उपदेश सुनी विशिष्ट धर्म प्राप्त गरेर आएकी हुँदा चोर्न चाहने चित्तबाट विरत भई परिशुद्ध भएर आएको कुरामाथि उनीले चित्त बुझाइन् । तब उनमा पनि त्यो उपदेश सुन्न चाहने चित्त तीव्ररूपमा उत्पन्न भएर आयो । त्यसैले 'ए दिदी, दिदीले सुन्न पाएको भनी धर्म उपदेश हामीहरूले पनि सुन्न चाहन्छौं । उपदेश सुनाऊ" भनी प्रार्थना गरिन् । "त्यसो भए मलाई नुहाइदिनुस्, यसरी अपरिशुद्ध शरीरले धर्मउपदेशगर्न योग्य छैन' भनी खुज्जुत्तराले भनिन् । अनि श्यामावतीले खुज्जुत्तरालाई श्रीखण्डको पानीले नुहाउन लगाई मुलायम वस्त्र एकजोर पनि दिइन् । खुज्जुत्तराले एउटा वस्त्र कम्मरमा बाँधी, एउटा वस्त्र एकातिरको काँधमा बेरी एकांश पारूपन गरी बिछ्याई दिएको ठाउँमा बसी चित्रबीजनी नामक विचित्रको पंखालाई पनि समाई राजपरिचारिका ५०० जनालाई सम्बोधन गर्दै भगवान् बुद्धले उपदेश दिनुभएको विधि अनुसार नै उपदेश दिइन् । त्यो उपदेश सुनिरहँदारहँदै त्यसलाई हृदयंगम गरी भाविता गर्दै जानुद्वारा श्यामावतीप्रमुख राजपरिचारिका ५०० जना श्रोतापत्तिफलमा पुगी श्रोतापन्न भएर गए भनिन्छ ।

तो ५०० जना राजपरिचारिकाहरूले खुज्जुत्तरालाई अभिवादन गरी "दिदी, आजदेखि तिमीले हीन मलीन भई दासीको काम नगर्नू, हामीहरूको आमाको ठाउँमा, आचार्यको ठाउँमा रहनू, भगवान् बुद्धकहाँ गई उपदेश सुन्नू, सुनिसकेर हामीहरूलाई सुनाउनू" भनी प्रार्थना गरी भनिन् । प्रार्थना गरे अनुसार नै खुज्जुत्तराले दिनहुँ भगवान् बुद्धकहाँ गई उपदेश सुन्ने गर्न थालिन् । फर्केर आई भगवान् बुद्धले उपदेश दिनु भएजस्तै विधिपूर्वक उपदेश दिने गर्न लागिन् । विशिष्ट पारमी अधिकारी भएकी ले भगवान् बुद्धले उपदेश दिनुभएजति जम्मै सम्झेर पनि राख्न सक्ने, स्वरको आकार प्रकारसँगै एकसमान हुने गरी पनि उपदेश दिनसक्ने रहिन् । अहिलेको जमानामा पनि कोही कोही व्यक्तिहरूले उपदेश गर्ने व्यक्तिको उपदेश गर्ने प्रक्रिया त्यही तरिका अनुरूप स्वरको उतार चढाव एकसमान हुनेगरी बोल्ने भन्ने गर्न सक्नेहरू छन् । यसो हुनु पनि विशिष्ट पारमी भएकैले हुनुपर्दछ । खुज्जुतराले एक लाख कल्प अघि देखि प्रार्थना गरी आएकी



Downloaded from http://dhamma.digital

थिइन् । त्यसैले उनी पछि त्रिपिटकधारी भएर गइन् । भगवान् बुद्धले उनीलाई बहुश्रुत भएकी धर्मदेशिका महिला व्यक्तिहरूमध्येमा विशिष्ट उत्तम एतदग्ग पदवीद्वारा प्रशंसा गरिराख्नुभएको छ ।

श्यामावतीप्रमुख ५०० राजपरिचारिकाहरूले भगवान् बुद्ध र संघलाई दर्शन गर्न चाहेका ले दर्शन दिलाउन भारवहन गरिदिनु भनी खुज्जुत्तरासँग प्रार्थना गरिरहे । राजदरबारिया भन्नेहरूले बाहिरका मानिसहरूसँग भेटघाट पाउन मुस्किल पर्दछ । तसर्थ भगवान् बुद्ध र संघहरू शहरभित्र महासेंठहरूको घरतिर भोजन सेवन गर्न पाल्नुहुने बेला दरबारमाथिबाट नै दर्शन गर्न सक्ने गरी घरपर्खालको भित्तामा स-साना प्वालहरू राखी ती प्वालहरूबाट दर्शन गर्न सुझाव दिइन् । त्यस सुझावअनुसार घरपर्खालमा स-साना प्वालहरू राखे । भगवान् बुद्ध र संघहरू पाल्नु हुने बेलामा ती प्वालहरूबाट हेरी दर्शन गरिरहे ।

एक दिन मागण्डी हिँडडुल गर्दै त्यो घरमाथि चढेर आउँदा स-साना प्वालहरू देख्नमा आएको ले यी प्वालहरू केका लागि भनी सोधिन् । श्यामावतीले भगवान् बुद्धप्रति मागण्डीमा दागारहेको कुरा थाहा नपाएकी ले "भगवान् बुद्ध यो शहरमा आइपुग्नुभएको छ, हामीले यी प्वालहरूबाट नियालेर हेरी पूजा अभिवादन गर्छौं' भनी भनिन् । अनि मागण्डीको मनमा "ओ, श्रमण गौतम यो शहरमा आइपुग्यो नि त, अहिले उनलाई गर्नुपर्ने प्रहार गरिहाल्नुपऱ्यो नि, यी मोरीहरू पनि उनलाई शरण लिनेहरू नै रहेछन् । यिनीहरूलाई पनि गर्नुपर्ने सजायँ गरिहालौं ल" भनी चिन्तन भयो, त्यसपछि उतेन महाराजकहाँ गई चुगली गर्न लागिन् । – "आर्य महाराज, श्यामावतीसहित त्यहाँका महिलाहरू बाहिरको विषयमा चाहना गर्ने रहेका छन् । केही समय नबित्दै महाराजको प्राण लिनेछन्" भनिन् । राजाले उनको कुरा पत्याएन । तीनचोटि बारम्बार भन्दा पनि पत्याएन् ।

अनि "मेरो कुरा नपत्याए उनीहरूको दरबारमा जानुभई हेरेर परीक्षण गर्नुस्" भनी मागण्डीले भनिन् । राजाले गएर हेरेको बेला स-साना प्वालहरू भेटिँदा केका लागि भनी सोधे । भगवान् बुद्धको दर्शन गर्नको लागि भन्ने कुरा सुनेर पनि राजाले श्यामावतीहरूप्रति अलिकति पनि चित्त बिगारेन । बरू प्वालहरूलाई बन्द गराउन लगाई माथि हावा चल्ने झ्यालहरू बनाउन लगाइयो । अनि श्यामावतीहरूका लागि झन् सुविधा पर्न गयो । त्यस विधिद्वारा चुगली गरेर असफल हुनुभन्दा श्यामावतीहरूको खोपी जाने पालोमा दन्त भाँचिराखेको गौमन सर्पलाई उतेन राजाको वीणभित्र राखिछोडी



Downloaded from http://dhamma.digital

घुसारेको प्वाललाई फूलमालाले छोपिराखिन् ।

त्यसरी सर्पलाई घुसारेर राखी मागण्डीले महाराजलाई श्यामावतीको खोपीमा जान उचित नभएको, नराम्रो स्वप्न देखिराखेको विषय भनिन् । तैपनि उतेन महाराज आफ्नो आलोपालो कार्यक्रमअनुसार श्यामावतीहरूको खोपीमा गए नै । त्यस बेला मागण्डी चित्त नबुझेको रूपमा सँगै पछि लागेर गइन् । त्यहाँ पुग्दा उतेन राजाले श्यामावतीहरूले पकाई व्यवस्था गरेर खुवाएका खाद्यपेय पदार्थहरू सेवन गरिसकेर आफ्नो वीणालाई शिरानमा राखी खाटमाथि पल्टिरह्यो । त्यो बेलामा मागण्डीले यहाँ त्यहाँ जाने गर्दै वीणाको प्वालमा छोपिराखेको फूलमाला झिकिदिइन् । अनि त सर्प वीणाभित्रबाट निस्की फण उचाली खाटमाथि उभिरह्यो । सर्पलाई देख्दा मागण्डीले 'आर्य महाराज, सर्प सर्प' भनी ठूलो स्वर निकाली राजालाई पनि श्यामावतीहरूलाई पनि तर्साइन् । 'यो जड बुद्धि भएको राजा ठीक छैन । मेरो कुरा सुनेको होइन, यी मोरीहरू पनि दुर्बुद्धिका छन्, राजाबाट के न पाएका छन्, आज मैले नराम्रो स्वप्न देखि राखेकी छु, श्यामावतीहरूको प्रासादमा जानु उचित छैन भनी रोक्दा पनि मेरो कुरालाई महाराजले मानेनन्' भनी घुर्क्याइन् ।

सर्पदेखि मरणभयसँग डराएको ले महाराजले श्यामावतीप्रति मागण्डीले दोष देखाएको कुरामा विश्वास गरे । भयंकर रिस उठ्यो । श्यामावतीसहित सबै राजपरिचारिकाहरूलाई विष लगाइराखेको बाणले हानेर मार्न व्यवस्था गरे । श्यामावतीसहित सबैलाई लाम लगाएर बस्न लगाए । त्यो बेलामा श्यामावतीले आफ्ना सहेलीहरूलाई अववाद दिइन् । "बहिनीहरू हो, हामीमा मैत्रीबाहेक अन्य कुरा रहेन । महाराज र मागण्डी महारानीमाथि पनि मैत्रीचित्त समानभावले उत्पन्न गराऔं, कसैलाई पनि रीस न गरौं" भनी अववाद दिइ उतेन राजातिर मुखाग्र भई सबभन्दा अगाडि आफै बसी मैत्रीभावना वृद्धि गरिरहिन् । उतेन राजाले हजार सैन्यबल रहेको धनुषमा विष सिञ्चित बाण हाली श्यामावती महारानीको छातीतिर सोझो निशान बनाई जोडतोडले तानेर हानिदिए ।

हानेको बाण श्यामावतीको मैत्रीको कारणले अगाडि नगई पछाडि फर्केर फिर्ता आए । उतेन राजाको छातीमा घुस्नै लागेको जस्तो गरी तल झरेर गयो । अनि उतेन राजामा स्मृति संवेगधर्म पलाएर आयो । "हँ, मैले हानेर पठाएको यो बाण मैतिर फर्केर आयो । मेरो छातीमा घुस्ने लागेको जस्तो भयो । सजीव सत्त्व नभएको यो बाणले समेत यी श्यामावतीको



Downloaded from http://dhamma.digital

गुणउपकार थाहा पाएको रहेछ । म खास मानिस भएर उनको गुणउपकारलाई नजानिकनै रहें । भनी स्मृतिधर्म पलाएर धनुष फालिदिए । धनुष फालिसकेर श्यामावतीको पाउमुनि हातजोडी घुँडामाथि उचालेर बसी यसरी क्षमा याचना गरे ।

**सम्मुय्हामि पमुय्हामि, सब्बा मुय्हन्ति मे दिसा ।**
**सामावति मं तायस्सु, त्वञ्च मे सरणं भव ॥**

**सामावती** = मेरी प्रिया श्यामावती, **अहं** = म, **सम्मुय्हामि** = अत्यन्त मोहित छु, **पमुय्हामि** = तीव्ररूपमा मोहित छु, **मे** = मेरो निमित्त, **सब्बा दिसा** = सबै दिशाहरू, **मुय्हन्ति** = भुलभुलैयामा परेको जस्तै नै मोहित भइरहेको छ, **त्वं** = तिमीले, मं = मलाई, **तायस्सु** = पार तराएर रक्षा गर, **त्वं** = तिमी , **मे** = मेरो, **सरणञ्च** = शरण, आधार, भरोसा पनि, **भव** = होऊ ।

अनि श्यामावतीले यसरी जवाफ फर्काइन् –

**मा मं त्वं सरण गच्छ, यमहं सरणं गता ।**
**एस बुद्धो महाराज, एस बुद्धो अनुत्तरो ।**
**सरणं गच्छ तं बुद्धं, त्वञ्च मे सरणं भव ॥**

**महाराज** = स्वामी आर्य महाराज, **त्वं** = तपाई, **म** = मेरो, **मा सरणं गच्छ** = आधार भनी शरणमा न जानुस्, **अहं** = म, **यं** = जो भगवान् बुद्धको, **सरणं गता** = आधार भनी शरणमा गइरहेकी छु, **एस** = यो भगवान् बुद्ध, **बुद्धो** = सम्पूर्ण धर्मलाई सबै जान्नुहुन्छ, **एस बुद्धो** = यो भगवान् बुद्ध, **अनुत्तरो** = सर्वोत्तम हुनुहुन्छ, **तं बुद्धं** = वहाँ बुद्धको, **सरणं गच्छ** = आधार भनी शरणमा जानुस्, **त्वञ्च** = तपाई आर्य महाराज पनि, **मे** = मेरो, **सरणं भव** = आधार, शरण बन्नुहोस् ।

अनि उतेन महाराजले 'ठीक छ, तिमीलाई पनि शरण मान्छु, भगवान् बुद्धको पनि शरण जान्छु, तिमीले चाहेको वर पनि दिन्छु' भनी स्वीकारोक्ति प्रकट गरे । त्यसरी प्रकट गरिसकेर भगवान् बुद्धसमक्ष पुगी शरणगमन पनि समादान गरे, बुद्ध प्रमुख भिक्षुसंघलाई पनि निमन्त्रण गरी ७ दिनसम्म महादान पनि दिए । श्यामावतीलाई पनि वरदान ग्रहण गर्न लगाए । श्यामावतीले भगवान् बुद्धसहित ५०० भिक्षुहरू दिनहुँ भोजन दान ग्रहण गर्नपाल्नुहुन निमन्त्रण गरिदिनुपर्ने भन्ने वर मागिन् । उतेन राजाले भगवान् बुद्धकहाँ गई निमन्त्रण गरे । भगवान् बुद्धले आयुष्मान् आनन्दसहित ५०० भिक्षुहरूलाई पठाउन लगाउनुभयो । त्यो बेलादेखि श्यामावती प्रमुख



Downloaded from http://dhamma.digital

भएकी ५०० परिचारिकाहरूले दिनहुँ भिक्षुसंघलाई दर्शन गरी भोजन पनि दानप्रदान गर्न पाए । उपदेश पनि सुन्न पाए ।

अहिले भनेर आएको श्यामावती कथावस्तुमा राजा उतेनले गलत धारणा राखी क्रोध जगाएर धनुषवाणद्वारा हानेको बेला बाण श्यामावतीतिर नगई फर्केर आउनु मैत्रीभावनाको कारणले नै हो । मैत्रीको आनिशंस प्रतिफल ११ वटा भित्रको 'आगो, विष, शस्त्रहरू हुन्न प्रभावित शरीरमा' भन्ने प्रतिफल आनिशंस अनुरूप बाण शस्त्रले नलागेको प्रतिफल नै हो । साँच्चिकै घटनासित विचार गर्दा मैत्रीलाई मात्र गम्भीर एवं एकाग्रतापूर्वक भाविता गरिरहनुपर्दछ । त्यसरी भाविता गरिरहेमा भय अन्तरायबाट मुक्त हुनसक्दछ । केही भएर अन्तरायबाट मुक्त नभएमा पनि विशेष कुशल लाभ भएरै गएको हुन्छ, घाटा हुनेछैन, लाभ हुने निश्चित छ ।

## सिंहबाहु कथावस्तु

श्रीलंकन इतिहासमा सिंहसित सहवास भएकी राजपुत्रीबाट जन्मेर आएको सिंहबाहु भन्ने व्यक्ति १६ वर्षको उमेरमा पुगेको बेलामा उसले आफ्नी आमासित सोध्यो, 'आमा र हाम्रा बाबु किन अलग जात भई भिन्न भइराखेको नि ?' अनि आमाचाहिँले "आफू वंग राष्ट्रको राजाकी छोरी भएकी र एक समूह यात्रीहरूसँग मगध राष्ट्रतिर निस्केर आउँदा सिंहसित भेट भयो । सबै व्यक्तिहरू भागेर गए । आफू चाहिँ सिंहसित सम्बन्ध जोडिनेछ भन्ने ज्योतिषको कुरा सुनिराखे अनुसार नभागी त्यसै उभिरहँदा त्यो सिंहले मलाई काँधमा बोकी गुफाभित्र लिएर गएको थियो" भन्ने आदि विषय बताइन् । त्यसपछि किन मनुष्य संसारतिर नगइरहिरहेको नि' भन्दा 'तिम्रो बुबा सिंहले गुफाको द्वारमा ठूलो ढुंगाले छोपिराखेकोले बाहिरिन नसकेको भनी बताइन् । त्यसपछि सिंहबाहुले ठूलो ढुंगालाई हटाई आफ्नी आमा र बहिनीलाई बोकेर प्रदेशको नाका जोडिएको गाउँतिर भागेर आए ।

त्यो बेला सिंहले आफ्नी स्वास्नी र छोराछोरीहरूलाई नदेखेकोले शोकग्रस्त भई खोजखाज गर्न लाग्यो । जहाँ जहाँ पुग्यो त्यहाँ त्यहाँ जंगलसित जोडिएका गाउँका मानिसहरूलाई पनि दुःख दिन लाग्यो, सम्बन्धित व्यक्तिहरूले उजुर गरेकाले वंग राष्ट्रका राजाले सिंहको भयलाई दमन गर्नसक्ने व्यक्तिलाई तीन हजार बक्शीश दिने भनी घोषणा गरे । सिंहबाहुले



Downloaded from http://dhamma.digital

सिंहलाई दमन गरेर मार्न विचार गऱ्यो । उनकी आमाले दुईचोटि सम्म रोकिन् । तेस्रोबारमा आमालाई जानकारी नगराई बक्शीशको पैसा स्वीकार गऱ्यो । राजाकहाँ आइपुग्दा राजाले सिंहलाई दमन गर्न सकेमा राज्य नै सुम्पिदिनेछु भने । सिंहबाहु सिंह भएको ठाउँतिर गयो । टाढैबाट सिंहमा पनि छोरालाई देख्नपाएको ले प्रेमपूर्ण मैत्रीचित्त उब्जिरह्यो । त्यो बेलामा सिंहबाहुले धनुषबाणद्वारा हाने पनि मैत्रीको सामर्थ्यको कारणले बाण सिंहको शरीरमा नघुसी फर्केर आई सिंहबाहुको पाउनिर खस्यो । दोस्रो, तेस्रोबारमा पनि हानेको बाण अघिको जस्तै नै सिंहबाहुको पाउनिर नै खस्यो । त्यो बेला सिंहमा प्रेमपूर्ण मैत्रीचित्त भंग भई द्वेष जागेर आयो । त्यसैले चौथोपटक हानेर पठाएको बाण सिंहको शरीरमा लागी भित्र घुसेर गयो । यो सिंहबाहु कथावस्तुद्वारा मात्र मैत्री नभई छोरा भन्ने कारणले पनि बाणशस्त्रले नलागी भित्र नघुसी रहनसक्दो रहेछ भनी सम्झनुपर्ने देखिएको छ ।

## सुवर्णशाम कथावस्तु

अहिले भनेर आइसकेको मैत्रीको फलानिशंसहरूसितको सम्बन्धमा मिलिन्दप्रश्न ग्रन्थमा यसरी प्रश्न र उत्तर रहेको छ । प्रश्न 'मैत्रीको ११ वटा फल देखाइराखेको मा - मैत्री भाविता गरिरहने व्यक्तिको शरीरमा आगो, विष, तलबार आदि शस्त्र लाग्दैन । सुवर्णशाम जातक कथावस्तुमा सुवर्णशामले संधै मैत्री वृद्धि गरिरहन्छ भनिराखेर पीलियक्ख नामक राजाले शिकारमा गइरहँदा सुवर्णशामलाई भेटेको बेला आश्चर्यको कुरालाई जान्न चाहेको ले धनुषबाणले हानेर पठाउँदा विष लागेको बाणले लागी विष चढेको विषय उल्लेखित छ । त्यसो हँदा मैत्री भाविता गरिरहने व्यक्तिमा अस्त्रशस्त्र लाग्न सक्दैन भन्ने कुरा सही हो भने सुवर्णशामलाई बाण लाग्यो भन्ने कुरा गलत हुनुपऱ्यो, सुवर्णशामलाई बाणशस्त्र लाग्यो भन्ने कुरा सही हो भने मैत्री भाविता गरिरहेको व्यक्तिमा शस्त्र लाग्न सक्दैन भन्ने कुरा गलत हुनेभयो । यी दुई तथ्य बिल्कुल प्रतिपक्ष भइरहेको लाई निराकरण गरिदिनुस्' भनी मिलिन्द राजाले नागसेनसँग सोधें ।

त्यो प्रश्नलाई आयुष्मान् नागसेन स्थविरले यसरी उत्तर दिनुभयो । उत्तरको प्रक्रिया – मिलिन्द महाराज ! मैत्री भाविता गरिरहने व्यक्तिमा शस्त्र लाग्नसक्दैन भन्ने कुरा पनि सही नै हो, सुवर्णशाममा वाण लाग्यो



Downloaded from http://dhamma.digital

भन्ने कुरा पनि सही नै हो, यसरी सहीमात्र भए पनि परस्पर विरोधाभास नहुनाको कारण शस्त्र लाग्न सक्दैन भन्ने प्रतिफल व्यक्तिको सामर्थ्यको कारणले होइन, मैत्रीको सामर्थ्यले मात्र हो । सुवर्णशामले मैत्री भाविता गरिरहेको छ भनेतापनि त्यो बाण लागेको क्षणमा पानीको घैंटो उचाल्दै रहेको क्षण भएर मैत्री भाविता गर्नु खालिरहिरहेको समय भइरह्यो । तसर्थ वाण लाग्न पुगेको हो ।

'उदाहरणको रूपमा (पौराणिक समयमा) सैनिकहरूमा फलाम आदिद्वारा बनाइराखेका अंगरक्षक पोशाकहरू हुन्छन्, ती पोशाकहरू लगाइराखेका बेला वाण पनि घुस्न सक्दैन तरबार प्रहार गर्दा पनि चोटपटक लाग्न सक्दैन । त्यो अंगरक्षक पोशाक प्रतिरोध क्षमता मात्र हो । मानिसको सामर्थ्य होइन । त्यसैले अंगरक्षक पोशाक नलगाइराखेको बेलामा त्यो मानिसमा वाण लागी पस्न सकिन्छ, भाला पनि पस्न सकिन्छ, शस्त्र पनि लाग्न सकिन्छ, त्यस्तै नै शस्त्र लाग्न सक्दैन भनेको मैत्री भाविता गर्ने व्यक्तिको सामर्थ्य होइन, मैत्रीको मात्र सामर्थ्य हो । त्यसैले मैत्रीभावना खालिरहेको क्षणमा सुवर्णशामलाई वाण लागेको हो ।

'दोस्रो उदाहरण – पानी न चुहिने बिल्डिंग घरमा रहने व्यक्तिमा पानीले भिज्न सक्दैन, त्यो पनि मानिसको सामर्थ्य होइन । बिल्डिंगको प्रतिरोध क्षमता मात्र हो । त्यसैले घरबाट बाहिर निस्किरहने क्षणमा पानीले भिज्नसक्ने जस्तै मैत्री-भावना खालिरहने क्षणमा शस्त्र पनि लाग्न सकिन्छ नै ।

'अर्को एउटा उदाहरण – दिव्य औषधी रूख । त्यो दिव्य औषधी युक्त काठको टुक्रालाई समाइराख्यो भने त्यो व्यक्तिलाई अन्य व्यक्तिहरूले देख्दैन । शरीर अदृश्य भइरहेको हुन्छ भनिन्छ ।' यसलाई अहिलेका जमानाका मानिसहरूले विश्वास गर्नसक्ने हुन् कि होइनन् । तैपनि मिलिन्दप्रश्नमा भएअनुसार यहाँ उल्लेख गरिएको हो । त्यसरी शरीर अदृश्य भइरहनु मानिसको सामर्थ्य होइन, दिव्य औषधी रूखको सामर्थ्य मात्र हो । त्यसैले दिव्य औषधी रूख समाइनराखेको बेलामा त्यो मानिसलाई प्रत्येक मानिसले देख्नसक्ने भइरहे जस्तै शस्त्र नलाग्न सक्नु मानिसको सामर्थ्य होइन, मैत्रीको सामर्थ्यमात्र भएको कारणले मैत्रीभावना खालि भइरहेको क्षणमा शस्त्र पनि लाग्न सकिन्छ । त्यसो भएर भय अन्तराय रहिरहने बेलामा भय अन्तराय सुरक्षित राख्न चाहन्छ भने मैत्रीलाई निरन्तर भाविता गरिरहनु आवश्यक हुन्छ ।



Downloaded from http://dhamma.digital

# मिथ्याविमुक्ति

"**मिच्छाविमुत्ति** = मिथ्याविमुक्ति' भनेको साँच्चिको विमुक्ति नभइकन साँच्चिको विमुक्तिको हिसाबले विश्वास गरी धारणा राखिराख्ने धर्म हो । यो विभिन्न किसिमका थरीथरीका धेरै नै रहेका छन् । बुद्धशासनबाहिरका व्यक्तिहरूले धारणा राखिराखेका विमुक्तिहरू पनि छन् । बुद्धशासनभित्र मिथ्यारूपमा धारणा राखिराखेका विमुक्तिहरू पनि छन् । बुद्धशासनबाहिर का विमुक्तिहरू त आत्मालाई खोज्दा आत्मा भेटियो भने विमुक्त हुन्छ भनी भनिराखेको पनि छ । आत्मा र स्कन्ध शरीरलाई छुट्याएर गयो भने मुक्त हुन्छ भनी भनिराखेको पनि छ । भगवान् बुद्धको पालामा निर्ग्रन्थनाटपुत्र भनी प्रख्यात भएको गणाचार्यको शिष्य जैन धर्मावलम्बीहरूले त आत्मातिर नयाँकर्ममा पुगनसक्नेगरी आचरण गर्नु, पुरानो कर्म सकिने गरी दुःख भोग्नुद्वारा मुक्त हुन्छ भनी भन्दछन् । त्यसरी आचरण गर्नुद्वारा वस्त्रमा समेत आसक्ति नरहने गरी विमुक्त भइसकें भनी धारणा राखी उनीहरूले वस्त्र धारण नगरी बस्ने गर्छन् । त्यसरी वस्त्र नभएका व्यक्तिहरूलाई उनका धर्मावलम्बीहरूले **अरहत्त** = अरहन्त भनी विश्वास गर्दछन्, शरणमा गई मान्दछन् ।

अहिले पनि भारतमा त्यसप्रकारका अरहत्‌हरू रहिरहेका छन् । कोही कोही धर्मावलम्बीहरूले अग्निपूजाद्वारा आफू मुक्त हुन्छन् भनी ग्रहण गर्दछन् । कोही कोही धर्मावलम्बीहरूले गंगानदीको पानीमा नुहाउनुद्वारा निर्दोष भई मुक्त हुन्छन् भनी ग्रहण गर्दछन् । कोही कोहीले ईश्वर नामक भगवान्‌लाई विश्वास गरी शरण लिनुद्वारा अन्तरीक्ष भूमिमा पुगी मुक्त हुन्छन् भनी ग्रहण गर्दछन् । आलार ऋषि, राम ऋषि, उदक ऋषिजस्ता व्यक्तिहरूले आकिञ्चन्यायतनध्यान नैवसंज्ञानासंज्ञायतनध्यानद्वारा मुक्त हुन्छन् भनी ग्रहण गर्दछन् । कोही कोहीले एक न एक रूपध्यानद्वारा मुक्त हुन्छन् भनी धारणा गर्दछन् । बकब्रह्माले त आफ्नो प्रथमध्यान ब्रह्मभूमिमा पुग्यो भने मुक्त हुन्छ भनि भनीराखेको छ । त्यसरी विमुक्ति प्रक्रियाहरू धेरै रहेका छन् ।

बुद्धशासनभित्र पनि एक न एक ध्यान प्राप्त हुने बित्तिकै मुक्त भइसक्यो भनी सम्झने गरिरहेको पनि छ । त्यसरी सम्झने गरिरहेको प्रक्रियालाई यो सूत्रको शुरू शुरूमा भगवान् बुद्ध स्वयंले पनि उल्लेख गरी उपदेश दिनुभएको छ । यो सल्लेख सूत्र उपदेशमा पनि शुरू शुरूको खण्डमा



Downloaded from http://dhamma.digital

महानाम स्थविर, महातिस्स स्थविरहरूमा सम्झनारहेको प्रक्रियालाई उद्धृत गरेर देखाइएको थियो। त्यसलाई फेरि हेर्नुपर्ला। अनि फेरि उदयव्ययज्ञानतिर पुग्नेबेलामा अवभास, प्रीति, सुख आदि विशेषताहरू देख्न पाउँदा मार्गफलमा पुग्यो भनी सम्झनपुग्ने योगीहरू पनि छन्। विशिष्ट अनुभूतिहरू भनेका कस्ता किसिमका हुन् त भन्दा थाकिरहँदा शीतल भई राम्रो लाग्ने अनुभूति, हलुका भएर जाने अनुभूति, झ्वात्त कम्पहुने अनुभूति, पल्टिनपुग्ने अनुभूति, आकार संस्थान विशिष्ट आलम्बनहरू देखापर्ने अनुभूति शब्द सुनाइदिने अनुभूति, अशुभ आलम्बन देखापर्ने अनुभूति, आकाशीय अनुभूति, पानीको फाँटजस्तो अनुभूति, प्रकाशीय अनुभूति यस्तैयस्ता विशिष्ट अनुभूतिहरू छन्।

कसै कसैमा भरखर भरखर भाविता गर्दा एक दुई घण्टाजति भित्र होस् या एक, दुई, तीन दिनजति भित्रमा होस्, बसिरहँदारहँदै विस्मृति भएको जस्तो भइरहन सक्छ; उचालेर हेऱ्यो भने बसिरहेको आसन भंग नभइकन नै माथि उठेर आउन सक्छ। तैपनि सोधपूछ गरेर हेरियो भने त्यस्तो व्यक्तिले नामरूप छुट्याएर जान्ने प्रक्रियालाई पनि भन्न सक्दैन। त्यसैले त्यस किसिमकोलाई समाधिमात्रले विशिष्ट एकप्रकार अनुभूति भन्नुपर्ने हुन्छ। तैपनि बहुश्रुत नभएका व्यक्तिहरूको दृष्टिले भने "नामरूप निरोधतिर पुगिरहेको छ, फलमा प्रवेश गरिरहेको छ" भनी सम्झना एवं धारणा राख्नसक्ने हुन्छ।

महत्त्वपूर्ण विषय त विपश्यनाज्ञानहरू क्रमशः उत्पन्न भइसकेर मात्र मार्गफलज्ञानद्वारा निरोध र शान्त हुने स्वभावतिर पुग्न गई विमुक्त हुनु आवश्यक छ। त्यसरी मुक्त भइसकें भनी सम्झने व्यक्तिमा कमसेकम बुद्ध, धर्म, संघ र आचरणीय शिक्षाप्रति विश्वास गर्नमा दृढता हुनु, आत्मदृष्टि रहित हुनु, द्वन्द संशय रहित हुनु, मार्गांग नभएको व्रतआचरणजस्तालाई विश्वास नगर्नु, पञ्चशील संरक्षित हुनु पनि अत्यावश्यक छ। धर्म सिद्ध भयो, श्रोतापन्न भइसकें भनी पञ्चशीलजति पनि सुरक्षित रहेन भने त्यस्तो विमुक्ति मिथ्याविमुक्ति नै हो भनी सम्झनुपर्दछ। त्यसैले स्मरणिकामा "विमुक्त नभइकन पनि, विमुक्त भएं भनी धारणा राख्नु, मिथ्याविमुक्ति हो" भनेर भनिराखिएको हो।

यो ठाउँमा उपरिपण्णास अट्ठकथा सामगामसुत्त संवर्णनामा उल्लेख गरिराखेको मिथ्याविमुक्ति उत्पन्न हुने प्रक्रिया कथावस्तुहरूलाई बहुश्रुत उत्पादनको निमित्त उल्लेख गरेर देखाउन चाहन्छु।



Downloaded from http://dhamma.digital

# तेजप्रकाश अरहन्त

एकजना स्थविरले कर्मस्थान याचना गर्ने शिष्यहरूलाई यसरी कर्मस्थान दियो भनिन्छ। एकक्षणमै अरहन्त बनाउनसक्ने कर्मस्थान बताइन्छ। 'आफ्नो ठाउँ विहारको कोठाभित्र प्रवेश गरी मूलकर्मस्थानलाई हृदयंगम गरेर बस्नुपर्नेछ। त्यसरी हृदयंगम गरेर बसिरहँदा तेजप्रकाश निस्केर आएमा त्यो प्रथममार्ग हो। त्यस व्यक्तिले लगातार भाविता गरिरहँदा दोस्रोपटक तेजप्रकाश फेरि निस्केर आएमा त्यो द्वितीयमार्ग हो। त्यस्तै तृतीयपटक, चौथोपटक तेजप्रकाश निस्केर आयो भने पनि तृतीयमार्ग, चतुर्थमार्ग नै हुन्। यति भएमा अरहत्त्वमार्ग, अरहत्त्वफल पुगिसकेको हुन्छ' भनी कर्मस्थानको उपदेश गरी निर्देशन दिइयो भनिन्छ। त्यसरी कर्मस्थान दिएको ले उनका शिष्यहरूले त्यो गुरुस्थविरलाई अरहन्त नै हो भनी विश्वास एवं निर्णय गर्न लागे। पछिको समयमा त्यो स्थविर परलोक भएर गएको बेलामा अरहन्त परिनिर्वाण हुनुभयो भनी धारणा एवं विश्वास राखी विशाल एवं भव्यरूपमा पूजा गरी दाहसंस्कार गरे। अस्थिहरू पनि संग्रह गरी चैत्य बनाइराखे।

त्यो बेलामा बहुश्रुतले सम्पन्न भएका आगन्तुक पाहुना भिक्षुहरू आइपुगी सोधेर हेरेका बेलामा बिहारनिवासी शिष्य भिक्षुहरूले उनीहरूको गुरु स्थविरले कर्मस्थान उपदेश गर्नुभएको प्रक्रियालाई बताएर परिनिर्वाण भएर जानुभएको, धातुहरूलाई चैत्य स्थापना गरिराखेको विषयहरू बताए। त्यो बेलामा आगन्तुक भिक्षुहरूले "आयुष्मान्हरूको गुरु महास्थविरले देख्नुभएको तेजप्रकाश मार्ग होइन, विपश्यना मलीन पार्ने कारण उपक्लेश भनिन्छ। आयुष्मान्हरूले विपश्यनाको विषयलाई जान्नुभएको रहेनछन्। उनी महास्थविर पुथग्जन् नै हुन्" भनी धर्मग्रन्थ अनुरूप स्पष्ट गरेर बताए। तैपनि त्यो महास्थविरका शिष्य भिक्षुहरूले आफ्ना गुरुलाई पृथग्जन भनी भन्नुहुन्छ भनेर सहन नसकी विवाद गरिरहे। त्यसरी अरहन्त नभएको व्यक्तिलाई अरहन्त भनी धारणा गलत भइरहेको दृष्टिलाई त्याग गरिएन भने त्यस्ता व्यक्तिहरूमा मार्गफल पनि लाभ हुनसक्दैन; देवलोकसम्म पनि पुग्न सक्दैन भनी अट्ठकथामा दर्शाइराखेको छ। दर्शाइराखेको प्रक्रियालाई उल्लेख गरेर देखाउनेछु।

**एवं वादीनं** = यसरी गलत दृष्टिवाद भएका, **भिक्खूनं** = भिक्षुहरूको, **सतं वा होतु सहस्सं वा** = सय वा हजार भएतापनि, **याव तं लद्धिं नप्पजहन्ति**



Downloaded from http://dhamma.digital

= त्यो गलत दृष्टिवादलाई परित्याग नगरुञ्जेलसम्म, **सग्गोपि मग्गोपि वारितोयेव** = देवलोकलाई पनि मार्गलाई पनि रोकेको हुन्छ ।

त्यसमा टीकाले यसरी फेरि वर्णन गरेको छ –

निन्दनीय पृथग्जनभावमा स्थित व्यक्तिलाई प्रशंसा गर्न योग्य आर्यभावतिर उचालेर ग्रहण गरिराखेको त्यस मिथ्यादृष्टिलाई दृढतापूर्वक संग्रह गरी विवाद गरेको कारणले "देवलोकलाई पनि मार्गलाई पनि रोकिएको नै हुन्छ" भनी अट्ठकथाचार्यले भनेको हो ।

त्यो आफ्नो गुरुलाई सत्य नभइकन नै माथि उचाली विवाद गरेर भनिरह्यो भने दोष बढी भएको विषयमा विशेष होश राख्नुपर्ने नै भयो ।

# कराहीमा भुटेको अरहन्त

त्यही अट्ठकथामा अर्को एकजना स्थविरले उपदेश गरेको प्रक्रियालाई पनि यसरी जोडेर दर्शाइराखेको छ । 'कल्पनाद्वारा तीनवटा चुल्हो व्यवस्था गरी, कल्पनाद्वारा नै कराही बसाल्ने, कल्पनाद्वारा आगो राख्ने, कल्पनाद्वारा नै आफ्ना ३२ कोट्ठास (अवयवहरू) लाई कराहीमा राखी कल्पनाद्वारा नै काठले चलाई चलाई भुट्ने, खरानी हुने बेलामा मुखले फू गरेर उडाइपठाउने, त्यस्तो व्यक्तिले अकुशलकर्मलाई झारेर पठाइसकेको भिक्षु भन्दछ' भनी उपदेश दियो भनिन्छ । त्यसरी उपदेश दिने गुरुलाई पनि अघिको विधिअनुसार अरहन्त भनी ग्रहण गरी चैत्य स्थापना गरे । आगन्तुक भिक्षुहरूसँग विवाद गरिरहे भनिन्छ ।

# आरी (विशाल घैंटो) अरहन्त

अर्को एकजना स्थविरले त 'कल्पनाद्वारा ठूलो घैंटो राखिराख्ने, कल्पनाद्वारा नै ३२ कोट्ठासलाई त्यो घैंटोभित्र राख्ने, कल्पनाद्वारा नै चलाउने काठ जोडी चारैतिर घुमाएर चलाउने, चलाएर जम्मै चूर्ण भईसक्ने बेलामा माथि उठेर आउने फिंज सेवन गर्ने । त्यो अमृतलाई सेवन गर्न पाएको हो भनी उपदेश गरियो । त्यसरी उपदेश गर्नु त 'कायगतास्मृतिलाई सेवन गर्न पाएका व्यक्तिहरूले अमृत निर्वाणलाई सेवन गर्न पाएको हो' भनी उपदेश गर्नुभएको देशनालाई आधार लिएर गलत धारणा राखी उपदेश गरेको नै



Downloaded from http://dhamma.digital

हो भनिन्छ। त्यसरी उपदेश गर्ने गुरुलाई पनि उनका शिष्यहरूले अघिको विधिअनुसार अरहन्त भनी धारणा राखी पूजागर्ने, चैत्य स्थापना गर्ने गरे। सही कुरा बताउने आगन्तुक भिक्षुहरूसँग पनि विवाद गर्ने गरे। त्यो त्यस युगमा मिथ्याविमुक्ति उत्पन्न भएको प्रक्रियालाई उद्धृत गरिराखेको नै हो। ती अतीत युगसित तुलना गरेर हेर्ने हो भने अहिलेको युगमा त्यस किसिमका मिथ्याविमुक्तिहरू झन् बढी हुने सम्भावना छ। एक समयमा चार सत्य जान्यो भने भगवान् बुद्ध हुन्छ भनी उपदेश गर्नेले गरेको कारणले विश्वास गर्ने शिष्यहरूले उनीहरू आफै भगवान् बुद्ध भए भनेर समेत स्वीकार गर्ने व्यक्तिहरू प्रादुर्भाव भएर आएका थिए, तैपनि मिथ्याविमुक्तिहरूलाई सुनिश्चितरूपमा उल्लेख गरेर भनेमा अरूअरूलाई निर्देशित गरेर भनेको जस्तो हुनसक्नेछ। त्यसैले मिथ्याविमुक्ति विषयलाई यत्तिकै मै विश्राम दिएर राखिछोड्नुपर्ला।

## आघात नराखी सहन गर

आघात (दागा) राख्नाले वर्तमानमा पनि अनर्थ गराउनसक्छ। भविष्य संसारमा पनि अनर्थ उत्पादन गर्न सक्छ। त्यसैले यसरी आघात राख्नेजस्तो कुरालाई त अलग राख्नु नै बेस हुन्छ। वर्तमानमा पनि अनर्थ उत्पादन गराउन सक्ने प्रक्रिया – बदमाश मानिसलाई मूर्ख मानिसले आघात राखी बदला लिएको खण्डमा बदमाश मानिसका वंशजहरूले पनि मूर्ख मानिसलाई बदला लिने नै छ। अनि मूर्खका वंशजहरूले पनि बदमाशका वंशजहरूलाई बदला लिनेछ। यही विधिअनुसार अदला बदला गरी बदला लिने क्रिया निरन्तररूपमा चल्दै गइरहन सक्छ। त्यो वर्तमानमा अनर्थ उत्पादन गराउनसक्ने प्रक्रिया नै भयो।

भविष्य संसारमा अनर्थ उत्पादन गराउन सक्ने प्रक्रियाहरू त एक अर्काप्रति आघात राखेर गएमा संसारभर नै शत्रु रहन सक्छ। धम्मपद अट्ठकथामा देखाइराखेको कालीयक्षिणी कथावस्तुको जस्तो हुनजानसक्छ।

## कालीयक्षिनी कथावस्तु

बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडिको अतीत समयमा एकजना व्यक्तिले विवाह नगरी आमालाई भरण पोषण गरिरह्यो। त्यो व्यक्तिले घरमा पनि



Downloaded from http://dhamma.digital

खेतबारीमा पनि आफू एक्लैले काम गरिरहनुपरेको थियो। त्यो कुरा उसकी आमाले देखिरहँदा सहयोगको खातिर आफ्नो छोरोलाई घरगृहस्थी बसाल्न प्रेरणा दिइन्। छोरो हुनेले पनि आफ्नी आमा बाँचुन्जेलसम्म आमालाई सुखानन्दपूर्वक स्वतन्त्ररूपमा सेवा गर्न सक्न घरगृहस्थी नबसाली बस्न चाहेको विषय बतायो, तैपनि आमाले बारबार पटक पटक प्रेरणा दिएपछि अन्त्यमा अस्वीकार नगरी मौन भएर बस्नुपर्‍यो। त्यो बेला आमाले भावी बुहारी प्राप्तिका लागि घर घरपिच्छे जाने गरिन्। अनि छोरो चाहिँले आमालाई आफूलाई मनपर्नेको घर देखाइदियो। ती महिलासित विवाह सम्बन्ध जोडी बसिरहँदा ती महिला बाँझी रहने भइन्।

त्यसैले आमा चाहिँले कुलवंश म्हासेर जान नदिन अर्की एउटी महिलासँग सम्बन्ध जोडिदिन आफ्नो छोरोलाई भन्न लागिन्। छोरोले स्वीकार गरेन। तैपनि आमा चाहिँले बारबार भनिरहेकीले बुहारीले नै मन परेकी एउटी सानी महिलालाई मनाएर आफ्ना लोग्नेसँग बस्न लगाइन्। त्यसरी बसेकी ले ती महिलामा गर्भ रहेर आएको बेला जेठी स्वास्नी चाहिँले "यी मोरीले छोरो पाइन् भने उनीमात्रै यो घरमा मालिकनी हुनेछिन्" भनी चिन्तना गरी सौतालाई खानामा मिलाएर गर्भपतन हुने औषधी दिइन्। तसर्थ गर्भपतन भएर गयो। दोस्रोपटक गर्भ रहेको बेलामा पनि त्यही तरिकाले गर्भपतन गरियो। तेस्रोपटकमा छिमेकीहरूले विचार बुद्धि सिकाइराखेका ले गर्भ रहेको विषय जानकारी नदिइकन राखिन्। गर्भ परिपक्व भएपछि मात्र थाहा पाइयो।

त्यो बेलामा पनि जेठी स्वास्नीले हुनसक्ने तरिकाले गर्भपतन हुने औषधी दिएका ले गर्भ तुहेर पतन पनि हुन नसकी अति नै पीडाकष्ट भोग्नु पर्‍यो। त्यसरी अति पीडाकष्ट भोग्न परी मरणासन्न बेलामा यसरी आघात बाँधी प्रार्थना गरिन्। "दिदी, तिमीले मलाई यो घरमा आइपुग्न आफैले बिन्तिभाव गरेर बोलाएर ल्याइयो। तीन पटकसम्म गर्भपतन हुने गरी आफैले मायारचिन। यो पालोमा त म पनि मर्न आँटे, अर्को जुनीमा राक्षसनी भई तिम्रा छोराछोरीहरूलाई खानसक्ने हुनपाऊँ भनी कामना गरेर गइन्। त्यसरी कामना गरी मरेर गएको बेला उनी त्यही घरमा बिरालो भई जन्मिन्। गर्भपतन गराइदिने जेठी स्वास्नीलाई पनि उनकी लोग्नेले वंश छिन्न हुनेगरी काम गरिस् होइन ? भनी कुट्न हिर्काउन लाग्दा चोट लागेर मृत्यु भई त्यही घरमा नै कुखुरी भई जन्म हुनपुगिन्।

कुखुरीले फुल पारेको बेला पोथी बिरालीले आई खाइदिने भयो। तीन



Downloaded from http://dhamma.digital

तीन पटक त्यसरी खाइदिइसकेको बेला बिरालीले कुखुरीलाई समेत खान तम्सिन् । त्यो बेला कुखुरीले पनि "अर्को जुनीमा स-साना छोराछोरीसहित तिमीलाई पनि खानसक्ने होऊँ" भनी कामना प्रार्थना गरेर मरेर जाँदा मृगिनी भई जन्म हुन पुगिन् । मृगिनीले बच्चा पाएको बेला बज्जाहरूलाई पोथी चितुवाले तीन पटकसम्म खाइदिएर अन्तिम पटक मृगिनीलाई समेत खाइदिइन् । ती मृगिनीले पनि 'अर्को जुनीमा राक्षसनी भई यी पोथी चितुवालाई बच्चाहरूसहित खान सकूँन्' भनी प्रार्थना गरेर मरेर गएको बेला श्रावस्ती शहरमा कुलपुत्री भई जन्म हुन पुगिन् । शहर पस्ने ढोका नजिकको गाउँमा विवाह भई बच्चा पाएको बेलामा राक्षसनीले सहेली भेषमा आई बच्चालाई हेरेको जस्तो गरी खाएर जाने गरिन् । दोस्रोपटक बच्चा पाएको बेलामा पनि राक्षसनीले त्यही विधिले आएर खाइदिइन् ।

तेस्रोपटक गर्भधारण भएको बेलामा त भयबाट मुक्तहुने लक्ष्यराखी ती कुलपुत्रीले आफ्नो पैतृक घरमा (माउली) गई बच्चा जन्माइन् । नामकरण मंगलकार्य गरिसकेपछि आफ्नो मूलघरतिर आफ्नो लोग्नेसँग फर्केर आइन् । जेतवन विहार नजिकको पोखरीमा आफ्नो लोग्ने नुहाइरहेको अवस्थामै राक्षसनी आइपुगिन् । अनि ती कुलपुत्रीले आफ्नो लोग्नेलाई "चाँडचाँडै आउनू, ती राक्षसनी आउन लागिन्" – भनी वेतोडसँग चिच्याई बोलाएर बच्चासहित जेतवन विहारभित्र बेगले डगुरेर गइन् । त्यो बेलामा भगवान् बुद्धले चतुपरिषद् बीचमा उपदेश दिइरहनुभयो । ती कुलपुत्रीले भगवान् बुद्धको मूलपाउमा कुप्रेर बसी "यो बच्चा भगवान् बुद्धलाई अर्पण गर्दछु, यो बच्चाको ज्यान सुरक्षा गरिदिनुहोस्" भनी निवेदन गरिन् । जेतवन विहार ढोकारक्षक देवताले राक्षसनीलाई घुस्ने अवसर नदिइकन रोकिराख्यो ।

भगवान् बुद्धले आयुष्मान् आनन्दलाई राक्षसनी बोलाउन लगाउनुभयो । राक्षसनी आएको बेला बच्चाको आमाले "ती राक्षसनी आइपुगिन् भगवन्" भनी डराउँदै निवेदन गरिन् । भगवान् बुद्धले "आउन देऊ, चूप लागेर बस" भनी आज्ञा भई "आघात बाँध्नुद्वारा शत्रुभाव शान्त नहुनसकिने विषय अवैरभावले सहन गरेर बस्नुद्वारा नै मात्र शत्रुता शान्त हुनसक्ने विषय" आदि उपदेश दिनुभयो । त्यो उपदेश सुनिसकेर राक्षसनी श्रोतापन्न हुनपुगिन् । राक्षसनी र कुलपुत्रीहरूको आघात पनि शान्त भएर गयो । भगवान् बुद्धको आज्ञाअनुसार कुलपुत्रीले राक्षसनीलाई आफ्नो घर लिएर गई पालन पोषण गरिराखिन् । राक्षसनीले पनि वर्षा राम्रो हुन्छ



Downloaded from http://dhamma.digital

हुँदैन आदि निर्देशन दिई ती कुलपुत्रीको घरपरिवार समूहलाई रक्षा गरिरहिन् भनी धम्मपदअट्ठकथामा दर्शाइराखेको छ ।

त्यो कथावस्तुमा अदलाबदलाको रूपमा आघात बाँधेर आइराखेका भगवान् बुद्धसँग भेटघाट नभएको भए शान्त हुने थिएन । त्यसलाई विचार गरेर हेरेको खण्डमा आघात बाँध्नुले अनर्थ उत्पादन गराउँछ भन्ने विषय स्पष्ट छ ।

# बदला लिँदा उत्तमपुरुषहरूप्रति अपराध गर्न सकिन्छ

अर्को एउटा त आघात बाँधिने बेलामा सामान्य व्यक्ति भइरहेतापनि बदला लिने बेलामा त बुद्ध, अरहन्त, आर्यपुद्गललाई अपराध गर्न पुगेको पनि हुनसक्छ । त्यो त आयुष्मान् देवदत्त र चिञ्चमाणविकाहरूले बोधिसत्त्वभावदेखि शत्रुता राखी आघात राखेर आए । अन्तिम समय भगवान् बुद्ध हुनुभएको बेलामा तिनीहरूले भगवान् बुद्धप्रति अपराध गर्न पुगे । अनि पछि एउटी महिलाले एक जुनिमा तिनीलाई चारजना महाजन पुत्रहरूले सरसामान पनि लुटेर लिए, मानिसलाई पनि मारेर आएका ले राक्षसनी भइकन मार्नसक्नाखातिर आघात बाँधी प्रार्थना गरिन् । ती महिला राक्षसनी भई ती चारजना मानिसहरूप्रति बदला लिन लाग्दा अन्तिम पटकमा आर्य अरहन्त सत्पुरुषहरूप्रति नै अपराध गर्न पुगिन् । बाहिय दारुचीरियलाई अरहन्त भएर केही समय नबित्दैमा उनीले गाईको भेष धारण गरी सिंगले हानी मारिदिइन् । पुक्कुसातिलाई पनि अनागामी भएर केही समय नबित्दैमा उनीले गाईकै भेष लिएर सिंगले हानी मारिदिइन् । कुष्टरोगी भएको सुप्पबुद्धलाई पनि श्रोतापन्न भएर केही समय नबित्दैमा उनीले गाईको भेष लिएर सिंगले हानी मारिदिइन् । तम्बदाठिकलाई पनि विपश्यनाज्ञान लाभ भएर केही समय नबित्दैमा उनीले गाईकै भेषद्वारा सिंगले हानी मारिदिइन् । त्यसो हुँदा उनीमा आर्य अरहन्त सत्पुरुषहरूलाई मारेको अकुशलकर्मले महान् अपराधहरू लाग्नपुग्यो । भयावह नै भयो । त्यसैले आघात राखी शत्रुता बाँध्नुले अनर्थलाई अति नै उत्पादन गराउन सक्ने रहेछ । आघात – नराखी शत्रुता नबाँध्नु नै सबभन्दा असल हुँदोरहेछ ।



Downloaded from http://dhamma.digital

# अनुशासन ग्रहण गरेमा मात्र उन्नति वृद्धि हुन्छ

कोही कोही छोराछोरीहरू ले आमाबुबाका कुराहरू सुन्दैनन् । कोही कोही शिष्य शिष्याहरू ले गुरुवचन सुन्दैनन्, तलका मानिसहरूले माथिका ज्येष्ठहरूको कुरा सुन्दैनन् । कोही कोही सहनिवासीहरूले परस्पर भने बोलेको कुराहरू सुन्दैनन् । त्यसप्रकारका व्यक्तिहरू **दुब्बच** = अनुशासन उपदेश गर्न मुश्किल भएका (भनेको कुरा नमान्ने) दुर्वच व्यक्तिहरू नै हुन् । कोही कोहीले "कसैको कुरा पनि सुन्दैनन्, मेरो मनोमानी गर्छु' भन्ने विचारले जे मनपर्‍यो त्यही गर्नेहरू पनि छन् । त्यस्ता व्यक्ति सबभन्दा अनुशासनहीन व्यक्तिहरूभित्रमा प्रथमश्रेणीकै भनी भन्नुपर्‍यो ।

यो क्षेत्रमा मन नपराएर भन्ने बोल्ने पनि छ, त्यस्तो कुरा नसुन्नेलाई दोष छैन । दुर्वच भनेर पनि भन्न मिल्दैन । महत्त्वपूर्ण कुरा त "भूल गर्न अनुचित भएमा भूल नगराउन, भूल भइरहेकोलाई सही अवस्थामा पुर्‍याउन" भनी मैत्री करुणाद्वारा कारण फल सुहाँउदो किसिमले भन्ने बोल्ने होश दिलाउने अनुशासनका कुराहरूलाई मान्नुचाहिँ अत्यावश्यक हुन्छ । अनि फेरि अन्य व्यक्तिहरूलाई बिघ्नबाधा नदिनु, उपदेश वचनलाई पनि मान्नु अत्यावश्यक छ । त्यस्तो कुरालाई नसुन्ने भयो भने त्यस्तोलाई दुर्वच व्यक्ति भनी मान्नुपर्दछ । भगवान् बुद्धको पालामा दुर्वच अनुशासनहीन व्यक्तिको रूपमा विशेष नाउँ चलेको व्यक्ति त आयुष्मान् छन्न नै भयो ।

## आयुष्मान् छन्न स्थविर

आयुष्मान् छन्न सामान्य व्यक्ति होइन । बोधिसत्त्वले महाभिनिष्क्रमण गर्नुहुँदा साथमा लाग्ने व्यक्तिको रूपमा जान पाएका छन्न अमात्य नै हो । उसलाई घोडाको पुच्छर समाउने छन्न भनेर समेत व्यवहार गर्ने गर्दछन् । उनी पछिल्लो समयमा बुद्धशासनभित्र प्रवेश गरी भिक्षु हुनपुग्यो । भिक्षु भएर बसेको बेलामा विनय व्रताचरणसित नमिल्ने क्रियाकलापहरू गरेकोले सब्रह्मचारी भिक्षुहरूले उसलाई होश दिलाए, अववाद अनुशासन गरे । त्यसबेला उनले अनुशासन ग्रहण गरेनन् । फेरि प्रतिवाद गरी भन्ने बोल्ने गरिरह्यो । भनेको बोलेको प्रक्रिया "तिमीहरू



Downloaded from http://dhamma.digital

कस्तो खाले व्यक्तिहरू बनी मलाई अनुशासन गर्नुपरेको हो ? मलाई तिमीहरूले सामान्य व्यक्ति सम्भिरहेका छौ कि क्या हो ? म त बोधिसत्त्वले महाभिनिष्क्रमण गर्नुभएको बेलामा सँगसँगै हिँड्न पाएको संधैको साथी पो हो । त्यसबेलामा अनोमा नदीको किनारासम्म छोड्न जान परेको थियो, सेवाको काम पनि वहन गर्नुपरेको थियो । तिमीहरूले भरखर आएर अग्रश्रावक सारिपुत्र मौद्गल्यायन आदि भनी मूल शिष्यहरू बनिरहेका छौ । तिमीहरू त पछि आएका नयाँ शिष्यहरू मात्र हौ । तिमीहरूले भने को कुरा म मान्न सक्दिन" आदि भनी प्रतिवाद गरी भन्ने बोल्ने गरिरह्यो । त्यसलाई प्रत्यय कारण बनाई भगवान् बुद्धले शिक्षापद समेत प्रज्ञप्त गर्नुपरेको थियो ।

त्यो शिक्षापद भित्र अववाद अनुशासन गर्ने प्रक्रिया, कारण देखाइ राखेको प्रक्रिया अति नै रोचक छ । "(**भिक्खुहि सहधम्मिकं वुच्चमानो**) सहधार्मिकसँग बस्ने भिक्षुहरूले कारण देखाई अववाद अनुशासन गर्ने बेलामा कोही भिक्षुले उसलाई अववाद अनुशासन गर्न नपर्ने विषयमा भन्ने बोल्ने गरी प्रतिकार गरिरहेमा यसरी अववाद अनुशासन गर्नुपर्नेछ । अववाद अनुशासन गर्ने प्रक्रिया त – "तपाईं आयुष्मान्ले आफूले आफूलाई अरूहरूले अववाद अनुशासन गर्ननपर्ने, गर्न नहुने रूपमा नगरी, गर्नहुने रूपमा मात्र स्वीकार गरून्, आयुष्मान्ले पनि अन्य भिक्षुहरूलाई भन्नु पर्ने भएमा भन्नुस्, अन्य भिक्षुहरूले पनि आयुष्मान्लाई भन्नुपर्ने भएमा भन्नेछन् । यसरी परस्पर भन्नु बोल्नु अनुशासनगर्नुद्वारा भगवान् बुद्धको शासन उन्नति अभिवृद्धि भएर जानसक्नेछ" भनी अनुशासन गर्नुपर्दछ । यो अति नै राम्रो तरिका हो ।

तैपनि आयुष्मान् छन्नले अनुशासन ग्रहण नगरी प्रतिक्रिया गरिनै रह्यो । त्यसैले उनमा भगवान् बुद्ध परिनिर्वाण हुञ्जेलसम्म विशिष्ट धर्म प्राप्त नभइकन नै रहिरह्यो । परिनिर्वाण भइसक्नुभएर पछिल्लो समयमा मात्र भगवान् बुद्धले आज्ञा भएर जानुभएअनुसार संघले उनलाई ब्रह्मदण्ड दियो । '**ब्रह्मदण्ड**' भनेको आयुष्मान् छन्नले जे जे भन्न चाहयो भन्न दिने अन्य भिक्षुहरूले उनलाई केही पनि नभन्ने; अववाद अनुशासन पनि दिन नपर्ने । त्यो ब्रह्मदण्ड दिएको कुरा सुन्न परेको बेलामा मात्र आयुष्मान छन्नको अभिमान तोड्यो । भगवान् बुद्ध पनि रहनुभएन, सहधर्मीहरूले पनि मलाई भन्ने बोल्ने गरेनन् भने "म त अनाथ भइहाल्यो । अभिवृद्धिको निमित्त मरेको तुल्य भइहाल्यो नि त भनी विचार गरी उसको अभिमान झरेर



Downloaded from http://dhamma.digital

गयो । त्यो बेलामा मात्र आदर गौरवपूर्वक भावनाधर्म उद्योग र अभ्यास गरी अरहन्त भएर जानुभयो ।

चाहे लोकमा होस्, चाहे बुद्धशासनमा, अनुशासन ग्रहण गरेमा मात्र सभ्य हुन्छ, उन्नति अभिवृद्धि हुन्छ । परस्पर नबोली नभनिकन अववाद अनुशासन ग्रहण नगरी रहिरहेमा तिरश्चीन पशुहरूजस्तै असभ्य जंगली जीवनबाट माथि नउक्ली रहिरहने हुनेछ ।

## असत्मित्रसित संगत गरेकोले

बुद्ध, धर्म, संघलाई विश्वास गरिएन भने, कर्म कर्मफलको प्रतिफललाई विश्वास गरिएन भने त्यो हीन मित्र नै हो । त्यस्तो व्यक्तिलाई गुरुको रूपमा संगत गर्नु हुँदैन । यो भौतिक विषय व्यापारिक आदान प्रदान काम कार्यको निमित्त संगत गर्नुलाई भन्न चाहेको होइन । त्यो लौकिक कार्यको निमित्त सामान्य मित्रको रूपमा संगत गर्न सकिन्छ । आधार लिन योग्य गुरुको रूपमा संगत नगर्न भनेको हो । गुरुको रूपमा संगत गरेमा के हुन सक्छ त भन्दा त्यो पापमित्रले बुद्धलाई विश्वास नगरेको ले बुद्ध प्रति विश्वास नहुने गरिकन, विश्वास भंग गरिकन भन्ने बोल्ने गर्दछ । त्यो पापमित्र गुरुले विश्वास नभएको हुनाले ऊ आफैले पनि बुद्धवन्दना गर्ने आदर गौरव राख्ने गर्दैन । त्यसको देखासिखी गरेर बुद्धवन्दना गर्ने आदर गौरव राख्ने हलुका भएर गएमा हलुका भएर जानसक्छ । बिल्कुल नगर्ने भएर पनि बस्नसक्छ । धर्म, संघप्रति विश्वास नगरेको ले पनि त्यही विधिअनुसार देखासिखी गरेर जानसक्छ । कर्म, कर्मको प्रतिफललाई विश्वास नगर्ने गुरुले 'कुशल कर्म गर्नुपर्दैन । अकुशल पनि वर्जित गर्नुपर्दैन' आदि भन्ने गर्छ । गुरु आफैले पनि कुशल पनि गर्दैन, अकुशल पनि वर्जित गर्दैन । यसलाई शिष्यले पनि नक्कल गरी आचरणीय धर्महरू नष्ट भएर जानसक्छ ।

त्यसरी नै शील नहुने गुरुको संगत गरेमा आफ्नै शील भंग हुनजान्छ । रक्सी खाने गुरुको संगत गरेमा रक्सीबाज हुनजान्छ । कम बहुश्रुत भएको गुरुले धेरै बहुश्रुत भएको व्यक्तिलाई गौरव गर्दैन, आफू अनपढ भएकोले पढे लेखेका व्यक्तिहरूलाई संग्रह गर्न चाहँदैन किनभने उसले भने बोलेका कुराहरू ग्रन्थसाहित्यसित मेल नखाँदा अरूहरूले ग्रन्थसाहित्यसित मेल नखाएको कुरा भन्ने बोल्ने गर्छन्, त्यसलाई निराकरण गर्न नसक्दा ग्रन्थसाहित्यहरूलाई आरोप लगाई भन्ने बोल्ने गर्छन् । ग्रन्थसाहित्यहरू



Downloaded from http://dhamma.digital

गलत भइरहेको जस्तो, पढे लेखेका व्यक्तिहरू गलत भइरहेको जस्तो गरी बोल्छ भन्छ । त्यसलाई शिष्य हुनेले पनि स्वीकार गरी पढे लेखेका व्यक्तिहरूप्रति, ग्रन्थसाहित्यहरूप्रति अपराध गर्न थाल्दछ । अति नै भयावह छ ।

मात्सर्य भएको गुरूले अरू ठाउँमा दान गर्नुलाई रोक लगाउन सक्छ । अरूहरू समक्ष नपुग्ने गरी निषेध गर्न सक्छ । सही धर्म सुन्न र आचरण गर्न नपाउनेगरी रोक लगाउन सक्छ । आफू स्वयं सही विपश्यनाप्रज्ञा परिपूर्ण नभएमा सही विपश्यनाज्ञान उत्पन्न हुने गरी निर्देशन दिनसक्दैन । सत्य तथ्यलाई गलत सम्भने गरिकन पनि भन्न बोल्न जान्छ । त्यसरी बोल्ने गुरुको कुरालाई विश्वास गरिरह्यो भने सही धर्म मार्गमा पनि नपुग्ने हुन्छ । सही धर्म मार्गको उपदेश दिने व्यक्तिहरूप्रति पनि अपराध गरी भन्न बोल्न जान्दछ । प्रज्ञावान् सत्पुरुषहरूप्रति पनि अपराध गरी भन्न बोल्न जान्दछ । यो भयावह नै भयो ।

त्यो पापमित्र कस्तो खाले व्यक्ति त भन्दा भगवान् बुद्धका पालाका ख्याति प्राप्त पुरणकाश्यप आदि तीर्थंकर गणाचार्यहरू ६ जना जस्ता व्यक्तिहरूपनि पापमित्र नै हुन् । ती गणाचार्यहरूको अववादलाई अनुसरण गर्ने कोही कोही व्यक्तिहरूले त भगवान् बुद्धलाई दर्शन गर्ने अवसरसमेत पाएका थिएनन् । कोही कोही सही बुद्ध, सही धर्म, सही संघहरूप्रति उपहास अपराध गरी अरियुपवादन्तरायहरू भोग्न परेको हुन गए । भयावह नै भयो । अनि फेरि बुद्धशासनभित्रमा पनि आयुष्मान् देवदत्तजस्ता व्यक्तिहरू पनि पापमित्र नै हुन् भनी अट्ठकथामा दर्शाइराखेको छ । आयुष्मान् देवदत्तलाई शरण लिने व्यक्तिहरूलाई पनि हानी नोक्सानी भएका छन् ।

## आयुष्मान् देवदत्तलाई शरण लिएकोले हानी भएको प्रक्रिया

राजा अजातशत्रुले आयुष्मान् देवदत्तको शरण लियो । आयुष्मान् देवदत्तले यसरी निर्देशन दियो– राजकुमार, अघि अघि मानिसहरू दीर्घायु हुन्छन् । त्यसले बुबाज्यूको स्वर्गारोहण भइसकेपछिमात्र राज्यारोहण गरेतापनि आफूले राजसुख ऐश्वर्य अनुभवगर्न धेरै समय पाएको हुन्छ, अहिले त मानिसहरू दीर्घायु हुँदैनन् । तिम्रो बुबाज्यू स्वर्गारोहण भइसकेर मात्र



Downloaded from http://dhamma.digital

राज्यारोहण गर्ने हो भने तिमी नै बुढेसकालमा पुगिसक्ने हुन्छ। कामगुण सुख ऐश्वर्य अनुभवगर्ने समय आफूलाई रहने भएन। तसर्थ तिम्रो बुबाज्यूलाई घातगरी राज्यारोहण गर्नुपर्दछ।' यहाँनिर उनले निर्देशन दिएअनुसार षड्यन्त्र गरिएका प्रक्रियाहरू र अन्य निर्देशन दिएका प्रक्रियाहरू धेरै छन्। संक्षिप्तमा मात्र भनिन्छ। राजकुमार अजातशत्रुले आफ्नो गुरु आयुष्मान् देवदत्तले भनेको कुरालाई साँच्चिकै राम्रो तरिका र राम्रो मार्ग हो भनी विश्वास गऱ्यो। शिष्य भनेको ले गुरुले भनेको कुरालाई जहिले पनि विश्वास गर्छ नै।

त्यसैले राजकुमार अजातशत्रुले बुबाज्यू बिम्बिसार महाराजलाई जेलभित्र थुनि दियो। निराहार राख्यो। सबभन्दापछि पाइतलालाई छुराले चिर्न लगाई त्यसमा नून छर्काएर आगोमा ताप्न लगाइयो। महाराजको स्वर्गारोहण भयो। राजा अजातशत्रु पनि पितृघातककर्म नामक महापापको भागीदार बन्नपुग्यो। पछि एक समयमा संवेग प्राप्त गरी भगवान् बुद्धसमक्ष उपसंक्रमण गर्नपुग्यो। श्रमण बन्नुको प्रतिफल नामक श्रामण्यफल प्रश्न निवेदन गरी भगवान् बुद्धले सामञ्ञफलसुत्त भन्ने उपदेश दिनुभयो। यदि पितृघातकको भागिदार नभएको भए त्यो बेला राजा अजातशत्रु त्यो उपदेश सुनिसकेर श्रोतापन्न हुने कारण रहेको थियो, तैपनि पितृघातककर्मलाई उल्लंघन गरिएको हुनाले विशिष्टधर्म लाभ गर्न पाएनन्। मरण पछि पनि लोहकुम्भी नामक नरकतिर पुग्नुपरेको थियो। त्यो आयुष्मान् देवदत्त नामक पापमित्रलाई गुरुको रूपमा शरण लिन पुगेको ले हानी नोक्सानी खप्नुपरेको हो। के यो कुरा भयावह छैन र ?

# आयुष्मान् देवदत्तले प्रार्थना गरेका आचरणव्रत ५ वटा

अनि पछि आयुष्मान् देवदत्तले आफ्ना शिष्यहरू कोकालिक, कटमो दकतिस्सक, समुददत्त भिक्षुहरूसँग सरसल्लाह गरी संघगण भेदगर्न षड्यन्त्र रच्यो। षड्यन्त्र रचेको प्रक्रिया– ती चेला तीनजना भिक्षुहरूसँग भगवान् बुद्धसमक्ष गई उनले ५ वटा व्रताचरण प्रज्ञप्त गर्न प्रार्थना गरे। (१) भिक्षुहरू जीवनभर अरण्य विहारमा मात्र बस्नुपर्ने होओस्। ग्राम विहारमा बसेको खण्डमा आपत्ति लागोस्। (२) भिक्षाटन गरेर मात्र भोजन गर्न पाओस्,



Downloaded from http://dhamma.digital

निमन्त्रणा गरेर दान गरेको भोजन स्वीकार गरेमा आपत्ति लागोस् । (३) पांसुकूल चीवर मात्र ग्रहण गर्न पाओस्, दाताले दान दिएको चीवर स्वीकार गरेमा आपत्ति लागोस् । (४) वृक्षमूल धुताङ्ग धारण गरोस् र छत भएको ठाउँतिर प्रवेश गरेमा आपत्ति लागोस् । (५) शाकाहार मात्र सेवन गर्न पाओस्, माछा मासु सेवन गरेमा आपत्ति लागोस् । ती ५ वटा व्रताचरणहरू राम्रा मात्र भई आचरण गर्न नहुने खालका त थिएनन् ।

तैपनि, त्यही अनुसार शिक्षापद प्रज्ञप्त गरेमा सबैको लागि आचरण गर्न कठिन हुनेछ । भरखर भरखर बुद्ध हुनु भएको शुरूशुरूको वर्षावासमा भिक्षुहरू अरण्य विहारमा मात्रै रहेका थिएनन्; पांसुकूल धुताङ्ग वृक्षमूल धुताङ्गलाई पनि पालन गर्ने गरेका थिए । पिण्डपात्र धुताङ्गलाई पनि धेरैजसो धारण गरिएका थिए, तैपनि पछिल्लो समयमा ती धुताङ्गहरूलाई पनि कोही कोहीले धारण गर्न कठिन हुने सम्भावना देख्नुभएको ले आरण्यधुताङ्ग, पिण्डपात्रधुताङ्ग, पांसुकूलधुताङ्गहरूलाई धारण गर्न चाहेमा धारण गर्न, धारण गर्न नचाहेमा धारण नगर्न अनुमति दिनुभएको थियो । वर्षात चार महिनाबाहेक आठ महिनाभित्र चाहना रहेमा वृक्षमूल धुताङ्ग धारण गर्न पनि अनुमति दिनुभएको थियो । भिक्षुहरूको निमित्त मारेको नदेखेमा नसुनेमा द्वन्द संशयरहित भएर त्रिकोटि मुक्त भएको भए माछा मासु पनि सेवन गर्न अनुमति दिनुभएको थियो । त्यहीअनुसार अनुमति दिइसक्नुभएको विषय आज्ञा भई उनले प्रार्थना गरेको तथ्यलाई भगवान् बुद्धले निषेध गर्नुभयो ।

त्यसलाई राम्रो अवसरको रूपमा ग्रहणगरी आयुष्मान् देवदत्तले 'अल्पेच्छु हुने गुण उपकारहरूले सम्पन्न भएको ले ५ वटा व्रताचरणलाई भगवान् बुद्धसमक्ष प्रार्थना गरेको थिएं । भगवान् बुद्धले अनुमति दिनुभएन । हामीहरूले यी ५ वटा व्रताचरणहरूलाई आचरण गर्नेछौं । ५ वटा व्रताचरणलाई चित्त बुझेमा छन्द (भोट) दिनुस्' भनी संघपरिषद्मा घोषणा गऱ्यो । वज्जी राष्ट्रका बहुश्रुत कम भएका ५०० भिक्षुहरूले छन्द दिए । ती ५०० नवक भिक्षुहरूलाई साथमा लिई आयुष्मान् देवदत्त राजगृहनगरबाट गयाशीष क्षेत्रतिर गयो । त्यसपछि भगवान् बुद्धको आज्ञाद्वारा आयुष्मान् सारिपुत्र र आयुष्मान् मौद्गल्यायनहरू ती नवक भिक्षुहरूलाई ज्ञान बुद्धि दिन गयाशीष तिर पछि लागी जानुभएको थियो ।

त्यहाँ पुग्दा आयुष्मान् देवदत्तले ती ५०० नवक भिक्षुहरूलाई बुद्धको लीलाद्वारा उपदेश गरिरहेको अवस्था थियो । आयुष्मान् सारिपुत्र र आयुष्मान् मौद्गल्यायनहरू आइराख्नुभएको देखेको बेलामा आयुष्मान् देवदत्तले '**पस्सथ**



Downloaded from http://dhamma.digital

**भिक्खवे** = भिक्षुहरू लौ हेर, मैले उपदेश दिएको धर्म राम्रो भएको ले मेरो धर्मलाई रुचाएर श्रमण गौतमका महाअग्रश्रावक भएका सारिपुत्र र मौद्‌गल्यायनहरूसमेत मकहाँ आइपुगिसके' भन्यो । त्यो बेलामा उनको शिष्य कोकालिकले 'आवुसो देवदत्त, सारिपुत्र र मौद्‌गल्यायनहरू दूषित छन्द भएकाहरू हुन् । दूषित छन्दको पछि लागिरहेकाहरू हुन्' भनी निषेध गऱ्यो । त्यो ठाउँमा कोकालिकले भनेको प्रक्रियालाई बिचार गरेर हेर्नुपर्दछ । उनी दूषित छन्द भएको आयुष्मान् देवदत्तको शिष्य भइरहेकोले, उनी आफै पनि दूषित छन्द रहेको हुनाले आयुष्मान् सारिपुत्र र आयुष्मान् मौद्‌गल्यायनहरूलाई दूषित छन्द भएका हुन् भनेर आरोप लगाएको हो । यो बिल्कुल उल्टो भइराखेको छ ।

उदाहरणको रूपमा बहुलाले सद्यमानिसहरूलाई बहुला भन्नेजस्तै भइरहेको छ । कोकालिकले रोकेतापनि आयुष्मान् देवदत्तले 'मेरो उपदेश रुचाएर मकहाँ आएको राम्रो आगमन हो' भनी उनी बसेको ठाउँलाई आयुष्मान् सारिपुत्रको निमित्त एक छेउ छोडेर दियो । आयुष्मान् सारिपुत्रले 'पर्दैन आवुसो' भनी उचित भएको अर्को एक ठाउँमा बसिरहनुभयो । आयुष्मान् मौद्‌गल्यायन पनि अर्को एक ठाउँमा बसिरहनु भयो । आयुष्मान् देवदत्तले मध्यरातसम्म धेरै समय उपदेश दिइसकेर "आवुसो सारिपुत्र, भिक्षुहरूमा सुत्नु निदाउनु छैन, आवुसोले लगातार उपदेश दिनुस्, मैले त ढाड टन्किएको ले पसार्न लाग्दैछु' भनी डबल चीवर पत्याएर दायाँ हातको छेउद्वारा लेट्यो । त्यो भगवान् बुद्धले आयुष्मान् सारिपुत्रलाई भन्ने गर्नुभएको कुराअनुसार लेट्नुहुने प्रक्रियालाई नक्कल गरी बुद्धजस्तो बनेर देखाएको हो । भगवान् बुद्ध त्यसरी लेटिरहनुभएपनि न निदाई उपदेश अन्त हुने बेलामा साधु अनुमोदन पनि गर्नुहुने हुनुहुन्छ । आयुष्मान् देवदत्तमा त स्मृतिसम्प्रजन्य नरही केही क्षणभित्रमै गाढा निद्रामा परिहाल्यो ।

त्यसबेला आयुष्मान् सारिपुत्रले भिक्षुहरूको चित्तवृद्धि उत्पन्न हुने प्रक्रियालाई उल्लेख गरी अववाद उपदेश दिनुभयो । 'को भिक्षुले कस्तो कल्पना गरिरहेको छ, त्यो कल्पनालाई हटाइदेऊ" आदि भनी निश्चित गरी उपदेश दिनुद्वारा निर्देशन एवं अववाद दिनुभएको नै भयो । आयुष्मान् मौद्‌गल्यायनले ऋद्धि निर्माण गरेर देखाई अववाद उपदेश दिनुभयो । अत्यन्त श्रद्धा राख्नलायक दिलचस्प जगाउनलायकको भइरह्यो होला । त्यसैले त्यसरी दिनुभएको धर्मउपदेश सुनिरहँदारहँदै ती ५०० भिक्षुहरूमा श्रोतापत्ति मार्गज्ञान, फलज्ञान उत्पन्न भएर आई श्रोतापन्न हुन पुगे । त्यो बेलामा



Downloaded from http://dhamma.digital

आयुष्मान् सारिपुत्रले "हामीहरू भगवान् बुद्धकहाँ जान लागें । भगवान् बुद्धको उपदेश मनपराउने व्यक्ति पछिलागेर आए हुन्छ" भनी आयुष्मान् सारिपुत्र र आयुष्मान् मौद्गल्यायनहरू राजगृह नगर वेलुवन विहार भगवान् बुद्धकहाँ फर्केर आए । ती ५०० भिक्षुहरू पनि आयुष्मान् सारिपुत्रहरूसँगै एकसाथ पछिलागेर आए ।

त्यो बेलामा कोकालिकले आयुष्मान् देवदत्तलाई रीसले छातीमा घुँडाले हानी जगायो । "सारिपुत्र र मौद्गल्यायनहरू दूषित चाहना भएका हुन् । घनिष्ट सम्बन्ध राखी स्वीकार नगर्नु भनेर मैले भनेको होइन र ? अहिले तिम्रा शिष्य भिक्षुहरू जम्मै पछिलागेर गइसके' भनेर पनि उनलाई हप्काइ डप्काइ गऱ्यो ।

त्यसमा कोकालिकले भनेको प्रक्रियालाई विचार गरेर हेर्नुछ । उसले हीन आयुष्मान् देवदत्तलाई गुरुको रूपमा शरण लिइरहेको भएर अत्यन्त परिशुद्ध श्रेष्ठोत्तम हुनुभएका आयुष्मान् सारिपुत्र र आयुष्मान् मौद्गल्यायनहरूलाई दूषित चाहना भएका हुन्, दूषित छन् भनी आरोप लगाएर भनिरह्यो । त्यो हीन आचार्यकहाँबाट हीन मनोवृत्तिहरू सरेर आएका नै हुन् । असत्पुरुषलाई सेवन गर्नाले सत्पुरुषप्रति अपराध गर्न लागेको नै हो । यो अत्यन्त भयावह छ । त्यसैले पापमित्रलाई वर्जित गर्नुपर्दछ । त्यो वर्जित गर्नुपर्ने पापमित्रलाई पनि जान्न सक्नाखातिर "श्रद्धा, शील, श्रुतरहित मात्सर्य युक्त बुद्धिहीन बालमित्र वर्जित गर' भन्ने यो स्मरणिकालाई याद गरिराख्नुपर्दछ ।

श्रद्धा, शील, श्रुत रहित पुद्गल, मात्सर्य युक्त पुद्गल, त्यसप्रकारको पुद्गललाई सत्मित्र, राम्रो गुरुको रूपमा सेवन गर्नु भएन, आधार लिनु भएन, वर्जित गर्नुपर्दछ ।

# जानेर आचरण गरेमा मात्र प्रतिफल लाभ

ग्रन्थ वाङ्मय थुप्रै जानी बुझिराखेतापनि शीलाचरणलाई आदर गौरवपूर्वक आचरण नगरेमा समाधिआचरण, प्रज्ञाआचरणलाई पनि आचरण नगरेमा धेरै प्रतिफल हुँदैन । आचरण गर्नु बढी महत्त्वपूर्ण छ । शीलसहित आदर गौरवपूर्वक आचरण नगरेमा असल जानी बुझिराखेका बहुश्रुतहरू केही पनि प्रतिफल भएको हुँदैन । बढ्ताजस्तो मात्र भइरहन्छ । बहुश्रुत



Downloaded from http://dhamma.digital

भएको स्थिति छैन भन्न खोजेको हो । यो ठाउँमा मित्र भिक्षु दुइजनाको विषय धम्मपद अट्ठकथाबाट उद्धृत गरी साधक नमूनाको रूपमा देखाइनेछ ।

# मित्र भिक्षुहरू दुईजना

भगवान् बुद्धको पालामा श्रावस्ती नगरका दुईजना मित्रहरू भगवान् बुद्धको उपदेश सुन्न पाएर श्रद्धाधर्म उत्पन्न भई बुद्धशासनमा प्रवेश गरी भिक्षु भए । भिक्षु भइसकेर गुरु आचार्यहरूकहाँ पाँच वर्षावासभित्र विनयशिक्षापदहरू अध्ययन र अभ्यास गरे । पाँच वर्षावास पुगेको बेलामा बुद्धशासनमा धुर नामक कार्यभार कतिवटा छन् भनी सोधी **विपस्सनाधुर** = विपश्यना कार्यभार र **गन्थधुर** = ग्रन्थ अध्ययन अध्यापन गर्ने कार्यभार भनी दुईवटा धुर भएको विषय भगवान् बुद्धकहाँबाट सुन्न पाएको बेलामा एकजनाले ठूलो उमेर भएको कारणले ग्रन्थधुर उद्योग अभ्यास गर्न नसकेर विपश्यनाधुर उद्योग अभ्यास गर्नेछु भनी निवेदन गऱ्यो । अरहत्त्वफल पुग्ने गरी भगवान् बुद्धकहाँबाट कर्मस्थान प्रार्थना गरी ग्रहण गरेर एउटा अरण्य विहारमा गई विपश्यनाकार्य उद्योग र अभ्यास गर्नुद्वारा चार प्रतिसम्भिदा सहित अरहन्तत्वमा पुग्नुभयो । अर्को भिक्षुले त ग्रन्थ वाङ्मय अध्ययन गरी आफू पुगे पुगेको ठाउँमा उपदेश पनि गर्नुभयो, ५०० भिक्षुहरूलाई ग्रन्थवाङ्मय पनि पढाउनुभयो ।

त्यो बेलामा भावनाधर्म उद्योग र अभ्यास गर्न चाहने भिक्षुहरू थुप्रै भगवान् बुद्धकहाँ कर्मस्थान ग्रहण गरिसकेर त्यो अरण्य विहारी स्थविरकहाँ वर्षावास गरी अववाद पनि ग्रहण गरेर उद्योग र अभ्यास गर्दथे । त्यसरी उद्योग र अभ्यास गरेर अरहन्त भइसकेपछि भगवान् बुद्धकहाँ गई दर्शन गर्न गुरु स्थविरसँग प्रार्थना गरे । त्यो बेलामा अरण्य विहारी स्थविरले 'लौ त जानुस् न, भगवान् बुद्धलाई मेरो सट्टामा पनि वन्दना गरिदिनुस् । महाश्रावकहरूलाई पनि वन्दना गरी दिनुस् । अनि फेरि त्यहाँ मेरो मित्र अध्यापक भिक्षु पनि छ । त्यो स्थविरलाई पनि मैले वन्दना गरेर ल्याएको छ भन्ने विषय निवेदन गरिदिनुस्' भनेर पठायो । ती भिक्षुहरूले भगवान् बुद्धलाई दर्शन र अभिवादन गरिसकेर महाश्रावक उत्तम स्थविरहरूलाई पनि दर्शन अभिवादन गरे । त्यसपछि अरण्य विहारी स्थविरको मित्र अध्यापक स्थविरलाई पनि दर्शन अभिवादन गरिसकेर आफूलाई भनेर ल्याएका



Downloaded from http://dhamma.digital

कुराहरू पनि बिन्ति गरे । त्यसरी अरण्य विहारी स्थविरकहाँबाट शिष्य भिक्षुहरू आइकन भनेर पठाएबमोजिम निवेदन गर्ने धेरै भएर आउँदा अध्यापक स्थविरको मनमा 'यो भिक्षु भिक्षु भइसकेर ५ वर्षावास पुगेदेखि अरण्य विहारमा बस्न गयो । ग्रन्थ पनि अध्ययन गरेन, शिष्यहरू त धेरै पो रहेछ । मकहाँ आइपुग्ने बेलामा मात्र प्रश्न सोध्नुपर्ला ? भनी विचार उत्पन्न भयो । यो विश्वास नगरेको भाव हो ।

पछिको एक समयमा अरण्य विहारी स्थविर भगवान् बुद्धसमक्ष दर्शन अभिवादन गर्न आइपुग्यो । मित्र भएको अध्यापक स्थविरकहाँ नै पात्र चीवरहरू राखी भगवान् बुद्धलाई दर्शन र अभिवादन गऱ्यो । महाश्रावक उत्तम स्थविरहरूलाई पनि दर्शन अभिवादन गरिसकेर मित्र स्थविरसमक्ष फर्केर आयो । त्यो मित्र अध्यापक स्थविरले अरण्य विहारी स्थविरसँग प्रश्न सोध्न तम्तयार पारिराख्यो । त्यसलाई भगवान् बुद्धले देख्नुभएको मात्र नभई त्यस अतिरिक्त अनुचित प्रश्नहरू सोधेर निरादर गऱ्यो भने अपराध लाग्न जाला भनेर पनि देख्नुभएको ले अपराध गराउन नदिने उद्देश्य राखी त्यो अध्यापक स्थविरको ठाउँतिर पाल्नुभयो ।

त्यहाँ आइपुग्नुभई प्रश्नहरू सोध्नुभयो । सर्वप्रथम अध्यापक स्थविरसँग प्रथमध्यान विषयक प्रश्न गर्नुभयो । अध्यापक स्थविरले जवाफ दिनसकेन, त्यस पछि बाकी रहेको ध्यान समापत्तिहरूलाई पनि सोध्नुभएर नामरूपसित सम्बन्धित प्रश्नहरू पनि सोध्नुभयो । अध्यापक स्थविरले जवाफ दिन सकेन, आरण्यक स्थविरले जम्मै जवाफदिन सकिन्ध्यो । त्यसपछि श्रोतापत्तिमार्गसम्बन्धित प्रश्न सोध्नुभयो । अध्यापक स्थविरले जवाफ दिनसकेन । आरण्यक स्थविरले जवाफ दिनुभयो । त्यो बेलामा भगवान् बुद्धले साधुवाद दिनुभई बाकी माथिल्लो मार्ग सम्बन्धित प्रश्नलाई पनि क्रमशः सोध्नुभयो । अध्यापक स्थविरले जवाफ दिनसकेन, आरण्यक स्थविरले सोधेका जम्मै जवाफ दिएर निवेदन चढायो । प्रत्येक जवाफमा भगवान् बुद्धले साधुवाद दिनुभयो ।

## गोरु चराउने गोठालो झैं एक समान छ

"त्यो बेलामा अध्यापक स्थविरका शिष्यहरूले कानेखुसी गरी उपहासको कुरागर्न थाले । कसो त भगवान् बुद्धले केही नजान्ने आरण्यक स्थविरले जवाफ दिँदा चार चार पटकसम्म साधुवाद दिनुभयो । हाम्रो



Downloaded from http://dhamma.digital

अध्यापक स्थविरलाई त प्रशंसासम्म पनि गर्नुभएन" भनी उपहासको कुरागर्न थाले । त्यो बेलामा भगवान् बुद्धले यसरी उपदेश दिनुभयो -

**बहुम्पि चे सहितं भासमानो ।**
**न तक्करो होति नरो पमत्तो ॥**
**गोपो व गावो गणयं परेसं ।**
**न भागवा सामञ्ञस्स होति ॥**

**सहितं** = अर्थ हितसित सम्बन्धित धर्मलाई, **बहुम्पि भासमानो** = धेरै धेरै नै अध्यापन उपदेश गर्न जानेतापनि, **नरो** = कोही न कोही जानकार व्यक्तिले, **पमत्तो** = कुशलधर्मको वृद्धि नगराउने आदिद्वारा प्रमादी भएर, **चे न तक्करो होति** = त्यो धर्म सम्बन्धी आचरणलाई यदि आचरण गरेन भने (बुद्धोपदेश धर्महरूलाई धेरै जानी बुझी सम्झी धेरै उदपेशगर्न भन्न बोल्न जानेतापनि प्रमत्त भइरहेको कारणले त्यो धर्ममा आएको आचरणलाई आचरण गरेन भने, त्यसमा प्रमत्त भइरह्यो भनेको अघिल्लो दिनमा उपदेश दिएर आएको प्रमादअनुसार कुशलधर्महरूलाई वृद्धि गराउन नसक्नु, कामगुण आलम्बनहरू माथि चित्तलाई छाडवा छोडिराख्नु यस्तै यस्ता हुन् । कामगुण आलम्बनहरूसित रमाएर बसी, कुशलधर्महरूलाई अभिवृद्धि गराउन न सकी प्रमादी भई प्रतिपत्ति आचरणहरूलाई आचरण गरेन भने" भन्ने भाव हो । त्यसरी आचरण नगर्नाले के हुन्छ त भने) **सो** = त्यसरी आचरण नगर्ने व्यक्ति, **सामञ्ञस्स** = क्लेश शान्त भएको श्रमण भएको आर्य मार्गको, **भागवा** = अंशभाग लाभ भएको, **नहोति** = हुँदैन । त्यसरी आचरण नगर्ने व्यक्तिले क्लेश शान्त भएको व्यक्ति हुनाको कारण आर्यमार्गको प्रतिफल धर्महरूलाई प्राप्तगर्दैन । चार आर्यफललाई लाभ गर्दैन, क्लेश शान्ति प्राप्त हुँदैन । दुःख शान्ति लाभ हुँदैन । कोसित एक समान छ त भन्दा) **परेसं** = गोरुका मालिक भएका अन्य व्यक्तिहरूको, **गावो** = गोरुहरूलाई, **गणयं** (**गणयन्तो**) = न हराउने गरिकन गिन्ती गरी संरक्षण गरेर फेरि जिम्मा लगाउनुपर्ने, **गोपो** = तलबद्वारा गोरु चढाउने गोठाला व्यक्तिजस्तै नै हो ।

तलबद्वारा गोरु चढाउने गोठालाले गोरुहरूलाई नहराउने गरी चराइसकेपछि गोरुका मालिककहाँ गिन्तीअनुसार फेरि जिम्मा लगाउनुपर्छ । गाईबाट आउने दूधका रसलाई मालिकहरूले मात्र सेवनगर्न पाउँछन् । गोठालाले त गोरु चढाएको तलबमात्र पाउँछ । त्योजस्तै नै धर्मलाई जान्ने बुझ्ने गुरुले सिकाउने पढाउने गर्दछ, उपदेश गर्दछ । त्यसरी सिकाउने



Downloaded from http://dhamma.digital

पढाउने उपदेश गराउने गरेको कारणले शिष्य भिक्षुहरू उपासक उपासिकाहरूबाट सानो ठूलो सेवागर्ने भोजन इत्यादि दान गर्ने भन्ने तलबजति मात्र पाएको हुन्छ। गोरु चढाएको तलबजति पाएको जस्तै हो। धर्मको रस भएको ध्यान, विपश्यना, मार्ग, फलहरूलाई आचरण गरेन भने प्राप्तगर्न सकिन्न। त्यो ग्रन्थ जानकार व्यक्तिबाट सुनेर आचरणगर्ने चिन्तन मनन गर्ने उद्योग अभ्यास गर्ने व्यक्तिहरूले मात्र ध्यान, विपश्यना, मार्ग, फल आदि धर्मरसहरू उपभोग गर्न पाएका हुन्छन्। गोरुका मालिकहरूले दूध गोरस उपभोग गर्न पाएजस्तै नै हो।

कोही एकजना व्यक्तिले ऊ आफैले आचरण नगरी पञ्चशीलको फलाफलहरूलाई उपदेश गरिरहेमा त्यो उपदेश दिने व्यक्तिले गुरुको हैसियतले आदर गौरव पाउनु जतिमात्र प्रतिफल पाउनेछ। पञ्चशीलको प्रतिफल पाउन सक्तैन। उसको धर्मोपदेश सुनी आचरणगर्ने शिष्यहरूले मात्र पञ्चशीलको प्रतिफल पाउन सकिन्छ। अहिले वर्तमानमा पनि पाउन सकिन्छ, भविष्य संसारमा पनि पाउन सकिन्छ।

त्यस्तै नै कोही कोहीले आफैले आचरण नगरिकन शमथविपश्यनाभावना कार्यहरूको उपदेश गरिरहन्छ। उपदेश गर्ने व्यक्तिले गुरुको रूपमा पूजा गराउन पाउने जतिमात्र पाउने होला। समाधि धर्महरूको रस, विपश्यनाको रसहरूलाई अनुगमन गरी आचरण गर्ने व्यक्तिहरूले मात्र अनुभव गरी पाउन सकिन्छ। त्यो पनि विधि पद्धति सही भएमा मात्र प्राप्त हुनेहुन्छ। साँच्चै आचरण गर्ने व्यक्तिले त धर्महरूलाई धेरै भन्न बोल्न नजानेता पनि चार आर्यफल भन्ने प्रतिफलहरू, क्लेश शान्त हुने, दुःख शान्त हुने भन्ने प्रतिफलहरू पाउन सकिन्छ। त्यसकारण भगवान् बुद्धले यसरी पनि लगत्तै फेरि उपदेश गर्नुभयो।

श्रुत कम भएपनि आचरण गऱ्यो भने प्रतिफल बढी हुन्छ–

**अप्पम्पि'चे सहितं भासमानो।**
**धम्मस्स होति अनुधम्मचारी॥**
**रागञ्च दोसञ्च पहाय मोहं।**
**सम्मप्पजानो सुविमुत्तचित्तो॥**
**अनुपादियानो इध वा हुरं वा।**
**स भागवा सामञ्ञस्स होति॥**

**सहितं** = धर्मलाई, **अप्पम्पि'चे भासमानो** = अल्पमात्र भन्न बोल्न जानेतापनि, **धम्मस्स अनुधम्मचारी** = धर्मानुकूल भएको शील, समाधि,



Downloaded from http://dhamma.digital

प्रज्ञा आचरणलाई आचरण गर्ने, **चे होति** = यदि हुन्छ भने, **सो** = त्यसरी आचरण गर्ने व्यक्तिले, **सम्मप्पजानो** = सहीरूपले जानेको भई, **रागञ्च दोसञ्च पहाय मोहं** = राग, दोष र मोहलाई प्रहाण गरी, **अनुपादियानो इध वा हुरं वा** = इहलोक परलोकमा आसक्त नभई, **वा** = बाहिर र भित्र कुनै मा पनि आसक्त नभई, **सुविमुत्तचित्तो** = राम्ररी मुक्त भएको चित्त भएको भई, **वा** = चित्त राम्ररी मुक्त हुनुद्वारा, **स** (**सो**) = त्यसप्रकारको व्यक्ति, **सामञ्ञस्स** = क्लेश शान्त भएको श्रमण हुनाको कारण धर्मको, **भागवा** = अंशभाग प्राप्त भएको, **होति** = हुन्छ ।

त्यो एक गाथाजति मात्रले नै सुनी सम्झी राख्नसकेको भएतापनि सुनी सम्झी राखेअनुसार आचरण गऱ्यो भने बढी प्रतिफल हुने विषय, श्रुतले सम्पन्न छ भनाउने विषयलाई उल्लेख गरेर देखाउने अर्थकथाको आधार साधक नमूना पालि नै हो ।

# लिंढेधिपी धारणा भएको व्यक्ति

बुद्धशासनबाट बाहिर दुःखबाट विमुक्त भई संधैभरि सुख पाउने लक्ष्यराखी अभ्यास गरिरहेकाहरू प्रायःजसो शीलव्रतपरामर्शमात्र हो । कोही कोहीले गंगा नदीमा नुहाउनुमात्रले निर्दोष हुन्छ, परिशुद्ध हुन्छ भनी धारणा राख्दछन् । कोही कोहीले अन्तरीक्ष, भूमिमा रहेका देवता, इन्द्र, ब्रह्मा परमेश्वरलाई आदर गौरव गर्नु मात्रले शरण लिनुमात्रले मरण हुने बेला अन्तरीक्ष भूमिमा पुगी सँधैभरि सुखी भइरहन्छ भनी धारणा राख्दछन् । कोही कोहीले गोरु, बोका, कुखुरा आदिलाई मारी पूजा अर्चणा गर्नुमात्रले निर्दोष भई सुख प्राप्त हुन्छ भनी धारणा राख्दछन् । त्यस प्रकारका आचरणहरू चार सत्यलाई देख्नेगरी आचरण गर्नुपर्ने पनि होइन । त्यसैले त्यसप्रकारका आचरण अभ्यासद्वारा संसारदुःखबाट मुक्तभई संधैभरि सुखी भएर जानेछ भनी धारणा राख्नु शीलव्रत परामर्श नै हो । त्यसप्रकारको धारणालाई दृढतापूर्वक धारणगरिरहेमा पनि शील, समाधि, प्रज्ञा आचरणहरूलाई आचरण गर्ने भएन । आचरण नगरेमा मार्गफलमा पुग्नसक्दैन । तब मार्गान्तराय भएर जाने नै भयो ।

धार्मिक धारणाहरू आ-आफ्नो भाषा धर्मअनुसार सही हो भनेर मात्र मानिसले धारणा राखि राख्ने हुन्छ । त्यो अन्य भाषा धर्मको तर्फबाट हेऱ्यो



Downloaded from http://dhamma.digital

भने मिथ्यामात्र भइरहन पनि सक्छ । तैपनि लिंढेधिपी धारणा नभई सहीतिर जानसक्ने व्यक्तिजस्तोलाई त लिंढेधिपी धारणा दृढ छ भनी भन्न मिल्दैन । त्यसैले अहिलेको समयमा समेत परम्परागत रूपमा विदेशी भइरहेका धर्म नमिलेका कोही कोही व्यक्तिहरूले बुद्धोपदेशित धर्म ग्रन्थहरूलाई अध्ययन गर्ने गरेका छन् । त्यसरी अध्ययन गर्दागर्दै बुद्धधर्मतिर प्रवेश गर्ने गरेका छन् । कोही कोही त हजारौं माइल टाढा परेका यूरोप महादेश, अमेरिका महादेशहरूबाट म्यान्मार् राष्ट्रमा आइपुगी विपश्यनाधर्मको उद्योग र अभ्यास गर्ने गरेका छन् । उद्योग र अभ्यास गरेर पनि विपश्यनाज्ञान उत्पत्ति प्रक्रियालाई उनीहरूको प्रत्यक्ष अनुभवद्वारा भन्नसक्ने भएका छन् । त्यसैले त्यसप्रकारका व्यक्तिहरूलाई त **असन्दिट्ठिपरामासी** = लिंढेधिपी धारणा नभएका पुद्गलहरू हुन् भनेर भन्नुपर्दछ । त्यसरी लिंढेधिपी धारणा नहुनु अत्यावश्यक छ ।

# बुद्धशासनभित्र लिंढेधिपी धारणा हुनु

बुद्धधर्मावलम्बी बुद्धशासनानुयायी नाउँ पाइराखेका भएपनि आचरणसित सम्बन्धित भई लिंढेधिपी धारणा भइरहेमा मार्गान्तराय हुन्छ नै । तेस्रो संगायन आरूढ भइसकेपछि आयुष्मान् महामोग्गलिपुत्ततिस्स स्थविरले उपदेश दिएर जानुभएको कथावत्थु महाग्रन्थ छ । त्यो महाग्रन्थभित्र भिन्न भिन्नवादहरू थुप्रै देखाइराखिएको छ । ती वादहरूभित्र कुनै कुनै दृष्टिवादहरू आचरणसित सम्बन्धित भइरहेका ले त्यसयुगमा त्यो दृष्टिअनुसार लिंढेधिपी धारणा भइरहेका व्यक्तिहरूमा मार्गान्तराय हुने सम्भावना रहिरहेको छ । यी दृष्टिहरू आत्मा नामक व्यक्ति निःसन्देह छ भनी धारणा गर्ने वादहरूजस्तै हुन् । अहिलेको युगमा पनि ६ द्वारबाट प्रकटरूपमा उत्पन्न हुने नामरूपहरूलाई अनित्य, दुःख, अनात्म प्रकट हुनेगरी भाविता नगरिकन श्रवण गरेर जान्ने संज्ञाज्ञानमात्रद्वारा चार सत्यलाई जान्ने क्रिया सिद्ध हुन्छ भनी धारणा राखी आसक्त भइरहेकाहरू नामरूपलाई भाविता नगरी निर्वाणको आलम्बन गर्नुमात्रद्वारा विशिष्ट धर्म लाभ हुन्छ भन्ने विश्वास गरी धारणा राख्नेहरू, नामरूप उत्पत्ति विनाश अनित्य, दुःख, अनात्मस्वभावलाई जान्नु देख्नु नभइकन खालि समाधिमात्रद्वारा मार्गफल विशिष्ट धर्म लाभ हुन्छ भनी विश्वास गरी धारणा राख्नेहरू यसकिसिमका



Downloaded from http://dhamma.digital

धारणा आसक्तिहरू त्याग परित्याग गर्न नसक्ने गरी दृढ भइरहेमा **सन्दिट्ठिपरामास** भनी भन्नु नै पर्दछ ।

कोही कोहीले अहिलेको युगमा भावनाधर्म उद्योग र अभ्यास गरेतापनि मार्गफल विशिष्टधर्म लाभ गर्न सक्दैन भनी धारणाराखी भन्ने बोल्ने गर्दछन् । त्यस प्रकारका व्यक्तिहरूले त्यो धारणालाई त्याग नगरेमा उनीहरू आफैले त उद्योग र अभ्यास गर्दैनन् । उद्योग र अभ्यास गर्दैन भने उनीहरूमा मार्गफल लाभ हुन सक्दैन । मार्गान्तराय हुनजान्छ, त्यो त सुनिश्चित नै छ । कोही कोहीले भने आत्मा आसक्तिलाई नछुडाइकन भावनाधर्म उद्योग र अभ्यास गऱ्यो भने हुँदैन भनी उपदेश गरिरहेको पनि छ । त्यसरी पनि उपदेश गर्न योग्य छैन भनी हामीहरूमा चित्त बुझ्छ, किनभने बुद्धशासनानुयायी म्यान्मार्हरूमा भावनाधर्म उद्योग र अभ्यास गर्न चाहने व्यक्ति भयो भने आत्मा आसक्ति बिल्कुल अलग नभइसकेतापनि 'नामरूप दुइवटामात्र छ, अनित्य, दुःख, अनात्मधर्ममात्र हो' भन्नेलाई सुन्न पनि पाइसकेका छन् । त्यही अनुसार पनि विश्वास गरी स्वीकार गरिराखेका छन् । लिंढेधिपी धारणा भएको लक्षण छैन । त्यसैले भावनाधर्म उद्योग र अभ्यास गर्नुको अन्तराय हुँदैन । उद्योग र अभ्यास गरिरह्यो भने नामरूपलाई परिच्छेद गरी जान्ने बेलामा त्यो रहिरहेको सामान्य आत्मा आसक्ति पनि बिलाएर जान्छ । विपश्यनाज्ञान जति जति परिपक्व र प्रबल हुन्छ अनात्मदृष्टि त्यति त्यति सबल भई त्यो आत्मा आसक्ति झन् झन् बिलाउँदै जान्छ । अन्तमा आर्यमार्गज्ञानद्वारा त्यो आत्मा आसक्तिलाई बिल्कुल निर्मूल पार्न सकिन्छ ।

Dhamma.Digital

# साति भिक्षु

परित्याग गर्न नसक्ने गरी दृढ भइरहेमा साति भिक्षुको आत्मा आसक्तिजस्तै नै मार्गान्तराय हुनसक्छ । भगवान् बुद्धको पालामा साति भन्ने एकजना भिक्षु थियो । उनले जातकनिपात कथावस्तुका विषयहरूको अध्ययन गरिरह्यो । त्यसरी अध्ययन गरिरहँदारहँदै जातक मेलमिलाप गरेको खण्डहरूलाई हेरेर चित्तविज्ञानलाई आत्मा नै हो भनेर उनले धारणा राखिरह्यो । उनले धारणा गरेको प्रक्रिया - 'महाजनकराज बुद्ध भएर आयो । भूरिदत्त नागराज, छद्दन्त हस्तिराज, विश्वन्तर महाराज बुद्ध भएर



Downloaded from http://dhamma.digital

आयो आदि भनेर देखाइराखेकाहरूलाई उनले विचारविमर्श गरेर हेऱ्यो । महाजनक महाराज, नागराज, हस्तिराज, विश्वन्तर महाराज आदिहरू बुद्ध भएर आए । भनेको महाजनक महाराज, नागराज, हस्तिराज आदिहरूको रूप (शरीर) पछि लागेर आएन । ती बेलाहरूमा अनुभव गरेर आएका राम्रा नराम्रा वेदनाहरू पनि गाँसेर आएन । चित्तविज्ञानमात्र समावेश भएर आयो । महाजनक महाराज, नागराज आदि भएको बेलाका चित्तविज्ञान नै बोधिसत्त्व राजकुमार सिद्धार्थको चित्तविज्ञान भएर आएको चित्तविज्ञान नै अहिले बुद्ध भइरहेको हो । त्यसैले प्रत्येक सत्त्वमा अहिले वर्तमानमा रहेको चित्तविज्ञान अघि अघिका भवहरूदेखि रहिआएको चित्तविज्ञान नै हो । यो चित्तविज्ञान नै मात्र विनाश हुने नभई यो जन्म त्यो जन्म गरी परिवर्तन भएर विचरण गरिरहेको हो' भनी उनले निर्णयगरी धारणा गरिरह्यो । त्यसैले उसले धारणा राखिरहेको प्रक्रियालाई मूलपण्णासपाली महातण्हासंखयसुत्तमा यसरी दर्शाइराखेको छ ।

**यथा** = जुन आकार प्रकारद्वारा, **तदेव** = त्यो अतीत भवहरूमा रहिआएको चित्तविज्ञान नै भएको, **इदं विञ्ञाणं** = अहिले वर्तमानमा रहेको यो चित्तविज्ञान, **संधावति** = एउटा भवबाट अर्को भवतिर धावन गरिरहेको छ । **संसरति** = एक भवबाट अर्को भवतिर सधैं विचरण गरिरहेको छ, **अनञ्ञं** = अतीत भवहरूका चित्तविज्ञानदेखि अन्य चित्तविज्ञान होइन, **तथा** = त्यो आकार प्रकारद्वारा, **भगवता धम्मं देसितं** = भगवान् बुद्धले देशना गरेको धर्मलाई, **अहं आजानामि** = मैले जानेको छु । त्यो उनले भनेको प्रक्रिया नै हो ।

त्यो चित्तलाई आत्मा भनी धारणा राखी आसक्तभएको नै हो । त्यो चित्त आत्मा विनाश हुनु नभई त्यो भव, यो भव गर्दै सर्दै सर्दै विचरण गरिरहेको छ भनेर पनि धारणा राखी आसक्त भइरहेको छ । शाश्वतदृष्टि आत्मादृष्टि हो । त्यो साति भिक्षुलाई अन्य भिक्षुहरूले 'भगवान् बुद्धले उपदेश गर्नुभएको त्यसरी होइन । एउटै व्यक्तिको सन्तान नयाँ पुराना चित्त तह तह गरी परिवर्तन भएर एउटै जोड एउटै सम्बन्ध भइरहेको हुनाले त्यो अतीतको महाजनक महाराज आदि र अहिलेको बुद्धलाई एउटैको हिसाबले उपदेश गरिराखेको हो । एकत्त विधिअनुसार उपदेश गरिराखेको हो । वास्तवमा त्यो अतीतको चित्त नै सरेर आएको होइन । चित्त पनि एकक्षण नबिराई उत्पत्ति विनाश भइरहेको अनित्यधर्म नै हो ।' आदि भनी भन्ने बोल्ने गरे । तैपनि साति भिक्षुले स्वीकार गरेन । उनले जानिराखे



Downloaded from http://dhamma.digital

अनुसारमात्र भगवान् बुद्धले उपदेश गर्नुभएको भनी दृढतापूर्वक धारणा राखिरह्यो । त्यो बेलामा अन्य भिक्षुहरूले उनलाई चित्त बुझ्ने गरी भन्न नसकेका कारणले त्यो विषयलाई भगवान् बुद्धकहाँ निवेदन चढाए ।

त्यो बेलामा भगवान् बुद्धले साति भिक्षुलाई बोलाउन लगाउनुभई त्यहाँ आइपुगेको बेलामा उनीसँग सोधपूछ गर्नुभयो । साति भिक्षुले उनले भनिराख्ने गरे बमोजिम नै स्वीकारी निवेदन गऱ्यो । 'साति भिक्षु, त्यो चित्तविज्ञान भनेको कुन चाहिँ हो ?' भनी सोध्नुभयो । 'भगवन्, भन्न बोल्न जान्ने, अनुभव गर्न जान्ने भन्ने आत्मा भन्ने छ । त्यो आत्माले त्यो त्यो भवमा कुशलकर्म र अकुशलकर्महरूको राम्रो प्रतिफल नराम्रो प्रतिफलहरूलाई अनुभव गर्नजान्दछ । त्यो आत्मालाई विज्ञान भनी मैले भन्न चाहेको छु' भनी निवेदन गऱ्यो ।

अनि भगवान् बुद्धले '**मोघ पुरिस** = मार्गफलबाट निरर्थक भएको पुरुष,को व्यक्तिलाई मैले यसरी अघि उपदेश दिएको तिमीले जानिराखेका छौ ? मार्गफलबाट निरर्थक भएको पुरुष, प्रत्ययको कारणले उत्पन्न हुने चित्तविज्ञानलाई धेरै कारण पर्यायद्वारा मैले उपदेश गरिराखेको होइन र ? तिमीले आफू स्वयंले गलत तरिकाले धारणगरी हामी तथागतहरूलाई दोषारोपणमा पुग्नेगरी भन्नचाहेको छ । आफू स्वयंलाई पनि आधार प्राप्त नहुने गरी खन्न लागेको अवस्थामा पुगेको हुन्छ । थुप्रै अकुशललाई पनि वृद्धि गराउँछ । त्यो गल्तीलाई धारणगरेर भनेको बोलेको अकुशल तिमीमा चिरकालसम्म अनर्थ अहित र दु:ख उत्पत्तिको लागि हुनेछ नै' भनी आज्ञा भयो ।

त्यसरी भन्नुभई 'कसो त भिक्षुहरू हो, पोडेपुत्र साति भिक्षुमा यो बुद्धशासनभित्र मार्गफलज्ञान उत्पत्तिको निमित्त ज्ञानवाष्पहरू अलिकति भएपनि रहिरहने हो र ?' भनी भिक्षुहरूसँग सोध्नुभयो । 'रहन सक्ने छैन भन्ते' भनी बिन्ति चढाए । साति भिक्षु टाउको निहुँराई झोक्रिएर बसिरह्यो । भगवान् बुद्धले 'काठलाई आधार बनाई बल्ने आगोलाई काठको आगो भन्नुपरेको, चिरेको बाँसलाई आधार बनाएर बलेको आगोलाई चिरेको बाँसको आगो भन्नुपरेको, घाँसलाई आधार बनाई बलेको आगोलाई घाँसको आगो भन्नुपरेको विषय' आदिद्वारा उदाहरण दर्शाइसक्नु भएर त्यस्तै नै 'आँखा र वर्णहरूलाई आधार बनाएर उत्पन्न भएको चित्तविज्ञानलाई (चक्षुविज्ञान) देखेर जान्ने चित्त भन्नुपरेको, कान र शब्दहरूलाई आधार बनाएर उत्पन्न भएको चित्तविज्ञानलाई सुनेर जानेको चित्त भन्नुपरेको विषय



Downloaded from http://dhamma.digital

आदिद्वारा देखेर जान्नु अलग्ग, सुनेर जान्नु अलग्ग, सुँघेर जान्नु अलग्ग, खाएर जान्नु अलग्ग, छोएर जान्नु अलग्ग, विचार गरेर जान्नु अलग्ग, एक एकवटा चित्तविज्ञान भिन्न भिन्न रूपमा अलग्ग अलग्गमात्र भएको विषय, एक एकवटा पुरानो चित्त निरोध भइसकेर मात्र एक एकवटा नयाँ चित्त उत्पन्न हुने विषय आदिलाई भिक्षुहरूको निमित्त उपदेश दिनुभयो । साति भिक्षुमा त चित्तविज्ञानलाई सदैव स्थिर भइरहेको आत्मा नै हो भनी धारणा राखिराखेको आसक्तिलाई परित्याग गर्न नसकेको कारणले मार्गान्तराय भएर गयो । त्यो लिंढेधिपी धारणा भएको ले हानी हुन गएको हो ।

# अरिट्ठ भिक्षु

आत्मा आसक्तिमात्र होइन अन्य धारणा आसक्तिलाई पनि परित्याग गर्नसकेन भने लिंढेधिपी धारणा हुन जान्छ । मार्गान्तराय पनि हुन्छ नै । भगवान् बुद्धको पालामा अरिट्ठ भन्ने एकजना भिक्षु थियो । उनी साति भिक्षुजस्तो श्रुतकम भएको थिएन । धेरै बहुश्रुत थियो । बहुश्रुत भएकोले आफ्नो स्वज्ञानद्वारा भगवान् बुद्धका उपदेशलाई विवेचना गर्दथ्यो । विवेचना गरेको प्रक्रिया 'गृहस्थीहरू गृहबन्धनमा बस्दछन् । कामगुणहरूलाई वर्जित गर्दैनन् । तैपनि समयअनुसार धर्म उपदेश सुन्छन्, धर्मलाई हृदयंगम गरी उद्योग र अभ्यास गरेर कोही श्रोतापन्न भएका छन्, कोही सकृदागामी भएका छन् । कोही अनागामी भएका छन् । भिक्षुहरूले पनि चीवर आदिको मनमोहक वर्णलाई हेर्न सक्दछन् । मनमोहक शब्दहरूलाई सुन्न सक्दछन् । मनमोहक भोजनको गन्ध आदि गन्धलाई ग्रहण गर्न सक्दछन् । मनमोहक रसलाई सेवन गर्न सक्दछन् । मनमोहक शयनासन आदिको स्पर्श गर्न सक्दछन् । यी पञ्च आलम्बन सेवन गर्नु हुन्छ भने मातुगाम (महिला) हरूको वर्ण, शब्द, गन्ध, रस, स्पर्श भन्ने पञ्चकामगुणलाई पनि सेवन गर्नेहुनुपर्नेछ । किन सेवन गर्न नहुनुपर्ने नि ? चीवरको वर्ण पनि रूपालम्बन रूपधर्म नै हो । मातुगामको वर्ण पनि रूपालम्बन रूपधर्म नै हो । परमार्थ स्वभावअनुसार एकसमान नै हो । शयनासन लुगा फाटोको स्पर्श पनि स्पर्ष्टब्यालम्बन नै हो । मातुगामको स्पर्श पनि स्पर्ष्टब्यालम्बन नै हो । परमार्थ स्वभावअनुसार एकसमान नै हो । किन मातुगामको वर्ण, शब्द, गन्ध, रस, स्पर्शहरूलाई सेवन गर्न नहुनुपर्ने नि ? सेवन गर्नु हुन्छ भनी



Downloaded from http://dhamma.digital

उनले अभिधर्म, स्वभावअनुसार विवेचना गरी 'भिक्षुहरूले मातृगामको वर्ण, शब्द, आदि कामगुणहरूलाई सेवन गर्नु हुन्छ, दोष आपत्ति छैन । त्यसरी उपदेश गरिराखनु भएको (अभिधर्म) उपदेश म जान्दछु । चित्त बुझ्दछु' भनी उनले भन्ने बोल्ने गरिरह्यो । उसको मतअनुसार मैथुनधर्म आचरण गऱ्यो भने पाराजिक आपत्ति लाग्छ भन्ने शिक्षापद पनि हुनु योग्य छैन भनी यहाँसम्म भगवान् बुद्धको विनय प्रज्ञप्तिलाई भंग गर्नचाहेको यो भाव हो ।

अहिलेको युगमा कोही परमार्थ आचार्यहरूले सामान्य पिउने पानीको सर्वत पनि आपस्धातु नै हो, जाँड रक्सी पनि आपस्धातु नै हो, आपस्धातु परस्पर एकसमान नै हो । आपस्धातु परमार्थधर्ममात्र नै हो । त्यसैले पानी सर्वत पिउनु हुन्छ जस्तै जाँड रक्सी पनि पिउनु हुन्छ । दोष आपत्ति छैन भनी भन्ने बोल्ने गरिरहेका कुरासित पनि मिल्छ । अनि फेरि त्यस्ता परमार्थ आचार्यहरूले नै लौका भाण्टा पनि चारधातु नै हो । हाँस, कुखुरा आदि पनि चारधातु नै हो । लौका भण्टालाई छुराले काट्न सक्छ भने हाँस, कुखुरा आदिलाई पनि खुकुरीले काट्न सक्नुपर्दछ । काट्न साहस गर्दैन भने धातुस्वभाव बुझेको हुँदैन । प्रज्ञप्ति आसक्ति रहिरहेको छ आदि भनी भन्ने बोल्ने गर्दछन् । ती भनाईहरूसित पनि मिल्दछ । स्वज्ञान अति प्रयोग हुनगएको ले मिथ्यादृष्टिक भएर गएकाहरू हुन् । यो अत्यन्त भयावह छ । त्यस्ता गुरुहरूलाई सेवन गर्ने व्यक्तिहरूमा हलुका पार्न चाहेकोले सूई लगाएको, औषधीले गर्दा झन् भारी पर्नगयो' भनेजस्तै राम्रो प्रतिफल पाउन चाहेको ले गुरूको सेवन गरेको, सेवन गरेको कारणले धेरै अनर्थहरू हुनजाने नै भयो । यो अत्यन्त दया माया लाग्दो छ ।

त्यो अरिट्ठ भिक्षुलाई पनि अन्य भिक्षुहरूले अववाद उपदेश दिए, तैपनि उनले आफूले भनेअनुसार मात्र सही हो भनी धारण गरिरह्यो । त्यसैले ती भिक्षुहरूले भगवान् बुद्धकहाँ गई बिन्ति चढाए । भगवान् बुद्धले बोलाउन लगाई सोधपूछ गर्नुभयो । अरिट्ठ भिक्षुले आफूले धारणाराखेअनुसार नै स्वीकारगरी निवेदन गऱ्यो । अनि भगवान् बुद्धले "मैले तिमीले धारण गरिराखेअनुसारको उपदेश कसलाई दिएको थिएं नि ? भिक्षुहरूमा मैथुनधर्म आदि क्रियाहरूले स्वर्गान्तराय मार्गान्तराय गर्नसक्ने विषयलाई मात्र मैले उपदेश दिएं । त्यस किसिमको क्रियाहरूलाई उल्लंघन गरेमा भिक्षुहरूमा स्वर्गान्तराय मार्गान्तराय गर्नसक्ने मात्र नै हुन्छ । कामगुणहरूमा मज्जा मान्नुपर्ने केही हुन्छ । दु:ख र सन्ताप गर्नुपर्ने बढी छ । दोष बढी छ भनेर



Downloaded from http://dhamma.digital

मात्र मैले उपदेश गरेको छु । कामगुणहरू भोकाएको कुक्कुरले चपाउने हाडसमान भएका मासु टिपेर लैजाने बाजलाई टोकाई खुवाउने मासुको डल्लो समान भएको, तानेर समाउने व्यक्तिलाई पोलाउने घाँसको आगोसमान भएको, आगोको खाल्डोसमान भएको, स्वप्नसमान भएको, सापटि लिएर आएको चीजवस्तुसमान भएको, फल फलेको रूखसमान भएको, मासु काट्ने खुकुरी र अचानो समान भएको भाला शूलीसित समान भएको, सर्पको टाउकोसित समान भएको विषयहरूलाई म तथागतले उपदेश गरिराखेको छु । मार्गफलबाट निरर्थक भएको पुरुष, त्यसो भएर पनि तिमीले आफूस्वयंले गलतलाई धारणगरेर हामी तथागतहरूलाई दोषारोपण गर्ने अवस्थामा पुग्ने गरी भन्ने बोल्ने गर्छौ । आफूस्वयंलाई पनि आधार प्राप्त गर्न नहुने गरी खनेर फाल्ने अवस्थामा पुगेका छौ । आदि भनी दोषारोपण गर्ने, भिक्षुहरूलाई सोधपूछ गर्नेहरू पनि त्यही विधिद्वारा गर्नुभई अववाद उपदेश दिनुभयो । यो अरिट्ठ भिक्षुले पनि भगवान् बुद्धले 'तिमीले धारणा राखेझैं मैले उपदेश गरेको छैन' भन्नु भएतापनि आफ्नो धारणालाई त्याग्न सकेन । अति नै ठूलो लिंढेधिपी नै हो । त्यसैले उसमा मार्गान्तराय हुनगयो ।

## एक अंगुलजतिले मात्र नरकबाट मुक्त भएको व्यक्ति

भावनाधर्म भाविता गरी आर्यावास आफ्नो घरमा बस्दा कस्तो प्रतिफल लाभ हुन्छ त भन्दा कमसेकम अपाय नरकबाट मुक्त हुने प्रतिफल लाभ हुन्छ । त्यो धेरै समय लगाएर उद्योग र अभ्यास गर्नाले मात्र होइन एक क्षणजति मात्र उद्योग र अभ्यास गर्नाले पनि लाभ गर्न सकिन्छ । भगवान् बुद्धको पालामा राजगृह नगरमा तम्बदाठिक भन्ने ज्यानमारा सैनिक थियो । त्यो कुरा कोही कोहीले अघि अघि सुनिसकेकै होला । राजगृह नगरको न्यायालयबाट मृत्युदण्ड घोषित गरेका चोरहरूलाई त्यो तम्बदाठिकले मार्नुपर्दथ्यो । शहरको चारै दिशाबाट समातेर ल्याएका चारले गुनन गर्नुपर्ने ५०० चोर डाकासमूह २००० लाई सबभन्दा पहिले निस्की मार्नुपर्दथ्यो । त्यसपछि दिनहुँ मारिरहनु गर्नेगरी एक दुईजना आदि गरी टुटेकै हुँदैन । त्यसरी मात्र ज्यानमारा पदमा रही काम गरेर आएको ५५ वर्षसम्म पुग्न गयो रे । ५५ वर्ष पुग्दा बलशक्ति क्षीण भएको ले त्यो ज्यानमारा सैनिकले त्यस पदबाट राजीनामा दियो ।



Downloaded from http://dhamma.digital

त्यसरी पदबाट राजीनामा दिएको बेलामा पदमा बहाली रहिरहँदा सेवन गर्न अवसर नपाएकाहरूलाई सेवन गर्न तुरन्तातुरन्तै व्यवस्था गऱ्यो रे । तिनीहरू के के हुन् त भंन्दा-ज्यानमारा पदमा रही सरकारी कार्यवहन गरिरहने व्यक्तिले एकदम नयाँ वस्त्र लगाउन पाउँदैनथ्यो । नयाँ घ्यूले पकाइराखेको गाइको दूध, जाउलो, खीर पनि पिउन पाईदैनथ्यो । चमेली फुलमाला पनि लगाउन हुँदैनथ्यो । श्रीखण्ड पनि लगाउन हुन्नथ्यो । यी चारप्रकारका चीजहरूलाई उपभोग गर्न पाइँदैन भनी त्यो बेलाका हुकुमधारी राजाहरूले कानून बनाइराखेका थिए रे । ज्यानमारा काम अति नै हीन र कडा भएको ले राम्रो उत्तम चीजहरू उचित छैन भनी धारणा राखी निषेध गरिराखेको देखिन्छ । अहिलेको युगका मानिसहरूको दृष्टिले भन्ने हो भने हास्यास्पद भइरहने नै भयो ।

त्यसरी निषेध गरिराखेकाहरूलाई तम्बदाठिकले प्रयोग गर्न चाहिरहेको धेरै समय भइसक्यो 'बल्ल अहिले मात्र मौका मिल्यो । सन्तोष हुने गरिकन प्रयोग गर्नेछु' भन्ने किसिमले व्यवस्था गरियो । मान्छे भनेको गर्न हुँदैन भन्ने कुरालाई असाध्य गर्न चाहिरहन्छ । खानु हुँदैन भन्यो भने झन् खान चाहिरहन्छ । असाध्य राम्रो हुनेछ भनेर पनि सम्झिरहन्छ । तसर्थ तम्बदाठिकले खीरको यवागु (जाउलो) अरूहरूले पिइरहेको देखे देखेको बेलामा उनले बढी पिउन चाहिरहने गर्थ्यो । नयाँ लुगा पनि लगाउन चाहिरहेको थियो । चमेली फूल पनि लगाउन चाहिरहेको थियो । श्रीखण्ड पनि लेपन गर्न चाहिरहेको थियो । यी चीजहरूलाई उनको मनले चिताइराखेको धेरै समय भइसक्यो । त्यसैले उनले त्यो पदबाट राजीनामा दिएर निस्कन पाएको दिनमा नै आफ्नै स्वास्नीलाई खीरको जाउलो पकाउन लगाएर नयाँ लुगा फूल श्रीखण्डहरू सहित नदीको घाटमा गई नुहाउन लाग्यो । अनि नयाँ लुगाहरू लगाई श्रीखण्ड पनि लेपन गरेर फूल पनि धारण गरेर घर फर्केर आयो । घरमा पुग्दा तयार पारिराखेको खीर जाउलो खान भनी सजधज पारिरह्यो ।

## आयुष्मान् सारिपुत्र पाल्नुभएको बेला

त्यसरी तयार भइरहेको बेलामा आयुष्मान् सारिपुत्रले अभिज्ञाद्वारा प्रत्यवेक्षण गरेर हेर्नुहुँदा तम्बदाठिकलाई यसरी देख्नुभयो 'अहो, तम्बदाठिकले बर्षौवर्षसम्म सेवन गर्ने मौका नपाइराखेको खीरको जाउलो सेवन गर्नेछु



Downloaded from http://dhamma.digital

भनी सजधज पारी तयार भएर बसेको रहेछ। त्यसलाई सेवन गरेपनि अहिले बिहान केही समय नबित्दैमा मर्ने भइसक्यो। मरेर पनि उसमा भरपर्न पाइने कुशलकर्म केही पनि रहेन । ५५ वर्षसम्म उसले गरिराखेका नराम्रा अकुशलहरू भरिपूर्ण नै छ । यी अकुशलहरूले उसलाई विभिन्नप्रकारका धाराहरूद्वारा समातन तयार भइरहेको छ। मरण हुने वित्तिकै तुरन्तातुरन्ती अपायदुर्गति पतन हुने भइसक्यो। कतिको दयामाया लाग्दोछ। त्यसैले त्यो अल्पकर्म भएको सत्त्वलाई नरकबाट मुक्त गर्न म गएर तार्नु पऱ्यो' भनी यसरी प्रत्यवेक्षण गरेर आयुष्मान् सारिपुत्र महास्थविर तम्बदाठिकको नजीक अपर्झट आइपुगी भिक्षाको लागि उभिनुभयो।

यो ठाउँमा श्रद्धाधर्म नभएको व्यक्ति भएमा त कुशलधर्म लाभ नभई अकुशलहरूसमेत उब्जने स्वभाव छ । तम्बदाठिकमा बर्षौंवर्षदेखि पिउने मौका नपाई असाध्य पिउन मनलागिरहेको खीरको जाउलो लाजै नमानिकन आई दान लिन आउनुपर्छ त भनी उपहास गरेर अकुशलहरू उब्जन सकिन्छ। तैपनि तम्बदाठिकमा त श्रद्धाधर्म राम्रो रहेछ। आयुष्मान् सारिपुत्र महास्थविरलाई देख्न पाउँदा उसमा हर्षपूर्वक श्रद्धाधर्महरू उब्जे । उब्जेको प्रक्रिया त 'आयुष्मान् सारिपुत्र महास्थविर अहिले आइपुग्नुभएको अति नै पायक परिरहेको छ । अघि अघि आयुष्मान् सारिपुत्र महास्थविरसँग भेट हुँदा दान दिने वस्तु तयार थिएन। दान दिने वस्तु तयार भइरहेको बेलामा भेट हुँदैन। यसपालि त दान दिने वस्तु पनि रहेको छ। आयुष्मान् सारिपुत्र पनि आइपुग्नुभयो । कस्तो पायकपरेको' भनी प्रत्यवेक्षण गरी आयुष्मान् सारिपुत्रलाई गौरवपूर्वक आमन्त्रण गरी खीरको जाउलो अर्पण गऱ्यो।

श्रद्धाधर्म अति नै महत्त्वपूर्ण छ। श्रद्धाधर्म भएन भने हात नभएको समान हुन्छ। हात छैन भने प्रयोजनीय चीजवस्तु बहुमूल्य चीजवस्तु भेटे पनि टिपेर लिन सक्दैन । त्यस्तै नै श्रद्धाधर्म नहुने व्यक्तिमा बुद्ध, धर्म, संघ त्रिरत्नसित भेट भइरहँदा पनि कुशल कर्म उत्पन्न हुँदैन । प्रक्रिया मिलेन भने अकुशलसमेत उत्पन्न हुनसक्छ। हात भएको व्यक्तिले बहुमूल्य चीजवस्तुहरूलाई भेट हुँदा टिपेर लिनसक्नेझैं श्रद्धाधर्म हुने व्यक्तिमा बुद्ध, धर्म, संघसित भेंट हुने बेलामा संसारभरिमै प्रयोग गरेर नसकिने कुशल सम्पत्तिहरू आर्जन गर्न सकिन्छ।



Downloaded from http://dhamma.digital

# खीर जाउलो दान

अहिले तम्बदाठिकमा पनि श्रद्धाधर्म भन्ने हात सबल सक्षम रहिरहेकोले आयुष्मान् सारिपुत्र महास्थविरलाई आमन्त्रणा गरी असाध्य खाने मनलागेको खीर जाउलो आफू स्वयंले नखाईकन नै अर्पण गरी दान दियो । आयुष्मान् सारिपुत्रले जाउलो खानुभयो । तम्बदाठिकले पनि गौरवपूर्वक नजीकमा बसी पंखाले हम्किरह्यो । यसरी पंखाले हम्काईरहँदारहँदै उसमा जाउलो खाने मन अत्याधिकरूपमा उब्जिरह्यो । उत्पन्न हुने कुरा पनि हुने भयो । पर्खेर बसेर आएको ५० वर्ष पनि नाघिसक्यो । त्यसलाई आयुष्मान् सारिपुत्रले थाहा पाउनुभएर तम्बदाठिकलाई पनि एक ठाउँमा गएर जाउलो खाने अनुमति दिनुभयो । यसरी अनुमति दिनुपरेको पनि अन्य कारणले होइन ताकि जाउलो खान चाहने चित्त अति प्रबल भइरहेमा उपदेश राम्ररी सुन्नसक्नेछैन । त्यसैले उसलाई जाउलो खान अनुमति दिनुपरेको हो । जाउलो खाइसकेपछि आयुष्मान् सारिपुत्रको छेउमा गौरवपूर्वक बसिरह्यो । अनि आयुष्मान् सारिपुत्रले अनुमोदन उपदेश दिनुभयो ।

# दानकथा शीलकथा आदि

धर्म भनेको अति नै सूक्ष्म छ । सर्वप्रथम दान दिनुसित सम्बन्ध राखी दानकथाको उपदेश अनि पछि शीलकथाको उपदेश दिनुपर्दछ । 'शील' भनेको अरूको प्राणको हनन गर्नुहुँदैन, अरूको सम्पत्ति चोर्नु हुँदैन, अरूको चेलीबेटीमा अपराध गर्नुहुँदैन, अरूलाई अनर्थ हुनेगरी ढाँट्नुहुँदैन, मात लाग्ने मदमस्त बनाउने जाँडरक्सी पिउनुहुँदैन भन्ने कुरा आदिद्वारा शरीर र वचनलाई संयम गर्नुपर्ने आचरणीय व्यावहारिक धर्म नै हो । त्यो शीललाई उल्लंघन गरेमा अपायदुर्गतिमा पनि पतन हुन सक्छ । मानिस भएर जन्मने बेलामा पनि अल्पआयु हुने रोग बढी शत्रु बढी हुने, सम्पत्ति विहीन भई दुर्लभ हुने इत्यादि नराम्रा प्रतिफलहरूसित सामना गर्नुपरेर दुःख हुन सक्दछ । शील संरक्षण भएमा मनुष्यभव, देवभव सुखपूर्ण भवहरूमा उत्पन्न हुन पाइन्छ । त्यसरी उत्पन्न भएको अवस्थामा दीर्घायु हुने आदि राम्रा प्रतिफलहरूले सम्पन्न भई सुख प्राप्त गर्न सकिन्छ, – आदि भनी



Downloaded from http://dhamma.digital

शीलविषयको उपदेश गर्नुपर्दछ । त्यसपछि देवलोकको विषय स्वर्गकथाको उपदेश गर्नुपर्छ । त्यसपछि विपश्यनामार्गफलसित सम्बन्ध रहेको मार्गकथाको उपदेश गर्नुपर्दछ । विपश्यना भनेको लोभ द्वेषको कल्पनासम्म पनि हुने अवसर नपाउने गरी निरन्तर रूपमा भाविता गरेको प्रक्रियाको उपदेश गर्नुपर्ने भएको छ । यसरी आयुष्मान् सारिपुत्रले उपदेश गर्नुभएका धर्महरू अति नै सूक्ष्म भइरह्यो । यसरी सूक्ष्म भएका धर्महरू सुन्नुपर्दा तम्बदाठिकमा अघि अघि गरेर आएका नराम्रा अकुशल विषय फेरि उब्जेर आयो । तिनीहरूलाई चिन्तन मनन गरी मन संतप्त भयो ।

'अहो, ममा नराम्रा कार्यहरू कति बढी भएको, यतिसम्म नराम्रो कार्य बढी भइरहेको म यतिसम्म सूक्ष्म भएको धर्मसित मिल्नु त अनुकूल छैन' आदि भनी विचार गरी चित्त चञ्चल भएर संतप्त भइरह्यो । त्यसलाई आयुष्मान् सारिपुत्रले थाहापाउनु भएको कारणले चित्तलाई शान्त शीतल पारी सुन्नसक्ने गरी सोधपूछ गर्नुभयो 'दायक तम्बदाठिक, तिमीले मैले उपदेश दिएको धर्मलाई दृढतापूर्वक मनदिएर सुन्न सकेन जस्तो देखिन्छ । कसो भइरह्यो नि ?' भनी सोध्नुभयो । 'भन्ते, तपाईंले उपदेश गर्नुभएको धर्म त अति नै राम्रो छ । तैपनि ममा नराम्रा अकुशलकर्महरू अति नै बढी भइरहेको छ । तिनीहरूलाई चिन्तन गरी निरीक्षण गर्न लागेको ले मन संतप्त भई तितरवितर भइरहेको छ ।' भनी निवेदन गऱ्यो ।

अनि आयुष्मान् सारिपुत्रले तम्बदाठिकको संतप्त मन शान्तपार्ने उद्देश्य राखी पर्यायद्वारा प्रश्नहरू निकाल्नुभयो । 'तम्बदाठिक, तिमीले ती नराम्रा कामहरू गरेको तिमी आफैले गर्न चाहेको ले गरेको हो कि ? अथवा अरूले अह्राएको ले नगरिनहुने भएर गर्नुपरेको हो ?' भनी सोध्नुहुँदा 'भन्ते, म आफू स्वयंले त कहाँ गर्न चाहुँला र ? राजकर्मचारी भएको ले महाराजले अह्राएको भएर नगरिनहुने भएको कारणले गर्नुपरेको हो' भनी जवाफ दिएर निवेदन गऱ्यो ।

## पर्यायद्वारा सोध्नुभयो

अनि आयुष्मान् सारिपुत्रले 'पख, त्यसो भए तिनीहरू तिम्रा नराम्रा कार्यहरू हुन जान्छ र ?' भनी पर्यायद्वारा फेरि सोध्नुभयो, यो ठाउँमा विचार पुऱ्याएर राम्ररी चिन्तन गर । तम्बदाठिकका नराम्रा कार्यहरू होइनन् भनी आयुष्मान् सारिपुत्रले भन्नु भएको छैन । तम्बदाठिकले मानसिक सान्त्वना



Downloaded from http://dhamma.digital

प्राप्तगरी उपदेश सुन्न सक्नाखातिर तिम्रा नराम्रा कामहरू हुनसक्ला र भनी पर्यायद्वारा सोध्नुपरेको मात्र हो । वास्तवमा त नराम्रा कामहरू भनेको आफूखुसी गरेको नै हुन्छ । अरूहरूले अह्राएर गरेको नै भएता पनि गर्ने व्यक्तिमा अकुशल त भएको नै हुन्छ । चित्त तीव्र र तीक्ष्ण भएमा दोष ठूलो हुन्छ; चित्त तीव्र र तीक्ष्ण नभएमा दोष सानो हुन्छ । तैपनि तम्बदाठिकमा बहुश्रुत नभएको ले 'अँ, यी नराम्रा कामहरू मैले गर्न चाहेर गर्नुपरेको होइन । महाराजले अह्राएको भएर गर्नुपरेको हो, यी नराम्रा कामहरू मसित सम्बन्धित छैन । महाराजको मात्र नराम्रा कामहरू हुन्' भनी उनले एकैचोटि निर्णय गरिहाल्यो । त्यसैले उसमा चित्त संतप्त हुने कुरा शान्त भएर गई आयुष्मान् सारिपुत्रले उपदेश गर्नुभएको धर्मलाई दृढरूपमा ध्यान पुऱ्याएर सुन्न सकिने हुनगयो ।

त्यसलाई कारण बनाएर हाम्रा स्वेभोका एक जना उपासकले छर्के पारी एउटा कुरा भन्यो 'अँ, मानिसमा प्रज्ञाज्ञान हुँदैमा पनि सबै ठाउँमा राम्रो हुने होइन । प्रज्ञाज्ञान नहुनु बुद्धिहीन हुनु, लाटा हुनु त राम्रो हुन जाँदो रहेछ' भनी उनले भनेको बेला अन्य व्यक्तिहरूले 'कस्तो खालको नि भाइ ?' भनी चारैतिरबाट सोधे । अनि उसले 'लौ हेर न तम्बदाठिक बहुश्रुत भएको भई प्रज्ञाज्ञानले सम्पन्न भएको भए उसको सन्ताप शान्त हुने थिएन । महाराजले अह्राएको भएर गर्नुपरेको भएमा तिम्रो अकुशल हुने होला र ?' भनी आयुष्मान् सारिपुत्रले पर्यायद्वारा सोध्नु भएको लाई उसले बहुश्रुत कम भई ज्ञानवृद्धि नभएको बाक्लो बुद्धि भएको लाटो जस्तो मान्छे भएर महाराजको अकुशलमात्र हो' भनी सुनिश्चितरूपले निर्णय गरेर राखिएकोले संतप्त चित्त शान्त शीतल भएर गयो नि त । त्यसैले लाटो जस्तो हुनु केही त राम्रै रहेछ' भनी त्यो उपासकले भन्यो । निकै रोजी भन्न जान्ने उपासक नै रहेछ । तैपनि हाम्रा उपासकहरूले तम्बदाठिकलाई मनपराएर ज्ञान बुद्धि कम हुने गरी लुकेर नबस्नु । जतिसक्यो त्यति ज्ञान बुद्धिले सम्पन्न हुनेगरी उपदेश सुन्नुपर्दछ । धर्मग्रन्थहरूलाई पनि हेर्ने अध्ययन गर्ने गर्नुपर्दछ । बहुश्रुत भएका व्यक्तिहरूसँग सोधपूछ गर्नुपर्दछ ।

## अनुलोमज्ञान

तम्बदाठिकले भर्खर भनेर आएअनुसार आयुष्मान् सारिपुत्रको पर्यायप्रश्नको कारणले मन शान्त शीतल भई आदर गौरवपूर्वक एकाग्र



Downloaded from http://dhamma.digital

गरी उपदेश सुनिरह्यो । आयुष्मान् सारिपुत्रले पनि क्रमबद्धरूपमा शील, समाधि, प्रज्ञाहरूको उपदेश दिनुभयो । त्यसैले तम्बदाठिकले उपदेश सुनिरहँदारहँदै हृदयंगम गरी पछ्रि लाग्दै गएको ले अनुलोमज्ञान लाभ गऱ्यो। अनुलोमज्ञान भनेको तीन प्रकारको छ। अनित्य, दु:ख र अनात्मलाई निरीक्षण परामर्शन गर्ने सम्मसनज्ञानदेखि सुरू गरेर विपश्यनाज्ञान जम्मैलाई अनुलोमज्ञान भनी व्यवहारगर्ने पनि छ । मार्गमा पुग्न नजीक परेको परिपक्व अवस्थाको संस्कारूपेक्षालाई अनुलोमज्ञान भनी व्यवहारगर्ने पनि छ । मार्ग वीथि भित्रको अनुलोमज्ञान भन्ने पनि छ । ती तीनप्रकारमध्ये तम्बदाठिकले लाभ गरेर गएको ज्ञान कुन ज्ञान हो भनी निश्चित रूपमा निर्णयगर्नु सजिलो छैन ।

धम्मपदअट्ठकथामा (**सोतापत्तिमग्गस्स ओरतो**) श्रोतापत्ति मार्गको तलतिरको अनुलोमज्ञान भनी भनिराखेको लाई आधार बनाएर हेरेको खण्डमा श्रोतापत्तिमार्गमा पुग्नै लागेको अवस्थामा रहेको, परिपक्व अवस्थामा रहेको संस्कारूपेक्षाज्ञानलाई भन्न खोजेको भान हुन्छ । किनभने सम्मसनज्ञानलाई खोजेको भए उदयव्ययज्ञानमा पुग्नुभन्दा अगाडि भनेर पनि भन्नुपर्ने स्थिति छ, अथवा तरुणविपश्यना भनेर पनि भन्नुपर्ने स्थिति छ । अति टाढा परेको श्रोतापत्तिमार्गलाई आधार बनाएर त भन्नुपर्ने स्थिति छैन । त्यसैले श्रोतापत्तिमार्गको तलतिरको अनुलोमज्ञान भनी भन्ने धम्मपदअट्ठकथाको मतअनुसार श्रोतापत्तिमार्गसित टाढा नपरेको परिपक्व अवस्थाको संस्कारूपेक्षाज्ञानलाई भन्न खोजेको हो भनी ग्रहण गर्नु उचित छ ।

त्यसरी ग्रहण गरेका छन् त ? भनी भनेमा, छ । बोधिसत्त्वहरूले भगवान् बुद्धको शासनभित्र प्रवेश गरी भिक्षु हुँदा अनुलोमज्ञानसम्मको विपश्यनालाई उद्योग र अभिवृद्धि गर्दछन् भनी अट्ठकथाहरूमा उल्लेख गरिराखेको छ । त्यसो भनेकोमा मार्गवीथिभित्रको अनुलोम ज्ञानलाई त ग्रहण गर्नुहुँदैन । मार्गवीथि भित्रको अनुलोमज्ञानमा पुग्यो भने त मार्गफलमा पनि एकैचोटि पुगिहाल्ने नै भयो । अनुलोमज्ञानमै रोकिरहने चलन छैन । अनि फेरि बोधिसत्त्व भन्नेहरू पनि बुद्ध हुनुहुने अन्तिम जन्म बुद्ध हुने बेलामा मात्र मार्गफलमा पुग्न सकिन्छ । अघि अघिकी भवमा मार्गफलमा पुग्न सक्दैन । त्यसैले अनुलोमज्ञान भनी भनेतापनि कलिलो भवका बोधिसत्त्वहरू पुग्छन् भन्ने अनुलोमज्ञान परिपक्व अवस्थाको संस्काररूपेक्षाज्ञान भनेर मात्र ग्रहण गर्नुपर्दछ । अहिले तम्बदाठिकले लाभ गरेर गयो भन्ने अनुलोमज्ञानलाई पनि यही विधिअनुसार नै धारणा राख्नु उचित हुन्छ ।



Downloaded from http://dhamma.digital

# तम्बदाठिकको मरण

अहिले भनिरहेको 'भए जतिको उत्पत्तिलाई, होश राखी, गर्नु संरक्षण क्रमसित' भन्ने आर्यावासधर्मसित सम्बन्ध राखी भन्नुपर्दा विपश्यनाज्ञान सामान्यलाई लिए पनि लिनु उचित छ। कम से कम सम्मसनज्ञानलाई लिए पनि उचित हुन्छ । लिन चाहेको लिन सकिन्छ । जुनसुकैलाई लिएको भए पनि सम्झिरहनु स्मृति आरक्षण त सम्पन्न भइसकेकै भयो । भरोसा लिनुपर्ने स्मृति आरक्षण आधार त उनले पाइसकेकै भयो । आर्यआवासभित्र पनि पुगिसक्यो भन्नुपर्ने भइगयो । त्यसैले आयुष्मान् सारिपुत्र महास्थविरले 'यति भए अपायभयबाट संरक्षण दिनसक्ने स्मृति आरक्षणले सम्पन्न भइसक्यो; यति भए मन ढुक्क भइहाल्यो । पुग्यो । उनमा यो भन्दा पनि वृद्धि हुने स्थिति रहिरहेको छैन पनि' भनी धारणा राखी उपदेशलाई इतिश्री गरी अन्त गरिदिनुभयो । त्यसरी उपदेश गरिसक्नुभएर आयुष्मान् सारिपुत्र पनि फर्केर जानुभो । तम्बदाठिक पनि आयुष्मान् सारिपुत्रलाई छोड्न गई बीच बाटोबाट फर्केर आउँदा अतीतको अघिल्ला जन्महरूदेखि आघात बाँधेर आएकी राक्षसनीले गाईको भेष धारणगरी सिंगले हानेर मारेकीले मरण भएर जानुपऱ्यो ।

यो ठाउँमा गाईको भेष धारण गरी सिंगले हानी मारिन् भनेको ठीक गाईमा डुबी सिंगले हानि मारिन् भनेर यसरी पनि लिनसकिन्छ । यो किन भन्नुपरेको त भन्दा आजको जमानामा आलोचना गर्ने मानिसहरू थुप्रै भएको ले, ग्रन्थमा भएअनुसार जस्ताको त्यस्तै भन्यो भने युक्ति छ, छैन विवेचना गर्न जानेका ले अहिलेको युगका मानिसहरूको दृष्टिले सुधार गरेर लिन चाहेमा लिन पाउने गरी भन्नुपरेको हो । त्यस ग्रन्थको भनाइ त गाईको भेष लिएर सिंगले हानी मारिदिइन् भनेर नै रहेको छ ।

# तुषित देवलोकमा पुग्यो

त्यसरी सिंगले हानी मारिदिएकीले मरेर गई तम्बदाठिक कहाँ पुग्नगयो त भन्दा तुषित भन्ने देवभूमिमा पुग्न गयो । चातुर्महाराजिक, त्रयत्रिंशत् यामा, तुषिताभन्दा ६ देवलोकमध्येमा चौथो देवलोक भन्नुपऱ्यो । त्यो देवलोक बोधिसत्त्वहरूको वासस्थल पनि भएको ले अति नै गौरवनीय



Downloaded from http://dhamma.digital

देवलोक नै हो । त्यो तम्बदाठिक मरेर गयो भन्ने कुरा सुनी थाहापाएका भिक्षुहरूले धर्मसभामा छलफल गर्नलागे । तम्बदाठिकले ५५ वर्षसम्म अत्यन्त कठोर दुष्कर्म गरेर गयो । आजै त्यस पदबाट निस्कियो; आजै आयुष्मान् सारिपुत्रलाई जाउलो भोजन दान गरी आजै नै मरेर गयो । कहाँ जन्म लिनजाने होला आदि भनी छलफल गरिरहे । त्यो बेलामा भगवान् बुद्ध आइपुग्नुभई तम्बदाठिक तुषित देवलोकमा उत्पन्न हुन पुगेको विषय बताउनुभयो । अनि भिक्षुहरूले "भगवन्, यो व्यक्ति ५५ वर्षसम्म मानिसहरूलाई मारेर तुषित देवलोकमा पुग्न गयो त भन्ते" भनी फेरि प्रश्न गरी निवेदन गरे ।

भगवान् बुद्धले पनि, "प्रिय पुत्रहरू हो, संशय नगर, उनले मरणासन्न अवस्थामै कल्याणमित्र भएको सारिपुत्रको आधार पायो । सारिपुत्रको उपदेश सुनी अनुलोमज्ञान प्राप्त गरेर गएको ले अपायभयबाट मुक्त भई तुषित देवलोकमा पुग्न गयो ।" भनी स्पष्ट पारी आज्ञा भयो ।

**सुभासितं सुणित्वान; नगरे चोरघाटको ।**
**अनुलोमखन्तिं लद्धान; मोवति तिदिवं गतो ॥**

**नगरे**= राजगृह नगरमा, **चोरघाटको** = तम्बदाठिक नाउँ भएको चोरघातक सैनिक; **सुभासितं** = आयुष्मान् सारिपुत्रले राम्ररी देशना गर्नुभएको उत्तम धर्म; **सुणित्वान** = **सुन्न पाएर; अनुलोमखन्तिं** = अनुलोम विपश्यनाज्ञान; **लद्धान** = प्राप्त गरेर, **वा** = प्राप्त भएको कारणले; **तिदिवं** = तुषित नामको देवलोकमा; **गतो** = पुगेर; **मोदति** = हर्ष ले प्रसन्न भएर बस्न पाइने भयो ।

यो धम्मपदअट्ठकथामा प्रष्ट रूपमा दर्शाइराखेको कथन हो । त्यसैले विपश्यनास्मृति आरक्षण हरेक विषयमा सुरक्षित छ; मन ढुक्क पार्न पाउने कुरा हो । यो आधार भरोसा लिन लायकको छ भन्ने कुरा अति नै स्पष्ट छ । यो स्मृति आरक्षणमात्र नभएको भए तम्बदाठिक मनुष्यजन्मबाट मरण हुने बित्तिकै एकैचोटि अपायदुर्गतिमा पतन भएर जाने सुनिश्चित छ । उनको अकुशलहरूले उनलाई तानेर खसालिदिने कुरा तयार रहिरहेको थियो । तैपनि मरणासन्न अवस्थामै उत्नाखेरी उपदेश सुनी विपश्यनास्मृति आरक्षण प्राप्त भएर गएको ले उनका अकुशलहरूले उसलाई तान्न सकेन । विदेशी राजदूतावासमा घुसी आधार लिएर बस्ने व्यक्तिलाई पुलिसहरूले समात्न अवसर नपाउनेसित पनि यो कुरा समान भएको छ । त्यसैले तम्बदाठिक अपायदुर्गतिबाट पनि एक अंगुलजतिले मात्र मुक्त भएर गयो ।



Downloaded from http://dhamma.digital

अपायबाट मुक्त भएर गएको मात्र नभई; देवलोकमा पनि पुग्न पाइरहेको छ । कर्म कतिको ठिकठाक परेको रहेछ !

# विशेष प्रेरणा दिन्छ

अहिले उपदेश सुनी भावनाधर्म उद्योग र अभ्यास गरिरहेका पुद्गलहरू पनि दिलोज्यान दिएर पूराका पूरा हात लाग्ने गरी उद्योग र अभ्यास गरिराखेमा सुगति स्वर्गलोक पुग्ने त निश्चित नै छन् । कोही कोही पुराना योगीहरूले उनीहरूमा तीव्ररूपमा एक न एक रोग वेदना उब्जेर आउने बेलामा आफू खुशी नै सम्झना राख्ने स्मृति उब्जेर आउने विषय, त्यसरी स्मृतिसहित भाविता गर्ने गर्दा दु:खवेदनाहरू पनि निको भएर गएका विषयहरू भन्ने बोल्ने गर्दछन् । त्यसरी स्मृति आफूखुशी उब्जेर आउनु भगवान् बुद्धको पालामा धनञ्जानी ब्राह्मणीमा भएको प्रक्रियासित पनि समान छ । धनञ्जानी सोतापन्ना उपासिका थिइन् । उनका श्रीमान् ब्राह्मणले ब्राह्मण धारणा भएको भएर एक दिन ब्राह्मणाचार्यहरूलाई निमन्त्रणा गरी खुवाई पिलाई पूजा गऱ्यो । ब्राह्मणाचार्यहरूलाई खुवाई पिलाई स्वागत गरिरहँदा भगवान् बुद्धलाई प्रशंसा गर्ने अभिवादन गर्नेजस्तो कुरा नभन्न पनि उनकी श्रीमान्ले अघिदेखि रोक लगाई निवेदन गरिराख्यो । तैपनि खुट्टामा ठोक्न गई लड्खडेर गई दुख्ने दु:खवेदना उत्पन्न भएर आउँदा सम्झने स्मृति आफूखुशी आइहाल्यो । त्यसरी वेदनाले गर्दा धर्मको सम्झना आई भगवान् बुद्धको पनि स्मृति उब्जेर आएर भगवान् बुद्ध हुनुभएकोतिर दुईहात जोडी "**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स**' भनी तीनतीनपटकसम्म भनी वन्दना गर्न लागिन् । त्यसैले दु:खसित सामना गर्नुपर्ने बेलामा स्मृति आफूखुशी उब्जेर आउन सकिन्छ ।

मरणासन्न अवस्थामा दु:खवेदनाहरूसित सामना गर्नुपर्ने पनि भावनाधर्म उद्योग र अभ्यास गरिराखेको व्यक्तिमा त्यसरी नै सम्झनास्मृति आफूखुशी उत्पन्न भएर आउन सकिन्छ । त्यसैले चार अपायबाट मुक्त भएर सुगतितिर पुग्न जान सकिन्छ । यो स्मरण हुने स्मृति अति नै राम्रो छ । अति नै भरोसा लिन योग्य; मन ढुक्क पार्न योग्य छ । त्यसैले त्यसलाई **अरियावास** = आर्यहरूको आवास भनी उपदेश गरिराख्नुभएको हो । उद्योग र अभ्यास गर्न नपाइराखेका व्यक्तिहरूले अति नै उद्योग र अभ्यास



Downloaded from http://dhamma.digital

गर्न योग्य छ। उद्योग र अभ्यास गरिसकेका व्यक्तिहरूलाई त हामीले विशेष प्रेरणा दिइरहनुपर्ने आवश्यकता छैन। उनको स्मृतिले आफूखुशी नै प्रेरणा दिइरहन्छ।

## उद्योग र अभ्यास गरेर हेरौं

उद्योग र अभ्यास गर्न नपाईरहेका व्यक्तिहरूलाई त उद्योग र अभ्यास गरेर हेरुन् भनी हामीहरूले प्रेरणा दिई उपदेश दिइरहनुपर्दछ, किनभने उनीहरूले धर्मरस थाहा नपाइरहेका ले नै हो। उपदेश गरिरहनुपरेको बजारमा सामान बिक्री गरिरहनुपर्ने कुरासित समान छ। बजारमा सामान बिक्री गर्ने व्यक्तिले थाहा नपाइराखेका व्यक्तिहरूले थाहा पाउने गरी आफ्नो सामान राम्रो भएको विषय बताइदिनुपर्ने विज्ञापन गर्नुपर्ने हुन्छ। रोटी भयो भने गुलियो छ, मधुरो छ, राम्रो छ आदि भनी विज्ञापन गर्नुपर्ने हुन्छ। प्रयोग गर्न जानेका व्यक्तिहरूका निमित्त हो भने केही पनि विज्ञापन गरिरहनुपर्दैन। राम्रो छ भनी जानेकाहरूको निमित्त उनीहरू आफैले किनिरहने हुन्छन्।

धर्म पनि यस्तै नै हो। जानिनसकेका व्यक्तिहरूका निमित्त धर्मका प्रतिफलहरू बताएर देखाई प्रेरणा दिनुपर्ने हुन्छ। भावनाधर्म उद्योग र अभ्यास गरिसकेका व्यक्तिहरूलाई त प्रेरणा दिइरहनु आवश्यक हुँदैन। उनीहरू श्रद्धाधर्मद्वारा आफुखुशी नै स्मरण भई उद्योग र अभ्यास गरिरहन्छन्। कर्मस्थान विहारमा नआउनु भनेर रोकिंदा पनि रोक्नसकिँदैन। कहिलेकाहीं कर्मस्थान विहार भर्खर उद्योग र अभ्यास गर्ने नयाँ योगीहरूले भरिरहेका हुन्छन्। त्यस्तो बेलामा पुराना योगीहरूलाई नआउनु भनी प्रार्थना गरिरहनुपर्दछ। तैपनि मान्दैन। उनीहरूमा पनि अवसरले दिएको समयमा उद्योग र अभ्यास गर्न चाहेका ले मात्र हुन् भनी भनेर जोर जुलुम गरी आएर उद्योग र अभ्यास गरिरहेका हुन्छन्। त्यो किन त भन्दा आर्यावासमा बस्न पाएको लाई राम्रो छ भनी जानेकोले नै हो। अनि उनीहरूमा लाभ भएर गएको श्रद्धा र स्मृतिले पनि आफूखुशी नै प्रेरणा दिएर घचेटिरहेको जस्तै नै हुन्छ। त्यसैले "भएजतिको उत्पत्तिलाई, होश राखी, गर्नु संरक्षण क्रमैसित" भन्ने यो आर्यावासस्मृति आरक्षण अति नै राम्रो छ। यो आर्यावास आवासमा बस्न नपाइरहेका व्यक्तिहरूलाई "परीक्षणको रूपमा नून चाखनुजस्तै बसेर हेरून्" भनी विशेष प्रेरणा दिने गरेको छु।



Downloaded from http://dhamma.digital

## विशिष्ट धर्म लाभ गर्नसक्ने व्यक्ति

भगवान् बुद्धको पालामा वहाँको प्रत्यक्षमा समेत कारण जुधेन भने धर्मबाट लाभ हुनसक्दैन । कारण जुधेमा मात्र लाभ हुन्छ । यो ठाउँमा धर्म लाभ नहुनाको कारण २ वटा छ । के के त भन्दा किरियपरिहानि र पापमित्त । यो किरियपरिहानि र पापमित्त भन्ने कारण २ वटाले विशिष्टधर्म लाभ हुन नसक्ने गरी अन्तराय गर्नसक्छ । विघ्नबाधा पुऱ्याउनसक्छ ।

## पेस्स कथावस्तु

एक समयमा भगवान् बुद्ध संघपरिषद्हरूसँग बसोबास गरिरहनुहुँदा कन्दरक भन्ने परिव्राजक र पेस्सक भन्ने गृहस्थी उपासक एक जना आइपुग्यो । त्यसरी आइपुगेको बेलामा भगवान् बुद्धका वरिपरि रहेका संघहरू शान्तदान्त कोमल भइरहेको देखेर कन्दरक परिव्राजक बुद्धशासनबाहिरको ऋषि भइरहेतापनि उनमा श्रद्धाधर्महरू उब्जेर आयो । कसरी उब्जेर आयो त भन्दा "यतिधेरै भएका संघहरूका बीचमा एकजनाले पनि हात चलाएको छैन, खुट्टा चलाएको छैन; कुरा गरेको छैन; कस्तो कोमल भएको; अति नै श्रद्धोत्पादक छ; यो कुरा अत्यन्त राम्रो अववादद्वारा अनुशासन गरिराखेको ले हुनुपर्दछ" भनी प्रत्यवेक्षण गरी उनको मनमा प्रसन्नता आई श्रद्धा उत्पन्न भइरह्यो ।

त्यसैले उनले भगवान् बुद्धलाई यो विषय उल्लेख गरी निवेदन गऱ्यो । यसरी निवेदन गर्दा भगवान् बुद्धले "कन्दरक परिव्राजक; तिमीले भनेको सही हो । मैले शिष्यहरूलाई राम्रो अववादले अनुशासन गरिराखेको छु । यी संघहरूमध्येमा कोही अरहन्तहरू हुन्; भर्खर भनेर आएजस्तै स्मृतिहरू सँधै प्रकट भइरहेका व्यक्तिहरू । कोही अनागामिहरू; स्मृतिहरू चार भागमा तीन भाग परिपूर्ण भइरहेका व्यक्तिहरू । कोही सकृदागामीहरू; स्मृतिहरू आधाजति परिपूर्ण भइरहेका व्यक्तिहरू । कोही श्रोतापन्नहरू; स्मृतिहरू चार भागमा एक भाग परिपूर्ण भइरहेका व्यक्तिहरू । कोही स्मृतिप्रस्थान धर्महरूलाई वृद्धि गरी उद्योग र अभ्यास गरिरहेका व्यक्तिहरू नै हुन्" भनी आज्ञा भयो ।



Downloaded from http://dhamma.digital

स्मृतिप्रस्थान भावनाधर्म उद्योग र अभ्यास गरिरहेको व्यक्तिमा स्मृति परिपूर्ण भयो भनेर भन्न नसकिने भएतापनि हुनुपर्ने जति त भइरहेको हुन्छ । त्यसैले हात खुम्च्याउन चाहेमा खुम्च्याउन चाहेको चित्तदेखि सुरू गरेर "खुम्च्याउन चाहन्छु, खुम्च्याउन चाहन्छु" भनी भाविता गरेर विस्तार विस्तारै खुम्च्याएर लैजान्छ; भाविता नगरिकन झ्वाट्ट खुम्च्याउन पसार्न लागेको भनेर हुँदैन; त्यसैले उनमा निकै इन्द्रियसम्पन्न भइरहेको हुन्छ । कुरा गर्न चाहेको बेलामा पनि फाइदा छ, छैन प्रत्यवेक्षण गर्नुपर्ने हुन्छ । त्यसो होइन भने पनि कुरा गर्न चाहेको चित्तलाई "कुरा गर्न चाहेको छु, कुरा गर्न चाहेको छु" भनी स्मरण गरिरहनुपर्दछ । त्यसैले बोल्नुपर्ने कारण पूर्ण नभएमा बोल्ने गर्दैन । बाध्यतावश बोल्न परेमा पनि बोलेको लाई स्मरण गरिरहनुपर्ने हुँदा बढ्ता कुराहरू धेरै बोलेको हुँदैन; त्यसैले इन्द्रिय संयमित रहिरहने हुन्छ ।

## मनोवृत्ति उकास्ने क्षेत्रमा स्मृतिधर्म महत्त्वपूर्ण

भगवान् बुद्धको वरिपरि रहिरहने व्यक्तिहरूमध्येमा कोही अरहन्त कोही अनागामी, कोही सकृदागामी, कोही श्रोतापन्न, कोही स्मृतिप्रस्थानधर्म वृद्धि गरिरहने व्यक्तिहरू भएका हुन्छन् । कर्मस्थान हातबाट छुटिरहेका व्यक्ति भनेर हुँदैन । त्यसैले अति नै स्निग्ध कोमल रहेका हुन् भन्ने विषयलाई भगवान् बुद्धले आज्ञा भएको हो । यसरी आज्ञा हुँदा पेस्स गृहस्थी उपासकले निवेदन गऱ्यो–

भगवन्, तपाईंले मानिसहरूलाई सीधारूपमा अनुशासन गर्नुभएको असाध्यै राम्रो छ । तिरश्चीन (पशु) हरू बाँगोतिंगो (कुटिल) हुँदैनन् । सोझा सीधा हुन्छन् । तिरश्चीनहरूले आफ्नो स्वभावअनुसार गरिहाल्छन्; दिसा गर्न चाहेमा पनि गरिछाड्छन्; पिसाब गर्न चाहेमा पनि गरिहाल्छन्; यसो त्यसो उनीहरूले विचार गर्दैनन् । अनि फेरि मालिक स्वामीहरूलाई छलछाम गरेर मैले कसो गर्नेछु भनी यसरी कुटिल चिन्तन गर्दैनन् । उनीहरूले गर्न चाहँदैनन्, उनीहरूलाई मनपर्दैन, भने अप्ठ्यारो पारिदिन्छन्; मानिसहरू त यस्ता हुँदैनन् भन्ते ! मानिसहरू बांगातिंगा (कुटिल) छन्; प्रत्यक्षमा एककिसिमको परोक्षमा अर्को किसिमको; प्रत्यक्षमा त अर्थहितकामी भएजस्ता मैत्री भए जस्ता चाल गर्न जान्दछन्; परोक्षमा भने यस्ता हुँदैनन् । अनर्थकारीहरू हुन्छन् । मानिसहरू असाध्यै कुटिल हुन्छन् । त्यसरी कुटिल



Downloaded from http://dhamma.digital

स्वभाव भएका मानिसहरूका मनोवृत्तिहरूलाई सीधासादा हुने गरी तपाईं भगवान्‌ले मर्मत गरेर राख्नुभएको अति नै राम्रो छ भनीसकेपछि मैले पनि गृहस्थ भएतापनि यो स्मृतिप्रस्थान भावनाधर्मलाई कहिलेकाहीँ वृद्धि गर्दछु भन्ते' भनी उनले प्रशंसा गरेर निवेदन गऱ्यो ।

हो, स्मृतिप्रस्थानधर्म मनोवृत्ति मर्मत गर्ने क्षेत्रमा अति नै राम्रो धर्म हो । मानिसहरू कुटिल हुन्छन् भन्ने कुरा आफ्नो चित्त बांगोटिंगो भइराखेको लाई थाहा नपाएर नै हो । आफ्नो चित्तलाई थाहा पाइरह्यो भने कहाँ बांगोटिंगो भइरहन्छ र ? आफ्नो चित्त बांगिएमा बांगिएको छ भनी थाहा पाउन, नबांगिएमा बांगिएको छैन भनेर थाहा पाउन चित्तानुपस्सना अत्यन्त महत्त्वपूर्ण छ । चित्तानुपस्सनाले राम्ररी परिपूर्ण भइरहेको व्यक्तिमा यसरी बांगिएको कुटिल स्वभाव केही पनि उत्पन्न हुनसक्दैन; उनको चित्त जम्मै सीधासादा ऋजु भइरहन्छ; यो अति नै राम्रो छ ।

## धर्म लाभ हुन योग्य भएर पनि लाभ भएन

पेस्सले त्यसरी निवेदन गर्दा भगवान् बुद्धले ४ प्रकारका व्यक्तिहरूलाई विभाजन गरी उपदेश दिनुभयो । तैपनि ४ प्रकारका व्यक्तिहरूलाई विस्तृतरूपमा विभाजन गर्नेछु भनी शीर्षक हाल्नमात्र थाल्नुभएको थियो; त्यो पेस्सले के भन्यो भने 'भगवन्, मेरो धेरै काम छ; जान अनुमति दिनुहोस्' भनी भगवान् बुद्धसँग निवेदन गऱ्यो । त्यसरी निवेदन गर्दा भगवान् बुद्धले उनीलाई 'ए पेस्स, एक क्षण पख; मैले उपदेश दिएको उपदेश नसकुञ्जेल सुन' भनेतापनि बस्न सक्ने भए; लाज मानेर बसेतापनि मनले ध्यान नदिइकन सुनिरहँदा उनीमा कुनै पनि प्रतिफल रहने भएन; त्यसैले भगवान् बुद्धले पनि उनलाई रोक्न सक्नुभएन; तिम्रो चाहनाअनुसार गर भनी अवसर दिनुभयो । पेस्स फर्केर गएपछि भगवान् बुद्धले "प्रिय पुत्रहरू, पेस्स प्रज्ञावान् छ; म तथागतले अहिले उपदेश दिन लागेको देशनालाई अन्त हुन्जेलसम्म मात्र सुनिदिएको भए उनले श्रोतापन्न मार्गफल लाभ गर्नेथियो; श्रोतापन्न हुनेथियो; धेरै लाभ हुनेथियो" भनी आज्ञा भयो ।

त्यसलाई कारण बनाएर अट्ठकथामा वर्णन गरिराखेको प्रक्रिया– भगवान् बुद्धको प्रत्यक्षमा समेत धर्मलाभ गर्न योग्य व्यक्ति भएर पनि धर्मलाभ नभएको हुनसक्छ त ? भन्ने विषयलाई प्रश्न उठाएर हुन सक्ने प्रक्रियालाई यसरी उल्लेख गरी वर्णन गरिराखेको छ । मार्गफललाभ नहुनाको



Downloaded from http://dhamma.digital

कारण **किरियपरिहानि** र **पापमित्त** दुइवटा छन् । '**किरियपरिहानि**' भनेको गर्न योग्य लाई पूर्ण हुनेगरी आचरण नगर्नु नै हो; गर्न उचित गर्न योग्य पनि दुईप्रकारको छ । उपदेश गर्ने व्यक्तिले गर्न उचित गर्न योग्य कुरा जम्मै लाई पूर्ण हुने गरी नगर्नु एक प्रकार, सुन्ने व्यक्तिले गर्न उचित गर्न योग्य जम्मैलाई पूर्ण हुनेगरी नगर्नु एक प्रकार, यसरी दुई प्रकारको छ । उपदेश गर्ने व्यक्तिले मार्गफल निर्वाण लाभ हुनसक्ने जति गरी धर्मलाई परिपूर्णरूपमा उपदेश गरेन भने उपदेश गर्ने गुरुको अभिभारामा कमि हुने हुन्छ ।

हो, उपदेश गर्ने व्यक्तिले मार्गफल निर्वाण लाभ गर्न सक्नेसम्म धर्मको परिपूर्णरूपमा उपदेश गरेन भने शिष्यले कसरी उद्योग र अभ्यास गर्न जान्ला र ? कसै कसैले भावनाधर्म उद्योग र अभ्यास गर्न चाहन्छ; तैपनि उपदेश गर्ने गुरु हुँदैन; विधि दिने बाटो देखाउने व्यक्ति हुँदैन; त्यसैले कोही व्यक्तिहरू बूढाबूढी भएर मरेर जान्छन् । भावनाधर्म पनि उद्योग र अभ्यास गर्न पाएका हुँदैनन् । धर्म लाभ हुनु भनेको त टाढै भयो । त्यसैले उपदेश गर्ने गुरुको कमीले गर्दा धर्म लाभ नभएको पनि छ । यो त गुरुको कर्तव्य पूरा नहुनु नै हो । अहिले हामीले त गुरुको कर्तव्य अपूरो हुन नदिने गरी परिपूर्णरूपमा उपदेश दिइरहेका छौं; प्रेरणा दिने गरिरहेका छौं ।

त्यसैले हाम्रो तर्फबाट त गुरुको दायित्व पक्षमा कमी भएको छैन । कोही शिष्य भएका उपदेश श्रोताव्यक्तिहरूले उपदेशलाई अन्तसम्म सुन्दैनन्; सुनेतापनि आचरण गर भन्दा आचरण गर्दैनन्; आचरण गरे पनि अलिकति मात्र आचरण गर्छन् । पूर्ण हुने गरीकन आचरण गर्दैनन् । उद्योग र अभ्यास गर्दैनन् । त्यसरी पूर्ण हुने गरिकन काम नगर्ने आचरण नगर्ने भएको ले त्यो व्यक्तिमा प्राप्त गर्न उचित र योग्य धर्म प्राप्त नभइकन नै रहिरहन्छ । अहिले भनिरहेको पेस्सक भगवान् बुद्ध प्रत्यक्षमा नै उनले उपदेश अन्त हुन्जेलसम्म नसुनेको भएर; उपदेश अन्त हुने गरी सुनी हृदयंगम गरेको भए श्रोतापन्न भएर जानसक्ने भएर पनि त्यो प्रतिफल प्राप्त नभइकन नै रहिरह्यो ।

# यो एउटा त

दोषले प्रत्यक्ष रहेको वर्तमान समयमा पनि नराम्रो प्रतिफल दिइ राम्रो बन्धुबान्धवहरूसित मित्रता भंग गराउन सक्दछ । अनि नराम्रा अकुशलहरू वृद्धि गराई परलोकमा पनि ४ अपायमा पतन भई दुःख कष्टमा



Downloaded from http://dhamma.digital

पुऱ्याइदिनसक्छ। यो कुरा अति नै डरलाग्दो छ। यो दोषको कारणले अनर्थ हुनसक्ने प्रक्रियालाई भगवान् बुद्धले एउटा साधक नमूना कथावस्तु देखाइराख्नुभएको छ। त्यो साधक नमूना अति नै राम्रो छ।

# वेदेहिका कथावस्तु

बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडिको समयमा श्रावस्ती प्रदेशमा वेदेहिका भन्ने एउटी गृहपतिनी थिइन्। ती गृहपतिनीलाई 'आचरणधर्म राम्री छे, मनोभावना राम्रो छ' भनी टोलवासीहरूले प्रशंसा गरिरहन्थे। 'वेदेहिकामा सत्पुरुष चित्त छ; भन्ने बोल्ने पनि अति राम्रो छ; मिलनसार छिन्, व्यवहार गर्नमा पनि सरल कोमल भई अति राम्री छे, साँच्चिकै सत्पुरुष गुण भएकी महिला छिन्' भनी यसरी टोलबासीहरूले प्रशंसा गरिरहन्थे। घर घरमा पनि प्रशंसा; जताततै प्रशंसैप्रशंसा उनमा गल्ती नभेटिएकोले प्रशंसा गरिरहेका हुन्। त्यो घरमा एउटी दासिनी पनि थिइन्। उनकी नाम काली थियो। 'काली' भनेको पाली भाषा हो। काली वर्ण भएकी भन्ने मतलब हो। ती काली दासीले जुन घरमा गएपनि आफ्नी मालिक्नीको मनोभावना राम्रो भएको विषय, सहनशील विषय, मिलनसारका भएकी विषयहरूमा प्रशंसा गरिरहने भई, वेदेहिकालाई सबैले प्रशंसा गरिरहेका मात्र सुन्न पाइरहेकी थिइन्।

त्यसैले एक दिन उनले यसरी विचार गरिन्। 'हाम्री मालिक्नी साँच्चिकै मनोभावना राम्री भएकी होकि ? त्यसो नभएमा घरदैलोसम्बन्धी कार्यहरू मैले गरिराखेको ले नै ढंग पुगी ठिकठाक परिराखेको ले हो कि ? परीक्षा गर्नुपऱ्यो।' भनी विचार गरेर उनीले परीक्षा गर्न लागिन्। कसरी गर्न लागिन् त भन्दा 'एक दिनको समयमा उनी सधैंभरी जस्तै बिछ्यौनाबाट सबेरै नउठिकन बिछ्यौनामै रहेर सुतिरहिन्। त्यसरी परीक्षणको रूपमा बसी सुतिरहँदा विहान घाम लागेको बेलामा वेदेहिका गृहपतिनीले बिछ्यौनाबाट उठी स्थितिहरू हेरिन्। हेर्दा सधैंजस्तो मुख धुने पानीआदि विभिन्न विषयहरू तयार भइनरहेको देखिन्। भान्छाघरमा पकाउनु सकाउनु पनि केही गरिराखेकी थिएन। कुचो लगाउनु आदिहरू पनि केही गरिराखेको थिइन। यी कुराहरू देख्दा वेदेहिकाले विचार गरिन् 'अँ, आज काली बिछ्यौनाबाट उठेकीजस्ती देखिएन। सधैं जस्तो गरिरहेका कामहरू



Downloaded from http://dhamma.digital

केही पनि गरिएको पाइएन । उनी बिसन्चो भइरहिन् कि ? थाहा छैन ।' भनी विचार विमर्श गरी उनी रिसाएकी थिइन । रिसाउनुपर्ने कारण स्पष्ट भइसकेको त थिएन; बिसन्चो भइरहेकीले होली भनी करूणा जागी दयालु मनसमेत उत्पन्न भइरह्यो । दिक्क मान्नु, रिस उठ्नु, रोग लाग्नु, नजिकिन नपाएको ले उनीमा राम्रो चित्त प्रसन्न चित्त नै उब्जिरहेको छ । त्यसैले बिरामी परेकीले होली भनी सम्झी उनी कहाँ गएर सोधिन् । 'अय् काली', भनी बोलाइन् ।

'किन मालिक्नी' भनी कालीले जवाफ फर्काइन् ।

'अय्, तँ बिछ्यौनाबाट उठेकी छैन्स ?'

'उठेको छैन मालिक्नी ।'

'किन नि, बिसन्चो भइस् त ?'

'केही पनि भएकी छैन, । सुत्न मन लागेको ले सुतिरहेकी' भनी कालीले यस्तो भनिन् । अनि मुखले त केही नभने तापनि वेदेहिकाका अनुहार चाहिँ बिग्रियो । 'कसो नि, सधैँजस्तो कामहरू गर्ने गरिनन् । यी मोरी परिवर्तन भएर आइन् कि ।' भनी चित्त अलिकति खुसुक्क पऱ्यो । काली पनि चलाख छे; निदाएकी जस्तै गरेर 'आफ्नी मालिक्नी कस्ती छे, रिसाएकी छे वा छैनन्', भनी जानून एकातिरबाट चिहाई हेरिरहिन्। त्यसैले आफ्नी मालिक्नी मुख अँध्यारो पारी निधार खुम्च्याएर गएको उनीले देखिन् । रोग लाग्नै थालेको सुर्को पाइहाल्यो । अनि कालीले 'अँ, मेरी मालिक्नी रिसाउन त जानेकी रहिछे; रिसाउनुपर्ने कारण नभएको ले नरिसाई बसेकी रहिछे; तैपनि त्यति निश्चित छैन; फेरि परीक्षा गर्नु नै पर्दछ' भनी चिन्तन गरी अर्को दिनमा पनि बिछ्यौनाबाट सबेरै नउठी बसिरहिन् । त्यसरी नउठी बसिरहँदा अघिको दिनमा जस्तै मालिक्नी आइकन सोधिन् ।

'अय् ... ... काली तँ उठेकी छैन्स ?'

'उठेकी छैन, मालिक्नी ।'

किन नि त ?

'केही भएको छैन माल्किन्' भनी भन्दा ... ...

'हेर काली, तैंले मेरो बारेमा थाहा पाउलिस् ।' त्यसरी मुखबाट निस्कियो । मनभित्रमात्रै भएन; मुखसम्म पुगिहाल्यो; त्यो दोष उत्पन्न भएको ले दोषअनुसारको चित्तले काम गरेको ।



Downloaded from http://dhamma.digital

अहिले मानिसहरूले कुरा गरिरहेका पनि चित्तमात्रैले हो। जाँदा पनि चित्तले नै; हलचल गर्दा पनि चित्तले नै; जेजति गरिन्छ चित्तमात्रैले हो। त्यो चित्तलाई वशमा पार्न सक्ने गरि राख्नु आवश्यक छ। चित्तलाई वशमा पार्न नसकेर नै मानिसलाई मुस्किल परिरहेको हो। यो चित्त धेरै नै कामको विषय हो। राम्रो भए पनि चित्त नै, नराम्रो भए पनि चित्त नै। दान, शील, भावनाका कुशलकर्महरू गर्दा पनि चित्त नै; नराम्रा काम गर्दा पनि चित्त नै हुन्छ। यो चित्तलाई जित्नु आवश्यक छ। यूरोप अमेरिका पश्चिमी राष्ट्रका व्यक्तिहरूले के गर्छन् त भन्दा उनीहरूले परमाणु एटम जस्ता रूपधातुलाई समात्छन्; ती एट्मरूपलाई जब्बर पारी समातेर उनीहरूले अत्यन्त भयंकर शस्त्रअस्त्रहरू निर्माण गरी प्रयोग गरिरहेका छन्। बाह्य ठोसद्रव्य पदार्थ रूपधर्महरूलाई जब्बर पार्नको लागि उनीहरूले एकदम खोजीनीति गरिरहन्छन्; महत्त्वपूर्ण कुरा त शरीरभित्रको चित्त अझ बढी महत्त्वपूर्ण छ। त्यो चित्तलाई जब्बर पार्नु आवश्यक छ। त्यो चित्तलाई जब्बर पार्न सकिएन भने यो चित्तले धेरै नै दु:ख दिने गरिरहको हुन्छ। त्यसैले वेदेहिकामा दोष चित्तले घचेटिरहेको ले कडा बोलीवचन मुखबाट निस्किएको हो।

अनि कालीले 'मैले सोचेअनुसार भयो, ठिक हो; मेरी मालिक्नीमा दोषचित्त त रहेकै रहेछ; रिस उठाउने कारण नभएको ले रिस नउठिरहेको रहेछ' भनी निर्णय गरिन्, तैपनि बढीभन्दा बढी निश्चय हुने गरिकन फेरि पनि परीक्षा गर्नेछु भनी विचार गरेर अर्को दिनमा पनि बिछ्यौनाबाट सबेरै नउठी बसिरहिन्। वेदेहिका कालीमाथि अघिदेखि नै रिस उठिरहेकी जस्ती थिइन्। 'यी मोरी त विपरीत नै भइरहिन्; के भएकी यसलाई थाहा नै भएन; अघिअघि जस्तै रहेन। बिग्रिसकी' भनी रिसाइरहेकी देखिन्थी। त्यसैले–
'ए काली, बिछ्यौनाबाट उठेकी छैनस् ?'

'उठेकी छैन, मालिक्नी !'

'तँलाई के भयो ?'

'केही पनि भएको छैन।'

'केही पनि भा छैन रे' भनी ढोकाको चुकूल ले हानी पठाउँदा एकैचोटि टाउको फुटिहाल्यो।

त्यो मनबाट वचीकर्ममै नरोकी कायकर्मसम्म आइपुगेको नै हो। त्यसरी कायकर्म सिद्ध हुने गरी उल्लंघन गर्न पुगेको ले टाउको



Downloaded from http://dhamma.digital

फुटालिनुपर्ने दासी कालीले टाउको फुट्ने गरी हानी पठाएको विषयलाई 'छरछिमेकी' मा गुनासो गर्न पुग्न लाग्यो । 'मेरो घटना हेर्नुस् आमैहरू; घरमा अन्हाउने पन्हाउने भनेर म एक्लै छु; म एक्लै भएकी दासीलाई बिछ्यौनाबाट सबेरै नउठेकी ले यति हदसम्म कठोररूपमा मलाई मार्नु पिट्नुहुन्छ र ? टोलबासीहरूले त प्रशंसा गरिरहेका के नै भन्नुछ र । वेदेहिका साँच्चैकै सत्पुरुष महिला रे; कति पनि कडा बोलीवचन बोल्न जान्दिन रे; मिलनसार छे रे; मनोभावना राम्री छे रे । लौ हेर्नुस्, ती सत्पुरुष महिलाले एक्ली भएकी यी कामदार दासीलाई यतिसम्म कठोररूपमा ढोकाका चुकूलले हान्न हुन्छ र ? मेरो टाउको फुटिहाल्यो नि हरे' भनी टोलभरि गएर गुनासो गरिन् ।

अनि टोलवासीहरूले उपहास गरी भने 'वेदेहिका अति नै कठोर र हिछ; अति नै जंगली रहिछ; यी एक्लै भएकी केटीलाई यतिसम्म निर्दयतापूर्वक व्यवहार गर्न हुन्छ र ?' आदि आदि । उपहास गर्नेहरू पहिले प्रशंसा गर्नेहरू भन्दा बढी भइरह्यो । प्रशंसा उत्पन्न हुनु त्यत्ति सजिलो छैन; उपहास निन्दा उत्पन्न हुनु अति नै सजिलो छ । प्रशंसा गराउन चाहने व्यक्तिले प्रशंसात्मक गुणले सम्पन्न हुन अत्यन्त प्रयास गर्नुपर्दछ । कायकर्म, वचीकर्म हरेक क्षेत्रमा अति नै संयम गरेर बसेमा मात्र प्रशंसात्मक गुण उब्जेर आउँछ, त्यसरी उब्जेर आएको गुणलाई भंग भएर बिलाएर नजाने गरी संरक्षण गर्नु पनि अत्यन्त मुस्किल छ । मानिसले एकदिन जती मात्र राम्रो भइरहेर पुग्दैन; एक महिना, दुई तीन महिना मात्र राम्रो भइरहेर पनि पुग्दैन; अर्को दिन, अर्को महिना, अर्को वर्षहरूमा पनि जहिले पनि राम्रो भइरहेमा जीवनभर राम्रो भइरहेमा मात्र प्रशंसा पूर्ण र सम्पन्न भइरहन्छ । कसैकसैमा मरणासन्न अवस्थामा व्रताचरण भंग भएर गुण बिलाएर बदनाम भएर जानु परेको हुन्छ । त्यसैले राम्रो गुणलाई धारण गरिराख्नु भनेको त्यति सजिलो छैन । अति नै मुस्किल छ ।

निन्दा खप्नु, गुण भंग हुनु भनेको अत्यन्त सजिलो छ, त्यो कति पनि गाऱ्हो छैन । अहिले को अहिल्यै गुण भंग भएर जान्छ; यो जो कोहीले पनि गर्न सक्छ; त्यसरी गुण भंग भयो, निन्दा खप्न पऱ्यो भन्ने कुरा कहाँबाट आउँछ त भन्दा दिक्दार हुनु, रिस उठ्नु जस्तो नराम्रो रोगबाट धेरैजसो आउनसक्छ । रिस उठ्नु रोग भित्रियो भने यो रोगको कारणले चित्तको चहलपहल एकनास हुँदैन; वचनको चहलपहल एकनास हुँदैन; शरीरको चहलपहल हुँदैन; यसरी विपरीत भएर आउँछ । त्यस्तो अवस्थामा निन्दनीय



Downloaded from http://dhamma.digital

स्थिति उब्जेर आउँछ । त्यसैले यो रोगलाई दमन गरेर तोडेर हटाउनुपर्ने हुन्छ । यसरी हटाइ पठाउनु भावनाधर्म उद्योग र अभ्यास गरिरहँदा पनि काम लाग्छ; भावनाधर्म उद्योग र अभ्यास नगरी त्यसैत्यसै खालि रहँदा पनि काम लाग्छ; प्रत्येक मानिसको निमित्त जहिले पनि काम लाग्छ । ठूलाठालूलाई पनि काम लाग्छ; सानातिनाहरूलाई पनि काम लाग्छ ।

मानिसहरू भनेको एक्लै बस्ने त्यति हुँदैन । घरहरूमा भनौं भने कम्तीमा दम्पत्ती त भएकै हुन्छ । ती २ जना परस्पर मिलिजुली बस्न आवश्यक छ । २/३ जना सँगसँगै बसोबास गरिरहँदा आफूसँग मन मिल्दैन, अरूसँग मन मिल्दैन, त्यसरी रिस उठाउनुपर्ने स्थितिहरू रहिरहँदा परस्पर रिस उठाइरहने हुन्छ । त्यसरी रिस उठेर आयो भने रोग भएर आइसक्यो भनेर नै सम्भनुपर्छ । त्यसलाई चाँडोभन्दा चाँडो भाविता गरी हटाउनुपर्ने हुन्छ । हटाइएन भने त्यो चित्त वृद्धि भएर आई पछि मुखले भन्न अनुचित कुराहरू भन्न पुग्ने हुन्छ ।

त्यसो भएर एकअर्काको मैत्री भंग भई आपसमा असुविधाजनक हुनजान्छ । परस्पर छुट्टाछुट्टै भएर बढी दुःख हुने हुन्छ । यो संसारको नराम्रो प्रतिफल दिने प्रक्रिया नै हो । नराम्रो अकुशलकर्म सिद्ध हुने गरी उल्लंघन गर्न लाग्यो भने संसारमा पनि नराम्रा प्रतिफल दुःखहरू भयंकररूपमा सामना गर्नुपर्ने हुन्छ ।

त्यसैले भावनाधर्म उद्योग र अभ्यास नगर्ने व्यक्तिहरू पनि आफ्नो उठाई बसाईदेखि सुरू गरेर हरेक विषयमा सुविधाजनक बनाउन, राम्रो प्रतिफल सुखानन्दमा पुऱ्याउन, गुण प्रशंसा भंग नगराउन, गुण प्रशंसा माथि उकास्न के आवश्यकता परिरहेको छ त भन्दा त्यो रिस उठ्ने रोग भित्रिन नदिनु आवश्यक छ । संसारमा आफ्नो शरीरमा रोग वेदनाहरू भएमा अरू व्यक्तिहरूले घृणा गर्दछन् । मन पराउँदैनन् । आफ्नो नजिकमा आउन चाहँदैन । विशेषरूपमा छालाको रोग, कुष्ट रोगहरू लागिरहेमा त्यस्तो मानिसको नजिकमा आउन चाहँदैनन् । अति नै हेमखेम भएको व्यक्ति टाँसिएर बस्न पनि निकै बोझिलो मान्छ । अनि फेरि सरुवा रोगहरूजस्ता पनि छन् । तिनीहरू भएमा त ज्ञातिबन्धु परस्पर पनि नजिकमा पर्न हिच्किचाउँछन् । रोग सर्ला भनेर आउन हिच्किचाउँछन्; डराउँछन्; रोग लागिरहेको व्यक्तिप्रति प्रेमभाव ममताभाव भएका व्यक्तिहरू समेत नजिकिएर व्यवहार गर्न मुश्किल परेर आउन सक्छ ।



Downloaded from http://dhamma.digital

# परस्पर मैत्री भंग हुने दोषले

त्यसरी नै रोग समानको यो दोषचित्त लागेर आयो भने हेमखेम भएको व्यक्ति परस्पर पनि मैत्री भावहरू भंग भएर जान सक्छ। त्यसैले दोष उब्जेर आयो भने त्यसलाई भाविता गरेर हटाउनुपर्दछ। अन्य कुराहरूलाई भाविता गर्न सकिएन स्मरण गर्न सकिएन भने पनि केही छैन; यो एउटालाई त भाविता र स्मरण गरेर हटाउनु राम्रो हुन्छ। संसारका बसाइउठाइहरू जम्मै सुखमय भएर जाने गरी प्रत्येक धर्मउपदेश गर्दा यसलाई जहिले पनि होश दिइरहनुपर्दछ किनभने "मानिसहरूले घृणा गर्छन्; दोष उत्पन्न गर्छन्" भन्ने कुरा ककसले गर्दा उत्पन्न हुन्छन् त ? विचार गरेर हेरूँ। सबभन्दा नजिक पर्ने व्यक्तिहरूसित हुन्छ होइन र ? एक अर्कोमाथि अर्थकर काम बहन गरौं भन्दा पनि ककसले वहन गर्छन् त ? सबभन्दा नजिकका व्यक्तिहरूले गर्छन्: सँगै बस्ने व्यक्तिहरूले नै वहन गर्छन। भरोसा लिनुपर्ने कार्य हो भने कस्ता व्यक्तिलाई भरोसा नै लिनुपर्छ त ? सँगै बस्ने व्यक्तिहरूको नै भरोसा लिनुपर्दछ। त्यस्तै नै रिस उठ्यो भन्दोखरी पनि सँगै बस्ने व्यक्तिहरू, सबभन्दा नजिकका व्यक्तिहरूसित रिस उठाइरहन्छन्।

अन्य शहरमा अन्य गाउँ अन्य राष्ट्रहरूमा बस्ने मानिससित रिस गरिरहनु खास कारण त्यति सारो हुँदैन; भेट्टाउन मुश्किलपर्छ; त्यस्ता अन्य शहर गाउँ, अन्य राष्ट्रका मानिस भनेको धेरैजसो जान्न पनि जानेको हुँदैन। त्यहाँ त्यस्तो मानिस छ भनेर पनि थाहा पाउँदैन। त्यस्तो अन्जान व्यक्तिप्रति के रिस उठाउनुपर्ने होला र ? केही पनि रिस उठाउनु पर्ने हुँदैन। रिस गर्नपर्ने नभएजस्तै त्यस व्यक्तिको अर्थहित पनि वहन गर्न सकिन्न। त्यो व्यक्तिले पनि आफ्नो अर्थ हित वहन गर्न सक्दैन। परस्पर अर्थहित वहन गर्ने भनेको पनि सँगै बस्ने व्यक्तिहरू र नजिकिएका व्यक्तिहरू नै हुन्। परस्पर घृणा गरौं, झगडा गरौं भने पनि नजिकिएकासँगै बस्ने व्यक्तिहरू नै हुन्।

गाउँघरहरूमा झगडा हुन्छ भने छरछिमेक परस्परमा झगडा हुन्छ। नजिकिएका घरहरूको मात्र हुन जान्छ। घर नाघेको घरमा गई झगडा हुने भनेको कम हुन्छ। त्यसोहुँदा भरोसा लिनुपरेमा पनि नजिकिएका व्यक्तिहरूको नै भरोसा लिनुपर्ने हुन्छ। झगडा हुँदा पनि नजिकिएका व्यक्तिसंग परस्परमा झगडा हुन जान्छ। झगडा नगरी परस्पर भरोसा



Downloaded from http://dhamma.digital

लिई मैत्री भंग नगरी सँधै सहयोग गरेर भार वहन गरी जान सक्ना खातिर दोषरोग नलिनु आवश्यक छ। रोग लागे पनि चाँडै उपचार गर्नु आवश्यक छ। यस कुरालाई नित्य धारण गरिराख्नुपर्ने भयो।

मनमा दोष उब्जेर आयो भने मनभित्र नै बिलाएर जाने गरी भाविता र स्मरण गरेर हटाउनुपर्छ। वाचिक आकार प्रकार, कायिक आकारप्रकार बिग्रिन दिनु हुँदैन। रिस उठ्दा भृकुटी तन्किनु छर्के आँखाले हेर्नु अनुहार नीलो पहेँलो भएर बिग्रन सक्छ। त्यसरी कायिक आकार प्रकार, अनुहारको आकारप्रकार अलिकति बिग्रेर आयोभने त्यो अलिकति बिग्रेको मा रूकी अगाडि नबढ्ने गरी संयम गर्नु आवश्यक छ।

कायिक आकार प्रकार बिग्रनुको साथसाथै वचनद्वारा भन्ने बोल्नेसम्म हुन जानसक्छ। त्यसरी भन्न बोल्न लागियो भने लगातार बोल्न नपाउने गरी भाविता र स्मरण गरेर हटाउनु आवश्यक छ। यो अति नै महत्त्वपूर्ण छ। त्यसैले यो आर्यावास व्रताचरणभित्र अन्य व्रताचरणहरू गर्न नसके तापनि यो स्मरणिकाअनुसार आचरण र चिन्तन गर्न यहाँ विशेष प्रेरणाका कुरा दिइरहेको छु।

## संवेजनीय महिला अरहन्त सुमना

तृष्णाको कारणले फेरि नयाँ जन्म बारम्बार उत्पन्न भइरहनुपर्ने लाई साधक नमूना कथाद्वारा देखाउनुपर्दछ। साधक नमूना कथावस्तु त सयौं हजारौंभन्दा बढी छन्। तीमध्येमा पालिअट्ठकथाबाट कथावस्तु २ वटा उद्धृत गरेर देखाउनु उचित छ।

## ब्रह्मा भएर ज्वाररर; हिलोमाटोमा बुद्रु बुद्रु

एक समय भगवान् बुद्ध राजगृह नगरतिर भिक्षाटन जानुभयो। त्यति बेलामा एउटी सुंगुरनीलाई देख्नुभई मुस्कुराउनु भयो। मुस्कुराउनु हुँदा दाँतहरूबाट सेतो प्रकाश निस्केर आएको देखेर मुस्कुराउनु भएको कारण जान्न चाहेको ले आयुष्मान् आनन्दले "किन मुस्कुराउनुभएको" भनि सो ध्नुभयो। भगवान् बुद्धले आनन्द त्यहाँ हेर, सानी सुंगूरनीलाई देख्छौं ?"



Downloaded from http://dhamma.digital

ती सानी सुंगूरनी ककुच्छन्द तथागतको बुद्धशासन प्रतिस्थापित रहँदा मनुष्य जीवनको महिलाको जीवनबाट मरण भई एउटा भोजनशाला विहारको नजिकमा कुखुरी भएर जन्मिइन् । ती कुखुरीलाई बाजले टिपेर लगी खाइदिएको ले मरण भएर गइन् । तैपनि अघिल्लो भागमा योगी भिक्षु एकजनाको कर्मस्थानधर्म पाठ गरिरहेको धर्मस्वर सुनी कुशल विचार उत्पन्न भएकोले त्यो कुशलको सामध्यको कारण मनुष्यलोकमा राजाको घरमा उब्बरी नाउँकी राजकुमारी भएर जन्मिइन् । ती राजकुमारी पछिल्लो समयमा परिव्राजिकाराममा परिव्राजिका भइरहँदा पाइखानाभित्रका कीराहरू हेरेर **पुलुवकसञ्ञा** (अवदातसंज्ञा) उत्पादन गरेर प्रथमध्यान लाभ गरेर आइन् । ती परिव्राजिकाको जीवनबाट मरेर गएको बेलामा प्रथमध्यान ब्रह्मभूमिमा ब्रह्मा भएर उत्पन्न भयो । ब्रह्माजीवनबाट च्यूत भएको बेला मनुष्यलोकमा श्रेष्ठिपुत्री भएर जन्मिन् । ती श्रेष्ठिपुत्री जीवनबाट मरेको बेलामा यी सुंगुरकी बच्ची भइरहनु पऱ्यो । यी विषयवस्तुहरूलाई देखेर म तथागत मुस्कुराएको हूँ भनी आज्ञा भयो ।

त्यो विषयवस्तुलाई सुन्न पाएको हुँदा आयुष्मान् आनन्दसहित भिक्षुहरूमा ठूलो संवेग उत्पन्न हुन पुग्यो । त्यो बेला भगवान् बुद्धले भिक्षाटन जानु हुँदै बाटोमा उभिएर छ वटा धर्मगाथा उपदेश गर्नुभयो । अहिले ती ६ गाथापदहरू मध्येबाट प्रथम एक गाथापद उल्लेख गरिन्छ–

**यथापि मूले अनुपद्दवे दल्हे, छिन्नोपि रुक्खो पुनरेव रुहति ॥**

**एवम्पि तण्हानुसये अनुहते; निब्बत्ततिदुक्खमिदं पुनप्पुनं ॥**

**मूले** = मूल जरो; **अनुपद्दवे दल्हे** = शत्रुभय नभई दृढ भइरहेमा; **छिन्नोपि** = माथिल्लो भागतिरको शाखा प्रशाखालाई काटेर राखे तापनि; **रुक्खो** = रूख, **पुनरेव रुहति यथापि** = फेरि फेरि नै; शाखा प्रशाखा निस्की हराभरा उम्रेर वृद्धि भएर आएजस्तै; **एवम्पि** = यस्तै नै; **तण्हानुसये अनुहते** = सन्ततिमा उत्पन्न हुन योग्य अनुशय तृष्णालाई आर्यमार्गद्वारा हटाउन नपाएसम्म; **इदं दुक्खं** = नयाँ जन्म उत्पन्न हुनु आदि यो दु:ख; **पुनप्पुनं** =बारबार; **निब्बत्तति** = उत्पन्न हुन्छ । त्यो गाथाद्वारा उल्लेख गर्न चाहेको मुख्य कुरो त उब्बरी राजकुमारी जीवनबाट परिव्राजिका ऋषिनी भई भावनाधर्म हृदयंगम गरी प्रथमध्यानप्राप्त गरी आइन् । तैपनि त्यो ध्यानद्वारा कल्पनाको रूपमा उत्पन्न हुने कामराग पर्युष्ठान तृष्णालाई मात्र विष्कम्भन प्रहाणद्वारा हटाउन सकिन्छ; केही क्षण निकै बेरसम्म टाढा पारेर लागिरहेको नै हुन्छ । त्यसैले त्यो प्रथमध्यान प्राप्त भएको जीवनको अवस्थामा



Downloaded from http://dhamma.digital

र ब्रह्माजीवन प्राप्त भएको बेलामा कामराग तृष्णा उत्पन्न नभई विरत भइरहिन्। तैपनि आर्यमार्गद्वारा जडदेखि नै निर्मूल पारेर नहटाएको कारणले मनुष्यजीवनमा श्रेष्ठिपुत्री भएको बेलामा त्यो कामतृष्णा जस्ताको त्यस्तै फेरि उत्पन्न भई हाल्छ। भवतृष्णा त ध्यान लाभ भइरहेको बेलामा पनि उत्पन्न भइनै रहिरंह्यो। त्यसरी अनुशयतृष्णा मूलजरो नटुटिएको कारणले ब्रह्मा भइसकेपछि मानिसको जन्म एकतह पछि सुंगुरनीको भवमा पनि फेरि पुग्नगइहालिन्। तृष्णा निर्मूल नहुञ्जेल सम्म यो प्रक्रिया यो विधिद्वारा कर्मानुसार विभिन्नप्रकारमा भव बारम्बार उत्पन्न भएर जानेछ भनी भनिन्छ।

त्यस्मा ब्रह्मा भइसकेपछि फेरि सुंगुरनी हुन पुगेकीलाई कारण बनाई पुरानो महास्थविर सयादोहरूले ब्रह्मा भएर ज्वाररररा, हिलोमाटोमा बुद्रुबुद्रु" भनी भनि राख्नुभएको छ। तैपनि - ब्रह्मभवबाट च्युत हुनेबित्तिकै लगत्तै सुंगुरनी (सुंगूर) हुनसक्दैन। अन्य तिरश्चीन नारकीय प्राणी भनेका पनि हुनसक्दैनन्। ध्यान लाभ भएको भवको ध्यानको नजिकपर्ने उपचारभावना कुशलको सामर्थ्यको कारणले मनुष्यलोक देवलोकमा मात्र उत्पन्न हुनसक्छ। अहिले भनिरहेको सुंगुरनी पनि मनुष्यलोककी श्रेष्ठिपुत्री, त्यो भवबाट अर्को तह सुंगुरनीको भवतिर पुग्न परेकी हुन्। त्यो पनि श्रेष्ठिपुत्रीको जीवनमा मानले मदमस्त भई गौरव गर्नुपर्ने व्यक्तिप्रति अगौरव गरी अपराध गरेको अकुशलकर्मको कारण हुनसक्ने सम्भावना रहेको छ।

ती सुंगुरनी त्यो जन्मबाट मरण भएर गएकी बेलामा सुवर्णभूमि भन्ने प्रदेशमा राजकुलमा उत्पन्न भइन्। सुवर्णभूमि भनेको तथौं प्रदेश नै हो भनी धेरैले धारणा राखेका छन्। कोही कोही प्रज्ञाविद्हरूले त बुद्धसम्वत् १५०० यताउती देवपाल राजाले कुँदेर राखिछाडेको तामाको पत्रलाई आधार बनाएर सुमात्राद्वीपलाई सुवर्णभूमि भन्दछ भनी भनेका छन्।

ती सुवर्णभूमिकी राजकुमारी जन्मबाट मरण भएर गएको बेलामा भारतको वाराणसी नगरमा कुलपुत्री हुन पुगिन्। त्यो जन्मबाट मरण भएर गएको बेलामा वनवासी प्रदेशमा कुलपुत्री हुन पुगिन्। वनवासी प्रदेश भनेको मुम्बई शहर क्षेत्रको पूर्वदक्षिण प्रदेशमा रहेको छ। त्यो जन्मबाट मरेर गएको बेलामा सुप्पारक बन्दरगाहको ठाउँमा घोडा व्यापारीकी छोरी हुन पुगिन्। सुप्पारक बन्दरगाह भनेको मुम्बई शहरको उत्तरतिर समुद्रको किनारामा रहेको छ। त्यो जन्मबाट मरेर जाँदा कावीर बन्दरगाह प्रदेशमा महानाविककी छोरी हुन पुगिन्। कावीर बन्दरगाह



Downloaded from http://dhamma.digital

भनेको भारतद्वीपको पुछार पूर्वदक्षिणतिरको अन्त भागमा रहेको छ । अतीत अवस्थामा दमिल नाउँ भएका तामिल जातिहरूको राष्ट्र समुद्र किनार हो । त्यो जन्मबाट मरेर जाँदा अहिले श्रीलंका सिंहलद्वीप अनुराध नगरमा सरकारी अधिकारी कुलमा उत्पन्न हुन पुगिन् । त्यो जन्मबाट मरेर जाँदा अनुराध नगरको दक्षिणतिर भोक्कन्त भन्ने गाउँमा सुमन नाउँ भएको महाजनकी पुत्री हुन पुगिन् । नाउँ चाहिँ बाबुको नाउँजस्तै सुमना भनियो । पछि गएर उनको बुबा त्यो गाउँ छोडेर दीघवापी प्रदेश महामुनि भन्ने गाउँमा बस्ने गर्‍यो । त्यो गाउँमा बसोबास गरिरहँदा दुट्ठगामणी राजाको मन्त्री भएको लकुण्डक अतिम्बर भन्ने व्यक्ति एउटा कामले त्यो गाउँमा आइपुगेको बेलामा कुमारी सुमनालाई देख्दा प्रेम हुन गएकोले भव्य एवं विशालरूपले विवाह मंगल गरी आफ्नो ठाउँ महापुण्ण गाउँमा बोलाएर लग्यो ।

त्यो गाउँमा बसोबास गरिरहँदा दक्षिणान्त आराममा विहारगरिबस्नुहुने महाअनुरुद्ध स्थविरले त्यो गाउँमा भिक्षाटनमा आउनुभएको बेलामा कुमारी सुमनाको घर दैलोमा भिक्षाटनको लागि उभिनुहुँदा कुमारी सुमनालाई देखेर अनुगामी भिक्षुहरूसित यसरी कुरा गर्नुभयो ।

**आवुसो** = मित्रहरू, **सूकरपोतिका** = भगवान् बुद्धको पालामा बच्ची सुंगुरनी, **लकुण्डकअतिम्बर महामत्तस्स भरियभावं** = लकुण्डिक अतिम्बर महामात्यकी भार्याको रूपमा, **पत्तानाम** = पुगिरहेकिछिन्, **अहो अच्छरियं** = अहो, कतिको आश्‍चर्यजनक रहेको छ ।

त्यो कुरा सुन्दा मन्त्रीभार्या श्रीमती सुमनामा पुराना अतीत भवहरूलाई फेरि स्मरण गर्नसक्ने जातिस्मरणज्ञान उब्जेर आयो । त्यो ज्ञानद्वारा आफू उत्पन्न भएर आएका पुराना भवहरूलाई फेरि निरीक्षण गरेर हेरेको बेला संसारदेखि भयभीत त्रसित हुने संवेगज्ञान पनि उब्जेर आयो । त्यसैले आफ्ना पति महामात्यकहाँबाट अवसर मागी भिक्षुणी आश्रममा गई भिक्षुणी भइन् । श्रामणेरी र भिक्षुणी भइकन तिस्स महाविहार आराममा स्मृतिप्रस्थानसूत्र उपदेश सुनिसकेर त्यही विधिअनुसार स्मरण र भाविता गर्नुद्वारा श्रोतापत्तिमार्गफलमा पुगिन् । त्यसपछि दुट्ठगामनी महाराजले राज्यारोहण गरिसकेको बेलामा आफ्नो जन्मक्षेत्र भोक्कन्त गाउँमा गएर बसेकी बेला कल्लमहाविहार आराममा आसिविसोपमसूत्र सुन्नपाएकीले अरहत्त्वफलमा पुगी आश्रवक्षीण अरहन्ता हुन पुगिन् । ती सुमना स्थविराको भवउत्पत्तिक्रमलाई मैले यसरी स्मरणिका रचिराखेको छु ।



Downloaded from http://dhamma.digital

**मनुष्य, कुखुरी, फेरि राजकुमारी, ब्रह्मा, श्रेष्ठी,**
**सुंगुरनी भइन्, सुवर्ण बारा, वनवासी र सुप्पारक,**
**काविरबाट, सिंहल, नुराध भोक्कन्त गाउँ भनी,**
**जम्मा उत्पत्ति तेह्रपटक, सुमना उत्पति क्रम रह्यो ।**

त्यो महिला सुमनाको उत्पत्तिक्रम १३ जन्मलाई राम्ररी केलाएर विचार गरेको खण्डमा अति नै संवेजनीय रहेको छ । ककुच्छन्द तथागतको पालामा मनुष्यभवबाट मरण भएर गएको बेलामा छोराछोरी परिवार परिषद्हरू पनि वर्तमानमा रहेका चीज पदार्थहरू आफ्नो शरीर पनि परित्याग गरेर मरेर जानुपर्‍यो । छोराछोरी आदिहरू रोईकराई बस्नुपरे होलान् । ऊ आफै पनि मरेर कुखुरी हुनपुगिन् । सद्य मानिस भएर कुखुरी हुनपुगेको भयावह नै भयो । ती कुखुरी जन्ममा पनि छोराछोरी परिवार परिषद् रहेकै होला । बाज पंक्षिले समातेर टिपेर लगी टोकी टोकी खाइदिँदा टाउको चुँडिएर असह्य कष्ट सही मरेर जानुपर्‍यो । त्यसपछि कर्मस्थान भावनाधर्म शब्द सुन्न पाएको कुशलकर्मको कारणले राजकुमारी हुनपाइन् भन्नुपर्दा त खुशी कै कुरा भयो । ती कुखुरीले कर्मस्थानधर्म विषय केही पनि बुझेको छैन तैपनि श्रद्धाचित्तले कुशल उत्पन्न भई राजकुमारी समेत हुन पाइन् भन्दा उपदेश सुन्न पाउनु अति नै भरोसा लिन लायकको छ । त्यो राजकुमारी जन्ममा प्रथमध्यानलाभ भएकोले अर्को जन्ममा ब्रह्मा हुन पाएको पनि खुशी मनाउनुपर्ने कुरा नै भयो । ब्रह्मा जन्मबाट च्युत भएर मनुष्यलोकमा श्रेष्ठीकुलमा जन्मन पाइन् । त्यो पनि खुशी मनाउनुपर्ने कुरा नै भयो । तैपनि त्यो भवबाट मरण भएको बेलामा छोराछोरी आदि परिवार परिषद्हरू र धनसम्पत्तिहरू पनि छुटाएर रहन नचाहेर पनि मरण भएर छुटिएर जानुपर्नु शोचनीय कुरा नै रह्यो । मरण भएर बच्ची सुंगुरनी हुन परेको त अझ बढी शोचनीय हुनपुग्यो । ब्रह्माबाट मानिस भयो, मानिसबाट सुंगुरनी हुनपर्‍यो भन्दा अति नै भयावह पनि हुनगयो । यो कुरा संवेजनीय रहेको छ । अन्य व्यक्तिहरू पनि आर्यमार्ग प्राप्त नहुञ्जेलसम्म त्यसरी हीन जन्महरूतिर पुग्न सकिन्छ नै । त्यसैले स्मृतिसंवेग उत्पन्न भई भावनाधर्मलाई गम्भीरतापूर्वक हृदयंगम गर्न सक्ने गरी भगवान् बुद्धले यी सुंगुरनी उत्पत्तिक्रमलाई आज्ञा भएको हो ।

ती बच्ची सुंगुरनी जन्मबाट कसरी मर्नु परिन् भनेर त देखाइराखेको छैन, तैपनि आजकाल जस्तै सुंगुरको मालिकले मारेको ले मर्नु परेकी होलिन् । त्यो बेलामा सुंगुरनीमा छोराछोरी आदि परिवार परिषद्



Downloaded from http://dhamma.digital

बन्धुबान्धवहरू रहेकै होलान्। तिनीहरूसित मरेर छुट्टिएर आएको बेलामा सम्बन्धित सबैमा धेरै नै मानसिक दु:ख भएकै होला। त्यसपछि सुवर्णभूमि प्रदेशबाट अनुराध नगरसम्म ६ ठाउँमा मनुष्य जन्म मात्र लिएर आउनु पऱ्यो भन्दा ठिकै भयो भनी भन्नुपर्ला, तैपनि ती ६ जन्मबाट मरेर जानुपरेको प्रत्येक बेलामा उनी आफू स्वयं र सम्बन्धित व्यक्तिहरू सबै पनि दु:खी हुनुपरेको शोकसन्तप्त हुनुपरेको, रोदन क्रन्दन गर्नुपरेको भयो होला। अन्तिममा सुमना स्थविरा भई अरहन्त भएर गएको त सबभन्दा राम्रो खुशीको कुरा भइदियो।

त्यो उत्पत्तिक्रममा पुराना भवबाट मर्दै नयाँ जन्म बारबार लिनुपरेको कारण त दु:ख उत्पत्ति समुदयसत्य नामक तृष्णाको कारणले नै हो। अन्य व्यक्तिहरू पनि तृष्णारहित नहुन्जेल यसरी नै मर्दै-मर्दै नयाँ नयाँ जन्म लिँदै जानुपर्नेछ। त्यसैले यो समुदयसत्य भनेको तृष्णा निरोध र शान्त हुने गरी आठ मार्गांग आचरणलाई आचरण र अभिवृद्धि गर्नु अत्यन्त आवश्यक छ। सुमना स्थविरा त स्मृतिप्रस्थानसूत्रधर्म सुनिकन त्यो स्मृतिप्रस्थानविधिअनुसार स्मरणभाविता अभिवृद्धि गरी श्रोतापन्न भइन्। त्यसपछि आसीविसोपमसूत्र सुनी फेरि हृदयंगम गर्नुद्वारा अरहत्फलमा पुगी अरहन्त हुनपुगिन्। समुदय तृष्णा निरोध भएर गयो। त्यसैले नयाँ जन्म उत्पन्न हुनु परेन। परिनिर्वाण भई शान्त भएर जानु मात्र बाकिरह्यो।

त्यसैले ती सुमना स्थविरले आयुसंस्कार सकिएको बेलामा परिनिर्वाण हुनलागेको विषय सहधर्मीहरूलाई बताइन्। त्यो बेलामा भिक्षुहरू र भिक्षुणीहरूले उनको विषयमा सोधेको ले "भन्ते म क्रकुच्छन्द तथागतको पालामा मनुष्य महिला भएर आएं। त्यो जन्मबाट मरेर जाँदा कुखुरी भएर आएँ। त्यो कुखुरी जन्ममा बाजले टिपेर खाइदिँदा टाउको काटिएर मर्नु पऱ्यो। तब मरेर गई मनुष्यजन्ममा राजकुमारी भएर आएं, आदि भनी भोक्कन्तगाउँमा सर्वन्तिम भवसम्म आफ्नो विषयमा भिक्षुणीसंघलाई उत्पत्तिक्रम अनुसार बताइन्–

"**एवं** = अहिले भनेर आएअनुसार; **समविसमे** = सम विसम भएका, वा = राम्रा नराम्रा विभिन्न प्रकारका, **तेरस अत्तभावे** = १३ वटा आत्मभाव भवहरूमा, **पत्वा** = पुगेर, **इदानि** = अहिले अन्तिम जन्ममा, **उक्कण्ठित्वा** = संसारदेखि उद्विग्न भएको कारणले, **पब्बजित्वा** = भिक्षुणी भई, **अरहत्तं** = अरहन्तभाव अरहत्त्वफलमा, **पत्ता** = पुगिसकें, **सब्बेपि** = सबै आयुष्मान् आयुष्मतीहरू पनि, **अप्पमादेन** = प्रमादि नभई स्मरण गरिरहने स्मृतिधर्मद्वारा,



Downloaded from http://dhamma.digital

**सम्पादेथ** = शील, समाधि, प्रज्ञालाई सम्पन्न र सिद्ध हुनेगरी उद्योग प्रयत्न गर्न सकुन् भनी बताएर चार परिषद्हरूलाई संवेगधर्म उत्पन्न गराएर परिनिर्वाण भएर गइन् । अहिले भनेर आएका सुंगुरनी कथावस्तु धम्मपदअट्ठकथा (दु पृष्ट ३५०-५) मा पूर्णरूपमा प्रदर्शन गरिराखेको छ ।

# जीवन बीमा नपाइसकेकोले

समुदयसत्य भन्ने तृष्णालाई हटाउन सक्नेगरी भावनाकार्यलाई उद्योग र अभ्यास गरिरहेतापनि त्यसलाई निर्मूल पारी हटाउन सक्ने आर्यमार्गज्ञानमा नपुगुञ्जेलसम्म त्यसले फेरि नयाँ जन्म उत्पन्न गराइ नै रहन्छ । त्यो विषयलाई श्रमण देवपुत्रको कथावस्तुद्वारा जान्नसकिन्छ । भगवान् बुद्धको पालामा एकजना कुलपुत्र बुद्धशासनमा तीव्र श्रद्धाधर्मअनुसार भिक्षु भयो । पाँच वर्षावास पूरा हुनञ्जेलसम्ममा आचार्य उपाध्यायहरूकहाँ सानो ठूलो व्रत प्रतिव्रत सम्पन्न हुने गरी वहन गरेर द्वेमातिका नामक भिक्षु व्रताचरण शिक्षापद शीर्षकलाई दक्षता पाउने गरी अध्ययन गऱ्यो । सानो ठूलो कर्म गर्नुपर्ने प्रक्रियालाई पनि बुझ्नेगरी अध्ययन र अभ्यास गऱ्यो । त्यसरी अध्ययन गरिसकेर आफूलाई चित्तबुझ्ने कर्मस्थान ग्रहण गरी एउटा अरण्यविहारमा गई बसोबास गऱ्यो । कर्मस्थानधर्मलाई निरन्तर हृदयंगम गरी उद्योग र अभ्यास गरिरह्यो ।

उसको अभ्यास र उद्योगप्रक्रिया अत्यन्त तीव्र थियो । भगवान् बुद्धले पल्टेर सुत्न अनुमति दिइराख्नुभएको मध्यरातको समयमा समेत उनी पल्टेर सुतेन । रातोदिन निरन्तर उद्योग र अभ्यास गरिरह्यो । त्यसरी उद्योग र अभ्यास गरिरहँदारहँदै खाद्यभोज्य कमजोर भएर गएको ले **सत्थकवात** भन्ने शस्त्रकवायु उब्जेर आई रगतनली काटिदियो । त्यसैले उनी भिक्षु चंक्रमण गर्दै भावना धर्म उद्योग र अभ्यास गरिरहँदारहँदै परलोक भएर गयो । त्यो भिक्षुहरूको दायित्व रहेको कार्यक्षेत्रभित्र परलोक भएको मानिन्छ ।

**यो हि कोचि भिक्खु** = जो कोही भिक्षु, **चङ्कमे चङ्कममानो** = चंक्रमणमार्गमा चंक्रमण गरिरहँदा भए पनि, **आलम्बनत्थम्मं निस्साय ठितो** = पछाडि आधार लिइने स्तम्भलाई आधार लिएर उभिउहँदा भए पनि **चङ्कमकोटियं** = चंक्रमणको सिरानमा, **चीवरं सीसे ठपेत्वा** = चीवरवस्त्रलाई



Downloaded from http://dhamma.digital

टाउकोमाथि राखेर, **निसिन्नो वा** = बसिरहँदा भए पनि, **निपन्नो वा** = पल्टि रहँदा भएपनि, **कालं करोति** = मरण भएर गयो भने, **सो** = त्यसरी मरण भएर जाने ती सबै भिक्षु, **धुरस्मिंयेव कालं करोति नाम** = कार्यक्षेत्रभित्रमा नै मरण भयो भनिन्छ भनी अट्ठकथाले दर्शाइराखेको छ । अनि फेरि वर्तदु:खबाट मुक्तिको लागि मात्र प्राथमिकता दिई धर्मोपदेश गर्दागर्दै परलोक भएर गएपनि कार्यक्षेत्रभित्रमा नै मरण भयो भनिन्छ भनी त्यो अट्ठकथामा दर्शाइराखेको छ ।

अहिले भावनाधर्म उद्योग र अभ्यास गरिरहेको भिक्षु त चंक्रमण गरिरहँदारहँदै परलोक भयो भनेको छ । स्मृतिप्रस्थान देशनाअनुसार जाने ईर्यापथसम्बन्धी नामरूपहरूलाई विपश्यनाभाविता गर्दागर्दै परलोक भएर गयो भन्नुपर्ने हुन्छ । त्यसरी तीव्ररूपमा विपश्यनाभाविता गरिरहेतापनि (**उपनिस्सयमन्दताय**) = आर्यमार्गज्ञानमा पुग्न सहयोगी पारमी कुशल दुर्बल भइरहेको कारणले अरहत्त्वमार्गमा पुग्न नपाई परलोक भएर गयो । अरहत्त्वमार्गमा पुग्न पाइएको छैन भने तृष्णा बिल्कुल रहित हुन पाइएको छैन । यो भिक्षुमा श्रोतापत्तिमार्गमा समेत पुग्न नपाइसकेको विषय पछिको भागमा प्रकट हुनेछ । त्यसैले (**पोनोभविका**) फेरि नयाँ जन्म उत्पादन गराउनसक्ने तृष्णाको कारणले नयाँ जन्म लिनुपरेको हो । कहाँ लिनुपर्‍यो नि भन्दा भावनाकुशलको कारणले त्रयस्त्रिंशत् देवलोकमा उनको लागि तयारी रूपमा उत्पन्न भइरहेको देवभूमि विमानको प्रवेशद्वारमा प्रवेश गरिरहेको आकारमा बिछ्यौनाबाट ब्यूंभेर आएको जस्तै देवशरीरसहित परिपूर्णरूपमा दिव्यवस्त्रालंकारले सुसज्जित भई ह्वाट्ट उपपात नयाँभव उत्पन्न भएर आयो ।

त्यो बेलामा विमानभित्रका विमानाधिकारी देवपुत्रलाई पर्खिरहेका हजार जनाजति देवअप्सराहरूले "लौ त विमानाधिकारी देवपुत्र आइपुग्यो, रमभम पारिदेऔं" भनी हर्ष र प्रसन्न भई बाजागाजाहरू समाती घेरा जमाई स्वागत गर्न लागे, तैपनि देवपुत्रले त मरेर आएं भनेर समेत जानिसकेको थिएन, ऊ आफूलाई भिक्षु भनेरै सम्भिरह्‍यो । त्यसैले देवअप्सराहरूलाई देख्दा कन्याकुमारीहरू विहार हेर्न भ्रमण गर्न आएका होलान् भन्ने सम्भी उत्तरासंगले देब्रे पाखुरा छोप्ने गरी बेरेर आँखाको परेला भारी इन्द्रिय संयम गरी बसिरह्‍यो ।

त्यस्तो परिस्थितिलाई देख्दा भिक्षुजीवनबाट उत्पन्न भएर आएको देवपुत्र नै हो भनी देवअप्सराहरूले सुराख पाएर "स्वामी देवपुत्र, यो



Downloaded from http://dhamma.digital

देवलोक हो, श्रमणधर्म आचरण गर्ने समय होइन, देवऐश्वर्य अनुभव गर्ने समय हो" भने । तैपनि देवपुत्रले इन्द्रिय असंयम नगरी यथावत् नै स्थिर रहिरह्यो । अनि देवअप्सराहरूले "यो देवपुत्रले देवजन्ममा पुगिरहेको पनि थाहा पाएको रहेनछ, थाहा पाउने गरी रमझम गरिहालौं" भनी बाजागाजाहरू बजाई रहे । त्यो बेलामा मात्र "अरण्य विहारमा आई कन्याकुमारीहरू खेलिरहे" भनी सम्झेर विशेष इन्द्रिय संयम गरेर स्थिर भइरह्यो । अनि देवअप्सराहरूले उनको अगाडि शरीर जम्मै देखिने ऐना ठड्याएर देखाए । अनिमात्र आफ्नो छाँयादेखी भिक्षु जीवनबाट मरण भएर आई देवलोकमा पुगिरहेको विषय थाहा पाइयो । त्यसरी जान्न पाउँदा श्रमण देवपुत्रमा अति नै मन अप्रसन्न हुन पुग्यो । मैले श्रमणधर्म आचरण गरेर आएको यो देवलोकमा पुग्न आचरण गरेर आएको होइन; सर्वोत्तम अर्थहित भएको अरहत्वफललाभ गर्न आचरण गरेर आएको हो । तैपनि चेम्पिएन सुवर्ण पदक पाइने छ भनी आशा राखी बक्सीङ खेलेर मुला एकमुट्ठा जति पुरस्कार पाएको जस्तो भइयो, आदि भनी निरीक्षण गरी मन अप्रसन्न पारिरहनु पऱ्यो । त्यसरी मन अप्रसन्न भएर "देवऐश्वर्य भनेको लाभ गर्न सजिलो छ, भगवान् बुद्ध प्रादुर्भाव भइरहेको समय लाभ गर्न मुश्किल छ । भगवान् बुद्धको धर्म सुनेर आर्यमार्गफलधर्म लाभ गर्नु आवश्यक छ । देवऐश्वर्यहरूमा भुलिरहे भने भगवान् बुद्धसँग नभेटिने पनि हुन जानेछ" भनी विचार गरी उनको विमानमा समेत प्रवेश नगरी (**असम्भिन्नेन सीलेन**) भिक्षुजीवनको संयम गर्नुपर्ने शील भंग हुन नपाउँदै भगवान् बुद्धसमक्ष तुरुन्तै आइपुग्यो । उनका परिषद् देवअप्सराहरू पनि संगै पछि लागेर आए । देवपुत्र हराएर जाला भनेर डराएका ले होला कि ? थाहा भएन । भगवान् बुद्धकहाँ पुगेको बेलामा त्यो देवपुत्रले यसरी नै सोध्न लाग्यो ।

**अच्छरागणसङ्घुट्ठं, पिसाचगणसेवितं ।**
**वनन्तं मोहनं नाम, कथं यात्रा भविस्सति ॥**

**भन्ते** = भगवान्, **अच्छरागणसङ्घुट्ठं** = देवअप्सरासमूहहरू हजारौं लाखौंले घोषणा गर्ने ठाउँ भएको, **पिसाचगणसेवितं** = भूत पिसाचहरू गौचर गरेर सेवन गर्ने ठाउँ भएको; **मोहनं नाम** = देवतासमूहहरूलाई धर्मबाट विचलित पारी मोहमा पार्न सक्ने भएको कारणले मोहन नाउँ भएको, **तं वनं** = नन्दवन नाउँ भएको त्यो उद्यानलाई; **कथं** = कस्तो किसिमको विधिद्वारा यात्रा अतिक्रमणगरी वर्जित गरेर निस्कन सक्ने, **भविस्सति** = हुने होला ।"



Downloaded from http://dhamma.digital

यो देवपुत्रले देवअप्सराहरूलाई, **पिसाच** = भूतपिसाचहरू भनी दबाएर नीच देखाएर भन्छ, नन्दवनं उद्यानलाई पनि अन्धा जंगल भनी दबाएर नीच देखाएर भन्छ। विपश्यनाभावनाधर्मलाई तीव्ररूपले उद्योग र अभ्यास गरेर आएको हुनाले कामगुणहरूलाई घृणा गर्दै रहेको हुनाले त्यसरी दबाएर नीच देखाएर भनेको नै भयो। कस्तो किसिमको विधिद्वारा बाहिर निस्कन सक्ने होला भन्ने प्रश्न त (**अरहत्तस्स मे पदट्ठानभूतं विपस्सनं आचिक्खथ**) अरहत्तफलको नजिकको कारण भएको विपश्यनाको मलाई उपदेश गर्नुहोस् भनी भन्न चाहेको हो। त्यसरी अर्थकथाले वर्णन गरिराखेको छ। त्यसो भएर भगवान् बुद्धले देवताको सम्पूर्ण परिस्थितिलाई देख्नुभएर आठमार्गाङ्ग विपश्यनाधर्म तीन गाथापदहरूद्वारा उपदेश दिनुभयो।

(१) **उजुको नाम सो मग्गो, अभया नाम सा दिसा।**
**रथो अकूजनो नाम, धम्मचक्केहि संयुतो॥**

**देवपुत्त** = निस्केर भाग्ने चाहनाद्वारा प्रश्न गरी निवेदन गरिरहने हे देवपुत्र, **उजुको नाम** - द्रुतगतिले निस्केर भाग्न सोझो मार्ग भनेको, **सो मग्गो** = भिक्षु जीवन रहेको बेलाको तिमीले अभ्यास गरेर आएको आठमार्गाङ्ग विपश्यनामार्ग नै हो। उपदेश श्रोता व्यक्तिहरूले बुझ्न सजिलो बनाउनको लागि मैले अर्थ खोलाएर दिएको छु। त्यो पालिको शब्दार्थ मात्र भन्ने हो भने (सोझो मार्ग भनेको त्यो मार्ग हो भनी) यति मात्र हो। यतिले त अहिलेको धर्मश्रोता परिषद्हरूले बुझ्न सजिलो हुँदैन। तैपनि यो देवपुत्रमा त भावनाधर्म उद्योग र अभ्यास गर्ने कर्मस्थान विहारबाट उठेर आई सोधेको जस्तो भइरहेको ले उनको निमित्त छर्लङ्ग र स्पष्ट भइरहेको छ।

भगवान् बुद्धले शील आदि पूर्ण नभइसकेको व्यक्तिलाई कर्मस्थान दिनुपर्ने भएमा (**सीलं ताव सोधेहि**) सर्वप्रथम शीललाई परिशुद्ध पार (**कम्मस्सकता पञ्ञं उजुंकरोहि**) कर्मस्वकत्व सम्यक्दृष्टिलाई सोझो पर्ने गरी काम गर भनी पृष्ठभूमि आचरणलाई सर्वप्रथम निर्देशन दिनुहुन्छ। उद्योग र अभ्यास गरिरहने व्यक्तिलाई त अरहत्तमार्गको पदस्थान भइरहेको विपश्यनाको निर्देशन दिनुहुन्छ। यो देवपुत्र त (**कारको अभिन्नसीलो**) उद्योग र अभ्यास गरिरहेको, भंग नभएको शीलवान् हुनुहुन्छ। आर्यमार्ग एउटैमात्र अभाव छ। पूर्व भाग विपश्यनामार्ग त अभ्यस्त भइसकेको छ। यसैले विपश्यनाको निर्देशन दिन चाहनुभएर यी धर्म गाथाहरूको उपदेश दिनुभयो। त्यसरी अट्ठकथाले वर्णन गरिराखेको छ। त्यो वर्णनमा भिक्षुजन्मबाट देवजन्ममा पुगिरहेर शीलभंग भएको छैन भन्नेलाई विशेष होश



Downloaded from http://dhamma.digital

गर्नुपर्दछ । त्यो प्राणातिपात, अदिन्नादान, अब्रह्मचर्य आदिलाई उल्लंघन नगरिसकेको भएर शीलभंग भएको छैन भनी भनेको हो । त्यसैले आफूखुशी समादान गरिनराखेता पनि गर्न योग्य नभएको, भन्न योग्य नभएको लाई गर्दैन, भन्दैन भने शील भंग हुँदैन भन्नेलाई पनि विशेष होश राखेर सम्झिराख्नुपर्दछ । अर्को एउटा कुरा यी गाथाहरूद्वारा विपश्यनालाई देखाउँछ भन्नेलाई पनि सम्झिराख्नुपर्दछ ।

त्यसैले मैले अर्थ खोली अनुवाद गरिराखेअनुसार नन्दवन उद्यानसहित देवलोक देवअप्सराहरूबाट मुक्त हुने गरी द्रुतगतिले भागेर जान सबभन्दा सोझो सबभन्दा राम्रो बाटो त भिक्षु जीवन रहेको बेलामा तिमीले भाविता, स्मरण र बुद्धि लगाएर आइसकेको विपश्यनामार्गाङ्ग बाटो नै हो भनी भन्न खोजेको हो । अनि फेरि कुन ठाउँमा पुग्दामात्र भयरहित हुने होला नि ? भन्दा–

**अभया नाम** = भयरहित ठाउँ भएको, **सविसा** = भिक्षुजीवन रहेको बेलामा तिमीले आशा राखी पर्खेर आइसकेको त्यो निर्वाण ठाउँ नै हो । त्यो निर्वाणमा पुग्ने गरी जानुपर्दछ भनी भन्न खोजेको हो । अनि फेरि कस्तो रथद्वारा जानुपर्ने हो त ? भन्दा–

**रथो अकूजनो नाम** = अरूहरूले सुन्न नपाउँने जान्न नपाउने गरी, सुटुक्क भाग्न शब्द नआउने रथ भनेको, **धम्मचक्केहि संयुतो** = कायिक वीर्य, चेतसिक वीर्य भन्ने धर्मको चक्का दुईवटा जोडिराखेको विपश्यनामार्गाङ्ग रथ नै हो । कायिक क्रियाकलाप, मानसिक क्रियाकलाप जम्मैलाई भाविता र स्मरण गर्ने गरी ब्यापार गर्ने वीर्यलाई **चेतसिक वीरिय** = चैतसिक वीर्य भन्दछन् । जाँदाजाँदै, उभिँदाउभिँदै बस्दाबस्दै भाविता गरिरहने बेलामा कायिक क्रियाकलाप इर्यापथ यथावत् उत्पन्न भइरहने गरी यथावत् स्थिर रहने गरी ब्यापार गर्ने वीर्यलाई **कायिक वीरिय** = कायिक वीर्य भन्दछ । पल्टिरहँदा भाविता गर्ने बेलामा त कायिक वीर्य रहँदैन । चैतसिक वीर्य एउटैमात्र छ । यहाँनिर कायिक वीर्य चैतसिक वीर्य भन्ने वीर्य धर्मचक्का दुईवटा जोडिराखेको छ भनेको चंक्रमण गरिरहँदारहँदै उभिरहँदारहँदै बसिरहँदारहँदै भाविता गर्ने विपश्यनामार्गाङ्गलाई नै भनेको हो । त्यसैले त्यो त्यो कायिक वीर्य चैतसिक वीर्य भन्ने वीर्यचक्का दुईवटै पूर्णरूपमा जोडिराखेको विपश्यनामार्गाङ्ग महारथ चढेर जान पाउने गरी कहिलेकाहिँ चंक्रमण गरेर भाविता गरिरहनुपर्दछ । चंक्रमण गर्दागर्दै भन्दा **गच्छन्तो वा गच्छामीति पजानाति** भन्ने स्मृतिप्रस्थानदेशनाअनुसार जाँदैछु; उचाल्दैछु, पसार्दै बसाल्दैछु



Downloaded from http://dhamma.digital

आदि भनी निरन्तर भाविता गरी उद्योग र अभ्यास गरिरहनु नै हो ।

त्यसमा शब्द नआउने रथ भनेको त पुराना जमानामा रहिसकेका घोडेरथ (टांगा) हरूसित दाँजेर भनेको कुरा नै हो । कुनै कुनै रथ प्रकृतिअनुसार शब्द नआउने भएतापनि चढ्ने मानिसहरू बढी भई भार हुँदा शब्द आउन सक्छ । अहिलेको मार्गाङ्गरथ त चढ्ने व्यक्तिहरू जति बढी भएपनि शब्द निस्कँदैन । कथंकदाचित भगवान् बुद्धको उपदेश सुनिरहँदारहँदै यो विपश्यनामार्गाङ्ग पूर्वगामी रहेको आर्यमार्ग रथ चढेर निर्वाणतिर गई पुगिरहने व्यक्तिहरू ८४००० आदि रूपले बढी भइरहेतापनि कुनै शब्द नै निस्किँदैन, त्यसैले **अकूजनो** = शब्द ननिस्किने रथ भनी प्रशंसा गरिराखेको हो । त्यो वचनद्वारा देवअप्सराहरूले थाहा नपाउने गरी सुटुक्क भाग्न चाहेमा पनि हुनसक्ने विषय जनाइरहेको हो । अनि फेरि –

(२) **हिरी तस्स अपालम्बो, सत्यस्स परिवारणं ।**
**धम्माहं सारथिं ब्रूमि, सम्मादिट्ठिपुरेजवं ॥**

**हिरी** = लज्जामान्नु डराउनु, **तस्स** = त्यो मार्गाङ्गरथको, **अपालम्बो** = पछाडि अडेस लिने खम्बा हो, रथमा पछाडि अडेस लिने ठाउँछैन भने पछाडि लुढ्केर जान सकिन्छ । अडेस भएमा लुड्किन सक्दैन; यो मार्गांग रथमा त **हिरी** (ह्री) **ओतप्प** (अत्रपा) भन्ने अति राम्रो अडेस रहेको छ । कसरी त भन्दा विपश्यनाभाविता गरिरहने योगीमा भाविता गर्न नपाएका आलम्बनसित सम्बन्ध राखी अनुकूशल कल्पनाहरू उत्पन्न भएर आउला भनी घृणागर्नुपर्ने हुन्छ । नुहाई धुहाई गरिसकेर सुग्घरसफा भइरहने बेलामा फोहोर मैला लाग्ला भनी घृणा गरिरहे जस्तै नै घृणा गरिरहनुपर्ने हुन्छ । त्यसरी अकुशल कल्पना उब्जेर आउला भनी घृणा मानेर बस्नु उत्पन्न गराउन नचाहनु (**हिरी**) लज्जामान्ने स्वभाव नै हो । त्यसअतिरिक्त अकुशल कल्पना उत्पन्न भई नराम्रो दुश्चरित्र उब्जेर नराम्रा प्रतिफलहरू देला, संसारबाट मुक्त नभइकनै बस्नुपर्ला भनेर पनि डराइनुपर्ने हुन्छ । त्यो (**ओतप्प**) अकुशल र अकुशल प्रतिफलदेखि डराउनु हो । त्यसरी लज्जा मानेको डराएको ले प्रत्येक क्षणमा उत्पन्न हुने नामरूपहरूलाई भाविता गर्न नपाई फुत्केर जान नपाउने गरी गौरवपूर्वक भाविता र स्मरण गरिरहनुपर्ने हुन्छ । त्यसरी भाविता र स्मरण गरिरहेको ले विपश्यनामार्गहरू प्रत्येक क्षण क्षणमा निरन्तर उब्जिरहन्छ । त्यो पछाडिको अडेसको कारणले लुड्केर नगई यथावत् स्थिर रहिरहेको



Downloaded from http://dhamma.digital

स्वभाव नै हो । त्यसैले हिरी र ओत्तप्पलाई विपश्यनामार्गांग रथको पछाडिको अडेस नै हो भनी उपदेश दिनुभएको हो । अनि फेरि

**सति** = स्मरण गर्नु, **अस्स** = त्यो मार्गांगरथको, **परिवारणं** = घेरा हो, छेकबार हो, रथमा छेकबार सुरक्षित भएमा कंकड लट्ठि आदि भय उपद्रवबाट सुरक्षित भएजस्तै नै प्रत्येक उत्पत्ति क्षणको नामरूपहरूलाई नभुली स्मरण भइरहेमा अकुशल शत्रुभयहरू भित्रिँदैनन् । सुरक्षित रहन्छ । त्यसैले कायानुपस्सना स्मृतिप्रस्थानादि चार स्मृतिप्रस्थानलाई मार्गांगरथको छेकबार भनी उपदेश दिनुभएको हो । अनि फेरि–

**सम्मादिट्ठिपुरेजवं** = विपश्यना सम्यक्दृष्टि पूर्वगामी रहेको, **धम्मं** = आर्यमार्ग सम्यक्दृष्टिलाई, **सारथिं** = रथ हाँक्ने सवार भनेर, **अहं ब्रूमि** = **मैले भनेको** छु । कर्मस्वकत्व सम्यक्दृष्टि, ध्यान सम्यक्दृष्टि, विपश्यना सम्यक्दृष्टि, मार्गसम्यक्दृष्टि, फलसम्यक्दृष्टि, प्रत्यवेक्षणसम्यकदृष्टि भनी (६) वटा भएको मा फलसम्यक्दृष्टि भनेको मार्गको फलधर्म नै हो । प्रत्यवेक्षण सम्यक्दृष्टि भनेको पनि मार्गफल प्राप्ति पछि उब्जेर आउने प्रत्यवेक्षणज्ञान नै हो । त्यसैले ती फलसम्यक्दृष्टि र प्रत्यवेक्षण सम्यक् दृष्टिलाई त अलग्ग भाविता गराइरहनुपर्दैन । कर्मस्वकत्व सम्यक्दृष्टि भनेको भावनाकार्य उद्योग र अभ्यास गर्न पाउनुभन्दा अगाडिदेखि नै सम्पन्न भइरहनुपर्ने सम्यक्दृष्टि नै हो । ध्यान सम्यक्दृष्टि भनेको पनि विपश्यनाको पृष्ठभूमि विपश्यनासित सम्बन्धित सम्यक्दृष्टि नै हो । त्यसैले आर्यमार्ग उब्जने गरी नजिकिएको रूपमा भाविता गराइरहनुपर्ने प्रज्ञा विपश्यना सम्यक्दृष्टि नै हो । त्यो विपश्यना प्रज्ञा परिपूर्ण हुने बेलामा आर्यमार्ग प्रज्ञाभन्ने मार्गसम्यक्दृष्टि आफूखुसी नै उब्जेर आउँछ । उदाहरणको रूपमा सिपाहीं पुलिसहरूले बाटो सफा गरिसक्ने बेलामा राजाको सवारी भएर आउनेजस्तै हो । त्यसैले आर्यसम्यक्दृष्टि पछि लाग्ने, विपश्यनासम्यक्दृष्टि पूर्वगामी भनी भनेको हो । विपश्यनाभाविता गरिरहेको बेलामा विपश्यनाज्ञानले अगुवाई गरी अन्य मार्गज्ञानहरूलाई उत्पन्न गराइरहन्छ । आर्यमार्गक्षणमा मार्गज्ञानले अगुवाई गरेर अन्य मार्गहरूलाई उत्पन्न गराइरहन्छ । त्यसैले विपश्यनासम्य्कदृष्टि र आर्यमार्गसम्यक्दृष्टिलाई रथ हाँक्ने सवार भनी उपदेश दिनुभएको हो । अन्तिम गाथा त –

(३) **यस्स एतादिसं यानं, इत्थिया पुरिसस्स वा ।**
**स वे एतेन यानेन, निब्बानस्सेव सन्तिके ॥**

**यस्सा इत्थिया वा** = जो स्त्रीलाई वा, **यस्स पुरिसस्स वा** = जो



Downloaded from http://dhamma.digital

पुरुषलाई, **एतादिसं यानं** = यस्तो आठ मार्गाङ्गयान वा रथ, **अत्थि** = हुनेछ, **स** = त्यो स्त्री वा पुरुष, **एतेन यानेन** = यो आठ मार्गाङ्गरथद्वारा, **वे** = निश्चय नै, **निब्बानस्सेव सन्तिके** = निर्वाणको नजिकमा पुग्न जाने नै भयो ।

यो अन्तिम गाथाद्वारा आठ मार्गाङ्गरथ भएको व्यक्ति पुरुष वा स्त्री जो भएपनि निर्वाणतिर निश्चय नै पुग्दछ भनी भनेको छ । त्यसो भएर निर्वाणमा पुग्न चाहेमा विपश्यनामार्गाङ्गलाई पूर्वगामी बनाई आर्यमार्गलाई वृद्धि गराइनुपर्दछ भन्ने कुरा अति नै प्रष्ट रहेको छ ।

संसारमा एक न एकप्रकारका यान वा रथ भएमा त्यो रथद्वारा चाहेको ठाउँमा पुग्नेगरी जानसकिन्छ । यान वा रथ नभइकन यान वा रथको विषयलाई जानिराख्नुमात्रले त चाहेको ठाउँमा पुग्न सक्दैन । त्यस्तै नै नामरूपधर्महरूलाई स्वरूप छुट्याउनु मात्रले मार्गाङ्गधर्महरूलाई स्वरूप छुट्याइनु मात्रले त निर्वाण पुग्न सक्दैन । साँचिकै उत्पत्ति विनाश भइरहेका नामरूपहरूलाई भाविता गरेर जानी विपश्यनामार्गाङ्ग भन्ने यान वा रथमा चढी निर्वाणमा पुग्नेछ भन्नेलाई निश्चितरूपमा सम्झिराख्नु पर्दछ । ती तीनवटा गाथा पदलाई आफ्नो भाषामा छोटकरीरूपमा सम्झिराख्न स्मरणिकाहरू रचिराखेको छु । तिनीहरूलाई पछि लागेर भन्नुपर्नेछ ।

१) सोझो मार्ग भनिएको, त्यो मार्ग नै निर्भय क्षेत्र निर्वाण हो ।
२) दुईवटा वीर्य, चक्का जाडेको, शब्द ननिस्कने त्यो मार्ग हो ।
३) लज्जाभय, दुई तहको अडेस लिने छेकबार, स्मृति हो ।
४) विपश् पूर्वगामी, मार्गज्ञान त रथ हाँक्ने सवार भन्ने हो ।
५) यस्तो रथ भएका स्त्री पुरुष, प्रत्येक व्यक्ति जोसुकै पनि ।
६) मार्गाङ्ग रथ, मज्जाले चढी पूर्ण निर्वाणमा पुग्ने नै भयो ।

यो तीनवटा गाथापद धर्मको उपदेश गरिसक्नु भएर चार सत्यलाई पनि देखाउनुभएको छ । त्यो चार सत्यलाई जान्ने प्रक्रिया त मार्गसत्यकाण्डमा मात्र भन्नुपर्ला । श्रमण देवपुत्रले त्यो उपदेश सुनिरहँदा पुरानो भवमा उनले हृदयंगम गरेर आइसकेको धर्मलाई फेरि हृदयंगम गऱ्यो । भिक्षुजीवनमा रहेको बेलामा तीव्ररूपमा चिरकालसम्म हृदयगंम गरी उद्योग र अभ्यास गर्दा विशिष्ट धर्म प्राप्त गर्न नसकेको भएतापनि देवजीवनमा देवरूपहरू स्वच्छ निर्मल भएको ले केही क्षण मै विपश्यनाज्ञानहरू क्रमिकरूपमा माथि चढी श्रोतापत्ति मार्गफलद्वारा निर्वाण साक्षात्कार गरेर श्रोतापन्न भएर गयो । (सं-ट्ठ.प. ८०-८३)



Downloaded from http://dhamma.digital

यो श्रमण देवपुत्र कथावस्तुमा मुख्य जनाउन चाहेको त विपश्यनाकार्य तीव्ररूपमा उद्योग र अभ्यास गरेतापनि तृष्णा निरोध गराउनसक्ने आर्यमार्गज्ञान प्राप्त नभइसकेको ले मरणको अन्तरमा समुदयसत्य भन्ने तृष्णाले देवजन्म गराउँछ भन्नेलाई मुख्यरूपमा जनाउन खोजेको नै हो । त्यस अतिरिक्त यो कथावस्तुभित्र आठ मार्गाङ्ग बृद्धि गराइने प्रक्रिया र देवजन्ममा पुग्दा सजिलैसित विशिष्ट धर्म लाभ भएको प्रक्रिया पनि विशेष होश राख्नुपर्ने भएको छ ।

## नजिक

निरन्तर दानप्रदान गर्नु, आमा बाबु गुरुजनहरूलाई निरन्तर सेवा गर्नु दिनहुँ बुद्धपूजा गर्नु, बुद्धगुण आदिलाई आलम्बन गरी माला जप्नु, भावनाधर्म उद्योग र अभ्यास गर्नु भन्ने यसरी निरन्तर रूपमा अभ्यास र आचरण गरिरहेका कुशल कार्यहरू पनि बहुल कर्महरू नै हुन् । यी बहुल कर्महरूले पनि सर्वप्रथम प्रतिफल दिन सक्दछ ।

## आसन्नकर्म

त्यो बहुलकर्म पनि भइदिएन भने मरणासन्न अवस्थामा गरेको कर्मले प्रतिफल दिन्छ । त्यो कर्मलाई मरणासन्न अवस्थामा गरेको भएर आसन्नकर्म भन्दछ । अभिधम्मट्ठसंगहमा त त्यो आसन्नकर्म बहुलकर्मभन्दा शक्तिशाली छ भन्ने हिसाबले त्यसलाई सर्वप्रथम देखाइराखेको छ । तैपनि आसन्नकर्मले बहुलकर्मलाई अभिभूत पारी प्रतिफल दिन्छ भन्ने कुरा कहिलेकाहीँमात्र हुने सम्भावना छ । धेरैजसो त महाअट्ठकथाहरूले दर्शाइराखेअनुसार निरन्तर अभ्यास गरिरहने बहुलकर्मले नै अभिभूत पारी प्रतिफल दिने सम्भावना रहेको छ । त्यसैले यहाँ ती अट्ठकथाहरूले भनिराखेअनुसार नै अगाडि पछाडि क्रम मिलाई देखाइराखेको छु । तैपनि तम्बदाठिक कथावस्तु आदिलाई आधार बनाएर हेऱ्यो भने आसन्नकर्मको पनि आधार लिन योग्य छ । तम्बदाठिकले ५५ वर्षसम्म मानिसहरू मारेर आयो । मरणासन्न अवस्थामा आयुष्मान् सारिपुत्रलाई क्षीरको जाउलो दान गरी उपदेश सुनेको ले मरणको



Downloaded from http://dhamma.digital

अनन्तरमा तुषित देवलोकमा पुग्न जान पाइयो । (धम्मपद - ट्ठ. १-४०५ आदि)

श्रीलंका द्वीपमा मधुअङ्गन गाउँमा तामिल जातको एक जना ढोकापाले थियो । उसले दिनहुँ माछा मारी पचास वर्षसम्म जीवनयापन गऱ्यो । मर्न लागेको बेलामा चूलपिण्डपातिक तिस्स स्थविरले दया माया लागेकोले उनीकहाँ गई शरण गमनसहित पञ्चशील दिनुभयो । शरणगमन समादान गरी विस्मृति भएर गएको ले शील समादान गर्न सकेन । त्यो ढोकापाले मरेर गएको बेलामा शरणगमन समादान गरेको कुशलको कारणले चतुर्महाराजिक देवलोकमा उत्पन्न हुन पाइयो । (अं.ट्ठ २.१०८)

कुशल आसन्नकर्मले मात्र होइन, अकुशल आसन्नकर्मले पनि फल दिन्छ नै । श्रीलंका द्वीपको अन्तरगंगा भन्ने ठाउँमा महावाचकाल नाउँ भएको उपासकले तीस वर्षसम्म द्वतिंसाकार कर्मस्थान पूजापाठ गर्ने गरी हृदयंगम गरेर उद्योग गरिरह्यो । तैपनि तेजप्रकाश अलिकतिमात्र समेत देख्न नपाएको ले बुद्धशासन मुक्त गराउनसक्ने निर्यानिक धर्म होइन भनी धारणा गलत भई मरेर गएको बेलामा गोहि प्रेत हुन जानुपऱ्यो । (अं.ट्ठ . २.१०८)

## दुःखी देवराज इन्द्र

अन्तरिक्षमा स्थित देवताहरूमा पनि उनीहरूको चाहनाअनुसार पूर्ण नभएकोले शोकसन्ताप गर्नुपर्ने, दिक्क मान्नुपर्ने दुःखहरू रहिरहेको छ । कोही कोही देवताहरूमा अरूहरूको जस्तो भूमि विमान परिषद् परिवार सम्पन्न नभएकोले मानसिकदुःख भोगिरहनुपर्छ । कोही कोही देवताहरूमा अरूहरू जस्तो ऋद्धि चमत्कार तेजप्रकाश सम्पन्न नभएकोले मानसिक दुःख भोगिरहनुपर्दछ । देवराज इन्द्रको घटनाजस्तो भनी भन्नुपऱ्यो ।

देवराज इन्द्रले आयुष्मान् महाकाश्यपलाई भोजन दान दिएको बेलामा यसरी निवेदन गऱ्यो । म देवलोकमा शक्र देवेन्द्र भइरहेतापनि दुःखी छु भन्ते । म बुद्धशासन बाहिरबाट कुशलकर्म गरी देवता हुन पुगेकोले शरीरको तेजप्रकाश त्यतिको चहकिलो छैन । बुद्धशासनभित्रबाट कुशल कर्म गरी देवलोकमा आइपुगेका चुलरथ देवपुत्र, महारथ देवपुत्र अनेक वर्ण देवपुत्र भन्ने यी महादेवपुत्रहरूमा मभन्दा पनि ऋद्धि चमत्कार तेजप्रकाश



Downloaded from http://dhamma.digital

बढी भएका छन् । उनीहरूसित बाटोमा भेट भइरहँदा तेजप्रकाश परस्पर दाँज्न नसक्दा म लुकिछिपी गरी छलेर बस्नुपर्ने हुन्छ" भनी निवेदन गऱ्यो । त्यसलाई आधार बनाएर हेर्दा देवलोकमा पनि आफूले चाहेअनुसार सम्पन्न नहुँदा मानसिकदु:ख भोगेर बस्नुपर्ने धेरै नै रहिरहने होला भनी धारणा राख्न सकिन्छ ।

त्योभन्दा बढी देवराज इन्द्रको परिचारिका एक समूह देव अप्सराहरूले आयुष्मान् महाकाश्यपलाई भोजन दान गर्न बिन्ति भाव गरिरहेबाट अझ स्पष्ट भइरहेको पाइन्छ । उनीहरूले निवेदन गरिरहेका प्रक्रिया त "हामीहरू देवराज इन्द्रका परिचारिका देवरानीहरू हुन पाएका त ठिकै छ, तैपनि हामीहरू भन्दा उच्चश्रेणी पुगेका देवरानीहरू थुप्रै रहीरहेका ले हामीहरूमा अति नै दु:ख भइरहेको छ भन्ते । त्यसैले उच्चश्रेणी प्राप्त गर्न तपाईं आयुष्मान्लाई भोजन दान गर्न चाहिरहेका हो" भनी बिन्ति भाव गरी निवेदन गरे । त्यो निकै युक्तिपूर्ण रहेको छ किन त भन्दा इन्द्रमा परिचारिका देवअप्सराहरू कोटान्कोटी रहिरहेका छन् भनिन्छ । त्यस्तो हुँदा शक्रदेवेन्द्रको वरिपरि देवमहारानीहरू रहिरहेका ले सामान्य परिचारिका देवअप्सराहरू नजिकमा समेत आउँन पाएका हुँदैनन् । त्यसरी देवअप्सराहरूमा मनले चिताएअनुसार सम्पन्न नभएका ले अति नै दु:खी भइरहने छ । अर्को हिसाबले पनि ऋद्धिवान् महादेवपुत्रहरूमा परिचारिका देवअप्सराहरू ५००,१०००, १०,००० आदि रूपमा रहिरहेका छन् । त्यसरी देवअप्सरा समूहबीचमा पनि महादेवपुत्रहरू नजिक पुग्न पाउने अवसर नपाएका देवअप्सराहरू धेरै नै रहिरहने होलान् । त्यस्ता देवअप्सराहरूमा पनि मनले चिताएअनुसार सम्पन्न नभएका ले दु:ख भइरहने नै होला ।

# डराइरहेको देवपुत्र

कोही कोही देवपुत्रहरूमा मरणासन्न अवस्थामा पुगिरहने बेलामा धारणा गरिराखेका फूलहरू ओइलिएर जान्छन् । लगाई राखेका बस्त्र अलंकारहरू मलिन भएर जान्छन्, काखीहरूबाट पसिना निस्कन्छन् । जीर्ण भएका रूपहरू देखापर्छन्, रमाउन नसक्ने भएर आउँदछन् भन्ने पूर्वनिमित्तहरू देख्न पाउने भएको ले 'म त देव जन्मबाट च्यूत हुन लाग्ने भएं' भन्नेलाई नियालेर हेरी अति नै शोकसन्ताप गरिरहनुपऱ्यो । कोही कोही देवताहरू



Downloaded from http://dhamma.digital

पनि देवसुख ऐश्वर्यहरूद्वारा रमाएर बस्दाबस्दै अपर्झट च्युति चित्त उब्जेर आई मरेर जानुपर्दछ । अहिले मनुष्यलोकमा अपर्झट पक्षपात भई मर्नेजस्तो भन्नु पऱ्यो । मनुष्यलोकमा चाँडै चाँडै मर्छ भन्ने त एक घण्टाजति मिनेट जति सम्म समय लाग्दछ । देवलोकबाट अपर्झट मरेर जाने त एक मिनेटजति पनि समय लाग्दैन । मैनबत्तीको ज्वाला शान्त भएर जाने जस्तो तुरुन्तातुरुन्तै मरेर जान्छ । त्यो सुब्रह्म देवपुत्रको कथावस्तुद्वारा स्पष्ट छ ।

# सुब्रह्म देवपुत्र कथावस्तु

सुब्रह्म नाउँ भएको देवपुत्रले परिषद् परिवार हजार देव अप्सराहरूसहित नन्दवन उद्यान भित्र रमझम गरिरह्यो । ५०० देवअप्सराहरूले फूलको रूखमाथि चढी गीत गाउँदै फूलहरू टिपी झारी रहे । त्यसरी झारी रहँदारहँदै उपच्छेदककर्मको कारणले अपर्झट च्यूत भई नरकमा पुग्न गए । गीत गाएको स्वर सुन्न नपाएको ले देवपुत्रले कहाँ गएका होलान् भनी निरीक्षण गरेर हेरेको बेलामा देव भवबाट च्यूत भई नरकमा पतन भएर दुःखमा पुगिरहेको भेट्टायो । अनि फेरि आफ्नोलागि निरीक्षण गरेर हेरेको बेलामा बाकि ५०० देवअप्सराहरूसहित ७ दिनभित्रमा च्यूत भई त्यही नरकमा उत्पन्न हुनुपर्ने स्थिति देख्यो । अनि त असाध्य डराई दिक्दार भएर भगवान् बुद्धकहाँ आइपुगी यसरी प्रश्न गरेर निवेदन गऱ्यो ।

**निच्चं उत्रस्तमिदं चित्तं, निच्चं उब्बिग्गिदं मनो ।**
**अनुप्पन्नेसु किच्छेसु, अथो उप्पतितेसु च ॥**
**सचे अत्थि अनुत्रस्तं, तं मे अक्खाहि पुच्छितो ॥**

**भन्ते** = भाग्यवान् भगवान, **अनुप्पन्नेसु** = उत्पन्न नभइसकेका, **किच्छेसु च** = म सहित बाँकि ५०० देवअप्सराहरू नरकमा पतन भएर जानुपर्ने दुःखहरूको कारणले र, **अथो** = त्योभन्दा बाहेक, **उप्पतितेसु** = उत्पन्न भइसकेका, **किच्छेसु च** = फूल टिप्दै च्युत भएर नरकमा पतन भइरहेका ५०० देवअप्सराहरूको दुःखको कारणले, **इदं चित्तं** = मेरो यो चित्त; **निच्चं** = सधैं, **उत्रस्तं** = त्रसित भइरहेको छ भन्ते; **इदं मनो** = मेरो यो मन, **निच्चं** = सधैं, **उब्बिग्गं** = डराइरहेको छ भन्ते, **अनुत्रस्तं** = भय त्रसित नहुने कारण भएको राम्रो बाटो, विधि, प्रदेश, **सचे अत्थि** = यदि छ



Downloaded from http://dhamma.digital

भने, **एवं सति** = यसो भएमा, **पुच्छितो** = प्रश्न गरिएको तपाईं ले, **तं** = त्यो भयभीत त्रसित हुनु शान्त हुने कारण राम्रो बाटो, विधि, प्रदेशलाई **मे** = मलाई, **अक्खाहि** = निर्देशन दिनुभई उपदेश गर्नुहोस् भन्ते । यसरी प्रश्न गरी निवेदन गर्दा भगवान् बुद्धले यस किसिमको उपदेश दिनुभयो ।

**नाञ्ञत्र बोज्झा तपसा, नाञ्ञतिन्द्रियसंवरा ।**
**नाञ्ञत्र सब्बनिस्सग्गा, सोत्थिं पस्सामि पाणिनं ॥**

**देवपुत्त** = जान्न चाहेर प्रश्न गरी निवेदन गर्न आउने हे देवपुत्र, **बोज्झा** = जान्नुको कारण रहेको स्मृति आदि बोध्यङ्गधर्मसमूहलाई, **तपसा** = क्लेशलाई दग्ध पारी सुकाएर निर्मूल पार्नसक्ने धुताङ्गाचरण सम्यक् प्रधान आचरणलाई; **अञ्ञत्र** = एकातिर पन्छाई राखी, **पाणिनं** = सत्त्वप्राणीहरूको, **सोत्थिं** = भय उपद्रवरहित भई सुख हुनुलाई, **न पस्सामि** = मैले देखेको छैन । **इन्द्रियसंवरा** = ६ इन्द्रिय, छ द्वारहरूबाट क्लेश उत्पन्न र वृद्धि नहुने गरी संरक्षण एवं बन्द गर्नुलाई, **अञ्ञत्र** = एकातिर पन्छाई, **पाणिनं** = सत्त्वप्राणीहरूको, **सोत्थिं** = भय उपद्रबरहित भई सुख हुनुलाई, **न पस्सामि** = मैले देखेको छैन । **सब्बनिस्सग्गा** = सबै लाई परित्याग गर्ने अवस्थामा निर्वाणलाई, **अञ्ञत्र** = एकातिर पन्छाई, **पाणिनं** = सत्त्वप्राणीहरूको, **सोत्थिं** = भय उपद्रव रहित भई सुख हुनुलाई, **न पस्सामि** = मैले देखेको छैन ।

यसरी उपदेश दिनुभएको बेलामा परिवार परिषद् ५०० देवअप्सराहरूसहित सुब्रह्म देवपुत्र श्रोतापन्न भएर गयो । यो कथावस्तुभित्र फूल टिपिरहँदारहँदै ५०० देवअप्सराहरू अपर्झट मरेर गएका मुख्य रूपमा यहाँ भन्न खोजेको नै हो । यसरी रमझम गरी रहँदा झ्वाट्ट मरेर जानपर्नु असाध्य डरलाग्दो छ । अकुशल जवनहरूद्वारा मरेर जाँदा ती ५०० देवअप्सराहरूजस्तै नै नरकमा पतन भएर जान सक्छन् । त्यसैले देवलोकमा जातिको कारणले झ्वाट्ट मर्नुपर्ने मरण असाध्य डरलाग्दो छ । पूर्वनिमित्त प्रकट भई मरण हुनुपर्नमा अगाडिदेखि जान्न पाइएमा मरण हुनु पनि डराउने अपाय दुर्गतिमा पतन हुनुपर्दा पनि डराएर धेरै मानसिकदुःखहरू भोग्नुपर्दछ । यिनीहरू देवभवमा नयाँ उत्पन्न हुने जातिको कारणले उत्पन्न भएर आएका जरा मरण शोक आदि दुःखहरू नै हुन् ।



Downloaded from http://dhamma.digital

# पुण्यानुमोदन

दृष्टिउपादान भनेको कर्म, कर्मको प्रतिफल छैन आदिद्वारा धारणा राखी आसक्त हुनु हो भन्ने विषय सातौं खण्डमा भनेर आइसकें, पुनर्जन्म छैन भनेपनि कर्म कर्मको प्रतिफल भनेको रहन सक्दैन । त्यसैले अहिलेको जन्मबाट मरण भइसकेपछि केही पनि रहने भएन भनी धारण गर्ने उच्छेददृष्टि पनि यो कर्म कर्मको प्रतिफल छैन भनी धारणा राखी आसक्त हुने दृष्टिउपादानभित्र समावेश भइरहेको छ । त्यसरी कर्म, कर्मको प्रतिफल छैन, पुनर्जन्म पनि छैन भनी विश्वास गरी आसक्त भइरहेको व्यक्तिमा कुशल कर्म पनि गर्नुपर्दैन, नराम्रो अकुशलकर्म पनि वर्जित गर्नुपर्दैन, चिरकालसम्म बाँचिरहन र मर्नुभन्दा अगाडि राम्रो हुन सुखी हुनजति मात्रको लागि उद्योग प्रयत्न गर्नु आवश्यक छ । त्यस किसिमको धारणा र आसक्ति रहेका व्यक्तिहरूले यसरी नै भन्ने गर्दछन् । नमरुञ्जेलसम्मको समयभित्रमा पाउन सक्नेजति विधिले खोजतलास गरी उपभोग गर्नुपर्दछ । यसरी उपभोग गरेजति फाइदा नै हो, लोकनिर्वाण नै हो, अर्को जन्मको निमित्त आशा राखी अकुशल कार्यहरू भनेका लागि वर्जित गरिरहेमा, कुशल कार्यहरू गरिरहेमा अवसर गुमाइरहनुमात्र हुनेछ, पराजयमात्र भोगिरहनु हुँदैन आदि भनी यो दृष्टि–उपादान रहेकाहरूले भन्ने गरिरहेका छन् ।

त्यसैले कर्म, कर्मको प्रतिफल छैन, पुनर्जन्म छैन भनी धारणा र आसक्ति भएको व्यक्तिले आफूले आफूलाई राम्रो र सुखी पार्नको निमित्त आफूसित सम्बन्धित व्यक्तिहरू राम्रा र सुखी पार्नको निमित्त, भएभरको विधिद्वारा विभिन्न तरिकाले खोजीनीति गरी उद्योग प्रयत्न गर्दछ । त्यसरी गर्दामा धेरैजसो अकुशलकर्महरू वृद्धि हुन्छन् । ती कर्महरू दृष्टिउपादानको कारणले उत्पन्न हुने कर्मभवहरू नै हुन् । ती कर्महरूले कारण जुधेमा मरणासन्न अवस्थामा कर्म, कर्मनिमित्त, गतिनिमित्त प्रकट गराई नयाँ अपायभवलाई उत्पादन गराउँछ । त्यो नन्दकप्रेतकथावस्तुद्वारा स्पष्ट हुन्छ ।

# नन्दकप्रेत कथावस्तु

भगवान् बुद्ध परिनिर्वाण भइसक्नुभएपछि २०० वर्षजति बितिसकेको समयमा सुराष्ट्र नामक प्रदेशमा पिङ्गल नामक राजाले राज्य गरिरहेको



Downloaded from http://dhamma.digital

थियो। सुराष्ट्र प्रदेशको अवस्थित ठाउँ त अहिले भारतको पश्चिमान्त मुम्बई क्षेत्रको उत्तरतिर कठियावार भन्ने द्वीपमा रहेको छ । त्यो पिङ्गलराजको सेनापति नन्दक नाउँ भएको थियो । मिथ्याधारणा पनि रहेको थियो । त्यसैले प्रेतवस्तु अट्ठकथामा **तस्स** = त्यो पिंगलराजको, **सेनापति** = सेनापति, **नन्दको नाम** = नन्दक नाउँ रहेको छ । **मिच्छादिट्ठि** = मिथ्यादृष्टि थियो **विपरीतवस्सनो** = विपरीत दृष्टि रहेको छ, **वा** = दृष्टि गलत छ । **नत्थि दिन्नन्तिआदिना** = दान दिनुको प्रति फल छैन आदि भनी, **मिच्छागाहं** = गलत धारणालाई, **पग्गह्य** = अनुग्रह र अनुबल दिई, **वा** = दृढतापूर्वक ग्रहण गरी, **विचरि** = विचरण गरिरह्यो भनी दर्शाइराखेको छ ।

त्यो नन्दक मरेर गएको बेलामा विन्ध्यवनमा वटवृक्षलाई आधार बनाई बस्नुपर्ने प्रेत हुनुपर्‍यो । त्यो बेलामा उनकी छोरी उत्तराले घरमा भिक्षाटन आउनु हुने एकजना भिक्षुलाई पानी रोटीहरू दान दिई आफ्नो बुबालाई पुण्यदान गरिन् । त्यो पुण्यदान गरेको कुशलकर्मको कारणले नन्दकप्रेतमा देवलोकमा भएको खानेपानी र रोटीहरू खाएर नसक्ने गरी उत्पन्न भएर आयो। त्यो बेलामा मात्र नन्दक प्रेतले कर्म, कर्मको प्रतिफल रहेको थाहापाई उनमा संवेग प्राप्त भयो। दान दिनुको फल छैन आदि भनी मनुष्यजन्म रहेको बेलामा भन्ने बोल्ने निर्देशन दिने गरेको, वाद फैलाउने गरेर आएको जम्मै गलत भयो भनी पश्चात्ताप हुन लाग्यो। एक समयमा पिंगलराज धर्माशोकराजाकहाँ कर तिरी फर्केर आएको थियो, त्यो बेलामा त्यो नन्दकप्रेतले आफ्नो वटवृक्षतिर बाटो निर्माण गरी देखायो। त्यो बाटो अनुसार पिंगलराज पछि लागेर आएको बेलामा त्यो वटवृक्षमुनि आइपुग्यो । त्यो बेलामा नन्दकप्रेतले अनुगामी परिषद्हरूसहित पिंगलराजलाई खानेपानी र रोटीहरूद्वारा पाहुना सत्कार गरे । त्यसरी खानपान गराएको ले पिंगलराजले आश्चर्य मानी ऋद्धिवान् देवता हो कि शक्र हो कि आदि भनी सोध्यो । त्यो बेलामा नन्दकप्रेतले देवता पनि होइन, शक्र पनि होइन, सुराष्ट्र प्रदेशबाट मरेर आई प्रेतभई रहेको विषय बतायो । कस्तो किसिमको कार्यले यसरी हुनुपरेको नि भनेर फेरि सोध्दा नन्दकप्रेतले–

**देव** = महाराज, **अहं** = म, **सुरट्ठस्मिं** = सुराष्ट्र प्रदेशमा, **पापचेतसो पुरिसो** = नीच, हीन मनोवृत्ति भएको व्यक्ति भएर आएको थिएं, **मिच्छादिट्ठि** = मिथ्यादृष्टि भएको थिएं, **दुस्सीलो** = शील नभएको, आचरण धर्म भंग भएको व्यक्ति थिएं; **कदरियो** = कञ्जुसी भएर, **परिभासको** =



Downloaded from http://dhamma.digital

प्रतिग्राहक व्यक्ति र दाताहरूलाई जथाभावी निन्दा गरी बोल्ने भन्ने भएको थिएँ । आदि भनी बतायो । यसरी नराम्रा कार्यहरू गरेर आएको भएर खानपानसम्पन्न भई ऋद्धिवान् देवताजस्तै नै हुन पाइरहेको राम्रै रहेछ । जस्तो सम्झनुपर्ने भइरहेको ले केही समय नबित्दैमा नै अकुशलकर्मले प्रतिफल दिन लागेको विषयलाई पनि लगातार यसरी बतायो । **ओरं छहि मासेहि** = छ महिना भित्रमा, **मे** = मेरो, **कालकिरिया** = यो जन्मबाट मरण हुनु, **भविस्सति** = हुनेछ । **कालंकत्वा** = मरण भएर, **एकान्त कटुकं** = निश्चित नै तीतो पीरो दुःखपूर्ण, **घोरं** = एकदम भयंकर, **निरयं** = नर्कमा, **अहं पपतिस्सं** = म पतन हुनै लागेको छु भनी भनेर यो नर्कमा भयंकर भएको प्रक्रियाको लागि लगातार बताएर गयो । यो नर्क चारकुने फलामे कन्तुर जस्तै भूमिबार छत जम्मै फलामले बनाएको विषय, आगो दनदन दन्किरहने विषय, एक लाख वर्ष बितिसक्दा "ऐ प्राणीहरू, तिमीहरूले नरक दुःख भोगिरहनुपरेका एक लाख वर्ष बितिसके" भन्ने शब्द सुन्नु पर्ने विषय, यो शब्द नरकभोग गर्नुपर्ने करोडौं वर्षको एउटा संकेत भएको विषय, मिथ्यादृष्टि भएका दुःशील व्यक्तिहरू, आर्यहरूलाई अपराध गर्ने व्यक्तिहरू यो नरकमा एक लाख कोटि वर्षसम्म भोग्नुपर्ने विषय, यो नरकमा चिरकालसम्म भोग गर्नुपर्नेलाई नियालेर उसमा शोकसन्ताप भोगिरहनुपर्ने विषयहरूलाई भनेर उसमा दिव्य निर्मल पानी दिव्य रोटीहरू पाउनुको विषयलाई पनि लगातार बतायो ।

उनकी छोरी उत्तरा बुद्धशासनानुयायी उपासिका भई उपोसथशीलले सम्पन्न भएको विषय, शीलसम्पन्न एकजना भिक्षुलाई भिक्षाटन आउनुभएको बेलामा खानेपानी र रोटीहरू दान गरिसकेर "यो कुशलकर्म परलोक भएको बुबालाई प्राप्त भई उपकार गर्न सकोस्" भनी प्रार्थना गरी पुण्यदान गरेको विषय, त्यसरी प्रार्थना गरी पुण्यदान गरेको अनन्तरमा नै पानी, रोटीहरू चाहेअनुसार उपभोग गर्न पाएको प्रतिफल अनुभव गर्न पाएका विषयलाई बताइदियो । यो कथावस्तुभित्र मुख्य रूपमा भन्न खोजेको त कर्म, कर्मको प्रतिफल छैन आदि धारणा राखी आसक्त हुने दृष्टिउपादानको कारणले अकुशल कर्मभव उत्पत्ति भएको प्रक्रिया र यो अकुशलकर्मको कारणले अपाय नरकमा पतन भई जाति उत्पन्न भएका प्रक्रियाहरू नै भयो ।



Downloaded from http://dhamma.digital

# आसक्ति

दृष्टमंगल, श्रुतमंगल, मुतमंगल आदि धारणा र आसक्तिहरूको कारणले पनि कर्मभवहरू उत्पन्न हुन्छन्। कसरी त भन्दा "अलच्छिनलाई देख्यो भने नराम्रो प्रतिफल उत्पन्न हुन सक्छ, घरमा घाड (माहुरीको चाका) बन्यो भने, भाले मुगरो चढ्यो भने भय लाग्न सक्छ "आदि भनी विश्वास र आसक्ति हुने व्यक्तिले सामना गरिने अलच्छिन व्यक्तिलाई पीडा कष्ट दिन सक्छ। चाकाहरूले भाले मुगरोहरूलाई पीडा कष्ट दिन सक्छ। यो प्रक्रिया यो विधिद्वारा आफ्नो विश्वास र आसक्तिअनुसार केही न केही कार्य बनाउन सक्दछ। यसरी बनाउनु अमंगल हुन्छ भनी धारणा राख्ने र आसक्त हुने उपादानको कारणले नै हो। त्यसलाई चित्तसम्भूत जातक आदिद्वारा जान्न सकिन्छ।

# संक्षिप्त चित्तसम्भूत जातक

एक समयमा बोधिसत्त्व उज्जेनी नगरद्वार नजिकको चण्डाल गाउँमा चण्डाल कुलमा जन्म हुनु भयो। त्यो चित्त नाउँ गरेको थियो। भावी आयुष्मान् आनन्द पनि स्यानो भाइ हुनुभएको थियो। सम्भूत नाउँ रहेको थियो। उमेर पुगेको बेलामा बाँसद्वारा नाच देखाउने शिल्प सिकेर नाच देखाउने गरिरहे। एक दिन एकजनाले उज्जेनी नगरको उत्तरतिरको द्वारमा शिल्प देखाइरह्यो। अर्काले त्यो पूर्वतिरको द्वारमा शिल्प देखाइरह्यो।

त्यो नगरमा श्रेष्ठिपुत्री एउटी र पुरोहित ब्राह्मणपुत्री एउटी दृष्टमंगल धारणाका रहेका थिए। दृष्टमंगल धारणा भनेको राम्रो र उत्तमलाई देख्न पाएमा राम्रो प्रतिफल लाभ हुन्छ। राम्रो लाभ हुन्छ, हीन र कमसललाई देख्न पऱ्यो भने नराम्रो प्रतिफल लाभ हुन्छ। लाभमा हानी हुन्छ भनी धारणा राख्नु नै हो। ती दुइजना महिलाहरू त्यो दिनमा परिवार परिषद्सहित बनभोजमा निस्केका थिए। एउटी उत्तर ढोकाबाट निस्केकी थिइन्। अर्की पूर्व ढोकाबाट निस्केकी थिइन्। चित्त र सम्भूतहरूले चण्डाल शिल्प देखाइराखेको सामना गर्नुपर्दा अमङ्गल देख्नुपरेकोलाई निमित्त राम्रो छैन भनी श्रीखण्ड पानीले मुख धोई फर्केर गए। उनीहरूका परिवार परिषद्हरूले बनभोज भंग भयो भनी चित्त र सम्भूतहरूलाई मारपिट गरे।



Downloaded from http://dhamma.digital

चित्त र सम्भूतहरू परस्पर भेट भएको बेलामा यसरी पीडा कष्ट भोग्नुपरेको जात र कुलको कारणले भोग्नुपरेको हो । जात लुकाइ ब्राह्मणकुलको रूपमा तक्षशिला गई विद्या अध्ययन गरौं भनी सरसल्लाह गरी तक्षशिलामा विद्या अध्ययन गरिरहे । बोधिसत्त्व चित्त विद्या सम्पन्न भएको ले विद्यार्थी नेता भइरह्यो । त्यो बेलामा आचार्यले चित्तलाई नेताको रूपमा अभिभार सुम्पी खटाई पठाएको ले एक ठाउँमा ब्राह्मणहरूको मंगल परित्राण पाठ गर्न जानुपरेको थियो । सम्भूतले तातो क्षीरलाई चिसो सम्झी हतारमा पिउन लाग्दा मुख पोलेको ले होश गर्न नसकी चण्डाल भाषाद्वारा नै "खलु खलु" भनी भन्न लाग्यो । चित्तले पनि होश पुऱ्याउन नसक्दा चण्डाल भाषाबाट नै "निग्गल निग्गल" थुक थुक भनी जवाफ दिन लाग्यो । अनि उच्च जातका ब्राह्मण विद्यार्थीहरूले सम्भूत र चित्तहरूले बोलेको भाषा कुन भाषा हो भनी परीक्षण गरेको बेलामा चण्डाल भाषा भनेर थाहा पाउँदा यी दुईजना मोराहरू हीन कुलका चण्डालहरू हुन् । ब्राह्मण कुलको रूपमा हामीहरूलाई ठग्दा रहेछन् भनी मारपीट गरे । विद्यालयबाट पनि निस्काशित गराउनुपऱ्यो ।

त्यसपछि आचार्यको निर्देशनअनुसार ऋषि हुन पुगे । त्यो जन्मबाट मरेर गएको बेलामा निरंजरा नदीको नजिकमा मृग दाजुभाइ हुन पुगे । शिकारीको भालाको प्रहारको कारणले त्यो जन्मबाट फेरि मरेर गएको बेलामा नर्मदा नदीको किनारमा पंक्षि दाजुभाइको रूपमा उत्पन्न हुनपुगे । त्यो जन्ममा पनि शिकारीले समातेर मारेको हुनाले फेरि मरेको बेलामा चित्त कौशम्बी राष्ट्रमा पुरोहित ब्राह्मणको छोरो हुन पुग्यो । पुराना तीनै जन्मलाई स्मरण गर्न सकी जानी रह्यो । उमेर पुगेर आएको बेलामा ऋषि श्रमण भई ध्यान अभिज्ञाद्वारा रमाई रह्यो । सम्भूत भने उत्तर पञ्चाल राष्ट्रमा राजकुमार हुन पुग्यो । चण्डाल भएर आएको एउटा जन्मलाई मात्र स्मरण गर्न सकी जान्नसक्ने भयो । उमेर पुगेर आएको बेलामा राजा भई कामगुण आलम्वनहरूद्वारा रमाइरह्यो ।

चित्त ऋषिले अभिज्ञाद्वारा हेरेको बेलामा अतीत जन्ममा आफ्नो भाइ भएको सम्भूत राजा भई राजसुख ऐश्वर्यद्वारा रमाइरहेको पायो । युवक अवस्थामा धर्मतिर लाग्न सक्ने परिस्थिति नहुँदा पचास (५०) वर्षसम्म पर्खिरह्यो । पचास (५०) वर्ष नाघेको बेलामा मात्र चित्त ऋषि अभिज्ञाशक्तिद्वारा पञ्चालराजको उद्यानमा आउनुभयो । एकजना युवक मार्फत ऋषिको प्रशंसा समाचार सुन्न पाएर सम्भूत महाराज ऋषिसमक्ष



Downloaded from http://dhamma.digital

आइपुग्यो । देख्ने बित्तिकै "मेरो दाजु चित्त रहेछ" भनी विश्वास गरी धारणा राखी उत्तम आसन बिछ्याइदियो । घनिष्टरूपमा कुशलवार्ता कुरा गरे । एकसाथ राजसुख ऐश्वर्य अनुभव गर्न पनि आमन्त्रणा गऱ्यो । अनि बोधिसत्त्व ऋषिले राम्रो कर्म नराम्रो कर्म दुइवटैको फल र दोष जाने देखेको कारणले आफूले आफूलाई संरक्षण र संयम गरेर जानेछु । स्वास्नी र छोराछोरी धन आदि लौकिक सुख सम्पत्तिलाई चाहना गर्दैन, आशा राख्दैन आदि रूपमा बताइसकेर संवेग उत्पन्न गराउन यसरी भनी पठायो ।

**चण्डालाहुम्ह अवन्तीसु, मिगा नेरञ्जरं पति ।**
**उक्कुसा नम्मदातीरे, त्यज्ज ब्राह्मणखत्तिया ॥**

**महाराज** = महाराज, **मयं** = तिमी र म दुईजना, **अवन्तीसु** = अवन्ति राष्ट्रमा (पालीअनुसार बहुवचनले भने पनि एउटै राष्ट्र भएको कारणले नेपाली भाषामा यस किसिमको विषयमा एकवचनद्वारा मात्र भन्ने चलन रहेको कारणले एकवचन अर्थ दिइराखेको छु) **चण्डाला** = निम्न कोटीका मानिस चण्डालहरू, **अहुम्ह** = भएर आइसके, **नेरञ्जरं पति** = नेरञ्जरा नदीको नजिकमा, **मिगा** = मृग दाजुभाइहरू, **अहुम्ह** = भएर आइसकें, **नम्मदातीरे** = नरमदा नदीको तीरमा, **उक्कुसा** = पंक्षी दाजुभाइहरू, **अहुम्ह** = भएर आइसके, **ते** = चण्डाल दाजुभाइहरू मृगदाजुभाइहरू, पंक्षी दाजुभाइहरू भएर आइसकेका ती हामी दुईजना, **अज्ज** = अहिले, **ब्राह्मणखत्तिया** = उच्च श्रेणी भएका ब्राह्मण कुलीन क्षेत्रीय कुलीनहरू हुन आएका छौं, महाराज, भनी स्मृति संवेग उत्पन्न गराउन अतीत पुराना घटनाहरूलाई उल्लेख गराएर देखायो ।

त्यसरी भनेको कुरा भित्र गम्भीर लक्ष्यहरू समावेश छन् । अकुशलकर्मको कारणले चण्डाल जन्म मृगजन्म पंक्षीजन्महरूमा पुगी निम्न स्तरमा पतन भएर आउनुपऱ्यो । मुख स्यानो पारेर आउनु, ऋषि श्रमण बनलु आदि कुशलकर्मको कारणले म पनि उच्च श्रेणीको ब्राह्मण कुलमा जन्म हुन पाएं । तिमीले पनि राजकुलमा जन्म हुनपायो । त्यसैले आफ्नो जीवनलाई उच्चभन्दा उच्च स्तरमा पुग्ने गरी ऋषि श्रमण बनी कुशलधर्म अभिवृद्धि गर्ने समय भइसकेको छ भन्ने मतलब हो । तैपनि राजसुख ऐश्वर्यहरूलाई परित्याग गरी श्रमण बन्नु भनेको सजिलो कार्य होइन । त्यसैले सम्भूतराजले ऋषि श्रमण बन्न नसक्ने विषय भन्यो । त्यो बेलामा उचित अववाद अनुशासनहरू दिएर बोधिसत्त्व "महाराज" तिमी यहाँ नै बस्ने गर, म जानेछु" भनी आकाशमार्गद्वारा हिमालयतिर प्रकट रूपमा



Downloaded from http://dhamma.digital

फर्कनुभयो। त्यो बेलामा मात्र सम्भूतराजले पनि स्मृति संवेग उत्पन्न गरी राजपात छोरालाई सुम्पिएर गृहत्याग गरेर गयो। बोधिसत्त्व चित्त ऋषिले पनि शिष्यपरिषद्हरूसहित स्वागत गरी ऋषि आश्रमतिर बोलाएर लग्यो। कसिण परिकर्म सिकाइ दियो। त्यसैले त्यो सम्भूत ऋषि पनि ध्यान अभिज्ञाले सम्पन्न भएर गयो।

यो जातक अट्ठकथावस्तुमा मुख्य भन्न खोजेको चण्डाल नीच हीन व्यक्तिलाई देख्नु अलक्षण हुन्छ आदि भनी आसक्त हुने दृष्टमंगल आसक्तिको कारणले अकुशल उत्पन्न हुनपर्नु र चण्डाल नीच हीनसित बस्न सक्दैन भन्ने हिसाबले आसक्त भई मारपीट गर्नु यिनीहरू जम्मै दृष्टिउपादानको कारणले उत्पन्न हुने अकुशलकर्महरू हुन् भनी भन्न चाहेको नै हो। अनि फेरि कोक भन्ने शिकारीको कथावस्तुद्वारा पनि दृष्टमंगल धारणा र आसक्तिको कारणले अकुशलकर्मभव उत्पन्न हुन जान्छ भन्ने कुरा थाहा पाउन सकिन्छ।

# कोक शिकारीको कथावस्तु

भगवान् बुद्धको पालामा एउटा गाउँमा कोक भन्ने एउटा शिकारी थियो। एक दिन त्यो कोक भन्ने शिकारी धनुषबाण धारण गरी शिकारी कुकुरहरूसँगै शिकार गर्न निस्केर आयो। बाटोमा भिक्षाटनमा आउनुभएको एकजना भिक्षुसित आमुन्ने सामुन्ने भेट भयो। यसरी भेट हुँदा शिकारीले विचार गऱ्यो। "आज मुण्डक श्रमणकलाई बिहान सबेरै देख्न पऱ्यो। त्यसैले आज एउटा शिकार पनि पाउने भएन" भनी विचार गर्दै गयो। उसले सोचेजस्तै नै एउटा शिकार पनि नपाएर समय बितेकोले फर्केर आयो। त्यसरी फर्केर आएको बेलामा पनि बिहान भेट भएको भिक्षु गाउँबाट विहारतिर फर्केर आइरहेको आमुन्ने सामुन्ने भेट भयो, यो संग भेट हुँदा "आज मैले यो मुण्डक श्रमणकलाई भेट्नु परेको ले जंगलमा एउटा शिकार पनि पाइएन। अहिले उनी फेरि मेरो अगाडि आइपुग्यो। यिनीलाई कुकुरहरूद्वारा टोकाउनेछु" भनी कुकुरहरूसँग जुधाइदियो।

अनि भिक्षुले "उपासक, यसो नगर" भनी प्रार्थना गऱ्यो। तैपनि मानेन। उसले आफ्ना कुकुरहरूलाई छोडेर जुधाइ नै हाल्यो। अनि भिक्षु द्रुतगतिले भागी एउटा रूखमाथि चढी रह्यो। रूख पनि त्यतिको अग्लो



Downloaded from http://dhamma.digital

थिएन । मानिसको उचाइभन्दा अलि माथिको शाखामाथि बसिरह्यो । कुकुरहरूले तल घेरिरहे । शिकारीले भिक्षुको पाइतालामा बाणको टुप्पोले घोचिरह्यो । भिक्षुले "यसो नगर" भनी बारबार प्रार्थना गरिरह्यो । शिकारी पछि हटेन घोचेको घोचै गरिरह्यो । भिक्षुलाई दुखेको ले कहिले बाँया खुट्टा उचाल्ने, कहिले दाँया खुट्टा उचाल्ने गरी असह्यरूपमा भोगिरहनु पऱ्यो । धेरै समय बित्दा थाम्न नसकेको ले शरीरमा बेरिराखेको चीवर चिप्लेर खस्यो; त्यो चीवर शिकारीमाथि छोपेर ग्वाम्म पऱ्यो । त्यसैले कुकुरहरूले भिक्षु खसेको सम्झि शिकारीलाई टोकाटोक गरी खाइदिए । हाडमात्रै बाकिरह्यो भनी बताइएको छ ।

त्यो बेलामा भिक्षुले एउटा सुकेको शाखा भाँची कुकुरहरूलाई धपायो । अनिमात्र कुकुरहरूले उनीहरूको आफ्नै मालिकलाई उनीहरूले टोकेर खाइदिएको चाल पाई भागे । त्यो विषयलाई भिक्षुले भगवान् बुद्धको समक्ष निवेदन गरेको बेलामा भगवान् बुद्धले यसरी उपदेश दिनुभयो ।

**यो अप्पवुट्ठस्स नरस्स दुस्सति, सुद्धस्स पोसस्स अनङ्गणस्स ।**

**तमेव बालं पच्चेति पापं, सुखुमो रजो पटिवातं व खित्तो ॥**

**यो बालो** = जुन मूर्खले, **अप्पवुट्ठस्स** = अरूहरूलाई अपराध गर्न नजान्ने व्यक्तिलाई, **दुस्सति** = अपराध गर्छ, **सुद्धस्स अनङ्गणस्स** = मलीन चित्तरहित भई निर्मल शुद्ध भएको, **पोसस्स** = व्यक्तिलाई, **दुस्सति** = अपराध गर्छ, **पापं** = उसले गरेको अकुशलकर्म, **तमेव बालं** = त्यो मूर्खतिर मात्र, **पच्चेति** = फिर्ता आउँछ, फर्किन्छ, **किमिव** = कसरी त भन्दा, **सुखुमो रजो** = सूक्ष्म धूलो, **पटिवातं खित्तो** = हावा आउनेतिर फाल्यो भने; **तमेव** = त्यो फालेको व्यक्तितिर मात्र, **पच्चेति इव** = फेरि फर्केर आउने जस्ते नै हो - भनी उपदेश दिनुभयो ।

कोक शिकारी कथावस्तुभित्र मुख्य भन्न खोजेको त नीच व्यक्तिलाई देख्नुपर्दा अलच्छिन हुन्छ । लाभ रोकिन्छ भनी सम्झेर आसक्त भई भिक्षुप्रति अपराध गर्नु मुख्य भनाइ हो । त्यसमा भिक्षुलाई देख्न परेको ले लाभ रोक्छ भनी सम्झनु दृष्टमंगल धारणा र आसक्ति नै हो । यो धारणा र आसक्तिको कारणले भिक्षुलाई कुकुरहरूद्वारा पनि जुधाउछ । बाणले पनि घोच्छ । यिनीहरू दृष्टिउपादानको कारणले उत्पन्न हुनुपर्ने अकुशलकर्मभव नै हुन् । त्यो अकुशलकर्मभवको कारणले अपाय दुर्गतिमा पनि उत्पन्न हुनुपर्छ । त्यो जाति नै हो । जातिको कारणले त्यो उत्पन्न भएको भवमा जीर्ण हुनु, मरण हुनु, शोक सन्ताप हुनु, विलाप गर्नुपर्नु, नरकको आगोले



Downloaded from http://dhamma.digital

पोल्नु आदिको कारणले शारीरिक दुःख हुनु, मानसिक दुःख हुनु तीव्र रूपमा हृदय दाह हुनु जस्ता दुःखहरू अप्रमाणरूपमा हुन जानेछ, यो भयानक नै हो।

## दृष्टमङ्गल आसक्ति आदिको कारणले कुशलकर्म पनि हुन सक्छ

अहिले बताएर आएका अकुशलकर्म उत्पत्तिप्रक्रिया नै हो। कुशल कर्म उत्पन्न हुनसक्ने कुरा पनि छ। कसरी त भन्दा कोही कोहीमा ग्रह चढ्ने ग्रह झर्ने भई रहेको हुन्छ। दशा कमजोर रहेको हुन्छ। कष्ट हटेर जाने गरी ग्रहदशा फाल्नुपर्छ भनी ज्योतिषाचार्यहरूले बताएको ले भगवान् बुद्धलाई द्वीपका पानी फूल श्रीखण्ड आदिद्वारा पूजा गर्दछन्। भिक्षुसंघहरूलाई दान दिइन्छ; परित्राणधर्महरू सुन्छन्। शील पालना गर्छन्, भावनाधर्म उद्योग गर्छन्। कसै कसैले भने स्वप्न राम्रो छैन भनी धारणा राखी परित्राण पाठ गर्ने आदि गर्छन्। यस्तैयस्ता दृष्टमङ्गल आसक्तिको कारणले कुशलकर्म भावहरू उत्पन्न भएका नै हुन्। त्यो कुशलकर्मको कारणले सुगतिभवमा उत्पन्न हुनसक्छ। त्यो जाति हो, जाति रह्यो भने जरा मरण आदिहरू पनि उत्पन्न हुन्छ नै।

यो ग्रहदशा फाल्नुमा अकुशल उत्पन्न हुने पनि छ। सत्त्वप्राणीहरूलाई मारकाट गरी दशा फाल्नुमा अकुशल हुन्छ। जातकनिपातहरूमा सर्वचतुष्कयज्ञ सर्व अष्टकयज्ञ आदिहरूको व्यवस्थागरी दशा फाल्ने राजाहरूको विषय प्रकटरूपमा रहेको छ। सर्वचतुष्क यज्ञ भनेको खसी चार वटा, गोरु चार, घोडा चार, मानिस चार जना आदि रूपमा जम्मै जातका सत्त्वहरू चार चारजना गरी मारेर देवतालाई यज्ञ पूजा गर्नु नै हो। सर्वअष्टक यज्ञ भनेको पनि त्यस्तै नै हो। आठ आठ जना मारी पूजा गर्ने यज्ञ नै हो। यो भगवान् बुद्धको पालामा प्रसेनजित कोशल राजाले यज्ञपूजा गर्न व्यवस्था गरेको प्रक्रियाद्वारा स्पष्ट छ।

## कोशल राजाको यज्ञव्यवस्था

कोशल राजाले श्रावस्ती नगरवासी एकजना व्यक्तिकी स्वास्नी मन पराएकोले त्यो नगरवासीलाई आफूकहाँ सेवा गर्न लगाइयो। दोष देखिएमा



Downloaded from http://dhamma.digital

मृत्युदण्ड दिलाई उसकी स्वास्नीलाई अधिकारमा लिन दाउ खोजेको नै भन्नुपऱ्यो । तैपनि त्यो व्यक्तिले विशेष होश राखी कार्य वहन गरिरहेकोले दोष खोज्न पाइएन । त्यसैले एक दिन एक योजनजति टाढा परेको ठाउँमा रहेको कमलको फूल र अरुणको रङ्ग भएको अरुणवति माटो एक दिन भित्रमै आइपुग्ने गरी लिन पठायो । सन्ध्याकालमा आइपुगेन भने सजायं गर्नेछु भनेर पनि भन्यो । त्यो कुलपुत्रले पनि त्यसै विनाकारण दोष खोजेको विषय थाहापाएको ले एक दिनभित्रमै फर्केर आउनसक्ने गरी द्रुतगतिले दौडेर गयो । कर्मअनुसार सूर्य अस्ताउनुअघि नै नगरद्वारमा फर्केर आइपुग्यो, तैपनि राजाले द्वारलाई सबेरै बन्द गर्न हुकुम दिइराखेकोले द्वार बन्द गरिसकेको भएर नगरभित्र पस्न पाइएन । त्यसैले मन आस्वस्त पार्न जेतवन विहारमा गई सुत्यो ।

कोशल महाराजमा त्यो रातमा कामवितर्क, व्यापादवितर्कहरू प्रबल भइरहेको ले निद्रा लाग्न नसकी रहेको थियो । त्यसरी निद्रा लाग्न नसकिरहेको बेलामा दु-भन्ने एउटा शब्द, स-भन्ने एउटा शब्द, न-भन्ने एउटा शब्द, सो - भन्ने एउटा शब्द यी चार महाशब्दहरू सुन्नमा आयो । ती महाशब्दहरू अन्य थिएनन् । कामेसुमिथ्याचार कर्म प्रबल भएका चारजना श्रेष्ठिपुत्रहरू लौहकुम्भी नरकमा पतन भइरहेको अवस्थामा नरकको कुम्भको मुखद्वारमा झ्वाट्ट देखापर्न आएको क्षणमा परस्पर भन्ने बोल्ने गरेका एक एक गाथा श्लोकहरूको शुरुवातबाट निस्केका एक एक अक्षरहरू हुन् । ती एक एक अक्षरहरूलाई मात्र उच्चारण गर्न सकी नरकको कुम्भभित्र फेरि डुबेर गए । उपकार प्रतिफल हुने सम्भावना भएको ले भगवान् बुद्धको ऋद्धि अधिष्ठानको कारणले सुन्न पाएको हो भनी लिनुपर्दछ । त्यसरी अत्यन्त तीव्र प्रबल चार शब्दहरू सुन्न पाएकोले महाराजमा कत्रो भय उपद्रव आइलागिपर्ने होला नि भन्ने चिन्तन गरी अत्यन्त भयभीत भइरह्यो । त्यसैले बिहान सबेरै पुरोहितलाई बोलाई यो विषय बतायो । पुरोहितको भारयुक्त निमित्त भएको विषय जीवन अन्तराय हुनसक्ने विषय हो भन्दा महाराज झन् भयभीत भएर आएकोले उपचार गर्न सक्ने तरिकाहरू छन् कि भनी सोध्यो । अनि पुरोहितले सय हात्ती, सय घोडा आदि गरी सबैका सबै सय सय वटा सत्त्वहरूलाई मारी सर्वसतकयज्ञ गर्नुपर्दछ भनी निर्देशन दियो । त्यो चाहिँ दशा फाल्नको लागि निर्देशन दिएको नै भयो ।

महाराजले पनि अत्यन्त भयभीत भइरहेकोले केही विचार



Downloaded from http://dhamma.digital

गरेनन् । पुरोहित आचार्यले भने बमोजिम हात्ती घोडा आदिहरूलाई यज्ञपूजा गर्न सय सय जना प्राणीहरू यज्ञस्तम्भमा बाँधिराख्यो । यो ठाउँमा मानिसको मनोवृत्ति कत्तिको क्रूर छ भनेको लाई विचार गर्नुपर्दछ । आफू एकजनाको प्राण भय रक्षा गर्न सयौं हजारौं सत्त्वहरूलाई मारेर यज्ञपूजा गर्छु भनेर सोच्नु अति नै क्रूरताले भरेको छ । त्यसरी यज्ञस्तम्भमा बाँधिराखेका सत्त्वहरूमध्येमा तीरश्चीनहरूले त जान्ने भएनन् । मानिसहरूले त जानिरहेका छन् । त्यसैले सम्बन्धित ज्ञातिबन्धु बान्धवहरूले त आँखाभरि आँसु पारी रोदन क्रन्दन मचाइरहे । त्यो बेलामा मल्लिकादेवी महारानीले यी नराम्रा शब्दहरूसित जोडी सुपरिणाम दुष्परिणाम भगवान् बुद्धसमक्ष निवेदन गरुन् भनी होश दिलाएकी ले महाराजले भगवान् बुद्धसमक्ष उपसंक्रमण गरी बिन्ति चढायो । भगवान् बुद्धले त्यो सुन्नमा आएका शब्दहरू महाराजसित कुनै सम्बन्ध छैन, काश्यप सम्यक्सम्बुद्धको पालामा चारजना श्रेष्ठिपुत्रहरूले पैसाद्वारा फकाई फुलाई अरूहरूका स्वास्नीहरूलाई अपहरण गरेर आएको कामेसुमिथ्याचार कर्मको कारणले अवीचि महानरकमा पतन भई दुई जना बुद्धहरूको बीचको समय भरी नरकाग्निले पोलाइरहन परेका थिए । यो महानरकबाट मुक्त भएर आए पनि कर्म नसकिएको ले लौहकुम्भी नरक फलामे झोल उम्लिरहेको नरकमा पतन भएर रहिरहनु परेका थिए । हिजो राति यो लौहकुम्भी नरकको मुखद्वारमा चारैजना देखापर्न आएको क्षणमा जुधेकाले परस्पर एक एक गाथा उच्चारण गरी भन्न कोशीस गरेको मा एक एक अक्षरमात्र उच्चारण गरी फेरि डुबेर जानुपरेको थियो– आदि भनी सही विषयलाई आज्ञा भयो ।

Dhamma.Digital

## दु-स-न-सो- को अभिप्राय

तीं चार महाशब्दहरूमध्ये–

**दु** - भन्ने शब्द **दुज्जीवितमजीविम्ह** आदिद्वारा भन्न चाहेको थियो । आफ्नो भाषामा संक्षित रूपमा भन्नुपर्दा "हामीले श्रेष्ठिपुत्रको जीवनमा नराम्रो ढंगले जीवन यापन गरेर आएं । धन सम्पत्ति थुप्रै भएर पनि दान प्रदान गरेर आएनौं । जीवनको आधार कुशलकर्म गरेर आएनौं ।" भन्ने भाव हो ।

**स** - भन्ने शब्द त "**सट्ठीवस्ससहस्सानि**" आदिद्वारा भन्न चाहेको थियो । आफ्नो भाषामा त "हामीहरू लौहकुम्भी नरकको घैंटोमा पतन



Downloaded from http://dhamma.digital

भइरहेको घैंटोको मुखद्वारदेखि सुरू गरेर तल भूईंसम्म डुबेर जाँदै गरेको ३० हजार वर्ष + फेरि माथि उठेर आएको ३० हजार वर्ष दुबै जोडेर ६० हजार वर्ष बितिसक्यो, कुन बेलामा मात्र यो नरकको घैंटोबाट मुक्त हुने होला नि" भन्न चाहेको थियो ।

**न** - भन्ने शब्द त "**नत्थि अन्तो कुतो अन्तो**" आदिद्वारा भन्न चाहेको थियो । आफ्नो भाषामा त "हामीहरूमा यो नरकबाट मुक्त हुन अन्त सन्त रहेनन्, किनभने म र तिमीहरूले त्यो जीवनको अवस्थामा थुप्रै नराम्रा कर्महरू गरेर आएको ले नै हो । साथीहरू हो" भन्न चाहेको थियो ।

**सो** - भन्ने शब्द त "**सोहं नुन इतो गन्त्वा**" आदिद्वारा भन्न चाहेको थियो । आफ्नो भाषामा त "हामीहरू यो नरकबाट मुक्त भएर मानिस भएर जन्मेमा शील राम्ररी पालना गरी दान दिनेछौं, थुप्रै कुशलकर्म गर्नेछौं" भन्न चाहेको थियो ।

त्यो ठक्कर खाँदामात्र आमाको पुकार भनेजस्तै दुःखभय आइपुग्दामात्र होश आएको स्वभाव नै हो । त्यसरी दुःखभय आइपुगिसक्दा त केही पनि गर्नसक्ने नै भएन । त्यो पनि विशेष होश राख्नुपर्ने स्थिति नै हो ।

चार महाशब्दको सम्बन्धमा भगवान् बुद्धले आज्ञा भएको सुन्न पाउँदा प्रसेनजित कोशल महाराज कामेसुमिथ्याचार अकुशलकर्मदेखि अत्यन्त भयभीत हुन पुग्यो । त्यसैले आजदेखि सुरू गरेर अरूका स्वास्नीहरूप्रति मनले मात्र समेत अपराध गर्नेछैन । भनी समादान गरी राती निद्रा नआएको ले रात लामो भएको विषय भगवान बुद्धसमक्ष निवेदन गऱ्यो । त्यो बेलामा कमल र रातो माटो दिनभित्रमै फर्कन गरी लिन जानुपर्ने व्यक्तिले पनि गतदिनमा एक योजन बाटो पनि लामो भएको विषय निवेदन गऱ्यो । अनि भगवान् बुद्धले ती दुई कुराको सम्बन्ध जोडी एउटा धर्मगाथा यसरी आज्ञा भयो ।

**दीघा जागरतो रत्तिं, दीघं सन्तस्स योजनं ।**
**दीघो बालानं संसारो, सद्धम्मं अविजानतं ॥**

**जागरतो** = निद्रा नआई जागा रहेको व्यक्तिको निमित: **रत्तिं** = रात, **दीघा** = लामो हुन्छ, **सन्तस्स** = बाटो लागेर थाकिसकेका व्यक्तिको निमित्त; **योजनं** = एक योजनको बाटो, **दीघं** = लामो हुन्छ । **सद्धम्म अविजानतं** = सत्पुरुषधर्मलाई नजान्ने, **बालानं** = मूर्खहरूको निमित्त, **संसारो** = संसार, **दीघो** = लामो हुन्छ ।



Downloaded from http://dhamma.digital

यो धर्मगाथा सुन्नपाएकोले कमल र रातो माटो दिनभरिमै फर्केर आउने गरी लिन जाने कुलपुत्र श्रोतापन्न भएर गयो। अन्य थुप्रै व्यक्तिहरू पनि श्रोतापन्न भएर गए। महाराजले पनि यज्ञपूजा गर्न बाँधिराखेका प्राणीहरू जम्मैलाई मुक्त गराएर पठाइदिए।

यो कथावस्तुमा मुख्य भन्न चाहेको कुरा त अमङ्गल दु:शब्दहरू सुन्न परेकोले शत्रुभय अन्तराय निवारण गर्न यज्ञपूजा गरी दशा फाल्न व्यवस्था गरेको विषय नै हो। यसमा भगवान् बुद्धबाट सही जवाफ सुन्न नपाएमा श्रुतमङ्गल धारणाको कारण सत्त्वहरूलाई मार्ने अकुशलकर्मभवहरू उत्पन्न हुन जाने भयो। तिनीहरू श्रुतमङ्गल धारणा भएको दृष्टिउपादानको कारणले उत्पन्न हुने कर्मभवहरू हुन्। त्यसैले मार्नु आदि गरी दशा फालेमा दृष्टमङ्गल दृष्टिउपादान आदि उपादानहरूको कारणले अकुशलकर्मभवहरू उत्पन्न हुनसक्छ भन्नेलाई पनि सम्झिराख्नुपर्दछ।

## शान्तदान्त हुनुको सामर्थ्य

१) **हत्थकुक्कुच्च र पावकुक्कुच्च एकथरी।**
२) **विनयकुक्कुच्च एकथरी**
३) **विप्पटिसार कुक्कुच्च एकथरी**

'**कुक्कुच्च**' भनेको नराम्रो क्रियाकलाप घृणाष्प्रद क्रियाकलाप हो। नराम्रो आकारप्रकार; घृणाष्प्रद आकारप्रकार हो किनभने त्यो आकारप्रकार क्रियाकलाप गर्दा कुनै किसिमको लाभ वा फाइदा छैन। फाइदा नभएकोले यस प्रकारको आकार प्रकार घृणाष्प्रद आकारप्रकार, नराम्रो आकारप्रकार मात्र रहेको क्रियाकलाप भनी भन्नुपर्दछ।

## हातगोडा शान्त नहुने कुक्कुच्च

सर्वप्रथम भन्नुपर्ने **हत्थकुक्कुच्च** र **पावकुक्कुच्च** हुन्। त्यो त हातगोडा शान्त नहुनु हो। हात शान्त नहुनु **हत्थकुक्कुच्च** (हस्तकौकृत्य) हो। खुट्टा शान्त नहुनु **पावकुक्कुच्च** (पादकौकृत्य) हो। स्मृति, समाधि नभएका व्यक्तिहरूमा हातगोडा शान्त हुँदैनन्। मुखले पनि जे चाह्यो त्यही भनी हातहरू खुट्टाहरू पनि चलाउन मन लागेअनुसार चलाइरहन्छन्।



Downloaded from http://dhamma.digital

कोही कोहीको त उपदेश गरिरहँदामा पनि उसको हातगोडाहरू शान्त हुँदैनन् । जथाभावी चलिरहन्छन् । आफ्ना हात आफ्ना खुट्टाहरूमा स्मृति रहित भइरहेको स्वभाव हो । तिनीहरूलाई '**हत्थकुक्कुच्च, पादकुक्कुच्च**' भनी भन्दछन् । आफ्नो भाषामा त हात शान्त नहुनु, खुट्टा शान्त नहुनु भनी भन्नुपर्ला । हात गोडामात्र नभई टाउकोको स्वभाव, शरीरको हावभाव शान्त नहुनु पनि यो कुक्कुच्च नै हो भनी सम्झनुपर्दछ । तिनीहरूलाई अलग्याउनुपर्दछ । त्यो त अर्हन्त व्यक्तिमा मात्र बिल्कुल वर्जित हुन्छ, तैपनि अन्य व्यक्तिहरूले पनि यी कुक्कुच्चहरू वर्जित हुनेगरी आचरण गरिरहनुपर्दछ । त्यसैले जतिसक्यो त्यति वर्जित हुनेगरी होशराख्नु आवश्यक छ । होश रहेको व्यक्तिमा होश नरहेको व्यक्तिहरूमा भन्दा शान्त दान्तहुने हुनुपर्दछ । त्यो कन्दरकसुत्तद्वारा स्पष्ट हुन्छ ।

# कन्दरकको श्रद्धा

एक समयमा पेस्स भन्ने एकजना गृहस्थ र कन्दरक भन्ने एकजना परिव्राजक बुद्धशासनबाहिरका ऋषिश्रमण, दुईजना भगवान् बुद्धकहाँ आइपुगे । त्यो बेलामा भगवान् बुद्धको नजिकमा उपसंक्रमण गरी बसेको भिक्षुसंघहरू पनि रहेका थिए । कन्दरक परिव्राजकले ती भिक्षुसंघहरूलाई चिहाई हेरे । त्यहाँ थुप्रै भिक्षुसंघहरू शान्तपूर्वक बसिरहेका पाए । कोही भिक्षुपनि हात चलाउने, खुट्टा चलाउने, टाउको चलाउने गरिरहेका छैनन् । कुरा गर्ने, खोक्ने पनि छैनन् । चुपचाप शान्तदान्तपूर्वक नरम कोमल भएर गौरवपूर्वक बसिराखेका देखे ।

'**तुण्हीभूतं तुण्हीभूतं**" भनी पालीमा दर्शाइराखेको छ । थुप्रै संघहरू भएर पनि जतातिर हेरे पनि शान्तदान्त चूपचापसँग कोमल भइराखेको मात्र भेटियो । त्यो शान्तदान्तपनलाई देख्दा बुद्धशासनबाहिरको परिव्राजक भएतापनि बुद्धप्रति श्रद्धा उब्जेर आयो । भगवान् बुद्धले यी शिष्य भिक्षुहरूलाई यसरी नरम कोमल हुनेगरी अववाद अनुशासन गरिराख्नुभएको अति नै आश्चर्यजनक छ । अति नै प्रसादनीय छ भनी उसको मनमा श्रद्धाधर्म उब्जेर आयो । श्रद्धाधर्म उत्पन्न भई उसले भगवान् बुद्धसँग निवेदन गर्‍यो "भगवन्, अघि अघि उत्पन्न भइसकेका सम्यक्सम्बुद्धहरूले पनि शिष्यहरूलाई शान्तदान्त हुनेगरी, नरम कोमल हुनेगरी अनुशासन गर्नुभएका अहिले तपाई



Downloaded from http://dhamma.digital

तथागतले अववाद अनुशासन गर्नुभएजस्तै रहेको थियो कि । अघि अघिका सम्यक्सम्बुद्धहरूको परिषद् पनि अहिले देखापरिरहेको यो परिषद्जस्तै रहेको थियो होला । भविष्यमा प्रादुर्भाव हुनुहुने सम्यक्सम्बुद्धहरूले पनि शिष्यहरूलाई अववाद अनुशासन गर्नुहुने अहिले तपाईं तथागतले अववाद अनुशासन गर्नुभएजस्तै नै हुने होला । भविष्यका तथागतहरूको परिषद् पनि अहिले देखापरेका परिषद्जस्तै हुनेछन् होला । कोमलरूपमा यो अति नै प्रसादनीय रहेको छ" भनी उसले निवेदन गऱ्यो । यसरी निवेदन गर्दा भगवान् बुद्धले फेरि उपदेश गर्नुभयो । कन्दरक, तिमीले यी परिषद्हरू शान्त भइरहेको मात्र जान्यौ । के कारणले शान्त भइरहेका छन् भन्ने कुरा म बताउँछु । यो परिषद्भित्र भावनाधर्म अभ्यास र आचरण गरी क्लेश आश्रवहरू क्षयव्यय भई स्मृति संप्रजन्यले सबै परिपूर्ण भइरहेका अरहन्त व्यक्तिहरू रहेका छन् । ती अरहन्त व्यक्तिहरूको निमित्त त केही भन्नुपर्ने आवश्यकता छैन । अरहन्तहरूभन्दा सम्पूर्ण ६ द्वारहरूको पछिपछि लागी (उनीहरूमा) स्मृति प्रकट भइरहेको छ । तब कहाँबाट अप्रसादनीय आकार प्रकारहरू उत्पन्न हुन सक्लान् । मात्र नरम कोमल भइरहने भयो । अनि फेरि शैक्ष्य भन्ने आचरण गरिनै रहेका व्यक्तिहरू पनि रहिरहेका छन् भनेर पनि आज्ञा भयो । शैक्ष्य पुद्गलहरू भनेका अनागामी सकृदागामी श्रोतापन्न कल्याण पृथग्जनहरू, यी पुद्गलहरूलाई शैक्ष्य भन्दछन् । आचरण गर्दैरहेका पुद्गलहरू हुन् । के के आचरण गरिरहेका छन् भन्दा चार स्मृतिप्रस्थानधर्महरू आचरण गरिरहेका छन् । त्यसैले "**चतूसु सतिपट्ठानेसु सुप्पतिट्ठितचित्ता**" भनी उल्लेख गरिराखेको हो ।

**चतूसु सतिपट्ठानेसु** = चार स्मृतिप्रस्थानहरूमा, **सुप्पतिट्ठितचित्ता** = राम्ररी प्रतिष्ठित भएका चित्त रहेका भई, **विहरन्ति** = विहार गरिरहनछन् । ती पुद्गलहरू चार स्मृतिप्रस्थानहरूमा चित्त स्थिर भई विहार गरिरहन्छन् ।

चार स्मृतिप्रस्थान भनेको यहाँका योगीहरूले थाहा पाइसकेकै छन्, तैपनि स्पष्ट भएको मा झन् स्पष्ट हुनेगरी भन्दछु । ती चार स्मृतिप्रस्थानमध्ये कोही कोहीले कायानुपश्यनास्मृतिप्रस्थानलाई प्राथमिकता दिई हृदयंगम गरिरहन्छन् । कोही कोहीले वेदनानुपश्यनास्मृतिप्रस्थान; कोही कोहीले चित्तानुपश्यनास्मृतिप्रस्थान; कोही कोहीले धर्मानुपश्यना स्मृतिप्रस्थानधर्मलाई प्राथमिकता दिई हृदयंगम गरिरहन्छन् । स्मृतिप्रस्थानधर्मलाई हृदयंगम गरिरह्यो भने शान्तदान्त भइरहन्छ नै । स्मृतिविना संभार नै नहुने भयो



Downloaded from http://dhamma.digital

नि। त्यसैले संभार गर्ने बेलामा पनि स्मृतिले संभार गर्दा नरम र कोमल त हुने नै भयो। जथाभावी हुने भएन। आँखालाई नसुहाउँदो किसिमले हुने भएन किन त भन्दा जहिले पनि स्मृति पछि पछि लागी भाविता गरिरहेको ले नै हो। त्यसैले त्यो परिषद् अति नै शान्तदान्त भइरहेको छ भनी भगवान् बुद्धले आज्ञा भयो।

## कोशल महाराजको निवेदन

प्रसेनजित कोशल महाराजले भगवान् बुद्धलाई निवेदन गरेको एउटा कुरा पनि छ। त्यो यसरी बताइएको छ, हामीहरू हुकुमधारी राजाहरू हौं, मानिसहरूलाई पनि दण्ड दिन सक्छौं। मार्नुपरेमा पनि मार्न सक्छौं। देशबाट पनि निकाला गर्नसक्छौं। हुकुमधारी राजाहरूले गर्न चाहेअनुसार गर्न सक्छन्। अहिलेको युगमा जस्तो कानूनबमोजिम अदालतमा उजुर गरी कारवाही गर्ने, वकिलहरूद्वारा बहस गरी अपराध प्रकट भएमा दण्ड दिने प्रकट नभएमा छोडिदिने; होइन। अहिलेको जमानामा कानूनअनुसारभन्दा निहूंले पनि छोडिदिन्छ। त्यो बेलामा त हुकुमधारी राजाहरूको मुखमा हुकुम रहिरहेको हुन्छ। मारिदेऊ भन्यो भने मारि दिनुपर्ने हुन्छ। जति निवेदन गरे पनि मान्ने हुँदैन। काम सिद्ध गरिहाल्छ। कसैलाई देश निकाला गरिदेऊ भन्यो भने पनि देश निकाला गरिदिनु पर्छ। कुनै प्रकारले विरोध गर्न सकिँदैन। हुकुम बमोजिम नै गरिने हुन्छ। यसरी हुकुमधारी भई सम्पूर्ण अधिकार प्राप्त भइरहेतापनि कहिलेकाहीँ राजाले कुरा गरिरहँदा भारदार मन्त्रीहरूले उठी उठी कुरा गरिरहने गर्दा निकै अनुरोध गरिरहनुपर्ने हुन्छ। त्यो पनि कहिलेकाहीँ हुन्छ। कहिलेकाहीँ यताउतीका व्यक्तिहरूले मन नमानी बीच बीचमा उठेर भनेका होलान्। त्यसरी आदर गौरव नराखी भन्ने गरेको पनि पाइएको छ।

भगवान् बुद्धका शिष्य परिषद्हरू अत्यन्त कोमल छन्। भगवान् बुद्धले शिष्य परिषद्हरूमाथि राजाहरूले जस्तै हुकुमद्वारा अनुशासन गर्नुभएको होइन, लट्ठी हात हतियारद्वारा अनुशासन गर्नुभएको पनि होइन। केही पनि डर धम्की देखाउनु नभइकन खालि अववादअनुशासन दिइराख्नु हुन्छ। यसरी अववाद अनुशासन दिइराख्ने मात्र भए पनि भगवान् बुद्धका शिष्य परिषद्हरू अत्यन्त कोमल छन्। एक समयमा भगवान् बुद्धले उपदेश



Downloaded from http://dhamma.digital

गरिराख्नुभएको बेलामा उपदेशश्रोता परिषद् सबैले शान्तदान्त भई आदर गौरवपूर्वक, उपदेश सुनिरहे । तीमध्येमा एक जना भिक्षुले खोक्यो । त्यो पनि अति अप्ठ्यारो परेको ले हुनुपर्दछ । रोक्ने प्रयास त गरेको होला, बस्नै नसकेको ले त्यसरी खोक्नलाग्दा नजिकमा रहेको एक जना भिक्षुले घुँडाले विस्तारै घचेटी "भन्ते, चुप लागी उपदेश सुन्नुस्, शब्द निकाल्यो भने बाधा हुनजानेछ । अहिले भगवान् बुद्धले उपदेश गर्नु भइराखेको छ । उपदेशश्रोता भिक्षुहरूमा बाधा हुनजानेछ" भनी संगैको व्यक्तिले जानकारी दियो । त्यसो गरेको पनि देखियो । भगवान् बुद्धका शिष्य परिषद्हरू **हत्थकुक्कुच्च** = हात चलाउनु, शान्तदान्त नहुनु, **पादकुक्कुच्च** = खुट्टा चलाउनु, शान्तदान्त नहुनु, मुखले निरर्थक कुराहरू बोलिरहनु खोकिरहनु आदिद्वारा यस्तै यस्ता अशान्त हावभावहरू विरत भइरहेका छन् भनी प्रसेनजित कोशल राजाले निवेदन गऱ्यो ।

त्यसरी नै बुद्धशासनमा स्मृति सम्प्रजन्यधर्महरूद्वारा आचरण गरिरह्यो भने यसरी कोमल हुने हुन्छ । शान्त हुन यसरी कोमल हुनेगरी आचरण गर्नुपर्दछ । उद्योग गर्नुपर्दछ । तैपनि कोही कोही व्यक्तिहरूले कोमल भएर बस्न नसक्दा अन्य कोमल व्यक्तिहरूलाई उपहास गरेर भन्ने बोल्ने गर्दछन् । जस्तै यो व्यक्तिले उपदेश गर्ने बेलामा नरम कोमल जस्तो भएर नक्कलपारी उपदेश गरिरहन्छ । हामीले त नक्कल पार्दैनौं भनी घुँडा उचाली उपदेश दिने गर्दछन्, बोल्ने भन्ने गर्छन् । जथाभावी गरी उपदेश गरेकोमा पनि कुनै कुनै परिषद्ले मन पराइरहेको पनि हुन्छ । संसारमा मानिस भनेका विभिन्नप्रकारका छन् । वास्तवमा यी हत्थकुक्कुच्च, पादकुक्कुच्च भन्ने हात शान्त नहुनु, खुट्टा शान्त नहुनु, टाउको शान्त नहुनु, शरीर शान्त नहुनु, मुखले पनि जे चाह्यो त्यही जथाभावी भन्नु बोल्नु स्मृतिसम्प्रजन्य नरहेका स्वभावहरू नै हुन् । स्मृतिसम्प्रजन्य रहिरहेमा यस किसिमका क्रियाकलापहरू रहेका हुँदैनन् । बिल्कुल नभए पनि कम हुने हुन्छ । त्यसैले **अकुक्कुच्च** = हत्थकुक्कुच्च पादकुक्कुच्चहरू नरहनु ।

## विनयकुक्कुच्च

अर्को एउटा कुक्कुच्च विनय हो । विनयसित सम्बन्ध राखी आपत्तिरहित उपयुक्त चीजवस्तुलाई उपयुक्त भएको होला र भनी संशय



Downloaded from http://dhamma.digital

हुन्छ। अनुपयुक्तलाई उपयुक्त हुने होला कि भनी संशय हुन्छ। उपयुक्त समय रहिरहेतापनि उपयुक्त समय हो कि होइन भनी संशय हुने हुन्छ। आदि इत्यादिद्वारा उपयुक्त छ कि, अनुपयुक्त छ कि, गर्न मिल्छ कि गर्न मिल्दैन कि सेवनगर्न उचित छ कि, सेवन गर्न अनुचित छ कि भनी यसरी संशय हुनु कुक्कुच्च भएर आउनु भिक्षुहरूको एउटा गुण हो। कोही कोहीले त केही पनि प्रत्यवेक्षण गर्दैन। कुक्कुच्च उत्पन्न हुँदैन। यसरी संशयकुक्कुच्च उत्पन्न नहुँदा जे चाह्यो त्यही गर्छ। यसैले त्यस्तो व्यक्ति अलिकति पनि परिशुद्ध हुँदैन। सेवन गर्न उचित छ, अनुचित छ भनेर पनि प्रत्यवेक्षण गर्दैन। भेटेका जम्मै सेवनगर्ने गर्दछ। विनयलाई ध्यान पुऱ्याउँदैन। यसरी ध्यान नपुऱ्याउनु पनि एक किसिमको निन्दनीय विषय नै भयो।

अहिले भनेर आएको **विनयकुक्कुच्च** रहित पर्ने होइन। यो कुक्कुच्च त उत्पन्न हुनुपर्ने ठाउँमा उत्पन्न हुनुपर्दछ। उपयुक्त छ कि अनुपयुक्त छ कि भन्ने प्रत्यवेक्षण गर्नुपर्दछ तैपनि मनभित्र द्वन्द संशय रही रहिकन नै त्यो संशय रहेको प्रत्ययलाई सेवन गऱ्यो भने आपत्ति लाग्छ। त्यस किसिमको कुक्कुच्चको कारणले आपत्ति लाग्ने जस्तो क्रिया विरत हुनुपर्दछ। **संसयकुक्कुच्च** रहिरहेको लाई सेवन नगरिकन; कार्य नगरिकन वर्जित गर्नुपर्दछ।

## सबभन्दा महत्त्वपूर्ण समय

अर्को एउटा कुक्कुच्च **विप्पटिसारकुक्कुच्च** हो। यसलाई मन नरमाइलो हुने कुक्कुच्च भन्नुपऱ्यो। यो मन नरमाइलो हुनु कुक्कुच्च पनि दुईप्रकारका छन्। गलतकाम गर्न पुगेको कारणले पनि उत्पन्न हुन्छ; गलत काम गर्नपुग्नु भनेको दुश्चरित्र क्रियाकलापहरू हुन्। अनुचित कायदुश्चरित्र, वचीदुश्चरित्र, मनोदुश्चरित्र, ती दुश्चरित्रहरू गर्नपुगेको खण्डमा यो गलत काम गर्नपुगेको लाई पुनर्विचार गरेर 'अहो, के भएको यो, यस्तो पनि गल्ती गर्नु र" भनी फेरि फेरि मन नरमाइलो भई सन्ताप भइरहनसक्छ। मैले यस्ता कामहरू गर्नपुगें; यस्ता कुराहरू गर्नपुगें भनी चिन्तन गरी आफूले गरेर आएका क्रियाकलापहरू बोलिवचनहरूमा पुनर्विचार गरी मनभित्र जली जलिकन मन नरमाइलो भई सन्ताप भइरहनसक्छ।



Downloaded from http://dhamma.digital

त्यसलाई **विप्पटिसारकुक्कुच्च** भन्दछ। त्यस किसिमको कुक्कुच्चबाट विरत रहनुपर्दछ। यो त अयोग्य अनुचित कामहरू गर्नपुगेको नरहनाको कारणले विरत रहेको पनि हुन्छ। यसरी विरत रहेमा पनि राम्रै हो।

तैपनि, त्यस्तो विधिले विरत रहन मुश्किल हुन्छ। आमाले जन्म दिएदेखि अहिले पुगिराखेको उमेरसम्म कुनैपनि गल्ती गरेको पाइन्न; पूर्णरूपमै परिशुद्ध छ भन्ने खालको व्यक्ति त अति नै दुर्लभ हुन्छ। यो सन्तापहुनुमात्र उत्पन्न हुन्छ, हुँदैन भन्ने विशेषता रहनजानेछ, धेरथोर गल्ती त गरिरहने हुन्छ नै। त्यसैले यी सन्तापहरू निस्कन चाहेमा निस्कनेछ। यसरी निस्किँदा स्मरण र भाविता गरी हटाउनुपर्दछ। यी गलत कामहरू अघि पनि भइसकेकै हुन्। अहिलेमात्र चिन्तन गरी सन्ताप गरिरहेर कुनै लाभ हुने भएन। त्यसैले पछिको समयमा यस्ताहरूलाई गर्नेछैन भनी हृदयंगम गरी निरीक्षण गरेर भएपनि हटाउनुपर्दछ। उब्जेर आएजति जम्मैलाई स्मरण र भाविता गरी भए पनि हटाउनुपर्दछ। त्यसरी हटाउन सकिएमा सबभन्दा राम्रो हुन्छ।

गर्नु योग्य क्रियाकलापहरू कुशलकर्महरू हुन्। दान, शील आदि कुशल कर्म आचरणहरू हुन्। गर्नु योग्य, गर्नु उचित ती कुशलकर्महरू गर्न नपुगेको कारणले पनि सन्ताप हुन्छ। मैले दानकार्य पनि गर्न पाइन; शीलकार्य पनि गरिन आदि भनी त्यसरी सन्ताप हुन सक्छ। यसरी सन्ताप हुनु बाट पनि विरत रहनुपर्दछ। गर्नयोग्य दानकार्य, शीलकार्यलाई आफ्नो क्षमताअनुसार आफैले सकभर गर्नुपर्दछ। बुद्धवन्दना गर्नुपर्ने समय आइपुगेमा बुद्धवन्दना गरी, गुरुआचार्यहरूलाई सत्कार सम्मान गर्नुपर्ने समय आइपुगेमा सत्कार सम्मान गरी, त्यसरी गर्नयोग्य कार्यहरूलाई आफ्नो क्षमताले भ्याए जति गरिराख्यो भने सन्ताप गर्नुपर्ने कुरा रहँदैन। यसरी सन्ताप गर्न नपर्ने गरी गर्न उचित गर्न योग्य कार्यहरू जम्मै गर्दैजानुपर्छ भन्ने मतलब हो। यदि गर्न नपुगी अपुग भइरह्यो, खालि भइरह्यो भने बितेका विषयहरूलाई सम्भी चित्त शान्त नभई सन्तापचित्त कथंकदाचित् घुसेर आउँनेछ। "मैले त्यो बेलामा यो कुशल गर्नेछु भनी चिन्तन गरिराखेको थिएं; गर्न पाइएन। मेरो गुरुसँग भेटहुँदा सत्कार सम्मान गर्नुपर्ने कार्य गर्नपाइन" आदि भनी सन्तापका कुरा घुसेर आउनसक्छ। यसरी घुसेर आयो भने स्मरण र भाविता गरी हटाउनुपर्दछ। पछिपछिको समयमा यसरी चिप्लेर जान दिनेछैन; गर्न उचित गर्न योग्यलाई परिपूर्णरूपमा गर्नेछु भनी हृदयंगम गरेर पनि हटाइदिनुपर्छ।



Downloaded from http://dhamma.digital

# महत्त्वपूर्ण कुक्कुच्च

यी कुक्कुच्चहरूमध्येमा विशेषरूपले महत्त्वपूर्ण भएको त मैले शीलहरू परिपूर्णरूपमा आचरण गरेको छैन भनेर सन्ताप हुनसक्छ। समाधिकार्यहरू आचरण गरेको छैन भनेर पनि सन्ताप हुनसक्छ। प्रज्ञाकार्यहरू आचरण गरेको छैन भनेर पनि सन्ताप हुनसक्छ। आर्यमार्गफलधर्महरू लाभ भएको छैन, पुग्न पाएको छैन, पूर्ण भएको छैन भनेर पनि सन्ताप हुनसक्छ। ममा भवसंसारभित्र आधार भरोसा पूर्ण भएको छैन भनेर पनि सन्ताप हुनसक्छ। अँ ... ... यी सन्तापहरू महत्त्वपूर्ण छन्। यी सन्तापहरू नहुनदिनको लागि भनेर नै अहिले आचरण गर्नु परिरहेको हो।

अहिले भावनाधर्म उद्योग र अभ्यास गरिरहेका व्यक्तिहरूले यी सन्तापहरू शान्त पार्नको लागि भनेर उद्योग र अभ्यास गरिरहेका हुन्। आफूले परिपूर्ण हुनेगरी भावनाधर्म उद्योग र अभ्यास गरिराख्यो भने सन्ताप कहाँ रहने हुन्छ र ? सन्ताप गर्नुपर्ने भएन। मन शीतल भई सन्तोष र प्रमुदित रहनुमात्र रहेको छ। महत्त्वपूर्ण कुरा त अन्य समयमा भन्दा मरणासन्न अवस्थामा अझ महत्त्वपूर्ण छ। मरणासन्न अवस्था आइपर्‍यो भने पुनर्विचार गर्नेछ। कसो त भन्दा ममा जीवनको आधार भरोसाहरू परिपूर्ण भयो त भनी फेरि फर्केर हेर्ने बेलामा परिपूर्ण भएको छैन भने सन्ताप हुने नै भयो। त्यसरी सन्ताप गर्न नपर्ने गरी अघिदेखि नै उद्योग र अभ्यास गरिराख्नुपरेको हो।

# नवयुवक रोगी भिक्षुको कथावस्तु

भगवान् बुद्धको पालामा एक जना रोगी भिक्षु थियो। यस्ता भिक्षुहरू एकजनामात्र होइन निकै धेरै छन्, तैपनि सजिलोसित सम्झनको लागि एकजना भनेर भन्नुपरेको हो। यो एकजना भिक्षु अस्वस्थ हुन पुग्दा भगवान् बुद्धसमक्ष गई निवेदन गरायो। 'भगवन्, एकजना नवक भिक्षु अति नै अस्वस्थ भइरहेको छ। त्यो व्यक्तिकहाँ पाल्नुभई धर्म उपदेश प्रदान गर्नुहोला' भनी निवेदन गरायो।

अह्रायबमोजिम एकजना भिक्षु गई निवेदन गर्दा भगवान् बुद्धले



Downloaded from http://dhamma.digital

एकजना नवकभिक्षु अस्वस्थ भइरहेको छ भनी सुन्नु हुँदा करुणा जागेको एउटा कारण, अनि फेरि ख्याति नभएको अन्यतरभन्दा सेवा गर्ने व्यक्ति हुने भएन भनी हृदयंगम गरी संग्रह गर्न चाहनु भएको एउटा कारण, यी दुइवटा प्रत्ययको कारणले संग्रह गर्नेछु भनी भगवान् बुद्ध स्वयं त्यहाँ पाल्नुभयो ।

त्यहाँ पुगेको बेलामा सोध्नुभयो 'प्रिय पुत्र, तिमीमा वेदना कस्तो रहेको छ ? अहिले म तथागत आइपुग्दा कम भएको छ कि, कस्तो छ' । अनी नवकभिक्षु आधार लिइराखेको कहाँ भगवान् बुद्ध स्वयम् पाल्नुभई सोध्नुभयो भन्दा हौशला बढ्ने भयो, तैपनि रोग निको भएको थिएन । त्यसैले 'भगवन्, मेरो रोग कम भएको छैन वृद्धि भइरहेको छ' भनी निवेदन गऱ्यो ।

यसरी रोगले च्यापिरहेको लाई जानेतापनि अस्वस्थ व्यक्तिसँग सोध्ने बेलामा यसरी सोध्नुपर्ने हुन्छ । मुख्य कुरा त भगवान् बुद्ध पाल्नुभएको उपदेश गर्नुहुनको निमित्त हो । त्यसैले भगवान् बुद्धले फेरि सोध्नुभयो; "प्रियपुत्र, कसो त तिम्रो मनमा मानसिक सन्ताप हुनु कुक्कुच्च रहिरहेको छ कि" "हो भगवन्, ममा थुप्रै मानसिक सन्तापहरू रहिरहेको छ" भनी निवेदन गऱ्यो ।

"**अनप्पकं कुक्कुच्चं, अनप्पको विप्पटिसारो** = थुप्रै मानसिकसन्तापहरू भइरहेको छ भन्ते" भनी निवेदन गर्दा भगवान् बुद्धले "प्रियपुत्र, तिमीमा शीलसित सम्बन्ध राखी मानसिक सन्ताप गर्नुपरेको छ कि" भनी सोध्नुभयो । "शीलसित सम्बन्ध राखी केही पनि आसक्ति र मानसिकसन्ताप छैन" भनी निवेदन गऱ्यो । महत्त्वपूर्ण कुरा त भिक्षुहरूमा शीलसित सम्बन्ध राखी सन्ताप हुनसक्छ । "मेरो शील परिशुद्ध छैन; फलानो आपत्ति लागिरहेको छ" आदिद्वारा मानसिक सन्ताप हुनसक्छ । भिक्षुमा त्यो महत्त्वपूर्ण छ । गृहस्थीहरूमा त सजिलै छ; गृहस्थीमा पञ्चशील भंग भइरहेको छ भने यो पञ्चशील समादान गरिदिनुमात्रले परिशुद्ध भएर जान्छ । त्यसैले गृहस्थीहरूमा त्यति साह्रो मुश्किल छैन । भिक्षुमा त अति मुश्किल छ । कुनै कुनै आपत्तिहरू देशना सुनाउनुमात्रले पनि पुगेको हुँदैन । प्रत्ययहरू परित्याग गर्नुपर्ने, परिवास, मानात्म समादान गर्नुपर्नेरूपमा निकै कस्सिएको हुन्छ । त्यसैले शीलसित सम्बन्ध राखी सन्ताप हुनसक्छ । त्यसैले भगवान् बुद्धले शीलसित सम्बन्ध राखेर सन्ताप छ कि भनी सोध्नुहुँदा नवकभिक्षुले शीलसित सम्बन्ध राखी सन्ताप रहेको छैन भन्यो ।



Downloaded from http://dhamma.digital

# बुद्धशासनको उद्देश्य

"त्यसो भए शील परिशुद्ध रहेको छ भने तिमी भिक्षुमा केको सन्ताप गरिरहनु परेको छ नि" भनी भगवान् बुद्धले फेरि सोध्नुभयो । यो उसको क्रियाकलाप खुलाउन सोध्नुभएको हो । अनि नवकभिक्षुले निवेदन गऱ्यो- "भगवन्, मैले थाहाँ पाइराखेको त तपाईं तथागतको शासनमा तपाईं तथागतले उपदेश गरिराख्नुभएको धर्म मात्र शील परिशुद्ध पार्नको लागि आचरण गर्नुपर्ने होइन" भनी थाहापाइराखेको छु । तथागतशासन शील परिशुद्ध पार्नको निमित्त आचरण गर्नुपर्ने होइन भनी मैले थाहापाइराखेको छु" भनी निवेदन गऱ्यो ।

"प्रियपुत्र, शील परिशुद्ध पार्नको निमित्त होइन भने केको निमित्त भनेर तिमीले थाहापाइराखेका छौ त" भनी सोध्नुहुँदा "**रागविरागत्थं** = आरक्त हुने रागबाट विरत रहन आरक्त हुने रागरहित भएको निर्वाणको निमित्त; **अनुपादापरिनिब्बानत्थं** = आसक्ति न भएको सम्पूर्ण दुःखबाट शान्तिको निमित्त मैले आचरण गर्नुपर्छ भनी तपाईं तथागतले उपदेश गरिराख्नुभएको छ । यसैअनुसार मैले थाहापाइराखेको छु । थाहापाइराखे अनुसार राग आसक्तिरहित हुन, रागरहित निर्वाणमा पुग्न; आसक्त हुने क्लेशहरू जम्मै निरोध र शान्त भएर सम्पूर्ण दुःखहरू शान्त भइरहेको निर्वाणमा पुग्नको निमित्त मैले प्रयास गरिरहेको छु, तैपनि त्यो निर्वाणमा म पुगेको छैन । त्यसैले ममा मानसिक सन्ताप धेरै भइरहेको छ भन्ते" भनी निवेदन गऱ्यो ।

# मरणासन्न अवस्थामा आधार हुनु अत्यावश्यक

नवकभिक्षुले निवेदन गरेको निकै स्वभावसंगत छ । त्यसैले मरणासन्न अवस्था आइपुगी च्युत हुनलाग्यो भने, आवश्यकता पर्न आयो भने आधार भरोसा भइरहनु आवश्यक छ । अन्य आवश्यकताभन्दा यो आधार भरोसा प्राप्त गर्नु मरणासन्न अवस्थामा अझ महत्त्वपूर्ण छ । आधारभरोसा रहिरहेको छैन भने मानसिक सन्ताप गर्नुपर्ने स्थिति उत्पन्न भएर आउनसक्छ । "मेरो शील परिशुद्ध रहेकै छ; म यो जन्मबाट मरण भइसके



Downloaded from http://dhamma.digital

पछि अर्को जन्ममा देवलोकमा पुगिनै हाल्नेछु" भनी देवलोक सम्मको मात्र आलम्बन गरिरहने व्यक्तिमा त शील परिशुद्ध भएमा सन्ताप गर्नुपर्नेछैन। अर्को जन्ममा राम्रो भई नै राख्नेछु भनी ढुक्क भइरहने भयो। यो नवकभिक्षुमा त उसले देवलोकसम्मलाई मात्र उद्देश्य राखिरहेको हुँदैन। निर्वाणमार्गफललाई उद्देश्य राखिरहेको भएर उसले उद्देश्य राखेको निर्वाणमार्गफल लाभ नभइ सकेकोले उसमा मानसिक सन्तापहरू भइरहेको हो। त्यो कुक्कुच्च नै हो। यी यस्ता कुक्कुच्चहरू निरोध गर्नको निमित्त नै आचरण गर्नुपरेको हो। त्यसरी नवकभिक्षुले निवेदन गर्दा कुक्कुच्चहरू निरोध हुनजानको निमित्त भगवान् बुद्धले उपदेश गर्नुभयो। "प्रियपुत्र भिक्षु, तिमीले राम्ररी सुन"–

"**चक्खुं निच्चं वा अनिच्चं वा** = आँखा भनेको नित्य हो कि अनित्य हो" आदिकुरा द्वारा शुरु गरेर उपदेश दिनुभयो। "आँखारूप नित्य हो कि अनित्य हो" भनी सोध्नुभयो। "अनित्य हो भगवन्" भनी जवाफ दियो। यसप्रकारको प्रश्न सोध्ने व्यक्तिको धारणाको पछिलागी उचितरूपले जवाफ दिने हो भने सजिलो नै छ। सोध्ने व्यक्तिले के चाहेर सोधेको हो भन्नेलाई जानिराखेको भएर अहिलेको समयमा उपदेश गर्ने उत्सवहरूमा ... ... धर्मश्रोता परिषद्ले उपदेशक व्यक्तिको स्थिति हेरी यस्तो प्रश्नको जवाफ दिने गर्दछन्। अहिले भगवान् बुद्धले सोध्नुभएको त सुनिश्चितरूपमा जानिसकेर मात्र जवाफ दिन सोध्नुभएको हो। त्यसैले यो प्रश्नको जवाफ दिन सजिलो छैन। आँखा नित्य हो कि अनित्य हो भन्दा उसको ज्ञानभित्रमा नै अनित्यलाई देखिरहेको भएमा मात्र जवाफ दिन मिल्दछ। मोटामोटीरूपले त मरणको समय आइपुग्दा यो आँखा रूप विनाश भएर जान्छ। यसरी चित्त बुझी अनित्य हो भनि जवाफ दिने हो भने दिन सकिन्छ। अनि फेरि यो आँखा कुनै विषयवस्तुसित ठक्कर खान गएमा विनाश भएर जान सकिन्छ। रोग वेदना उत्पन्न भएर होस् चोटपटक भएर होस् विनाश भएर जान सकिन्छ। त्यसैले आँखा अनित्य हो भनी यसरी जवाफ दिने हो भने पनि हुन सकिन्छ। यसरी जवाफ दिनु त मोटामोटीकिसिमले हो। यतिमात्रले भावनाज्ञान उत्पन्न हुनेछैन।

भावनाज्ञान उत्पन्न हुनु भनेको विपश्यनाज्ञानद्वारा भाविता गरिरहेमा मात्र हुने हो। छ द्वारबाट उत्पत्ति क्षणको नामरूपलाई भाविता गर्दा आँखाले देखेको प्रत्येक क्षणमा "देखिरहेको छु, देखिरहेको छु" आदि भनी भाविता गर्दा त्यो देखेको क्षणमा प्रकट भइरहेको आँखारूप र देख्नमा



Downloaded from http://dhamma.digital

आएको वर्णरूप र देखेर जानेको चित्त भाविता र स्मरण गर्ने चित्त यिनीहरू भाविता गरिरहेको प्रत्येक क्षणमा लोप भई गइरहेको देख्न पाइन्छ। त्यसरी लोप भई गइरहेको लाई जानिराखेमा मात्र यो प्रश्नलाई सुनिश्चितरूपमा जवाफ दिन सकिनेछ। यो भिक्षु त भावनाधर्म उद्योग र अभ्यास गरिरहेको भिक्षु भएको ले भगवान् बुद्धको प्रश्नको जवाफ दिनसकेको हो।

त्यसैले "आँखा नित्य हो कि अनित्य हो" भनी सोध्नुहुँदा "अनित्य हो भगवन्" भनेको हो। किन अनित्य भएको त भन्दा देखेको प्रत्येक क्षणमा देख्यो लोप भएर गयो, देख्यो लोप भएर गयो यसरी उसले भेटिरहेकोले नै हो। "वर्णरूप नित्य हो कि अनित्य हो" भनी सोध्नु हुँदा वर्णरूप पनि देख्यो लोप भएर गयो, देख्यो लोप भएर गयो भइरहेको ले "अनित्य हो भगवन्" भनी जवाफ दियो। "देखेर जानेको नि" भनी भन्नुहुँदा चक्षुविज्ञान भन्ने देखेर जान्ने पनि देखिसक्ने बित्तिकै लोप भएर गएको ले "अनित्य हो भगवन्" भनी जवाफ दियो। "देखेर स्पर्श भएको नि" भनी भन्नुहुँदा यो देखेर स्पर्श भएको पनि स्पर्श हुने बित्तिकै लोप भएर गएको ले "अनित्य हो भगवन्" भनी जवाफ दियो। "देखेर स्पर्श भई राम्रो नराम्रो भएको नि" भनी सोध्नुहुँदा त्यो पनि राम्रो, नराम्रो भई लोप भएर गएको ले "अनित्य हो भगवन्" भनी जवाफ दियो। यी स्वभावधर्महरू जम्मै अनित्य स्वभावधर्महरू मात्र हुन्। त्यो देखेर एउटालाई मात्र अनित्य भएकोलाई भनिरहेको हो।

सुन्ने अवस्थामा पनि कान, सुनेको शब्द र सुनेर जानेको चित्त, कानभित्र शब्दको स्पर्श, राम्रा नराम्रा शब्दहरू सुनिसकेर ती राम्रा नराम्रा आलम्बनहरूलाई अनुभव गर्नेहरू यी जम्मै पनि सुनिसकेर लोप हुनु भइरहेकोले अनित्य स्वभावधर्महरूमात्र नै हुन्।

त्यस्तै सुँघिने क्षणमा पनि, स्पर्श हुने क्षणमा पनि अनित्यमात्र नै हुन्। स्पर्श हुने क्षणमा त भाविता गर्नुपर्ने सबभन्दा बढी छ। स्पर्श हुने क्षणमा शरीरभित्र कायप्रसाद भन्ने स्पर्श हुने स्थान कायरूप, स्पर्श गरिने राम्रा नराम्रा स्पर्श, स्पर्श भइसकेर जानिरहेकाहरू, त्यसरी स्पर्श भएकोमा राम्रो वेदना, नराम्रो वेदनाहरू यी जम्मै स्पर्श भएर लोप भएर जानेमात्र नै हुन्। भाविता र स्मरण गरिरहने प्रत्येक क्षणमा स्पर्श हुनेहरू छोयो लोप भयो, छोयो लोप भयो भएर लोप भएर मात्र गइरहेको हुन्छ।

खुम्च्याउने पसार्ने भनेको पनि स्पर्श नै हो। खुम्च्याउँदै छु भनी स्मरण एवं भाविता गर्‍यो लोप भयो, पसार्दै छु भनी स्मरण एवं भाविता



Downloaded from http://dhamma.digital

गऱ्यो लोप भएर गयो भई लोप भएर जानेमात्र नै हुन् । अनि फेरि शरीर भित्र थकाइलाग्नु पोल्नु दुख्नु कट्कटाउँनु जम्नु यिनीहरू पनि भाविता र स्मरण गर्दागर्दै लोप मात्र भएर जाने नै हुन् । थकाइ लागेको छ भनी स्मरण र भाविता गर्दै लोप भएर जान्छ पोल्दैछ दुख्दैछ झम्झमाउँदै छ, कट्कटाउँदैछ, जम्दै छ यी कुरा पनि प्रत्येक उत्पत्ति क्षणमा स्मरण एवं भाविता गर्नुपर्दछ । स्मरण एवं भाविता गरेको प्रत्येक क्षणमा लोपमात्र भएर जान्छ । यी स्वभाव धर्महरू शरीरसित स्पर्श हुने बेलामा प्रकट भइरहने धर्महरू नै हुन् । स्पर्श भइसकेर लोप भएर गयो, स्पर्श भएर लोप भएर गयो भइरहन्छ । यिनीहरूलाई योगी स्वयम्ले भेटिरहन्छ ।

विचार, कल्पना, चिन्तन मनन गरिरहने बेलामा पनि चित्त, कल्पनामा उब्जेर आएको आलम्बन पनि, आलम्बनलाई जान्ने चित्त पनि, स्पर्श हुने स्पर्श हुने स्पर्श पनि जम्मै लोप भएर गइरहन्छन् । कल्पना, विचार, चिन्तनमनन गरिसकेर खुशी भइरहेको पनि हुन्छ । बेखुशी भइरहेको पनि हुन्छ । सामान्य उपेक्षा अनुभव पनि हुन्छ । यी वेदनाहरू पनि अनित्य हो कि भन्दा अनित्य हो । किन त भन्ने हो भने उत्पन्न भएर लोप भइगएको ले नै हो ।

अहिले भावनाधर्म उद्योग र अभ्यास गरिरहने व्यक्तिहरूमा पनि ६ द्वारबाट उब्जेर आएको प्रत्येक क्षणलाई भाविता गरेर हेर, भाविताको प्रत्येक क्षणमा उत्पत्ति भएर लोप भई गइरहेको मात्र हुन्छ । केही पनि स्थिर भइरहेको हुँदैन । यिनीहरूलाई योगी आफैले भेटिरहेको छ । त्यसैले उत्पन्न भएर आई लोप भएर गएको ले अनित्यधर्महरू भनिएको हो । अनित्य भएको ले यिनीहरू दुःखधर्महरू नै हुन् । पुद्गल सत्त्व होइन; आ-आफ्नो क्षण अवस्था अनुसार उत्पत्ति विनाश भइरहेका धर्महरूमात्र हुन् । त्यसैले यी धर्महरूलाई **अनिच्च** = अनित्यधर्म, **दुक्ख** = दुःखधर्म, **अनत्त** = अधिकारमा नभएका धर्महरू हुन् भनी स्मरण एवं भाविता गर्नुपर्दछ ।

दुःख भने पनि असह्य भइरहेको जस्तो त होइन । मन पराउनु मज्जा मान्नु भरोसा लिनु योग्य नभएको धर्म भनी भन्न खोजेको हो । यी धर्महरू उत्पन्न भएर तुरन्तातुरन्तै लोप भएर जान्छन् । कहाँ भरोसा लिन हुने हो र ? वास्तवमा तिनीहरू विनाश भएर गएको प्रत्येक क्षणमा मर्न सक्ने समयमात्र हो । नयाँ नामरूपधर्म उत्पन्न भएर आएन भने मरणको लागि मात्र हो । त्यसैले असाध्य भयावह छ । यसरी भयावह भएको ले दुःख भनी भनेको हो ।



Downloaded from http://dhamma.digital

अनि फेरि आफ्नो स्वभावअनुसार उत्पत्ति विनाश भइरहेकोले अधिकारमा नरहेको धर्म भनिन्छ। अधिकारमा नरहेको विषय आफ्नो निजी आत्मा कहाँ हुन सक्नेछ र ? अनात्म मात्र हो; त्यसैले भगवान् बुद्धले ती धर्महरूलाई अनित्य दुःख अनात्म मात्र हो । यसैले भगवान् बुद्धले यी धर्महरूलाई अनित्य दुःख अनात्म भनी भाविता गर्न नवक भिक्षुलाई उपदेश गर्नुभएको हो ।

यसरी अनित्य दुःख अनात्म भनी भाविता गरी देख्दा ती धर्महरू माथि **निब्बिन्दति** = उद्विग्न भएर आउँछ ।

उद्विग्न भएर आउँदा **निब्बिन्दं विरज्जति** = उद्विग्न भएका धर्महरूमाथि विरक्त भएर आउँछ ।

अनि त **विरागा विमुच्चति** = विरक्त भएर गयो भने विमुक्त भएर जान्छ ।

त्यसरी विमुक्त भएर गएमा **खीणा जाति वुसितं ब्रह्मचरियं** आदि अनुरूप = नयाँ जन्म उत्पन्न हुनुपर्ने क्षीण भएर जान्छ । आचरणमार्ग अन्त भयो भनेको लाई पनि आफ्नै ज्ञानद्वारा जान्न सकिन्छ भनी भगवान् बुद्धले अरहत्त्वमार्गफल सम्म त्यो नवक भिक्षुलाई उपदेश गर्नुभयो ।

यो उपदेश सुनी रहँदारहँदै रोगी नवक भिक्षु अरहन्त हुनपुग्यो। अनि भर्खर भनेर आएको विप्पटिसारकुक्कुच्चद्वारा मन खिन्न हुनुपर्ने पनि जम्मै निरोध भएर गयो । यसरी जम्मै निरोध भएर जानु अति नै आवश्यक छ। त्यसैले भावनाधर्म उद्योग र अभ्यास गरिरहने योगी व्यक्तिहरू अघि अघिको समयमा धर्मपूर्ण नभइरहेतापनि हतोत्साह हुनुपर्दैन। यो रोगी नवक भिक्षुजस्तै मरणासन्न अवस्थामा आफूले उद्योग र अभ्यास गरिरहेअनुसार हृदयंगम गरी उद्योग र अभ्यास गरेर विशिष्ट धर्महरू लाभ गरेर जान सकिन्छ। अहिले यो नवकभिक्षु तल्लो मार्गफलजति मात्र नभई अरहत्तमार्ग फलसम्म पुग्न गयो। यो पनि एउटा उत्साहजनक नै भयो। अनि फेरि मरणासन्न अवस्थामा विप्पटिसार कुक्कुच्च भन्ने मन खुसुक्क हुनु मानसिक सन्ताप हुनु उत्पन्न नहुने गरी बूढो हुनु नपर्ने, रोग हुन नपर्ने, मर्न नपर्नेसम्म अगावैदेखि भावनाधर्म उद्योग र अभ्यास गरिराख्न पनि अति आवश्यक छ । कुक्कुच्च भनेको अनागामी भए निरोध हुने हुन्छ । अरहन्तमा त विशेष भन्नपर्ने नै रहेन। त्यसरी कुक्कुच्चरहित भइरहेको व्यक्ति शान्तशीतल सन्त व्यक्ति कहलाउँछ ।



Downloaded from http://dhamma.digital

# मैत्रीवान्

एक चुतिकभरजति मात्र मैत्री उत्पन्न गराउने भिक्षुमा त्यस किसिमको **इणपरिभोग** (ऋणपरिभोग) उत्पन्न नहुने मात्र नभई अरहन्तहरूले परिभोग गर्नुभएजस्तै नै अधिकारी भएर पनि परिभोग गरेको हुन्छ । ऋणरहित भई परिभोग गरेको पनि हुन्छ । **दायाद** भनेको अंशभागी भएर पनि परिभोग गरेको हुन्छ । त्यसैले निरर्थक हुन नदिई परिभोग गरेको हुन्छ । अनि फेरि **अच्छरासंघातमत्तम्पि** = एक चुक्तिभरमात्र भए पनि; **मेत्तं आसेवन्तस्स भिक्खुनो** = मैत्री आसेवन गर्नु हुने भिक्षुलाई; **दिन्न दानं** = दिइएको दान कुशलकर्म; **महद्धियं होति महप्फलं** = महान् फल भएको हुन्छ; त्यसरी प्रतिफल वृद्धि गराउनसक्ने भएको कारणले पनि निरर्थक हुन नदिई परिभोग गरेको भनिन्छ । त्यसरी त्यसको अर्थकथामा वर्णन गरिराखिएको छ ।

# आयुष्मान् सुभूतिको मैत्री वृद्धिप्रक्रिया

मैत्रीलाई हृदयंगम गर्नुले दान दाताहरूको निमित्त विशेषरूपले प्रतिफल वृद्धि गराउनसक्ने हुन्छ । त्यसैले आयुष्मान् सुभूति नाउँको अरहन्त स्थविर भिक्षाटन जानुहुने बेलामा प्रत्येक घर दैलोको अगाडि एकक्षण उभिरहनुहुने भित्र मैत्रीध्यानमा प्रवेश गर्नुहुन्थ्यो । त्यो मैत्री ध्यानबाट उठी भिक्षादान ग्रहण गर्नुहुन्थ्यो । त्यो भोजन दान गर्ने दायक दायिकाहरूको निमित्त प्रतिफल वृद्धि गराउनको लागि थियो । त्यसरी प्रतिफल वृद्धि गराउन मैत्रीध्यानमा प्रवेश गरी दान ग्रहण गर्नुहुने बानी भएको ले आयुष्मान् सुभूतिलाई भगवान् बुद्धले दान प्रतिग्राहक उत्तम व्यक्तिहरू धेरैमध्येमा सर्वोत्तमरूपमा एतदग्ग गुण विशेषद्वारा प्रशंसा गर्नुभयो । अहिलेको समयमा पनि दान उत्सवहरूमा भिक्षुहरूले मैत्रीसूत्र परित्राण पाठ गरी मैत्रीभाविता गरिरहेको दानकार्य प्रतिफल वृद्धि गराउनको निमित्त नै हो । त्यसैले मैत्री परित्राण पाठ गरी संग्रह गर्नुहुने बेलामा पनि मैत्रीलाई पनि भाविता गर्दै आदर गौरवपूर्वक पाठ गर्नु उचित छ ।

यसैले अहिले उपदेश सुन्दासुन्दै मैत्री वृद्धि गराइरहेको अति उपकार रहेको छ भनी सम्भनुपर्दछन् । आफूहरू सधैं बसिराखेको ठाउँमा पनि



Downloaded from http://dhamma.digital

अवसरले दिएजति यो मैत्री भावना वृद्धि गर्नु योग्य छ । कमसेकम बुद्धपूजा गरिसकेपछि समयले दिएजति वृद्धि गर्नु योग्य छ । कारण जुधेमा यसरी वृद्धि गर्दागर्दै केही समयभित्र मै मैत्रीध्यान लाभ हुनसक्दछ । को जस्तो नि त भन्दा धनञ्जानि भन्ने ब्राह्मण जस्तो हो ।

# धनञ्जानि र मैत्रीध्यान

धनञ्जानि भन्ने ब्राह्मणले मरणान्तक रोग लागिरहेको बेलामा आयुष्मान् सारिपुत्रलाई निम्त्याउन लगायो । आयुष्मान् सारिपुत्र पाल्नुभई उसको रोगको विषयमा सोधिसकेपछि यसरी उपदेश गर्नुभयो । उपदेश गर्नुभएको प्रक्रिया –

"नरक र तिरश्चीनमा कुनचाहिँ राम्रो छ" आदि भनी प्रश्न निकाल्नुभयो । धनञ्जानिले "नरकभन्दा तिरश्चीन राम्रो छ' आदि भनी जवाफ दियो । सोधेको प्रक्रिया र जवाफ दिएको प्रक्रिया "तिरश्चीन र प्रेत, प्रेत र मनुष्य, मनुष्य र चातुर्महाराजिक आदिद्वारा परनिर्मित वशवर्तीसम्म प्रश्न उत्तर गरिसकेपछि परिनिर्मित वशवर्ती देवताहरू र ब्रह्मलोक कुनचाहिँ राम्रो छ" भनी सोध्नुभयो । त्यो बेलामा धनञ्जानिले ब्रह्मलोक भन्ने शब्द सुन्न पाउँदा मन उत्तेजित भई "आयुष्मान् सारिपुत्रले ब्रह्मलोक भनी भन्नुभएको हो ?" भनी सोध्यो । त्यो बेलामा ब्रह्मलोकमा मन झुकी चाहना भएको विषयलाई जान्नुभएको कारणले ब्रह्मलोकतिर पुऱ्याउँनसक्ने आचरण मार्गको उपदेश गर्नेछु भन्नुभई यसरी उपदेश दिनुभयो ।

**इध धनञ्जानि भिक्खु मेत्तासहगतेन चेतसा एकं दिसं फरित्वा विहरति, तथा दुतियं, तथा ततियं, तथा चतुत्थं, इति उद्धमधो तिरियं सब्बधि सब्बत्तताय सब्बावन्तं लोकं मेत्ता सहगतेन चेतसा विपुलेन महग्गतेन अप्पमाणेन अवेरेन अब्यापज्झेन फरित्वा विहरति, अयं खो धनञ्जानि ब्रह्मानं सहब्यताय मग्गो ॥**

**धनञ्जानि** = धनञ्जानि ब्राह्मण; **इध भिक्खु** = यो बुद्धशासनमा भिक्षुले; **मेत्ता सहगतेन चेतसा** = सुख दिलाउने चाहना भएको मैत्री सहगत चित्तद्वारा, **वा** = सुख दिलाउन चाहने चित्तद्वारा; **एकं दिसं** = एउटा दिशालाई; **वा** = एउटा दिशामा रहेको सत्त्व समूहलाई; **फरित्वा विहरति** = प्रसारण गरेर विहार गरिरहनछ; तथा **दुतियं** = त्यस्तै दोश्रो, **ततियं** = तेश्रो, **चतुत्थं**



Downloaded from http://dhamma.digital

= चौथो दिशालाई त्यो अनुसार प्रसारण गरेर विहार गरिरहन्छ; **इति** = यो विधि अनुसार, **उद्धं** = माथिल्लो दिशामा सत्त्वसमूहलाई; **अधो** = तल्लो दिशामा सत्त्वसमूहलाई; **तिरियं** = तेर्सिएको बांगो चार दिशामा सत्त्वसमूहलाई; **सब्बधि** = सम्पूर्ण दिशामा; **सब्बत्तताय** = भएभरको सत्त्वलाई आफ्नो शरीरसँग एकसमान राखी (अभिप्रायार्थ हो); **वा** = सम्पूर्ण चित्तद्वारा (प्रत्येक चित्तद्वारा भन्न खोजेको हो); **सब्बावन्तं लोकं** = सम्पूर्ण सत्त्व रहेको लोकलाई; **मेत्तासहगतेन चेतसा** = सुख दिलाउने चित्तद्वारा, **विपुलेन** = व्यापक भएको चित्तद्वारा; **महग्गतेन** = महर्गत ध्यान चित्तद्वारा; **अप्पमाणेन** = प्रमाणरहित भएको चित्तद्वारा; **अवेरेन** = वैररहित भएको चित्तद्वारा; **अब्यापज्जेन** = व्यापाद रहित भएको चित्तद्वारा, **फरित्वा विहरति** = प्रसारण गरेर विहार गरिरहन्छ; **धनञ्जानि** = धनञ्जानि ब्राह्मण; **अयं** = मैत्री चित्तद्वारा प्रसारण गरी विहार गरिरहनु यो आचरण; **ब्राह्मणं सहब्यताय** = ब्रह्माहरूको एकसाथ बस्ने साथी बन्नको लागि; **वा** = ब्रह्मा हुनको लागि; **मग्गो** = मार्ग नै हो ।

भन्न चाहेको संक्षिप्त सारांश - दशै दिशामा भएभरको सम्पूर्ण सत्त्वलाई मैत्री चित्तद्वारा प्रसारण गरिरहनु, मैत्री दिइरहनु ब्रह्मा हुनाको कारण आचरण मार्ग नै हो भनी भन्न चाहेको हो; करूणा, मुदिता, उपेक्षाहरूद्वारा प्रसारण गरिरहने प्रक्रियालाई पनि यही विधि अनुसार नै उपदेश दिनुभयो । त्यसरी उपदेश दिइसकेर आयुष्मान् सारिपुत्र फर्केर जानुभयो । भगवान् बुद्धसमक्ष पुगी धनञ्जानिलाई दिएर आएको उपदेशको विषयवस्तुहरूबारे निवेदन गऱ्यो । त्यो बेलामा भगवान् बुद्धले आयुष्मान् सारिपुत्रलाई यसरी दोषारोपण गरी आज्ञा भयो । - "ब्रह्मविहार ध्यानभन्दा अत्यन्त प्रणीत आर्यमार्ग फल प्राप्त हुने गरी गर्नुपर्ने आचरण रहेर पनि धनञ्जानि ब्राह्मणलाई (**हीने ब्रह्मलोके**) निर्वाणसित दाँजेर हेऱ्यौं भने हीन भएको ब्रह्मलोकमा प्रतिष्ठापित गराई उठेर आएको पो रहेछ" भनी आज्ञा भएर धनञ्जानि परलोक भएर गई ब्रह्मलोकतिर पुग्न गएको विषयलाई पनि आज्ञा भयो । त्यसरी आज्ञा भएको ले आयुष्मान् सारिपुत्रले पनि ब्रह्मलोकमा जानुभई धनञ्जानि ब्राह्मणलाई फेरि उपदेश गर्नुभएको विषय त्यो अवस्थादेखि सुरू गरेर चार पाद जति भएको एउटा गाथाको उपदेश गर्नुहुँदा पनि चार सत्यबाट नअलग्याई उपदेश गर्नुहुने भएको विषयहरूलाई अर्थकथामा दर्शाइराखेको छ ।

यो ठाउँमा मुख्य जनाउन चाहेको त- धनञ्जानि भनेको ब्राह्मणले



Downloaded from http://dhamma.digital

मरणासन्न अवस्थामा आधा धण्टाजतिभित्र मैत्री आदिलाई वृद्धि गराएर ध्यानलाभ भएर गयो । त्यो ध्यानकुशलको कारणले ब्रह्मलोकमा पुग्न जान पायो । त्यसलाई मुख्य जनाउन चाहेको हो । त्यसैले मरणासन्न अवस्थामा आधार भरोसा लिन लायकको अन्य कुशल विशेष छैन भने मैत्री वृद्धि गरेर बस्नुद्वारा आधार भरोसा लिन लायकको राम्ररी पाउन सकिन्छ भन्नेकुरालाई पनि सम्भिफराखनुपर्छ । विपश्यनाभाविताविधि पाइराखेका व्यक्तिहरूले त प्रकटरूपमा देखापर्न आएको लाई स्मरण एवं भाविता गरी जानिराख्नु सबभन्दा राम्रो हो ।

# देवताले स्नेह गर्ने औषधि

मैत्री प्रतिफल ११ प्रकारमध्ये "मनुष्यदेवले माया गर्छ" भनेको मनुष्यहरूले पनि स्नेह राख्छ, देवताहरूले स्नेह राख्छ भनी चौथो प्रतिफल र पाँचौं प्रतिफललाई उल्लेख गरिराखेको नै हो । त्यसमा देवताहरूले स्नेह र श्रद्धा राख्ने प्रक्रियालाई विशुद्धिमार्गमा यसरी दर्शाइराखेको छ ।

# विसाख स्थविर कथावस्तु

एक समयमा पाटलिपुत्र नगरमा विसाख भन्ने एक जना महाजन थियो । उसले पाटलिपुत्र नगरमा बसोबास गरिरहेको सिंहल द्वीप (वर्तमान श्रीलंका) मा स्तूप चैत्यहरू फूलका मालाहरूजस्तै नै धेरै रहिरहेको विषय भिक्षुसंघहरूको चीवरवस्त्रको वर्णद्वारा जाज्वल्यमान भइरहेको विषय जहाँ मन पर्‍यो त्यहाँ भय उपद्रवरहित भई सुत्नसक्ने बसोबास गर्नसक्ने विषय, ऋतु पनि अनुकूल भएको विषय, विहार आराम पनि अनुकूल भएको विषय, भिक्षु श्रमण गृहस्थी व्यक्तिहरू पनि अनुकूल भएको विषय, उपदेश सुन्न पनि अनुकूल हुने विषय, आदिलाई सुनी जान्नपाएको थियो ।

त्यसैले उसले श्रीलंकामा गई भिक्षु बन्न चिन्तन गरेर उसको धनसम्पत्तिहरू स्वास्नी छोराछोरीहरूलाई सुम्पिदियो । त्यसरी सुम्पिदिएर बाटोखर्चको रूपमा एक रुपियाँ मात्र लिएर घरबाट निस्केर आयो । बन्दरगाहमा समुद्रपार जाने जहाज पर्खेर बसेको एक महिना जति बित्यो । त्यो जमानाको समुद्र पार गर्ने जहाज भनेको पाल टाँगिएको ठूलो डुंगा नै हो । उसले व्यवसाय गर्न जानेको हुँदा जहाज कुर्दाकुर्दै एक



Downloaded from http://dhamma.digital

महिनाभित्रमा एक ठाउँको सामान अर्को ठाउँमा लगी बिक्री गर्थ्यो। **धम्मिकाय** = धर्मानुकूल भएको; **वणिज्जाय** = व्यापार गर्नुद्वारा; **तेनेव अन्तरमासेन** = त्यो एक महिनाभित्र मै; **सहस्सं अभिसंहरि** = एक हजार रुपियाँ जम्मा पाऱ्यो; त्यसमा धर्मानुकूल ब्यापार गर्नु भनेको लाग्ने मूल्य तिरी लिनु पर्दछ। बिक्री गर्ने बेलामा पनि ती सामान सही मूल्यद्वारा निश्चितपूर्वक बिक्री गर्नुपर्दछ। त्यो पूरानो जमानामा एक रुपियाँको मूल सामानमा एकदुई पैसाजति मत्र नाफा लिई बिक्री गर्ने बानिरहेको थियो। त्यसरी सही सामान सही मूल्यद्वारा किन्ने बेच्ने गर्नुलाई '**धम्मिकवणिज्ज** = धर्मानुकूल किन बेच गर्नु' भनी भन्न चाहेको हो। त्यसरी धर्मानुकूल किन बेच गरी जीवन यापन गर्नुलाई पनि '**सम्माआजीव** = सम्यक् आजीविका' भनी, पिटक ग्रन्थहरूमा दर्शाइराखेको छ। अहिले विसाख महाजनले त जीवन यापन गर्न लक्ष्य राखेजस्तो देखिन्न; किनभने पछिल्लो भागमा ती रुपियाँहरूलाई परित्याग गरिदिएको विषय दर्शाइराखेको कारणले नै हो।

त्यसपछि त्यो विसाख महाजनले श्रीलंका पुगी महाविहार आराममा श्रमण भिक्षुत्वको लागि प्रार्थना गरे। श्रमण भिक्षु बन्न सीमातिर बोलाएर ल्याउँदा उसको कम्मरमा राखिराखेको एक हजार रुपियाँ खल्टीबाट भुईंमा झऱ्यो। त्यो के त नि भनी सोध्दा एक हजार रुपियाँ हो भन्ते ! भनी उसले जवाफ दियो। "ए उपासक, श्रामणेर भएदेखि रुपियाँको व्यवस्था गर्न सकिन्न; श्रामणेर बनिसकेको अहिलेदेखि नै त्यो रुपियाँको बाँडफाँड गर" भनी महास्थविरहरूले आज्ञा भएको बेलामा "ए विसाख, श्रामणेर बन्नेको उत्सवमा आएका मानिसहरू रित्तो हातद्वारा फर्कन नपरोस्" भनी त्यो एक हजार सीमाबाहिर छरेर श्रामणेर भिक्षु बन्न पुग्यो।

आयुष्मान् विसाखले पाँच वर्षावाससम्म भिक्षु आचरणव्रत द्वेमातिका अध्ययन अनुसन्धान गऱ्यो। पाँच वर्षावास पुगेको बेलामा आफूसित अनुकूल हुने कर्मस्थान ग्रहण गरी एक एक विहारमा चार चार महिना सन्तुलनपूर्वक बसोबास गरी आचरण गरिरह्यो। त्यसरी आचरण गरिरहँदारहँदै जंगलको एक ठाउँमा रहेर आफ्नो गुणको अनुस्मरण गरी यसरी उदान व्यक्त गऱ्यो।

**यावता उपसम्पन्नो; यावता इध आगतो।**
**एत्थन्तरे खलितं नत्थि; अहो लाभा ते मारिस॥**

**यावता उपसम्पन्नो** = भिक्षु भएर आइसकेपछि शुरु गरेर; **यावता**



Downloaded from http://dhamma.digital

**इध आगतो** = यो वनप्रदेशतिर आइपुगेसम्म (अभिप्राय अर्थ अनुवाद); **एत्थन्तरे** = यसभित्रमा; **खलितं** = भिक्षु व्रताचरणमा चिप्लिएर गल्ती हुनु; **नत्थि** = छैन; **मारिस** = मारिष विसाख; **ते** = तिम्रो; **लाभा** = भिक्षु आचरणसम्बन्धी लाभहरू; **अहो** = अहो आश्चर्यजनक रहेको छ ।

त्यसरी आयुष्मान् विसाख श्रीलंका द्वीपको दक्षिणभागको पुछारमा रहेको चित्तलपर्वत विहारतिर जानुभएको बेलामा दोबाटोमा पुग्दाखेरि कुन बाटोबाट जानुपर्ने हो भनी विचार गरी उभिरह्यो । त्यो बेलामा पर्वतरक्षक देवताले हात पसारी यही नै बाटो हो भनी मार्ग निर्देशन दियो । चित्तलपर्वत विहारमा पुगी चार महिना बसिसकेको बेला विहान सूर्योदय भएको समयमा अर्को ठाउँतिर निस्केर जानेछु भनी चिन्तन गरी खाटमा पल्टिरहनुभयो, त्यो बेलामा चंक्रमणस्थलको सिरानमा (मणिल नाउँको जामून वृक्षमा बसोवास गर्ने वृक्षदेवता भऱ्यांगको काठको फलेकमाथि बसी रोइरह्यो ।

विसाख स्थविरले "रोइरहेको को हो नि ?" भनी सोध्नुभयो । "म जामूनवृक्ष रक्षक देवता हूं ।" भनी निवेदन गऱ्यो । "किन रोइरहेको नि ?" "तपाईं जानलाग्नुभएको ले रोइरहेको हूँ ।" भनी निवेदन गऱ्यो । "म यहाँ बस्नुले गर्दा तिमीहरूमा के कस्तो प्रतिफल लाभ हुन्छ नि ?" तपाईं यहाँ बसोबास गर्नाले हामी देवताहरूले परस्पर मैत्री प्राप्त गरिरहेका छौं । अहिले तपाईं जानुभयो भने यी देवताहरू झगडा गरिरहने भए, कडावचन बोलीहरू बोल्ने हुने भए" भनी निवेदन गऱ्यो । म यहाँ बस्नाले तिमीहरू सुखपूर्वक बस्न पाइने हुनेभए राम्रो छ, ठीक छ भनी आज्ञा भई विसाख स्थविर अर्को चार महिना पनि त्यसै ठाउँमा नै लगातार बस्नुभयो । चार महिना पूर्ण भएको बेला जानको लागि विचार गर्नुभयो । देवता फेरि रुन थाल्यो । यही विधिअनुसार विसाख स्थविर त्यो चित्तल पर्वत आराममा लगातार बस्नुभई त्यहिँ नै परिनिर्वाण हुनुभयो । त्यो, मैत्री वृद्धि गरिरहने व्यक्तिलाई देवताहरूले स्नेह र श्रद्धा राख्ने भएको विषय विशुद्धिमार्गमा दर्शाइराखेको साधक नमूना कथावस्तु हो ।

अनि फेरि (६) **देवता रक्खन्ति** = देवताहरूले रक्षा गर्दछन् । कसरी रक्षा गर्दछन् त भन्दा एक लौटो छोरोलाई आमाबुबाहरूले रक्षा गरेजस्तै नै रक्षा गर्दछन् । त्यसरी देवताहरूले रक्षा गरिरह्यो भने शत्रुभय अन्तराय रहित हुन सुपरिणाम सुख लाभ गर्न सजिलो रहेको हुन्छ ।



Downloaded from http://dhamma.digital

# मैत्रीको सामर्थ्य

अनि फेरि (७) **अस्स** = मैत्री वृद्धि गरिरहेका ती व्यक्तिहरूको शरीरमा; **अग्गिं** वा **विसं** वा = आगो होस् वा विष होस्, खुकुरी आदि शस्त्र अस्त्र होस्; **न कमति** = पुग्दैन; लाग्न सक्दैन, मैत्री वृद्धि गरिरहने व्यक्तिलाई आगोले पनि पोल्नसक्दैन, विष पनि लाग्न सक्दैन, खुकुरी भाला वाण आदि शस्त्र अस्त्र पनि लाग्न सक्दैन; अहिलेको युगमा देखापरिरहेका बन्दूकहरू बम भन्नेहरूले पनि लाग्न सक्दैन भनी ग्रहण गर्नुपर्नेछ । यसैले त्यस किसिमका दण्डभयहरूसित सामना गर्नुपर्ने बेलामा यो मैत्रीलाई गहिरोरूपमा विशेषप्रकारको वृद्धिगर्नु उचित छ । यो ठाउँमा पनि विशुद्धिमार्गमा साधक नमूना कथावस्तुहरू दर्शाइराखेको छ । उत्तरा भन्ने उपासिकामा तातो तेलले नपोलेजस्तै, संयुक्त निकायधारी चूलसिव स्थविरमा विष नलागेजस्तै, संकिच्च श्रामणेरमा शस्त्र अस्त्र नलागेजस्तै हो भनी दशाईराखेको छ । अनि फेरि माऊ गाईलाई भालाले नबिभ्केको कथावस्तुलाई पनि यसरी दर्शाइराखे को छ । एक समयमा एउटी माऊ गाईले सानो बच्चा गाई (पाठो)लाई दूध पिलाइरहेकी थिइन् । एक जना शिकारीले ती माऊ गाईलाई भालाले जबर्जस्ति रोप्न लाग्यो । भालाको चुच्चोले माऊ गाईको शरीरलाई छोएको बेलामा ताडको पातजस्तै लत्पतिएर गयो । त्यो उपचार, अर्पणाध्यानको कारणले होइन, सानो पाठोलाई स्नेह भएको चित्तमात्रको कारणले हो । मैत्रीमा यतिसम्म ऋद्धि आनुभाव रहेको छ । ती कथावस्तुहरूमध्ये उत्तरा उपासिका कथावस्तु त धम्मपदमा प्रकट रहेको छ । संक्षिप्तमा उल्लेख गरेर देखाउनेछु ।

# उत्तरा कथावस्तु

उत्तराकी बुबा पूर्ण थियो । उनी पहिले राजगृह नगरको सुमन सेंठलाई आधार लिएर खान पान गरिरहनुपर्ने एक जना गरिब मान्छे थियो । एक समयमा निरोध समापत्तिबाट उठेर आउनुभएको आयुष्मान् सारिपुत्र महास्थविरलाई दतिवन र मुखधुने पानी दान दियो । उसकी श्रीमतीले पनि त्यो दिनमा उसले हलो जोतिरहेको खेतमा खाना पुऱ्याउन जाँदा आयुष्मान् सारिपुत्रलाई भेट्न पाएको ले प्रबल श्रद्धाधर्म उत्पन्न भई आफ्ना श्रीमान् को निमित्त ल्याएको भोजन दान गरीदिइन् । त्यो कुशलकर्मको कारणले



Downloaded from http://dhamma.digital

पूर्णले हलो जोतिराखेको जमीन जम्मै सुन भयो भनिन्छ। अहिलेको अवस्थामा त विश्वाससमेत गर्नेछैन होला, तैपनि त्यो बेलामा विशिष्ट व्यक्तिहरूको आधार लिएर विशिष्ट कुशलले विशिष्ट प्रतिफलहरू दिएको विषय, अहिलेको जमानामा पहिलेको जमानामा उत्पन्न हुन नसक्ने भई विशेष उत्पन्न भएर आएका मिशिनरी सामानहरू धातुका सामानहरूसित तुलना गरेर हेरेमा विश्वास गर्नसक्ने स्थिति छ। वर्तमान युगका अतीत कालमा भएका मानिसहरूले विश्वासै गर्न नसक्ने गरी विशेषताहरू देखापरिरहे जस्तै पुरातन युगमा पनि वर्तमान युगमा मानिसहरूले विश्वास गर्न नसक्ने खालका आश्चर्यजनक स्थितिहरू प्रादुर्भाव भएर आएका थिए भनी उचितरूपले हृदयंगम गरेमा विश्वास गर्नसक्ने स्थिति छ।

त्यसरी माटाका डल्लाहरू आश्चर्यजनकरूपमा सुनका डल्लाहरू भएर आएकोले गरिब पूर्णको स्थितिबाट महासेंठ श्रीपूर्ण भएर आयो। अघिल्लो समयमा पहिले पहिले मालिक भएर आएको सुमन सेंठले पूर्ण महासेंठकी छोरी उत्तरालाई आफ्नो छोरासित बिहे गर्न माग्यो। पूर्ण महासेंठ र उसकी श्रीमती, छोरी उत्तराहरू भर्खर भर्खर सेंठ भएको बेलामा गृहमंगल उत्सवमा नै भगवान् बुद्धको उपदेश सुनी श्रोतापन्न भएका थिए। सुमन सेंठका परिवारहरू बुद्धधर्मावलम्बी नभइकन अन्य धर्मावलम्बी रहे। त्यसैले पूर्ण महासेंठले त्यो माग समर्थन गर्न सकिरहेको थिएन। तपाईंको छोरो मिथ्यादृष्टिक, मेरी छोरी त्रिरत्नसँग अलग्ग भएर बस्न सक्दिन, भनी सहमत जनाउन नसक्ने विषय पनि स्पष्ट रूपमा व्यक्त गरिदियो, तैपनि मित्रता भंग गर्न उचित नभएको कारण धेरैले चारैतिरबाट भनेका ले अन्त्यमा छोरी उत्तरालाई सुमन सेंठको छोरो सित बिहे गरेर दिनुनै पर्‍यो। ती उत्तरा आषाढपूर्णिमाको दिनमा श्रीमान्को घरतिर पछि लागेर जानुपर्‍यो। त्यो दिन देखि सुरू गरेर भिक्षुसंघ र भिक्षुणीहरूकहाँ उपसंक्रमण गर्ने अवसर पाउनसकिएन। दान गर्न उपदेश सुन्न पाउन सकिएन। त्यसरी बसेर आउनुपरेको अढाई महिना बितेर जाँदा उत्तराले आफ्नी बुबाकहाँ समाचार पठाइन् "छोरीलाई किन यसरी जेलमा राखी राख्नु भएको नि ? लाहा छाप लगाई अरूहरूको दासीको रूपमा बरू घोषणा गरिदिएकै राम्रो हुने भयो। यस्तो मिथ्यादृष्टिक कुललाई सुम्पिदिनु त योग्य भएन। यहाँ आइपुगेको दिनदेखि लिएर भिक्षुसंघलाई दर्शन गर्न पाउनु आदि कुशल कर्ममध्येमा एउटा पनि गर्ने अवसर पाइएन" भनी समाचार सुनाइयो।



Downloaded from http://dhamma.digital

अनि त उनकी बुबाज्यू महासेंठले "मेरी छोरी त दु:खी हुन पुगिन्" भनी अपशोचका कुरा भनी सकेपछि १५,००० कार्षापण पठाउन लगायो । त्यो बेलामा त्यो शहरमा सिरिमा नाउँ भएकी एउटा प्रख्यात महिला थिइन् । उनीले एक दिनको निमित्त हजार कार्षापण मूल्य लिएर पुरुषलाई रमाइलो पारिदिन्थी । ती सिरिमालाई पन्ध्र हजारले बहालमा लिई उत्तराका श्रीमान्लाई सेवा गराउन, त्यो पन्ध्र दिनभित्र उत्तराले स्वतन्त्ररूपमा कुशलकर्महरू गर्नसक्ने लक्ष्य राखी दिइपठाइएका कार्षापण हुन् ।

अनि त उत्तराले सिरिमालाई बोलाएर १५ दिनभित्र आफ्ना श्रीमान् लाई सेवा गर्न भनिसकेपछि कार्षापणहरू पनि दिइपठाइन् । सिरिमाले समर्थन गरेकी कारणले उत्तराले आफ्ना श्रीमान्कहाँ बोलाएर लगी १५ दिनभित्रमा सिरिमाले आफ्नो प्रतिनिधि गरी सेवा सुश्रूषा गरिने विषय, उनी आफैचाहिँ कुशलकर्महरूलाई मात्र स्वतन्त्ररूपमा गरेर बस्न चाहेको विषय बताइन् । उनका श्रीमान्ले पनि अत्यन्त सुन्दरी सिरिमालाई देख्दा चित्त बुझी अनुमति दियो ।

त्यो दिनेदेखि सुरू गरेर उत्तराले बुद्धप्रमुख संघलाई दिनहुँ निम्त्याएर भोजन दान प्रदान गरिन् । उपदेश पनि सुनिरहिन् । संघहरूको निमित्त भोजन तयार पार्नुपर्ने काममा पनि यसरी पकाउने तरिका बताई व्यवस्था गरिरहिन् । आश्विन शुक्लपक्ष चतुर्दशीको दिनमा उनका श्रीमान् श्रेष्ठिपुत्रले झ्यालबाट भान्छाघरतिर चियाएर हेरेको बेलामा पकाईवकाई गर्नको निमित्त व्यवस्था गरिरहेकी उत्तरालाई देख्यो । पसिना पनि निस्की मुखमा खरानी र गोलहरूले पनि दाग लागी राखेको देखेको ले "ओ, बुद्धि नभएकी आइमाइ यसरी घरमाथि सुख ऐश्वर्य श्री शोभा उपभोग गरेर बस्न सकिनौ, मुण्डक श्रमणहरूलाई सेवासुश्रूषा गर्नुपर्छ भनी, ढुक्क र सन्तोष मानिरहेको चित्तद्वारा काम गर्दै व्यस्तरह्यौ" भनी हाँसी झ्यालबाट हटेर गयो ।

त्यसलाई देख्दा सिरिमाले कसलाई देखेर हाँसेको होला भनी विचार गरी त्यही झ्यालबाट हेरेको बेलामा उत्तरालाई देखिन् । अनि उनीले "श्रेष्ठिपुत्रको यी आइमाईसँग संसर्ग छजस्तो देखिन्छ" भनी चिन्तन गर्न लागिन् । उनीसँग १५ दिनजति बस्न पाएको लाई ऊ आफै नै गृहपतिनी भएको जस्तो लाग्यो । बहालमा आइरहेकी भन्ने होश रहेन । त्यसैले उत्तरामाथि ईर्ष्याचित्त पनि उब्ज्यो । आघात पनि बाँध्यो, त्यसकारण



Downloaded from http://dhamma.digital

उत्तरालाई दु:ख दिने विचार गरी घरमाथिबाट ओर्लेर आइन् । भान्छामा रोटी पकाइरहेको ठाउँबाट तातो तातो घ्यू र तेल डाडुले उबाएर लिएर आई उत्तराको नजिक आइपुगिन् । उत्तराले सिरिमालाई देख्दा यसरी मैत्री वृद्धि गरिन् । "मेरी सहेली सिरिमाले ममाथि धेरै उपकार गरिरहिन्, ब्रह्माण्ड चक्रवाल बरू साँघुरो रहेको छ; सिरिमाको गुण उपकारहरू अझ बढी विस्तृत र व्यापक छ । उनीले मेरा श्रीमान्लाई सन्तोष हुने गरी सेवा गरिरहेकीले मैले दान कुशल गर्न धर्म पनि सुन्न अवसर पाइरहेकी छु । यदि मैले उनीमाथि क्रोध जगाएकी छु भने उनीले लिएर आएको तातो घ्यू र तेलले मलाई पोलोस् । मैले क्रोध उठाएको छैन भने नपोलोस्" भनी मैत्री प्रसारण गरी सत्यक्रिया गरिन् । सिरिमाले उत्तरा माथि खन्याइदिएको तातो घ्यू र तेल शान्त शीतल पानीजस्तो भइदियो ।

अनि सिरिमाले "यो त चिसोजस्तो देखियो" भनी विचार गरी अर्कोचोटि डाडुले उबाएर लिएर आइन् । अनि उत्तराका परिवारहरूले "ल जा मूर्ख आइमाई, तैंले हाम्री मालिकनीलाई तातो घ्यूले नखन्याइस्" भनी डर धम्की दिई कुट्न र सास्ना गर्न लागिन् । त्यसरी कुटपिट गरी भूईंमा लडाइदिइन् । उत्तराले त्यसरी सास्ना नगर्न रोकेता पनि रोक्न नसक्ने भइदियो । त्यो बेलामा उत्तराले आफ्ना परिवारहरूलाई रोकिसकेर "ए, सिरिमा, किन यस्तो बिघ्न ठूलो काम गरेकी" आदि भनी अववाद अनुशासन गरिसकेर न्यानो पानीले नुहाउन लगाइन्; सय चोटिसम्म उमालिराखेको तेलले पनि मालिस गर्न लगाइन् ।

अनिमात्र सिरिमाले आफू बाहिरबाट बहालमा सेवा सुश्रूषा गरेर बस्नुपरेको विषय सम्झनामा आई ढोगेर क्षमा मागिन् । उत्तराले "मेरा बुबा हुनुभएको भगवान् बुद्धसमक्ष क्षमा माग" भनी निर्देशन दिइन् । उत्तराले व्यवस्था गरिदिए अनुसार सिरिमाले बुद्धप्रमुख संघलाई भोजन प्रदान गरी भगवान् बुद्धसमक्ष क्षमा मागिन् । त्यो बेलामा भगवान् बुद्धले "क्रोध जगाउने व्यक्तिलाई क्रोध नजगाई, सहनगर्नुद्वारा जित्न सक्नुपर्नेछ" आदि भनी एउटा गाथा पदको उपदेश दिनुभयो । त्यो उपदेश सुनिसकेर सिरिमा ५०० महिलासहित श्रोतापन्न भएर गइन् । यो कथावस्तुभित्र मुख्य भन्न चाहेको त तातो घ्यू र तेल खन्याइदिँदा पनि उत्तरा उपासिकामा मैत्रीभावनाको सामर्थ्यको कारणले बल्ने पोल्ने नभइकन सुखपूर्वक रहिरहेको विषय नै हो ।



Downloaded from http://dhamma.digital

## तिमीले पनि उनीहरूले जस्तै आचरणगर्नु योग्य छ

बुद्धश्रावक भएको ए, योगी, तिम्रो गुरु हुनुभएको भगवान् बुद्धले बोधिसत्त्वको जीवनमा चार असंख्य र एक लाख कल्पसम्म पारमीहरूलाई पूर्ण गरिरहनुभएको समेत विभिन्नप्रकारका ज्यानमारा शत्रुहरूमा भएपनि दोषद्वारा चित्तलाई बिगार्न नदिइकन सहन गरेर आउनुभएको थियो। सहनगर्नु भएको प्रक्रियाहरूलाई (**सीलव जातक विसुद्धिमग्ग**) मा सुरू गरेर दर्शाइराखेको छ। यहाँ त खन्तीवादी जातकदेखि सुरु गरेर दर्शाउनेछु।

## महाऋषि खन्तीवादीले सहन गरेको प्रक्रिया

अतीत समयमा वाराणसी नगरमा कलाबु नामक राजाले राज्य गरिरहेको बेलामा बोधिसत्त्व ८० कोटी सम्पत्ति भएको ब्राह्मणकुलमा उत्पन्न भएको थियो। आमा बुबाहरू परलोक भएर गएको बेलामा बाकिरहन गएका धनसम्पत्तिहरूलाई हेरेर "मेरा आमाबुबाहरूले यी धनसम्पत्तिहरू जम्मा मात्र गरेर छोडेर गए। सँगै लिएर जान सकेनन्। मैले त यी जम्मैलाई लिएर जानेछु" भनी विचार गरी उचित व्यक्तिहरूलाई योग्य चीजवस्तुहरू दान दियो। दान दिइसकेर गृहत्याग गरी ऋषि भएर हिमवन्त वनप्रदेशमा विहार गरिरहनुभयो। वनभित्र फलफूलमात्र सेवन गर्न पाइन्थ्यो। नुन थिएन। त्यसकारण आहारधातु पूर्ण गर्नको निमित्त नुन र अमिलो सेवन गर्न मानिस बस्ने गाउँहरूतिर आइपुग्नुभएको थियो। अन्तमा वाराणसी नगरतिर आइपुग्नुभयो। नगरभित्र भिक्षाटन जानुभएको बेलामा प्रमुख सेनापतिले प्रसन्नता उत्पन्न भएको ले निमन्त्रणा गरी भोजन पनि दान दियो। अनि फेरि राजाको उद्यानतिर विहार गर्न पनि निवेदन गऱ्यो। त्यो निवेदनअनुसार महाऋषि बोधिसत्त्व राजाको उद्यानमा विहार गरेर बस्नुभयो।

त्यसरी बसोबास गर्नु हुँदा एक दिन कलाबू राजाले उद्यानमा मनोरञ्जन गर्नको लागि परिचारिका गण र परिवारसँगै महारानीहरू साथमा लिई (दरबारबाट) निस्केर आयो। मंगलशिला फाँटमा रमाइलो उत्सव मनायो। राजाले आफूले मन पराएकी एउटी महिलाको काखमा सिरान गरी लेट्दै नाच गान गरिरहेको हेरी रह्यो। दरबारिया नर्तकीहरूले संगीत बजाई



Downloaded from http://dhamma.digital

नाची रमाइलो पारिरहे । राजा निद्रामग्न भयो । त्यो बेलामा संगीत बजाई नाच गान गरी रमाइलो पारिरहेका महिलाहरूले हाम्रा मालिक निदाइ रहँदा बजाउनु आवश्यक रहेन भनी संगीत र नाचगान रोकेर उद्यानमा यताउता हेर्दै डुल्न लागे । त्यसरी डुल्न गइरहँदा बोधिसत्त्व महाऋषिलाई देखेर उपदेश कुरा सुन्न महाऋषिसमक्ष उपसंक्रमण गरे । योग्य उपदेश कुरा सुनाउन पनि प्रार्थना गरे । अनि महाऋषिले उचित धर्मको कुरा सुनाइरहनुभयो ।

त्यो बेलामा राजाको सिरानको रूपमा सेवा गरिरहनुपरेकी महिलाले राजा ब्युंझिने गरी चलाएर आसन मिलायो । राजा ब्युंझेको बेलामा आफ्ना परिवार परिचारिकाहरूलाई नदेखेको ले कहाँ गए भनी सोध्यो । महाऋषिकहाँ गइरहेका छन् भन्ने कुरा ती महिलाले बताइन् । अनि राजामा ईर्ष्या मात्सर्य बढेर आई अत्यन्त क्रोधित भई लामो तरबार हातमा लिई कुटिल ऋषिलाई अनुशासन गर्नेछु भनी गर्जेर महाऋषिकहाँ द्रुतगतिले गयो ।

त्यो बेलामा अत्यन्त घनिष्ठ स्नेह गर्नुपर्ने एउटी परिचारिकाले राजाको हातबाट तरबार लिई क्रोध शान्त हुने गरी सम्झाउँदै भनिन् । तैपनि कलाबु राजाको क्रोध राम्ररी शान्त भएन, त्यसैले महाऋषिसँग उनी कुन वाद को हो भनी सोध्यो । महाऋषिले क्षान्तिवादी हूं भनी जवाफ दिनुभयो । क्षान्ति भनेको के हो ? भनी फेरि सोध्यो । गाली गर्ने हप्काउने दबाउँने व्यक्तिहरू, कुटपिट गर्ने, पीडा कष्ट दिने व्यक्तिहरूमाथि रिस नउठाई बस्नुलाई क्षान्ति भन्छ भनी जवाफ दिनुभयो । त्यसो भए तिमीमा क्षान्ति भएको प्रक्रियालाई परीक्षा गरेर हेर्छु भनी एउटा ज्यानमारा व्यक्तिलाई यसरी हुकुम दियो । "यो भ्रष्ट ऋषिचोरलाई तानेर भुईंमा लडाऊ । अगाडि पछाडि दायाँ बायाँ चार ठाउँमा काँडा भएको कोर्दाले २००० चोटि हिर्काऊ" भनी हुकुम दियो ।

ज्यानमाराले राजाको हुकुमअनुसार क्षान्तिवादी ऋषिलाई कोर्दाले २००० चोटि हिर्कायो । कोर्दाको दण्ड २००० चोटि भोग्नुपर्‍यो भन्दा मर्ने नै हुनुभयो, तैपनि नमर्ने गरी हलुका पारेर हिर्काएको ले हो कि, महाऋषिको क्षान्ति गुणको कारणले हो कि भन्न सकिँदैन । नमरिकन नै रहिरह्यो, तैपनि २००० चोटि हिर्काएको चोट भोग्नुपरेको ले ऋषिको शरीरमा माथिल्लो छाला भित्री छालाहरू पनि फुटेर गयो । मासुहरू पनि चुँडियो, रगत पनि बगिरह्यो । तैपनि त्यसरी हिर्काउने हुकुम दिने राजामाथि र हिर्काउने ज्यानमारामाथि आयुष्मान् ऋषिमा रिस उठ्ने र अपराध



Downloaded from http://dhamma.digital

गर्नुरहेन। त्योबिना कुनै अपराध नै पीडा कष्ट दिएका हुन्, अति नै रिस उठाउनुपर्ने अपराध गर्नुखालको थियो । तिनीहरूलाई सहेर बस्नसक्नु मैत्री वृद्धि गरिरहने योगीको निमित्त नमूना लिन योग्य छ ।

त्यसरी नमरिकन रहिरहेको बेलामा राजाले उनीसँग वाद के हो नि भनी फेरि सोध्यो। आयुष्मान् ऋषिले "क्षान्तिवादी हुँ। तिमी राजाले क्षान्तिलाई मेरो छालामा छ भनी सम्झीरहेका छौ कि ? छालाको बीचमा रहेको छैन सहन गर्नु मेरो मुटुभित्र स्थिर रहेको छ" भनी भन्नुभयो । अनि त कलाबुराजाले आयुष्मान् ऋषिका दुबै हातलाई पनि काट्न लगायो, दुबै खुट्टालाई पनि काट्न लगायो, कान नाकहरूलाई पनि काट्न लगायो । ज्यानमाराले पनि अह्राएबमोजिम बञ्चरोले क्रूरतापूर्वक काटिदियो । काटेको प्रत्येक अवस्थामा के वाद का हौ नि भनेर बार बार सोधिरह्यो । आयुष्मान् ऋषिले क्षान्तिवाद भएको विषय, त्यो क्षान्ति मुटुभित्र रहेको विषय जवाफ दिनुभयो। अन्तिम अवस्थामा राजाले "कुटिल ऋषि, तिम्रो क्षान्तिलाई तिमीले नै मानी बसी राख" भनेर क्षान्तिवादी ऋषिको छातीमा खुट्टाले हानी निस्केर गयो। त्यसरी गएको बेलामा उद्यानको ढोकानिर पुग्दा त्यो कलाबु राजा पनि जमीनमा धसेर गयो। अवीचि नरकको आगोले पोली नरकतिर तानेर लग्यो भनेर पनि अट्ठकथामा दर्शाइराखेको छ।

त्यसपछि प्रमुख सेनापति आइपुगेर आयुष्मान् ऋषिसँग राष्ट्रप्रति रिस नउठाउन प्रार्थना गऱ्यो । त्यो बेलामा आयुष्मान् ऋषिले जवाफ फर्काउनुभयो।

**यो मे हत्थे च पादे च - कण्णनासञ्च छेदयि।**
**चिरं जीवतु सो राजा - न हि कुज्झन्ति मादिसा ॥**

**सेनापति** = हे सेनापति; **यो** = जो कलाबु राजाले; **मे** = मेरो; **हत्थे च** = हातहरूलाई पनि; **पादे च** = खुट्टाहरूलाई पनि; **कण्णनासञ्च** = कान नाकहरूलाई पनि; **छेदयि** = काट्न लगाए; **सो राजा** = त्यो कलाबुराज; **चिरं जीवतु** = चिरकालसम्म बाँचिरहून्; **हि** = रिस नउठाई यसरी मैत्री वृद्धि गर्न सक्नाको कारण त; **मादिसा** = मजस्ता सत्पुरुषहरू; **न कुज्झन्ति** = क्रोध गर्दैनन्; **वा** = क्रोध गर्ने बानी नभएको कारणले राम्रो प्रार्थना गरेर मैत्री वृद्धि गर्न सक्दछन् ।

भगवान् बुद्धको अनुशासन ग्रहण गरी मैत्री वृद्धि गरिरहने ए योगी, तिमीलाई अपराध गर्ने शत्रु कलाबुराज जस्तो दुष्ट छैन। शास्ता तथागतको बोधिसत्त्व खन्तिवादी ऋषिले कलाबुराजको अत्यन्त दूषित जघन्य



Downloaded from http://dhamma.digital

अपराधकर्मलाई क्रोध नगरी सहन गरेजस्तै नै तिमीले पनि क्रोध नगरी सहनगर्नु उचित छैन र ?

# बालक धर्मपाल कथावस्तु

अतीत समयमा वाराणसी राज्यमा महाप्रताप भन्ने राजाले राज्य गरिरहेको थियो । त्यो बेलामा बोधिसत्त्व त्यो राजाकी अग्रमहेषी चन्दादेवीको गर्भमा प्रतिसन्धि ग्रहण गरी जन्मनुभयो । त्यसलाई धर्मपाल भनी नाउँ दिइराख्यो । त्यो धर्मपाल शिशु राजकुमार सात महिनाको उमेर पुगेको बेलामा आमा महारानीद्वारा नुहाउन दिई अलंकृत पारी राख्दा माया ममताका साथ खेलिरह्यो । त्यो बेलामा राजा चन्दादेवी महारानी भएको ठाउँमा गयो । महारानीमा छोरोप्रति बढी प्रेमयुक्त चित्त प्रबल भइरहेकोले स्वामी राजालाई देखेतापनि उठेर आदर गौरव गर्न सकिरहेकी थिइन ।

अनि महाप्रताप राजाले "यी आइमाई अहिले नै छोरोको आधारमा अभिमानी भइरहिन् । उनको छोरो ठूलो भएर आयो भने मप्रति अलिकति पनि ध्यान दिनेछैन । अहिले नै यो शिशु बच्चालाई मारिदिए बेश हुनेछ" भनी चिन्तन गरी अनुहार बिगारी राजस्थान राजपलंगतिर फर्केर गयो । ज्यानमारालाई बोलाउन लगायो । महारानीले पनि राजाको हावभाव देखेर आफूमाथि क्रोध जगाएर गएको कुरा चाल पाइन् । त्यसैले शिशु धर्मपाललाई काखी च्यापी रोइरहिन् ।

त्यसरी रोइरहेकै बेलामा ज्यानमाराले राजाज्ञाअनुसार महारानीको काखीबाट शिशु धर्मपाललाई जबर्जस्ति छिनेर ल्यायो । चन्दादेवी महारानी पनि रुँदै रुँदै पछि लागेर आइन् । राजाको अगाडि पुग्दा "यो शिशुलाई एउटा फलेकमाथि उठाइराख । शिशुका हातहरू काटिदेऊ" भनी हुकुम भयो । चन्दादेवीले "शिशुमा दोष छैन, ममा मात्र दोष छ, मेरो हातलाई मात्र काटिदेऊ" भनी प्रार्थना गरिन् । प्रार्थना गरेतापनि केही लागेन । राजाले जबर्जस्ति काट्न लगायो । ज्यानमाराले पनि राजाज्ञाअनुसार सात महिनाको शिशु धर्मपालका हातहरू बञ्चरोले क्रूरतापूर्वक काटिदियो । तीक्ष्ण शस्त्रद्वारा कलिलो तामालाई काटिदिएजस्तै दुबै हात छिनालियो तैपनि बोधिसत्त्व शिशुले रिस उठ्ने रुने नगरी सहन गरिरह्यो । त्यसैले अट्ठकथामा यसरी दर्शाइराखेको छ ।



Downloaded from http://dhamma.digital

**सो** = त्यो शिशु धर्मपाल; **हत्थेसु छिज्जमानेसु** = हातहरू छिनालिइदिएको भएतापनि; **वा** = काटिरहँदा; **नेव रोदि** = रुनु पनि रोएन; **न परिदेवी** = चिच्याउन पनि चिच्याएन; **खन्ती च** = सहन गर्नुलाई पनि; **मेत्तञ्च** = अरूहरूलाई सुखी तुल्याउन चाहनुलाई पनि; **पुरेचारिकं कत्वा** = अगाडि सारेर; **अधिवासेसि** = सहन गरिरहनुभयो।

आमा हुनु भएकी चन्दादेवी महारानी छोराका काटिएका स-साना हातहरूलाई टिपेर लिई काखीमा च्यापी रोइरहिन्। त्यसपछि दुबै खुट्टालाई पनि बुबा हुनुभएको महाप्रताप राजाले काट्न लगायो। आमा चन्दादेवीले प्रार्थना गरिन्। खुट्टाहरू काटिसकेर शिशु धर्मपालको टाउको काट्न लगायो। आमा चन्दादेवीले प्रार्थना गरिन्, तैपनि जबर्जस्ति काट्न लगाएको ले ज्यानमाराले राजाज्ञाअनुसार शिशुको टाउको काटिदियो। टाउको काटिसकेर मरिसकेपछि पनि शिशुको शरीरलाई माथि उचाली तरबारको टुप्पोमा अड्काई असिमाला भन्ने तरबारको फूल बनाउन लगायो। यति हदसम्म बदमाश रौद्र दुष्ट बुबारहेको रहेछ भन्ने विश्वास गर्न समेत उचित छैन। तैपनि, क्रोधका दास भइरहेका पृथग्जनहरूमध्येमा त्यस किसिमका मानिस पनि हुनसक्दो रहेछ। हुनसकेको ले नै यो धर्मपालको बुबा महाप्रताप राजाको रौद्र र क्रूरप्रक्रियालाई देखाइराखेको हो। त्यो बेलामा आमा भएकी चन्दादेवी पनि विरह वेदनामा परी मृत्यु भएर गइन्। महाप्रताप राजा पनि आफ्नो राजपलंकबाट तल खस्यो। खसेको जमीन पनि फाटी भूईंमा धँसेर गयो र अवीचि नरकमा पतन भयो।

शिशु धर्मपाल मरणासन्न अवस्थासम्म क्रोध गर्नु, अपराध गर्नु नभइकन सहन गरेर रहँदारहँदै मरेर जानुभो। त्यो घटनालाई आधार बनाएर हेऱ्यौं भने मैत्रीभावना वृद्धि गरिरहने योगीले शिशु धर्मपालले जस्तै नै क्रोध नगरी चित्त नदुखाई अपराध नगरी सहन गरेर रहनसक्ने अवस्था नै रहेको छ।

# हात्ती, बाँदर, नागराजहरूको सहनशीलता

बोधिसत्त्व छद्दन्त हस्तिराजले बिष पोतिराखेको वाणद्वारा हानेर मार्ने शिकारीप्रति समेत क्रोध नजगाई अपराध नगरी सहन गरेको विषयलाई विचार विमर्श गर्न विशुद्धिमार्गमा दर्शाइराखेको छ।



Downloaded from http://dhamma.digital

महाकपि भन्ने बाँदरराजले खाल्डोबाट माथि चढ्न नसकी दुःख भोगिरहने मानिसलाई उद्धार गर्नुभयो । एक ठाउँमा केही क्षण निदाइरहने उपकारक बाँदरराजलाई त्यो मानिसले ढुंगाले हानी मार्न लाग्यो । तैपनि, चित्त नदुखाई, अपराध नगरी त्यो मानिसलाई निर्भयस्थल मानिसहरूको क्षेत्रमा पुग्नेगरी निर्देशन दिएर बाटो देखाएको विषयलाई पनि दर्शाइराखेको छ ।

भूरिदत्त नागराज र चम्पेय्य नागराजहरूले उपोसथशील धारण पालन गरिरहेको बेलामा सपेराले समातेर लगी सास्ति गर्ने गरिरह्यो । ती ती ग्राम नगरहरूमा लगेर प्रदर्शन पनि गरिरह्यो । ती नागहरू अत्यन्त तीव्र बिषधारी नागहरू थिए । उनीहरूले क्रोध गरी आँखाले हेर्नुमात्रले, धूवाँ निकाल्नुमात्रले मानिसहरूलाई खरानी पार्न सकिन्थ्यो । मार्न सकिन्थ्यो । तैपनि, ती नागहरूले सपेरामाथि अपराध नगरी सहेर बस्न सकेको विषयलाई पनि विचार विमर्श गर्न विशुद्धिमार्गमा दर्शाइराखेको छ ।

॥ समाप्त ॥

Dhamma.Digital



Downloaded from http://dhamma.digital

१. पायासि सुत्त
२. तथागतया न्हापांगु उपदेश
धर्मचक्र प्रवर्तन सूत्र
३. य:म्ह म्ह्याय् (उपन्यास)
४. अभिधम्मत्थ-सङ्गहो, भाग–१
५. नेपा:मि व बर्मीलिसे स्वापु
६. केही बौद्ध गीतहरू(सम्पादन)
७. अहिंसा विजय
८. त्रिरत्न गुणानुस्मरण
(केही बौद्ध गीत सहित) सम्पादन
९. राहुलयात तथागतया उपदेश
१०. गुपु जातक मुना
११. पञ्चशीलया महत्व
१२. विश्व धर्मप्रचार देशना, भाग–१
१३. विश्व धर्मप्रचार देशना, भाग–२
१४. लुम्बिनी विपश्यना
१५. पुण्य-पुष्प (भिफ्व: स्वाँ)
१६. उत्पलवर्णा स्थविरा (द्वितीय संस्करण)
१७. वम्मिक सुत्त
१८. संक्षिप्त भावना निर्देशिका (सम्पादन)
१९. संक्षिप्त भावना विधि
२०. दृष्टि व तृष्णा ल्यहें थनेगु उपदेश
२१. पट्ठान पालि
२२. उभय पातिमोक्ख
२३. महास्मृतिप्रस्थान सूत्र
२४. तथागतया अमूल्य उपदेश
२५. दुश्चरित्र अपराध भय विमुक्ति उपदेश
२६. सचित्र गार्हस्थ प्रतिपत्ति उपदेश
२७. जीवनया समस्या
२८. साँचो प्रेम गर (?)
२९. अभिधम्मत्थ-सङ्गहो (सम्पा
३०. महान सल्लेख सूत्रोपदेश, भाग–१
३१. महान सल्लेख सूत्रोपदेश, भाग–२
३२. बुद्ध र बुद्धवाद, भाग–१
३३. कर्म र मनुष्य
३४. श्रेष्ठ पवित्र श्रोतापन्न
३५. मरण ! दो तये व भी ?
३६. दुदंगु जीवनया मू
३७. परित्राण (शब्दार्थ, भावार्थ व्याख्या सह)
३८. महान धर्मचक्र सूत्रोपदेश (व्याख्या सह)
३९. जीवनको सफलतातिर अगाडि बढ
४०. प्रतीत्य समुत्पाद महान उपदेश
(व्याख्यात्मक) भाग–१
४१. कामसुत्तन्त देशना
४२. त्रिरत्न-वन्दना (सम्पादन व अनुवाद)
४३. जातक पालि (न्हापांगु द्या)
४४. अभिधम्म एक चिनारी - उपदेशक
४५. विशुद्धि व महान ज्ञानक्रम उपदेश
४६. प्रतीत्य समुत्पाद महान उपदेश
(व्याख्यात्मक) भाग–२
४७. भिक्षु ज्ञानपूर्णिक महास्थविरको
रचना संग्रह
(सम्पादिका अनागारिका उत्पलवर्णा)
४८. भिक्षु ज्ञानपूर्णिक महास्थविरया
च्वसु–मुना
(मुंम्ह: अनागारिका उत्पलवर्णा)
४९. बुद्ध र बुद्धवाद भाग–२
५०. उपसम्पदा कम्मवाचा
५१. त्रिरत्न वन्दना र सतिपट्ठान
५२. Human Life is Precious
५३. आचरणीय व्यावहारिक अभिधर्म
५४. कथावस्तुद्वारा उपदेशित अनुशासन
(तपाईंकै हातमा)

Downloaded from http://dhamma.digital